CC-0. In Public Domain. Digitization by eGangotri

अरुणोदय



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जयतु संस्कृतम्"

साहित्यिक पत्रिका अरुणोदय सम्पादन समिति

२०६७

प्रकाश ढकाल

प्रधान सम्पादक

सम्पादन मण्डल

श्रवण खनाल

विपिराज न्यौपाने

धर्मराज पाण्डे

चिरञ्जीवी ढकाल

विष्णुप्रसाद अर्याल

विनायक रेग्मी

चोलेन्द्र रिजाल

अनिल अधिकारी

प्रकाश खनाल

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा समस्त नेपाली दिदीबहिनी दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रकाश ढकाल
प्रधान सम्पादक
तथा
"अरुणोदय" सम्पादन समिति
तीनधारा संस्कृत छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं. ४

ॐ

जयतु संस्कृतम्



अरुणोदय

साहित्यिक त्रैमासिक पत्रिका

वर्ष ४१-४६, संयुक्ताङ्क

१,२,३,४/१,२,३,४/१,२,३,४/१,२,३,४/१,२,३,४/१,२,३,४

प्रकाशक

तीनधारा संस्कृत छात्रावास

दरबारमार्ग, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरुणोदय

साहित्यिक त्रैमासिक पत्रिका

संरक्षक

श्री ध्रुवप्रसाद ज्ञवाली

प्राचार्य, वाल्मीकि विद्यापीठ

सल्लाहकार

श्री डिल्लीराम उपाध्याय

सुपरिवेक्षक, तीनधारा संस्कृत छात्रावास

प्रकाशक	: तीनधारा संस्कृत छात्रावास
प्रकाशित मिति	: २०६७ चैत्र
प्रकाशित प्रति	: ५००
कम्प्युटर टङ्कण	: चिरञ्जीवी ढकाल
कम्प्युटर लेआउट	: रेशम बोहोरा
मूल्य	: व्यक्तिगत रू.२००/-
	संस्थागत रू.४००/-
सर्वाधिकार	: सम्पादन समितिमा
आवरण चित्र	: तीनधारा संस्कृत छात्रावास
सम्पर्क फोन	: ०१-४२२३८८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोन नं. [illegible]

नेपाल संस्कृत विश्वविद्यालय
काठमाडौं कार्यालय, बसन्तपुर
पो. ब. नं. ५००३
In reply please refer to
पत्र संख्या -
चलानी नम्बर -

उपकुलपतिको कार्यालय
OFFICE OF THE VICE-CHANCELLOR

Nepal Sanskrit University
Kathmandu Office, Basantapur
P. O. Box No. 5003

दिनाङ्क/Date २०६७/१२/१७

शुभसम्मतिः

'तव नौमि सरस्वती पादयुगम्'

अधीतिबोधाचरणप्रचारणैर्विद्या फलति। पदेन शक्त्या लक्षणया वा वृत्त्या पदार्थो बोध्यते। पदसमूहो वाक्यमर्थसमाप्तौ समर्थम् इति सिद्धान्तात्, न हि निरर्थकेन पदेन वाक्यार्थाधिगतिः स्यादेतत्तु विधिवाक्ये। निषेधवाक्ये तु ज्ञानाज्ञानाविषयत्वे पदार्थाभावाद् बोध्यविषयः कयापि वृत्त्या बोधयितुं न शक्यते तथापि निरवधिकनिषेधस्यासम्भवान्निषेधावधित्वेन तात्पर्यं पर्यवस्यतीति फलति प्रयोगः।

तदधिगतावध्ययनाध्यापनयोरिव लेखनस्याप्यावश्यकत्वम्। तामेवावश्यकतां पूरयितुं तीनधारासंस्कृतच्छात्रावासो अरुणोदयाख्यां पत्रिकां प्रकाशयन् अस्तीति प्रमुद्यते मे चेतः। पत्रिकायाः अस्याः सर्वशः साफल्याय शुभाशंसां व्याहरति।

जयतु संस्कृतम्

विदुरपौडेलः
उपकुलपतिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

In reply Please refer to

Nepal Sanskrit University
Kathmandu Office, Basantapur
P. O. Box No. 5003

दिनाङ्क/Date २०६७/१२/१७

शुभाशंसा

'सरस्वती नः सुभगा मयस्करत्'
तीनधारासंस्कृतच्छात्रावासात् अरुणोदयाख्या साहित्यिकपत्रिका प्रकाश्यते इति नितरां मोमुद्यते मे चेतः ।

मानवसभ्यताया उषःकालादेवानुसंहितानां समेषामपि विषयाणां ज्ञाननिधिमात्मन्याकलनेन संस्कृतभाषा विश्वस्मिन्नपि विश्वे विजयतेतमामिति नाविदितं विपश्चिताम् ।

तदद्य शास्त्रनिचयग्रन्थीनां विभेदने संस्कृतवाङ्मयमहसो जगति प्रसारणे नूतनानां रीतिनां समायोजने संस्कृतवाङ्मये निहितायाः वैश्विक्या दृष्ट्याः प्रकाशने शिष्यसङ्घे ज्ञानोन्मेषाधाने च पत्रिकेयमविरामं सफलतां लभतामिति कामयते ।

प्रा.डा.भागवतप्रसादशर्मा
शिक्षाध्यक्षः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोन नं. ४२४०२९०
४२७१२५०

कुलसचिवको कार्यालय
OFFICE OF THE REGISTRAR

नेपाल संस्कृत विश्वविद्यालय
काठमाडौं कार्यालय, बसन्तपुर
पो. ब. न. ५००३
In reply Please refer to
पत्र संख्या :
चलानी नम्बर :

Nepal Sanskrit University
Kathmandu Office, Basantapur
P. O. Box No. 5003

दिनाङ्क/Date २०६७/१२/१७

शुभकामना

छात्र कार्य समिति, तीनधारा संस्कृत छात्रावासले त्रैमासिक साहित्यिक पत्रिका अरुणोदयको पुनः प्रकाशन गर्न लागेको सुन्दा अत्यन्तै खुशी लाग्यो । २०२० सालदेखि प्रकाशन प्रारम्भ भएको अरुणोदय पत्रिका विविध कारणवश नियमित प्रकाशन हुन नसक्नु विडम्बनाको विषय हो ता पनि छात्रहरूको सक्रियताले पुनः निरन्तरता पाउन लागेकोमा संस्कृतप्रेमी एवं छात्रावासकै गौरव अभिवृद्धि भएको अनुभव गरेको छु । प्रजातन्त्र एवं स्वतन्त्रताको पहरेदार आर्षभूमि तीनधारा संस्कृत छात्रावास 'जयतु संस्कृतम्' आन्दोलनको पवित्र एवं बीजभूमि हो ।

छात्रावासको महिमा तथा गरिमा अरुणोदय पत्रिका प्रकाशनको क्रमलाई निरन्तरता प्रदान गर्न चिन्तन गर्नुहुने छात्रहरू एवं लेखरचनाहरू उपलब्ध गराई सहयोग गर्नुहुने व्यक्तित्वहरूलाई धन्यवाद व्यक्त गर्दै प्रकाशनको क्रमले निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

जयतु संस्कृतम्

प्रा. कार्तिकेय झा
कुलसचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
अनुसन्धान केन्द्र

फोन नं. : ४२६०३६४५

काठमाडौं कार्यालय, बसन्तपुर
पो. ब. नं. ५०८३
In reply Please refer to
पत्र संख्या :-
चलानी नम्बर :-

Kathmandu Office, Basantapur
P. O. Box No. 5083

मिति : २०६७।१२।१४

शुभकामना

छात्र कार्य समिति तीनधारा संस्कृत छात्रावासको मुखपत्र, त्रैमासिक, त्रैभाषिक, साहित्यिक र विद्यार्थीहरुको बौद्धिकता एवम् चेतनाको प्रवाह "अरुणोदय" पत्रिकाको अरुणिमाले पाँच दशक पहिलेदेखि आच्छादित यो आकाश यदाकदा रित्तो देखिँदा अथवा यसले निरन्तरता नपाउँदा कुनै बखत यस पत्रिकाको सम्पादक मजस्ता र अन्य धेरै लेखक, पाठक र शुभेच्छुक वर्गमा समेत खल्लो अनुभव हुन लागेकामा त्यहाँ (तीनधारा संस्कृत छात्रावास) का जागरुक तरुण छात्रहरुले आफ्नो चमकदार सान्दार संस्था र अग्रजहरुको इतिहासलाई अझ सशक्त रुपमा अगाडि बढाउने उद्देश्यले पुन: यसको प्रकाशनमा आफ्नो उर्जा खर्च गर्ने जागरुकता, तदारुकता र तत्परता देखाउनु भएकोमा म अत्यन्त हर्षित छु।

साथै छात्रकार्य समिति, तीनधारा संस्कृत छात्रावासले अब उप्रान्त पनि आफ्नै संस्थागत रुप कायम राख्दै आफ्ना स्वतन्त्र र स्वच्छ गतिविधिहरुलाई निरन्तरता दिँदै यसलाई समयानुकूल बनाउँदै आवश्यक परिमार्जनका साथ अझै उत्तरोत्तर स्तरीयताका सोपानका सिँढीहरु थप्दै उन्नतिका मार्गमा अगाडि बढ्न सफलता प्राप्त होस् भन्ने सद्भावका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु।

(डा.लीलानाथ पौडेल)
कार्यकारी निर्देशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोन ४-२२७६७६
फ्याक्स ४-२२७१९३

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
वाल्मीकि-विद्यापीठ
Balmeeki Campus
....शाखा

प्रदर्शनीमार्ग
काठमाडौं नेपाल ।
Exhibition Road
Kathmandu, Nepal

मिति : २०६७। १२। १४

पत्र संख्या :-
चलानी नम्बर :-

शुभकामना

तीनधारासंस्कृतछात्रावासस्थानां छात्राणां सक्रियतायाम् "अरुणोदयः" इत्यभिधेया पत्रिकेयं प्रकाश्यमानेति श्रुत्वा मोमुद्यते मे चेतः। अस्यारुणोदयस्य माध्यमेन नेपालसंस्कृतविश्वविद्यालये पठनपाठने प्रचलितानां विविधानां विषयाणां गभीरतरं ज्ञानं समाजे प्रसरिष्यति, छात्रेषु च सर्जनात्मिकायाः प्रतिभायाः प्रस्फुटनं भविष्यतीति मदीयो विश्वासो जागर्ति। अस्य कृते अस्याः पत्रिकायाः प्रकाशनकर्म्मणि व्यापृतः सर्वोऽपि छात्रवर्गो धन्यवादार्होऽस्ति।

नित्यं परिवर्तनशीले साम्प्रतिके नैपालकसमाजे संस्कृतवाङ्मयनिबद्धानां चिरन्तनानां मानवमात्रोपयोगिनां शाश्वतविचाराणां सुदृढस्थापनेन, कालक्रमागतानां सामाजिकप्रवाहे समाविष्टानाञ्च रीतिस्थितीनां समायानुकूलतया पुनः व्यवस्थापनेन संस्कृतशिक्षाया उपयोगित्वस्य प्रदर्शनं समेषामेवास्माकं समयोचितं कर्तव्यमेव। वाल्मीकिविद्यापीठस्य व्यवस्थापनसमूह एतस्याः संस्थायाः सुव्यवस्थापनेन सह शिक्षण-प्रशिक्षण-अनुसन्धान-लेखन-प्रकाशनादिकार्यजातेन संस्कृतशिक्षायां गुणस्तरीयताधाने कृतप्रयत्नोऽस्ति। अस्मिन्नेव वर्षे वाल्मीकिविद्यापीठतः प्रकाशितेन मर्यादायाः पत्रिकाया अनुसन्धानविशेषाङ्केन तत्र दिशि पादप्रक्षेपणं विहितमासीत्। तस्मिन्नेव क्रमे अरुणोदयस्य प्रकाशनं जायमनमस्तीति महतः सन्तोषस्य विषयः।

अन्ते च नेपालस्य शैक्षिकपरम्परायां विशिष्टं स्थानं बिभ्रतोऽस्य छात्रावासस्य, ततः प्रकाश्यमानाया अस्याः पत्रिकायाश्च समृद्धये नैरन्तर्याय च हार्दिकीं शुभाशंसां व्यावहरामि।

(ध्रुवप्रसाद ज्ञवाली)
प्राचार्य
प्राचार्यः

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकको लेखनी

नेपाली साहित्यको अखण्ड श्रृंखलाबद्ध सिन्धुप्रवाहमा अनेकन प्रभावशाली नदीहरु सम्मिलित हुने महत्वकाङ्क्षाका साथ आएका छन् तथापि वैदिक सनातन मूल्य, मान्यता, सभ्यता एवं वैज्ञानिक, सामाजिक व्यवहारले हाम्रो वैदिक, सामाजिक, प्रजातान्त्रिक चिन्तन धारालाई शिरोपरी राख्दै अरुणोदय जाज्वल्यमान छ। सिर्जनात्मकतामा सभ्यतामूलक र आदर्शमूलक विषयवस्तुलाई सुव्यवस्थित गर्नाले हाम्रो साहित्य थप जीवन्त बन्न पुगेको छ। कल्पना अराजक बन्न सक्छ परन्तु चेतना र सिर्जना सदा सर्वदा शाश्वत् र नैतिकवान हुन्छ, साथै चेतना र सिर्जनात्मकताको संगममा साहित्य रहेको हुन्छ र रहनु पनि पर्छ। तब मात्र साहित्य समाजोपयोगी बन्न सक्छ।

पूर्वीय वाङ्मय र समग्र नेपाली साहित्यिक भण्डारको समृद्धि र सौभाग्यमा समर्पित ऐतिहासिक धरोहर आर्षभूमि तीनधारा संस्कृत छात्रावासको साहित्यिक त्रैमासिक प्रकाशन **अरुणोदय** स्थापनाकालदेखि आजसम्म विशुद्ध साहित्यिक प्रस्तुतिका साथ साहित्यानुरागीहरुको अपार प्रेम र असीम सद्भाव सँगै लामो एवं गौरवमय इतिहास रच्न सफल छ।

नेपाली राजनीति , साहित्य एवं धर्मको समृद्धिका सवालमा तीनधारा संस्कृत छात्रावास अग्रपंक्तिमा उच्चरित हुने नाम हो। सुरम्य प्रकाशमयी अरुणले झैं अन्तस्करणमा पूर्वीय दर्शनले आह्लादित पार्दै विकसित नेपालको स्वर्णिम रेखाङ्कन गर्दै गर्दा पञ्चायती दरबारको आँगनमा निरङ्कुश शासकसँग पौंठाजोरी खेल्दै अरुणोदय मार्फत प्रजातन्त्रको माग गर्नु कम्ति चुनौतिपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिएन। इतिहासको विविध कालखण्डमा असंख्य अवरोध र प्रताडनाका बावजुद हरदम स्वतन्त्रता र सिर्जनशीलताको वकालत गर्दै स्वतःस्फुर्त विचारहरूद्वारा सुशोभित चम्किरहेको कञ्चन निष्कलंकित अरुणोदय प्रजातन्त्र एवम् सिर्जनशीलताको पर्याय हो भन्दा अत्युक्ति नहोला। निरङ्कुश शासकको वक्रदृष्टि परेपश्चात् तीनधारा संस्कृत छात्रावास एवम् छात्रावासको गरिमा अरुणोदय मूर्च्छित अवस्थामा हुनु पूर्वीय दर्शन एवम् नेपाली साहित्यका पारखीहरूलाई असह्य बिडम्बना थियो। अग्रजहरुको तपस्थल, विद्यास्थल साथै क्रान्तिस्थलमा अङ्कुरित पल्लव अरुणोदयमा पूर्व संस्कार र प्रेरणाको बीज बाँकी रहेकोले एउटा खट्को काटेर पाठकहरु समक्ष उपस्थित हुँदैछ। अरुणोदयको वियोगमा रोदित नयनहरुलाई यो प्रकाशनले पक्कै प्रफुल्ल पार्नेछ भन्नेमा विश्वस्त छौं। अरुणोदय छ वर्षको दीर्घ मूर्च्छनाबाट जागृत भई उभिँदै गर्दा पूर्वीय संस्कार र संस्कृतिको लालिमा मात्र पोतिएको हुने छैन। गणतान्त्रिक नेपालका लालिमा, नीलिमा एवं महिमा समेत छापिएका हुनेछन्।

अन्तत : अरुणोदय विगतमा जस्तै चेतना, क्रियाशीलता, सफलता, साधना र सिद्धिको सोपान बनोस् भन्ने अपेक्षा राख्दै आफना महत्वपूर्ण लेखरचनाहरू उपलब्ध गराइदिनुहुने समादरणीय सर्जकहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै यस अङ्कमा देखा पर्न गएका कमी कमजोरी प्रति क्षमायाचनाका साथ आगामी अंकलाई अझ परिष्कृत उपयोगी एवं बहुआयामिक बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

जयतु संस्कृतम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

क्र.सं.	विषय	लेखक	पृष्ठ
१.	कश्च धन्यो मदन्यः ?	राष्ट्रकवि माधव घिमिरे	
२.	संस्कृत शिक्षाको	प्रा.माधवराज गौतम	४
३.	नेपालको संस्कृत नाटक	प्रा.डा. वेणिमाधव ढकाल	१४
४.	कालिदासीय काव्यसाहित्यभित्र	प्रा.डा.टीकाराम अधिकारी	२७
५.	संस्कृतछात्रावास वस्दाको सम्झना	प्रा.डा. ऋषिराम पोखरेल	३४
६.	नेविसंघ, अखिल र क्रान्तिकारीलाई अपील	प्रा.डा. जयराज आचार्य	३९
७.	पटमूर्खको गणित	प्रा.डा. तेजकेशरी पौड्याल	४४
८.	संस्कृत छात्रावाससँग मेरो साइनो	प्रा.डा. विष्णुराज आत्रेय	४५
९.	गरे के हुँदैन ?	कृष्ण ज्ञवाली	५०
१०.	गायत्री मन्त्र के हो ?	सह प्रा.डा.लक्ष्मीकान्त पन्थी	५१
११.	गजल	निश्चल अधिकारी	५६
१२.	संस्कृतको लोकप्रियताका सम्भाव्यता	प्रा.दिनेशराज पन्त	५७
१३.	देशको माटो	दीपकराज शर्मा	६४
१४.	परम्परागत उपचार पद्धतिको	डा. मोदनाथ प्रश्रित	६५
१५.	देवदेवीका बारेमा वैदिक निष्कर्ष	प्रदीप नेपाल	६९
१६.	ध्वनि सिद्धान्तलाई सर्सर्ती हेर्दा	प्रा. नीलमणि ढुङ्गाना	७२
१७.	गजल	नीलम दीप	७६
१८.	संस्कृत छात्रावास..	पुरुषोत्तम दाहाल	७७
१९	वौद्धदर्शनमा निर्वाणको..........	डा.काशीनाथ न्यौपाने	८७
२०.	कविता	अश्रु किरण	९१
२१.	राज्यमण्डल सिद्धान्त	डा. लालमणि पाण्डे	९२
२२.	म नेपाली युवा	प्रा. दुर्गाप्रसाद दाहाल	९५
२३.	पाणिनीयवाद	डा. दुर्गाप्रसाद अर्याल	९६
२४.	मेरो संस्कृत छात्रावास	डा. कृष्णप्रसाद भट्टराई	१०१
२५.	अरुणोदय नै किन वन्द भयो ?	देवीप्रसाद बराल	१०२
२६.	विश्वासको संकट	डा. लेखप्रसाद निरौला	१०३
२७.	Seeds Destiny	रविन्द्र नेपाल	१०८
२८.	छात्रावासको वसाइ	प्रेमनाथ अर्याल	१०९
२९.	टेम्पो किशोर	रामहरि दाहाल	१११
३०.	नेपाली भाषाको विभेदक........	लक्ष्मीप्रसाद पराजुली	११३
३१.	अज्ञात प्रियसी	चूडामणि कोइराला	११७
३२.	आफ्नो कुण्डली आफैं हेर्ने कि ?	जनकराज भट्ट	११८
३३.	वी.पी. कोइरालाको	नवराज कट्टेल	१२५
३४.	रसशास्त्रको विकास	गणेशप्रसाद घिमिरे	१३२
३५.	ईश्वरको साँचो पूजा	डा. गोविन्द टण्डन	१३९
३६.	छन्दको सैद्धान्तिक.....	देवी नेपाल	१५२
३७.	व्यथा कति कति	इन्दिरा खत्री	१६९
३८.	के हो लेख ?	शान्तिकृष्ण अधिकारी	१७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३९.	संस्कृत छात्रावास	मुकुन्दप्रसाद लामिछाने	१६४
४०.	जीवन	वरदान थपलिया	१७५
४१.	श्रौतयाग	नारायण वराल	१७६
४२.	उनी	रेवती निरौला	१७९
४३.	समाजमा ज्योतिषशास्त्रको......	माधवप्रसाद पाण्डेय	१८०
४४.	संघीयताको भविष्य.........	चिरञ्जीवी भट्टराई	१८३
४५.	वेदाध्ययनाधिकार...	रुद्रप्रसाद मिश्र	१८८
४६.	पानी	पवन कुमार रौनियार	२०१
४७.	पराशरस्मृति र प्रतिपादित धर्म	सुरेशराज पौडेल	२०२
४८.	नेताहरु हो........	माधव लामिछाने	२०५
४९.	कारागारमा पनि...........	नवराज लम्साल	२०६
५०.	फलित ज्योतिषमा भावकल्पना	डिल्लीराम उपाध्याय	२०९
५१.	अक्षमाला तन्त्र.........	केशव कोइराला	२११
५२.	गजल	कृष्ण इलामेली	२१३
५३.	व्रह्ममीमांशा र कौडिन्यानः वृत्ति	चेतमणि न्यौपने	२१४
५४.	गजल	शंकर भुषाल	२१८
५५.	वौद्ध साधनाको............	प्रेमराज न्यौपाने	२१९
५६.	अरुणोदय	विश्वेश्वरी अधिकारी	२२२
५७.	देशभक्ति	कृष्ण भण्डारी	२२३
५८.	तिम्रो मलिन स्वरुपले	चिरञ्जीवी आचार्य	२२५
५९.	धर्म र राष्ट्र	डा. माधव भट्टराई	२२६
६०.	गजल	सुरेश पौडेल	२२७
६१.	परोपकारी	प्रकाश ढकाल	२२८
६२.	स्याङ्जा जिल्लामा प्रचलित......	चिरञ्जीवी ढकाल	२३४
६३.	तीनधारा छात्रावास	शिव पौडेल	२३६
६४.	अरुणोदय प्रति	नीरज मिश्र	२३७
६५.	सुइना कर्णालीका	मोहन रम्तेल	२३८
६६.	जीवन जिउने बहानामा	रामहरि लम्साल	२३९
६७.	नेपाल संस्कृत विश्वविद्यालय.......	प्रह्लाद रुपाखेती	२४०
६८.	अभिषेक	विसर्ग सिग्देल	२४२
६९.	ममतामयी छात्रावास	हंशराज कोइराला	२४३
७०.	इतिहास पुराणको महत्व	कृष्णप्रसाद निरौला	२४४
७१.	शुभकामना	सीजन आचार्य	२४८
७२.	क्रान्तिपुरुष देवकोटा	ज्ञाननिष्ठ ज्ञवाली	२४९
७३.	वासी	डा. जीवन अधिकारी	२५१
७४.	वल्थलीको थुममा तीन घण्टा	रामप्रसाद पन्त	२५२
७५.	तिमी	प्रकाश खनाल	२५६
७६.	गरिमा बढाऊँ	ठाकुर शर्मा	२५७
७७.	सिद्धान्त ज्योतिषको महत्व र............	नारायणप्रसाद निरौला	२५८
७८.	पर्यटन वर्ष	उद्धव धिताल	२६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७९.	The Common Defects...	विनोद पोखरेल	२६१
८०.	जन्म	श्याम रेग्मी	२६८
८१.	केही त गरौं	अमृत ज्ञवाली	२६९
८२.	ब्रह्म शब्दको वास्तविक अर्थ	विपिराज न्यौपाने	२७१
८३.	संस्कृत शिक्षाको महत्व	श्रवण खनाल	२७६
८४.	विचरा कुर्सी	मुकुन्द शर्मा	२७९
८५.	प्रकृति	युवराज न्यौपाने	२७९
८६.	सार्वजनिक र निजी विद्यालयका......	रामहरि पण्डित	२८०
८७.	संस्कृत छात्रावास र संस्कृत शिक्षा	धर्मराज पाण्डे	२८४
८८.	मेरो विद्यार्थी जीवन	राजु ढकाल	२८५
८९.	भानुलाई श्रद्धाञ्जली	विष्णुप्रसाद शर्मा	२८६
९०.	दहेज	मणिराज दाहाल	२८७
९१.	रुरु एक चिनारी	पुरुषोत्तम घिमिरे	२८८
९२.	मेरी प्यारी हजुरआमा	रचना चन्द	२९०
९३.	विद्यार्थी	प्रेमराज घिमिरे	२९०
९४.	वेद मन्दिर.........	शिवहरि सापकोटा	२९१
९५.	निरुक्तं श्रोत्रमुच्यते........	दीपकप्रसाद सापकोटा	२९६
९६.	असल गर काम	रणदीप साउन	३०१
९७.	वेद शब्दको व्युत्पति र अर्थ	खगेन्द्र सुवेदी	३०२
९८.	वसन्त ऋतु	प्रयागराज उपाध्याय	३०३
९९.	नेपाली भाषामा शब्दवर्ग	केशव बराल	३०४
१००.	जलवायु परिर्वतन र यसका........	जनार्दन नेपाल	३१०
१०१.	कविता	निरोज पराजुली	३११
१०२.	के कमी थियो र उनमा ?	भीमा पौडेल	३१२
१०३.	आमा	विशाल रोक्का	३१४
१०४.	छात्रावास अनि म	सुनील सुवेदी	३१५
१०५.	अर्थहीन मायाको पत्र	ध्रुवबाबु घिमिरे	३१७
१०६.	एक्काईसौं शताव्दी र	चोलेन्द्र रिजाल	३१८
१०७.	गजल	सुनीता फडेरा	३१९
१०८.	सन्देश	सीजनबाबु दाहाल	३२०
११०.	ती दिनहरु	राजेन्द्र पण्डित	३२१
१११.	मेरी प्रियसी	किरण न्यौपाने	३२२
११२.	मनकी रानी सुनयना	गिरिराज न्यौपाने	३२३
११३.	दैनिकी	अनील अधिकारी	३२५
११४.	किन ?	नीरज नेपाल	३२७
११५.	हजुरलाई	कमला दाहाल	३२७
११६.	हाम्रो नेपाल	खेमराज शर्मा	३२८
११७.	टुकी	रामेश्वर पराजुली	३२८
११८.	अतीत सम्झँदा	विष्णुप्रसाद अर्याल	३२९
११९.	तीनधारा छात्रावासका विद्यार्थी एवं कर्मचारीहरुको परिचय		३२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कश्च धन्यो मदन्यः?

राष्ट्रकवि माधवप्रसाद घिमिरे

वि.सं. १९९० को दशकमा लमजुङ्गबाट एउटा लोर्के ठिटो संस्कृत पढ्न 'नेपाल' झऱ्यो । रमाइलो त्यो समयमा, त्यो गाउँघर छोडेर काठमाडौं झर्दा अवश्य नमीठो लाग्यो तर घरको मायामा भुलेर भविष्यको माया मार्नु त भएन भन्ने सोच्यो त्यो ठिटोले । ठिटाको नाम थियो माधवप्रसाद घिमिरे अर्थात् म ।

रानीपोखरी संस्कृत पाठशालामा आएर भर्ना हुँदा त्यतिबेला सोमनाथ सिग्द्याल प्राचार्य हुनुहुन्थ्यो । पहाडबाट झरेको वर्ष म दोस्रो भएँ । प्रथम चाँहि अम्बिका जी(जो पछि राजगुरु हुनुभयो) हुनुहुन्थ्यो । छात्रावासको बसाइँ अत्यन्त रमाइलो रह्यो । छात्रावासको समयलाई म अत्यन्त 'उर्वर समय' भन्न रुचाउँछु । पढाइमा म अत्यन्त तीक्ष्ण थिएँ । छात्रावास बसाइँको क्रममा मैले 'दीपशिखा' नामक संस्कृत निबन्ध लेखेको थिएँ । जुनेली रात, छात्रावासको गौमुखी धाराको कलकल आवाज झरना झरेजस्तै लाग्यो । मन मानेन, निबन्ध लेखौं लेखौं लाग्यो । निबन्ध लेखेर गुरुलाई देखाएपछि गुरुले एकदमै मनपराउनु भयो । छात्रावासमा त्यो निबन्ध अत्यन्त चर्चित भयो । गुरुहरूले स्याबासी दिनुभयो । त्यही निबन्धको अनुसरण गरेर पछि साथीहरूले पनि लेख्न थाले । गुरुहरूले पनि त्यसैको अनुसरण गर्दा त खुशीको सीमै रहेन । बिहान उठेपछि नुहाएर गायत्री जप्ने, त्यसपछि मजाले पढ्ने र ९ या ९: ३० बजेतिर खाना खाने गर्थ्यौं । हाँसोठट्टा र रमाइलो गर्ने बानी थियो तर उच्छृङ्खल भने थिइन म । खाना खान बसेपछि दाल आउन ढीला भयो भने कचौरा ठटाउँथ्यौं । खानुभन्दा अगाडि राणाहरूको जयजकार गर्नुपर्थ्यो । धोती फेरेर खान्थ्यौं । धारा भएतिर गायत्री जप्ने ठाउँ थियो । बिहान नुहाएपछि जनैले नै शरीरको पानी पुछेजस्तो गर्थ्यौं, गम्छा किन्ने औकात नै कहाँ थियो र ?

एकपटक गुरुले टीकारामलाई "हिमाल गजधम्म परेर बसेको छ" भन्ने वाक्य संस्कृतमा अनुवाद गर्न दिनुभएछ। उसले 'गजधम्म'को अनुवाद नजानेर मकहाँ ल्यायो । मैले "हिमालः गजधर्मेण अवस्थितः" लेख्नु भनेर सिकाइदिएँ । गुरुले माधेको काम हो भनी थाहा पाइहाल्नुभयो । छात्रावास बस्दा नै मलाई मलेरियाले सिकिस्त पाऱ्यो । नरहरी आचार्यका बुबा संस्कृतका प्रकाण्ड विद्वान् र कुशल औषधीविद् पनि हुनुहुन्थ्यो । उहाँले आएर उपचार गरिदिनुभयो र म निको भएँ । राम्रो लागेको नीतिश्लोकहरू २ पटक पढेपछि कण्ठस्थ हुन्थ्यो । पढेको पाठ एक, दुई वर्षपछि सोधे पनि फलानो किताबको फलानो पेजको फलानो ठाउँमा छ भन्नेसम्म बिर्सिंदैनथें । हप्ता हप्तामा साहित्यिक कार्यक्रम हुन्थ्यो । संस्कृत संभाषण प्रतियोगिता हुन्थ्यो । बडो उत्साहपूर्वक हामीहरू भाग लिन्थ्यौं । मेरा त्यतिबेलाका साथीहरूमध्ये केहीको नाम त मलाई याद छैन, उमेरले पनि बूढो भएँ, तर अम्बिका, पूर्णप्रसाद ब्राह्मण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीभद्र शर्मा, कमलराज रेग्मी, रामेश्वर मजगैयाँ मेरा अतिप्रिय साथीहरू हुन् । एक जना गुरुको व्यवस्था गरिएको थियो, वेलावेलामा आएर उहाँले सोध्ने, सिकाउने गर्नुहुन्थ्यो । रमाइलो मान्छे हुनुहुन्थ्यो । त्यो समयमा सोमनाथ सिग्द्याललाई 'नजान्ने' भन्ने सायद उहाँमात्रै हुनुहुन्थ्यो ।

साहित्य साधनाको लागि छात्रावासका ५ वर्ष स्वर्णकाल नै सावित भए । संस्कृत साहित्य र कविहरूसँग परिचित हुने अवसर यहींबाट पाएँ । मलाई कालिदास, भवभूति, जगन्नाथ र भर्तृहरि अत्यन्त मनपर्छन् । मैले 'रामविरह' संस्कृत खण्डकाव्य लेखेको थिएँ, छात्रावासमै कता हरायो कता । साहित्याचार्य गुरुले अत्यन्त प्रेमपूर्वक पढाउनु हुन्थ्यो । मेरो औपचारिक शिक्षाको मुख्य विषय सर्वदर्शन भए ता पनि रुचिको विषय हो साहित्य । साहित्यको स्वाध्यायन गरें । हिन्दी भाषामा प्रकाशित हुने 'कल्याण' पत्रिका पढ्थें । प्रेमचन्दका कथाहरू पढेपनि उनका कथा त्यत्ति मनपर्ने चाँहि होइनन् । शरच्चन्द्रका कथाले मन छुन्थ्यो । रघुवंश, मेघदूत, राम्रोसँग पढें । नीतिशतक, श्रृङ्गारशतक र वैराग्यशतक पनि राम्रो लाग्छन् मलाई । भर्खरै विवाह गरेर श्रीमती घरमा छोडेर आएको भएर होला, मेघदूत अत्यन्त मनपर्थ्यो । यसका सबै श्लोकहरू, श्लोकका पद पद मलाई कण्ठस्थ थिए । अधिकांश श्लोकहरू त अझ पनि भुलेको छैन । म साहित्यिक मान्छे हुं । संसारै कविता हो जस्तो लाग्छ । वातावरण सौन्दर्यपूर्ण हुनुपर्छ अनि मात्र मान्छेको सुतेको चेतना जागृत हुन्छ र कविता लेखूँ लेखूँ लाग्छ । शरद् ऋतुमा पूर्णिमाको रातमा वाहिर निस्कँदा पारिजातको बास्ना आओस्, झरना मनै उरालेर झरोस् । चारैतिर फूलैफूल होउन् तब मलाई रमाइलो लाग्छ । " राम्रो लाग्छ मलाइ ता हिमचुली हेमन्तको प्रातमा" मैले आफ्नो हृदय लेखेको छु यो कवितामा । छात्रावास बस्दा लेखेका कविता कता हराए कता तर पनि त्यहाँ बस्दाखेरीको लगाव, परिश्रम र अभ्यासले आज मलाई राष्ट्रकवि बनाएको छ । छात्रावासले लगाएको यो गुन त म जन्मौंसम्म पनि भुल्न सक्दिन । त्यसैले त म सोच्छु, कश्च धन्यो मदन्य:? मेरो विचारमा साहित्य भनेको छुनु पनि हो, सुँघ्नु पनि हो र हेर्नुपनि हो । स्रष्टाले आफ्ना रचनामा यी तीन कुराहरू एकैपटक गर्न सक्नुपर्छ । मैले गरेका धेरै रचनाहरू छन् । आफ्नो छोराछोरी कसलाई प्रिय नहोलान् र? तर पनि मलाई मेरा रचनाहरूमध्ये अत्यन्त मनपरेका कविता दुई तीनवटा छन् । घामपानी कविता मलाई अत्यन्त 'ब्युटिफूल' लाग्छ । त्यसमा मेरो हृदय पोखिएको छ, मेरो अन्तर्मनको भाव नदी वनेर बगेको छ । मलाई मेरै कविताहरूमध्ये मनपर्ने कविता चैतवैशाख हो र त्यसमा पनि यो श्लोक त अत्यन्त मनपर्छ -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौतारीमा वरपिपलको बोट नौलो लगाउँ
छाहारीको तलतिर बसी गीत यौटा म गाउँ
आई कैल्यै पनि नसकिने चैत वैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा ॥

मलाई कालिदासको प्रकृतिवर्णन अत्यन्त मनपर्छ । रघुवंश, कुमारसम्भव र मेघदूतको प्रकृतिवर्णन अत्यन्त सजीव छ, त्यो कविको कला हो । सबै कविमा त्यो कला हुँदैन ।

छात्रावासमा जो विद्यार्थी बस्न आउँछ उसको लक्ष्य भनेको 'योग्य बनेर देशका लागि महत्वपूर्ण काम गर्नुपर्छ' भन्ने हुनु जरुरी छ । हामी योग्य भनेर छात्रावासमा छिरेपछि योग्य बनेर निस्कनुपर्छ । वाल्मीकि विद्यापीठमा नाम लेखाएर छात्रावासमा बस्ने अनि अन्यत्र पढ्न जाने विद्यार्थीहरू छन् भन्ने सुन्दा अत्यन्त दुःख लाग्छ । संस्कृत पढेका विद्यार्थीले अंग्रेजी जान्नु अनिवार्य छ । अंग्रेजी सिक्नका लागि दिनमा १,२ घण्टा समय दिनु राम्रो हो तर अन्यत्र पढ्न जाने बानी राम्रो होइन । छात्रावासले कैयौं व्यक्तिहरू जन्माएको छ, उनीहरूको नाम आज पनि सबभन्दा पहिले लिने गरिन्छ । त्यो छात्रावासको देन हो, संस्कृतको देन हो । छात्रावासमा बस्ने विद्यार्थीहरूले संस्कृत र संस्कृतिको रक्षा नगरे कसले गर्ने ? अनुशासनको नाममा कठोर नियम बनाउनु राम्रो होइन तर राम्रो आचरण भएका विद्यार्थी तयार गर्न नीति नियमको आवश्यकता छ । बेलाबेलामा पिक्निक जाने, मन बहलाउने, रमाइलो गर्ने गर्नुपर्छ यसले विद्यार्थीहरूलाई चङ्गा, स्फूर्त र सिर्जनशील बनाइदिन्छ ।

छात्रावासमा बस्ने विद्यार्थीहरूको जीवनशैली सुधार गर्नका लागि प्रशासनले पढाइको समय तोकिदिने, सामूहिक भावनाको विकास गर्ने, लाइब्रेरीको व्यवस्था गर्ने, योग शिक्षा(आसन, प्राणायाम आदि) दिने, सन्तुलित आहार गर्ने, प्रवचन(वक्तृता) प्रतियोगिता गर्ने व्यवस्था हुनु जरुरी छ ।

(अरुणोदयका सम्पादक प्रकाश ढकाल र चिरञ्जीवी ढकालसँग गरेको कुराकानीको सम्पादित अंश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत शिक्षाको ऐतिहासिक पृष्ठभूमि र त्यसमा सुधार

-प्रा. माधवराज गौतम

संस्कृत शिक्षाको इतिहासलाई अध्ययन गर्दा सामान्यतया चार कालमा विभक्त गर्न सकिन्छ- १. वैदिक काल २. उत्तरवैदिक काल ३. पौराणिक काल ४. आधुनिक काल

१. वैदिक काल - विश्वमा उपलब्ध साहित्य मध्ये वेद सवैभन्दा प्राचीनतम साहित्य मानिन्छ। आर्य-संस्कृति र हाम्रो शिक्षाको स्रोत नै वेद हो। वेदको रचनाकालका बारेमा विद्वान्हरूमा मतैक्य छैन। मैक्समुलर र मैक्डोनलले इ.पू. १४०० वर्ष पहिले रचित मानेका छन् भने जैकोवीले ईसापूर्व ४५०० पछि होइन भन्ने तर्क गरेका छन्। त्यसै गरी तिलकले ईसापूर्व ७००० सिद्ध गरेका छन्। डा. अविनाश चन्द्रदासले आफ्नो Regvedic India नामक पुस्तकमा २५००० देखि ५०००० ईसापूर्व सिद्ध गरेका छन्। उनले ऋग्वेद १०।१३६।५ मन्त्रमा उल्लेख भएको भूगर्भशास्त्र (Geology) सम्वन्धि आलेखलाई आधार बनाएका छन्। उनका मतमा उक्त मन्त्रमा ईशापूर्व ५०,००० वर्ष पहिलेको क्षेत्रको भौगोलिक स्थितिको उल्लेख भएको छ।[१] जव वैदिक आचार्य सप्तसिन्धु देश(पञ्जाब) मा आएर बसे, त्यस समय पञ्जाबका दुवैतर्फ समुद्र थिए। पश्चिमी समुद्र त अहिले पनि छ तर भूगर्भशास्त्रअनुसार आजभन्दा ५०००० वर्ष पहिले आज हिमाल भएका ठाउँमा समुद्र थियो। डा. अविनाशचन्द्रका अनुसार यसैलाई ऋग्वेदको उक्त कथनमा अपर समुद्र भनेको हो। उपर्युक्त कथनहरूका आधारमा विचार गर्दा संसारको वेदमात्र यस्तो ग्रन्थ हो, जसको कालनिर्धारण न पाश्चात्य विद्वान्ले गर्न सके न त भारतीय विद्वान्हरूले नै। त्यसैले वेदकै आधारमा वैदिक ऋषिहरूले यसलाई अनादि र नित्य मानेका छन्।[२] कुनै ग्रन्थ अनादि हुन सक्छ या सक्दैन भन्ने विषयमा विवादमा नपरेर संसारका सम्पूर्ण धर्मग्रन्थहरूमध्ये वेद नै यस्तो धर्मग्रन्थ हो जसको समयको बारेमा केही निश्चित छैन। जसरी वेदको रचनाकाल निश्चित छैन त्यसै गरी आदिकालमा वेदहरू लिपिबद्ध थिए वा थिएनन् भन्ने विषयमा पनि विवाद छ। प्राचीन शिक्षाको विकासको ज्ञानका लागि लेखनक्रियाको इतिहास अस्पष्ट छ। पुरातात्त्विक साध्यका आधारमा हडप्पा संस्कृतिका लेख[३] पछि अशोककालिक[४] ब्राह्मी र खरोष्टि लिपि नै असंदिग्ध रुपमा उपलब्ध छन्। आचार्य पाणिनिले लिपि, लिपिकार र ग्रन्थ शव्दहरू प्रयोग गरेकाले न्यूनतम ईसापूर्व ५०० वर्ष पहिले नै लेखनविधि प्रचलित रहेकोमा कुनै सन्देह छैन। त्यस समयसम्म वैदिक साहित्य लिपिवद्ध भइसकेको थियो। सामान्यरूपमा भन्दा वेद शव्दको अर्थ हुन्छ

१. वातस्य अश्वः वायोः सखाथोः देवेषितः मुनिः। उभौ समुद्रौ अक्षेति यः च पूर्व उत अपरः ॥ (ऋग्वेद, १०।१३६।५)

२. यस्मात् ऋचः अपातक्षन् यजुः यस्मात् अपाकषन्। सामानि यस्य लोमानि अथर्वाङ्गिरसौ मुखम्। स्कम्भं तं ब्रूहि कतमः स्वित एव सः ॥(अथर्ववेद, १०।७।२०)

३. सिन्धुघाटिको सभ्यता, ई.पू. ३००० वर्षदेखि ई.पू. १५०० वर्षको वीच मानिन्छ।

४. सम्राट अशोकको शासनकाल ई.पू. २७४ देखि २३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान । आचार्य सायणले कृष्णयजुर्वेदको भाष्यभूमिकामा यस शब्दको अर्थ गर्दै वेदलाई इष्टप्राप्ति र अनिष्ट(अवाञ्छित या त्याज्य) बाट टाढा रहने अलौकिक उपायहरूलाई व्यक्त गर्ने ज्ञान भनेर परिभाषित गरेका छन् ।

वैदिक शिक्षाको सम्वन्ध अन्तर्ज्योति र शक्तिसँग रहेको छ । जसको माध्यमबाट मानवको शारीरिक, मानसिक, बौद्धिक र आध्यात्मिक शक्तिहरूको सन्तुलित विकास हुने गर्दथ्यो । ज्ञान मनुष्यको तृतीय नेत्र हो जसले समस्त तत्वहरूको मूल आधारलाई जान्ने क्षमता प्रदान गर्नुका साथै त्यसलाई समुचित व्यवहारमा प्रयोग गर्ने(प्रवृत्त गराउने) क्षमता प्रदान गर्दछ । यसकालका पाठ्यक्रममा वेदहरूका अतिरिक्त अनेक विषयहरूको शिक्षा दिने प्रचलन थियो । वैदिक साहित्य मूलतः धार्मिक साहित्य भए तापनि त्यसकालको समाजमा धार्मिक, दार्शनिक, आर्थिक, वैज्ञानिक आदि सबै क्षेत्रहरूमा निरन्तर प्रगति भएको संकेत मिल्दछ । त्यस समय धर्मेतर साहित्य पनि अवश्य रहेको थियो तर त्यसको संरक्षणमा ऋषिमुनिहरूले विशेष चासो न लिएकोले त्यसका बारेमा सीमित मात्र सङ्केत मिल्दछ ।

ऋग्वेदमा शिक्षक र शिक्षार्थीको उल्लेख न भए पनि अथर्ववेदमा यस सम्वन्धि प्रशस्त मात्रामा विचार गरिएको छ । वैदिक कालमा शिक्षा दिँदा अनेक संस्कार र समारोहको विधिवत् आयोजना गरिन्थ्यो । शिशु बोल्न थाल्दा, शिक्षा लिँदा र शिक्षा समाप्त गरी गृहस्थ जीवनमा प्रवेश गर्दा वाचस्पति(वाणीका अधिपति)को पूजा गरिन्थ्यो । वैदिककालिक पाठ्यक्रमको उद्देश्य यान्त्रिक(ऋभु), भौतिक(असुर) र दार्शनिक(ऋषि) योग्यता हासिल गर्नु नै थियो । निष्कर्षमा गुरुकुल र आश्रममा दिइने शिक्षण प्रशिक्षणबाट आध्यात्मिक चिन्तक, वीर सेनानी र सफल शासक हुने गर्दथे । त्यस समयमा धार्मिक शिक्षाका साथै सामरिक र राजनैतिक शिक्षण-प्रशिक्षण पनि प्रचलित थियो ।

विद्यार्थीहरू विभिन्न पाठ्यक्रम र उद्देश्यबाट अभिप्रेरित भएर अध्ययनमा संलग्न हुन्थे । गुरु शिष्यहरू परस्परमा प्रश्नोत्तर पद्धतिद्वारा आफ्ना ज्ञानको विकास र शंका निवारण गर्ने गर्थे । वादविवाद पनि यस शिक्षाको अभिन्न अङ्ग थियो । त्यस समयमा शिक्षा निःशुल्क हुनुका साथै स्त्री र पुरुष दुवैलाई समान रूपमा उपलब्ध थियो । विद्यार्थी जीवनको समापनमा समावर्तन समारोहको आयोजना गरिन्थ्यो । त्यस समारोहमा गुरुले शिष्यहरूको लामो आयु र सफल जीवनको कामना गर्दै ईश्वरसँग प्रार्थना गरी आशीर्वाद दिन्थे । शिष्यहरूले बिदाइका समयका गुरु वा आश्रमलाई दक्षिणा या दान दिने गर्दथे ।

२. उत्तरवैदिक काल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणदेखि उपनिषद्कालसम्म यस शिक्षामा क्रमिक विकास भएको पाइन्छ । वेदपाठ सम्वन्धी भिन्न भिन्न विचार पद्धतिका शाखा र चरणहरूको पनि विकास भयो । साधारणतया विद्वत्सभाहरूमा धर्म, कर्मकाण्ड र दर्शनमा आएका भिन्नतालाई दृष्टिगत गरेर आफ्नो पक्ष (शाखा र चरण), अन्य पक्षभन्दा श्रेष्ठ भएको सिद्ध गर्ने प्रयास गरिन्थ्यो । गुरु शिष्य प्रश्नोत्तर पद्धति अत्यन्त गूढ र जटिल भएकाले यसको विकास स्वरूप शास्त्रार्थ पद्धति आएको पाइन्छ । यसै समयमा राजसभामा शास्त्रार्थका लागि विद्वान्हरूलाई आमन्त्रण गरेर विजयी विद्वान्लाई वहुमूल्य दान दिने प्रचलन पनि प्रारम्भ भयो । यिनै संस्थाहरूद्वारा वैदिक साहित्य, भाषा, धर्म र कर्मकाण्डको प्रचार प्रसारको साथै बोलचालको भाषालाई वैयाकरणीय सुसंस्कृत भाषाका रूपमा विकसित गराइयो । उत्तरवैदिक कालमा पाठ्य विषयहरूमा पनि वृद्धि भयो । वैदिक साहित्य र दर्शनका अतिरिक्त षड्वेदाङ्ग, वाकोवाक्यम्(आध्यात्मिक विषयमा शास्त्रार्थ), इतिहासपुराण, आख्यान व्याख्यान(भाष्य), गाथा, नाराशंशी(पूर्ववर्ती राजाहरूको कीर्तिको गान), ब्राह्मणविद्या, क्षात्रविद्या(राजनीति), ज्योतिष, भूतविद्या(मायाविद्या या इन्द्रजाल), सर्पविद्या, दैवविद्या(उत्पातज्ञान), पित्र्य (पिता आदिको श्राद्ध गर्ने), जनविद्या, चिकित्साशास्त्र आदि विषयहरू अध्ययन र अध्यापन गराइन थालियो । त्यस समयमा चिकित्साशास्त्र र सैनिक विद्याको अत्यन्त महत्व वढेकाले नै यी दुई विद्यालाई वेदशव्दले(आयुर्वेद र धनुर्वेद) व्यवहार गरेको पाइन्छ । त्यस समयमा अध्ययन पद्धतिका रूपमा पठन पाठन, लेखनका साथै श्रवण, मनन र निदिध्यासन पद्धतिहरू पनि प्रचलनमा रहेका थिए । यी प्रणालीहरू वैज्ञानिक र मनोविज्ञानमा आधारित थिए । यो कुरा वृहदारण्यकोपनिषद्को अध्ययनबाट स्पष्ट हुन्छ । श्रवण - वेदका मन्त्रहरूलाई सुन्नु, उच्चारण गर्नु र कण्ठस्थ गर्नु , मनन - वेदका मन्त्रहरूको रहस्य एवं गूढ अर्थहरूमा चिन्तन गर्नु र निदिध्यासन - जानेका वेदका रहस्यहरूको अनुभूति गर्नु थियो । साधारणतया विद्यार्थीहरू १२ वर्षको उमेरमा गुरुकुलमा प्रवेश गर्दथे र १२ वर्ष अध्ययन पश्चात् २४-२५ वर्षको उमेरमा समावर्तन समारोह गरी जीवनका अन्य व्यवसायमा लाग्दथे ।

३.पौराणिक काल

गुरुकुल शिक्षा पद्धतिमा आधारित आश्रमीय शिक्षा व्यवस्था पौराणिक कालमा आएर अत्यधिक विकास भई धार्मिक शिक्षाका साथै धर्मेतर विषयहरूको समेत पठनपाठन एवं प्रशिक्षण दिने थलोको रूपमा विकसित भयो । रामायण, महाभारत एवं पुराणहरूको अनुशीलनबाट ज्ञात हुन्छ - राजकुमारहरू पनि आश्रममा नै रहेर धर्म र धर्मेतर विषयको अध्ययन गर्दथे । आदिकालदेखि पौराणिककालसम्मका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षाको उद्देश्य ईश्वरभक्ति, धार्मिक भावनाको विकास, चरित्रनिर्माण, व्यक्तित्व विकास, नागरिक एवं सामाजिक कर्तव्यहरूको पालनाका साथै राष्ट्रिय संस्कृतिको संरक्षण र प्रसार गर्नु थियो ।

४.आधुनिक काल

उक्त शिक्षण-प्रशिक्षण परम्परा पाणिनिको समयसम्म (न्यूनतम ईसापूर्व ५०० वर्षसम्म) यथावत् रूपमा चलेको पाइन्छ । पाणिनिको समयपछि बौद्धकालमा शिक्षा संघको हातमा गयो । त्यस समयमा उच्च शिक्षाका केन्द्र बौद्धमठहरू थिए । उच्च शिक्षामा व्याकरण, धर्म, ज्यौतिष, दर्शन, औषधिविज्ञान, भवननिर्माण, मूर्तिकला, चित्रकला, कृषि, वाणिज्य, पशुपालन आदि विषयहरूको अध्ययन-अध्यापन गराइन्थ्यो । पाठ्यक्रममा क्रियात्मक र अक्रियात्मक दुवै प्रकारको व्यवस्था थियो । यसैकालको प्रमुख शिक्षण संस्थाका रूपमा रहेको नालन्दा विश्वविद्यालय(नालन्दा विहार)को सन् ४५० देखि करिब ३५० वर्षजतिसम्म देशविदेशमा प्रशस्त ख्याति थियो । यस संस्थालाई १३ वीं शताब्दीको प्रारम्भमा वख्तियार खिलजीले यसलाई समूल नष्ट गरिदिए । यसै समयमा नेपालका बौद्धविहार र मठहरूले पनि उच्च शिक्षाको प्रचारप्रसारमा अहं भूमिका खेलेका थिए । पाणिनिको समयसम्म सबै विषयहरू अध्यापन गराइने स्त्रीशिक्षा बौद्धकालमा आएर अवरुद्ध भएको पाइन्छ । स्त्रीशिक्षाको यो अवस्था उत्तरमुगलकालसम्म यथावत् नै रह्यो ।

५.मुगलकाल

मुगलकालमा कलाकौशल र संगीतको क्षेत्रमा प्रशस्त काम भएता पनि परम्परागत शास्त्रीय विषयहरूको पठनपाठनमा ह्रास आएको देखिन्छ। भारतमा सर्वप्रथम आउने मुस्लिमहरू अरवी थिए । उनीहरूले ईस्वी सन् ७१२ मा सिन्ध र मुल्तानमाथि विजय गरे पनि राज्य स्थापित भने गरेनन् । त्यसको करीब तीन सय वर्षपछि सन् ९९७ - १०३० को वीचमा सुल्तान महम्मद गजनीले १७ पटक भारतमा आक्रमण गरे । उनले पञ्जाबका राजा जयपाललाई सन् १००१मा हराए । त्यसैगरी सन् १०२१ मा लाहौरमाथि विजय गरे । सन् १०२५ मा काठियावाडस्थित सोमनाथ मन्दिरमा लुटपाट गरे । यी घटनाहरूले भारतीय आन्तरिक राज्यहरूमा ठूलो असर न परे पनि त्यसको १०० वर्ष भित्र भारतवर्षमा आक्रमण गरी राज्य स्थापना गर्ने प्रमुख विदेशी आक्रमणकारीहरूमा मुसलमानहरू नै हुन गए । यसकार्यको प्रारम्भ सन् ११८६मा महम्मद गोरीले लाहौरमाथि नियन्त्रण गर्दै त्यसको ६ वर्षपछि हिन्दू राजा पृथ्वीराज चौहानलाई सन् ११९२ मा हराएर त्यसको सुरुवात गरे । ईसाको ८वीं शताव्दीबाट भारतवर्षमा पटक पटक आक्रमण गर्ने मुसलमानहरूको वास्तविक शासन व्यवस्था सुरु गर्ने श्रेय १२ औं शताब्दीको अन्तमा मुहम्मद गोरीलाई प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । यसरी स्थापित मुस्लिम शासन व्यवस्थालाई करीव ५५० वर्षपछि वंगालका नवाव शिराजिद्दौलालाई सन् १७५७ मा प्लासी युद्धमा अंग्रेजहरूले पराजित गरेपछि मुगल शासन समाप्ति तर्फ ओरालो लाग्यो । सन् १७६४को वक्सर युद्धवाट वंगाल प्रान्त प्रथम अंग्रेजद्वारा विजित प्रान्तका रूपमा स्थापित भयो र क्रमशः सन् १८२३ सम्ममा भारतको अधिकांश भाग अंग्रेजहरूको नियन्त्रणमा आयो ।

६.अंग्रेजको शासनकाल

भारतमा अंग्रेजहरूको शासन शुरु भए पछि वंगालका गभर्नर विलियम बेटिकद्वारा त्यस देशको शिक्षा सम्वन्धी जाँच गर्ने आदेश पाएर विलियम एडमले शिक्षासँग सम्वद्ध तीनवटा प्रतिवेदन सन् १८३५ देखि १८३८ को बीचमा प्रस्तुत गरे । यी प्रतिवेदनमध्ये तेस्रो प्रतिवेदनबाट तत्काल बंगालमा संस्कृत उच्च शिक्षाको स्थिति र पढाइको बारेमा स्पष्ट ज्ञान हुन्छ । उक्त प्रतिवेदनमा बंगालको वर्द्धमान जिल्लाको संस्कृत उच्च शिक्षाको बारेमा विवरण दिइएको छ । जसअनुसार उक्त स्थानमा १९० विद्यालयहरू सञ्चालनमा रहेका थिए । ती विद्यालयमा १३५८ विद्यार्थीहरू अध्ययनरत थिए । ती विद्यालयहरूमध्ये दुईलाई वर्धमानका राजाको संरक्षण प्राप्त थियो भने अन्य विद्यालयहरू गाउँका सम्मानित व्यक्तिहरूको चन्दाबाट सञ्चालित थिए । प्रत्येक विद्यालयमा एकजना अध्यापक नियुक्त थिए र तिनीहरूको आर्थिक अवस्था राम्रो थिएन । उनीहरूलाई वार्षिक वेतन केवल ६३ रूपैयाँ ४ आना ५ पाई उपलब्ध हुने गर्दथ्यो । त्यस समयमा यी शिक्षालयहरूमा व्याकरण, रचना, शव्दकोष, अलङ्कारशास्त्र, औषधशास्त्र, तर्कशास्त्र, साहित्य, कानून, वेदान्त, पुराण र ज्योतिष विषयको शिक्षा दिइन्थ्यो ।

संस्कृत शिक्षाको संस्थागत विकास

गुरुकुल, आश्रम, मठ, मन्दिर, राजा र समाजद्वारा संरक्षित र संबर्धित हुँदै आएको संस्कृत उच्च शिक्षाको सन् १७९१मा वनारसमा संस्कृत कलेज(पाठशाला)को स्थापना पछि संस्थागत विकास भएको पाइन्छ । यस कलेजको शिलान्यास तत्कालीन वनारस राज्यको अंग्रेज रेसिडेन्ट जोनाथन डंकनले गरेका थिए । यस कलेजको स्थापनाको उद्देश्य हिन्दू नवयुवकहरूलाई हिन्दू धर्मशास्त्र र कानूनको व्याख्या गर्ने शिक्षा दिएर तिनीहरूद्वारा Regulating act. 1773 A.D. को आधारमा कलकत्तामा स्थापित एवं त्यसलाई संशोधन गर्ने ऐन सन् १७८१ बाट पहिलेको ऐनमा ब्रिटिस कानूनअनुसार नियमित गरिने गरेका पैतृक सम्पत्ति, भूमि र धन(लेनदेन)सम्बन्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरू तत्काल प्रचलनमा रहेका हिन्दू र मुस्लिम कानूनअनुसार निर्धारण गर्ने व्यवस्था भयो । त्यसैको परिणामस्वरूप सन् १७८१ मा नै अरवी र फारसी भाषा, साहित्य र कानून पढ़ाउन वार्षिक ३०००० सरकारी अनुदान दिएर कलकत्तामा मदरसा खोलियो भने त्यसको १० वर्षपछि सन् १७९१ मा संस्कृत भाषा, साहित्य र हिन्दू कानून पढाउन उपर्युक्त वनारसको संस्कृत कलेज स्थापना भएको हो । यी दुवै संस्थाहरूको उद्देश्य माथि उल्लेख भएका विषयहरूसँग सम्बद्ध कानूनी प्रावधानमा सुप्रिम कोर्ट अफ जस्टिसका अंग्रेज न्यायाधीशहरूलाई सहयोग पुऱ्याउनु थियो । प्रथम पटक संस्कृत कलेज सञ्चालनका लागि वार्षिक रु. १४,००० आर्थिक सहायता प्रदान गरियो र त्यसको अर्को वर्ष देखि वार्षिक २४००० उपलव्ध हुन लाग्यो । अर्थात् सन् १७९२ मा त्यसलाई बढाएर रु वार्षिक रु. २०,००० पुऱ्याइयो । प्रारम्भमा यसको प्रबन्धकको जिम्मा संस्कृतका पण्डितहरूलाई नै दिइयो । तिनीहरू सुसञ्चालनमा असफल भए पछि एक जना अंग्रेज सुपरिटेन्डेन नियुक्त गरियो । कलेजका पाठ्य विषयहरूमा वेद, व्याकरण, वेदान्त, पुराण, आयुर्वेद, साहित्य, ज्योतिष, धर्मशास्त्र, मीमांसा, चिकित्साशास्त्र, संगीत, न्याय, इतिहास आदि थिए । अंग्रेजी विषयको कक्षा यस कलेजमा सन् १८२४ फरवरी १८ देखि सुरु गरिएको थियो ।

प्रारम्भमा यस कलेजको परीक्षा प्रणाली(सन् १८७९सम्म) मौखिक थियो र सन् १८८० देखि लिखित परीक्षा प्रणाली प्रारम्भ गरी प्रथमा, मध्यमा र उत्तमा स्तरका प्रमाणपत्र र उपाधिहरू प्रदान गर्ने व्यवस्था समेत भएको हो ।

त्यसै गरी कलकत्ता, आगरा र दिल्लीमा स्थापित संस्कृत कलेजहरूमा पनि अंग्रेजी शिक्षाको व्यवस्था सन् १८२४ देखि नै गरियो । यस सन्दर्भमा प्रख्यात समाजसुधारक राजा राममोहन राय[५](सन् १७७४-१८३२) ले ५ दिसम्बर सन् १८२३ मा गवर्नर जनरल लर्ड एम्सहार्टलाई पत्र लेखेर कलकत्तामा संस्कृत कलेज स्थापनाको विरोध गर्दै उदार एवं बुद्धिमत्तापूर्ण शिक्षा पद्धतिलाई प्रोत्साहन गर्न अनुरोध गरे । त्यसमा गणित, प्राकृतिक दर्शन, रसायनशास्त्र, विज्ञान एवं अन्य लाभदायक विषयहरू संलग्न होउन् भन्ने उनको आग्रह थियो । यिनीहरूकै प्रयासस्वरूप सन् १८२९ देखि भारतमा सतीप्रथामाथि प्रतिबन्ध लाग्यो । यस सन्दर्भमा शिक्षा र समाजसुधारका विषयलाई लिएर भारतीय शिक्षितसमाज प्राच्य र पाश्चात्य(Oriental and Occidental) पक्षधरका रूपमा विभक्त हुनपुग्यो । यसरी भारतीय प्रबुद्ध वर्गमा तनाब बढिरहेको समयमा गवर्नर जनरलको काउन्सीलका कानूनी सदस्यका रूपमा सन् १८३४ जून १०मा लर्ड मेकाले भारत आए । तत्कालिन गभर्नर जनरल विलियम बेंटिकले मेकालेलाई बंगालको लोक शिक्षा समितिको प्रधान नियुक्त गर्नुका साथै सन् १८१३ को आज्ञापत्रमा समाविष्ट शिक्षासम्बन्धी धाराको व्याख्या गर्न र शिक्षाका लागि विनियोजित एक लाख धनराशी व्यय गर्ने बारेमा समेत कानूनी सल्लाह माग

[५].यिनी संस्कृत, अरवी एवं फारसी भाषाका विशिष्ट विद्वान् एवं सतीप्रथा, वालविवाह, पर्दाप्रथा विरोधी तथा नारीशिक्षा र विधवाविवाहका अभियन्ता थिए । यिनले उपर्युक्त कुराहरूमा सुधारका लागि व्रह्मोसमाज(व्रह्मसमाज) को स्थापना गरेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरे । मेकालेले उपर्युक्त विषयहरूसँग सम्वद्ध आफ्नो विवरण पत्र सन् १८३५ फेब्रुअरी २ तारिखका दिन गवर्नर जनरल कौंलिस समक्ष प्रस्तुत गरे । त्यसमा प्राच्य साहित्य र शिक्षाको खण्डन गर्दै अंग्रेजीभाषाको माध्यमवाट पाश्चात्य साहित्य र विज्ञानको शिक्षा दिनुपर्ने कुरालाई समर्थन गरिएको थियो । गवर्नर जनरलले प्राच्यवादी नेताहरूको त्यस सन्दर्भमा राय मागे पनि ती रायहरू उनलाई मन परेनन् । अन्ततः मेकालेले प्रस्तुत गरेका विचारहरूलाई स्वीकार गर्दै ७ मार्च सन् १८३५ मा शिक्षानीतिको घोषणा गरियो । त्यस शिक्षा नीतिमा मुख्य रूपमा निम्न कुराहरू समाविष्ट गरिएका थिए -

१.ब्रिटिश सरकारको मुख्य उद्देश्य भारतीयहरूमा यूरोपीय साहित्य र विज्ञानको प्रचार गर्नु हो । त्यसैले अव उप्रान्त सम्पूर्ण शिक्षासम्वन्धी धनराशी त्यसै कार्यमा खर्च गरिने छ ।

२.प्राच्य शिक्षालयहरूलाई बहिष्कार र उन्मूलन गरिने छैन, तिनमा कार्यरत अध्यापकलाई तलब र छात्रहरूलाई छात्रवृत्ति पूर्ववत् उपलब्ध गराइने छ ।

३. भविष्यमा प्राच्य शिक्षासम्वन्धी पुस्तकहरूको मुद्रण र प्रकाशन गरिने छैन । यस कार्यमा पहिले नै अत्यधिक धनराशी व्यय भइसकेको छ ।

४.उपर्युक्त सुधारवाट वचेको धनराशी भारतीयहरूमाझ अंग्रेजी भाषाको माध्यमवाट अंग्रेजी साहित्य र विज्ञानको प्रचारमा गरिने छ ।

त्यसैगरी यस लोकशिक्षा समितिको सिफारिसमा कलकत्तास्थित संस्कृत कलेज एवं मदरसामा सन् १८२६ देखि सञ्चालित चिकित्साविभागहरू खारेज गरी कलकत्ता मेडिकल कलेज स्थापित गरियो । उपर्युक्त शिक्षा नीतिले प्राच्य विद्याका तत्काल सञ्चालित शिक्षालयहरूलाई अवरोध सिर्जना नगरे पनि भविष्यमा यसको विकास र विस्तारमा पूर्णविराम लगाइदियो । त्यसै गरी यिनै शिक्षामा भएका परिवर्तनका कारण अहिलेसम्म आधिकारिक भाषाका रूपमा रहेको फारसीभाषाको स्थान सन् १८३८ पछि अंग्रेजी भाषाले लिन पुग्यो । त्यसपछिका वर्षहरूमा भारतीय समाजमा महिला शिक्षाको विकास, बाल विवाह र पर्दाप्रथा समाप्त गर्ने तर्फ गुणात्मक सुधार भएको पाइन्छ ।

यस पछि ब्रिटिश इण्डियामा शिक्षामा नयाँ दृष्टिकोण र विकासको दृष्टिले सन् १८५४ अत्यन्त महत्वपूर्ण वर्षका रूपमा देखापर्छ । यसै वर्षको जुलाई १९ तारिखका दिन चार्ल्स वूडको शिक्षासम्वन्धी घोषणापत्रलाई इस्ट इण्डिया कम्पनीका सञ्चालकहरूले जारी गरेका थिए । यसै घोषणावाट यूरोपीय ज्ञान र प्रविधिलाई अंग्रेजी भाषा र भारतीय ज्ञानलाई देशी भाषाहरू पठनपाठनका माध्यमभाषाका रूपमा स्वीकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरियो । साथै यसैका आधारमा सन् १८५७ मा विश्वविद्यालय ऐन(University Act.1857 A.D.) जारी गरी कलकत्ता, बम्बई र मद्रासमा विश्वविद्यालयहरू स्थापित गरिए । पुनर्विवाहका सन्दर्भमा हिन्दू समाजमा महिला र पुरुषबीच विभेद राख्ने परम्परागत धारणालाई पुनर्विवाह ऐन (Widow Remarriage Act. 1856 A.D) पारित भयो । यसले परम्परावादी हिन्दू समाजमा ठूलो हलचल पैदा गर्‍यो ।

सारार्थमा भन्दा विगत एक सय वर्ष(सन् १७५७ देखि १८५७ सम्म) मा अंग्रेज शासनकालमा शैक्षिक र सामाजिक क्षेत्रमा भएका सुधार, विज्ञान र प्रविधिका क्षेत्रमा भएका आविष्कार र अंग्रेजहरूसँग निकट सम्पर्क भएका कारण भारतीय समाजमा ठूलो परिवर्तन देखापर्‍यो । विशेष गरेर अंग्रेजहरू आउनुपूर्व शासकका रूपमा रहेका मुगल परिवार र हिन्दू उच्च घरानामा उनीहरूका पोशाक, खानपान र जीवनपद्धतिमा पाश्चात्य सभ्यताले प्रशस्त प्रभाव स्थापित गर्न सफल भयो ।

नेपालका संस्कृत उच्च शिक्षा दिने धेरै जसो विद्यालय र महाविद्यालयहरू सन् १७९१ मा स्थापित वनारसको कलेजसँग सम्बद्ध थिए । यो क्रममा सन् १९५६ मा स्थापित वाराणसेय संस्कृत विश्वविद्यालय हुँदै त्रिभुवन विश्वविद्यालयको स्थापन सम्म यथावत् रह्यो । त्यसपछि सन् १९५९ मा स्थापित त्रिभुवन विश्वविद्यालयले तात्कालिक वाराणसेय विश्वविद्यालयकै पाठ्यक्रम र परीक्षा प्रणालीलाई स्वीकार गरी पठन पाठनको व्यवस्था मिलाएको थियो । त्यसैलाई सन् १९८३ मा स्थापित महेन्द्र संस्कृत विश्वविद्यालयले पनि निरन्तरता दिएको देखिन्छ । यसरी हाम्रो पाठ्यक्रमले परम्पराप्राप्त प्राच्य शिक्षण प्रशिक्षण पद्धतिलाई अक्षुण्ण राख्दै आएको छ । प्रौढ पाण्डित्य संरक्षण गर्ने लक्ष्यमा आधारित यस पाठ्यक्रममा नवविधाका केही विषयहरू थपघट भए पनि संस्कृतसँग सम्बद्ध सबैजसो विषयहरू परम्परागत रूपमै अध्ययन अध्यापन गराइँदै आएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज संस्कृत उच्च शिक्षाको क्षेत्रमा संस्कृतमा प्रौढ हुनुका साथै नवीन विचारधाराबाट परिचित वैज्ञानिक पद्धतिका आधारमा तुलनात्मक अध्ययन गर्न सक्ने विज्ञ जनशक्तिको आवश्यकता छ। यसै गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गर्नु अहिलेको अर्को सामयिक लक्ष्य हो। कुनै पनि पाठ्यक्रमको मूल्याङ्कन र समीक्षा गर्नुपूर्व यस सम्बन्धमा रहेका सैद्धान्तिक अवधारणाहरूका वारेमा विचार गर्नु वाञ्छनीय हुन आउँछ। आधुनिक पाठ्यक्रमको सर्वमान्य सिद्धान्तअनुसार जुनसुकै पाठ्यक्रम पनि राष्ट्रिय आवश्यकतामा आधारित हुनुपर्दछ। राष्ट्रमा जस्तो जनशक्तिको माग हुन्छ तदनुरूपका विषयहरू पाठ्यक्रममा समावेश गरिएका हुन्छन्।

मुख्यतया ज्ञानवर्धक, सीपमूलक र मनोवृत्तिपरकमध्ये कुन तत्वमा आधारित हो ? सो कुरा पाठ्यक्रममा स्पष्टरूपमा निर्दिष्ट हुनुपर्दछ। पाठ्यक्रम नवीनतम आवश्यकतालाई परिपूर्ति गर्नुका साथै राष्ट्रिय एवं सामाजिक समस्याहरूलाई सम्बोधन गर्न समर्थ हुनुपर्दछ। उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गरेर नै पाठ्यक्रम समसामयिक हुनुपर्दछ भन्ने अभिमत प्रकट गरेको पाइन्छ। त्यसैले पाठ्यक्रमलाई समय सापेक्ष वनाउने उद्देश्यले समय समयमा त्यसको समीक्षा र मूल्याङ्कन नितान्त आवश्यक हुन्छ। पाठ्यक्रमलाई समयोचित सुधार, परिमार्जन र संशोधन गर्नु निरन्तर चलिरहने प्रक्रिया हो।

संक्षेपमा भन्दा पाठ्यक्रममा वृहद् उद्देश्य, विशिष्ट उद्देश्य र ईकाइगत उद्देश्यले युक्त हुनका साथै पाठ्यवस्तु, पाठ्यभार, पाठ्यघण्टा, पाठ्यसामाग्री, पाठ्यपुस्तक एवं सन्दर्भग्रन्थ, शिक्षणपद्धति र मूल्याङ्कनपद्धति समावेश भएको हुन्छ। यी कुराहरूकै आधारमा कुनै पनि पाठ्यक्रमको मूल्याङ्कन गरिन्छ।

उपर्युक्त आधारहरूको विश्लेषण गर्दा संस्कृत उच्च शिक्षाको पाठ्यक्रमले परम्परागत शिक्षण प्रशिक्षणलाई अक्षुण्ण राख्ने उद्देश्य परिपूर्ति गरे तापनि यसले सामयिक एवं नवीनतम आवश्यकतालाई त्यत्ति आत्मसात् गरेको पाइँदैन। अतः यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ्यक्रमलाई समग्र रूपमा विज्ञहरूद्वारा मूल्याङ्कन गराई परिवर्तन र परिवर्धन गर्नु नितान्त आवश्यक देखिन्छ । उक्त कुराहरूलाई दृष्टिगत गरी यस पाठ्यक्रमलाई परिमार्जन गर्दा तत्कालमा निम्न कुराहरू समावेश गर्नु सामयिक हुन जाने छ -

हाल प्रचलनमा रहेको शास्त्री तहको पाठ्यक्रममा 'क' वर्गीय विषयको पाठ्यभार भित्रै सम्वद्ध विषयका निकटतम आधुनिक विधाहरूलाई समावेश गरी न्यूनतम १०० पूर्णाङ्कको पाठ्यभार राख्ने । जस्तै - वेद, व्याकरण, मीमांसाहरूका लागि भाषा विज्ञान, साहित्यका लागि पाश्चात्य साहित्य, ज्योतिषका लागि आधुनिक खगोल विज्ञान, दर्शनहरूका लागि पाश्चात्य दर्शन, धर्मशास्त्रका लागि कानून र इतिहासपुराणका लागि मानवशास्त्र आदि समावेश गरी तुलनात्मक अध्ययन अध्यापन गराउनु उपयुक्त देखिन्छ। साथै यस तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर विज्ञान, व्यवस्थापन, पत्रकारिता, नृतत्वशास्त्र जस्ता विषयहरू समावेश गर्ने । यसरी समावेश गर्दा कम्प्युटर विज्ञान र व्यवस्थापन विषय उत्तरमध्यमा तहदेखि नै राख्ने व्यवस्था मिलाउनुपर्छ। आचार्यतहमा न्यूनतम २०० पूर्णाङ्कको सम्बद्ध विषयहरूको निकटतम आधुनिक विधाहरू हालकै पाठ्यभारमा समावेश गर्नु उचित देखिन्छ । जस्तै : व्याकरण र मीमांसाका लागि भाषाविज्ञान, धर्मशास्त्रका लागि कानून, इतिहासपुराणका लागि मानवविज्ञान(Anthropology) र पुरातत्व(Archaeology) आदि हुनसक्छन् ।

उत्तरमध्यमा र शास्त्रीतहमा अंग्रेजी विषयलाई अनिवार्य गर्नुपर्दछ र यी तहहरूको पाठ्यभार एवं पूर्णाङ्क अन्य विश्वविद्यालय र शिक्षणसंस्थाहरूको पाठ्यभार र पूर्णाङ्कसँग समीक्षा गराई सोहीअनुरूप हुनुपर्दछ । यसका अतिरिक्त संस्कृत विषयका सशुल्क Academic / Nonacademic पाठ्यक्रमहरू पनि सञ्चालनमा ल्याउनु आवश्यक देखिन्छ ।

उपर्युक्त सुधारहरूबाट संस्कृत शिक्षालाई जनस्तरसम्म लैजाने मार्गमा केही सहयोग पुग्नुका साथै यस विद्याका शिक्षित जनशक्तिले आजको यस प्रतिस्पर्धात्मक युगमा आफूलाई स्थापित गर्न सफल हुनेछन् भन्ने आशा लिन सकिन्छ ।

(लेखक नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति हुनुहुन्छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको संस्कृत नाटकपरम्परा र प्रवृत्ति

-प्रा.डा.वेणीमाधव ढकाल
पूर्वकार्यकारीनिर्देशक, ने.सं.वि.

विषय प्रवेश

नेपालमा संस्कृत नाटकपरम्पराको श्रीगणेश पौराणिककालदेखि नै भयो र उत्तरोत्तर विकास पनि। विकासको गतिअनुसार तिनमा प्रवृत्तिगत साम्य एवं वैषम्य पनि देखापर्छ। यस विचारपत्रमा नेपालका विभिन्न कालखण्डमा रचिएका संस्कृतनाटकहरूको परम्परा तिनको प्रवृत्ति केलाउने सन्दर्भमा पूर्वपीठिकामा संस्कृत नाटकपरम्पराको सङ्क्षिप्त परिशीलन गरिएको छ भने उत्तरपीठिकामा नेपालको संस्कृत नाटकपरम्परा र नेपालका संस्कृत नाटकहरूको प्रवृत्ति शीर्षकहरूमा केन्द्रित रहेर विचार गरिएको छ।

पूर्वपीठिका

१.संस्कृत नाटकपरम्परा

१.१आविर्भाव

नेपालको संस्कृत नाटकपरम्परालाई राम्ररी बुझ्न संस्कृत नाटकपरम्पराको सामान्य बोध आवश्यक हुने हुँदा सर्वप्रथम संस्कृत नाटकपरम्परामा शीर्षकमा संस्कृत नाट्यविधाको आविर्भाव, स्वरूप, रङ्गविधान, प्रयोजन, महत्व र परम्पराको विषयमा संक्षेपमा चर्चा गरिँदै छ।

संस्कृत नाट्यससाहित्यको परम्परा परिस्थितिवश कहिले द्रुत र कहिले मन्दगतिमा अपरिमित कालखण्ड पार गर्दै अविच्छिन्न रूपमा प्रवाहित छ। यसको परम्पराको थालनी कहिलेदेखि भयो भन्ने प्रश्नको उत्तर सजिलो छैन। लोकपितामह ब्रह्माले ऋग्वेदवाट पाठ्य, सामवेदबाट संगीत, यजुर्वेदबाट अभिनय र अथर्ववेदबाट रस आहरण गरी नाटकको विस्तार गरेको प्रसङ्ग नाट्यशास्त्रमा चर्चित छ -

जग्राह पाठ्यमृग्वेदात् सामभ्यो ज्ञानमेव च
यजुर्वेदादभिनयं रसान् आथर्वणादपि ।(ना.शा.१।१७)

अभिनयदर्पण अनुसार नाटकीय अभिनयको शुभारम्भ देवसभामा पऱ्यो। उक्त अवसरमा क्रमश: असुरपराजयनाटकम्, अमृतमथननाटकम् र त्रिपुरदाहनाटकम्को प्रदर्शन गरिएको थियो (अभिनयदर्पण, देवदत्तशास्त्री,पृ.६)। पद्मपुराणमा सर्वप्रथम नाट्शास्त्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणेता भरतले देवताहरूको प्रीतिका लागि लक्ष्मीस्वयंवरनाटकम्को प्रदर्शन गराएका थिए भनिएको छ (पद्मपुराण ४।१२।८१)।

माथिका भनाइहरूमा एकरूपता नभएपनि संस्कृत नाटकको परम्परा साह्रै प्राचीन हो भन्ने कुरामा उक्त भनाइहरूको आशय एकैरूपको रहेको छ। इन्द्रमरुत्संवाद, विश्वामित्रनदीसंवाद,यमयमीसंवाद, पुरूरवाउर्वशी संवाद आदि ऋग्वेदीय संवादहरूले पनि संस्कृत नाटकको उत्पत्ति वेदमूलक हो भन्ने प्रमाणित गर्दछन्। वेदपछि देखिएका रामायण, महाभारत, पाणिनिको अष्टाध्यायी, हरिवंशपुराण, पद्मपुराण आदिमा गरिएको नाटकीय तत्वहरूको चर्चावाट पनि संस्कृत नाट्यकारिताको परम्परा ज्यादै प्राचीन हो भन्ने कुरा प्रमाणित हुन्छ।

१.२ स्वरूप

संस्कृत नाटकपरम्पराको अनुशीलनको अवसरमा नाट्यशास्त्रमा निर्दिष्ट रूपकहरूको स्वरूपचर्चा पनि सान्दर्भिक हुनआउँछ। सरस वाक्यार्थलाई दर्शकसामु पुऱ्याउने प्रयोगलाई अभिनय भनिन्छ। आङ्गिक, वाचिक,आहार्य र सात्विक अभिनयको प्रयोजक नाट्यकृतिलाई रूपक र उपरूपक भनिन्छ। रूपक दश प्रकारका मानिएका छन्-

नाटकमथ प्रकरणं भाणव्यायोगसमवकारडिमाः।
ईहामृगाङ्कवीथ्यः प्रहसनमिति रूपकाणि दश ॥(काव्यदीपिका पृ.८६)

अर्थात् नाटक, प्रकरण, भाण, व्यायोग,समवकार,डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन गरी रूपकका दश भेद छन्। त्यसैगरी साहित्यदर्पण आदि ग्रन्थहरूमा नाटिका, त्रोटक, गोष्ठी, सट्टक,नाट्यरासक, प्रस्थान, उप्लाप्य,काव्य, प्रेङ्खण, रासक, संलापक, श्रीगदित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकरणी, हल्लीश र भाणिका गरी उपरूपकका १८ भेद मानिएका छन्। जस्तै-

नाटिका त्रोटकं गोष्ठी सट्टकं नाट्यरासकम्
प्रस्थानोपल्लाप्यकाव्यानि प्रेङ्खणं रासकं तथा ॥
संलापकं श्रीगदितं शिल्पकञ्च विलासिका
दुर्मल्लिका प्रकरणी हल्लीशो भाणिकेति च ॥(सा.द.६।४-६)

यद्यपि अहिले नाटक भन्नाले ती सबै थरिका रूपक र उपरूपकको बोध हुन्छ तापनि तिनमा परस्पर सूक्ष्म र स्थूल भेद हुन्छन्। तिनलाई तलका तालिकाहरूबाट राम्ररी बुझ्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपबोधक तालिका

क) रूपक

नाम	कथास्वरुप	रस	अङ्ग-सीमा	नायक, नायिका, पात्र
नाटक	पुरुषार्थचतुष्टयकेन्द्रित, समृद्धि र विलासद्वारा अनुप्राणित एवं राजर्षिवंशचरित आदिमा आधारित प्रख्यात कथावस्तु	वीर/श्रृङ्गार	५-१०	प्रख्यात एवं उदात्त नायक, कुलजा नायिका र कथावस्तु अनुसार पात्रयोजना
प्रकरण	कल्पित कथावस्तु, अन्य विषय नाटकसरह	श्रृङ्गार	५-१०	कल्पित नायक, नायिका
भाण	धूर्तचर्याप्रधान, उत्पाद्य कथावस्तु	वीर/श्रृङ्गार	१	कल्पित, विट एवं नायिका
व्यायोग	इतिहासप्रसिद्ध कथा	वीर/श्रृङ्गार/शान्त मध्ये कुनै एक	१	प्रख्यात धीरोदात्त राजर्षि अथवा दिव्य नायक र त्यस्तै नायिका
समवकार	देवता वा असुरसँग सम्वद्ध पौराणिक कथामा आधारित, तीन श्रृङ्गार, तीन कपट र तीन उपद्रवसँग सम्वद्ध १२ घडीभित्र अभिनय गर्न सकिने कथावस्तु	वीर/श्रृङ्गार	३	देवता अथवा मनुष्य वर्गका १२ वटा नायक र केही नायिका
डिम	प्रख्यात ऐतिहासिक घटनामा आधारित, माया, इन्द्रजाल, संग्राम क्रोध, उन्मत्तचेष्टा आदिवाट अनुप्राणित कथावस्तु	अङ्गी रस रौद्र, अङ्ग रस शान्त, श्रृङ्गार, हास्यवाहेक अन्य	४	देवता, गन्धर्व, राक्षस, महानाग, भूत,प्रेत, पिशाच आदि जातिका १६ वटा नायक र आवश्यक नायिका एवं कथावस्तुअनुसार पात्रयोजना
इहामृग	पौराणिक, ऐतिहासिक वा कल्पित इतिवृत्त, जहाँ अनासक्त दीव्य नायिकाप्रति प्रतिनायकको आसक्ति देखाइएको हुन्छ	श्रृङ्गाराभास एवं रौद्र	४	प्रसिद्ध धीरोदात्त, मनुष्य अथवा देवता नायक, प्रच्छन्न रुपमा पाप गर्ने प्रतिनायक र अन्य पात्रहरु कथावस्तुअनुसार
अङ्ग अथवा उत्सृष्टाङ्ग	प्रख्यात कथावस्तुमा कविको कल्पनाद्वारा प्रस्तार गरिएको हुन्छ, अरु विषय भाण रुपकसरह हुन्छन्	करुण	१	नायक साधारण पुरुष, साधारण प्रकृतिका नायिकाहरु एवं पात्रहरु तथा नारीपात्रको वाहुल्य
वीथी	कल्पित कथावस्तु, उक्ति-प्रत्युक्तिको वाहुल्य	आकाशभाषितद्वारा श्रृङ्गाररसको संसूचन	१	दिव्य वा प्राकृतमध्ये कुनै एक नायक, त्यस्तै नायिका र अन्य पात्रको अभाव
प्रहसन	निन्दनीय पुरुषहरुको विषयमा आधारित कल्पित कथावस्तु	हास्य	१ अथवा	तपस्वी, 'संन्यासी वा ब्राह्मणवर्गको धृष्ट नायक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख)उपरूपक

नाम	कथास्वरुप	रस	अङ्ग-सीमा	नायक, नायिका, पात्र
नाटिका	कविकल्पित	श्रृङ्गार	४	धीरललित राजा नायक, राजवंशोत्पन्न अनुरक्त कन्या नायिका र कथावस्तुअनुसार पात्रयोजा
त्रोटक	देवता वा मनुष्यमा आश्रित पौराणिक वा ऐतिहासिक कथावस्तु जहाँ हरेक अङ्गमा विदूषकको उपस्थिति हुन्छ	श्रृङ्गार	५,७,८,९ संख्याम ध्ये कुनै एकमा आधारित	दिव्य मनुष्य जातिको नायक, तदनुसार नायिका र आवश्यक पात्रहरु
गोष्ठी	कविकल्पित कथावस्तु जो उदात्त भावनाले रहित हुन्छ	श्रृङ्गार	१	मनुष्यवर्गका नायकनायिका र ९ वा १० पात्रहरुको योजना
सट्टक	कविकल्पित कथावस्तु जो प्राकृत आदि लोकभाषामा निवद्ध हुन्छ	अद्भूत	४	धीरललित मनुष्य नायक, त्यस्तै नायिका र कथावस्तु अनुसार पात्रयोजना
नाट्यरासक	कविकल्पित नृत्यप्रधान कथावस्तु	हास्यपोषित श्रृङ्गार	१	उदात्त नायक, वासकसज्जिका नायिका र आवश्यक पात्र
प्रस्थान	कविकल्पित, निम्नस्तरीय जीवनसँग सम्वद्ध, नृत्यवहुल र सुरापानमा अभिनय समाप्त भएको देखाइने कथावस्तु	श्रृङ्गार	२	दास नायक, दासी नायिका, दासानुदास उपनायक र त्यस्तै पात्रहरु
उल्लाप्य	दिव्य प्रकृतिमा आश्रित पौराणिक कथावस्तुको आधारमा गरिने अभिनयमा धेरै पटक संग्रामको दृश्य देखाइन्छ र गर्भगृहबाट मधुर गीत सुनाइन्छ	हास्य, करुण एवं श्रृङ्गार	१	दिव्य एवं उदात्त नायक, गुणवती चार नायिका र आवश्यक पात्र
काव्य	कविकल्पित कथावस्तु	हास्य	१	उदात्त नायक एवं नायिका
प्रेङ्खण	कविकल्पित कथावस्तु, दृश्यहरुमा सूत्रधार, विष्कम्भक र प्रवेशकको अभाव	वीर	१	नीच जातिको नायिका र त्यस्तै नायिका
रासक	कविकल्पित कथावस्तु	हास्य	१	सूत्रधारसहित पाँच जना पुरुषपात्रको उपस्थिति
संलापक	लोककथा र कविकल्पनामा आधारित	श्रृङ्गार र करुणवाहेक कुनैपनिरस	३ अथवा ४	निम्न वर्ग र नीच प्रकृतिका नायक एवं पुरुषपात्रहरु
श्रीगदित	इतिहासप्रसिद्ध कथावस्तु	श्रृङ्गार	१	प्रसिद्ध नायक एवं नायिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिल्पक	कविकल्पित कथावस्तु, जसमा श्मशान आदि स्थलहरुको वर्णन रहेको हुन्छ	शान्त एवं हास्य वाहेक अन्य रस	४	ब्राह्मण नायक र तदनुकूल अन्य पात्रहरुका योजना र नीच उपनायक
विलासिका	कविकल्पित र विलासप्रधान जीवनमा आधारित कथावस्तु	श्रृङ्गार	१	नारीपात्रको वाहुल्य, विदूषक, विट र पीठमर्दको उपस्थिति
दुर्मल्लिका	नागरिक जीवनमा आधारित कथावस्तु	हास्य	४	निम्नवर्गको नायक र नागरिक पात्रहरुको योजना
प्रकरणी	कविकल्पित कथावस्तु	श्रृङ्गार		व्यापारी नायक र त्यस्तै नायिका
हल्लीश	इतिहास प्रसिद्ध नृत्य, गीत एवं वाद्यको योजना भएको कथावस्तु	श्रृङ्गार	१	७, ८ अथवा १० नायिका र अन्य आवश्यक पात्रहरुको योजना
भाणिका	कविकल्पित कथावस्तु	हास्य	१	उदात्त कुलकी नायिका र मध्यम कुलको नायक, कथानुसार पात्रयोजना

रूपक एवं उपरूपकहरूमा देखिने पारस्परिक भेदको कारकतत्व कथावस्तु, पात्रस्वभाव, रसयोजना, अङ्कविन्यास, सन्धियोजना र वृत्तिनिर्वाह आदिमा देखापर्ने अन्तर र तारतम्य पनि हो । जस्तै - नाटक र प्रकरणको गुणवत्तामा कत्ति फरक हुँदैन तर नाटकको कथावस्तु आधिकारिक हुन्छ भने प्रकरणको कविकल्पित । आधिकारिक कथावस्तुका कारण अभिज्ञानशाकुन्तलम्लाई नाटक भनियो भने कविकल्पित कथावस्तुका कारण भवभूतिको मालतीमाधवम्लाई प्रकरण शब्दबाट सम्वोधन गरियो ।

हाल नेपाली आदि भाषाहरूमा प्रचलित एकाङ्की शब्दको पौरस्त्य नाट्यशास्त्रमा एकाङ्कीकै नामवाट चर्चा गरिएको पाइँदैन तर रूपक एवं उपरूपकहरूमध्ये एक अङ्क हुने व्यायोग, अङ्क, भाण, वीथी, प्रहसन, नाट्यरासक, गोष्ठी, उल्लाप्य, काव्य, रासक, श्रीगदित, विलासिका, हल्लीश, भाणिका र प्रेङ्खणलाई प्रकारान्तरबाट एकाङ्की नै मान्नुपर्छ । उक्त रूपक एवं उपरूपकहरूको अभिनयका लागि प्राचीनकालदेखि नै रङ्गशालाको व्यवस्था भएको तथ्य नाट्यशास्त्रजस्ता ग्रन्थहरूले प्रमाणित गर्दछन् ।

१.३ रङ्गविधान

लक्षणशास्त्रहरूमा रङ्गशालाका रङ्ग, रङ्गमञ्च, रङ्गस्थली, नाट्यशाला, नाट्यमण्डप, नाट्यमन्दिर र प्रेक्षाभवनजस्ता नामान्तर पाइन्छन् । स्वरूपका दृष्टिवाट उत्तम, मध्यम र अवर रङ्गशालाहरूको विस्तृत निरूपण भएको छ । नाट्यशास्त्रमा उत्तम रङ्गशालालाई विकृष्ट, मध्यमलाई चतुरस्र एवं अवरलाई त्र्यस्र भनिएको छ । उत्तम, मध्यम र अवर रङ्गशालाहरूको निर्माण गर्दा क्रमशः १०८, ६४,३२ हातको परिमाण हुनुपर्ने कुरा निर्धारित गरिएको छ । प्रयोगका दृष्टिले उत्तम रङ्गशाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरूका लागि, मध्यम राजाहरूका लागि र अवर सर्वसाधारणका लागि उपयोगी हुने कुरा विधान गरिएको छ ।

नाट्यशास्त्रका विशेषज्ञहरूले ६४ हात लम्बाइ र ३२ हात चौडाइको क्षेत्रफलमा निर्मित, २ वटा ढोका र ४ वटा ठूलाठूला स्तम्भ भएको रंगशाला मञ्चनका लागि उपयोगी हुने कुरा बताएका छन् । ६४ हातको रङ्गशालालाई ३२-३२ हातका दुई भागमा विभाजन गरी ३२ हातको पहिलो भागलाई पनि १६ -१६ हातले छुट्याउनुपर्दछ । त्यसको पछाडिको भागमा नेपथ्यगृह र अगाडिको भागमा रङ्गशीर्षको व्यवस्था गर्नुपर्दछ । बाँकी ३२ हातको दोस्रो भाग र पात्र र पात्रीहरूको उपयोगार्थ राखिनुपर्ने विधान गरिएको छ । साथै रङ्गशालामा रङ्गगृह (स्टेज) का सम्पूर्ण क्रियाकलाप सजिलै हेर्न सकिने ३२ हात लामो र ३२ हात चौडा दर्शकदीर्घाको व्यवस्था गर्नुपर्ने कुरा पनि बताइएको छ ।

नाटकप्रदर्शनभन्दा पहिले निर्विघ्नताको लागि रङ्गशालामा गरिने देवस्थापना एवं पूजन, जर्जरपूजन, हवन, कुम्भभेदन र दीपप्रज्वालनजस्ता क्रियाकलापको लागि आफ्नै किसिमको सांस्कृतिक महत्व छ । प्राचीनकालदेखि नै यस्तै विधिबाट निर्माण गरिएका रङ्गशालाहरूमा भास, कालिदास, भवभूति, विशाखदत्त, शूद्रक आदि मनीषीहरूद्वारा रचिएका संस्कृत नाटकहरूको अभिनयात्मक प्रयोजबाट भारतीय उपमहाद्वीपका नरनारीहरूले मनोरञ्जन, आनन्द र मार्गदर्शन प्राप्त गरेर आफूलाई कृतकृत्य तुल्याएको तथ्य कसैबाट लुकेको छैन ।

१.४ उद्देश्य

रङ्गविधानको छोटो चिनारी पछि नाट्यविधाको प्रयोजनबारे चर्चा गर्नु आवश्यक हुनआउँछ । नाट्शास्त्रकार भरतले भनेका छन् - दुःखार्त, श्रमार्त, शोकार्त र तपस्वीहरूका लागि विश्रान्ति दिने, धर्म र यश प्रदान गर्ने, मानवमात्रको हित गर्ने, तुष्टि दिने र असल कुराको उपदेश गर्ने यो नाट्यविधा जगत्मा प्रचलित हुनेछ । जस्तै -

दुःखार्तानां श्रमार्तानां शोकार्तानां तपस्विनाम् ।
विश्रान्तिजननं लोके नाट्यमेतद् भविष्यति ॥
धर्म्यं यशस्यमायुष्यं हितं तुष्टिविवर्धनम् ।
लोकोपदेशजननं नाट्यमेतद् भविष्यति ॥ (ना.शा. १।१४-१५)

यस्तै अनेक उद्देश्य राखेर प्रवर्तित संस्कृत नाट्यविधा अन्तर्गतका विविध रूपक एवं उपरूपकहरूको स्वरूप र प्रयोजका विषयमा पुराणहरूमा पनि चर्चा गरिएको छ । वाल्मीकि रामायणमा 'नट नर्तक र गायकहरूको श्रुतिमधुर समवेत स्वर सुनेर दर्शकहरू आनन्दित भएका थिए' भनिएको छ । यसबाट पनि प्राचीन समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसानुभूतिजनित आनन्द र मनोरञ्जनका लागि नृत्य, संगीत एवं अभिनयको उपयोग गरिने कुरा प्रमाणित हुन्छ ।

१.५ महत्व

आबालवृद्ध वनिता सबैलाई समानरूपमा आनन्दित तुल्याउन, मनोरञ्जन दिन र उनीहरूको हृदयपरिवर्तन गर्न सक्षम यो विधा ज्ञान, विज्ञान, विद्या, कला, योग र कर्मयोगद्वारा अनुप्राणित छ । जस्तै -

न तज्ज्ञानं न तच्छिल्पं न सा विद्या न सा कला
न स योगो न तत्कर्म नाट्येऽस्मिन् यन्न विद्यते ।
(ना.शा.१९।१२२)

नाटकको अवलोकन गर्दा रङ्गमञ्चको वातावरण, पात्रहरूको आङ्गिक, वाचिक, आहार्य एवं सात्विक अभिनय तथा क्रियाव्यापारबाट हृदयहीन व्यक्तिले पनि सहृदय दर्शकले झैँ अलौकिक आनन्द लाभ गर्दछ । यसै कारण नाटकहरू लोकप्रिय हुन्छन् र महत्वपूर्ण पनि ।

१.६ परम्परा

संस्कृत नाट्यसाहित्यको परम्परा ज्यादै पुरानो भए पनि ई.पू. ४००अघि जन्मिएका मानिने नाट्यकार भास प्रथम प्रामाणिक नाटककार हुन् । यिनका १२ नाटकहरूमध्ये प्रतिमानाटकम् र स्वप्नवासवदत्तम् प्रसिद्ध छन् । भास पछि मालविकाग्निमित्रम्, विक्रमोर्वशीयम् र अभिज्ञानशाकुन्तलम्का स्रष्टा कालिदासको नाम आउँछ । यिनको अभिज्ञानशाकुन्तलम् विश्वप्रसिद्ध भएको तथ्य मनीषीहरूबाट लुकेको छैन ।

सामाजिक परिवेशको यथार्थ चित्रणमा आधारित नाट्यकृति मृच्छकटिकम्का स्रष्टा शूद्रक, उत्तररामचरितम् आदि नाटकहरूका स्रष्टा महाकवि भवभूति, बालरामायणम् आदि नाटकहरूका स्रष्टा राजशेखर, राजनीतिक विषयवस्तुमा आधारित उच्चकोटिको कृति मुद्राराक्षसनाटकम्का स्रष्टा विशाखदत्त, वेणीसंहारनाटकम्जस्तो ओजस्वी नाट्यकृतिका रचयिता भट्टनारायण आदि मनीषीहरूद्वारा पल्लवित संस्कृत नाटकपरम्परा गुणवत्ता र संख्या दुवै दृष्टिबाट विशाल एवं अनुपम छ । हजारौं नाट्यकृतिहरूद्वारा समृद्ध यो विधा, देश, काल, परिस्थितिअनुसार काँचुली फेर्दै आज पनि भारतीय उपमहाद्वीपमा अव्याहत गतिमा प्रवाहित भइरहेको छ । यहाँनेर सुदूर अतीत कालदेखि अखण्डरूपमा प्रवाहित र व्यापक यस संस्कृत नाट्यपरम्पराकै उर्वर धरातलमा नेपालको संस्कृत नाटकपरम्परा फक्रिएको तथ्य अविस्मरणीय छ ।

उत्तरपीठिका

१. नेपालको संस्कृत नाटकपरम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.१ पौराणिककालदेखि लिच्छविकालसम्म

नेपालमा प्राचीन समयमा पनि नाट्यविधाको रचना र अभिनयमा स्रष्टाहरू समर्पित थिए भन्ने तथ्य हरिसिद्धिपुराण र वाल्मीकीय रामायणबाट प्रमाणित हुन्छ। सीताको स्वयंवर मुहूर्तमा राजा जनकले जनकपुरमा कलाकारहरूद्वारा नृत्य, गीत, संगीत, अभिनयको आयोजना गराएर विभिन्न देशबाट आएका राजकुमारहरूलाई मनोरञ्जन प्रदान गरेका थिए भने कुरा रामायणबाट ज्ञात हुन्छ। गहिरिएर भन्नुपर्दा नेपालमा पुराणकालदेखि नै संस्कृत नाट्यविधाको प्रणयन र प्रयोग हुँदै आइरहेको छ भन्न सकिन्छ।

किरातकालमा नाटकहरूको रचना र अभिनयबारे कुनै प्रमाण भेटिदैंन। त्यसपछि २०० भन्दा बढी शिलालेखद्वारा प्रमाणित लिच्छविकालमा पनि नाटकहरूको सृजन भएनभएको विषयमा किटेर भन्न केही सकिँदैन तर त्यसबेला नेपालमा नाटकहरूको अभिनय हुने गरेको कुरा भने अभिलेखहरूबाट प्रमाणित भएको छ। लिच्छविकालिक हाँडिगाउँको अंशुवर्माको अभिलेखमा प्रयुक्त **नान्दीशङ्खवादयोः - २५** पदद्वारा नान्दी र शङ्खवादलाई भनेर २५ पुराण धनराशि छुट्याएको तथ्य प्रतीत हुन्छ। (लिच्छवीकालका अभिलेख पृष्ठ ३०२)

जयदेव द्वितीयको पशुपति अभिलेखमा रहेको **कीर्ण्णा किं भूतिरेषा सपदि पशुपतेर्नृत्यतोऽत्र प्रकामम्** (लिच्छवीकालका अभिलेख पृ.५५०) यस वाक्यमा निहित पशुपतिनृत्य शब्द र चाँगुनारायणको मानदेवको अभिलेखमा प्रयुक्त मानदेव र उनकी आमाको संवादले पनि त्यसबेला नाटकहरूको अभिनय एवं नृत्य हुने कुरा प्रमाणित हुन्छ।

सूर्यघाटको विजयावतीको अभिलेखमा परेको **वीणानिनादमधुरस्वरवल्गुवाक्या** (लिच्छविकालका अभिलेख पृ.८२) वाक्यबाट मानदेवकी पटरानी भोगिनी वीणाको निनादजस्तै मीठो स्वरकी धनी थिइन् भन्ने अर्थबोध हुन्छ र त्यसमा रहेको **वीणानिनाद** शब्दले लिच्छविकालमा वीणा आदि वाद्यहरूको प्रचलन रहेको कुरा पुष्टि हुन्छ। त्यसैगरी जयदेवको नक्साल नारायणचौरको अभिलेखमा **प्रेक्षणमण्डली** (लिच्छविकालका अभिलेख, पृ ५६४) शब्दको प्रयोग भएको छ। यसबाट लिच्छविकालमा नाटक हेर्न आउने दर्शकहरूका लागि दर्शकदीर्घाको व्यवस्था गरिन्थ्यो भन्ने अड्कल गर्न सकिन्छ।

१.२ मल्लकाल

किरातकालपछि नेपालमा चलेको लिच्छविशासन(५२१-७९२) सुव्यवस्थित गतिशील साहित्य, कला एवं उद्योगको दृष्टिबाट समृद्ध थियो। वि.सं. ७९२ देखि आरम्भ भएको संक्रान्तिकालमा शासन गर्ने सूर्यवंशी, वैश्य, ठकुरी एवं राजवंशीहरूमाथि आक्रमण गरी मल्लहरू शासनमा आएका हुन्। नेपालमा वि.सं १२५७ देखि मल्लहरूको शासन आरम्भ हुन्छ। यसको अवसान वि.सं.१८२६ मा भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल शासनकाल साहित्यिक विकासका दृष्टिबाट ज्यादै उदाहरणीय रह्यो। ५५० भन्दा बढी वर्षमा आधारित यो कालखण्ड काठमाडौं उपत्यकाको संस्कृति, सभ्यता, राजनीति, अर्थनीति र सामाजिक गतिविधिको समुत्थानको दृष्टिबाट हेर्दा अनुपम र साहित्य, संगीत एवं कलाको जागरण तथा विकासका कारण चिरस्मरणीय वनेको छ।

मल्लकालीन राजाहरू स्वयं साहित्यस्रष्टा थिए र स्रष्टाहरूका संरक्षक पनि । उनीहरू आफै नाटक लेख्थे, लेखाउँथे र कलाकारहरूको सुरक्षा एवं सम्मान पनि गर्थे। त्यस बेला ठाउँ ठाउँमा संगठित नाटक मण्डलीले सरकारी संरक्षण पाएका थिए। त्यसकारण मल्लकालमा नाट्यविधाको अपूर्व संवर्धन भयो र अभिनयात्मक प्रवृत्तिको विकास पनि।

संस्कृतनाटकहरूभित्र संवाद र गीतका रूपमा हिन्दी, मैथिली, नेवारी, भोजपुरीजस्ता भाषाहरूको उपयोग गर्ने मल्लकालीन जनकवि तथा राजकविहरूको भाषिक उदारताले पनि नाट्यविधाको विकासमा टेवा दिएको महशुस गर्न सकिन्छ। रूपक र उपरूपकका भेद मल्लकालमा धेरै लेखिए र मञ्चन पनि गरिए। ती आज पनि हाम्रा अभिलेखागारहरूमा सुरक्षित छन् र केही प्रकाशित पनि भइसकेका छन्। क्रमशः तिनको उल्लेख गर्नु सान्दर्भिक हुनआउँछ।

क) **भक्तपुरराज्य**

धर्म मल्ल (वि.सं १२५७-१२५९)द्वारा लेखिएको बुद्धचरित्रम्नाटकलाई प्रामाणिक रूपमा मल्लकालको प्रथम नाटक मान्नुपर्दछ।

जयार्जुनदेव (वि.सं १४२०-१४३३) का पाला धर्मदत्तद्वारा प्रणीत रामाङ्कनाटिका, रामाभिषेकनाटकम् र रामायणनाटकम् गरी तीनवटा कृति उपलब्ध छन्।

जयस्थिति मल्ल (वि.सं १४३७-१४७९) को शासनकालमा जयस्थिति मल्ल आँफैले चतुरङ्करामायणनाटकम्, माणिकले भैरवानन्दनाटकम् एवं राघवानन्दनाटकम् र ज्योतिरीश्वरले धूर्तसमागमनाटकम् लेखेका थिए।

यक्ष मल्ल (वि.सं १४८६-१५३९) को शासनकालमा हिरण्य मल्लरचित पाण्डवविजयनाटकम् मात्र उपलब्ध छ।

राय मल्ल (वि.सं १५३९-१५५३) को शासनकालमा मणि नागराजले रचना गरेको चतुरङ्कनाटकम् मात्र उपलब्ध छ।

विप्र मल्ल(विश्व मल्ल)(वि.सं १६०२-१६१७) द्वारा रचित विद्याविलापनाटकम् मात्र प्राप्त भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रैलोक्य मल्ल (वि.सं १६१७-१६४२) ले रचित कृष्णचरित्रनाटकम् र काशीविजयनाटकम् गरी दुई नाटक उपलब्ध छन्।

जगज्योतिर्मल्ल (वि.सं १६४२-१६७८)को शासनकालमा उनैद्वारा रचित हरगौरीविवाहनाटकम्, कुञ्जविहारनाटकम् र मुदितकुवलयाश्वनाटकम् गरी तीनवटा नाटक र वंशमणिरचित गीतदिगम्बरनाटकम् उपलब्ध छन्।

जगत्प्रकाश मल्ल (वि.सं १६८८-१७२८) ले रचना गरेका मदनचरितनाटकम्, मलयगन्धिनीनाटकम्, उषाहरणनाटकम्, नलीयनाटकम्, पारिजातहरणनाटकम् र प्रभावतीहरणनाटकम् गरी छवटा नाटक रहेका छन्।

जितामित्र मल्ल(वि.सं १७२८-१७५२) को शासनकालमा यिनैले रचेका अश्वमेधनाटकम्, जैमिनिभारतनाटकम्, मदालसाहरणनाटकम्, गोपीचन्द्रनाटकम्, पशुपतिप्रादुर्भावोपाख्याननाटकम् र गीतगोविन्दकम् गरी छ वटा र विद्यापतिसुतद्वारा रचित कालीयमथनोपाख्याननाटकम् रहेका छन्।

भूपतीन्द्र मल्ल (वि.सं १७५२-१७८८) ले रचना गरेका उषाहरणनाटकम्, कोलासुरवधोपाख्याननाटकम्, गोपीचन्द्रोपाख्याननाटकम्, जैमिनिभारतनाटकम्, पद्मावतीनाटकम्, पशुपतिप्रादुर्भावनाटकम्, जालन्धरोपाख्याननाटकम्, माधवानलनाटकम्, मूलदेवशशिदेवोपाख्याननाटकम्, रुक्मिणीपरिणयनाटकम्, विक्रमचरितनाटकम्, विद्याविलापनाटकम्, श्रीखण्डचरितनाटकम्, गौरीविवाहनाटकम्, मुदावतीहरणनाटकम्, कंसवधोपाख्याननाटकम्, स्यमन्तकोपाख्याननाटकम्, रामायणनाटकम्, सतीवियोगनाटकम्, नलचरित्रनाटकम् र महाभारतनाटकम् गरी २१ वटा नाटकहरू रहेका छन्।

रणजित मल्ल (वि.सं १७८० १८२६)को शासनकालमा उनैद्वारा लेखिएका उषाहरणनाटकम्, अन्धकासुरवधोपाख्याननाटकम्, इन्द्रविजयनाटकम्, कृष्णकैलाशयात्रोपाख्याननाटकम्, कृष्णचरितोपाख्याननाटकम्, कोलासुरवधोपाख्याननाटकम्, खट्वासुरवधोपाख्याननाटकम्, चन्द्राङ्गदोपाख्याननाटकम्, जलशायिविष्ण्वादिसृष्ट्युपाख्याननाटकम्, दिक्पालगणेशोपाख्याननाटकम्, पृथूपाख्याननाटकम्, ययात्युपाख्याननाटकम्, गोरक्षोपाख्याननाटकम्, मान्धात्रुपाख्याननाटकम्, सुब्रह्मण्योपाख्याननाटकम् तथा नलचरित्रनामनाटकम् रहेका छन्। यसै समयमा शुभराजले पाण्डवविजयनाटकम् तथा रूपमञ्जरीपरिणयनाटकम् काशीनाथले रामायणनाटकम् र धनपतिले माधवानन्दनाटकम् लेखेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख) पाटन राज्य

सिद्धिनरसिंह मल्ल (वि.सं १६७७-१७१४) ले रचना गरेका गोपीचन्द्रनाटकम् र हरिश्चन्द्रनृत्यम् गरी दुई वटा कृति उपलब्ध छन् । श्रीनिवास मल्ल (वि.सं १७१४-१७४०) ले रचेको ललितकुवलयाश्वनाटकम् उपलब्ध छ ।

ग) काठमाडौँ राज्य

भूपालेन्द्र मल्ल (वि.सं १७४४-१७५४) द्वारा रचित नलचरित्रनाटकम् उपलब्ध छ । जगज्जय मल्ल (वि.सं १७८५-१७९३)ले रचेका अभिनवप्रबोधचन्द्रोदयनाटकम्, चन्द्रोदयनाटकम् र मूलदेवशशिदेवोपाख्याननाटकम् गरी तीनवटा नाटक उपलब्ध छन् ।

यसरी समग्ररूपमा हेर्दा मल्लकालमा सानाठूला गरी ८० वटा संस्कृत नाटकहरूको रचना गरिएको पाइन्छ तर त्यस बेला लेखिएका अरु नाटकहरू पनि हुनसक्छन् जो अनुसन्धाताको हात परेका छैनन् ।

स्वरूप, विषयवस्तु, भाषा र शैलीका कारण उत्कृष्ट कोटिमा गन्न सकिने मल्लकालिक नाट्यकृतिहरूमा पाण्डवविजयनाटकम्, अभिनवप्रबोधचन्द्रोदयनाटकम्, महीरावणवधनाटकम्, हरगौरीविवाहनाटकम् एवं रामाङ्कनाटिकाजस्ता केही नाटकहरूलाई लिन सकिन्छ । निष्कर्षका रूपमा भन्नुपर्दा नाटकको रचना र प्रयोगका दृष्टिले हेर्दा मल्लकाललाई संस्कृत नाट्यविधाको **स्वर्णकाल** भन्नु एकदमै उपयुक्त हुन्छ ।

१.३ शाहकाल

नेपालमा शाहवंशीय राजाहरू सत्तामा आएपछि रणवहादुर शाहको समयमा आएर मात्र संस्कृत नाटक लेखिए । रणवहादुर शाहकै राजपुरोहित शक्तिवल्लभ अर्यालले मल्लकालकै नाट्यपरम्परालाई नयाँ मोड दिँदै हास्यकदम्बकम् र जयरत्नाकरनाटकम्जस्ता इतिहासप्रधान संस्कृत नाटक लेखी संस्कृत दृश्यकाव्यको परम्परालाई समृद्ध तुल्याए । त्यसपछि पृथ्वीवीरविक्रम शाहका समयमा नाटककार छविलाल सूरिले नाट्यशास्त्रको नियमानुसार सुन्दरचरितनाटकम् र कुशलवोदयनाटकम् काव्यात्मक शैलीमा लेखी संस्कृत साहित्यको श्रीवृद्धि गरे ।

शक्तिवल्लभको हास्यकदम्बकम् नाटक चार उल्लोलमा लेखिएको छ । यसमा नाटककारले वहादुर शाह र रणवहादुर शाहको संयुक्त प्रयासबाट तत्कालीन नेपालको राज्यविस्तारका साथै शासनप्रणालीलाई सुदृढ तुल्याइएको विषयलाई प्रमुख बनाएर प्रस्तुत गरेका छन् । यसमा हास्यमिश्रित व्यङ्ग्यको माध्यमबाट विषयवस्तुको प्रस्तुतिका साथै राजवंशवर्णन र राजप्रशंसा पनि गरिएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खा राज्यका राजा रणवहादुर शाह एवं उनका संरक्षक बहादुर शाहले राज्यविस्तारको सन्दर्भमा गरेका युद्ध एवं संघर्ष, घटेका घटना र शत्रुविजयलाई प्रमुख विषय बनाएर एघार कल्लोलमा जयरत्नाकरनाटकम् लेखिएको छ।

भरतको नाट्यशास्त्रमा प्रस्तुत नाट्यलक्षणलाई अनुसरण गर्दै पृथ्वीवीरविक्रम शाहका पाला रामायणको सुन्दरकाण्डको विषयलाई आधार बनाएर पं.छविलाल सूरिद्वारा काव्यात्मक शैलीमा सात अङ्को सुन्दरचरितम्नाटक लेखिएको छ। यस नाटकमा सीताको खोजीमा हिँडेका हुनमान्ले समुद्रोल्लंघन गरी लङ्कानगरीमा पुगेर विध्वंस मच्चाएको कुरा काव्यात्मक शैलीमा वर्णन गरिएको छ। त्यसपछि उनले अशोकवाटिकामा पुगेर सीतासँग कुराकानी गरी सीताले दिएको सन्देश र पठाएको चूडामणि लिएर रामलाई बुझाएको वयान गर्दै नाटकलाई टुङ्ग्याइएको छ।

उनको दोस्रो रचना कुशलवोदयम् आठ अङ्कमा पूरा भएको शास्त्रीय लक्षणअनुसार लेखिएको नाटक हो। यसमा रामको उत्तरचरित्र नै प्रमुख कथावस्तुको रूपमा रहेको छ। यसमा धोबीको वचनवाट श्रीरामद्वारा वनमा निर्वासित गरिएकी सीताको कारुणिक चित्र उतारिएको छ। सीताको निर्वासनपछि पश्चा त्तापले पिल्सिएका श्रीराम र निर्जन वनबाट घस्रिँदै पस्रिँदै वाल्मीकि आश्रममा पुगी वाल्मीकिको वात्सल्य र सुरक्षा पाएकी तर दीन एवं विपन्न सीताको स्वरूपचित्रण पनि कम मार्मिक छैन। वाल्मीकि आश्रममा नै सीताको कोखबाट जन्मिएका जुम्ल्याहा छोरा लव र कुशको पालनपोषण तथा शिक्षादीक्षाको वर्णन र वाल्मीकिकै सत्यप्रयासबाट सम्पन्न पुत्रवती सीता एवं श्रीरामको सुमधुर मिलनको चित्रण पनि आकर्षक बन्न पुगेको छ।

१.४ प्रजातन्त्रोत्तर शाहकाल

क) संस्कृत नाटकहरूको प्रणयन

वि.सं २००७ सालको राजनीतिक परिवर्तनपछि साहित्यानुरागी राजा श्री ५ महेन्द्र वीरविक्रम शाहको शासनकालमा साहित्य, संगीत र कलाले फस्टाउने अवसर पाए। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय नाचघरजस्ता संस्थाहरूको स्थापना र नेपाली साहित्यको श्रीवृद्धि पनि भयो । यस बेला संस्कृत नाटकहरूको अभिनयद्वारा संस्कृतभाषाप्रति जनरुचि जगाउने उद्देश्यबाट **संस्कृत नाटक समिति**नामक संस्थको उदय भयो। उक्त समितिका अगुवा प्रा. तोयनाथ पाण्डेय र प्रा. चूडानाथ भट्टरायले पनि आफै पौराणिक एवं सामाजिक नाटक लेखी मञ्चन गराउन थाले। यसै क्रममा प्रा. तोयनाथ पाण्डेयद्वारा लेखिएका संस्कृत एकाङ्की नाटकहरू क्रमशः मातृहत्याधारम् र तमसो ज्योतिषि विशेष उल्लेखनीय छन्। उनको अर्को तेस्रो एकाङ्की चक्षुषामन्तरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हालसम्म प्राप्त हुनसकेको छैन । आधुनिक चिन्तन अँगालेर लेखिएको प्रा. चूडानाथ भट्टरायको परिणामनाटकम् युगवोधका दृष्टिले निकै महत्वपूर्ण छ । त्यसपछि वि.सं २०३५ सालमा त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थानद्वारा वाल्मीकि क्याम्पसमा आयोजित नेपाल-जर्मन विद्वत्सम्मेलनका अवसरमा अभिनीत कवि कृष्णप्रसाद घिमिरेको रचना नेपालेश्वरगौरवम् नामक ऐतिहासिक नाटक संस्मरणीय छ । महाभारतमा वर्णित राजसूय यज्ञको कथानकमा आधारित उनकै अर्को नाटक पूर्णाहुतिः पनि उल्लेखनीय छ ।

त्यसपछि प्रा. खेमराज केशवशरणद्वारा कृष्ण र सुदामाको आत्मीयतापूर्ण भेटघाटजस्तो विषयलाई लिएर लेखिएको मित्रसङ्गमम् (वि.सं.२०५०) नाटक काव्यात्मक गुणगरिमाले ओतप्रोत शास्त्रीयशैलीको नाट्यकृतिका रूपमा चर्चित छ ।

ख) संस्कृत नाटकहरूको मञ्चन

उक्त समयखण्डमा संस्कृत नाटक समितिको मातहतमा कैयन संस्कृतका प्रसिद्ध नाटकहरूको मञ्चन भयो । वि.सं २०११ सालमा संस्कृत सम्मेलनको अवसरमा प्रा. चूडानाथ भट्टरायद्वारा रचित परिणामनाटकम्को प्रदर्शन गरियो । वि.सं २०१३ सालमा भारतका प्रथम राष्ट्रपति डा.राजेन्द्रप्रसादको नेपाल आगमनको अवसर पारेर उक्त समितिले मुद्राराक्षसनाटकम्को मञ्चन गऱ्यो ।

नेपालमा भएको प्रथम बौद्ध सम्मलेनमा संस्कृत नाटक समितिद्वारा नागानन्दनाटकम्को प्रदर्शन गरियो । वि.सं २०१५ सालमा तत्कालीन भारतीय राजदूत हरिहर दयाल र उनकी सासू क्षमा रावको प्रेरणा र प्रोत्साहन पाएर संस्कृत नाटक समितिले नयाँ शैलीमा संस्कृत नाटकहरूको मञ्चन गर्दै गयो । क्षमा राव स्वयं संस्कृत नाटक लेखिका थिइन् र उनका नाटकहरू पनि यहाँ मञ्चित भए ।

वि.सं २०१६ सालमा नारायणहिटी राजदरवारमा नै श्री ५ महेन्द्रको प्रेरणा, प्रोत्साहन र रुचिपूर्ण समुपस्थितिमा स्वप्नवासवदत्तम्को मञ्चन सम्मन्न भयो र त्यसै वर्ष सिंहदरवारभित्र रहेको स्वागतगृह रङ्गमञ्चमा स्वप्नवासवदत्तम्को मञ्चन भयो । त्रिभुवन विश्वविद्यालयको सातौं दीक्षान्त समारोहका अवसरमा २०२२ सालमा महेन्द्र पुलिस क्लवमा मालतीमाधवम्को प्रदर्शन गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालिदासीय काव्यसाहित्यभित्र कामवासना र सौन्दर्य चेतनाको अन्तःसम्बन्ध

-प्रा.डा.टीकाराम अधिकारी
अध्यक्ष-साहित्य शिक्षणविभाग, वाल्मीकि विद्यापीठ

१.प्राक्कथन

महाकवि कालिदास वाल्मीकि र व्यासपछिका विश्ववन्द्य महाकवि हुन्। श्रीअरविन्द घोषको भनाईअनुसार वाल्मीकि र व्यासका ग्रन्थहरूमा झैं महाकवि कालिदासका ग्रन्थहरूमा पनि प्राचीन भारतको इतिहास वर्तमान छ किनकि यी ३ महाकविहरू क्रमशः आत्माका नैतिक, मानसिक र पाञ्चभौतिक ३ वटै शक्तिका उदाहरण हुन्। श्रीघोषकै भनाईअनुसार महाकवि कालिदासको समयमा देशमा पैशाचिक भाव फैलिरहेको थियो र यसलाई दबाउन बौद्धमतको सृष्टि भइसकेको थियो। त्यो समय निर्माण र ग्रन्थरचनाहरू नियमवद्ध गर्ने सुअवसरको रूपमा पनि परिचित थियो। जीवन-सौन्दर्यका विषयमा ग्रन्थरचना गर्ने र विलासितालाई प्रोत्साहन दिनु पनि यस समयको एउटा माग थियो। महाकवि कालिदास यसप्रकारको समय र समाजको चित्रकार बनेर संस्कृतसाहित्यको मैदानमा देखापरेका थिए। यसैले उनका काव्यसाहित्यमा महर्षि वात्स्यायनका कामशास्त्रको बढी प्रभाव देखिन्छ। यसैले उनी मूलतः सौन्दर्यवादी कवि हुन् र सौन्दर्यचित्रणपूर्व उनी मानिसका स्वभावजन्य कामवासनाहरूको सटीक चित्र उतार्नतर्फ अग्रसर हुन्छन्। यो हुँदाहुँदै पनि उनी पूर्णरूपमा नास्तिक थिएनन् किनकि उनी शैवमत र वेदान्तदर्शनका अनुरागी थिए। यसैले उनमा वाल्मीकि र व्यासका समाजको विशाल अनुराग पनि थियो। पहिलेका घटनाहरूलाई समसामयिक रूपप्रदान गर्नेजस्ता विलक्षण विषयहरूमा उनी शेक्सपियरबराबर थिए भन्ने गरिएता पनि उनी अन्ततः आध्यात्मिक मनोविज्ञानवादी कवि हुन् र मनोवैज्ञानिक शैलीमा जीवनसौन्दर्यका चेतनाको व्याख्यामा कुशल छन्। मानवमनका अचेतन अवस्थाको चित्रण गरेर उनले जीवनसौन्दर्यको मूल्यनिर्धारण गरेर देखाउँदै कामवासनालाई रसास्वादको आधार मान्ने लक्षणशास्त्रीहरूको मान्यतालाई यथार्थरूप दिएर काव्यहरूमा प्रयोग गरेका छन्। लक्षणशास्त्रीहरू रसास्वादको मुख्य कारण पूर्वजन्म र यस जन्मको संयुक्त संस्कारात्मक वासनालाई मान्दछन् र यसप्रकारको वासना विनाका काव्यपाठकहरू रङ्गमञ्चका काठका मूर्तिझैं नीरस हुन्छन्। मूलतः मानिसको मूलप्रवृत्ति कामवासनामय छ र यही कामतत्वबाट नै सौन्दर्यवोधको चेतनाले जन्म लिन्छ र प्रकृतिवादले प्रश्रय पाउँछ। यसैले महाकवि कालिदासका काव्यहरूमा प्रकृतिचित्रणका साना-ठूला दुवै रूपहरू देख्न पाइन्छन्। प्रकृतिचित्रण विनाको मानवीय जीवन-सौन्दर्यलाई उनी अपूर्ण मान्छन्। मानवसमाजभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनको प्राकृतिक समाज अझ दयालु र सचेत छ। यही प्रकृतिको मानवीकरणशैली नै महाकवि कालिदासको आकर्षणविन्दु हो।

अचेतन पदार्थहरूमा गरिने चेतनवृत्तान्तयोजनाले नै साहित्यसृजनामा सौन्दर्यवृद्धि गर्ने महत्वपूर्ण कार्य गर्दछ। यसैले कालिदासका नायिकाका ओठहरूले कलिला पातहरूको अनुराग पाएर आफ्ना प्रेमीहरूलाई रसपानका लागि आमन्त्रण गर्ने स्पन्दन पाएका हुन्छन् भने त्यस स्पन्दनवाट फूलहरूको मकरन्द पनि रसाइरहेको हुन्छ। नायिकाका स्तनहरू प्रकृतिको सहारामा प्रेमीहरूका अखण्डपुण्यहरूको फल वनेर आस्वादप्रदान गर्न चञ्चल बनेका हुन्छन्।

(क) **पिपासतो ममानुज्ञां ददातीव प्रियाधरः**(शकुन्तलाको ओठले तिर्खाएको म दुष्यन्तलाई रसपान गर्ने आदेश झैं दिन्छ- शाकुन्तल)

(ख) **अखण्डं पुण्यानां फलमिव च तद्रूपमनघम्** (शकुन्तलाको निश्छल रूप अखण्ड पुण्यहरूको फलजस्तै छ -शाकुन्तल)

(ग) **जनः समास्वासित एष दुःखभागचेतनेनाऽपि सता न तु त्वया** (कमलका डाँठको यो जड बालोले यो विरही दुष्यन्तलाई सम्झायो तर तिमी शकुन्तलाले सम्झाइनौ - शाकुन्तल)

यसप्रकारको प्राकृतिक सहानुभूतिका कारणले नै महाकविको मेघदूत खण्डकाव्य र अभिज्ञानशाकुन्तलनाटक विश्वसाहित्यमा उत्कृष्ट कृति मानिएका छन्। यी दुवै कृतिहरूले मानवीय सूक्ष्म मनोवृत्तिहरूको निरीक्षण गरेका छन् र पृथ्वीको माटोलाई देवता बनाउने जस्तो अपूर्व सारस्वतसिद्धिको उदाहरण प्रस्तुत गरेका छन्। वास्तवमा काव्यसाहित्यको सार्थकता यसमा छ कि यसले मानवमनका पाशविक प्रवृत्तिहरूलाई प्रकृतिसुन्दरताले संशोधन गरेर दिव्यप्रवृत्तिहरूमा बदल्छ। अनि मानवसमाज पृथ्वी र स्वर्गको एकमुष्ट ऐश्वर्यभोग गर्न सफल वन्छ। यहाँ यस सन्दर्भमा संक्षिप्त चर्चा गरिन्छ।

२.कामवासना र सौन्दर्यचेतनाको सम्बन्ध

अनादि र अनन्त कालस्वरूप परमेश्वरका प्रेरणाले ब्रह्माबाट उत्पन्न भएर ब्रह्मालाई पनि प्रभावित पार्न सक्ने कामदेवलाई भगवान् शिवले भस्म पारेर अङ्गहीन बनाए पनि यसले आफ्नी पत्नी रतिका साथ सम्पूर्ण लोकहरूलाई विषयासक्त वनाएको कुरा **कालिकापुराण** आदि ग्रन्थहरूमा लेखिएको छ। यही कामदेव देवताहरूमा रागात्मक मनोदशा उत्पन्न गरेर सृष्टिप्रक्रियालाई निरन्तर बनाउन सहयोग गर्छ। आफूभित्र यसरी शाश्वतरूपमा आइरहेका कामवासनालाई उद्दीप्त पारेर शान्त पार्ने प्रक्रिया नै साहित्यसम्मत रसप्रक्रिया हो र यसमा विभिन्न भावहरूको संयोजनपश्चात् आनन्दको अनुभूति हुन्छ। यसैले पूर्वीय वाङ्मय प्रायः सुखान्त हुन्छ। सुन्दरता भन्नु रमणीयता हो-अलौकिक आनन्दको अनुभूति हो र यसलाई **अन्तश्चमत्कार** पनि भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ । यो चमत्कारको प्रारम्भिक सामग्री कामवासना नै हो । जब कामवासना आफ्नो इन्द्रियजन्य एषणावाट निवृत्त हुन्छ अनि एउटामात्र श्रृङ्गार, करुण वा शान्त आदि रसह ।

रातभर जाग्नाले शकुन्तलाको स्वप्नमा दर्शन अपूर्ण छ र उनको चित्र हेर्न खोज्दा आँखाका आँसुले हेर्न दिँदैन । (अभिज्ञानशाकुन्तलनाटकम्)

(ख)**अस्रैस्तावन्मुहुरूपचितैर्दृष्टिरालुप्यते मे ।**
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ॥

वारवार जम्मा भएका आँशुहरूले म यक्षको आँखा ढाकिन्छ र पापी यमराजले चित्रमा पनि हाम्रो मिलन सहँदैन । (मेघदूतखण्डकाव्यम्)

यी प्रसङ्गहरू हुन् कामवासनाले निवृत्त नभएका तर रागात्मक सञ्जालमा वल्भिरहेका नायक-नायिकाहरूका । यी प्रसङ्गहरू हुन् निद्राच्छेदरूपी कामदशाका । यसरी नै हरेक कामदशाहरूद्वारा उनीहरूको कामवासना उद्दीपित हुन्छ र मिलनको शिखरतिर बढ्ने क्रम सुरु हुन्छ ।

यसप्रकार उत्तेजित कामदशालाई उदात्तीकृत वा प्रशोधित गर्नुमा नै सौन्दर्यचेतना शुरु हुन्छ । यसका लागि वासनात्मक स्तम्भनको आवश्यकता पर्छ । अथवा एउटा यौगिक अवस्थाको अभ्यास आवश्यक हुन्छ । त्यसका निमित्त नै साहित्यशास्त्रमा विप्रलम्भश्रृङ्गारको व्यवस्था गरिएको छ । विप्रलम्भश्रृङ्गारमा नायकनायिकाहरूका सदृशवस्तुहरूको परिशीलन हुन्छ र यसमा प्रियवस्तुले विराट्स्वरूप ग्रहण गर्छ । यसैले कविहरूहरूका नायकनायिकाहरू संभोगश्रृङ्गारका एउटामात्र प्रियतमवस्तुलाई भन्दा विप्रलम्भश्रृङ्गारमा पाइने व्यापक तन्मयतालाई रुचाउँछन् (**सङ्गमे सैव तथैका त्रिभुवनमपि तन्मयं विरहे**) । मेघदूतखण्डकाव्यको निम्न प्रसङ्गले नायिकासादृश्य व्यापक भएको संकेत दिन्छ ।

(क)**हन्तैकस्थं क्वचिदपि न ते चण्डि ! सादृश्यमस्ति ।**
(दुःखको कुरा छ कि हे चण्डि ! तिम्रो समानता एकैठाउँमा हेर्न मिल्दैन-मेघदूतखण्डकाव्यम्)

यस अवस्थामा नायकनायिकाहरू प्राकृतिक भण्डारभित्र आफ्नो प्रियव्यक्तिलाई खोज्न थाल्छन् र उसका अङ्गअङ्गहरूको तुलनामा हराउँछन् । आफ्नी प्रियतमालाई खोज्ने विरही श्यामालहराहरूमा अङ्ग, हरिणका नयनहरूमा नयन, चन्द्रमामा मुखशोभा, मयूरपुच्छ्रहरूमा केशपाश, नदीतरङ्गमा भ्रूभङ्ग आदि देख्छ र आफ्ना कामवासनालाई प्रशोधित गर्दै जीवनसुन्दरता वा मानसिक उदात्ततातिर बढ्न थाल्छ । विप्रलम्भश्रृङ्गारको आश्रयमा हुने यो वासनात्मक दण्डव्यवस्था प्रत्येक नायकनायिकाहरूलाई प्रत्येक काव्यहरूमा गरिएको हुन्छ । पूर्वरागको अवस्थादेखि प्रजननपश्चात् पनि यो विरहपीडासहनको दण्डव्यवस्था यसकारण गरिएको हुन्छ कि उनीहरूले जीवनको वास्तविकताबोध गरुन् र हिन्दूसंस्कृति अनुसारको स्थायी आनन्दको अनुभूति गरुन् । सीताविरहको होस् वा उर्वशीविरहको होस् तर सबै विरहहरूको एकमात्र उद्देश्य हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संयोगलाई आध्यामिक रूप दिएर सौन्दर्यपूर्ण बनाउँदै अजराऽमर बनाउनु । रागात्मक अवस्था प्रकृतिको शाश्वतरूप भएकाले अपरा वा स्थूलप्रकृतिको अङ्गसादृश्यले मानसिक-उदात्तता सम्पादन गर्ने काममा अपूर्व सहयोग गर्छ । उर्वशीको विरहमा अन्धा बनेका प्रेमी राजा पुरूरवाको यो प्राकृतिक तादात्म्य कति मार्मिक छ भन्ने कुराको आकलन गर्न हामीलाई मुस्किल पर्छ ।

(क) **नदीरूपेणेयं ध्रुवमसहना सा परिणता ।**

(यी उर्वशी मेरो व्यवहारसहन नगरेर निश्चय नै नदीको रूपमा बगेकी छिन्- **विक्रमोर्वशीयनाटक**) ।नायकनायिकाहरूको अङ्गलावण्य वा प्रकृतिसुषमा दुवैको निरीक्षण मानसिक शैथिलीकरणको लागि हुन्छ । जव सम्म मानसिक शैथिलीकरणजस्ता मनोवैज्ञानिक सरणी अपनाइदैन तवसम्म मानवमन तनावग्रस्त वा विक्षिप्त अवस्थामा रहन्छ । मानसिक शैथिलीकरणको विधि अवलम्वन गरेर विचार वा भावपरिवर्तन सहज हुन्छ । विकृत मानसिकताको विरेचन र सुसंस्कृत प्रतिभाको संवर्धन नै जीवनसौन्दर्यका चेतनाको प्रारम्भिक अवस्था हो । यसैले प्रत्येक व्यक्तिले आत्मस्वीकृति र विकृतिविरेचन दुवै अवस्थालाई सचेत भएर प्रयोगमा ल्याउनुपर्छ । यही प्रक्रिया नै कामवासनालाई जीवनसुन्दरतातिर पुऱ्याउने साहित्यिक र मनोवैज्ञानिक प्रक्रिया हो । अन्ततः काव्यसाहित्य सुन्दर मनको शब्दार्थमय अवस्था नै हो र यसले अखण्ड सारस्वतधामको अनुभूति गराउँछ । महाकवि कालिदास कविमात्र नभएर एउटा मनश्चिकित्सक पनि हुन् र उनका काव्यहरूमा दिव्य र अदिव्य दुवै प्रकृति वा पात्रहरूको योगाभ्यास चल्छ । उनका पात्रहरू विषयान्ध छैनन् किनकि उनीहरू मारीच (कश्यप)झैं निरीह वन्न चाहन्छन् । यसैले दुष्यन्त शकुन्तलाका अङ्गअङ्गहरूका लावण्यका चमकहरूलाई टुक्रा टुक्रा पारेर रसग्रहण गर्छन् । यो प्रक्रिया नै मानसिक आवेग शान्त पार्ने र भावपरिवर्तन वा दिव्यताको स्थापना गर्न सकिने अवस्था हो । अन्यथा कालिदासीय अभिज्ञानशाकुन्तल स्वर्गलोक र भूलोक दुवैको ऐश्वर्यभोग गराउन कसरी सफल होला ?

एकीभूतमभूतपूर्वमथवा स्वर्लोकभूर्लोकयो-
रैश्वर्यं यदि वाञ्छसि प्रियसखे ! शाकुन्तलं सेव्यताम् ॥

(अर्थात् स्वर्गलोक र भूर्लोकको एकमुष्ट ऐश्वर्य चाहन्छौ भने साथी ! शाकुन्तल पढ्नुहोस् - जर्मनकवि गेटे)

अदिव्य वा पाशविक प्रवृत्तिहरूको शोधन गरेर दिव्य वा सांस्कृतिक प्रवृत्तिहरूको सिद्धि नै दुवै लोकहरूको एउटा ऐश्वर्य हो - जीवनसुन्दरता वा सारस्वत आनन्द हो । त्यो प्रशोधन ग्राम्यसुखको उपभोगले सम्भव हुन्छ अन्यथा बहुविवाहका धनी चक्रवर्ती राजा दुष्यन्त र पुरूरवाजस्तालाई यौनसुखको के आवश्यकता थियो र ? काव्यसाहित्यको दाम्पत्य प्रकृतिको सुन्दर वातावरणभित्र हुन्छ र मानवजीवन र प्राकृतिकजीवन दुवैमा सामरस्य हुन्छ । यही आशयअनुसार नै राजा दुष्यन्त वनवासिनी युवति र पौरनारीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुलना गर्दै स्वीकार गर्छन् कि बगैंचाका लहराहरूलाई वनका लहराहरूले जितेका छन् ।

दूरीकृताः खलु गुणैरुद्यानलता वनलताभिः ।

(अन्तःपुरमा नपाइने यो रूप यदि कण्वपुत्री शकुन्तलाको नै हो भने अवश्य पनि वनका लहराहरूले बगैंचाका लहराहरूलाई जिते - अभिज्ञानशाकुन्तलनाटक)

मानिसको मन सर्वदा प्रकृतिभित्र रमणशील हुन्छ र आफ्ना विकृति र दमनका भुमरीबाट फुत्केर मानसिक उदात्तताको संस्कृतितिर उन्मुख हुन रुचाउँछ । यसैले महाकविले आफ्नो अन्तःकरणलाई नै कार्याकार्यको निर्णायक मानेका छन् (**प्रमाणमन्तःकरणप्रवृत्तयः** - सन्देहको बेलामा अन्तःकरण प्रमाण बन्छन्-शाकुन्तल ।) यसैले चक्रवर्ती राजालाई केही समय फुर्सद दिएर आफ्नो मानसिकप्रशोधन र समीक्षा दुवै कार्य गर्न लगाएर र गान्धर्वविवाह समेत गराएका छन् । वास्तवमा ग्राम्यसुखको उपभोग विना कामवासनाको शान्ति हुँदैन भन्ने कुरा भक्तिशास्त्रहरूले उल्लेख गरेको पाइन्छ ।

अविदित्वा सुखं ग्राम्यं वैतृष्ण्यं नैति पूरुषः ।

(ग्राम्य वा प्राकृतसुखको भोग नगरी व्यक्ति वैरागी बन्न सक्दैन - श्रीमद्भागवतमहापुराण) ।

जीवनसुन्दरता भन्नु नै मानसिक उदात्तता हो-मानसिक समाहिति हो । मानसिक समाहितिभित्र नै सत्य, शिव र सुन्दरताको राज हुन्छ । यसैले वैदिक उद्घोष छ- **तन्मे मनः शिवसङ्कल्पमस्तु** (मेरो त्यो मन पवित्र संकल्पमा लागोस् ।) कामवासनाभित्र गरिने यो शिवसंकल्पको अभ्यासभित्र नै जीवनसुन्दरता हुन्छ र यो सहृदयताबाट अनुभूत हुन्छ ।

३.आत्मस्वीकृति र आत्मसमर्पणको सांस्कृतिक विज्ञान

जीवनसुन्दरताको राजमार्गमा यात्रा पूर्ण गर्नका लागि सरल र कोमल प्रविधिको रूपमा रचना गरिने काव्यसाहित्यको अलौकिक सम्पदा मानवसमाजमा घट्ने कुकृत्य र त्यसबाट उत्पन्न हुने मानसिक विकृतिहरूको विरेचन गराएर प्रेमी र प्रेमीका दुवैको भावात्मक एकतासिद्धि पूर्ण गर्नका लागि पर्याप्त छ । मानवसुलभ कामप्रवृत्तिबाट हुनसक्ने नकारात्मक अवस्था वा दमनलाई ख्याल गरेर समयमा नै मानसिक उपचारको व्यवस्था गर्नु काव्यसाहित्यको प्रयोजन हो । यसैले काव्यसाहित्यलाई कान्तासम्मितशैलीपूर्ण वाङ्मय पनि मानिन्छ । विधि र निषेधलाई निषेध र विधिको शैलीमा प्रयोग गरेर आफ्ना कुकृत्यबाट उत्पन्न हुने विकृतिहरूको अभिव्यञ्जन गर्नु नै यसको गूढ तात्पर्य हो । वास्तवमा वासनात्मक स्तरबाट निरीक्षण गर्दा मानवसमाजभन्दा देवसमाज कामाधीन छ किनकि स्वर्गलोकको प्रार्थना सकाम कर्महरूको उपज हो । यसैले महाकवि कालिदासले कश्यपजस्ता निष्काम कर्मयोगीहरूका काखमा नै स्वर्ग र पृथ्वीको सामञ्जस्य गराउने प्रयत्न गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरूरवा र उर्वशीलाई, मालविका र अग्निमित्रलाई, यक्ष र यक्षपत्नीलाई तथा दुष्यन्त र शकुन्तलालाई वासनात्मक अधीनतामा पिल्स्याएर त्यसको उपचारको लागि परस्पर अनुनय-विनयको प्रक्रिया आरम्भ गरेका छन् र आत्मस्वीकारपूर्वक अभिव्यक्त हुँदा र मन मिसाउँदा नै प्रकृति र पुरुषको शाश्वत सम्बन्धमा मानवजातिको पनि पुनर्मिलन हुन्छ । अन्ततः प्रेमका माध्यमले गरिने भावनात्मक अभ्यासद्वारा एउटा यस्तो सांस्कृतिक विजयको लाभ हुन्छ कि दाम्पत्य नै एउटा योगमा परिणत हुन्छ । परस्पर सम्मानपूर्वक हेरिएका वासनात्मक प्रवृत्तिहरूले नै हामीलाई शाश्वत सत्यको आशीर्वाद दिन्छन् र स्त्रीत्व र पुरुषंत्वको निवृत्तिपूर्वक स्थितप्रज्ञ अवस्थामा पुऱ्याउँछन् । पशुपक्षीहरूको पूजाद्वारा हामी आफ्नो पशुत्वनिवृत्ति गर्दछौं र सनातन व्यक्ति बन्न हामी समर्थ हुन्छौं । स्त्रीको सम्मान र अभिनन्दन गरेर हामीभित्र एउटा शाश्वत देवताप्रसाद उत्पन्न हुन्छ र वासनात्मक रतिको निवृत्ति हुन्छ । यसैले त शिव **अर्द्धनारीश्वर** बन्न रुचाउँछन् । यही हो आत्मस्वीकृति र आत्मसमर्पणको माध्यमबाट हुने सांस्कृतिक विजय वा व्यक्तिगत एकता । यस एकतामा समानवासनाको नै भूमिका हुन्छ, परस्परका उत्पीडन र दण्डव्यवस्थाको महत्व हुन्छ र प्रेमदेवताको सर्वोपरिकीर्तनका माध्यमले साहित्यसृजना गरिन्छ । दुष्यन्त र शकुन्तलाका निम्न अभिव्यक्तिहरू नै यस प्रसङ्गमा सबल बन्दछन्-

(क) **शकुन्तला- तव न जाने हृदयं मम पुनर्मदनो दिवाऽपि रात्रिमपि ।**
निष्कृप ! तापयति बलीयस्तव हस्तमनोरथानि अङ्गानि ॥

(हे निर्दयी दुष्यन्त ! तिम्रा हृदयको अवस्था म ज़ान्दिन तर तिम्रै हातमा इच्छाहरू रहेका
मेरा अङ्गहरूलाई भने कामदेवले बलपूर्वक दिनरात जलाइरहेको छ - अभिज्ञानशाकुन्तलम्)

(ख) **दुष्यन्त- तपति तनुगात्रि! मदनस्त्वामनिशं मां पुनर्दहत्येव ।**
ग्लपयति यथा शशाङ्कं न तथा हि कुमुद्वतीं दिवसः ॥

(हे कृशाङ्गी शकुन्तला ! कामदेवले तिमीलाई सन्ताप मात्र दिइरहेको छ तर मलाई जलाइरहेको छ किनकि दिनले जति चन्द्रमालाई खिन्न बनाउँछ उति कुमुदिनीलाई बनाउँदैन - अभिज्ञानशाकुन्तलम्) ।

(ग) **तां जानीथाः परिमितकथां जीवितं मे द्वितीयम् ।**

(ती मेरी पत्नीलाई संयतचरित्र भएकी र मेरो दोस्रो प्राण नै सम्झ - मेघदूतखण्डकाव्यम्)

(घ) **गृहिणी सचिवः सखी मिथः प्रियशिष्या ललिते कलाविधौ ।**

(ती इन्दुमती म अजको गृहिणी, सचिव, प्रियसाथी र सुन्दर संगीतशास्त्रकी प्रियशिष्या पनि हुन्-रघुवंशमहाकाव्यम्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमी र प्रेमिकाका यी अभिव्यक्तिहरूले आत्मस्वीकृति र आत्मसमर्पणका माध्यमद्वारा गरिने सांस्कृतिक एकताको सन्देश दिन्छन् । यहाँ कुनै शास्य-शासक अवस्था छैन । सम्पूर्ण प्राणीहरूलाई शासन गर्ने कामदेव पनि प्रेमको दुनियाँमा रमाउने प्रेमी र प्रेमिकाका सुमधुर दाम्पत्यको स्पर्शमा डराएर उनीहरूको दास बन्न रुचाउँछ । यसरी कामतत्व अधीन भएपछि सांस्कृतिक उत्कर्ष बढ्दै जान्छ र मनुष्य अजर बन्छ । यही त हो पूर्वीय काव्यशास्त्रले प्रतिपादन गरेका प्रेमयोगको जादू । यसैले प्रेम विना औषधि आरोग्यप्रदान गर्ने एउटा त्यस्तो भावयोग हो कि यसले पारिवारिक सामञ्जस्य स्थापना देखि लिएर विश्वबन्धुत्वको सिद्धि समेत गराउँछ । यही प्रेम नै जीवन सौन्दर्यको मूल हो र यो साधारणीकरणका माध्यमबाट दिव्य आनन्दको स्रोत बन्न सक्छ ।

४.उपसंहार

महाकवि कालिदासको कामतत्व र प्रेमतत्वको विश्लेषणशैली अत्यन्त उपलब्धिमूलक भएकाले नै उनलाई **विश्वकवि, कविशिरोमणि, कविकुलगुरु** र **दीपशिखा** आदि उपाधिद्वारा सम्मानित गरिएको छ । मानवमनका गुप्त वासनालाई प्रकृतिका माध्यमबाट अध्ययन गरेर त्यसभित्रका हार्दिक भावनाहरूलाई प्रोत्साहित गरी सर्वजनीन र सर्वग्राह्य बनाउनु कालिदासीय काव्यसाहित्यको प्रयोजन हो । त्यो शाश्वत भावना नै अन्ततः सामाजिक स्वरूपमा प्राप्त हुँदा विराट् प्रेमको रूप लिँदै पार्वतीपरमेश्वरको जस्तो अद्वितीय दिव्यदाम्पत्य बनेर सृष्टिभर छरिन्छ र पाठकहरूको परनिर्वृत्ति वा उत्कृष्ट आनन्द बन्न जान्छ । सारस्वतसाधनाका माध्यमबाट व्याख्या गरिएको यस प्रेमविधिभित्र हाम्रो हिन्दुसंस्कृति र हिन्दुवनस्पतिजन्य प्रकृतिच्छटा दुवै पर्दछन् । यसैले कालिदास वाल्मीकि र व्यासपछिका र शङ्कराचार्यका एउटा हिन्दु आवश्यकता हुन् र उनबाट मानवहृदयका संवेदनशील भावनाहरूको अनुसन्धान भएको छ र सम्पूर्ण पाठकवृन्द लाभान्वित भएको छ । वास्तवमा कल्पवृक्षजस्ता मानवहृदयस्रोतको अध्ययन गर्ने सुगम बाटोको रूपमा प्रसिद्ध कालिदासीय साहित्यको भाषा मानवसमाजका हृदयको भाषा हो र यसले अचेतन मनका संकेतहरूको बोध गराउँदै चेतनमनले उनीहरूको सहयोग लिएर मानवजीवनसौन्दर्यको अनुभव गराउने साहित्यिक सरणीको विकास गरेको छ । यसैले प्रसिद्धिहरू पनि त्यसप्रकारकै छन् ।

(क) **मेघे माघे गतं वयः**- मेघदूतखण्डकाव्य र माघकाव्यमा नै उमेर बित्यो ।

(ख)**कालिदासकविता नवं वयः**-कालिदासका कविता र नयाँ उमेर दुवै आकर्षणशील हुन्छन् । इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतच्छात्रावास बस्दाको सम्झना

-प्रा.डा. ऋषिराम पोखरेल

संसारमा जहाँ पुगेपनि आ-आफ्नो जन्मभूमि र जन्मदिने आमालाई बिर्सन सकिन्न । १० महिना गर्भमा बोक्ने, मुटुको रसरूप स्नेहसिक्त दूध चुसाउने आमा भैँ मेरो वर्तमान व्यक्तित्व जन्माउने मातृतुल्य संस्कृत छात्रावास पनि मेरो जीवनको अभिन्न पाटो हो । हुन त खाने, बस्ने, खेल्ने, लेख्ने, पढ्ने, देख्ने सिक्ने अरु पनि धेरै ठाउँ भए तर ती मध्ये मृगस्थली ब्रह्मचर्याश्रम जसमा ८ वर्ष २००९ भाद्रबाट २०१६ असोजसम्म र तीनधारा संस्कृत छात्रावासमा २०१७ असोजबाट २०२४ असोजसम्म गरी मेरो १६ वर्षे छात्रकाल वितेको हुनाले यी दुई ठाउँ मेरा अविष्मरणीय पाटा हुन् । यी दुई संस्थामा रहेर पढ्दा मेरा सहपाठी र साथी सबैलाई सम्झिन्न होला तर केही साथी र केही गुरुहरू भने अवश्यै सम्झन्छु । कतिपय कुरा ज्यादै नै आत्मीयताले र अत्यन्त श्रद्धा र आस्थाले पनि अविस्मरणीय हुने रहेछ । यहाँ मैले मृगस्थली ब्रह्मचर्याश्रम बस्दाको मिलनसार साथी रमेश खकुरेल, कलाधर पौडेल, कोमल अधिकारी 'पूर्वेली', मोतीप्रसाद, श्यामानन्द, खेमानन्द आदिलाई सहयोगी श्रीराम प्रसाद अधिकारी श्री भानुभक्त मैनालीहरूलाई विशेष सम्झन्छु भने त्यस आश्रममा बस्दाका गुरु देवराज पौडेल, श्री ज्ञानमणि नेपाल, वासुदेव शर्मा, भीमप्रसाद ज्ञवाली र आश्रम सञ्चालक कविराज हरिप्रसाद खकुरेल, मन्त्री सीताराम द्विवेदी र कोषाध्यक्ष एवं उपाध्यक्ष बुद्धिसागर पराजुली प्रभृतिलाई सादर सम्झन्छु । त्यस आश्रममा बस्दा खाँदा घटेका घटना र वनपाखा सवे चहार्दा वानरले लखेटेको खाँदा खाँदैको भातको थालै तानेर लगेको, वानरलाई थुनेर कुटेको, आफुलाई वानरहरूले थुनेर धोती टोपी खोसेको, जीवनमा पहिलो पल्ट परवर चिनेको अनि विष्णु गोपाल गुरुले ठगेको, ठाकुरप्रसाद प्याकुरेल बाजे सँगै डिल्लीवजार गएर विद्वान् श्री देवीरमण अर्याल गुरुसँग संस्कृत बोलेर पुरस्कार पाएको, धेरै दिनहरू लुतोले गलाएको, खुवा खाएर अतिसार लागि अफठ्यारो पारेको अनि साथीहरू रमेश खकुरेलले तर्साएको, वेदको मन्त्र कण्ठ पारेर मसलाका पोका खाएको, कविराज गुरुका घरमा आँपको अचार सुटुक्क चाखेको जस्ता प्रसंग बेलामौकामा विस्तार गरौँला भनी थाती राख्दै तत्कालीन तीनधारा पाकशाला (वर्तमान तीनधारा संस्कृत छात्रावास) को २००४ सालका उल्लेख्य केही प्रसंग यहाँ कोट्याउने जमर्को गर्दछु ।

उसबेला २०१६ ताका नवनिर्वाचित प्रधानमन्त्री जननायक वी.पी.कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । संस्कृत छात्रावासका पुराना नेता काशीनाथ गौतम, अच्युतराज रेग्मी, कमलराज रेग्मी, मणिराम शास्त्री, मणिभद्र शर्मा, श्रीभद्र शर्मा खनाल, पेशल दाहाल, रूपकुमार आचार्य आदि ५० जना सांसद् नै छात्रावासीहरू थिए । तीनधारा पाकशाला नेपालको मुख्य राजनैतिक चेतना सञ्चार केन्द्र थियो । १६ साल असोज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३० गते भएको नेपालको पहिलो आमनिर्वाचनमा छात्रावासका तत्कालीन नेता एवं युवा विद्यार्थीहरू प्रायः ७५ वटै जिल्लामा चुनाव प्रचार गर्न गएर फर्केका थियौं। चुनाव परिणाम आउँदा वहुमत सीट नेपाली कांग्रेसले जितेको थियो। २१० सीटमा १०७ जति नेपाली कांग्रेसले जितेको थियो। हारेका मध्ये २० सीट ल्याएर जेठो वनेको ,प्रमुख प्रतिपक्षी गोर्खापरिषद् (खुकुरी दल)ले १६ सीट ल्याएको, नेकपा ४ सीट ल्याएका संयुक्त प्रजातन्त्र पार्टी(के आई सिंह पार्टी) हरू मध्ये गोर्खादल र ने.क.पा लाई राजा महेन्द्रले दीवारको पक्षमा लगेर २०१७ साल पौष १ गतेको घटना घटाएका थिए। आम चुनावमा नेपाली कांग्रस, राष्ट्रिय कांग्रेस, गोर्खा दल, नेपाल कम्युनिष्ट पार्टी, संयुक्त प्रजातन्त्र पार्टीहरू लगायत करीव ५० पार्टी देखा परेका थिए। उन ताका चुनाव भाँड्न योगी नरहरिनाथजीले 'आम चुनाव पर सारियोस्' भनी त्रिचन्द्र कलेजको उत्तरपट्टी सुरेन्द्र शमसेर र भीमशम्सेरको ढोकाको बीचमा चौर (जहाँ तीनधारा छात्रावासको वर्तमान ढोका सामुन्नेको त्रिचन्द्र कलेजको भलिवल ग्राउण्ड रहेको छ) मा आमचुनाव विरोधी जनसभा आयोजना गरेका थिए। करीब १०० जना भेला भएर सुरु गरेको सभा तीनधारा संस्कृत छात्रावास, त्रिचन्द्र कलेज, इन्द्रचोक, नयाँसडक र पाटनका विद्यार्थी युवायुवती एवं नेपाली कांग्रेस र ने.क.पा.का कार्यकर्ता लगायत वीसौं हजारको ठूलो जमातले चारैतिरबाट ढुङ्गा हानी त्यो सभाको मञ्चमा नै योगी नरहरीनाथ लगायतलाई हातपात गर्न थालेपछि पुलिसले लाठी चार्ज गरी नरहरीनाथलाई सुरक्षा घेरामा पारेर भगाए। वास्तवमा त्यो तथाकथित बयालिस पार्टीको संयुक्त मोर्चा भनेको दरवारियाहरूकै ईशारामा चल्ने पार्टीहरू मिलेर नै बनेको रहेछ। आम चुनाव भएपछि ती धेरै पार्टीहरूले हारे। नेपाली कांग्रेसले अत्यधिक बहुमत ल्यायो। प्रथम जननिर्वाचित प्रतिनिधि सभावाट बहुमतद्वारा वी.पी.कोइराला प्रथम प्रधानमन्त्री बने। उनले पूर्वपश्चिम राजमार्गको शीलान्यास गरी उत्तर दक्षिण मार्गमध्येको टीकाभैरव र दक्षिणकाली भैरव जाने सडकवाटो सहित रेलमार्गको योजना बनाएका थिए भने २०१७ साल मार्गसम्मका करीब १६ महिने समयभित्रै जनप्रियता र विश्वका प्रमुख देश अमेरिका, वेलायत, भारत, जर्मनी, जापान, फ्रान्सलगायतको वी.पी.प्रति विशेष सम्मानको प्रसङ्ग अनि नेपालको चौतर्फी विकास निर्माणका दीर्घकालीन, अल्पकालीन गुरुयोजना लगायतका कुराले राजा महेन्द्रले आफ्नो भन्दा वी.पी. कोइरालाको मान, शान र नाम बढेको र आफ्नो वर्चस्व घटेको देखी कांग्रेसलाई दबाउनको निम्ति वी.पी.कोइरालाका अतिविश्वासपात्र सर्वश्री डा. तुलसी गिरी, विश्वबन्धु थापा र सूर्यबहादुर थापा लगायतलाई भित्रभित्रै हात लिए। त्यसपछि क्रमशः ने.क.पा, गोर्खादल, संयुक्त प्रजातन्त्र लगायत पार्टीलाई आफ्नो पक्षमा ल्याउन सफल भएर देशको शासनभार पूर्णरूपमा अधिनायकवादी दरवारिया तन्त्रको अधीनमा लिने तयारी गरी शाही सेना र पुलिस परिचालन गरेर २०१७ पौष १ गते दिउसो १ बजे जननिर्वाचित सरकारलाई भङ्ग गरी आफ्नो निरङ्कुश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजतन्त्री व्यवस्थाको त्यो दिन हामी संस्कृत छात्रावासवासी विद्यार्थीहरू आन्तरिक विवादको कारणले उत्पन्न संघर्षको कार्यक्रममा व्यस्त थियौं । त्यो सन्दर्भ अर्कै छ ।

२००४ सालमा पूर्णप्रसाद ब्राह्मणको नेतृत्वमा तीनधारा संस्कृत छात्रावासमा बस्ने २१० जना संस्कृत पढ्ने विद्यार्थीहरूले राणासरकारको विरुद्ध जुलुस निकाले । त्यसको साह्रै ठूलो प्रभाव नेपालमा प्रजातन्त्र ल्याउन प्रयत्नशील नेपाली कांग्रेस र ने.क.पा.का नेताहरूमा समेत पर्‍यो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका संस्कृत पढ्ने विद्यार्थी जम्मा हुने संस्कृतच्छात्रावास नै नेपालको एउटा त्यस्तो संस्था हो जहाँबाट नेपालमा पहिलो पटक २००४ सालमा जुलुस प्रदर्शन भयो । नेपालको इतिहासमा शासकविरुद्ध खास गरी जहानीयाँ राणाशासनविरुद्ध जनताको प्रजातान्त्रिक हक-अधिकारका निम्ति जनताले खुलारूपमा सडकमा जुलुस निस्कने आँट गरेका थिएनन् । आजभोलि धनमाल, पदका निम्ति शुभलाभका निम्ति मरिमेट्ने च्याउसरहका नेता र पार्टीहरू उनताका थिएनन् । अतः संस्कृत पढेका संस्कृतका विद्यार्थीहरूले नै राणासरकारविरुद्ध जनताका पक्षमा मौलिक अधिकार र स्वतन्त्रताका निम्ति पहिलो विरोध जुलुस निकालेर निम्नलिखित तथ्य जनतासामु राखिदिएको छ -

१.संस्कृत भाषा अमर भाषा हो । संस्कृत भाषामा जसरी वेद रचिए, रामायण, महाभारत काव्य रचिए, धर्मदर्शन, संहिता, अठार पुराण, अठार उपपुराण, अठार उपोपपुराण रचिए उसरी नै आजपनि नयाँ कृति संस्कृतमा रचिएका छन्, रचिँदै छन् र रचिँदै जानेछन् । जनजिब्रोमा दैनिक चलनचल्तिमा नआउँदैमा कुनै पनि भाषालाई मृत भाषा भन्न सकिन्न ।

२.संसारमा संस्कृतलाई बचाइराख्ने संस्कृतव्याकरण शास्त्र छ । आज होस् या हिजो या त भोलि संस्कृतको कुनै पनि शब्दको निर्माण तोकिएको धातुबाट तोकिएको प्रत्यय, विभक्ति, वचन तथा रूपका आधारमा मात्रै हुन्छ र त्यसको आफ्नो अर्थ हुन्छ । वाक्यको अघिपछि, बीचमा जहाँ बसेपनि त्यसको अर्थमा फरक पर्दैन । कुनै पनि अवस्था स्थानमा बसेपनि शब्दार्थमा फरक पर्दैन । किनभने शब्दार्थ सम्बन्ध नित्य हो । जस्तै 'स ग्रामं गच्छति यानेन सीतया सह' यस वाक्यलाई बाह्र किसिमले लेखेपनि कुनै शब्दको अर्थमा फरक पर्दैन ।

३.कुनैपनि शब्दका अगाडिपट्टि लाग्ने उपसर्गले थप नयाँ अर्थ बताउन सक्छ र उपसर्गले धातुको अर्थलाई बलपूर्वक अर्को अर्थ बुझाउने बनाईदिन्छ भन्ने मान्यता छ भन्ने कुरा प्रत्याहार, संहार, परिहारादिले देखाएको छ ।

४.संस्कृतका रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेश, नीतिशास्त्र, धर्मशास्त्र, अर्थशास्त्र, कर्मशास्त्र, कामशास्त्र, पाकशास्त्र, व्यापारशास्त्र, कलाकौशल आदि पढेको मान्छे देश काल र परिस्थितिअनुसारको नीतिनियम समेत बुझ्न र बुझाउन सक्ने हुन्छ । संकीर्ण साम्प्रदायिकताको सीमाले संस्कृतका विद्वान्लाई कुनै पनि बाँध वा बन्धनमा राख्न प्रेरणा दिँदैन । संस्कृतका विद्यार्थी नैतिक, धार्मिक र सांस्कृतिक दृष्टिले उत्कृष्ट त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छँदैछन्, सामाजिक, राजनीतिक चेतनाका दृष्टिले पनि समाजका अगुवा नै छन् भनेर देखाउँदै यो ऐतिहासिक जुलुस असन, इन्द्रचोक, नयाँसडक घुमेर रानीपोखरीमा आएर टुङ्गिन सफल भयो ।

५.नेपाल संस्कृत छात्र संघ नेपाल अधिराज्यव्यापी विशाल संगठन थियो र यसले राणाशासनको जरो हल्लाउने पहिलो प्रयत्न गऱ्यो । यही २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनले नै प्रजातान्त्रिक आन्दोलनको श्रीगणेश गरेको हो भन्ने कुरा नेपालको राजनैतिक दर्पण तथा नेपालको राजनैतिक इतिहासका लेखकहरूले पनि बयान गरेको देखिन्छ ।

२०१७ साल माघ १८ गतेको घटना

पृष्ठभूमिः २००४सालमा संगठित नेपाल संस्कृत छात्र संघको जेठो सन्तान तीनधारा संस्कृत छात्रावासमा भएको छात्रकार्य समिति हो । छात्रकार्य समिति छात्रवासका चारवटा छात्र बस्ने घरलाई चारटोलमा बाँडिएको थियो । ती चार टोलमा बस्ने विद्यार्थीमध्येवाट चारचार जना प्रतिनिधि चुनेर सोह्रजनाको विधानसभा बनाउने अनि त्यसवाट ७ जना चुनेर कार्यसमिति गठन गर्ने वैधानिक परम्परा चलेको थियो । नेपालमा आमचुनाव सम्पन्न भएर नेपाली कांग्रेसको एकमना सरकार गठन भइसकेको अवस्थामा संस्कृत छात्रावासमात्र होइन नेपाल संस्कृत छात्रसंघमा पनि आम चुनाव पछिको प्रभाव क्रमशः पर्न थाल्यो । कोही कांग्रेस त कोही कम्युनिष्टका समर्थनमा चुनाव प्रचार गर्न गएर आएपछि विस्तारै ती दुई धारहरू क्रमशः खुलारूपमा देखिन थाले । तीनधारा छात्रावासका विद्यार्थी भनेपछि असन र इन्द्रचोकका मानिसहरू समेत डराउँथे । राणाहरूका विरुद्ध लड्ने, सँधै एकढिक्का हुने संस्कृतका विद्यार्थीहरूको छात्रसंघको व्यापक संगठन पनि चिरिन थाल्यो । संस्कृत जगत्कै निम्ति त्यो नै दुर्भाग्यको दिन हो । किनभने एकतामा जुन बल थियो, त्यो अनेकतामा रहेन । बहुमत र अल्पमतका आधारमा पक्ष र विपक्षका आधारमा हेर्न थालियो । छात्रावासमा रहेका घर, टोल कांग्रेस र कम्युनिष्टहरू आ-आफ्नो बहुमत ल्याउन विद्यार्थीहरूलाई आफूतिर आकर्षित गर्ने प्रयत्नमा लागे । नेताहरूले डर, धाक, प्रलोभन अनेक देखाएर आफ्नो पक्षमा ल्याउने चेष्टा गर्न थाले । यस क्रममा नयाँ भर्ना हुने विद्यार्थी आफ्ना टोलका कोठामा लगेर राख्ने चल्न थाल्यो भने कार्य समितिमा पुग्नेले प्रभाव पार्ने हुनाले कार्यसमितिमा जान अनेक प्रयत्न गर्न थालियो । यही कुराले गर्दा वि.सं २०१७ साल माघ १८ गतेको घटना घट्न थाल्यो ।

संस्कृत छात्र संघ छात्रकार्य समितिले मार्ग १८ गते राणा सरकार विरुद्ध पहिलो जुलुस निकालेको हुनाले संस्कृत छात्रावासले त्यस दिनलाई क्रान्ति दिवसका रूपमा विशेष उत्सवका साथ मनाउने गरेको थियो । विशेष कार्यक्रम अन्तर्गत वादविवाद, हाजिर जवाफ, खेलकुद, प्रवचन, निवन्ध तथा कविता प्रतियोगिता आदिको आयोजना गरी प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कार दिइन्थ्यो । त्यही दिनमा छात्रकार्य समितिको चुनावका निम्ति टोल-टोलबाट चार चार जना प्रतिनिधि पनि छानिन्थे र विधान परिषदवाट छात्रकार्य समितिको चयन गरिन्थ्यो ।

सो मार्ग १ गतेका दिन हामीहरूले निबन्ध र कविता प्रतियोगिता गरेका थियौं । त्यो कार्यक्रममा मैले मित्र बासुदेव त्रिपाठीबाट संशोधन गराएर "हामी काँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के गरी सम्मिलित छौ ।" भन्ने कविता र "किं किं न साधयति कल्पलतेव विद्या" भन्ने निवन्ध प्रस्तुत गरेकोमा निवन्धतर्फ उत्तरमध्यमा स्तरबाट प्रथम वा दोस्रो भए जस्तो लाग्छ । अहिले राम्ररी सम्झन सकिएन । साँझ हामीहरूले चार टोलका पश्चिमाञ्चल गोर्खाली टोल, पूर्वाञ्चल दङ्गाली टोल, पूर्वेली टोलबाट आएका चार जना गरी ८ जना प्रतिनिधी कम्युनिष्टका, मध्यमाञ्चल पण्डित टोल र हिमाञ्चल काँठे टोलवाट आएका ८ जना कांग्रेसका प्रतिनिधि हुन गएछन् र विधान परिषद्को सभामुख हुने पक्षमा ७ वाँकी हुने भएकाले सभामुखले निर्णायक भोट दिन नै नपाई विरोधी ८ जनाले कार्यसमिति चुन्ने अवस्थाले जति पटक प्रस्थाव गरे पनि सभामुखबाट सवैले आफ्नो नाम फिर्ता गर्दा धेरै हल्ला हंगामा भयो ।

कांग्रेस र कम्युनिष्ट भनिएका नेताहरू एकापसमा आरोप प्रत्यारोप गर्दै झगडा गर्ने भनाभन गर्ने, वाझावाझ गर्ने गर्नथाले । भान्सामा भात खाँदा खाँदै कचौरा थाल ठटाएर थालभरिको भात फ्यालेर समेत वाझावाझ गर्न थाले । तिन ताका साह्रै कराउनेमा वावुराम पौडेल, नानीराम, वाचस्पति देवकोटा, पीताम्बर दाहाल, रामप्रसाद दाहाल, ज्ञानहरि रेग्मी, यज्ञनिधि लोहनी, रामप्रसाद गौतम, जगन्नाथ वाग्ले आदि थिए भने नेतामा दीपक अधिकारी चेतनाथ आचार्य , शरद भट्टराई, रामप्रसाद भट्टराई, पीताम्वर दाहल आदि थिए । वि.सं. २०१६ सालको चुनाव पछि कुमाई भान्सा र पूर्वेली भान्सा एउटै भान्सा घरको उत्तर तर्फ कुमाई भान्सा वाचनालयका रूपमा प्रयोग गरिएको थियो र सोही वाचनालयमा अति पुराना धेरै तस्वीरहरू ऐतिहासिक दस्तावेजका रूपमा सजाइएको थियो । प्राय: भोजन सकेपछि सवै जसो एक पटक पत्र पत्रिका हेर्न र रेडियो सुन्न प्रकाश टोलको पार ताप्ने चोकमा जम्मा हुन्थे नयाँ बनेको वाचनालयमा ।

दुर्भाग्य भनौं कि संयोग भनौं २०१७ मार्ग १८ गतेको साँझको विशेष खाना खाएर मित्र दुर्गाहरि दाहाल र वाचस्पति, दुर्गाहरी का भाइ पीताम्बर र दिगम्बर घिमिरे लगायत साथीहरू एकापसमा भनाभन, बाझाबाझ गर्दै पण्डितटोलको गल्लीबाट निस्कना साथको नयाँ वाचनालय साविकमा कुमाईको भान्छा (हालको धुपीको बोट) मा पस्दै थिए । अकस्मात 'तैंले तैंले' भन्दा भन्दै कुनै साथीले दाजै दुर्गाहरि दाहाल (पीताम्वरको दाजु)को टाउकोमा चोट पर्ने गरी नङ्ग, कीलो वा छुरीले हान्दा रक्ताम्मेजस्तै भएछन् । तत्कालै प्राथमिक उपचारक गरियो । त्यसको १/२ दिनमा छात्रावास वाचानालयमा राखिएका तस्विरहरू चोरियो । त्यस पछि संस्कृत छात्र संघको कार्यालयको बाहिरी डण्डी र झ्याल फोरेर त्यहाँ ठूलो गुण्डागर्दी गरी तत्कालीन नाइके शाक्य दादा लगाएर त्यसवेलाका वाम नेता केशव, दिपक, ठाकुर पराजुली, वासुदेव त्रिपाठीहरूले ने.सं. छात्र संघका सम्पूर्ण सामानहरू अपहरण गरी असन कमलादिको कृष्णगोपाल साइकल पसलमा राखियो । बाँकी अर्को अंकमा...........

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेविसंघ, अखिल र क्रान्तिकारीलाई अपील

-प्रा.डा.जयराज आचार्य

तनहूँबाट आएर त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर क्याम्पसमा पढ्ने विद्यार्थीहरूले पौष १०, २०६६ मा आयोजना गरेको एक कार्यक्रममा मलाई पनि बोलाएका थिए। नेविसंघ, अखिल र क्रान्तिकारी विद्यार्थीहरूको समूहले 'तनहूँ सन्देश' भन्ने एउटा पत्रिका निकालेका रहेछन्। कार्यक्रम त्यही पत्रिकाको विमोचनका लागि आयोजित थियो। तनहूँका वरिष्ठ राजनीतिक नेताहरूलाई पनि उनीहरूले निमन्त्रण गरेका थिए रे तर कोही पनि आएन। सायद तीन पार्टीका वरिष्ठहरूलाई एउटै सभामा उपस्थित हुँदा को ठूलो, को सानो भन्ने प्रश्न नै समस्या हुनसक्छ भनेर नआएको पनि हुनसक्छ। धेरै बेर कुरेपछि मलाई नै प्रमुख अतिथि बनाएर स्मारिका विमोचन गर्ने निधो गरे। विमोचन गरेपछि मैले आफ्नो छोटो मन्तव्यमा तीन कुरा भनें। पहिलो कुरा अरु नआएकाले मलाई एउटा चिट्ठा पऱ्यो - प्रमुख अतिथि बन्ने। त्यो पनि विश्वविद्यालयजस्तो शिक्षण संस्थामा आफ्नो जिल्लाबाट आएका भाइबहिनीहरूले गरेको कार्यक्रममा। यस्तो राम्रो चिट्ठा पर्दा म ज्यादै खुशी छु। दोस्रो कुरा, युवापुस्तामा देखिएको यो विरलो एकता, सहकार्य र सौहार्द देखेर मलाई झन् खुशी लाग्यो। तनहूँले देखाएको एकताको यो बाटोमा सबै हिंडिदिए देश निकै अघि बढ्थ्यो। तनहूँको यो सहकार्यको सन्देश पचहत्तरै जिल्लामा जाओस् र पुरानो राजनीतिक पुस्ता आफ्ना पूर्वाग्रहबाट उठ्न सक्दैन भनेपनि नयाँ पुस्ता चाहि उठोस्। यो सन्देश तपाइँहरूले जिल्लाका साथीहरू समक्ष आँफै पुऱ्याउनुहोस् भन्ने म विशेष आग्रह गर्दछु। तेस्रो कुरा, म तनहूँका युवापुस्ताका भाइबहिनीहरूलाई एक भएर तनहूँमा एउटा विश्वविद्यालय बनाउने परिकल्पना साकार पार्न अहिलेजस्तै सामूहिक प्रयास गरौं, त्यो एउटा ठूलो शुभारम्भ हुनेछ भनी आग्रह गरें।

विश्वविद्यालयबारे मेरो विचार यस्तो थियो। शिक्षा बिना कुनै पनि देशको विकास हुँदैन। नेपालमा २००७ साल, २०३६ साल, २०४६ साल र २०६३ सालमा राजनीतिक आन्दोलन र परिवर्तनहरू भए, जसलाई हामी क्रान्ति भन्छौं तर नेपाल विगत ६० वर्षयता पनि गरिबको गरिबै छ र अति कम विकसित देशहरूको सूचीमा रहिरहेको छ। संसारमा शिक्षित देश विकसित छन्। अशिक्षित देश अविकसित छन् तर नेपालमा शिक्षाको स्तर यति तल छ कि विश्वविद्यालयका डिग्रीधारी युवायुवतीलाई साँच्चै शिक्षित भन्न गाह्रो छ। अतः नेपालको विकास गर्ने हो भने नेपालका पचहत्तरै जिल्लामा एकएक विश्वविद्यालय वा प्राविधिक संस्थान खोल्नुपर्छ। जनसंख्या ज्यादै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थोरै भएका केही हिमाली जिल्लामा विश्वविद्यालय सम्भव नहोला तर स्थानीय प्राकृतिक स्रोतको व्यवस्थापन गर्ने प्राविधिक संस्थान (टेक्निकल इन्स्टिच्युट फर् नेश्नल रिसोर्स् म्यानेजमेन्ट) खोल्न सम्भव छ र आवश्यक पनि छ ।

मैले २०४६-६६ को दुई दशकलाई नेपालको विकासका दृष्टिले खेर गएका दुई दशक भन्ने गरेको छु । राजनीतिक परिवर्तन भयो । आर्थिक विकासमा क्षेत्रमा पनि निजी बैंकहरू खुले, निजी विद्यालयहरू खुले, निजी हवाई कम्पनीहरू खुले, निजी अस्पतालहरू पनि खुले तर तिनले नेपालको अत्यधिक जनसंख्या जो गाउँमा बस्छ तिनको जीवनमा सम्पन्नता ल्याउन सकेनन् । बैंकहरूको लगानी शहरी क्षेत्रको घर-जग्गामा भयो जुन आर्थिक दृष्टिले अनुत्पादक छ। त्यो कुरा मैले भन्दा बढी अर्थशास्त्रीहरूले बुझाउन सक्नुहुन्छ । निजी विद्यालयहरू खुल्नु राम्रो कुरा हो तर ती पनि प्रायः शहरी क्षेत्रमा खुलेका छन् । तिनमा अस्वस्थ प्रतिस्पर्धा छ र शिक्षाको वास्तविक गुणस्तर उचाल्नामा तिनको योगदान पनि जति हुनुपर्ने हो त्यति हुनसकेको छैन । निजी अस्पतालहरूमा पनि कम गुणस्तर र बढी व्यापारीकरण भयो भन्ने गुनासो छ । सामाजिक न्यायतर्फ राज्यले खेल्नुपर्ने भूमिका अति नै कमजोर भयो । देशमा शान्तिसुरक्षा अत्यन्त कमजोर भएको छ । भ्रष्टाचारले चरम सीमा नाघेको छ, एक प्रकारले देश पूर्ण अराजकतातिर गई अन्त्यमा असफल राष्ट्र नै हुने हो कि भन्ने आशङ्का सर्वत्र व्याप्त छ । यो सबको कारण पनि देशमा पर्याप्त शिक्षा नहुनु नै हो । हाम्रा ग्रामीण जनता मात्र अशिक्षित छैनन्, नेताहरू पनि अशिक्षित छन् । अशिक्षित नेताले आफ्नो देश प्रतिको दायित्व बुझ्दैनन् । काम पनि गर्दैनन् ।

विगत दुई दशकमा हाम्रा छिमेकी भारत र चीनमा १०-१५ प्रतिशतका दरले आर्थिक वृद्धि भयो र ती दुवै देश चाँडै नै विश्वका दुई विशाल अर्थतन्त्र बन्दैछन् । तर यही अवधिमा नेपालको अर्थतन्त्र सरदर मुस्किलले ३ प्रतिशतले बढ्यो, त्यो पनि हाम्रा अशिक्षित भाइबहिनीहरूले खाडी मुलुक मलेसिया, कोरिया आदि देशमा गएर श्रमिकका रूपमा काम गरी पठाएको वैदेशिक मुद्राका कारणले मात्र । यथार्थमा भन्ने हो भने हाम्रो आर्थिक वृद्धिदर ऋणात्मक छ । संक्षेपमा भन्ने हो भने रेमिट्यान्स नआए देश एक महिनामा टाट उल्टिने अवस्था छ ।

अनि विकासका विषयमा मैले एउटा पुरानो प्रसङ्ग सुनाउँदै भनें - २०६४ साल मंसिर २ गते मैले नेकपा माओवादीका नेता पुष्पकमल दाहाल(प्रचण्ड) र डा. बाबुराम भट्टराईलाई वहाँहरूको संयुक्त निवास नयाँबजारमा भेटें । साथमा जनार्दन शर्मा प्रभाकर र सुरेश आले मगर पनि हुनुहुन्थ्यो । संविधानसभाको चुनाव हुन त धेरै नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँकी थियो तर त्यतिखेर मैले देशमा शान्ति र विकासकै मुद्दालाई प्राथमिकता दिएर वहाँहरूसित गरेका एकदुई कुरा म भाइवहिनीहरूसित स्मरण गर्दै वताउन चाहन्छु। मैले प्रचण्डलाई भनें, तपाइँहरूले गरेको दशवर्षे जनयुद्धले असर नगरेको नेपाली जनता एउटा पनि छैन होला। त्यसको सकारात्मक पक्षको कुरा गर्ने हो भने नेपाली जनतामा एक प्रकारको राजनीतिक चेतना त्यसले ल्यायो भन्नै पर्छ। त्यसका नकारात्मक पक्षको चर्चा नगरौं। तैपनि एउटा कुरा भन्न सक्छु कि जुन प्रकारको साम्यवादी शासनव्यवस्था नेपालमा स्थापना गर्ने भनी तपाइँहरूले चाहनुभएको छ त्यस व्यवस्थालाई अन्तर्राष्ट्रिय जगत्ले खासगरी भारतले सहँदैन। अनि नेपालको भारतमाथि यत्रो आर्थिक निर्भरता छ कि उसको सहयोगविना नेपालमा कुनै पार्टीले पनि शासन सत्ता चलाउन, टिकाउन सक्दैन। मैले यो भन्दा प्रचण्डले निश्चय पनि त्यो एक गम्भीर विषय हो भन्नुभयो।

अनि मैले वहाँलाई यो पनि भनें - दश वर्षे जनयुद्धको एउटा सकारात्मक परिणाम जनचेतना हो भने त्यो शान्तिपूर्ण ढङ्गले ल्याउन सकिन्थ्यो। उदाहरणको लागि त्रि.वि.वि.ले २०३०-३६ सालमा चलाएको राष्ट्रिय विकास सेवा (रा.वि.से) कार्यक्रम। त्यस कार्यक्रममा विद्यार्थीहरूले गाउँमा शिक्षा, स्वास्थ्य र सामुदायिक विकासका कार्यक्रम गर्थे। त्यस कार्यक्रमका परिणामहरू क्रान्तिकारी थिए। सबैलाई सन्तोष लागेको थियो। तर ३६ सालमा राजा वीरेन्द्रले जनमतसंग्रह घोषणा गरेपछि त्यस कार्यक्रमलाई रोक्न भनी उनका चाटुकारहरूले उनलाई विन्ती चढाए। किनकि त्रि.वि.वि.का विद्यार्थीहरूलाई गाउँमा रहन दियो भने तिनले पञ्चायत पक्षलाई जनमत संग्रहमा हराइदिन्छन् भन्ने उनीहरूको तर्क थियो, जुन सही थियो। राजाले रा.वि.से.कार्यक्रम स्थगित गरे। २०४६ सालको जनआन्दोलनपछि बनेका सरकारले रा.वि.से. कार्यक्रम पुनः चालु गर्नुपर्थ्यो। त्यो कार्यक्रम सुचारु रूपले चलेको भए आज नेपालको ग्रामीण क्षेत्रको रूप अर्कै हुन्थ्यो र सिर्जनशील चेतनाको स्तर धेरै माथि हुन्थ्यो, विकास पनि हुन्थ्यो। तर दुर्भाग्य, त्यतिखेरि देशको शासन गर्ने नेताहरूका मनमा नेपालको राष्ट्रिय विकासको खाका शून्य थियो। फलतः आर्थिक र सामाजिक दृष्टिले देश आजसम्म जहाँको त्यहीँ रह्यो।

अनि क. प्रचण्डलाई मैले भनें - सायद देशमा विद्यमान गरीबीकै कारणले तपाइँहरूले युद्ध सुरु गर्नुभयो होला तर त्यो १० वर्ष लामो युद्ध पनि मैले भनेको २०४६-६६ को खेर गएका दुई दशकभित्रै पर्‍यो। देशमा सिर्जनशील चेतनाको विकास भएको छैन। आज समाजमा केही विकसित भएको छ भने हिंसात्मक संस्कृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकसित भएको छ । त्यसैले देशमा उद्योग व्यवसाय गर्ने र रोजगारी सिर्जना गर्ने वातावरण ध्वस्त पारेको छ । फलतः आज दिनहुँ छ-सात सय नेपाली युवायुवतीहरू त्रिभुवन विमानस्थलवाट मात्रै वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । गाउँघर युवायुवतीशून्य छन् । कुनै गाउँमा त यतिसम्म कि मानिस मर्दा शव उठाएर घाट लाने युवकसम्म छैनन् । देशमा रोजगारीको अवसर सिर्जना गर्न नसक्नाले यसो भएको भन्ने कुरा पाँच कक्षामा पढ्ने विद्यार्थीले पनि भन्न सक्छ । देशमा रोजगारीका अवसर पैदा नगर्ने खालको आजको राजनीति त राजनीति नै होइन, नेताहरू नेता नै होइनन् । नेता भनेको ली क्वान यू, महावीर मुहम्मद, पार्क चुङ ही जस्तो हुनुपर्छ जसले तीन दशकमा आफ्ना देशलाई गरीव मुलुकवाट धनी, विकसित मुलुकको स्थानमा पुऱ्याइदिए ।

मैले प्रचण्डसित आफूले गर्न चाहेको मुख्य कुरा त अर्कै थियो । त्यो थियो माओवादी लडाकूहरूको समायोजन या पुनःस्थापन । मैले भनेँ शिविरहरूमा बस्ने व्यवस्था अवश्य पनि राम्रो छैन । कहिले जाडो कहिले गर्मी । कतिपय महिला लडाकूहरू त्यहीँ सुत्केरीसम्म भएका छन् भन्ने सुनिन्छ । शिविरमा नवजात शिशुहरूलाई कति कष्ट होला ? कम से कम ती सुत्केरी महिला लडाकूहरूलाई राहतस्वरूप केही रकम दिएर घर फर्की आफ्ना शिशुहरू हुर्काउन सहज वातावरण दिउँ । शिविरमा रहने अन्य सवल युवायुवतीलाई पनि सरकारी भरण पोषणमा त्यसै निष्क्रिय किन राख्ने ? आखिर राज्यको ढुकुटी पनि जनताकै ढुकुटी हो । त्यसकारण तपाइँहरूले भनेका ३० हजार जति लडाकूहरू र त्यति नै संख्यामा निष्क्रिय राखिएका नेपाली सेनाका जवानहरूलाई राजमार्ग खन्ने काममा लगाउँ । ६० हजार युवायुवतीले वाटो खन्न थाले भने एकै दिनमा ५ किलोमिटर बाटो खने भने पनि १०० दिनमा ५०० कि.मि.वाटो बन्छ र वर्ष दिनमा कम्तीमा १५०० कि.मि. बाटो बन्छ । मेची देखि महाकालीसम्म पहाडै पहाड अर्को पूर्वपश्चिम राजमार्ग बन्छ अथवा देवघाटदेखि मुस्ताङसम्म वाटो बन्छ । माओवादी लडाकू र नेपाली सेनाका जवानहरूको यस्तो सहकार्यले उनीहरूवीच मनोवैज्ञानिक एकीकरण पनि हुनजान्छ जसले तिनको समायोजन गर्न पनि सरल, सहज हुनेछ । मैले त्यसो भन्दा क. प्रचण्डले भन्नुभयो- "गर्न त त्यसै गनुपर्ने हो" । त्यसमा थप एक वाक्य पनि वहाँले भन्नुभएको थियो, "त्यसरी दिनभर सँगै परिश्रम गरेर साँझ सँगै नाचगान गरी खाना खाएर सुत्दा पुरानो वैमनस्य र दैनिक थकान पनि विर्सिदिन्छ ।" तर जवानहरूलाई विकास कार्यमा लगाउने कुरो कसैले गरेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो सबै बताउनको मेरो उद्देश्य के हो भने देशमा विकास निर्माणको कामलाई हाम्रो राजनीतिले कहिल्यै प्राथमिकता दिएन। नेकपा माओवादीले मात्र प्राथमिकता दिएन भनेको होइन। कांग्रेस, एमाले वा अन्य कुनै पार्टीले पनि प्राथमिकता दिएनन्। सबैको राजनीतिको केन्द्रविन्दु सत्तामात्र रहेको देखियो। विकास विनाको राजनीतिले देशलाई झनझन परावलम्वी वनाउँछ र वनाइरहेकै छ। त्यसकारण मेरो आग्रह छ, खास गरी युवा पुस्तामा मेरो अपिल छ कि अवको राजनीतिलाई आर्थिक सामाजिक विकासमा केन्द्रित रचनात्मक कार्यहरूमा परिणत गरौं। 'तनहूँ विद्यार्थी समाज'ले देखाएको वाटोमा पूरै नेपाल र नेपाली राजनीति अगाडि बढोस्। अव तनहूँमा एउटा विश्वविद्यालय खोलेर उच्च गुणस्तरीय शिक्षा प्रदान गरौं र अरुलाई पनि त्यस बाटोमा हिँड्न प्रेरित गरौं। तपाइँहरू २०० रोपनी जग्गा खोज्नोस् म पाँच करोड रुपियाँ खोज्छु। पाँच करोडले मात्रै विश्वविद्यालय त बन्दैन तर सुरुआत अवश्य हुनसक्छ। मैले त्यही भनेर आफ्नो मन्तव्य सिद्धयाएको थिएँ।

तर मेरो भाषणको कुनै प्रभाव परेन जस्तो लाग्यो। तनहूँमा विश्वविद्यालय खोल्ने काम गरौं भन्ने अनुरोध सुन्नेवित्तिकै कोही पनि त्यस विषयमा कुरा गर्न मकहाँ आएन। मलाई लाग्छ, नेताहरूका झुठा भाषण सुन्दासुन्दा जनतामा यति अविश्वास पैदा भएका छ कि उनीहरूलाई जसले जे भने पनि त्यसले कुनै असर गर्दैन। मैले भनेको कुरा आज कार्यान्वयन नहोला किनकि देशमा अहिले भोरजुवा जस्तो राजनीति चलिरहेछ। तर हाम्रा नेताहरूले देश बनाउनका लागि राजनीति गरेका हुन् भने एक दिन त्यो बाटोमा नहिँडेर सुखै छैन चाहे त्यो दिन सय वर्षपछि किन नआओस्। मेरो जीवनको उत्तरार्धमा पुगिसक्यो र आफ्नो जीवनकालमा देशले चाहेजस्तो विकास गर्न नसकेको देखेर दुःखी छ। तर नेविसंघ, अखिल, क्रान्तिकारीको युवा पुस्ता खोक्रा नाराहरूमाथि विवाद गर्न छाडेर कम से कम 'तनहूँ सन्देश' निकालेझैं गरी पचहत्तरै जिल्लामा विश्वविद्यालय सञ्चालन गर्ने अभियानमा सहकार्य गरून् भन्ने मेरो अपील छ।

✡💧💧💧✡

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

संजय पौड्याल
सचिव

शिव पौडेल
अध्यक्ष

ने.वि.संघ, वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पटमूर्खको गणित

[{+-(x/)t=0=@%?!!!}]

-प्रा.डा. तेजकेशरी उपाध्याय पौड्याल

तीनै कोष्टक भित्र उद्धरणले छेकी हिसाबै हुने
चारै जोड घटाउ भाग गुणनैले वर्गमूलै छुने
शून्यै मूल्य बराबरै प्रतिशतै झन् प्रश्न उद्धारको
को बुझ्ने पटमूर्खका गणितको के सार निःसार हो ॥

राम्रै खोज्दछ रे कलाकृतिविषे आँखा कलाकारको
मीठै खोज्दछ रे विशेष रसिलो भाखा कलाकारको ।
पूर्णै भेट्दछ रे अपूर्ण भवमा उल्ले सँधै सिर्जना
टन्नै मेट्छ अरे अतृप्त मनका लाखौं नयाँ सिर्जना ॥

देखी लालिगुरास झैं प्रकृतिको नौलो सुनौलो छवि
शेखी चूर्ण भयो सुझेन कविता टोलो पर्‍यो रे कवि ।
भित्रै अल्मलियो विचार मनको बोलूँ नबोलूँ भनी
श्रद्धा भक्ति रुमल्लियो अधर त्यो खोलूँ नखोलूँ भनी ॥

ल्याओस् है सुनमा सुगन्ध सरिको कल्ले भलो भावना ?
भ्याओस् गर्न पवित्र बन्धन सरी कल्ले ठूलो कामना ?
कस्तो लक्ष्य छ यो मनुष्य जुनिको उद्देश्य के हो लिने ?
के कर्तव्य छ मातृभूमि तिर लौ यो होश कल्ले दिने ?

संग्लो राख्न चरित्र देह मनको हीरा सरी उज्ज्वल
आस्था राख्न पवित्र भित्र सुकिलो मोती सरी निर्मल ।
ताकेका धनुबाण झैं नयनको दोटै उठेका चुली
छर्दै सौरभ पद्मचन्द्रमुखको शोभा बढाओस् फुली ॥

फोस्रो पुस्तकको पढाइ, खँदिलो विद्या त अर्कै छ रे
खोक्रा छन् दुइ चर्मचक्षु गतिलो आँखा त अर्कै छ रे ।
चर्को वा मधुरो छ तेज उसको तातो चिसो केसरी
को बुझ्ने र-गडेर भित्र नघुसी काटी लखै बेसरी ॥

भाषा छैन घुमाउरो हुन त त्यो बाङ्गै सरी झल्किने
सोझो अर्थ छ गूढ भाव तर त्यो छ्याङ्गै कहाँ झुल्किने
भित्री रूप चिनिन्न रे नजरको मैलो नधोइकन
सोझो अर्थ बुझिन्न रे रहरको थैलो न फोईकन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत छात्रावाससँग मेरो साइनो

-प्रा.डा.विष्णुराज आत्रेय

आज म तीनधारा छात्रावासबाट प्रकाशित हुने पत्रिका अरुणोदयका लागि अतीतको संझौटो कोर्दै छु ।

प्रधानमन्त्री रणोद्दीपसिंहलाई गोलीहानेको प्रायश्चित्तका लागि काठमाण्डौमा सबै सुविधासम्पन्न तीनधारा पाकशाला स्थापना गरी यसलाई रानीपोखरी संस्कृतपाठशाला संग सम्बद्धगरी संचालन गरिएको यो संस्था अहिले तीनधारा संस्कृत छात्रावासका नाउँले सुपरिचित छ ।

पौरस्त्य संस्कृत विद्याका साथ साथै आधुनिक शास्त्रको पनि अध्ययन गर्न पाउनु पर्छ भन्ने मागका साथ यसले जयतु संस्कृतम् को नारा गुञ्जायमान पार्दै एउटाआन्दोलन प्रारम्भ गऱ्यो । पछिगएर त्यसले एकतन्त्रीय राणाशासन विरुद्धको आन्दोलनको रूप लियो । संस्कृत छात्रावासले प्रारम्भ गरेको जयतु संस्कृतम् आन्दोलनको यो ऐतिहासिक गाथा अहिले देश विदेशमा समेत प्रसिद्ध छ । संस्कृतको अध्ययन अनुसन्धान हुने विदेशका विश्वविद्यालयहरूमा यसका अभिलेख पाइन्छन् र यसलाई संस्कृत जगतको गौरव गाथाका रूपमा लिने गरिन्छ । भारतका विभिन्न विश्वविद्यालयका छात्र,छात्रसंगठन तथा छात्रआन्दोलनसम्बन्धी शोधपत्रहरूमा यस आन्दोलनका गौरवगाथाको उल्लेख उच्च मूल्याङ्कनकासाथ गरिन्छ ।

हालै पनि नेपाल संस्कृत विश्वविद्यालयबाट अष्ट्रियाको भियना विश्वविद्यालयमा विद्यावारिधि गर्दै रहेकी प्रा.अलका आत्रेयले जयतु संस्कृतम् आन्दोलनबारे हालै एउटा टाक प्रोग्राम(Talk Program) दिएकी थिइन् । यसरी तीनधारा संस्कृत छात्रावास र जयतु संस्कृतम्को अन्योन्याश्रित संबन्ध छ ।

उहिलेको नेपालमा हालको जस्तो परीक्षा प्रणाली थिएन । परीक्षादिन भारतका कलकत्ता पटना र काशी जानु पर्थ्यो । तिनताका यस संस्कृत छात्राबासमा भर्ना भएर रानीपोखरी संस्कृत पाठशालामा पढ्ने विद्यार्थीहरूले वनारसको गभर्नमेन्ट संस्कृत कलेजमा गएर पढ्ने र परीक्षा दिने खर्च सरकारको तर्फबाटै पाउने गर्दथे । यस्ता बिद्यार्थीहरूलाई पन्ध्र रूपैया मासिक छात्रवृत्ति र परीक्षा फाराम भर्न अतिरिक्त फीसको पनि सुविधा दिइन्थ्यो । यसरी नेपालका कुना काप्चामा रही संस्कृतको अध्ययन गर्ने छात्रहरू यस्तो सुविधा प्राप्त गर्न काठमाडामैं ओइरिन्थे र यहाँबाट अध्ययन गरी बनारस गई परीक्षा दिएर राष्ट्रभरि आफ्नो विद्वत्ता र प्रतिभा कौशल फैंलाउन थाले ।

यसै क्रममा गुल्मी अमरभूमिका सुप्रसिद्ध विद्वान पं. जगन्नाथ अर्ज्यालका जेठा तथा माहिला छोरा क्रमश: रश्मिराज अर्ज्याल तथा पीताम्बर अर्ज्याल आफ्नो गृहगुरुकुलको अध्ययनपश्चात् काठमाडौं आए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रश्मिराज अर्ज्याल आफू छात्रावासमा भर्ना हुन रुचाएनन् । आफ्ना पिताले उहिले प्युठानमा वडाहाकिम हुँदादेखिनै चिनेका ठमेलका एकजना राणाजीका छोराछोरीलाई साँझ विहान अक्षर चिनाउने र पढाउने दिउसो रानीपोखरी संस्कृतपाठशालामा गई पढ्ने र पाठ लाइदिने काम गरेर वसे । भाइ पीताम्वर अर्ज्याललाई भने उनले तीनधारा संस्कृत छात्रावासमा भर्ना गरिदिए ।

दुर्भाग्यको कुरा पीताम्वर अर्ज्याल छात्रावासमा वसी अध्ययन गर्दागर्दै विरामी भएर दिवंगत भ्रए । अमरभूमिकै अर्का छात्र डिल्लीराज अर्ज्यालले पनि संस्कृत छात्रावासमा वसी अध्ययन गरेका थिए । यिनी त्यसवेला श्रुतधरको उपाधिले प्रसिद्ध थिए ।

रश्मिराज अर्ज्याल, पीताम्वर अर्ज्याल र डिल्लीराज अर्ज्यालका प्रतिभाको त्यसवेला यस्तो प्रभाव परेको थियो कि गुल्मी भेगका छात्रहरूलाई रानीपोखरी संस्कृत पाठशालाका गुरुहरूले अत्यन्त स्नेह र सहृदयताका साथ व्यवहार गर्दथे । छात्रावासमा सिट खाली हुँदा साथ यिनीहरूले त्यहाँ भर्ना हुने प्राथमिकता पाउँदथे ।

स्मरणीय छ, रश्मिराज अर्ज्याललाई अमरभूमिका अर्ज्याल विद्वान् र छात्रहरूको सदाचारिता र अध्ययनशीलताको प्रशंसा गर्दै पं जीवनाथ नेपालले संस्कृतमा केही श्लोक रचनागरी दिएका थिए । वि.सं १९६१ श्रावणमा रश्मिराजलाई उनले दिइएका केही श्लोक यस्ता छन् –

धन्यास्ते प्रविसन्ति ये द्विजवरास्तीरे पवित्रे सदा
गण्डक्या अमृताम्बुपानगलिताशेषैनसः सद्व्रताः ।
कृष्णायाः सलिले पवित्रतनवः सम्मज्जनाद् यत्र वै
देवा अप्यवगाहनं प्रकुरुते ग्रावस्वरूपं गताः ॥ १ ॥
तत्रत्या ब्राह्मणा सर्वे स्वाध्याचारतत्पराः ॥
सद्वृत्ताः पूतमनसः पूतगात्रा विचक्षणाः ॥२।

विनम्रतापूर्वक निवेदनीय छ , उहाँ रश्मिराज अर्ज्याल मेरा प्रातः स्मरणीय पितामहः हुनुहुन्थ्यो र पीताम्वर अर्ज्याल मध्यम पितामह ।

रश्मिराजकी एउटी वहिनीको विवाह रानीपोखरी स.स्कृतपाठशालाका तात्कालिक व्याकरणाध्यापक व्याकरण पोष्टाचार्य पं. हेमनाथ घिमिरे सँग भएको थियो । उहाँले काठमाडौंमा पढाउन थालेपछि गुल्मी, अर्घाखाँची, प्युठानसम्मका छात्रहरू धेरै संख्यामा काठमाडौंमा आइ पढ्न थाले । उहाँको घर डिल्लीबजारको धोवीधारामा महाकवि देवकोटाको पुरानू घरको नजिकै थियो । त्यो घर पछिसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम नेपालवाट आउने मानिसहरूका लागि एकमात्र डेराडन्डा गर्ने ठाउँ भएको थियो ।

विद्वद्वर रश्मिराज अर्ज्याल काठमाडौंमा पढ्न वस्दाताका उहाँका घनिष्ठ साथी थिए - महापण्डित दधिराम मरासिनी र कवि शिरोमणि लेखनाथ पौड्याल, रश्मिराज लेखनाथ र दधिरामको निकै मिल्ती थियो । ती मध्ये दधिराम र लेखनाथ दुवै जना नेपालीमा कविता रचना गर्दथे । यतिमात्र होइन ,दधिराम लेखनाथलाई कवितालेख्न सिकाउँथेपनि । रश्मिराज अर्ज्याल भने संस्कृतमा रचना गर्न मन पराउँथे । आफ्ना दुई साथीहरूले नेपालीमा कविता रचना गरेकोमा उनी शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति भनेर जिस्कचाउँथे ।

हाम्रा प्रातःस्मरणीय हजुरवुवा रश्मिराज अर्ज्यालले मलाई दधिराम मरासिनीको हरिहर संस्कृत विद्यालय खिदिममा भर्ना गर्न लिएर जाँदा धेरै वर्षपछि ती दुई सहपाठीको भेट भएको थियो । त्यस वखत दधिराम मरासिनीले शास्त्रेषु भष्ट्राः कवयो भवन्ति भन्नेपंक्ति दोहोऱ्याउँदै परम मित्र रश्मिराज अर्ज्याललाई आफ्नो संस्कृत काव्यकृति श्रीरामचरितामृतम् उपहार दिनुभयो । त्यसवेला दुवै मित्रहरूले आँखावाट हर्षाश्रु झार्दै आफ्ना छात्रावस्थाका कुरा गरेको मलाई अझै पनि संझना छ ।

२०२६ सालमा राजपत्राङ्कित तृतीय श्रेणीको व्याकरण प्राध्यापक पदमा म तात्कालिक वाल्मीकि संस्कृत महाविद्यालयमा नियुक्त भएँ । यो महाविद्यालय पछि त्रि.वि. संस्कृत अध्ययन संस्थान अर्न्तगत भएपछि तीनधारा संस्कृत छात्रावासको व्यवस्थापन डीन कार्यालयले आफ्नो जिम्मामा लियो । यसबाटै छात्रावासको सुपरिन्टेन्डेन्ट नियुक्त हुने व्यवस्था भयो । म आफूले यस गौरवपूर्ण छात्रावासमा भर्ना भई पढ्ने सौभाग्य नपाए पनि यसको सुपरीटेन्डेन्टको रूपमा केही समय सेवा गर्ने मौका पाएँ । यसलाई मैले आफ्नो जीवनको गौरवपूर्ण समय ठानेको छु ॥

त्यस बेला यस पदको आफ्नै महत्व र गरिमा थियो । शताधिक छात्रहरूको एक्लो अभिभावक भएर बस्नु चानचुने कुरा थिएन । छात्रलाई संझाई बुझाई छात्रावासमा नियमित राख्नुभनेको सानो-सानो सगरमाथा चढ्नुजस्तै थियो । त्यसवेलाका छात्रहरू अत्यन्त अध्ययनशील रचनात्मक सोचका भएकाले पनि मेरो कार्यकालमा यस्तो नराम्रो हर्कत गरेनन् । सानातिना समस्याहरू संवादमै समाहित हुन्थे । त्यसै भएर मेरा सहकर्मी मित्र खेमराज केशवशरणले मलाई सुपारी तेन्जिङ्ग भनेर हाँसो गर्ने गर्थे । यसको अर्थ थियो सानो तेन्जिङ्ग ।

संस्कृत छात्रावासमा आवासीय सुपरिवेक्षक भएको म नै पहिलो व्यक्ति हुं । छात्रावासको मूलद्वारकै माथि उत्तरतिर सुपरीटेन्डेन्टको आवास थियो । भर्खरै विहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको हुनाले आफ्नी भार्या आर्या आत्रेयका साथ सुपरिटेन्डिन्टको आवासमा मैले पहिलो प्रवेश गरें ।

तात्कालिक श्री ५ को सरकारवाट विश्वविद्यालयीय व्यवस्थापनमा आएको यस संस्कृत छात्रावासका छात्रहरू आफूलाई अलि खुकुलो अलि फुकुलो र केही हलुको भएको पनि महसुस गर्दथे । संस्कृत परम्परामा वढे पढेको सुपरीटेन्टिन्ट पाएर छात्रहरू पनि प्रसन्न थिए, छात्रावासमा संस्कृतमै वोल्ने व्यवहार गर्ने प्रेरणा र प्रयास पनि मैले थालेको थिएँ तर त्यसले पूर्णता भने पाउन सकेन । किनभने स्नातकोत्तरकक्षामा अध्यन गर्ने छात्रहरू त्रि.वि.को नेपाली अंग्रेजीआदि विषयमा पनि अध्ययन गर्ने हुँदा तिनीहरू संस्कृत वोल्ने अभ्यासगर्न समय पाउँदैनथे । हामी भने आवासमा संस्कृतै वोल्दथ्यौं । छात्रहरूपनि म संग वोल्दा संस्कृतमै वोल्ने प्रयास गर्थे । कति रमाइला थिए ती दिनहरू !! **ते हि नो दिवसा गताः ।**

म त्यहाँ पुगेपछि केही बर्षदेखि उपयोग विहीन भएर थन्किएको छात्र पुस्तकालय क्रमशः नियमित रूपमा खुल्न थाल्यो । छात्रकार्यसमितिको पनि पुर्नगठन भयो । धेरै दिनसम्म कुनै क्रियाकलाप नभई थन्किएको प्रार्थना कक्षमा पाक्षिक रूपमा कार्यक्रम चल्न थाले । पन्ध्र-पन्ध्र दिनमा कविता वाचन, वादविवाद र त्यस वेलाका गन्यमान्य व्यक्तित्वलाई प्रवचन गराउने कार्य चल्यो । भारतीय राजदूतावासमा सम्पर्क गरी भारतबाट सर्वप्रथम वनेको संस्कृत सिनेमा शंकराचार्यलाई नेपालमा भिकाई पहिलोपल्ट संस्कृत छात्रावासको यसै प्रार्थना कक्षमा प्रदर्शन गरियो । त्यसबेला दर्शकहरूको भीड छात्रावासमा अटाइनसक्नु थियो ।

त्यस समयका छात्रावासका होनहार छात्रहरूमा भूपहरि पौडेल, हृषीकेश उपाध्याय, दुर्गाप्रसाद अर्ज्याल, लक्ष्मीकान्त पन्थी, कोषराज न्यौपाने, मोहनप्रसाद तिमल्सिना, कृष्ण ज्ञवाली, नरेन्द्रराज पौडेल, विष्णुहरि पौडेल 'हिमांशु ,'विष्णुहरि पौडेल 'विरही' , कृष्णप्रसाद भट्टराई, आत्माराम घिमिरे 'राजु' आदि छात्रहरू थिए । जो अहिले राष्ट्रका विशिष्ट ओहोदामा विभिन्न क्षेत्रमा कार्यरत छन् । यसबाट मलाई अहिले पनि गौरवबोध हुन्छ ।

तिनैताका महेश योगीको काठमाडौं आउने कार्यक्रम बन्यो । काठमाडौंलाई विश्वको आध्यात्मिक राजधानी वनाउने महत्वपूर्ण योजना लिएर उनी नेपाल आउँदै थिए । मैले तिनका व्यवस्थापकसँग सल्लाह सम्पर्क र सल्लाह गरे । उनी आए, उनको प्रवचन कार्यक्रम सर्वप्रथम संस्कृत छात्रावासमै गराइयो । जनस्तरमा नेपालमा टेलिभिजनको प्रर्दशन सम्भवतः संस्कृत छात्रावासमै भएको थियो । महेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगीले ल्याएका चारवटा टेलिभिजन मध्ये एउटा टेलिभिजन उनी फर्कदा संकृत छात्रावासलाई नै दिने निर्णय भएको थियो । छात्रावासका विद्यार्थी र म यस कुराबाट निकै उत्साहित थियौं तर दुर्भाग्य काठमाण्डौंका ठुला वडाहरूलाई इर्ष्या भयो । हामीले टेलिभिजन पाउन सकेनौं । यसको डाडु पन्यु अर्कैले हत्याए । यो सम्म त ठीकै थियो । महेश योगीलाई पछि यिनका क्रियाकलापले वितृष्णा भयो । तिनको योजना नै खरानीमा परिणत भयो । तर हामीले हाम्रो उत्साहमा कमी हुन दिएनौं । हामीले आफ्नो जोशजाँगरमा कमी आउन दिएनौं । एक पल्ट संस्कृतछात्रावासका कलाकार छात्रहरूलाई लिएर भारतको उज्जैन शहरमा गई संस्कृत नाटकको सफल मञ्चन गरेको रमाइलो कुरा पनि म कहिले बिर्सिन्न ।

यसरी मेरो कार्यकाल पनि क्रमशः समाप्त भयो । म आफूले बनाएको घर बत्तीसपुतलीमा सरें । त्यहाँ रहदाँ एउटामात्र नरमाइलो के भयो भने मेरो काहिँलो मामाको छोरा साहित्य मध्यमामा पढने छात्र ,जो म सगैं आवासमा बस्दथे, अतिवेगमा चलाएको पशुपति गिरिको गाडीद्वारा दुर्घटित भएर दिवंगत भए । यही हो संस्कृत छात्रावाससँगको मेरो साइनु- सपनु ।

संस्कृत छात्रावास र यसका छात्रहरूको आफ्नो गौरवमय इतिहास छ। यसले राष्ट्र र समाजका विभिन्न क्षेत्रमा गहकिलो छाप छोडेको छ । संस्कृतको महत्व नेपाल र नेपालीले कम बुझेको जस्तो लाग्छ मलाई । सरकार र यसका सञ्चालकहरू त यसबारे निष्पट्ट अन्धा नै भएको म ठान्दछु । तर समय यस्तै रहने छैन ।

संस्कृत नै नेपालको अन्तराष्ट्रिय प्रतिष्ठा हो , गौरव हो । हाम्रो महत्वपूर्ण नीधि हो । संस्कृत छात्र नै नेपालका सुखद् भविष्यका सपना हुन् । वर्तमान राजनीतिक तरलताको प्रभाव अन्य क्षेत्रमा जस्तै संस्कृत छात्रावासमा पनि पऱ्यो । विगतका केही बर्षहरूमा यसले आफ्नो गौरवमय परम्परालाई अलि बिर्सेजस्तो अनुभव हुन्थ्यो ।

अहिले आएर संस्कुत छात्रवासले फेरी आफ्नो पौरखी अतीतको सिंहावलोकन गरेजस्तो छ । संस्कृत छात्रावासमा फेरि अरुणोदय भएको जस्तो छ । यसको प्रतिनिधि पत्रिका अरुणोदयको प्रकाशन फेरि हुन थालेको छ। संस्कृतछात्रावास नै नेपालमा संस्कृत विकास र समुत्थानको ऐना हो। यो कुरा हामी सबैले बुझ्नु जरूरी छ। छात्रवासका सबै छात्रहरूलाई बधाई ! अरुणोदयका सम्पादकभाइलाई विशेष बधाई

जयतु संस्कृतम् ।

✡●●●●✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरे के हुँदैन ?

कृष्ण ज्ञवाली,
सचिव, स्थानीय विकास मन्त्रालय

वाँझो धर्ती मलजल गरे उर्वरा बन्न पुग्छ
नाङ्गो पाखो मिहिनत गरे वाटिका बन्न सक्छ
मान्छे नै हो सवकुछ यहाँ आँटनुमात्र पर्छ
'गर्छू' मात्रै भन हृदयले सिर्जनामूल फुट्छ !

भन्छन- "मान्छे गगनतलमा सैर गर्दैरहेछ"
भन्छन् - "धर्ती क्षणभरमहाँ भस्मसात् बन्न सक्छ"
"एक्काइसौ शदि पनि अहो ! आई पो लौ सकेछ
'टेक्नोलोजी' परमययुगमा पुग्न थालिरहेछ" !

किन्तु हाम्रो दयनीय दशा हेरिसक्नू भएन
"होला-होला" भनि भनि वित्यो क्यै यहाँ भैदिएन
झूठो वाचा गरि गरि वित्यो गर्न केही परेन
यस्तो लज्जास्पद गतिविधी अन्त कैं देखिएन !

आऊ यौटा जग गहकिलो सिर्जनाको उठाऔं
आजैदेखि प्रगतिपथको दीर्घयात्रा चलाऔं
आलेटाले अब यसोउसो गर्न लौ पाइँदैन
देखी आफ्नो दयनिय दशा के मुटू पग्लिदैन !

पढनु लेख्नु सव यहि परिप्रेक्ष्यमा भैरहेछ
'डिग्री' 'जागिर्' यति दुइ कुरा मन्त्र झैं भैरहेछ
"जागिर् खाउ तर सँगसँगै राष्ट्रलाई नबिर्स
साँचो तीतो भइदियो भनी त्यत्तिकैमा नतर्स !

कोरा पोथीहरू ठुलठुला फर्र फोएर हुन्न
'प्राक्टिस' टाढा भइदियो भने हुन्छ 'थ्योरी' अपूर्ण
जे जे वोल्छौ त्यहि त्यहि सवै कर्म गर्दै डटेर
वढ्दै जाऊ प्रगतिपथमा नत्र के भो पढेर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्री मन्त्र के हो?

-डा. लक्ष्मीकान्त पन्थी

सह-प्राध्यापक त्रि.वि.

जसवाट अनन्त ब्रह्माण्डको सृष्टि हुन्छ, जसबाट विश्वको अति विशुद्ध संविधान वेदको प्रादुर्भाव हुन्छ, जसमा विशाल सूर्यको प्रभामा छाताको छायाफैं मायाको छाया परेका भाग ब्रह्माण्ड रूपमा देखिन्छ। यसै गरी त्यो अति विशाल ब्रह्मतत्वमा विभिन्न थरी मायाका छाया पर्दछन् र त्यसवाट अनन्त ब्रह्माण्ड स्फुरण हुन्छन्। त्यही मूलतत्व नै ब्रह्मगायत्रीको पूर्वावस्था या स्वरूप हो। यो गायत्री मन्त्र तीन पाउ भएको र तीन पाउ भएको मन्त्रलाई गायत्री छन्द मानिएको हुनाले यो गायत्री छन्द भएको सावित्री मन्त्र हो किनभने यसवाट सविताको ध्यान गरिन्छ तथा यो मन्त्र जसले जप्छ या मनन गर्छ त्यसको परित्राण गर्ने हुनाले 'गायन्तं त्रायते' यस अर्थमा गायत्री भन्ने नामले प्रसिद्ध भएको हो। यस्तो गायत्रीको प्रस्फुटन सर्वप्रथम सविवताबाट भएको हो। सरति आकाशे इति सूर्यः। तथा सुवति लोकान् प्रेरयति इति सविता , उक्त दुवै विग्रहवाट सूर्य र सविता शव्द निष्पन्न हुन्छन्। 'सविता' शव्दले सूर्य, सम्पूर्ण चराचरका आत्मा, ईश्वर विष्णु वा ब्रह्मलाई निर्देश गर्दछ। अर्थात् 'सविता' भन्नु सूर्य, प्रकाशक ज्योति, प्रेरक तत्व, ज्ञान, वेद वा ब्रह्म हो। सूर्यको उपासनामा सूर्यलाई त्रयीमय, त्रिगुण, ब्रह्मा, विष्णु र शिव स्वरूप बताइएको छ। यसबाट सूर्य भन्नु तीन वेद, तीन गुण र तीन तत्वको एक समष्टिपुञ्ज रहेछ भन्ने बुझिन्छ। शतपथ ब्राह्मणले सूर्यका समस्त विश्वमा व्याप्त भएका किरणलाई ऋग्वेद वा ऋग्लोक, सूर्यमण्डलको परिधिलाई सामवेद वा सामलोक र सूर्यमण्डलकै भित्र रहेको मूल तत्वलाई यजुर्वेद वा यजुर्लोक भनेर बताइएकोवाट सूर्य र वेदको अभेदसम्वन्ध रहेको स्पष्ट हुन्छ। श्रीमद्भागवतमा पाइने महर्षि याज्ञवल्क्यको वेदस्वरूप सूर्यनारायणको उपासना गरेर शुक्ल यजुर्वेद प्राप्त गरेको आख्यायिकाबाट पनि सूर्य र वेदको अभेद सम्बन्ध पुष्टि हुन्छ।

अर्को कुरा वेद भनेको ब्रह्म हो। ब्रह्म भनेको यस मायामय संसार भन्दा पर, पूर्णप्रकाश, स्वयं ज्योति, अखण्ड, अविनाशी, अतिविशाल, सत्य, ज्ञान र सुखस्वरूप, अखण्ड बुद्धिद्वमाम बोधगम्य सबैको आत्मतत्व हो। यसैबाट अनन्त ब्रह्माण्डको सृष्टि हुन्छ, यो भरिपूर्ण बन्दछ। यसैमा अनन्त विश्वको विलय हुन्छ , शून्य बन्दछ। यो ब्रह्मतत्व वा सूर्य जगत्को र स्थावरको समेत आत्मा हो। अत एव सम्पूर्ण कालका आत्मा, सत्य, ज्ञान र सुखस्वरूप, वेदान्तमा संलग्न भएको अखण्डवुद्धिद्वारा जान्न सकिने, तीनै वेद वा ब्रह्मरूपी सूर्यबाट विष्णु, ब्रह्म र शिव तीन तत्वस्वरूप अ+उ+म त्र्यक्षरात्मक ॐकार एवं भूः भुवः स्वः महाव्याहृति तथा एक एक पाउ गरी ब्रह्म गायत्रीलाई स्वयं ब्रह्माजीले सारतत्वका रूपमा दोहन गरी खिंचेर लिएका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो ॐकार एवं महाव्याहृतिपूर्वक ब्रह्मगायत्री भन्नु त्रयीमय, त्रिगुणात्मधारी, ब्रह्मा, विष्णु र शिवस्वरूप सम्पूर्ण जगतका आत्मा सूर्यकै प्रार्थना हुन् । ब्रह्माकै मुख अथवा ब्रह्माज्ञानकै द्वार हुन् ।

गायत्रीमन्त्रको अर्थ र व्याख्या

जसले हाम्रो बुद्धिलाई सत्कर्मको अनुष्ठानमा प्रेरणा गरिरहन्छ, त्यस्तो सँधै ज्योतिर्मय रूपमा रहने सबैको प्रेरक वा सबैलाई प्रादुर्भाव गराउने हिरण्यगर्भ वा सूर्यमण्डलभित्र रहने दिव्यपुरुषको सबैको प्रार्थनीय र सबै पाप या वासनालाई जलाउन सक्ने तेजको ध्यान गर्दछौं ।

यो देवः सवितास्माकं धियो धर्मादि गोचरे ।
प्रेरयेत् तस्य यद्भर्गस्तद्वरेण्यमुपास्महे ॥
तदित्यवाङ्मनोगम्यं ध्येयं यत्सूर्यमण्डले ।
सवितुः सकलोत्पत्तिस्थितिसंहारकारिणः ॥
वरेण्यमाश्रयणीयं यदाधारमिदं जगत् ॥
भर्गः स्वसाक्षात्कारेण ह्यविद्याकार्यनाशनम् ।
देवस्य दीप्यमानस्य स्वानन्दे क्रीगतोऽपि वा ॥
धीमह्यहं स एवेति तेनैवाभेदसिद्धये ।
धियोन्तः करणे वृत्तीः प्रत्यक्प्रवणचारिणीः ॥
य इत्यलिङ्गनिर्देशः सत्यज्ञानादिलक्षणम् ।
नोस्माकं बहुधाभ्यस्त भेदभिन्नदृशां तथा ॥
प्रचोदयात् प्रेरयति प्रार्थनीयं विशिष्यते ।
वेदव्यासेन संप्रोक्ता व्याख्या ज्ञानानुसारिणी ॥

उपर्युक्त गायत्रीको अर्थमा सूर्यमण्डलभित्र रहेका बुद्धितत्वको प्रेरक एवं शक्तिशाली दिव्य तेज छ, त्सको ध्यान गर्दछौं भनिएको छ । ध्यान भनेको चित्तका बाह्यवृत्तिहरूलाई निरोध गरी एक वस्तुको अखण्डरूपमा स्मरण गर्नु हो । गायत्रीद्वारा गरिने ब्रह्मकै ध्यान हो । नित्य एउटै कुरालाई एकाग्र चित्तवृत्तिले स्मरण गरिरहेमा त्यसको प्रतिविम्व अवश्य पनि हृदयमा पर्न आउँछ र तन्मय भै हाल्दछ । निर्विकार शुद्धतत्वमा तन्मयता हुनासाथ उपासक पनि निर्विकार एवं सदा आनन्दमय बन्दछ । वाहिरी विषयको आसक्ति कत्ति रहँदैन र अन्तर्मुखी वृत्तिद्वारा आनन्दको अनुभव गरिरहन्छ । यस्तो भएपछि भावना अनुसार सिद्धि वा मुक्ति सहजै प्राप्त हुन्छ । 'गानात् त्रायते' वा 'गायन्तं त्रायते' भन्ने गायत्री शव्दको व्युत्पत्तिबाट पनि उपासकलाई गायत्रीले आमाले जसरी रक्षा गर्छिन् भन्ने बुझिन्छ । संक्षेपमा गायत्रीको अर्थलाई यसरी अनुवाद गर्न सकिन्छः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"तत्तेजो धीमहि श्रेष्ठं देवस्य सवितुर्वयम् ।
अन्तस्तमोऽपहाराय धियोयन्न प्रचोदयात् ।"

(हामी भगवान् सूर्यनारायणको मण्डलभित्र रहेको त्यो उत्तम तेजको ध्यान गर्दछौं, जसले हाम्रो भित्री अन्धकारलाई हटाएर हाम्रो बुद्धिलाई सन्मार्गतिर प्रेरित गर्दछ ।)
यही कुराको प्रत्यक्ष अनुभव गरेर नै हाम्रा पूर्वज अनेक ऋषिमहर्षिहरू कौपीन लगाई, कन्दमूल खाई, गुफामा वसी ध्यान गरेर परमानन्दमा मस्त भए । परमात्मालाई प्राप्त गरे । अष्टसिद्धिलाई कठपुतलीझैं नचाए, सुखभोग गरे, अविजेय भए, मानव जीवन सफल बनाए । आज उनैका सन्ततितन्तु गायत्रीको महत्व र ध्यानवाट मिल्ने दिव्य शक्तिको महिमालाई नबुझेर, नपत्याएर, उपेक्षा गरेर ध्यान गर्न छाडेका छन् र दीन, हीन एवं क्षीण हुँदैछन् । त्यसैले होला हाम्रा कविशिरोमणिले आजका ब्राह्मणलाई देखेर मनलाई यसरी सोधी रहेका छन् :-

त्रिकालदर्शी जगतै कपाउने, अहो ! उही ब्राह्मण वर्ग हो भने
दरिद्र कुत्ता सरि आज भो किन? तँलाई मालुम् छ कि यो कुरा मन
किन्तु यसको क्रियात्मक उत्तर कहाँवाट मिलोस्?

गायत्रीको उपासना र ध्यान

ब्रह्मगायत्रीद्वारा ब्रह्मको उपासना र ध्यान गरिन्छ । अत एव गायत्री मन्त्र जप्ने गायत्रीका उपासकले पनि गायत्रीद्वारा ब्रह्मकै उपासना गर्दछन् । गायत्रीका उपासनाका विभिन्न रूप छन् । तिनका पनि बेग्ला वेग्लै विधि विधान छन् । एकातीर त्रिकाल सन्ध्योपासना गर्दा देखि लिएर हजार संख्याच सम्म जप्ने विधान छ भने अर्कातिर एक अक्षरको एक लाखका हिसावले पुरश्चरण गर्ने विधान पनि छ । ब्रह्मगायत्रीका चौवीस अक्षर हुनाले पुरश्चरण गर्दा चौबीसलाख गायत्री जप्नुपर्छ । पुरश्चरण भनेको मोक्ष प्राप्तिपका लागि गरिने पूर्व कर्म हो । जति धेरै जप्यो उति मन्त्र आत्मसात् हुने हुँदा पुरश्चरण गर्नाले उपासक मन्त्रसिद्धिको अधिकारी बन्दछ । गायत्री मन्त्र हो । 'मननात् त्रायते' यस विग्रह अनुसार मनन गर्नाले मात्र पनि जसले रक्षा गर्छ त्यो हो मन्त्र । मन्त्रको जप गर्नुपर्दछ । ओठमात्र चलाएर गरिने उपांशु जप वा मानसिक रूपमा गरिने मानस जप समेत दुई किसिमवाट गर्न सकिन्छ । यसरी जप गर्दा चित्तवृत्तिहरू अन्तर्मुख हुन्छन् । सविता शक्तिकों आलोक क्रमशः साधकमा झल्किन्छ र तन्मयता प्राप्त हुन्छ । अत एव सविधि पुरश्चरण गर्नाले उपासक मन्त्रसिद्धिको अधिकारी बन्दछ ।

ब्रह्मगायत्रीको ध्यान भन्नु ज्योतिर्मय ब्रह्मस्वरूपकै ध्यान हो , सगुण र निर्गुण गरी ब्रह्का दुई तह छन् । सकाम भावनाबाट सगुण ब्रह्मको ध्यान र उपासना गर्नाले सांसारिक सुख, आनन्द, अभ्युन्नति एवं अष्टसिद्धि आदि सिद्धि प्राप्त हुन्छन् । निष्काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावनाबाट निर्गुण ब्रह्मको ध्यान र उपासना गर्नाले मोक्ष प्राप्ति हुन्छ । गायत्रीको उपासनाबाट धर्म, अर्थ, कामरूप त्रिवर्गको सिद्धि हुने र मोक्ष समेत मिल्ने हुँदा पुरुषार्थचतुष्टयकै प्राप्ति हुन्छ । त्यसैले त्रिवर्गका इच्छा गर्ने साधकहरूको अभीष्ट सिद्धिका लागि गरिने गायत्रीको ध्यान यस्तो छ : " मोती जस्तो, मुगा जस्तो, सुन जस्तो, नीलमणि जस्तो, र सेतो आभा भएका पाँच मुखमण्डल तथा प्रत्येक मुखमण्डलमा तीन तीन आँखा भएकी, अर्धचन्द्रमा र रत्न जडिएको मुकुट पहिरेकी, ब्रह्मतत्वका चौबिस तत्वको प्रतीक चौबीस आधार भएकी , आठ हातमा क्रमश: वर, अभय, अङ्कुश, कोर्रा, सेतो कपाल, डोरी, शङ्ख, चक्र तथा दुई हातमा कमल गरी दश वस्तु धारण गरेकी गायत्री मातालाई ध्यान गर्दछु । "

यो सगुणब्रह्मको ध्यान हो तथापि यसवाट सगुण, निर्गुण दुवै भावना अनुसार उपासना गर्नाले साधकलाई तदनुकूल नै सिद्धि मिल्दछ । संक्षेपमा गायत्रीको ध्यानलाई यसरी वताउन सकिन्छ :-

"त्यो तेजको चिन्तन गर्नुपर्छ
जो सूर्यको मण्डलभित्र हुन्छ ।
जस्ले हटाई हृदयान्धकार
सन्मार्गमा वुद्धि लगाईदिन्छ ॥"

गायत्रीको महिमा

गायत्रीको महिमा अपार छ । अत्यन्त रहस्यपूर्ण र वर्णनातीत छ । जस्तो आकाश असीमित, व्यापक र विशाल छ । यसमा पक्षीहरू आफ्ना आफ्ना शक्ति र वेग अनुसार सीमित क्षेत्रमा उड्छन्, पूर्ण आकाशमा उड्न सक्दैनन् । जस्तो पृथ्वी विशाल छन् । तिनमा कति शक्ति छ भन्ने इयत्ता कसैलाई छैन । यस्ती कामधेनु समान पृथ्वीको माथिल्लो भाग(सतह) बाट मात्र पनि मानवले इच्छा अनुसार उपयोग्य सामग्रीहरू प्राप्त गरिरहेका छन् , त्यस्तै गायत्रीबाट पनि अति प्राचनिकाल देखि अनेक थरी उपासकले आफ्ना आफ्ना इच्छा बमोजिम विभिन्न किसिमका फलहरू पाउँदै आएका छन् । अहिले पनि गायत्रीमाताको विधिपूर्वक उपासना गर्नेले इच्छाबमोजिम लक्ष्य प्राप्त गर्न सक्छन् ।

अव गायत्रीको महिमा वताउने केही प्रसङ्गहरूको उल्लेख गर्नु उपयुक्त देखिन्छ । वृहदारण्यकोपनिषद्मा गायत्रीको ठूलो महिमा बताइएको छ । जो यस्तो छ :-

क) भूमिरन्तरिक्षं द्यौ: - यसमा आठ अक्षर छन् र गायत्रीका पहिला पाउमा पनि आठै अक्षर छन् । अत एव जसले गायत्रीको पहिलो पाउ जान्दछ त्यसले तीनै लोक जित्दछ । 'ऋचोयजूंषिसामानि' यसमा आठ अक्षर छन् र गायत्रीका दोस्रा पाउमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आठै अक्षर छन् । अत एव जसले गायत्रीको दोस्रो पाउ जान्दछ त्यसले सम्पूर्ण त्रयी विद्या जित्दछ । 'प्राणापानव्यान:' यसमा आठ अक्षर छन् र गायत्रीका तेस्रा पाउमा पनि आठै अक्षर छन् । अत: एव गायत्रीको तेस्रो पाउ जान्नेले समस्त प्राणीजातलाई जित्दछ । गायत्रीको चौथो पाउ- जो परोरजा देखिने वाला र आकाशमा दीप्यमान् छन्-लाई जसले जान्दछ त्यो कीर्ति र ऐश्वर्यले प्रकाशमान हुन्छ । यी गायत्री यही चौथो पाउमा अडिएकी छन् । चौथो पाउ सत्यमा अडिएका छन् । सत्य भनेको चक्षु हो किनकि कुनै दुई जनामा 'मैले देखें' र 'मैले सुनें' भन्नेको विवाद भएमा जसले 'देखें' भनेको छ त्यसैलाई लोकले पत्यार गर्छ । त्यो सत्य पनि वलमा अडिएको छ । त्यसकारण सत्यभन्दा बल ओजस्वी छ । त्यो वल पनि प्राणमा अडिएको छ । अत एव गायत्री अध्यात्ममा अडिएकी छन् । 'गया' भनेको प्राणहरूलाई रक्षा गर्ने भन्ने व्युत्पत्तिवाट यिनको 'गायत्री' नाम रहेको छ । यी गायत्री जसले अरुलाई भन्दछ ती दुवैको प्राणरक्षा गर्छिन् । जसले गायत्रीको उपासना गर्दछ त्यसले सम्पूर्ण लोकको प्रतिग्रह लिएमा पनि गायत्रीको एकपाउ मात्र उपासनाको फल जति पुग्दैन । जसले तीनै लोकको प्रतिग्रह दिन्छ त्यो सबै गायत्रीका पहिलो पाउ जप गरेको पुण्यले पचाउँछ । जसले सम्पूर्ण त्रयीविद्या प्रतिग्रह लिन्छ त्यो सवै दोस्रा पाउ जप गरेको पुण्यले पचाउँछ । जसले सम्पूर्ण प्राणीजातहरूको प्रतिग्रह लिन्छ त्यो सबै तेस्रा पाउका जपको पुण्यले पचाउँछ । जसले गायत्रीको चौथो पाउ जान्दछ त्यसको पुण्यले पचाउने त केही वस्तु छैन । तीनलोक त्रयीविद्या र सम्पूर्ण प्राणीभन्दा अरु वढी प्रतिग्रह कसले लिन सक्छ र? (अर्थात् यी सम्पूर्ण प्रतिग्रह पचाउने शक्ति भन्दा वढ्ता शक्ति गायत्रीमा छ अत: गायत्रीको उपासना गर्नु योग्य छ) गायत्रीको उपस्थान यस्तो छ :- हे गायत्री ! तिमी एक पदी , द्विपदी, त्रिपदी र चतुष्पदी पनि हौ । तिमीलाई छुट्याउन सकिन्न । तिम्रो चौथो पाउ दृश्यमान परोरजालाई नमस्कार छ । गायत्री जान्नेले यसले यो वस्तु नपाओस् भनी श्राप गरेमा र यसलाई यो कामना मिलोस् भनी आशीष दिएमा त्यसको फल उसलाई प्राप्त हुन्छ ।

ख) यसै उपाख्यानलाई अनुवाद गरी महर्षि वेदव्यासले पनि गायत्रीको महिमा देवी भागवत्मा यसरी वताएका छन् : नारायणद्वारा वताइएको शक्तिस्वरुपिणी गायत्रीको महिमा यसप्रकार छ:- कुनै समयमा हलाहल नाम गरेको दैत्यका साथै देवताहरूको एक हजार वर्षसम्म युद्ध हुँदा शक्तिका प्रभावले उनीहरूको जीत भयो । आ-आफ्ना घरमा गई शक्तिको ख्याल नराखी 'हामीहरूले दैत्यलाई जित्यौं, युद्धमा कहिले हारेका थियौं र? दैत्य भनेका को हुन् र?' इत्यादि भनेर देवताहरूले गर्व गरेको सुनी शक्ति उनीहरूका शरीरबाट निस्केर गइन् । त्यसपछि शक्तिहीन भएका शिव, विष्णु आदि देवताहरू आ-आफ्नो कर्म गर्न असमर्थ भई निदाए जस्ता भएर लडे । ब्रह्माजीलाई सृष्टि आदि सवै प्रपञ्च चलाउन गाह्रो भयो । त्यसैवेला एउटा अपूर्व कुनै तेजोराशिस्वरूप यक्ष नगीचमा देखियो । सवै देवताहरूले त्यसको अनुसन्धान एवं परिचय गर्न अग्नि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायु र इन्द्रलाई क्रमशः पठाउँदा कसैबाट पनि त्यसको पत्ता नलागेपछि देवताहरू ईश्वरको शरणमा परे । त्यसपछि दिग्विहीन देवताहरूलाई मार्ग निर्देश गर्ने एक दिव्य आकाशवाणी भयो । जस अनुसार देवताहरूले शक्तिको उपासना गरे । एक लाख वर्ष पछि त्यो ठाउँमा पुनः तेजोराशि प्रकट भयो । त्यसमा दिव्यरुपिणी शक्ति उत्पन्न भइन् र आफ्नो अपार महिमा वताइन्, साथै शक्तिको उपासना नगर्नाले देवताहरू पनि शक्तिहीन हुनु परेको कुरा पनि स्पष्ट पारिन् । अनि देवताहरूले शक्तिको उपासना गर्न लागे र शक्तियुक्त भएपछि आ-आफ्नो काम गर्न समर्थ भए ।

गायत्रीको महिमा वताउने देवी भागवत्कै अर्को प्रसङ्ग यस्तो छ -कुनै कालमा पन्ध्र वर्षसम्म पानी परेन । अनावृष्टिले गर्दा ठूलो अनिकाल पऱ्यो । धार्मिक कृत्यहरू बन्द भए । प्राणीमात्र व्याकुल भइ मर्न थाले । दशै दिशा शून्य हुन लागे । यसरी आत्तिएका जनताले महर्षि गौतमका आश्रममा गए । उनी गायत्रीका परम उपासक थिए । गायत्रीद्वारा इच्छापूर्ति गर्न सक्दथे । त्यहाँ सम्पूर्ण लोकको व्याकुल अवस्था देखी गौतमले गायत्रीको प्रार्थना गरे । त्यस प्रार्थनाबाट गायत्री प्रसन्न भइन् र प्रत्यक्ष दर्शन दिइन् । उनले गौतमलाई एउटा पूर्णपात्र दिइन् र यसैबाट सम्पूर्ण कार्य सिद्ध गर्नु भनिन् । त्यसपछि गायत्री अन्तर्धान भइन् । गौतमले त्यसै पात्रबाट आवश्यक उपभोग्य सामग्रीहरू दिएर सम्पूर्ण लोकलाई खुशी गराए ।

गजल

-निश्चल अधिकारी 'चञ्चल'

छाडी गयौ मलाई आज, निकै हतारमा
भेटिनेछौ पक्कै भोलि, देह-बजारमा ॥
यौवन र सौन्दर्यले, साथ दिएसम्म
घाटा पर्ने छैन कैल्यै, तिम्रो व्यापारमा ॥
तृप्त हुन्छ्यौ जवानीको, मूल्य असुलेर
उपभोग मात्र जीवन, तिम्रो विचारमा ॥
सारा सयर गऱ्यौ मलाई, डुङ्गा वनाएर
तरेपछि अलपत्र, फाल्यौ किनारमा ॥
खरानीका निम्ति मेरो, घरै जलाएर
खित्का छोडी हाँस्दै छौ रे, मेरो चित्कारमा ॥
बेइमानी घातीहरू, धेरै हुन्छन् तर,
तिमी जस्ती कुलटा चैं, छैन संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतको लोकप्रियताका सम्भाव्यता

-प्रा. दिनेशराज पन्त,
वाल्मीकि विद्यापीठ

संस्कृत भाषा प्राचीनतम भाषा हो। वैदिककालदेखि विक्रमको अठारौं शताब्दीसम्म यसमा ज्ञान विज्ञानका नयाँ नयाँ फाँटहरूले मौलाउने अवसर पाएका हुन्। वेद, वेदाङ्ग, उपनिषद्, स्मृति, आयुर्वेद, व्याकरण, ज्यौतिष, साहित्य आदि विषयहरूमा हाम्रा पूर्वाचार्यहरूले निकै अनुसन्धान गरेका हुन्। यसले गर्दा संस्कृत वाङ्मय ज्यादै विस्तृत हुनपुगेको छ। विक्रमको अठारौं शताब्दीपछि भने संस्कृतको माध्यमबाट नयाँ उपलब्धिका कुराहरू निकै कम आउन थाले र आफ्ना पूर्वाचार्यहरूले गरेका खोज लाई नै सम्हाल्न हामीलाई मुश्किल पर्‍यो। यसले गर्दा अनुसन्धानको बाटो रोकियो र ज्ञानविज्ञानका फाँट उर्वर हुन छाडे। यसो भए ता पनि हजारौं वर्षदेखि अत्यन्त परिश्रमसाथ वढाउँदै आएको ज्ञानराशिले गर्दा संस्कृत वाङ्मय आज पनि अत्यन्त गौरवशाली रूपमा रहिरहेको छ।

विक्रमको पन्ध्रौं शताव्दीमा शुरु भएको पुनर्जागरणबाट अघि वढेका पशिचमा विद्वानहरूले विद्याको क्षेत्रमा जो नयाँ नयाँ अवदान दिन सके, त्यो कुरा भने हाम्रो यतापट्टि नयाँ नयाँ अनुसन्धान हुन छाडेकाले संस्कृत भाषाको माध्यमबाट हुनसकेन।

माथि उल्लेखित यी दुवै कुरा वास्तव भए ता पनि संस्कृत भनेको खालि कर्मकाण्डको भाषा हो र संस्कृतबाट आधुनिककालमा केही पनि हुन सक्दैन भन्ने ठूलो जमात एकातिर छ भने संस्कृतमा नभएको चीज केही पनि छैन र संस्कृतबाहेक अरु केही पनि चाहिदैंन भन्ने जमात सानै भए पनि अर्कोतिर खडा छ।

वस्तुतः यी दुवै जमातका कुरा अतिशयोक्तिपूर्ण हुन् र सत्यबाट टाढा छन् यसैले यस सानो लेखमा यी अतिशयोक्तिपूर्ण कुराबाट पर हटी संस्कृतको वास्तविक महत्वको बारेमा प्रकाश पारी संस्कृतलाई लोकप्रिय बनाउन सकिने सम्भावनाहरूको वास्तव आधारमा रही चर्चा गर्ने प्रयत्न गरेको छ।

संस्कृतको विश्वकै लागि ठूलो महत्व छ। यसमा दुइमत हुने कुरा छैन। नेपालका वासिन्दा हामी नेपालीहरूको लागि संस्कृतको महत्व अझ वढी भएकोले नेपालको प्रसङ्गमा संस्कृतको लोकप्रियताको सम्भावनाको बारेमा यहाँ चर्चा गरिएको छ।

१) आयुर्वेद हाम्रो यता परम्परादेखि चलेर आएको विद्या हो। यसो भएता पनि आयुर्वेदको काम खास पढेर भन्दा पुस्तैनी ढङ्गले नै चल्दै आइरहेको छ। हाल नेपालमा आयुर्वेदको पढाई चिकित्साशास्त्र अध्ययनसंस्थान अन्तर्गत हुन्छ र संस्कृत भाषाको ज्ञानलाई त्यहाँ महत्व दिइएको छैन। आयुर्वेदका सबै ग्रन्थ संस्कृत भाषामा छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अवस्थामा संस्कृत भाषाको ज्ञानविना आयुर्वेदको पढाइ राम्ररी चल्न नसक्ने कुरा स्पष्ट छ । यसकारण संस्कृत भाषाको जग बलियो बनाई आयुर्वेद पढाउनुपर्छ र कुशल वैद्य निकाल्नुपर्छ । संस्कृतको प्रौढ ज्ञान दिलाई आयुर्वेदका ग्रन्थहरूमा उल्लिखित विधिहरूको राम्रो परीक्षा गरी नयाँ नयाँ अनुसन्धान गर्दै जानुपर्छ र यो काम भएमा देशवासीहरूलाई निरोगी राख्न सकिन्छ । देशवासीहरूलाई निरोगी राख्न सकियो भने सबै देशवासी संस्कृतप्रति कृतज्ञ हुन्छन् र देशवासीहरूमा संस्कृतको लोकप्रियता निकै बढ्न जान्छ ।

२) नेपालको प्राचीन इतिहास तथा संस्कृतिका सामग्री संस्कृत भाषामा छन् । पछिल्ला कालका सामग्रीहरूमा पनि संस्कृतभाषाको प्रयोग निकै भएको छ भन्ने कुरा यस प्रसङ्गमा सम्झनुपर्छ । नेपालको प्राचीन इतिहास तथा संस्कृतिको पढाइ आजकाल मानविकी तथा सामाजिकशास्त्र अध्ययनसंस्थान अन्तर्गत हुन्छ । तर त्यहाँ संस्कृत पढाउने व्यवस्था नभएकाले इतिहास तथा संस्कृतिका अध्यापकहरू संस्कृतभाषाबाट विमुख छन् र उनीहरूले मूल सामग्रीका आधारमा विद्यार्थीहरूलाई पढाउन सक्दैनन् । यस अवस्थामा विद्यार्थीहरू मूल सामग्रीसम्म पुग्न नसकी दोस्रो तहको ज्ञानमात्र लिएर बस्न बाध्य हुन्छन् । यो दोष हटाउनको लागि नेपालको प्राचीन इतिहास तथा संस्कृतिका विद्यार्थीहरूलाई संस्कृत पनि पढाउनुपर्ने हुन्छ । यसो भयो भने पढाइ राम्ररी चल्छ र उनीहरू दक्ष हुन्छन् । संस्कृत नभई नहुने एउटा महत्वपूर्ण क्षेत्र यो हो र यसरी काम भयो भने इतिहास तथा संस्कृतिको क्षेत्रमा संस्कृतको लोकप्रियता निकै बढ्न जान्छ ।

३)नेपालको प्राचीन इतिहास तथा संस्कृतिको पढाइ संस्कृतको ज्ञानको अभावमा राम्ररी चल्न नसके जस्तै नेपालको प्राचीन इतिहास तथा संस्कृतिसम्बन्धि लेख तथा पुस्तकको रचना गर्ने काम पनि संस्कृत नजानेकाबाट हुनसक्दैन । यसो भए तापनि अहिलेसम्म मुख्यतया संस्कृतको ज्ञान नभएकै व्यक्तिहरूबाट नेपालको इतिहास तथा संस्कृतिसम्बन्धि लेख र पुस्तकको रचना भइरहेको छ । मूल सामग्रीसम्म ती व्यक्ति पुग्न नसक्ने र सोधी सोधी शोध गर्ने हुनाले त्यो शोध राम्ररी चलेको छैन । कसैकसैले संस्कृतज्ञको मद्दत लिएर काम गरेको देखिए पनि संस्कृत नजान्ने व्यक्तिको खेताला भएर आएका संस्कृतज्ञले पनि मिहिनेतका साथ काम नगर्ने हुनाले नेपालको इतिहास प्रामाणिक रूपमा तयार हुनसकेको छैन । संस्कृत भाषाको प्रौढ ज्ञान नभई नेपालको प्राचीनकालको इतिहास तयार हुनै सक्दैन, यो कुरो निर्विवाद छ । यसकारण नेपालको प्राचीनकालको इतिहास तयार पार्ने काम संस्कृतज्ञको हातबाट भयो भने संस्कृतको लोकप्रियता निकै बढ्छ ।

४) हाम्रा जन्मदेखि मरणसम्मका आचारविचार धर्मकर्म सबै संस्कृत भाषामा निबद्ध छन् । शुद्ध, अशुद्ध जे भए पनि त्यो काम पुस्तैनी ढङ्गले चलेर आएको छ । त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पेशामा(कर्मकाण्ड) लाग्नेहरूको समाजमा खास इज्जत पनि नभएकाले मानिसहरू त्यतातिर लाग्न छाडेका छन् र क्रमशः त्यो पेशा गर्ने मानिसहरूको अभाव हुँदै छ। यसले गर्दा केही कालमा त्यो पेशा गर्ने मानिस पाउन दुर्लभ हुन जाने हो कि भन्ने शङ्का पनि उठ्न थालेको छ र यसरी हाम्रो धर्मकर्म पनि लोप हुन जाने डर उत्पन्न भएको छ। यसकारण कर्मकाण्डको उच्च तहसम्मको पढाई कर्मकाण्डमा राम्ररी दीक्षित व्यक्तिहरूको समूह निकाल्न सकियो भने तिनीहरूको माध्यमबाट संस्कृतको लोकप्रियता निकै बढ्न सक्छ।

५) हाम्रो देशमा व्यवहार चलाउन प्रतिवर्ष पञ्चाङ्गको निर्माण हुन्छ। पञ्चाङ्ग बनाउने व्यक्ति र पञ्चाङ्गको परीक्षा गर्ने व्यक्ति विद्वान र परिश्रमी नभएसम्म शुद्ध पञ्चाङ्ग निस्कँदैन। यसकारण राम्ररी ज्योतिष तथा धर्मशास्त्र पढेका विद्वाहरूद्वारा शुद्ध पञ्चाङ्ग बनाउन लगाई वरिष्ठ विद्वानहरू रहेको निर्णायक मण्डलद्वारा ती पञ्चाङ्गको परीक्षा गर्ने व्यवस्था हुनुपर्छ। यसो हुनसक्यो भने सम्पूर्ण देशवासीमा यसको प्रभाव पर्छ र संस्कृतको लोकप्रियता स्वतः बढ्छ।

६)हाम्रो देश नेपालको राष्ट्रिय अभिलेखालय, केशरपुस्तकालय तथा व्यक्तिगत संग्रहमा असङ्ख्य ग्रन्थराशि रहेका छन्। नेपालमा विदेशी हमला खास नभएकाले अन्यत्र नपाइने ग्रन्थ पनि हामीकहाँ सुरक्षित छन् अर्थात् भारतमा पनि नपाइने निकै ग्रन्थ हामीकहाँ सुरक्षित छन्। ती ग्रन्थको सम्पादनकार्य फाट्टफुट्ट भए ता पनि सुचारुरूपले हुन सकेको छैन। हामीले योजनाबद्ध रूपमा ती ग्रन्थको प्रकाशनमाला चलाउनुपर्छ। ती ग्रन्थलाई प्रकाश गर्न सकियो भने त्यसबाट संस्कृतजगत्कै यश बढ्नुको साथै लोकप्रियता पनि बढ्छ।

७) नेपालमा बनेका निकै ग्रन्थ हामीकहाँ छरिएर रहेका छन् तर ती पुस्तकहरूको अन्वेषण गरी सम्पादन गर्ने काम नभएकाले हाम्रो पाठ्यक्रममा ती पुस्तकहरूको खास प्रयोग हुन सकेको छैन। यसकारण नेपालमा बनेका यस्ता ग्रन्थहरूको राम्रो खोजी गराई अत्युत्तम ग्रन्थहरूलाई हाम्रो पाठ्यक्रममा समावेश गर्दै जानुपर्छ। यसो हुन सक्यो भने नेपालले संस्कृतको क्षेत्रमा दिएको अवदानको बारेमा राम्रो प्रकाश पर्नुको साथै संस्कृतको लोकप्रियता निकै बढ्छ।

८) ज्योतिषग्रन्थमा आकाशमा रहेका ग्रहनक्षत्रको परीक्षा गर्ने निकै विधि बताइएका छन्। ती विधिहरूलाई ती ग्रन्थमा बताइएका यन्त्रहरू बनाई परीक्षा गरी त्यो कुराको लोकमा प्रचार गर्न सकियो भने हाम्रो शास्त्रप्रति दुनियाँको आस्था बढ्न जान्छ र संस्कृतमा पनि वैज्ञानिक कुरा रहेछन् भन्ने प्रचार भई संस्कृतको लोकप्रियता निकै बढ्न जान्छ।

९)हाम्रो देशमा आजभोलि पाश्चात्य वास्तुविद्याअनुसार घरहरू बन्छन् भन्ने कुरा हामी सबैलाई प्रत्यक्ष छ। सबै जनताको मन आजभोलि सिमेन्ट, रड हाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढलान तयार गर्ने तिरै ढल्किएको छ । तर यो हाम्रो देशको हावापानी सुहाउँदो कति छ भन्ने कुरा विचारणीय छ र यस प्रसङ्गमा इतिहास पनि कोट्याउन मन लाग्छ ।

काठमाडौंका राजा महेन्द्र मल्लले वि.सं. १६२० मा तलेजुको मन्दिर वनाएका हुन् । हामीले थाहा पाएसम्ममा वि.सं. १८९० तथा वि.सं. १९९० मा दुइवटा ठूलाठूला भूकम्प भए । सानासाना भूकम्प कति भए कति, तिनको लेखा गरेर साध्यै छैन । तर सो मन्दिर ती ठूलाठूला भूकम्प हुँदा पनि खास विग्रेन ।

श्री ३ वीरशमसेरले वि.सं. १९५१मा पाश्चात्य प्रविधिअनुसार वनाउन लगाएको घण्टाघर वि.स. १९९० को भूकम्पमा ढल्यो र फेरी उठाइयो ।

यति कुरा गर्नाको तात्पर्य हाम्रो देशको हावापानीको अनुकूल पाश्चात्य वास्तुविद्या छ छैन भन्ने हो । नेपाल राष्ट्रिय अभिलेखालयमा हाम्रो प्राचीन-विधिका वास्तुविद्याका निकै ग्रन्थ छन् । मल्लकालमा वनेका त्यस विषयका निकै किताव पनि त्यहाँ छन् । यी सवै ग्रन्थको अध्ययन गरी फाइदा निकाल्न संस्कृतको ज्ञान आवश्यकता पर्छ । यस कारण यो ज्ञानराशिलाई हामीले वाहिर ल्याउन सक्यौं भने लोकोपकार हुनाको साथै संस्कृतको लोकप्रियता निकै वढ्न जान्छ ।

१०)संस्कृत भाषामा निवद्ध ग्रन्थराशिमा भएका महत्वपूर्ण कुराको प्रचार हुन नसकेकोले त्यस्त कुरावाट साधारण दुनियाँले वञ्चित हुनुपरेको छ । यस कारण संस्कृत भाषामा निवद्ध ग्रन्थराशिमा रहेका महत्वपूर्ण कुराहरूलाई नेपाली भाषामा अनुवाद गरी तथा आवश्यक परेको ठाउँमा त्यसको व्याख्यासमेत गरी प्रकाश पार्दै जानुपर्छ । यसो गर्न सकियो भने संस्कृतमा भएका महत्वपूर्ण कुराको ज्ञान लोकले पाउँछ र त्यसवाट संस्कृतको लोकप्रियता वढ्न जान्छ ।

११)नेपाली भाषा संस्कृत भाषाको ज्यादै नजीकमा छ र राम्रो नेपाली भाषा जान्नेले संस्कृतका धेरै शव्द जानिसकेकै हुन्छ । यस कारण अरु विदेशी भाषा अंग्रेजी आदिभन्दा संस्कृत भाषा हाम्रो लागि ज्यादै नजिकको भाषा हो ता पनि संस्कृतको नाम सुन्नविक्तिकै गाह्रो भाषा भनी तर्सने जमात खडा छ । यसप्रकार सरल ढङ्गवाट संस्कृत पढाउने व्यवस्था गर्न सके संस्कृतको लोकप्रियता निकै वढ्नेछ ।

१२)नेपालमा शुरुदेखि वनेका नियम कानून धर्मशास्त्रकै आधारमा वनेका छन् । यो कुरा हामी लिच्छवीकालका अभिलेखवाट स्पष्ट वुझ्छौं । श्री ५ पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा पण्डित राखी न्यायनिसाफ दिनू भनी यसै कुरालाई लक्ष्य गरी वोलेका हुन् । यसकारण हाम्रा कानूनको मूल आधार धर्मशास्त्रमा छ भन्ने स्पष्ट छ । नेपाली कानूनको धर्मशास्त्रको आधारमा राम्ररी विश्लेषण गरी प्रकाश पार्ने काम संस्कृतज्ञवाट मात्र हुनसक्छ । यो काम गर्न सकियो भने कानूनसँग सम्वद्ध ठूलै जमातमा संस्कृतको प्रभाव पर्छ र लोकप्रियता वढ्न जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३) हाम्रो विदेशसँग सम्पर्क वढ्दै गएकोले हामीलाई नयाँ नयाँ शव्दको आवश्यकता पर्दै आएको छ। तर ती शव्द अंग्रेजी आदि विदेशी भाषाका छन्। यसकारण नेपाली भाषाका शव्दको कारणबाट पर्न आएका गाह्रोसाँघुरोको समाधान गर्न संस्कृतको अक्षय भण्डारबाट हामीले मद्दत लिन सक्छौं तर संस्कृतबाट शव्दबाट हचुवातालमा नगरी पूरा शास्त्रीय आधारमा विश्लेषण गरी शव्द वनाउनुपर्छ। यसरी शव्द वनाएर आधुनिक व्यवहारका शव्द चलाउन सकियो भने त्यसबाट पनि संस्कृतको लोकप्रियता वढ्न जान्छ।

१४)संस्कृतका उच्च कक्षासम्म पढाई हुने ठाउँमा पनि वोलचालको रूपमा संस्कृतको प्रयोग नहुने हुनाले आचार्य पास भएका मानिसलाई पनि संस्कृत वोल्न धक लागिरहेकै हुन्छ। आजभोलि हाम्रो देशमा जताततै पूर्वप्राथमिक विद्यालय खुलेका छन् र त्यसमा हजारौं वालवालिकाले शिक्षा पाइरहेका छन्। तर ती विद्यालयमा अंग्रेजी माध्यमले भन्ने सूचना गराइएको छ। ती विद्यालयमा पढेपछि वच्चा अंग्रेजी वोल्न सक्छ भन्ने भाव सवैको मनमा घुसेको हुन्छ। यस्तै गरी संस्कृतपट्टि पनि पूर्व प्राथमिक विद्यालय खोलेर सानैदेखि वालवालिकाहरूलाई संस्कृत भाषा वोल्न सिकाएर संस्कृतकै माध्यमबाट व्यवहार चलाउन सक्ने गराउन सकियो भने त्यसवाट संस्कृत भाषा दैनिक व्यवहारमा आउने भाषाको रूपमा परिणत हुन्छ र संस्कृतको लोकप्रियता निकै वढ्न जान्छ।

१५)हाम्रो देशमा संस्कृत भाषामा निवद्ध शास्त्रीय विषयको गम्भीर ज्ञान भएका दुई चार जना विद्वान् मात्र छन् र तिनीहरू पनि क्रमश: अस्ताचलतिर जाँदैछन्। यस अवस्थामा संस्कृतका शास्त्रीय विषयको संरक्षण कसरी गर्ने भंन्ने प्रश्न एकातिर छ भने अर्कोतिर त्यो ज्ञानप्रवाहलाई कसरी सुक्न नदिने भन्ने प्रश्न अर्कोतिर खडा छ। यस कारण शास्त्रीय गम्भीर पाण्डित्य भएका विद्वान्हरूको परिषद् संघट्टित गरी ती विद्वान्हरूद्वारा प्रचलित माध्यमभन्दा भिन्दै ढङ्गसँग पढी शास्त्रीय पाण्डित्य लिन इच्छुक विद्यार्थीहरूलाई गम्भीर ढङ्गले शिक्षा दिनुपर्छ। यसो गर्न सकियो भने आफ्नो शास्त्रमा भएको गम्भीर ज्ञानलाई आत्मसात् गरी निस्केका विद्यार्थीहरूले आफ्नो विषयको महत्व राम्ररी बुझेका हुन्छन् र त्यसको आधारमा उनीहरू लोकोपकारी कार्य गर्न सकिन्छ। यसरी संस्कृतको ज्ञान भएका विद्यार्थीहरूद्वारा संस्कृतको शास्त्रीय ज्ञानका वाहिर प्रचार हुन जान्छ र यसको लोकप्रियता स्वत: बढ्न जान्छ।

१६)हाम्रो देशमा अघिदेखि पुराण भन्ने चलन चलेको छ। पुराण भन्ने पण्डित कहीं राम्रै पढेका हुन्छन् भने कहीँ अशिक्षितबाट पनि पुराण भनाइने चलन चलेको छ। पुराण राम्रोसँग भन्न सक्ने र पुराणको लोकोपकारी पक्षलाई राम्ररी निकाल्न सक्ने पण्डितहरूको जमात खडा गरी सो कुरा लोकमा प्रचार गर्न सकियो भने त्यसवाट संस्कृतप्रतिको धारणा बदलिन्छ र संस्कृतको लोकप्रियता निकै बढ्न जान्छ।

१७)नेपालमा चलेका नेपालीवाहेक अरु भाषाहरूको मूलमा पनि संस्कृत शव्द रहेका छन्। कोही सोझै संस्कृतमूलबाट आएका भए पनि विभिन्न कारणवश संस्कृतसँग गाँसिन पुगेका छन्। नेपालमा चलेका यस्ता विभिन्न भाषाहरूको संस्कृतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा विश्लेषण गर्दै मूल पत्ता लगाउँदै जानुपर्छ। यसो गर्न सकियो भने अरु भाषाभाषीमा पनि संस्कृतको लोकप्रियता निकै बढ्न जान्छ।

१८)संस्कृत अध्ययन संस्थान अन्तर्गत पढाई हुने विभिन्न विषयहरू जस्तै वेद, व्याकरण, ज्योतिष, साहित्य आदि विषयहरूको पढाई हुँदा तत्तद् विषयका पुस्तकमा रहेका कुरामा मात्रै विशेष जोड दिइएको हुन्छ। ती पढाइने ग्रन्थहरू कुन समयमा बनेका हुन् र तत्तद् विषयका ग्रन्थराशिमा तिनको महत्व के छ भन्ने कुरा पनि पढ्ने र पढाउने दुवैलाई राम्रो थाहा हुँदैन। यसकारण ती ग्रन्थहरू पढाउँदा आ-आफ्नो विषयको इतिहास पनि पढाउने राम्रो व्यवस्था गर्न सकियो भने विद्यार्थीहरू त्यसबाट निकै लाभान्वित हुन्छन् र शास्त्रीय पाण्डित्यको साथसाथै आफ्नो विद्याको ऐतिहासिक परम्परा पनि बुझेका विद्यार्थीहरूले त्यस विषयको लोकोपकारी तत्वलाई राम्ररी बाहिर ल्याउन सक्छन् तथा त्यसबाट संस्कृतको लोकप्रियता अझ बढ्छ।

१९)पाश्चात्यहरूले पत्ता लगाएका भनी प्रचार गरिएका धेरै विषयहरू हाम्रा प्राचीन ग्रन्थहरूमा पनि पाइएका छन्। उदाहरूको रूपमा वि.सं १६७१ मा नेपिअरले पत्ता लगाएको भनी पाश्चात्यहरूले प्रचार गरेको गणितसम्बन्धि सूत्र वि.सं. १२०७ मा भास्करले पत्ता लगाइसकेको कुरालाई देखाउन सकिन्छ। पाश्चात्यहरूले पत्ता लगाउनुभन्दा धेरै अघि नै हाम्रा पूर्वाचाईहरूले पत्ता लगाएका यस्ता विषयका बारेमा राम्ररी अन्वेषण गर्दै गएमा नयाँ नयाँ कुरा पत्ता लगाउँदै जान सकिन्छ। यसकारण यस्ता विषयहरूको अनुसन्धान गर्ने काम सुचारुरूपले चलाउनुपर्छ। त्यसबाट संस्कृतको वास्तविक महत्व दुनियाँका सामु आउनुको साथै लोकप्रियता बढ्न जान्छ।

२०) ज्योतिष, चिकित्साशास्त्र आदि धेरै विषयमा पाश्चात्यहरूद्वारा नयाँ नयाँ अनुसन्धान गरी हाम्रो शास्त्रमा रहेको भन्दा निकै ज्ञान बढाइएको छ। सो ज्ञानलाई संस्कृत भाषामा उतारी तुलनात्मक ढङ्गले प्राच्य, पाश्चात्य दुवै प्रविधिको ज्ञानसम्पन्न विद्यार्थीहरूको समूह निकाल्दै जानुपर्छ। यसो गर्न सकियो भने हाम्रो शास्त्रभन्दा पाश्चात्यहरू कति अघि बढेका रहेछन् र हाम्रो शास्त्र कहाँसम्म पुगेको रहेछ भन्ने कुराको राम्रो प्रचार हुन्छ र त्यसबाट संस्कृतको लोकप्रियता बढ्न जान्छ।

२१)संस्कृतभाषाले आधुनिक कालमा निस्केका धेरै कुराहरूलाई आत्मसात् गर्न सकेको छैन। यसकारण विभिन्न भाषामा रहेका विषयमा जनोपयोगी ग्रन्थहरूको संस्कृत भाषामा अनुवाद गरी प्रकाश गर्दै जानुपर्छ। यसो गर्न सकियो भने संस्कृतको माध्यमबाट आधुनिक विषयको ज्ञान हासिल गर्ने मौका मिल्छ र त्यसबाट संस्कृतको लोकप्रियता बढाउन सकिन्छ।

२२)मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत पढाइने नेपालको इतिहास तथा संस्कृतिबाहेक अन्य विषयहरूको पनि हाम्रो समाजको प्रसङ्गमा अनुसन्धान गर्ने हो भने संस्कृतसम्म नपुगी धरै छैन। ती विषय पढाइँदा संस्कृत नपढाइने हुनाले नयाँ अनुसन्धानको क्षेत्रमा त्यहाँका विद्यार्थीहरू अकिञ्चित्कर हुनपुग्छन्। यसकारण त्यस्ता विषय पढाइने ठाउँमा संस्कृत पढाउने व्यवस्था गर्नुपर्छ। सो व्यवस्था भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने त्यसबाट विद्यार्थीहरू अनुसन्धानमुखी हुनाको साथै त्यस क्षेत्रमा संस्कृतको लोकप्रियता बढ्न जान्छ ।

२३)नेपालमा चलेका धेरै भाषाको नजिक संस्कृत भएकोले ती भाषामा संस्कृतका धेरै शब्दको प्रयोग भइरहने कुरा सत्य हो । यसो भए तापनि नेपालीहरूको ठूलै समूह संस्कृत गाह्रो भाषा हो भनी तर्सने कुरा पनि त्यत्तिकै कटु सत्य हो । यसकारण प्रतिवर्ष घुम्ती टोलीको रूपमा सरल संस्कृत सिकाउने शिविर देशका विभिन्न भागमा लगाउँदै जान सकियो भने ती शिविरको माध्यमबाट बोलचालको साधारण संस्कृत जान्ने ठूलो जमात खडा गर्न सकिन्छ । त्यो जमातबाट संस्कृत भाषा गाह्रो रहेनछ भन्ने कुराको साधारणजनमा बोध हुन्छ र त्यसले संस्कृतको लोकप्रियता बढाउने काम क्रमशः गर्छ ।

२४)हाम्रो देशमा जताततै देवमूर्तिहरू छरिएर रहेका छन् । ती देवमूर्तिहरूको राम्रो विश्लेषण गरी निष्कर्ष निकाल्न संस्कृत भाषामा लेखिएका प्रतिमालक्षणसम्बन्धि पुस्तकहरूको गहन अध्ययन गर्नुपर्छ । यसको साथै नेपालमा बनेका राष्ट्रिय अभिलेखालयमा रहेका प्रतिमालक्षणसम्बन्धी पुस्तकहरूको पनि नेपाली मूर्तिहरूको विश्लेषण गर्ने प्रसङ्गमा अध्ययन गर्नुपर्छ । ती पुस्तकहरूको अध्ययन गरी मूर्तिहरूको बारेमा प्रकाश पार्ने काम फाट्टफुट्ट भएता पनि त्यस विषयमा गहन अध्ययन गरी प्रकाश पार्ने काम ख़ास हुन सकेको छैन । यस कारण त्यस विषयमा हामीले राम्ररी अध्ययन गरी प्रकाश पार्न सक्यौं भने मूर्तिकलासँग सम्बद्ध क्षेत्रमा संस्कृतको लोकप्रियता बढ्नेछ ।

२५)आजभोलि हाम्रो देशमा जलवायुविज्ञान विभागले प्रतिदिन वर्षा हुन्छ वा हुँदैन इत्यादि कुराको घोषणा गर्छ । यो कुरा पाश्चात्यप्रविधिअनुसार गरिने गर्छ । हाम्रा प्राचीन ग्रन्थहरूमा वर्षा हुन्छ हुँदैन, भए कहिले हुन्छ इत्यादि कुराको विधि बताइएको छ । हामीले आफ्ना शास्त्रमा रहेका ती कुराहरूको राम्ररी अनुसन्धान गरी प्रकाश गर्नुपर्छ । त्यसो गर्न सकियो भने लोकोपकार हुनाको साथै संस्कृतको लोकप्रियता बढ्न जानेछ ।

२६)बोटविरुवा रोप्ने काइदा र तिनलाई जोगाउने विषयमा हाम्रा प्राचीन ग्रन्थमा निकै बयान पाइन्छन् । हाम्रा यी प्राचीन विधिहरू जुनसुकै रूपमा भएपनि अहिलेसम्म पनि घर घरमा चल्दै आइरहेका छन् । यसो भए ता पनि हाम्रा घरघरमा चलेका पुराना विधि क्रमशः काम नलाग्ने ठहरिँदै छन् र तिनको ठाउँमा क्रमशः पाश्चात्यविधिको आयात हुँदैछ । हाम्रा प्राचीन ग्रन्थहरूमा रहेका यस्ता विधिहरू यस यस विषयको पाश्चात्यविधिभन्दा हाम्रो देशका हावापानी सुहाउँदो हुन बढी सम्भव छ । यसकारण हामीले यस्ता विषयको राम्ररी अन्वेषण गरी प्रकाश पार्नुपर्छ । यो काम हुनसक्यो भने संस्कृतको लोकप्रियता निकै बढ्नेछ ।

२७)माथि उल्लिखित बाहेक अरु पनि विज्ञानसँग सम्बन्ध राख्ने हाँगा अर्थात् जीवशास्त्र, रसायनशास्त्र आदिका विषयमा पनि हामीले आफ्ना प्राचीन ग्रन्थमा निकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा लेखिएका पाउँछौ । त्यसो भए पनि त्यसको खोजी गर्ने कामचाँहि खास भएको छैन । यसकारण हामीले त्यतातिर पनि ध्यान दिई खोजी गर्नसक्यौं भने त्यसको माध्यमवाट पनि संस्कृतको लोकप्रियता निकै बढ्ने छ ।

सन्दर्भ सामग्रीहरू-

१.महेशराज पन्त, अन् स्यानस्क्रिट एजुकेशन(संस्कृत शिक्षाको विषयमा), महेशराज पन्त काठमाडौं, वि.सं.२०३५

२.त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थान विद्यापरिषद्बाट संघट्टित संस्कृत सुधार सुझाव टोलीको प्रतिवेदन वि.सं.२०३९(अप्रकाशित)

३.नयराज पन्त-प्राचीन गणित र नवीन गणितको तुलना, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं, वि.सं २०३९

देशको माटो

-दीपकराजशर्मा दाहाल
सं.मा.वि. रानीपोखरी

देशको माटो पसिनाले धुन सके हुन्थ्यो
सफलताको सगरमाथा छुन सके हुन्थ्यो ॥
जाग अब उठ युवा विकासका लागि
गर्नुपर्छ धेरै काम यो देशका लागि ॥
गाउँ गाउँ, बस्ती बस्ती सहर बजार राम्रो
एक भई अघि सरे काम हजार हाम्रो ॥
देशको विकास गर्न सवै हात उठाउँदा
पत्थर फोरी सिर्जनाको मूल फुटाउँदा ॥
एक दिन यो देश भित्र हीरामोती फल्छ
खोलानाला पानी सवै ज्योति वनी वल्छ ॥
थोपा थोपा मिलेर नै बन्छ ठूलो खोला
व्यक्ति, समाज सवै मिले देशविकास होला ॥
सबैको यो मन मिले धेरै ठूलो काम
राख्न सक्छौं हामी पनि देशको ठूलो नाम
देशको माटो............................ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परागत उपचार पद्धतिको संरक्षणमा राजनीतिक प्रतिबद्धताको आवश्यकता

-डा. मोदनाथ प्रश्रित

परम्परागत औषधी-उपचार पद्धतिका दृष्टिले नेपाल निकै समृद्ध मुलुक हो। यहाँ हजारौं वर्षदेखि तीन खाले उपचार पद्धति चल्दै आएका छन्। ती हुन्-

१)तान्त्रिक उपचार पद्धति

२)आयुर्वेदिक उपचार पद्धति र,

३)आमची उपचार पद्धति

तान्त्रिक उपचार पद्धतिको परम्परा यहाँ निकै लामो छ। आदिवासी किराँतहरूको बोनपो संस्कृति तान्त्रिक संस्कृति हो। हाम्रो देशमा अधिकांश आदिवासी जनजातिहरले तान्त्रिक संस्कृतिमा आधारित उपचार पद्धतिको परम्परालाई अहिलेसम्म पनि जीवित राखेका छन्। तान्त्रिक उपचार पद्धतिको परम्परा शिवसंस्कृतिसँग पनि गाँसिएको छ। हिमाली क्षेत्रका शिवयोग तन्त्रशास्त्रका ठूला साधक मानिन्छन्। तान्त्रिक उपचार पद्धतिमा मन्त्र र जडीबुटी दुवैका प्रयोग हुन्छ। यस पद्धतिमा मानसिक रोगहरूमा प्रयोग गरिने विभिन्न मनोवैज्ञानिक विधिहरू निकै सफल पनि देखिन्छन्।

आयुर्वेदिक उपचार पद्धति वैदिक संस्कृतिद्वारा प्रभावित आर्यसमुदायको परम्परासँग गाँसिएर आएको छ। संसारको आदिग्रन्थ ऋग्वेदको उपशाखा या उपवेदको रूपमा आयुर्वेदको विकास भएको देखिन्छ। आयुर्वेद दक्षिण एसियाभरि फैलिएको छ। हिमाल र त्यसका निकटवर्ती क्षे त्रमा ज्यादै उच्चकोटीका जडीबुटी पाइने हुनाले प्राचीन ऋषिहरूले आयुर्वेदिक उपचार पद्धतिको अनुसन्धान र प्रयोग यसै क्षेत्रमा बढी गरेका उल्लेखहरू पाइन्छन्। आयुर्वेदको प्रसिद्ध ग्रन्थ 'चरकसंहिता'मा हिमाली क्षेत्रमा ऋषिमुनिहरूले आयुर्वेद सम्मेलन गरेको र अश्विनीकुमार, भारद्वाज, आत्रेय आदि आयुर्वेदका अन्वेषकहरू त्यसमा सहभागी भएको उल्लेख छ।

आमची उपचार पद्धति हिमाली क्षेत्रमा अहिले पनि लोकप्रिय छ। त्यस पद्धतिमा जडीबुटी, तन्त्रमन्त्र दुवैको संमिश्रण देखिन्छ। त्यसको केही ज्ञान उत्तर चीन, तिब्बततिरबाट आएको हो र केही यताको परम्परागत ज्ञान मिसिएको छ। दक्षिण एसिया संसारका सबै जातिको संगमस्थल भएको हुनाले अरु विभिन्न देश र महादेशबाट हजारौं वर्षदेखि यहाँ आउँदै बस्दै गरेका विभिन्न जातिका मानिसहरूले उपचार र जडीबुटीका पुर्ख्यौली ज्ञानहरू पनि साथै लिएर आउनु स्वाभाविकै हो। धेरै सम्भव छ उनीहरूले आ-आफ्नो देशबाट थुप्रै जडीबुटीका बिरुवा पनि यहाँ ल्याएर रोपे होलान्। एउटा पौराणिक अनुश्रुतिले महत्वपूर्ण औषधिको रूपमा प्रयोग हुने पीपल र पारिजात स्वर्ग(पामीर क्षेत्र, मध्य एसिया) का राजा इन्द्रले अयोध्याका राजा रामलाई उपहार पठाएको कुरा बताएको पनि छ। यसरी धेरैतिरबाट धेरै जातिहरूले ल्याएको पुर्ख्यौली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपचार विधि एकैठाउँमा मिसिन आएकाले हाम्रो देशको परम्परागत उपचार पद्धति ज्यादै समृद्ध रहेको छ। नेपालका गाउँहरूमा बस्ने प्रत्येक मानिसले कुनै न कुनै रोगको उपचार विधि जानेको र त्यस सम्वन्धी जडीबुटी चिनेको कुराले पनि यसै कुरालाई पुष्टि गर्छ।

हाम्रो देशका महान् सपूत गौतम बुद्ध आफ्नो समयका ठूला चिकित्सक थिए। उनले जडीबुटीबाट योग र ध्यानको पद्धतिबाट पनि उपचार गर्थे। प्रत्येक मानिसको शरीरमा खेलिरहने ब्रह्माण्डीय ऊर्जालाई विशेष ध्यान पद्धतिबाट रोगीका सम्बन्धित अङ्गहरूमा प्रवाहित गरेर उपचार गर्ने रेकीविधि बुद्धले आविष्कार गरेको थिए। त्यो पद्धति जापान हुँदै यूरोपतिर पुगेको थियो तर यहाँका मानिसले त्यसलाई बिर्सिंदै गएका रहेछन्। त्यही पद्धति यूरोपमा गई सिकेर नेपालमा प्रचार गर्न थालिएको कुरा योगी डा. विकासानन्दले बताएका छन्।

विभिन्न प्राकृतिक स्रोत साधनमा यूरोपभन्दा दक्षिण एसिया निकै समृद्ध छ। विविध खाले वनस्पति र वनौषधि(जडीबुटी)को क्षेत्रमा त यूरोप भन्दा दक्षिण एसिया र दक्षिण एसियामध्ये पनि नेपाल अतुलनीय रूपले समृद्ध छ। तर यूरोपको पुनर्जागरण पन्ध्रौं शताव्दीदेखि शुरु भएर त्यहीँ नै अठारौं-उन्नाइसौं शताव्दीमा बृहत् औद्योगिक क्रान्ति पनि अगाडि बढ्यो। त्यसको प्रभाव उपनिवेश मार्फत् भारतमा निकै पऱ्यो तर राणाशाहीको अन्धकारले बीसौं शताब्दीको पूर्वार्धसम्म पनि नेपाललाई ढाकेकोले हामी परम्परागत ज्ञानको विकास र नयाँ नयाँ अनुसन्धानका काममा धेरै पछाडि पऱ्यौं। हाम्रो यसै पछौटेपनले गर्दा यहाँको पुर्ख्यौली ज्ञान साँघुरिंदै गयो। यूरोपेली सभ्यता र संस्कृतिले संसारभरका अधिकांश मुलुकहरूलाई जस्तै दक्षिण एसिया र नेपाललाई पनि चकाचौंध प्रभाव पार्दैगयो। फलस्वरूप यूरोप अमेरिकातिर विकसित भएका एलोप्याथी र होमियोप्याथी जस्ता उपचार पद्धति हाम्रो मुलुकमा पनि प्रभावशाली हुँदैगए। खासगरी राजधानी र सहरी क्षेत्रहरूमा त एलोप्याथीले साम्राज्य नै जमाउँदै गयो। गाउँले क्षेत्रमा पनि यसको प्रभाव प्रतिदिन बढ्दो छ। तर पनि अहिलेसम्म गाउँमा बस्ने सत्तरी प्रतिशत जनतामा परम्परागत उपचार पद्धतिको प्रभाव ज्यूँदै छ।

तर दुःखद बिडम्बनाको पक्ष के हो भने एकतिर हाम्रो परम्परागत उपचार पद्धति पनि निकै व्यापक छ, त्यससँग सम्बन्धित विभिन्न शाखाका सयौं, हजारौं ग्रन्थ पनि छन्, त्यसमा प्राचीन र मध्ययुगमा व्यापक अनुसन्धान र प्रयोग पनि हुँदै आएको छ। सबै रोगमा उपयोगी हुने हजारौं जडीबुटी पनि हाम्रो मुलुकमा पाइन्छन्। तर अर्कातिर यी सब कुरा हुँदाहुँदै पनि विभिन्न कारणले हाम्रो परम्परागत उपचार पद्धति ओझेलमा पर्दै गएको छ। हाम्रो देशमा पश्चिमी शिक्षाको प्रभाव व्यापक रूपले बढ्दै गएकोले त्यसवाट शिक्षित बुद्धिजीवी, राजनीतिज्ञ, योजनाकार र प्रशासकहरूको ध्यान र रुचि अत्यधिक रूपले पश्चिममुखी हुँदै गएको छ। हाम्रो प्राचीन ज्ञान र अनुभवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल सम्पदातिर उनीहरूले चाहिनेजति ध्यान दिन सकेका छैनन् । यसो राष्ट्रवादी भाषण गर्दा 'हाम्रो गौरवशाली परम्परा र संस्कृति' भन्ने गरेता पनि त्यस सम्बन्धी पुनर्जागरण, नयाँ अनुसन्धान र प्रयोगतिर ध्यान दिन सकेका छैनन् । हाम्रो शिक्षित समुदाय एक प्रकारले पश्चिमी शिक्षा र सभ्यताबाट सम्मोहित छ । उसले आफ्नो समृद्ध परम्पराप्रति गौरव गरेर त्यसको व्यापक रूपले विकास गर्ने अभियान चलाउन सकेको छैन । पश्चिमको चकाचौंध देख्दा उसलाई एक प्रकारको हीनताबोध भएको छ । उसले बुझ्नुपर्ने हो ज्ञान-विज्ञान र नयाँ नयाँ खोज र प्रयोग र यूरोप र अमेरिकामात्र होइन एसियाली मुलुक जापान पनि उत्तिकै अगाडि वढेको छ । ठूलो हिस्सा एसियामा रहेको सोभियत संघले पश्चिमलाई चुनौति दिने गरी व्यापक प्रगति गरेको थियो । त्यो पूर्वाधार अहिले पनि रुसमा छ र रुस फेरी उठ्ने तरखरमा छ । चीन अहिले विश्वप्रगतिको होडमा सबैभन्दा ठूलो प्रतिस्पर्धी भएको छ । भारत पनि धेरै अघि गइसकेको छ । कोरिया, सिंगापुर, भियतनाम आदिको प्रगति पनि राम्रो छ । हामी नेपाली पनि राष्ट्रिय स्वाभिमानसहित उठ्न सक्यौं भने आफ्नो अतुलनीय साधन-स्रोत प्रयोग गरेर प्रतिस्पर्धामा अघि बढ्न सक्छौं । यस कुराको सामान्य जागरण अहिले उद्योग र व्यापार क्षेत्रमा देखापर्न थालेको छ तर राजनीतिक क्षेत्रमा त्यस्तो प्रखर जागरण नदेखिएको र अहिले त्यो क्षेत्र ज्यादै अस्तव्यस्त पनि भएकोले राष्ट्रले यस क्षेत्रमा पुनर्जागरण अभियान चलाउन सकेको छैन ।

हाम्रो जागरणको समय ज्यादै ढीलो भइसक्यो । उद्योग व्यवसायका सबै क्षेत्रमा ब्युँझेर पर्याप्त तयारी गर्न नभ्याउँदै पूँजीवादी प्रतिस्पर्धाको विश्वव्यापीकरणले हाम्रो मुलुकमा पनि पाइला टेकिसक्यो । नेपाल अन्तर्राष्ट्रिय व्यापार संगठनको सदस्य बनिसक्यो तर हाम्रो देश भने अहिले सशस्त्र गृहयुद्धको त्रास पालेरै बसिरहेको छ । हाम्रा उद्योग व्यवसाय बढ्नुको सट्टा ओरालो लागिरहेका छन् । हामी अहिले परम्परागत उपचार पद्धतिको जुन कुरा गरिरहेका छौं, त्यसको वस्तुगत आधार भनेको हाम्रो देशमा रहेका हजारौं जडीबुटीको विशाल भण्डार नै हो । ती सबैको गुण र विशेषतालाई राम्रोसित चिनेर उच्चकोटीका बहुसंख्यक जडीबुटीको निजत्व अधिकार(पेटेन्ट राइट) को पञ्जीकरण नेपालीहरूले यथाशीघ्र गर्न सके मात्र हामीले परम्परागत उपचार पद्धति र त्यससम्वन्धि उद्योग व्यापारलाई पनि व्यवस्थित ढङ्गले अघि बढाउन सक्छौं तर अहिले देशको अशान्त स्थितिले गर्दा नेपालीहरूको ध्यान त्यतातिर राम्ररी जानसकेको छैन ।

अर्कातिर परम्परागत उपचार पद्धतिको संरक्षण र विकासनिम्ति आयुर्वेद, योग, प्राकृतिक चिकित्सा र आमची पद्धतिका क्षेत्रका ठूलो मात्रामा उच्च शिक्षित दक्ष जनशक्तिको उत्पादन आवश्यक पर्दछ । त्यसनिम्ति पर्याप्त लगानी चाहिन्छ । तर अहिलेसम्म ती उपचार क्षेत्रका विशेषज्ञ, शिक्षण संस्था र विश्वविद्यालयहरूको अपेक्षित ध्यान त्यतातिर गएको छैन । अहिले एलोप्याथिक क्षेत्रमा नेपालभित्रै प्रतिवर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारभन्दा बढी एम.वी.वी.एस. स्तरको जनशक्ति उत्पादन हुँदैछ। तर आयुर्वेद र प्राकृतिक चिकित्साको क्षेत्रमा एउटा पनि शिक्षण अस्पताल स्थापना भएको छैन। नरदेवी आयुर्वेद महाविद्यालयले आयुर्वेदका स्नातकहरू ज्यादै कम मात्रामा उत्पादन गर्दैछ। स्नातकोत्तर(आचार्य) स्तरको पढाई लगभग वन्द जस्तै भएको छ। ती क्षेत्रको निम्ति सरकारी वजेट पनि नगण्य मात्रामा छुट्याइने गरेको छ। प्राकृतिक चिकित्साको क्षेत्रमा निजी क्षेत्रबाट सीमित प्राथमिक प्रयास भएका छन् तर उच्चस्तरको जनशक्ति उत्पादनको कुनै योजना नै वनेको छैन। तान्त्रिक र आमची प्रणालीवारे त प्राथमिक स्तरको शिक्षण प्रशिक्षण व्यवस्था पनि भएको छैन।

अर्कोतिर हाम्रो तान्त्रिक चिकित्सा प्रणालीको मनोवैज्ञानिक पक्षतिर विदेशीहरूको ध्यान गएको छ। उनीहरूले आएर गाउँमा वर्षौं बसी त्यसका सोध खोज गरी शोधपत्र तयार गर्दैछन्। योगतिर पनि विदेशीहरूको आकर्षण वढेको छ। योगाश्रमहरूमा महिनौं बसेर उनीहरूले प्रशिक्षण लिन थालेका छन्। चीन र उत्तर कोरियाले परम्परागत उपचार प्रणालीको समग्र विकासमा ठूलो प्रगति गरेका छन्। आयुर्वेद क्षेत्रमा भारत र श्रीलङ्कामा प्रशस्त मात्रामा काम भएको छ। आयुर्वेदी औषधि र वानस्पतिक श्रृङ्गार सामग्री उत्पादनमा अन्तर्राष्ट्रिय कम्पनीहरूले पनि संयुक्त लगानी गर्न थालेका छन्। नेपालमा आयुर्वेदी औषधीका साना र मझौला उद्योगहरूमा नेपालीहरूले लगानी गर्ने उत्साह देखापर्न थालेको छ। डावर जस्ता विदेशी कम्पनीले अरु मुलुकको समेत लगानी आकर्षित गरी ठूलो मात्रामा जडीबुटी उत्पादन र औषधी निर्माण पनि गर्न थालेका छन्। पार्श्व प्रतिक्रिया (साइड इफेक्ट) रहित आयुर्वेदिक उपचारतिर पनि विदेशीहरूको पनि आकर्षण बढ्न थालेको छ।

यदि हाम्रो राजनीतिक, बौद्धिक र प्रशासनिक क्षेत्रले समयमै आफ्ना परम्परागत उपचार पद्धतिहरूको महत्व बुझी तिनको संरक्षण र सम्वर्धनको व्यापक योजना वनाएर काम अघि वढाउँछन् भने यस क्षेत्रको उच्च शिक्षा, अनुसन्धान र उपचारको गुणात्मक विस्तारमा पर्याप्त लगानी गर्ने वातावरण बनाउँछन् भने र यदि हाम्रो विशाल वनौषधीसम्पदालाई विशाल औद्योगिक सम्पदमा रूपान्तरण गरेर अन्तर्राष्ट्रिय जगत्मा फैलाउन संकल्प गर्छन् भने नेपाली जनताको स्वास्थ्य, औषधी, उद्योग व्यवसायको विस्तार र नेपालको गौरव र प्रतिष्ठा निरन्तर रूपमा अगाडि वढ्नेछ। त्यसो गर्न नसके यी सबै कुरा विदेशी बहुराष्ट्रिय कम्पनीहरूको कब्जामा पुग्ने र हामी टाउकामा हात राखेर जिल्ल पर्नुपर्ने कुरामा कुनै शङ्का छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवदेवीका बारेमा वैदिक निष्कर्ष

-प्रदीप नेपाल

म संस्कृतको ज्ञाता होइन, त्यसैले म यहाँ जे लेख्न गइरहेको छु- त्यो नै अन्तिम सत्य हो भन्ने दावी पनि म गर्न सक्दिन । संस्कृत साहित्य मेरा लागि स्तुत्य छ र आफूले हिजो विद्यालयकालमा संस्कृत पढ्न नपाएकोमा यतिबेला मभित्र पछुतो पलाइरहेछ । नेपालमा संस्कृत विद्यालाई जसरी हेय सम्झिइएको छ र अंग्रेजीको गुणगान गाइएको छ त्यो गलत रहेछ भन्न सत्यको बोध फ्रान्स र जर्मनीमा संस्कृत शिक्षाको महत्ता थाहा पाएपछि मेरो मनमा पलाएको हो ।

ज्ञानको श्रोत वेद हो भन्ने विषयमा यतिबेला कतै विवाद भेटिँदैन । सुरुमा श्रुतिपरम्पराबाट आरम्भ भएको वेदलाई व्यास ऋषिले सम्पादन गरेर लिपिबद्ध गरेका रहेछन् । संस्कृत भाषाको श्रोत वेदमा गएर ठोक्किँदो रहेछ । वेदलाई नै ज्ञान भनिँदो रहेछ बोलचालको भाषामा । वेद भनेको कुनै एउटा व्यक्तिले कुर्चीमा बसेर लेखेको महाकाव्य होइन रहेछ । त्यो त सभ्यताको आदिम कालदेखि सभ्यताले सिन्धु नदी काट्दासम्मका गीतहरू समावेश गरिएका रहेछन् । यथार्थमा वेदलाई संस्कृतका ऋचा र मन्त्रमा बाँध्नुभन्दा अलग अलग कालखण्डमा जनताको जीवनलाई सम्बोधन गरेर रचिएका लोकगीतहरूको सँगालो भन्दा उपयुक्त हुनेरहेछ ।

हाम्रा पितापूर्खाबाट वेदलाई अस्पृष्य बनाउने काम भयो । त्यसलाई मन्त्र बनाइयो । त्यसलाई आफ्नो भातपानी चलाउने मेसो बनाइयो । त्यसैले नेपाल, भारतजस्ता मुलुकहरूमा वेद तिरस्कृत हुँदै गयो भने जर्मनी तथा फ्रान्सका विश्वविद्यालयहरूमा संस्कृतको वास्तविक पढाइ हुन थाल्यो । यूरोपेलीहरू अघि बढ्नु र दक्षिण एसियालीहरू पछि पर्नुमा थोरथारै भएपनि संस्कृत शिक्षाको साँघुरीकरण र तिरस्कार गम्भीररूपमै जिम्मेवार छ । किनभने वेदको सम्पादन दक्षिण एसियामै भएको थियो र त्यो पन्ध्रौं शताब्दीपछि मात्रै युरोपतिर छिरेको थियो ।

वेदलाई अज्ञानीहरू हिन्दूधर्मसँग जोड्दछन् । यथार्थमा वेद ज्ञान हो, शिक्षा हो । तर हिन्दू भिन्न भिन्न समयमा भिन्न भिन्न संस्कृतिमा लपेटिँदै आएको फराकिलो मानव संस्कृति हो । यथार्थमा हिन्दू कुनै धर्म होइन । किनभने त्यसमा अरु धर्महरूमा पाइने धार्मिक कट्टरता नै छैन । सुँगुर छुन नहुने पनि हिन्दू, सुँगुर खाने पनि हिन्दू । जात मान्ने पनि हिन्दू, जात नमान्ने पनि हिन्दू । जनै लाउने पनि हिन्दू जनै भिर्दै नभिरी जिन्दगी कटाउने पनि हिन्दु । टीका लाउने पनि हिन्दू, टीका नलगाउने पनि हिन्दू । यस्तो विचित्रको धर्म यो संसारमा अन्य कतै देखिएको छैन ।

तर आजको सन्दर्भमा हिन्दु धर्म होइन, आजको सन्दर्भ हो देवी देवतासम्बन्धी छोटो चर्चाको । हिन्दु धर्ममा ब्रह्मालाई महापिता मानिन्छ । उनलाई सृष्टिकर्ता मानिन्छ । उनलाई ठूलै देवता मानिन्छ । तर अहिलेका यी अलौकिक ब्रह्मालाई वेदमा यसरी परिचय दिइएकौ छ- "हे इन्द्रदेव ! स्तुति गर्ने स्तोताहरूले तिमीलाई पूज्य मानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रोच्चारणद्वारा आदर गर्दछन् । बाँसका चोकेमाथि चढेर चटक देखाउने नट वा नर्तकजस्ता ब्रह्मा नामका ऋत्विक्ले श्रेष्ठ स्तुतिगान गर्दै तिमीलाई प्रोत्साहित गर्दछन् ।" संस्कृत भाषाको मोहलाई जगाउन पछिल्लो कालमा म ऋग्वेदका हिन्दी र नेपाली अनुवादहरूको अध्ययन गर्ने काममा पनि अहिले लागेको छु । माथि उद्धृत गरिएको अंश तिलकप्रसाद लुइँटेलले नेपालीमा अनुवाद गर्नुभएको ऋग्वेदको पृष्ठ ८ बाट निकालिएको हो । यो उदाहरणले ब्रह्मालाई देवता मानेको छैन । तर त्यत्ति मात्रै उदाहरण दिँदा इन्द्रचाँहि देवतै पो हुन् कि भन्ने भ्रम फिँजिने भएको हुनाले थोरै चर्चा इन्द्रका बारेमा पनि गरिहाल्नु वाञ्छनीय होला ।

वेदमा इन्द्रका धेरै सन्दर्भहरू छन् । एक ठाउँमा तिनी सय यज्ञ गर्ने शतक्रतु भएका छन् । एक ठाउँमा तिनी गोठालाहरूका मुखिया भएका छन् । एक ठाउँमा तिनी खेतीपातिका नायक भएका छन् । एक ठाउँमा तिनलाई गणनायक भनिएको छ । इतिहासको विकासक्रमको वैज्ञानिक अध्ययन गर्ने हो भने हामीले अहिलेसम्म देवताहरूका राजा मान्दै आएका इन्द्र, मातृसत्ता समाप्त भएपछिको सभ्यतामा लामो समयसम्म केन्द्रीय वृत्तमा रहेका व्यक्तिहरूको समूह हो । नेपालमा पुराना शासक, नायकहरूलाई राज़ा भनिएजस्तै हजारौं वर्ष पहिलेका नायक, मुखिया अथवा राजाहरूलाई इन्द्र भनिन्थ्यो भनेर बुझ्नु उपयुक्त हुन्छ । किनभने इन्द्रको स्तुतिमा यस्ता गीतहरू रचिएका छन् -"......हे बज्रधारी इन्द्र ! युद्धका बेलामा तिम्रो ख्याति पृथ्वीदेखि द्युलोक(ब्रह्माण्ड) सम्म फैलिन्छ ।..........हे इन्द्रदेव ! हामीबाट गरिएका स्तुतिले सवैतिरबाट तिम्रो आयु बढाउँदै तिमीलाई यशस्वी गराउन् ।...........हे याजकहरू ! सम्पूर्ण कार्यहरू पूरा गर्ने इन्द्रदेवको सामर्थ्य बढाइदिने यो सोमरस(रक्सी) उनैलाई अर्पित गर ।"

यस्ता दर्जनौं उदाहरणहरू ऋग्वेदमा पाइन्छन् जसले इन्द्रलाई बलशाली पुरुषको रूपमा चिनाएको छ । बल बुद्धि बाहेक इन्द्रमा कुनै अलौकिक एवं चामत्कारिक गुणहरू भेटिँदैनन् । मातृसत्ता समाप्त भैसकेको र त्यसका ठाउँमा पितृसत्ताले आफ्नो सत्ता कायम गर्न अघि सारेको एउटा वंश परम्परा नै इन्द्रका रूपमा वेदमा उपस्थित भएको देखिन्छ । ऋग्वेदमा देवीदेवता हुँदै नभएका भने होइनन् । पृष्ठ ११ मा उषा(विहानी) लाई देवी मानी आमन्त्रित गरिएको छ भने पृष्ठ २१मा वरुण(पानी) लाई सम्वोधन गर्दै भनिएको छ- "हे वरुणदेव ! मन्त्ररूपी वाणले हामी तिम्रो स्तुती गर्दछौं ।" अग्निदेवको स्तुति सवैभन्दा धेरै ठाउँमा गरिएको छ। पृष्ठ २२ मा भनिएको छ- "अमर देवताहरूमा हामी पहिले अग्नि(आगो) देवको स्तुति गरौं । त्यसैगरी ऋग्वेदले पृथ्वीलाई पनि देवीको सम्मान दिएको छ । पृष्ठ १८मा- "हे पृथ्वीदेवी ! तिमी सुखदातृ हौ । बाधा हटाएर उत्तम आवास दिन सक्षम छौ ।" अर्थात् ऋग्वेदले देवी देवता मानेकाहरूमा उषा, पृथ्वी, अग्नि, सूर्य, वरुण सवैभन्दा माथि छन् । पुरानो सभ्यतामा उषाले उज्यालो झल्काउने, पृथ्वीले बास दिने, सूर्यले ताप दिने, अग्निले खाद्यपदार्थमा स्वाद भर्ने र पानीले जीवन दिने भएको हुनाले (जस्तो पृष्ठ २२ मा भनिएको छ - जलमा अमृत समान गुण छ । जलमा औषधीको गुण छ । देवताहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो ! यस्तो जलको प्रशंसा गर्न तिमीहरू उत्साहित होओ) हाम्रा प्राचीन पुस्ताहरूले यी भौतिक वस्तुहरूलाई आफ्नो साँघुरो ज्ञानचेतनाका कारण देवीदेवता माने। भौतिक वस्तुहरूलाई देवीदेवता मान्ने संस्कार हामीले आजभन्दा पचास वर्ष अगाडि सम्म देखिरहेकै थियौं। नेपालमा महिलाहरू प्रत्येक पूर्णिमाका दिन चन्द्रमालाई भगवान् मानी सन्ध्या, पूजा गर्ने गर्थे। गाउँघरमा आजभोली पनि ग्रहण लाग्दा पानी छोइन्छ भन्ने अन्धविश्वास बाँचिरहेकै छ। हिन्दूहरू ३३ करोड देवीदेवता भएको विश्वास गर्दछन्। दक्षिण एसियाली सामन्तवादको यो एउटा अन्धविश्वासी उपहार हो। संस्कृत धेरैका लागि बुझ्न नसकिने भाषा भैसकेपछि टोलटोलमा नयाँ नयाँ देवीदेवताहरू जन्मिन थाले। त्यसलाई अधिकतम अन्धविश्वासको जालोभित्र बेर्ने प्रयत्न भयो पुरोहितहरूवाट। हजारौं वर्षको अनुभव वोकेका वेदहरूलाई शुद्र र नारीहरूले पढ्नै नहुने पवित्र ज्ञानका रूपमा चित्रित गर्ने गलत काम पनि भयो हाम्रा मनुबाजेबाट। वेदलाई ज्ञान होइन, स्वर्ग र नर्कको ढोकाका रूपमा चिनाउने नचाहिँदो काम पनि हाम्रा पूर्वजहरूवाट भयो। पुरानो ज्ञानलाई वैज्ञानिक विश्लेषणमा पर्घेल्ने भन्दा त्यसलाई झन् झन् रहस्यमय बनाउने नकाम पनि पुरानो समयका अगुवाहरूले गरे। राजालाई विष्णुको अवतार बनाउने षड्यन्त्र सामन्तवादको ठूलो सफलता ठहरियो प्रकारान्तरले। शक्तिपीठहरूका मूल हर्ताकर्तामा राजाहरू नै उपस्थित हुने नियमले राजा र देवतालाई एकाकार गर्ने नचाहिँदो काम गरियो। जनतामा चेतनाको ठप्पा लाउनुपर्ने हुनाले वेदका भौतिकवादी ऋचाहरूलाई अभौतिकवादी बनाउने जालसाजी पनि भयो। यस्तो गलत कार्यशैलीले हामीलाई आफ्नै इतिहासबाट विरक्त बनायो। पूर्वीय दर्शन बिनाकारण प्रताडनाको शिकार भयो। वास्तविक ज्ञानका ढोकाहरूलाई जस्केला बनाइयो र नक्कली ज्ञानलाई मूलदैलोको दिशा दिइयो। वास्तवमा यसलाई अब हाम्रो पुस्ताले सँच्याउनु पर्दछ।

अन्तमा एउटा रमाइलो सन्दर्भ। केटाकेटीमा व्रतवन्ध गराउँदा गुरुले गायत्री मन्त्र सुनाउँदा रहेछन्। व्रतवन्ध नगरेकाले त्यो मन्त्र सुन्यो भने सुन्ने र सुनाउने दुवै बौलाहा हुन्छन् भन्ने ज्ञान पनि त्यो मन्त्रसँगै बाँडिने रहेछ। मेरो व्रतवन्ध भएन। साथीहरू छेउछेउमा आएर नबुझिने भाषामा मन्त्र जपेजस्तो नाटक गर्थे र मेरो खिसी उडाउँथे। त्यस्तो बेलामा म बेस्सरी पीडित हुन्थें। यस्तो नौटङ्की भएको पन्ध्र वर्षपछि बनारसका गल्ली गल्लीमा त्यो "ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्" मन्त्र टाँसिएको देखें। अहिले त त्यो सुन्न सुनाउन नहुने गायत्री मन्त्र संगीतमा सजिएर भूमिवन्दनाका रूपमा नेपालकै रेडियोहरूमा बज्न थालेको छ।

ज्ञान अथाह गहिरो छ तर पर्घेल्नै नंसकिने भने भैसकेको छैन। समाजलाई अज्ञानी र अन्धविश्वासी होइन, ज्ञानी र भौतिकवादी बनाउने तागत हाम्रो पूर्वीय दर्शनमा पर्याप्त छ। संस्कृत पढेका आजका विद्वान्हरूको काँधमा यो जिम्मेवारी पनि आइपरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वनिसिद्धान्तलाई सर्सर्ती हेर्दा

-प्रा. नीलमणि ढुङ्गाना

संस्कृत साहित्यमा अनुसन्धान गर्ने प्रवृत्ति वैदिककालदेखि नै प्रारम्भ भएको हो । वैदिक ऋषिहरूले अनुसन्धान गरेर मन्त्रहरू देखेका हुन् । सम्पूर्ण वैदिक तथा लौकिक वाङ्मय अनुसन्धानमा नै आधारित छ । व्याकरण, ज्योतिष, दर्शन, आयुर्वेद, निरुक्त, सामुद्रिकशास्त्र, वास्तुशास्त्र, धर्मशास्त्र, नीति आदि सबै अनुसन्धानकै उपज हुन् । ध्वनिसिद्धान्त पनि अनुसन्धानकै एउटा उपलब्धि हो । काव्यले किन मानिसलाई आकर्षण र अनुपम आनन्द प्रदान गर्छ ? काव्यभित्र के त्यस्तो तत्व लुकेर रहेको छ ? यसैको अनुसन्धानका क्रममा आनन्दवर्द्धनले नवौं शताव्दीमा ध्वनिसिद्धान्तको आविष्कार गरेका हुन् ।

ध्वनिशव्द ध्वन शव्दे इति धानुबाट **खनिकष्यज्यसिवसिवसिध्वनिग्रन्थि चलिभ्यश्च** भन्ने उणादिसूत्रले इ प्रत्यय लागेर बनेको शव्द हो । सङ्गीतमा बाजाको धुन/ मादल आदिको शव्द, आवाज, बादलको गडगडाहटको शव्द, क,ख, आदि गरिएका वर्ण र प्रतीयमान अर्थ बुझाउन यस शव्दको प्रयोग भएको देखिन्छ ।

शव्दो ध्वनिश्च वर्णश्च मृदङ्गादिभवो ध्वनिः
कण्ठसंयोगजन्मानो वर्णस्ते कादयो मताः ॥(भाषापरिच्छेद)

संस्कृत काव्यशास्त्रमा प्रयुक्त ध्वनि शव्दको व्युत्पादन गर्दा यसका अनेक अर्थ हुन्छन् । १.ध्वन्यते अनया (जसद्वारा ध्वनि निस्किन्छ) २.ध्वन्यतेऽसौ (जुन ध्वनित हुन्छ) प्रतीयमान अर्थ (रसध्वनि, वस्तुध्वनि र अलङ्कारध्वनि) ३.ध्वनितीति ध्वनिः (जसले ध्वनित गर्दछ) व्यञ्जक शव्द र अर्थ ४.ध्वन्यतेऽस्मिन् (जसमा ध्वनि छ) प्रवन्ध काव्य । यस्तो ध्वनिलाई वैयाकरणहरूले स्फोट अर्थात् कण्ठ र तालुको संयोग वा वियोगबाट निस्कने शव्द भन्छन् । यसरी नै साहित्यशास्त्रमा व्यञ्जनावृत्तिबाट बोध हुने अर्थलाई व्यङ्ग्य वा ध्वनि भनिन्छ । यो अर्थ उत्तम काव्यभित्र परमसुन्दरी युवतीको अनुहारमा लावण्य झल्किएझैं झल्किएर रहेको हुन्छ ।

प्रतीयमानं पुनरन्यदेव वस्त्वस्ति वाणीषु महाकवीनाम् ।
यत्तत्प्रसिद्धावयवातिरिक्तं विभाति लावण्यमिवाङ्गनानासु ।(ध्वन्यालोक)

यो व्यञ्जनावृत्तिबोध्य हुन्छ भन्ने काव्यशास्त्रीहरूको धारणा छ । नैयायिकहरूले ध्वनिलाई अनुमानभित्रै अन्तर्भाव गरेर त्यसको बोधका लागि छुट्टै व्यञ्जनाव्यापार आवश्यक छैन भनेका छन् । भाट्टमतका अनुयायी मीमांसकहरू तात्पर्यवृत्तिबाटै व्यङ्ग्यार्थ बोध हुन्छ भन्ने पक्षमा छन् । भट्टनायक आदि साङ्ख्यका विद्वान्हरूले अभिधाको अव्यवहित र व्यवहित गरी दुई भेद मानेर त्यसैबाट व्यञ्जनाको काम चल्छ भनेका छन् । यी सबै मतलाई खण्डन गरेर ध्वनिवादी आचार्य आनन्दवर्द्धनले व्याङ्ग्यार्थ बोधका लागि व्यञ्जना वृत्तिको स्थापना गरेका छन् । यो ध्वनि नै काव्यको आत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो भनेर प्रतिपादन गर्ने संस्कृत काव्यशास्त्रको सवैभन्दा प्रमुख र प्रौढ सिद्धान्त हो । यसका प्रवर्तक आचार्य आनन्दवर्धन नै हुन् । यिनको समयमा तीनथरी ध्वनिविरोधी मतहरू थिए - अभाववादी, लक्षणावादी, अनिर्वचनीयतावादी । अभाववादी पनि तीन थरी थिए - अत्यन्ताभाववादी, परम्परावादी र अन्तर्भाववादी । अत्यन्ताभाववादी ध्वनिको अस्तित्व पटक्क स्वीकार गर्दैनथे । परम्परावादीहरू भामह, वामन, दण्डी आदि आचार्यले ध्वनिको चर्चा नगरेको हुँदा त्यसको अस्तित्व स्वीकार्ने पक्षमा थिएनन् । अन्तर्भाववादीहरू अलङ्कारभित्रै ध्वनिको अन्तर्भाव गरेर ध्वनिको पृथक् अस्तित्व मान्ने पक्षमा थिएनन् । आनन्दवर्धनले यी सबै मतको एक एक गरी खण्डन गरेर ध्वनिसिद्धान्तको स्थापना गरेका छन् । भक्ति अर्थात् लक्षणावादीको मत पनि दोषपूर्ण नै ठहरियो । अनिर्वचनीयतावादीको विचारलाई त उनले तर्कपूर्ण उपहासको शैलीमा उडाइनै दिएका छन् । ध्वनिसिद्धान्तको स्थापनाको औचित्य देखाउँदै आनन्दवर्धन लेख्छन् -

काव्यस्यात्मा ध्वनिरिति बुधैः यः समाम्नातः पूर्वं
तस्याभावं जगदुरपरे भाक्तमाहुस्तमन्ये ।
केचिद् वाचां स्थितमविषये तत्वमूचुस्तदीयं
तेन ब्रूमः सहृदयमनः प्रीतये तत्स्वरूपम् ।(ध्वन्या.१.२)

ध्वनि भनेको प्रतीयमान अर्थ हो । नारीको अङ्गमा झल्कने लावण्यजस्तै महाकविका रचनामा यो अर्थ झल्किन्छ । यो वाच्यार्थ र लक्ष्यार्थदेखि सर्वथा भिन्न छ । हुन्छ जाऊ, मेरो पनि त्यसै ठाउँमा जन्म होस् भन्दा यस वाक्यमा विधि अर्थ वाच्य छ र नजाऊ भन्ने निषेधार्थ व्यङ्ग्य छ । वाच्यार्थको बोध सबै पाठकलाई हुन्छ, तर व्यङ्ग्यार्थको ज्ञान सहृदयीलाई मात्र हुन्छ । एउटा शब्द वा वाक्यको वाच्यार्थ एउटै हुन्छ । व्यङ्ग्यार्थ अनेक हुनसक्छन् । वाच्यार्थ ज्ञानका लागि सोझो पद, पदार्थको ज्ञान भए पुग्छ, व्यङ्ग्यार्थज्ञानका लागि भावुकताले माझिएको प्रतिभा चाहिन्छ । वाच्यार्थले साझो कुरो जनाउँछ भने व्यङ्ग्यार्थले भावुक हृदयलाई प्रफुल्ल पार्छ । वाच्यार्थको बोध सामान्य हुन्छ तर व्यङ्ग्यार्थ बोध चमत्कारजनक हुन्छ । वाच्यार्थको बोध पहिले हुन्छ भने व्यङ्ग्यार्थको बोध पछाडि । वाच्यार्थ वाचक पदमा मात्र आश्रित हुन्छ । वाच्यार्थको विषय एउटा हुन्छ भने व्यङ्ग्यार्थको विषय अर्कै पनि हुनसक्छ । यसरी महाकविका वाणीबाट व्यक्त हुने, वाच्यार्थ भन्दा छुट्टै अस्तित्व राख्ने ध्वनिलाई स्वीकार नगर्नु अन्यताभाववादीको मूढताशिवाय केही होइन । भामह, दण्डी आदिले चर्चा गरेको परम्परावादी चिन्तनभित्र पनि ध्वनि अटाउँदैन । शब्दालङ्कारमा त व्यङ्ग्यार्थको प्रवेशै हुँदैन, अर्थालङ्कारहरू प्रायः वाच्य नै हुन्छन् । समासोक्ति, अप्रस्तुतप्रशंसाजस्ता कतिपय अलङ्कारमा प्रतीयमान अर्थ व्यक्त भएतापनि ती अर्थ वाच्यार्थका पोषक भएकाले तिनलाई ध्वनि भन्न मिलेन । वाच्यार्थको पोषक भएर आएका प्रतीयमान अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमकाव्य ध्वनिभित्र पर्दैनन्, ध्वनि भनेको अलङ्कार्य हो। अलङ्कारभित्र अलङ्कार्यको अन्तर्भाव कदापि हुन सक्दैन।

व्यङ्ग्यस्य यत्राप्राधान्यं वाच्यमात्रानुयायिनः
समासोक्त्यादयस्तत्र वाच्यालङ्कृतयः स्फुटाः ॥
व्यङ्ग्यस्य प्रतिभामात्रे वाच्यार्थानुगमेऽपि वा
न ध्वनिर्यत्र व्यङ्ग्यस्य प्राधान्यं न प्रतीयते ॥ (ध्वन्यालोक)

लक्षणा नभएको ठाउँमा पनि कतै ध्वनि हुने र लक्षणा भएको ठाउँमा पनि कतै ध्वनि नरहने हुँदा भक्ति अर्थात् लक्षणाभित्र ध्वनिको अन्तर्भाव हुन सकेन।

भक्त्या विभर्ति नैकत्वं रूपभेदादयं ध्वनिः
अतिव्याप्तेरथाव्याप्ते न चासौ लक्ष्यते तया ॥(ध्वन्यालोक)

महाकविहरूको वाणीमा सहृदयले सहजै अनुभव गर्न सकिने, उदाहरण प्रत्युदाहरणबाट स्थापित प्रतीयमान अर्थ ध्वनिलाई अनिर्वचनीय भनेर पन्छाउन मिल्दैन। ध्वनिको स्वतन्त्र अस्तित्व र स्पष्ट क्षेत्र छ। वैदर्भी, गौडी, पाञ्चाली लाटी आदि रीति काव्यका अवयवको संरचना हो। शव्द र अर्थ काव्यका शरीर हुन्। उपमा, उत्प्रेक्षा आदि अलङ्कारहरू शव्द र अर्थको सौन्दर्य बढाउने भएकाले काव्यशरीरका अस्थिर धर्म हुन्। ध्वनि पदगत, पदांशगत, वाक्यगत, प्रबन्ध आदिको भेदले अनेक किसिमको हुन्छ। अभिधामूल, लक्षणामूल, संलक्ष्यक्रम, असंलक्ष्यक्रम, शव्दशक्त्युद्भव, अर्थशक्त्युद्भव, उभयशक्त्युद्भव आदिका भेदले यसका अरु पनि धेरै प्रकार हुन्छन्। यी सवै भेदमा प्रतीयमान(झल्कने) अर्थको प्राधान्य अनिवार्य हुन्छ। वाच्यार्थभन्दा अल्प प्राधान्य वा समप्राधान्य प्रतीयमान अर्थ ध्वनि नभएर गुणीभूत व्यङ्ग्य हुन्छ। प्रतीयमान कोटीमा आएका रस, वस्तु र अलङ्कार अप्रधान बनेर कसैको अङ्ग बन्न पुग्दा गुणीभूत व्यङ्ग्य नै हुन्छन्। काव्यशास्त्रमा प्रतिपादित अलङ्कार पनि वस्तुतः गुणीभूत व्यङ्ग्यकै एक भेद हुन्। प्रतीयमान अर्थ नभएका अरु सबै अलङ्कार पनि वस्तुतः शव्दालङ्कार वा अर्थालङ्कार हुन्। अलङ्कारत्वनिर्वाहका लागि प्रतीयमान कोटीमा आउने अर्थमा चमत्कारको अवस्था शून्य हुने हुँदा तिनीहरू पनि वाच्यालङ्कार नै हुन्, गुणीभूतव्यङ्ग्य होइनन्।

काव्यशास्त्रमा ध्वनिका प्रकारको बारेमा व्यापक चर्चा भएको छ। ध्वनि सिद्धान्तका व्याख्याता आनन्द वर्धनको मतानुसार ध्वनि मुख्य दुई किसिमको हुन्छ - अविवक्षितवाच्य र विवक्षितान्यपरवाच्य। अविवक्षितवाच्यमा वाच्यार्थ विवक्षित हुँदैन। यो लक्षणामूला ध्वनि हो। यसका दुई भेदा हुन्छन् - अर्थान्तरसंक्रमितवाच्य र अत्यन्ततिरस्कृतवाच्य। अर्थान्तरसंक्रमितवाच्य ध्वनि उपादानलक्षणा (अजहत्स्वार्था) मूलक हो। यसमा शव्दले आफ्नो अर्थ अर्थान्तरमा संक्रमित हुन्छ। आँप आँपै हो भन्दा आँप शव्दको पुनरुक्ति भएकाले मुख्य अर्थमा बाधा परेको हुँदा दोस्रो आँप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दले मीठो भन्ने लक्ष्यार्थबोध गराएको छ । त्यसबाट अतिशय मीठो भन्ने व्यङ्गच अर्थ ध्वनित हुन्छ । अत्यन्ततिरस्कृत ध्वनि लक्षणलक्षणा(जहत्स्वार्था लक्षणा) मूला ध्वनि हो । यसमा वाच्यार्थ अत्यन्त तिरस्कृत हुन्छ । कस्तो अन्धो रहेछ लत्याएर हिँड्छ भन्दा आँखा देख्ने व्यक्ति अन्धो हुन नसक्ने भएकाले अन्धो शब्दको अर्थ अत्यन्त तिरस्कृत भएको छ । यसरी मुख्यार्थमा बाधा परेकाले अन्धो शब्दले यहाँ हड्बडे भन्ने लक्ष्यार्थ बोध गराएको छ । यसबाट अतिशय हडबडे भन्ने व्यङ्गचार्थ बुझिने हुदा यो अत्यन्ततिरस्कृत वाच्य ध्वनि हो । यो पदगत र वाक्यगतका हिसावले चार प्रकारको हुन्छ । विवक्षितान्यपरवाच्य ध्वनि अर्थात् अभिधामूला ध्वनिका मुख्य दुई भेद छन् । असंलक्ष्यक्रम र संलक्ष्यक्रम व्यङ्गच । वाच्यार्थ बोध हुनासाथ तुरुन्तै व्यङ्गचार्थ बोध भयो भने त्यो असंलक्ष्यक्रम ध्वनि हुन्छ । यसमा वाच्यार्थ र व्यङ्गचार्थको क्रम त हुन्छ तर त्यो क्रम अत्यन्त छिटो भएकाले प्रतीति हुँदैन । श्रृङ्गार आदि रस, रसाभाव, भाव, भावाभास आदि त्यसै भित्र पर्दछन् । यो ध्वनि पद, पदांश, वाक्य, प्रबन्ध, वर्ण र रचनाका भेदले छ किसिमको हुन्छ । संलक्ष्यक्रमव्यङ्गच ध्वनिमा वाच्यार्थ र व्यङ्गचार्थको क्रम थाहा हुन्छ । संलक्ष्यक्रम ध्वनि तीन किसिमको हुन्छ - शब्द रबाट अलङ्कारका भेदले चार प्रकारको हुन्छ । अर्थशक्त्युद्भव ध्वनि अर्थमा आश्रित ध्वनि हो । शब्द परिवर्तन भए पनि(पर्यायवाची शब्दको प्रयोग भएपनि) यस ध्वनिमा कुनै असर पर्दैन । यो पनि वस्तुवाट वस्तु, वस्तुबाट अलङ्कार, अलङ्कारवाट वस्तु र अलङ्कारबाट अलङ्कारका भेदले चार प्रकारको हुन्छ । अर्थशक्त्युद्भव ध्वनिका यी सबै प्रकारहरू स्वतः सम्भवी, कविप्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्धका भेदले तीन तीन प्रकारका हुँदा (४x ३) १२ प्रकारको हुन्छ । फेरी यो ध्वनि पदगत, वाक्यगत र प्रबन्धगत (३x १२) का हिसाबले ३६ किसिमको हुन्छ । यसरी शुद्ध ध्वनिका भेदहरू-

१.अविवक्षितान्यपरवाच्यध्वनि - ४

२.विवक्षितान्यपरवाच्य ध्वनि -

क) असंलक्ष्यक्रम ध्वनि - ६

ख) संलक्ष्यक्रम ध्वनि -

अ) शब्दशक्त्युद्भव - ४

आ) अर्थशक्त्युद्भ - ३६

इ) उभयशक्त्युद्व - १

गरी जम्मा ५१ हुन्छन् । यिनीहरू एकअर्कासित मिश्रित हुँदा ५१x ५१= २६०१ हुन्छन् । संसृष्टि र तीन किसिमका सङ्करका हिसावले ध्वनिको संख्या २६०१x४=१०४०४ हुन्छ । यसमा उक्त शुद्ध ध्वनिका ५१ भेद मिलाउँदा ध्वनिको संख्या १०४५५ हुन्छ ।

त्यस्तै गुणीभूतव्यङ्गच(मध्यमकाव्य) आठ प्रकारको हुन्छ । अगूढव्यङ्गच (वाच्यार्थजस्तै सामान्य पाठकले पनि बुझ्ने व्यङ्गच) अपराव्यङ्गच (अर्को व्यङ्गच अर्थको अङ्ग बन्न पुगेको व्यङ्गचार्थ) अस्फुटव्यङ्गच(व्यङ्गचार्थ स्पष्ट नभएको) वाच्यसिद्धव्यङ्गच (वाच्यार्थको सिद्धका लागि प्रयुक्त व्यङ्गच) सन्दिग्धप्रधान(वाच्यार्थ र व्यङ्गचार्थ प्राधान्यप्राधान्यको सन्दिग्ध भएको) तुल्यप्रधानव्यङ्गच (वाच्यार्थ र व्यङ्गचार्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समप्राधान्य) काक्वाक्षिप्त व्यङ्ग्च (काकुध्वनिवाट व्यक्त हुने व्यङ्ग्च) असुन्दरव्यङ्ग्च (वाच्यार्थभन्दा कम चमत्कार भएको व्यङ्ग्च) ।

ध्वनिसिद्धान्तका प्रवर्तक आचार्य आनन्दवर्धनले आफ्नो ध्वन्यालोक भन्ने कृतिमा ध्वनिको महत्व, ध्वनिको लक्षण, ध्वनिका भेद-उपभेद, उदाहरण, प्रत्युदाहरण आदिको विस्तृत विवरण दिँदै ध्वनिविरोधी मतको खण्डन गरेर ध्वनिको स्थापना गरेका छन् । यस सम्प्रदायका अरु आचार्यहरूमा एघारौं शताब्दीका मम्मट, चौधौं शताब्दीका विश्वनाथ, सत्रौं शताब्दीका पण्डितराज जगन्नाथ मुख्य छन् । यिनीहरूले आ-आफ्ना ग्रन्थमा ध्वनिको महत्व दर्शाउँदै त्यसको विशद विवेचन र स्थापना गरेका छन् । आज यो काव्यसिद्धान्त काव्यशाँस्त्रको क्षेत्रमा वहुचर्चित छ । काव्यको समीक्षाको क्षेत्रमा यसले महत्वपूर्ण स्थान ओगटेको छ । नेपाली, हिन्दी, मैथिली आदि आधुनिक भाषाका काव्य र नाटकको समीक्षामा पनि ध्वनिप्रयोगको खोजी गर्ने प्रवृत्ति वढेर गएको छ । त्यसैले यो ध्वनिसिद्धान्त सार्वकालिक, विश्वजनीन र यथार्थमा आधारित छ भन्ने तथ्यलाई कसैले पनि नकार्न सक्दैन ।

गजल

हे साथी ! प्रीतको फूल झर्नुभन्दा पहिलै
तिमी डोली चढ्नु म मर्नुभन्दा पहिलै ॥

ती खुसीका आँशुले गह तिम्रो धोइयोस्
यता मेरो खल्को गर्नुभन्दा पहिलै ॥

तिमी मनाउनु है सुहागरात रमाई
यता अविर-लावा छर्नुभन्दा पहिलै ॥

निभाउनु मेरो सम्झनाको दीप साथी
उसलाई अंगालोमा भर्नुभन्दा पहिलै ॥

-नीलम दीप "दीपेन्द्र"
वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत छात्रावास : पुराना केही स्मृति

-पुरुषोत्तम दाहाल

नेपालका दलित, गरीव ब्राम्हणहरूको भविष्य निर्माण गर्ने तीनधारा संस्कृत छात्रावास आज पनि कुनै न कुनै रूपमा आफ्नो ऐतिहासिक भूमिका निर्वाह गरिरहेको छ। राजधानी काठमाडौंका शासक र शासनका वरिपरी कुण्डली मारेर वसेका अनेक जाति, उपजातिका सामन्त, ठालु र शोषकहरूको आँखी भएर रहेको संस्कृत छात्रावासलाई आफ्ना सगोत्री हत्याको पापवाट आफूलाई मोचन गर्ने वीर शम्सेरको इच्छावाट स्थापित मानिन्छ। संस्कृत छात्रावासका नाउँमा स्थापित गरेको गुठी सरकार फेरिँदै गर्दा र अनेक ठगहरूको फन्दामा परी समाप्त हुँदै गयो। आज पनि कतिलाई लाग्छ केही व्यक्तिहरूलाई सरकारले अनुदान दिएर शिक्षामा किन यति सहुलियत दिने ? यसप्रश्नको उत्तरमा प्रतिप्रश्न गर्नु पर्ने हुन्छ : विगतमा संस्कृत छात्रावासका नाउँमा स्थापित भएको करोडौं नभएर आजका दिनमा खरवौं पर्ने गुठीको जग्गा र त्यसको आम्दानी कहाँ छ ? त्यो आम्दानी वापत सरकारले संस्कृत क्षेत्रलाई केही मद्दत मात्र गरिरहेको छ। आज पनि यसका नाउँमा राखिएको पुरानो जग्गाको खोजीनीति गरी संस्कृत छात्रावासलाईनै फिर्ता गर्ने हो भने कुनै पनि सरकारले यसलाई केही पनि दिइरहनु पर्दैन। अरु समुदायका , जातका गुठीहरूको व्यवस्थापनमा यतिविधि खर्च भइरहेको छ उनीहरूको जातीय पहिचान र संस्कृति जोगाउने नाउँमा तर संस्कृत छात्रावासको संस्कृति जोगाउन यसको गुठी र यसको आम्दानी भने सुरक्षित गर्नु पर्छ भन्नेतर्फ कसैको पनि ध्यान गएको देखिदैन। आजका दिनमा यस्तो ध्यान जानु पर्छ कि पर्दैन ? यस संस्कृत छात्रावासको योगदानको इतिहास लामो समयदेखि निरवच्छिन्न छ। विसं १९४२ देखि अहिलेसम्म संस्कृत छात्रावासले नेपालको शिक्षा क्षेत्रमा दिएको योगदान , राजनीतिक परिवर्तनका लागि खेलेको भूमिका , सामाजिक जागरणका लागि चालेको अभियान र साहित्यका क्षेत्रमा गरिरहेको तपस्या र साधना तथा शिक्षाका लागि बालेको बत्तीको मूल्यांकन हुन सकेको छैन। सायद अब त्यो समय आएको छ जसको मूल्यांकन अपरिहार्य भएको छ।

मूल्यांकन अपरिहार्य किन भएको हो ?

✓ कवि शिरोमणि लेखनाथ पौड्याल वा राष्ट्र कवि माधव घिमिरे यसै छात्रावासका उपज हुन्। आजका दिनमा स्वामी रामानन्द गिरीको नांउ सम्मानपूर्वक लिइन्छ। उहांको प्रेरणा र मार्गदर्शनमा अनेक गरीव नेपालीहरूले ज्ञान र शिक्षाको प्रकाश पाइरहेका छन्। कुनै दिन उहां पनि संस्कृत छात्रावासको मेधावी छात्र हुनुहुन्थ्यो। कूटनीतिक सिद्धान्तमा महारत हासिल प्रा. यदुनाथ खनालदेखि राजनीतिमा पूर्ण प्रसाद ब्राम्हण , श्रीभद्र शर्मा , राजेश्वर देवकोटा , कमलराज रेग्मी , अच्यूतराज रेग्मी, काशीनाथ गौतम अनेक हस्तीहरू यसैका देन हुन्। गोकर्णराज शास्त्री , वाचस्पति देवकोटा , चिरञ्जीवी वाग्ले , प्रेमनाथ अर्याल , पद्मशंकर अधिकारी , पीताम्वर दाहाल , रामप्रसाद भट्टराई , होमनाथ दाहाल , सिद्धराज ओझा ,नरहरि आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

,घनश्याम शर्मा पौडेल , कृष्णप्रसाद सापकोटा , माधव पौडेल , इन्द्रमणि अधिकारी , हरि अधिकारी हुँदै अनेक राजनीतिका प्रवीणहरूलाई यस क्षेत्रले पैदा गरेकोछ । प्रशासकका कुरा अझ आश्चर्य लाग्दो छ । रेवती खनाल देखि शरद् भट्टराईसम्म , राधेश्याम भट्टराई, तुलसीप्रसाद भट्टराई हुदै, विजयराज भट्टराई, भरतमणि रिसाल , राममणि रिसाल, हरि भट्टराई,ध्रुवराज वाग्ले सम्म र आजका अधिकांश जिल्ला र क्षेत्रका प्रमुख प्रशासकहरू संस्कृत छात्रावासका उपज रहेका छन् । मेरो जानकारीमा रहेसम्म हाम्रा समकालीन मित्रहरू मध्ये आज पनि तारानाथ गौतम , शम्भु कोइराला , सागरमणि पराजुली, शंकर अर्याल , रघुनाथ अधिकारी , विष्णुहरि पौडेल, सूर्यकान्त पन्थी, तेजप्रसाद शर्मा , यदु पन्थी , भवानी पराजुली, कृष्णचन्द्र घिमिरे, ठूलो विष्णुहरि पौडेल, गोविन्द खनाल, गोविन्द सुवेदी , भरत पौडेल , रामजी रेग्मी , जगदीश्वर अधिकारी, सहित कतिपय व्यक्तित्वहरूले प्रशासनको जिम्मेदारी निभाइरहेका छन् । कृष्ण ज्ञवाली त सचिव नै छन् भने ज्ञानचन्द्र आचार्य राजदूत रहेका छन् । सौभाग्यवस यी दुवै साथीहरू मेरा सानैदेखिका सहपाठीहरू हुन् । यो संस्कृत छात्रावासले संस्कृत क्षेत्रका प्रकाण्ड साधक र विद्वान् प्रा. शिवराज आचार्यदेखि, विदुरप्रसाद पौडेल , डा. माधव भट्टराई डा. रामचन्द्र गौतम , डा. हरिप्रसाद गौतम , शिवहरि मरहठ्ठा, लेखनाथ आचार्य , स्थानेश्वर गौतम हुदै पूर्वीय र पाश्चात्य शास्त्रका प्रवीणहरू जयराज आचार्य, हृषिकेश उपाध्याय , ज्ञानचन्द्र आचार्य, कृष्ण ज्ञवालीको नाउ सगौरव लिनु पर्ने हुन्छ । यस अतिरिक्त राजनीति शास्त्रमा डा. रमेशचन्द्र अधिकारी, नन्दकृष्ण जोशी , धनप्रसाद पण्डित, शिवकुमार गौतमहरू सहित अनेक विद्वानहरूलाई छात्रावासले उत्पादन गरेको छ । लेखकको हिसाव लामो हुनसक्छ । प्रा. वासुदेव त्रिपाठी , डा. ऋृषिराम पोखेल, श्याम दाहाल , दैवज्ञराज न्यौपाने , हेमाङ्गराज अधिकारी ,केदार न्यौपाने , नरेन्द्रराज पौडेल , शिव अधिकारी, दाहाल यज्ञनिधि, डा.भूपहरि पौडेल , कोषराज न्यौपाने , व्रतराज आचार्य , ढुण्ढिराज दाहाल ,लक्ष्मीकान्त पन्थी , डा. दुर्गाप्रसाद अर्याल, प्रयागराज वाशिष्ठ, गोविन्द घिमिरे, डा. मोहन तिमल्सिना , हेमचन्द्र नेपाल , फणीन्द्र नेपाल ,भाग्यशाली शर्मा , डा. बद्री विशाल भट्टराई ,चूडामणि खनाल , धनञ्जय तिमल्सिना ,रमेश भट्टराई , स्थीरप्रसाद पराजुली , हरिप्रसाद पराजुली , डा. कृष्णप्रसाद भट्टराई , पीताम्वर दाहाल , राधेश्याम भट्टराई ,वद्री दाहाल भष्मासुर , होमप्रसाद गृहस्थी, बलराम गाउँले, नवराज कट्टेलसहित अरु धेरै नयाँ पुराना लेखकहरूलाई यस क्षेत्रले जन्माएको छ । शिव अधिकारी त हामी धेरैका साहित्यलेखनका प्रेरणा आधार पनि हुनुहुन्थ्यो । केही वर्ष अघि मात्रै उहाँको निधन भयो । आज पनि उहाँका अमर गीतहरू विभिन्न रेडियोदेखि टेलिभिजनमा समेत गुञ्जिरहेको सुनिन्छ । राजेश्वर देवकोटा , श्रीभद्र शर्मा र पूर्णप्रसाद ब्राम्हण, कमलराज रेग्मीहरू त राजनीति र लेखकीय क्षमतामा समान थिए । प्राज्ञ, कुटनीतिका विशिष्ट ज्ञाता यदुनाथ खनाल संस्कृत छात्रावासका लागि एक विशिष्ट उदाहरण हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीति शास्त्रीहरू मात्रै नभएर घनश्याम उपाध्याय, डा. वद्री पोखेल, तुलसी गौतम , केशव गौतम, आत्माराम घिमिरे , डा. केशवराज भट्टराई, लक्ष्मीनारायण न्यौपाने, केशव पहाडी, गणेश नेपाल जस्ता अर्थशास्त्रीहरू पनि संस्कृत छात्रावासकै देन हुन् । छात्रावासले कलाकार र कला विशेषज्ञ पनि जन्माएको छ । प्रा विद्यानाथ उपाध्याय देखि नन्दकृष्ण जोशी, सुरेश शर्मा , घनश्याम खतिवडा, नवराज लम्साल, माधव दाहाल हुदै अहिले चर्चित हास्यकलाकार देवीराम पराजुली पनि संस्कृत छात्रावासकै प्रतिभाहरू हुन् । प्रा उपाध्याय त तन्त्र विद्या र नाट्यकलामा विशेष ज्ञानसंपन्न हुनुहुन्छ जसको सही उपयोग हुनसकेको छैन । नन्दकृष्ण जोशीको कला अभियानले देशमा लोकतान्त्रिक गणतन्त्रको आन्दोलनलाई सहज तुल्याएको थियो । जोशी लोक कलाकार मात्रै नभएर लोकतान्त्रिक आन्दोलनमा पनि उत्तिकै सक्रिय छन् । आजका कतिपय कानून व्यवसायीहरू र पत्रकारहरूको लामो सूची यस क्षेत्रले पाएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा पुगेर पूर्वीय दर्शनलाई , तन्त्रको साधना र सिद्धान्तलाई परिचित गराउनमा आजका दिनमा स्थानेश्वर तिमल्सिना अमेरिका, दिवाकर आचार्य जर्मनीहरूको जस्तो योगदान अभूतपूर्व रहेको छ । डा. केशवराज भट्टराईले त वेलायतमा समेत आफ्नो अर्थशास्त्रीय क्षमता देखाएका छन् । ज्यौतिष विज्ञानको सान्दर्भिकता वढेर गएको छ । डा.साम्वराज आचार्य , शम्भु ढकाल , श्रीकृष्ण अधिकारीदेखि खिलानाथ वस्ताकोटी, वासुदेव आचार्य सहित अनेक नयाँ पुस्तालाई यसले पैदा गरेको छ । वातावरण विशेषज्ञका रूपमा टीकाराम भट्टराई आजपनि सक्रिय छन् । मैले यहाँ केही प्रतिकात्मक नाउँहरू मात्रै लिएको छु । संस्कृत छात्रावासबाट नेपाली सञ्चार क्षेत्र पनि गौरवान्वित रहेको छ । श्रीप्रसाद गौतम , भैरव रिसाल , होमनाथ दाहाल , रत्नाकर देवकोटा ,श्री आचार्य , स्वयं यो पंक्तिकार सहित तेजप्रकाश पण्डित, शिवप्रसाद भट्टराई, राजेन्द्र दाहाल, गोकर्ण अर्याल, जनार्दन घिमिरे , रामजी दाहाल सहित धेरै जना सञ्चार क्षेत्रमा काम गरिरहेका छन् । जनार्दन त लेखकका रूपमा समेत परिचित भइसकेका छन् । छात्रावासकै उत्पादन वासु रिमाल यात्री संचारकै हस्ती थिए । अरु धेरै प्रतिभाहरूले यस क्षेत्रवाट देशलाई महत्वपूर्ण योगदान दिएका छन् । संस्कृत छात्रावासको योगदान सार्वजनिक प्रशासन भन्दा पनि वढी शिक्षा क्षेत्रमा रहेको छ । करीव एक सय पच्चीस वर्ष पूरा गरेको संस्कृत छात्रावासवाट करीव दश हजार गरीव नेपालीका सन्तानहरूले शिक्षाको उज्यालो देख्न पाए भने उनीहरूवाट लाखौं नेपालीहरू शिक्षित हुन पुगेका छन् । देशभरी नेपाली , केही मात्रामा अंग्रेजी , अर्थशास्त्र , राजनीति शास्त्र , गणित , समाज शास्त्र , पत्रकारिता सहित संस्कृत र शास्त्रीय ज्ञान दिन आज पनि हजारौंको संख्यामा पहाडका विकट कुनाकन्दरादेखि तराईका मैदानी फाँटसम्म यी ब्राम्हणहरू छरिएर आफ्नो ऊर्जा प्रयोग गरिरहेका छन् । उनीहरूको शिक्षा पाएर आज अनेक राजनीतिक नेता , शिक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषज्ञ , समाज सुधारक, साहित्यकार , पत्रकार , कुटनीतिज्ञ प्रशासकसमेत वनिरहेका छन् ।

राजनीतिक आन्दोलनको मियो भएर संस्कृत छात्रावास रहदै आएको छ । राणा शासनकालमानै विसं. २००४ सालमा भएको चर्चित जयतु संस्कृतम् आन्दोलन नेपालको शिक्षा र राजनीतिक परिवर्तनको जगमा वसेको छ । यो आन्दोलन त्यस समयमा नभएको भए ००७ को परिवर्तनको जग वस्थ्यो वा वस्नेथिएन भन्न सकिदैन । कोरा संस्कृतको ज्ञान मात्रै भएर पुग्दैन यसमा साहित्य , राजनीति अर्थशास्त्र , अंग्रेजी, गणित आदिको पनि अध्ययन हुनुपर्छ भन्ने माग ००७ को क्रान्ति आधार हुनपुग्यो । ००७ पछि पनि छात्रावासमा सिटका लागि आन्दोलन हुन पुग्यो जसलाई क्रान्ति दिवसका रूपमा आज पनि मनाउने प्रचलन छ । ०१४ सालको भद्रअवज्ञा आन्दोलन ०१७ सालमा राजा महेन्द्रले चालेको लोकतन्त्र विरोधी कदम विरुद्ध चलाइएको आन्दोलन , ०२२ साल , ०२८ , ०३२ र ०३६ का विद्यार्थी आन्दोलनहरू छात्रावासको राजनीतिक चेतका परिणामहरू हुन् भनने मेरो मान्यता रहेको छ । तर ०१७ सालको कदममा । देश निरंकुशताको अन्धकारमा चुर्लुम्म डुविरहेका समयमा सर्वप्रथम ०३५ साल मंसीर २५ गते अन्तरराष्ट्रिय मानव अधिकार दिवस संस्कृत छात्रावासवाट नै मनाइएको थियो । हामी केही साथीहरूका अगुवाइमा भएको त्यो प्रदर्शनले ०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोनको पृष्ठभूमि तयार पारेको थियो । ०३६ साल जेठ १० गते राजावाट निर्दलीय र निर्विकल्प भनिएको पंचायत वारे जनमत संग्रह गर्ने घोषणा गरे पछि सवै भन्दा पहिले संस्कृत छात्रावासको प्रांगणमा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीलाई यौटै मञ्चमा उभ्याएर विशाल सभाको आयोजना गरिएको थियो । यो पंक्तिकारले त्यस सभामा पहिलो राजनीतिक आमसभाका रूपमा संवोधन गर्ने अवसर पाएको थियो । ०४२ सालमा भएको सत्याग्रहमा छात्रावासवाट मात्रै बीस जना भन्दा वढी छात्रहरू जेल परेका थिए भने आन्दोलनको नेतृत्वगर्ने अनेक विद्यार्थी नेताहरू यसै छात्रावासमा सेल्टर वनाएर वसेका थिए । यो आन्दोलनको उत्कर्ष ०४६ सालमा हुन पुग्यो र निर्दलीय पंचायती घर ध्वस्त हुनपुग्यो । अर्थात् नेपाली राजनीतिक परिवर्तनको एक विशेष केन्द्र समेत संस्कृत छात्रावास रहदै आएको छ । म सहित अनेक हामी भन्दा र अघि र पछिका छात्र नेताहरू यहाँवाट पंचायत विरोधी आन्दोलनमा गिरफ्तार भएका थियौं र यहांका साथीहरूले आफ्नो भातको गांस काटेर हामीलाई ठानामा वा जेलमा खाना र अन्य सामानको व्यवस्था गरिदिन्थे । यस्तो वेलामा वामपन्थी साथीहरूले पनि सहयोग गर्थे ।

निर्दलीय पंचायतकालमा समेत दलीय अभ्यास सहित संसदीय परिपाटी अनुसार छात्र कार्य समिति र संसद चलाइएको थियो छात्रावासमा । चार टोलहरूलाई निर्वाचन क्षेत्र वनाई संसदको चुनाव हुने र त्यसले कार्य समिति चयन गर्ने परिपाटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सायद अहिले पनि रहेको छ । संसदमा सभामुखको चयन समेत हुने गर्दथ्यो । अहिले त जातीय छुवाछुतवाट र लिंगभेदवाट समेत मुक्त संस्कृत छात्रावास समावेसी लोकतन्त्रको एक खास थलो हुन पुगेको छ । यसैकारण संस्कृत छात्रावास वारे यसको योगदान र इतिहासवारे अलग्गै अनुसन्धान हुनुपर्छ र अभिलेख राखिनु पर्छ भन्ने मेरो मान्यता रहेको छ । यही संस्कृत छात्रावासमा म ०३१ जेठ देखि ०३९ जेठसम्म जम्मा आठ वर्ष वस्न पुगेको थिए । मेरा लागि यो वसाईनै जीवनको आसा र भरोसाको आधार वन्यो र मेरो आजको जेजस्तो क्षमता छ त्यसको जगमा संस्कृत छात्रावासको भूमिका र आधार रहेको छ भन्ने कुरालाई मैले सास रहेसम्म विर्सने छैन । भोलिका लागि पनि त्यो अविस्मरणीय क्षण पढियोस् भन्नाका लागि यो सानो स्मृति लेख प्रस्तुत गर्न लागेको छु ।

केही स्मृति सन्दर्भ :

म त्यस समयमा कक्षा नौमा पढ्दै थिएं । रानी पोखरी संस्कृत माध्यमिक विद्यालयमा व्याकरण विषय, अंग्रेजी तर पछि नागरिक शास्त्र सामाजिक शिक्षा , गणित र अनिवार्य संस्कृत , तर्क संग्रह , आदि विषयहरू पढ्नु पर्थ्यो । इन्दुनाथ प्याकुर्‍याल, वद्री गुरु , लोकनाथ आचार्य , शुकदेव पौडेल , गोमा , रूपा ढुंगेल , मीरा मिस ,अंग्रेजी पढाउने खड्गमान सर, हिसाव पढाउन आएका श्रीकृष्ण अधिकारी र शम्भु ढकाल , व्याकरणमा विदुर पौडेल , साहित्यमा सिद्धिनाथ गौतम , श्रीप्रसाद पोखेल , तर्क संग्रहमा उपेन्द्र ढुंगाना र कृष्णप्रसाद ढुंगाना , हिसावमा दामोदर लोहनी, पढाउनु हुन्थ्यो भने दुर्गाप्रसाद दाहाल पनि नेपाली र संस्कृत साहित्य पढाउन थाल्नु भएको थियो । तेजकेशरी शर्मा व्युत्पन्न र मौलिक ज्ञानका धनी हुनुहुन्थ्यो । विश्वनाथ पोखेल प्रधानाध्यापक छँदै वाल्मीकिमा पढाउन जानु भए पछि विष्णुप्रसाद न्यौपानेले त्यो ठाउ लिनुभयो । अत्यन्त सोझो र भद्र हुनुहुन्थ्यो । वेदान्त दर्शनमा उहांको रुची भएका कारण एकप्रकारले उहां साधु जस्तै भएर काम गर्नु हुन्थ्यो । विष्णु गुरु पछि आउनु भएका तेजकेशरी शर्माको व्यक्तित्व विशेष थियो । धेरै भाषाको विशेषज्ञ उहां हामी सबैमा समान रूपमा प्रस्तुत भइरहनु हुन्थ्यो अत्यन्त सरल रूपमा । अरु केही सरहरूको नाउँ मेरो स्मृतिमा नरहे पनि तस्वीर भने मेरो मनमा छदैछ ।

हामी कक्षा नौ सम्म पढ्दा वामपन्थी आन्दोलनमा अनायास जोडिइरहेका थियौं । सायद गरीवी र पीडाले वढी हामी भावनामा वहेको हुनसक्छ । तर विस्तारै वामपन्थी भ्रमवाट मुक्त हुने चरणमा हामी थियौं । म त्यस वेला भरखर घरवाट आएको थिएं दशैं विदा थियो । छात्रावासका लागि अन्तर्वार्ता खुलेको रहेछ । मेरा बडावाका छोरा ढुण्डीराजले फारम भर्दा ओखलढुंगाका रापंस पेसल कुमार पोखेलको सिफारिस गराउनु भएको थियो तर वुझाउने वेला छुटेछ । त्यसवेला पञ्चको , दरवारको र शक्तिका अन्य केन्द्रहरूको प्रभाव पर्छ भन्ने थियो , त्यसैले हामीले पनि रापंसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिफारिस वनाएको हौं । हाम्रो कोही पनि थिएन र पेसललाई पुरानो कांग्रेस भएको भनेर त्यति विश्वास गर्दैनथे पञ्चहरू । तैपनि मेरो सिफारिस गरिदिए उनले । दुर्भाग्यवस फारम वुझाउने समयमा त्यो मसंगै परेछ । घरवाट आउनासाथ अन्तर्वार्ता परेको हुनाले आदरणीय गुरु शुकदेव पौडेललाई मेरो कठिनाई वताए । सामान्य राम्रै विद्यार्थी भएका कारण उहांको सहानुभूति र सहयोग मैले पाएं । अन्तर्वार्ता पछि मेरो नाउँ प्रतिक्षा सूचीको १३ औं स्थानमा निस्किएछ । नहुनु भन्दा कानो मामा निको भने जस्तै मैले खुसी मनाए । तर प्रतिक्षा सूचीको मेरो नम्वर आउन ढिलो भयो । एक दिन १२ औं नम्वरको साथी समेत छात्रावास पुगेको थाहा पाए पछि मैले खाली हुने स्थान कस्को भनेर जान्ने प्रयास गरें । भरखर मात्रै श्री ५ को सरकारको शाखा अधिकृतमा उत्तीर्ण हुनु भएका गोरखाका ध्रुवराज वाग्ले नियुक्ति पाएर वाहिर निस्कने तरखरमा लागेको थाहा भयो । मैले ध्रुव दाईसंग मेरो वाहिर वस्दाको समस्या वताए पछि र मेरो नाउ प्रतिक्षा सूचीमा रहेको जानकारी दिएपछि उहांले तुरुन्तै कागज र कलम निकाली राजीनामा लेख्नुभयो । मसंग गिलासवापत धरौटी राख्ने पैसा पनि थिएन । उहांलेनै राखी दिनुभयो र सुपरीक्षक कार्यालयमा पुगेर मेरो भर्ना गर्न आग्रह गरिदिनुभयो । ध्रुव दाई निधन भएको पनि एक वर्ष हुन लागेछन् अव त । म उहांप्रति आभारी रहेको छु । सदाशयता भनेको यस्तै हो सायद ।

म त्यस समयमा कमल पोखरीमा लक्ष्मी मैनाली , प्रेम मैनाली र पुरु कुमार थापासंग वस्थें । टाइफाइड र ठेउलाले थलिएको थिएं । पिताजीले केही दिन अघि एक सय रुपिया विमार भएको खवर पछि पठाउनु भएको रहेछ । तर मेरो हात लागिसकेको थिएन । पछि तोरी सुवाराका कप्तान बाले ल्याएर दिनु भयो । यसरी म छात्रावासमा प्रवेश गरेको हूँ ।

छात्रावास भन्नासाथ नेपालको संसदीय प्रयोगको जीवन्त भूमि रहेको थियो । त्यहांका चार टोलवाट प्रतिनिधि चयन गरी संसद गठन गर्ने र त्यही संसदमा वहुमत पुर्‍याउने कार्य समिति वनाउने प्रचलन थियो । यो प्रचलन अहिले तोडिएको सुन्दा नमिठो लागेको छ । खाद्यमन्त्री , शिक्षा मन्त्री , साहित्य मन्त्री जस्ता विभागहरू थिए । हिमाञ्चल टोल, पण्डित टोल, गोर्खाली टोल र पश्चिम टोल थिए र नयाँ भर्ना हुनासाथ आफ्ना टोलमा पुर्‍याएर तुरुन्त आफ्नो पक्षमा पार्ने प्रतिस्पर्धा चल्दो रहेछ । म पण्डित टोलको छेडोमा रहनु भएका दाहाल यज्ञनिधि र गोपाल अधिकारीको कोठामा ओच्छ्यान लगाउन पुगें । मसंग ओच्छ्यानका नाउँमा यौटा तन्ना र राडी मात्रै थियो । त्यही ओच्छ्याएं , झुल थिएन , मच्छर असाध्यै लाग्ने हुनाले यज्ञनिधि दाईले चाइनिज धूप ल्याएर वाल्नुभयो । केही दिन यसैगरी चल्यो । गर्मीको याम भएको हुनाले ओढ्नेको कुनै आवश्यकता परेन । पछि पिताजीले पठाउनु भएको एक सय रुपियावाट झुल र अरु केही आवश्यक सामान किन्ने काम गरे । पछि म गोरखाली टोलम्‍ग देवदत्त कोइराला रोमप्रसाद गृहस्थीसँग वस्न पुगें भने पछिल्लो धेरै समय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाञ्चल टोलको चारकोठे र त्यस पछि कृष्ण ज्ञवाली विष्णुहरि पौडेल, गणेश नेपाल र म अर्को छुट्टै कोठामा वस्यौं । केही दिन टंकनाथ पौडेल भाइ पनि हाम्रै कोठामा वस्न आएका थिए । सायद गणेशले खाट सारे पछि हुनुपर्छ ।

छात्रावास हामी र मजस्ता धेरै गरीव वाहुनका लागि भविष्यको आधार बनेको छ । यो छात्रावास नभएको भए नेपालका करीव सात आठ हजार वाहुन परिवार निरक्षर हुन्थे वा गोठाला भएर नै जीवन गुमाउँथे होला । तर यो संस्थामा पुगे पछि पुस्तकालयको , पत्रपत्रिकाको सुविधा मात्रै होइन समयसमयमा हुने वादविवाद प्रतियोगिता , कविता प्रतियोगिता , वक्तृत्वकला प्रतियोगिता र खेलकूद प्रतियोगिताले गर्दा विद्यार्थीहरूलाई अध्ययनसंगै अतिरिक्त क्षेत्रमा पनि सक्रिय गराउँछ । मैले धेरै पटक प्रतियोगितामा भाग लिएर पुरस्कारहरू जितेको थिएं । राजनीतिको त यो केन्द्रस्थल नै हो । आजको परिवर्तनको जग यसै छात्रावासवाट वसेको हो भन्दा फरक पर्दैन । छात्रावासमा त्यस समयमा दुईतीन दिनसम्म लगातार हुने संसदीय बहसले मानिसलाई तर्कमा निपुण गराएको हुन्छ । वामपन्थी विद्यार्थीहरू छात्रावासमा त्यस समय त्यति थिएनन् । नेपाल विद्यार्थी संघसँग आवद्ध विद्यार्थीहरू पनि दुई गूटमा वाँडिएका थिए । त्यो गूट किन वन्यो मलाई थाहा थिएन । पश्चिम र पूर्वीयाहरूको समूह भनिन्थ्यो । तर दुवै समूहमा सवैतिरका विद्यार्थीहरू हुन्थे । कैलालीका धनञ्जय तिमल्सिना र तनहूँका ऋषिकेश उपाध्याय, गुल्मीका लक्ष्मीकान्त पन्थी, डोल्पाका लक्ष्मीनारायण न्यौपाने वा धादिङ्गका शिव अधिकारीहरू पूर्वेलीसंग थिए । काभ्रेका इन्द्रमाण अधिकारीहरू सहित अरु कतिपय पूर्वेलीहरू पशिचमसँग निकट थिए । मलाई लाग्छ अन्य कुनै कारणले कुनै समयमा भएको विभाजनलाई आधार वनाएर यस्तो नामाकारण गरिएको हुनुपर्छ । अन्यथा नेपाल विद्यार्थी संघसंग आवद्धहरूबीच कुनै वैचारिक विभाजनको आधार थिएन । थोरै भएका वामपन्थीहरू भने पूर्वेली समूहसँग निकटता राख्थे । सायद सम्वन्ध र अलि बढी शालिनताका कारण थियो होला । मसँगको सम्वन्ध त उनीहरूको सदा प्रियनै रह्यो । त्यस समयमा जयराज आचार्य , नरेन्द्रराज पौडेल , नरहरि आचार्य , टेकप्रसाद घिमिरे ,वासुदेव आचार्य , व्रतराज आचार्य , ढुण्डीराज दाहाल , केशव अधिकारी (रौतहट) प्रयागराज वाशिष्ठ , धनञ्जय तिमल्सिना, चूडामणि खनाल, तारानाथ गौतम , गोविन्द भट्टराई , दैवदत्त कोइराला , स्थीरप्रसाद पराजुली , कृष्णप्रसाद सापकोटा , घनश्याम पौडेल , ऋषिकश उपाध्याय , आत्माराम घिमिरे , केशव गौतम , दुर्गा अर्याल , बुद्धि, हरि भट्टराई, तुलसी गौतम , जगन्नाथ पण्डित लीलानाथ पौडेल, तोयराज नेपालआदि धेरै अग्रजहरू थिए त्यहाँ । पछि कोषराज न्यौपाने , लेखनाथ आचार्य , शिवकुमार गौतमहरू आउनु भयो । आजका प्रख्यात स्वामी रामानन्द गिरी पनि त्यहीँ हुनुहुन्थ्यो । कृष्ण ज्ञवाली, कृष्णप्रसाद भट्टराई , ज्ञानचन्द्र आचार्य , होमप्रसाद गुहस्थी , सोमनाथ दाहाल , श्री आचार्य , तेजप्रकाश पण्डित, मुकुन्दराज दाहाल, हरि सुवेदी , मुकुन्द नेपाल , नारायण साप्कोटा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणेश नेपाल, शंकर अधिकारी , वद्रीनाथ अधिकारी , भरत पौडेल , नन्दकृष्ण जोशी , तेजोनाथ कोइराला, सूर्यकान्त पन्थी , केशव पोखेल, रामेश्वर काफ्ले, हेमचन्द्र नेपाल , दामोदर तिमल्सिना, विष्णुहरि पौडेल आदि धेरै समकालीनहरू थपिए । श्याम न्यौपाने र विश्वनाथ गौतमहरू राजनीतिमा निकै सक्रिय थिए । कतिपय साथीहरूको त नाउँ बिर्सिसके होला वा यहाँ संभव भएन उल्लेख गर्न । तर सवैजना एकसेएक आफ्नो हैसियत राख्न सामर्थ्य राख्थे । वझाङ्गवाट आएका नन्दकृष्ण जोशी र धनप्रसाद पण्डित सहित राजेन्द्र दाहाल सहितको अर्को पुस्ता पनि हामी त्यहाँ रहदै प्रवेश गरेको थियो ।

म दश कक्षामा पढ्दा नपढ्दै विरोध प्रदर्शनका कममा पक्राउ परें , विद्यालयवाट , अरु साथीहरू पनि थिए । संस्कृत माविको छात्र कार्य समितिमा म वामपन्थी भएर जिते पनि विस्तारै म अरु साथीहरूसंग नेविसंघमा आइसकेको थिएं । आन्दोलनमा सक्रिय हुँदा मण्डलेहरूको पिटाइ खाएर मेरो टाउकोमा गहिरो चोट समेत लागेको थियो त्यस वेला । यस पछि छात्रावासमा रहदै गर्दा आर्थिक पिरलोले सताउन थाल्यो । वर्षको दुईजोर कमेज सुरुवाल र धोती दिए पनि अरु आवश्यक खर्चको कुनै मेसो थिएन । यसैकारण मैले करीव दुई वर्ष जति भण्डारमा विरामी लेखाएर कोठामानै खाने र एक छाकको सिधा र घिऊ राखी बिकी गर्दै खर्च समेत चलाएं । मैले ती दुई वर्ष जति एक छाक भात वा केही अरु सामान्य खाना खाएर टारें । सिधा लेखे पछि चामल र घिउ वाहिर ल्याउन पाइन्थ्यो र आफैले खान पकाएर खानु पर्ने हुन्थ्यो । त्यस वेला होमप्रसाद गृहस्थी , होमप्रसाद भट्टराई, वद्री अधिकारी ,गोविन्द न्यौपानेहरूले खुव सहयोग गर्थे । हामी वाहिर अवेरसम्म राजनीतिक बैठकमा रहने वा पर्चा छर्न कुद्ने हुनाले दशवजे नै छात्रावास छिर्नु संभव थिएन राती । त्यसैले पाले दाइहरू खासगरी वीरवहादुर, धनवहादुरहरू हामीलाई राती भएपनि खुसुक्क उठेर ढोका खोलिदिन्थे । तिनीहरू छन् छैनन् आज मलाई थाहा छैन । श्याम वहादुर ,सन्त वहादुर र जगत वहादुर जस्ता भान्सामा काम गर्ने र भीम वहादुर जस्तो लुगा धुनेहरूले समेत हामी राजनीतिमा सक्रियहरूलाई असाध्यै माया गर्थे ।

०३५ सालमा नेविसंघको कागज , प्याड र यस्तै अन्य विषयलाई लिएर म पकाउ परें । इन्द्रमणि दाइहरू त जेलमानै थिए । तेजप्रकाश पण्डिंतलाई पुलिसले खोजिरहे पनि भेट्न सकेन । त्यस प्रकरणमा छात्रावास वाहिरका साथीहरू सुनिल दाहाल, तुल्सी पौडेल र दिनेश पौडेल समेत पकाउ परेका थिए । हनुमानढोका थानामा वसुन्जेल छात्रावासवाट हामी सकैलाई पुग्ने भात र ओढ्ने ओच्छ्याउने साथीहरूलेनै छात्रावासवाट गरेका थिए । पछि म ०३६ सालमा वाल्मीकि क्याम्पस स्ववियुको सभापति निर्वाचित भए पछि पनि छात्रावासका साथहिरूले गरेको मद्दत अनुकरणीय थियो । ०३६ सालमा पनि हामी पकाउ पर्‍यौं । म त्यस समयमा नेपाल टाइम्समा रिपोर्टर भएर आंशिक समय काम गर्दै थिएं । पत्रकारिताको आरम्भ मैले ०३४ सालमानै खर्च धान्नै पर्ने वाध्यतावाट आरम्भ गरेको थिएं । त्यस समयमा प्रेसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी काम गर्नुलाई काम मानिदैनथ्यो र छूट दिने चलन थियो । कृष्णप्रसाद भट्टराई पनि दैनिक नेपालमा सम्पादकीय लेख्ने गर्थे । यस अघि मैले आफ्नो दैनिक खर्च धान्नकै निमित्त मारवाडी व्यापारीका छोराछोरीलाई ट्युसन पढाउने काम गरें । देवदत्त कोइरालाले मलाई कमलादीमा वस्ने मारवाडीकोमा महिनामा चालीस रुपियामा चारजना केटाकेटी पढाउने काम खोजिदिनुभएको थियो । होमप्रसाद गृहस्थी पनि ट्युशन पढाउँथे खर्च धान्न । छात्रावासमा वस्ने झण्डै नव्वे प्रतिशतका लागि घरवाट एकपैसा आउदैनथ्यो । सवै परिवार गरीवीको मारमा थिए र नै केही न केही नगरी पढ्न खर्च जोगाड हुने थिएन । त्यस बेला अधिकांश विद्यार्थीले चप्पल पनि चार ठाउमा हुप्सियोले उनेर लगाउने र कमेज वा सुरुवालमा अनेक टाला थपेर वा उध्रिएको ठाउँमा सिलाएर लाउने गर्थे । त्यस हालतमा हामीले संस्कृत छात्रावासमा बसेर पढेका थियौं ।

छात्रावासमा राजनीति जति बाहिरवाट हेर्दा अदर्शमय थियो त्यतिनै भित्र अनेक नकारात्मक कुराहरू पनि थिए । संसदमा रातभरी वहस गर्दा अनेक पटक कुटाकुट भए, कतिपय साथीहरूलाई राती नै अस्पताल पुऱ्याउनु पर्नेभयो भने छात्रावासवाट निष्काशन समेत हुन पुग्यो । छात्रहरूको मारमा सुपरीक्षकहरू पर्दथे । म जांदा भरखर मात्रै विष्णुराज आत्रेय सुपरीक्षक भएर आउनु भएको थियो । त्यस अघि देवराज पौडेल हुनुहुंदो रहेछ । उहांका धेरै छोरीहरू थिए । त्यसैले गुरुलाई कठीन थियो क्वाटरमा वस्न । केटाहरू केही त औछल्याहा पनि हुन्छन् । विष्णु गुरुका पनि दुइटी वहिनीहरू थिए । परिवार अत्यन्त शालीन र भद्र थियो । तर केटाहरूको झगडा मिलाउन आउनु भएका गुरुलाई बैठकमानै थुने पछि परिवार आतंकित भएको थियो । हामी त भरखर गएका थियौं तैपनि यसरी थुन्ने कुराको विरोधमा वोल्यौं । तर हाम्रो कुराको कुनै सुनुवाइ भएन । पछि विष्णुराज गुरुले राजीनामा गर्नु भएपछि श्रीकृष्ण आचार्य सुपरीक्षक भएर आउनु भयो । उहां त्यहाँ बस्नु हुन्थेन । एक दिन संसदको वहस चर्कंदै गए पछि मारापीट भयो र पुलिस वोलाउने अवस्था आयो । सायद गुरुले वोलाएर हो वा हल्ला सुनेर हो पुलिसहरू आए छन् त्यही निहूंमा गुरुलाई रातभर थुन्ने काम भयो । विचरा गुरुले केही दिन पछि राजीनामा दिनु भएछ । छात्रावासमा सुपरीक्षकलाई अनाहकमा घेर्ने , थुन्ने र कहिलेकाही त पिट्नेसम्मका काम हुन्छन् । डा.वेणीमाधव ढकाल जस्तो अत्यन्त असल विद्वानले अपमानित हुनु परेको थियो । मैले सुनेको थिए प्रा.विद्यानाथ भट्ट समेत कुनै जमानामा विद्यार्थी क्रोधको मारमा पर्नु भएको थियो । त्यहाँका ठेकदार त सधै खुकुरीको धारमा रहने गर्दछन् । तर केही टाठावाठाहरूले अनावश्यक निहूं वनाएर ठेकेदारसंग नाजायज फाइदा लिन पनि यस्तो काम गरिरहेको मैले त्यस बेला थाहा पाएको थिएं । गुरु माथिको आक्रमणका पछि पनि यस्तै दवावको चक्र चलेको हुनुपर्छ । तरकरारी किन्न जाने पालोमा नाफा खाने , पत्रिका किन्न जाँदा समेत कमिसन खानेहरू थिए त्यस समयमा । तर आम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा यस्ता कार्यमा संलग्न हुनेहरू भावावेगको सिकार हुने गर्छन् भन्ने मलाई लाग्दछ ।

छात्रावासको त्यसवेलाको विशेषता के थियो भने विद्वानहरूलाई वोलाएर प्रवचनहरू गराउने । कतिपय समयमा ऋषिकेश शाह , यदुनाथ खनाल , डा. प्रकाशचन्द्र लोहनी , पशुपति शम्सेर जवरा, देखि राष्ट्र कवि माधव घिमिरे , वालकृष्ण सम , वासुदेव त्रिपाठीहरू सहित अनेक विधाका प्रकाण्डहरूलाई वोलाएर प्रवचन गर्न चलन थियो । त्यो चलन छकि छैन मलाई थाहा भएन । तर यस्तो चलन अव पनि निरन्तर हुने हो भने यसले निश्चय पनि प्राज्ञिक उन्नयनमा सहयोग पुऱ्याउँछ । आजको छात्रावास बसाई हिजो जस्तो छैन होला । पृथक परिवेसमा चलिरहेको छ । तर पनि मेरो मान्यता के छ भने छात्रावास वाहिर जो जे भए पनि यस भित्र वसेपछि यहांको परंपरालाई सवैजात र वर्गकाले मान्नु पर्दछ । जस्तो यौटा कुनै जात वा क्षेत्रको शाखा अधिकृत कार्यालयको कुर्सीमा पुगे पछि उसले आफू कुन जात वा थरको हूँ नभनी त्यस कार्यालयको मर्यादा र नियम अनुसार चल्नुपर्दछ त्यसरीनै छात्रावासका छात्र वा छात्राहरूले पनि नियम पालना गर्नै पर्दछ । कि त औपचारिक रूपमा नै विद्यमान नियमहरू फेर्नु पर्दछ ।

संस्कृत छात्रावास अवका दिनमा गरीव र दलित वाहुनको मात्रै नभएर सवै वर्ग र जातका गरीवहरूको शिक्षाको थलोका रूपमा विकास हुन थालेको हुनाले पनि त्यहां भित्र पुगेका जसकसैले पनि संस्कृत र संस्कृतिको सम्मान गर्दै देशको स्वतन्त्रता , नागरिकहरूको आत्मसम्मान र स्वतन्त्रता तथा सामाजिक न्यायका लागि सदा तत्पर हुनु पर्दछ । साथै पूर्वीय दर्शनको योग्य विद्यार्थी हुनसक्यो भने पनि देशलाई योगदान पुग्दछ ।

आज नेपाल जातीय विभाजन र असहिष्णुता, समुदाय बीच घृणा र प्रतिशोध र क्षेत्रीय भावनाले ग्रस्त हुदैछ । यो अग्रगमनको लक्षण होइन । लोकतन्त्रको टाउकोमा टेकेर लोकतन्त्रलाईनै समाप्त पार्ने असहज खेल भइरहेका छन् । यसबेला गरिएका परिवर्तनको अर्थ भनेको लोकतन्त्रलाई संस्थागत गर्नुनै हो । विगतमा संस्कृत छात्रावासले जसरी लोकतन्त्र र परिवर्तनका पक्षमा डटेर काम गऱ्यो त्यसरीनै आज पनि दृढ भएर उभिन सक्ने साहस र क्षमता देखाउन सक्नु पर्दछ । आजको संस्कृत छात्रावासमा वस्ने भाई वहिनीहरूमा मेरा तर्फवाट यही शुभकामना रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धदर्शनमा निर्वाणको अवधारणा

-डा. काशीनाथ न्यौपाने

वाल्मीकि विद्यापीठ

अनुत्तर शान्तिको खोज वुद्धको त्यतिवेला मात्र सकियो जव वहाँले सम्वोधिमा गम्भीर, शान्त, उत्तम र अतर्कावचर धर्म प्राप्त गर्नुभयो । यस धर्मलाई दुई प्रकारले उपस्थापित गरियो - प्रतीत्यसमुत्पाद तथा निर्वाण । प्रतीत्य समुत्पादले इदम्प्रत्ययता अथवा मध्यमाप्रतिपद अनित्य संस्कारहरूका प्रवाहरूप संसारलाई परतन्त्र र सापेक्षा सूचित गर्दछ भने परमार्थलाई अनिर्वचनीय एवं अन्तविवर्जित तुल्याउँदछ । निर्वाण भन्नाले निभेपछि संसारको निरोध एवं सत्यप्राप्तिको सूचना थाहा हुनु हो । प्रतीत्य समुत्पादले धर्मलाई नियम र सीमाका रूपमा संकेत गर्दछ भने निर्वाणले विमुक्ति र भूमाका रूपमा व्यवस्थित गर्दछ । यो निर्वाण धर्म हो जसलाई सम्वोधिका सन्दर्भमा निम्नरूपमा वर्णन गरिएको छ - सर्वसंस्कार शमथ, सर्वोपधिप्रतिनिस्सर्ग, तृष्णाक्षय, विराग, निरोध । निश्चितरूपमा यो दृश्यमान जगत् जात, भृत, समुत्पन्न, कृत, संस्कृत र अध्रुव हो । यसको प्रतिपक्ष हो अजात, शान्त, अतकोवचर ध्रुव, असमुत्पन्न, अशोक एवं विरजपद । जो नश्वर छ त्यो मिथ्या हो । जो अनश्वर छ त्यो निर्वाण हो र त्यो मात्र सत्य छ । निर्वाण परम् सत्य हो, अन्यथाभावि, अच्युत, अमृत, अत्यन्त अप्रमाण र अचिन्त्य पनि । अप्रपञ्च, निष्प्रपञ्च, प्रपञ्चनिरोध तथा प्रपञ्चव्युपशम पनि निर्वाण हो । निर्वाणमा समस्त प्रपञ्चको अतिक्रमण हुन्छ ।

यत्थ आपो च पठवी तेजो वायो न गाधति
अतोसरा निवत्तन्ति एत्थ वट्टं न वट्टति ॥
एत्थ नाम च रूपं च असेसमुपरुभ्भ्फति ॥
संयुक्तनिकाय पृ. १५

जहाँ जल, पृथ्वी, वायु, तेज पुग्न सक्दैनन् र त्यहाँ ताराहरू पनि प्रकाशित हुन सक्दैनन्, न आदित्य नै प्रकाशित हुन्छ, न त्यहाँ चन्द्रमा नै प्रकाशित हुन्छ, त्यहाँ अँधेरो पनि छैन, जब आत्मा स्वयंले नै जान्दछ तव ऊ रूप र अरूप, सुख र दुःखवाट मुक्त हुन्छ । जहाँ पृथ्वी, जल, तेज, वायुको पनि पहुँच छैन त्यहाँबाट शव्द निवृत्त हुन्छन् । त्यहाँ गति छैन, त्यहाँ सम्पूर्ण नाम रूप (स्वतः) निरुद्ध हुन्छन् ।

निर्वाण अशेष साधनाको लक्ष्य हो । "अमतो गाधा सव्वे धम्मा निव्वानोगाधं व्रह्मचरियम्" । निर्वाणलाई प्राप्तव्य, साक्षात्कर्तव्य भनिएको छ । अत एव निर्वाण अर्थनिपुणार्थ परमार्थ र उत्तमार्थ पनि हो । अनुत्तर योगक्षेम पनि निर्वाण नै हो । (मज्झिम १:१६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्वाणमा निश्शेष संस्कारको उपशम हुन्छ अत एव उसलाई शान्त या शान्तिपद भनिन्छ । यस उपशमलाई सुख पनि भनिन्छ । स्वयंमा पनि यो अचल अथवा परमसुख हो ।

"एतं खो परमं भाणं एतं सुखमनुत्तमम्"(मज्झिम नि. ५०८)

"मार्गसुखात् निर्वाणसुखमुपलभ्यते"(अभि.ध.को.१२७) अर्थात् मार्गसुखबाट निर्वाण सुख प्राप्त हुन्छ । महायानी आचार्य पनि यसलाई सुखरूप र शिवरूप मान्दछन् -(चन्द्रनीति) **"अनपाय सुखैकरसं शिवम्"** ।

प्रज्ञाद्वारा चेतो विमुक्तिको लाभ हुन्छ, चित्तविमुख भयो, यो बोध हुन्छ । जन्म क्षीण भयो, ब्रह्मचर्यपूर्ण भयो, कर्तव्य समाप्त भयो । अत एव 'अब संसार शेष छैन' यस्तो प्रज्ञा उदित हुन्छ । ज्ञानद्वारा आश्रवहरू क्षीण भईसकेपछि अकुप्पा अनुत्तरा विमुक्ति प्राप्त हुन्छ । यही नै अर्हत्व हो । आश्रव चतुर्विध छन् -कामाश्रव, भवाश्रव, अविद्याश्रव र दृष्ट्याश्रव । राग, द्वेष र मोहको क्षय नै विमुक्ति हो र यही अमृत पनि हो । (संयुक्त निकाय पृ.८) यो अवस्थामा सम्पूर्ण ग्रन्थीहरू खुल्दछन्, एषणाको क्षय हुन्छ, बन्धनहरू टुट्दछन् । यो विराग, विसंयोग, निरोध र विमुक्तिको दशालाई निर्वाणस्थानीय भनिएको छ । विमुक्ति भन्नाले विद्याको प्रतिमार्ग र निर्वाण भन्नाले विमुक्तिका प्रतिसरणको बोध हुन्छ । (मज्झिम १:३०४) निर्वाणमा आश्रव, एषणाहरू, राग-द्वेष, मोह, संयोजन, तृष्णा, कर्म, भव, नाम-रूप, संस्कार, उपाधि आदि सम्पूर्ण धर्मको निरोध हुन्छ । संक्षेपमा जन्म मरणको परम्परा अविद्या, क्लेश र कर्ममा आश्रित छ । विद्याले क्लेश क्षीण हुन्छ-यसरी संसारचक्र उत्छेदित हुन्छ। साधारणतया यो नै निर्वाण हो । यसलाई चन्द्रकीर्तिले (प्रसन्नपदा ५९१९) यसरी व्यक्त गर्नुभएको छ - "तथागतको शासन र उसको धर्मानुधर्मको प्रतिपत्तिपूर्वक जसले ब्रह्मचर्यावास गरेका छन्, उनलाई भगवान्‌ले दुईप्रकारको निर्वाण बताउनुभएको छ - सोपधिशेष र निरूपधिशेष । निरवशेष अविद्या राग आदि क्लेशगणको प्रहाणद्वारा सोपधिशेष प्राप्त हुन्छ । उपधिशेषद्वारा आत्मप्रज्ञप्तिका निमित्त पञ्च उपादान स्कन्ध व्याहृत हुन्छन् र जुन निर्वाणमा स्कन्ध मात्रको पनि अस्तित्व रहँदैन । त्यही निरूपधिशेष निर्वाण हो ।" जसरी आगोको ज्वाला निभ्दा त्यो कहीँ जादैन । किन्तु त्यो शान्त हुन्छ, त्यस्तै नै निर्वाण पनि हो । यस विषयमा अश्वघोषका दुई पद्यहरू छन् जसले निर्वाण व्यवस्थित हुन्छ ।

दीपो यथा निर्वृतिमभ्युपेतो, नैवावनीं गच्छति नान्तरिक्षम्
दिशं न काञ्चिद् विदिशं न काञ्चित् स्नेहक्षयात्केवलमेति शान्तिम् ॥
कृतिस्तथा निर्वृतिमभ्युपेतो, नैवावनीं गच्छति नान्तरिक्षम्
दिशं न काञ्चिद् विदिशं न काञ्चिद् रागक्षयात्केवलमेति शान्तिम् ॥

सौन्दरनन्द महाकाव्यम् सर्ग: १६:२८-२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी दीप निभेपछि न त्यो पृथ्वीमा, न अन्तरिक्षमा, न कुनै दिशामा, न कुनै विदिशामा नै जान्छ किन्तु तेल सकिएपछि केवल शान्त हुन्छ, त्यसरी नै विद्वान् पनि मृत्यु प्राप्त भएपछि न कुनै दिशामा, न अन्तरिक्षमा, न पृथ्वीमा नै जान्छ, रागक्षय भएपछि केवल शान्त हुन्छ अर्थात् निर्वाण प्राप्त गर्दछ। यसरी यो निर्वाण उपशान्ति हो। वत्सगोत्र नामका (मज्झिम निकाय पृ.१८०) परिव्राजकले भगवान् गौतम बुद्धलाई सोधेका थिए- "गौतम ! विमुक्तचित्तभिक्षुले कहाँ जन्मग्रहण गर्दछन् ?" "वत्स ! तिनले जन्म लिन्छन् यो भन्न सकिँदैन" - बुद्धले उत्तर दिनुभयो। त्यसो भए गौतम ! के तिनले जन्म लिँदैनन् ? "वत्स ! जन्म लिँदैनन् यो भन्न पनि सकिँदैन" -बुद्धले भन्नुभयो।

यस वार्तालापले त्यस वत्सगोत्रीय परिव्राजकका मनमा सन्देह उत्पन्न भयो। त्यसको निराकरण गर्दै भगवान् बुद्धले भन्नुभयो - यो हाम्रो अगाडि जो आगो निभ्दछ त्यो कहाँ गयो, कुन दिशामा गयो ? यसरी नै निर्वाणलाई पनि सांकेतित गर्न सकिन्छ अर्थात् त्यसको रूप प्रहीण भएपछि उसका विषयमा केही पनि भन्न सकिँदैन। खुद्दकनिकायमा (सुत्तनिपात.पृष्ठ.४३०) भनिएको छ - जसरी आगोको लपेटो वायुवेगले छरिएपछि अस्तंगत हुन्छ र उसको केही अत्तोपत्तो हुँदैन त्यसरी नै नामकायवाट विमुक्त भैसकेपछि मुनि पनि अस्तंगत हुन्छ तथा उसका विषयमा थाहा हुँदैन। अस्तंगत भईसकेपछि त्यो रहन्छ कि रहँदैन ? यो ठीकसँग बताउनुहोस् भनेपछि तथागतले भन्नुभएको छ - अस्तंगतको कुनै सीमा हुँदैन। अत एव त्यो छैन भनेर भन्न सकिँदैन, सबै धर्महरू निराकृत भैसकेपछि समस्त वचनपथ पनि निराकृत हुन्छन्। संसारको अवसान र अनिर्वचनीय पद प्राप्ति नै कदाचित् बुद्धको निर्वाणप्राप्तिको अवधारणा देखिन्छ।

निर्वाण त औपनिषदिक शास्वतवाद नै हो र यो उच्छेदवाद नै हो। यी दुवैका विषयमा तथागतसँग भिक्षुहरूका वार्तालाप प्रसङ्ग तमाम पाली साहित्यमा भरिएको छ। निर्वाण भएपछि शाश्वत रहनु सम्भव हुन्न किनकि यहाँ रहिरहनुको अर्थ हुन्छ नामरूपमा सीमित हुनु। नामरूप संसारमा सँगै निवृत्त हुन्छन्। त्यसो हुनाले जस्तो सत्ता हामीहरू संसारमा प्रचलित मान्दछौँ त्यस्तो सविशेष सत्ता निर्वाणमा रहँदैन। अर्कातिर परिनिवृत्ति तथागतको उच्छेद पनि सर्वथा निराकृत छ। शाश्वत तथा उच्छेद - सत् र असत् होइनन्, अत एव निर्वाण अनिर्वचनीय हो, जसलाई जान्नका लागि अन्य अन्तग्राहिणी दृष्टिहरूलाई छोडेर मध्यमा प्रतिपद् स्वीकार्नु आवश्यक देखिन्छ। बुद्धको दर्शन बौद्धिक विलास पटक्कै होइन। यो त गहन साधनावाट निस्किएको परम रहस्य हो। मध्यमा प्रतिपद् भनेको साधनादृष्टिले अति महत्वपूर्ण सूत्र हो। योगीहरूले मात्र सम्झिने यो मध्यम मार्ग हो। जसलाई आजका क्रियायोगीले सम्झन सक्दछन्। वस्तुतः क्रियायोग मध्यमा प्रतिपद् नै हो। निर्वाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्वरूपाववोध हो जो प्रकृतिभन्दा पर छ । जहाँ अस्तित्व-नास्तित्व, सत् असत् आदि केही पनि छैनन् । त्यहीँ शाश्वत शान्त, परम उपशम रहस्य नै निर्वाण हो । परवर्ती कालमा निर्वाणका विषयमा अनेक भेदपरक व्याख्याहरू हुन थाले । स्थवीरवादीहरूले असंस्कृतः धातुलाई अव्याकृत, अर्पमाण, अहेतु, अप्रतिघ, अदृश्य, अरूप, लोकोत्तर, विचार तथा अनुत्तर बताएका छन् । कथांवस्तु (१ : ६) मा निर्वाणलाई ध्रुव, शाश्वत, अविपरिणाम् धर्म अनालम्वन एवं चित्तविप्रयुक्त बताएको छ । मिलिन्द पञ्होमा (पृ.२६५) ३१६-१७) निर्वाणलाई भावरूप, अकालिक शाश्वत एवं अनुत्तम वताइएको छ । बुद्धघोषले निर्वाणलाई विशुद्धिमग्गो (पृ.३५५-५६) शान्तिलक्षण, अच्युतिरस, आश्वासकरण, अनिमित्ति प्रत्युपस्थान एवं निष्प्रपञ्च प्रत्युपस्थान वताउनुभएको छ । निर्वाणको अभावरूपता असत्ता तथा उच्छेदरूपता वहाँलाई स्वीकार्य छैन । वहाँले निर्वाणलाई अनुभवगम्य बताउनुहुन्छ तथा वर्णनातीत छ भनेर प्रतिपादन गर्नुभएको छ । निर्वाणलाई सोपधिशेष र अनुपाधिशेषमा विभाजित गर्नुको तात्पर्य उपादाय प्रज्ञप्तिगत औपाधिक भेदमा आश्रित हुनु हो ।

यसरी स्थविरवादमा निर्वाणलाई असंस्कृत, शान्त, अनुभवगोचर, अवर्णनीय, अनुत्तम एवं भावरूप स्वीकार गरिएको छ । वैभाषिक मतामा प्रतिसंख्यानिरोध, अप्रतिसंख्यानिरोध र अनित्यानिरोध यसरी तीन प्रकारका निरोधमध्ये प्रथम र द्वितीय असंस्कृत हुन् तथा तृतीय संस्कृत । प्रतिसंख्यानिरोधलाई नै निर्वाण भनिएको हो । निर्वाण असाधारण एवं असभाग कुशल एवं नित्य हो । निर्वाण न स्कन्ध मात्र हो न स्कन्धाभाव मात्र, किन्तु केवल साश्रव स्कन्धहरूको अपेक्षा उसको स्वभाव प्रतिष्ठित हुने गर्दछ । निर्वाण परम, प्रतिवेध, पण्डितप्रेमणीय, प्रणीत तथा निस्सरण हो । त्यस्तो निर्वाणको साक्षात्कार गर्न जुन प्रज्ञाको आवश्यकता हुन्छ त्यो अतीरण स्वभावको प्रतिसंख्या या प्रज्ञा हुन्छ । निरूपाधि निर्वाणमा केवल धर्मताशेष रहन्छ । यस मतमा निर्वाण शाश्वत र वास्तविक हुन जान्छ (अभिधम्म कोश १,८-१०) ।

सौत्रान्तिक मतमा निर्वाण केवल निरोध मात्र हो । विज्ञानवादका अनुसार वोधिसत्व परावृत्तिद्वारा महापरिनिर्वाणमा प्रतिष्ठित हुन्छ । निर्वाण स्वभावतः विशुद्ध हो, किन्तु अविद्या मलबाट उसको मुक्तिमार्गद्वारा मात्र सम्भव हुन्छ । विज्ञप्तिमात्रतासिद्धिमा चार प्रकारका निर्वाणको वर्णन छ । अनादिकालिक प्रकृतिवद्ध निर्वाण, सोपधिशेष निर्वाण, निरूपधिशेष निर्त्राण तथा अप्रतिष्ठित निर्वाण । यसमा पहिलो निर्वाण प्रकृतिशान्त 'तथता' नै हो । शेष तीन आध्यात्मिक विकासमा तथताका क्रमिक प्रकाश हुन् । निर्वाण परमार्थ र परिनिष्पन्न लक्षण हो , त्यही नै सुविशुद्ध धर्म पनि हो । निर्वाण र संसारमा कुनै आत्यन्तिक भेद छैन । त्यही नै अविद्याद्वारा अध्यारोपित परतन्त्र लक्षक संसार र प्रज्ञाद्वारा उपशान्त लक्षण निर्वाण हो । संसारदेखि निर्वाणमा गति परावृत्तिद्वारा सिद्ध हुन्छ तथा त्यही नै धर्मसत्तापारतन□यबाट विमुक्त भएर धर्मकायमा परिणत हुन्छ । त्यो चतुष्कोटी विनिर्मुक्त, सर्वधर्म परात्मभूत प्रपञ्चोपशम हो । माध्यमिकमा पनि निर्वाण र संसारमा भेद मानिदैंन । माध्यमिकहरू पनि निर्वाणलाई भावाभावनिर्मुक्त शून्यस्वरूप भन्दछन् । समस्त परिच्छिन्न धर्म वस्तुतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथक् पृथक् स्वभाववाट शून्य छन्। यो स्वभावशून्यता या पारमार्थिक अद्वैत नै निर्वाण हो।

यसरी निर्वाण नित्य र शान्त मानिएको छ र निर्वाण कार्यकारण परिधिवाट वाहिर एवं निर्विशेष भएकाले नै वाणीभन्दा अगोचर पनि हो। उसको केवल साक्षात्कार मात्र सम्भव छ। यसरी अवर्णनीय निर्वाण जीवनको परम लक्ष्य हो। निर्वाणको साक्षात्कार सम्वोधिमा हुन्छ र उसको प्राप्तिसँगै नै क्लेश, कर्म र दुःखवाट मुक्ति हुन्छ, अहंकार नष्ट हुन्छ र मृत्यु पनि त्यति नै व्यर्थ हुन्छ जति जन्म। निर्वाणमा संसारीको परम अनन्त सत्तामा त्यसरी नै उपशम हुन्छ जसरी अग्निशिखाको आफ्ना मूलमा विलय हुन्छ। परिच्छिन्न लौकिक चेतनाका परिचित शव्दमा निर्वाणको वर्णन गर्न सकिँदैन। अतः निर्वाणका अनन्तताको सर्वोत्तम संकेत परम मौनमा घटित हुने गर्दछ। महर्षि अरविन्दका शव्दमा (सावित्री २।७६) भन्ने हो भने -"एउटा असंग परमार्थले समस्त सत्ताको निषेध गरिदियो, मूढ जगतलाई आफ्ना अद्वैतले मेटाइदियो र आफूलाई आफ्ना **शाश्वत शान्तिमा डुबाइदियो।**

अनिरोधमनुत्पादमनुच्छेदमशाश्वतम्
अनेकार्थमनानार्थमनागममनिर्गमम् ॥
यः प्रतीत्यसमुत्पादप्रपञ्चोपशमं शिवम्
देशयामास सम्बुद्धस्तं वन्दे वदतां वरम् ॥

कविता

उनको फुर्सद त्यहीवेला हो रात अनि मध्य दिन
त्यसैले त म भन्दिन साँझ बिहान आइनौ किन ?

प्रायः सँधै ठूला बडाहरूकहाँ जान्छ्यौ तिमी
आउँछ्यौ सँधै सपनीमा हामीहरूको दर्शन लिन ॥

ठूलाबडाहरूको घर हाम्रोभन्दा सुन्दर छ रे
त्यसैले त हाम्रो घरमा आउन पनि मान्छ्यौ किन ?

कहिलेकाँही बाटो बिराई हाम्रो घरमा आएपनि
हामीहरूले देख्नासाथ तिमी आँफै हुन्छ्यौ लीन ॥

तिमी सँधै पर्खाउँछ्यौ हामीलाई आउँछु भनी
हामी सँधै पर्खनेछौं उनी आउँछिन् एकदिन ॥

-अश्रु किरण
तीनधारा छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यमण्डल सिद्धान्त
(Mandala Theory of States)

-डा. लालमणि पाण्डेय
वाल्मीकि विद्यापीठ

परिचय (Introduction)

प्राचीन हिन्दूहरूको राजनीतिक चिन्तनमा राज्यमण्डल राज्यहरूवीच पारस्परिक सम्वन्ध स्थापित गर्ने आधारभूत सिद्धान्त थियो। मण्डलको अर्थ वृत्त हो। त्यसै वृत्तभित्र साना ठूला धेरै राज्यहरूको परिकल्पना गरिएको छ। ती राज्यहरूको समूहलाई राज्यमण्डल भनिएको हो। राज्यमण्डल भित्रका राज्यहरूवीचको पारस्परिक सम्वन्धका आधारमा राज्यहरूको वर्गीकरणसहित राज्यमण्डल सिद्धान्तको चर्चा कौटिल्यभन्दा पहिलेका मनु, वृहस्पति, शुक्र आदिका चिन्तनहरूमा पाइन्छ तापनि कौटिल्यले राज्यमण्डल सिद्धान्तको विशद व्याख्या गरेका छन्। यस लेखमा संक्षेपमा मनु, वृहस्पति, शुक्र र कौटिल्यको आधारमा राज्यमण्डलको परिचय प्रस्तुत गरिएको छ।

राज्य मण्डल (Circle of States)

राज्यहरू वीचको पारस्परिक सम्वन्धको विश्लेषण गर्न कल्पना गरिएको सिद्धान्त राज्यमण्डल हो। यस भित्र मूल रूपमा चार प्रकृतिका राज्यहरू हुन्छन्। विजिगीषु र यसका मित्रराज्य, शत्रु, मध्यम र उदासीन प्रमुख चार प्रकृति हुन्। राज्यमण्डल भित्र वाह्र राज्यहरू हुन्छन्। ती हुन् - १.विजिगिषु २.अरि ३.मित्र ४.अरिमित्र ५.मित्रमित्र ६.अरिमित्रमित्र ७.पार्ष्णिग्राह ८.आक्रन्द ९.पार्ष्णिग्राहासार १०.आक्रन्दासार ११.मध्यम र १२.उदासीन। यहाँनेर उल्लेख गर्नुपर्ने एउटा तथ्य के छ भने मण्डल सिद्धान्तका सन्दर्भमा राजा र राज्यलाई एउटै रूपमा प्रस्तुत गर्ने काम प्राचीन हिन्दू राजनीतिका चिन्तकहरूले गरेका छन्। अतः राजा र राज्यलाई एउटै मानेर वाह्र प्रकारका राज्यको परिचय यहाँ प्रस्तुत गरिएको छ।

विजिगीषु (Conqueror)

प्राचीन समयमा भारतीय उपमहाद्वीप स-साना राज्यहरूमा विभाजित थियो। आफ्नो पराक्रम, वैभव, सैन्यशक्ति तथा बुद्धिकुशलताद्वारा छिमेकी राज्यहरूलाई आफ्नो आधिपत्य स्वीकार गर्न विवश गर्नु प्रतिष्ठाको विषय मानिन्थ्यो। तसर्थ पराक्रमी, वैभवशाली र छिमेकी राज्यहरूलाई पराजित गर्न चाहने राजालाई विजिगीषु भनिन्छ। चक्रवर्ती राजा बन्ने इच्छा भएको राजा विजिगीषु हो।

अरि (Enemy)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजिगीषु राज्यको चारैतिर सीमाना जोडिएका राज्यहरू अरि वा शत्रु राज्यहरू हुन्। मनु एवं कौटिल्यले सीमा जोडिएको छिमेकी राज्यलाई शत्रुराज्य मान्दछन्। शत्रु राज्य दुर्वल, आश्रयहीन, व्यसनग्रस्त, एवं आपत्तिमा परेको बेला विजयका लागि आक्रमण गर्ने सल्लाह विजिगीषु राजालाई दिइएको छ।

मित्र (Ally)

शत्रुराज्यसँग सीमाना जोडिएको राज्यलाई मित्रराज्य भनिन्छ। मित्र राज्य विजिगीषुको समर्थक राज्य हो र साथसाथै विजिगीषुको सहायताका लागि तत्पर हुन्छ। विजिगीषुको शत्रु मित्रराज्यको पनि शत्रु हुन्छ।

अरिमित्र (Enemy's Ally)

विजिगीषुको मित्र राज्यसँग सीमाना जोडिएको राज्य अरिमित्र अर्थात् शत्रुराज्यको मित्रराज्य हो। यो राज्य विजिगीषुको शत्रुको मित्र हुनाले विजिगीषुसँग शत्रुता एवं दुर्भाव राख्दछ।

मित्रमित्र (Ally's Ally)

विजिगीषुको मित्रको मित्रराज्यलाई मित्रमित्र भनिन्छ। अरिमित्र राज्यसँग यसको सीमा जोडिएको हुन्छ। भित्रभित्र विजिगीषुको सहयोगी राज्य हो र विजिगीषुलाई सहयोग एवं समर्थन दिन तत्पर हुन्छ।

अरिमित्रमित्र (Enemy's Ally's Ally)

शत्रुको मित्रको मित्रराज्यलाई अरिमित्रमित्र भनिन्छ। यो राज्य मित्रराज्यको मित्रको सीमामा अवस्थित हुन्छ। विजिगीषुको मित्रमित्रसँग यसको शत्रुता हुन्छ किनभने अरिमित्रसँग मित्रता हुनु। तसर्थ विजिगीषुसँग यो राज्यको शत्रुता हुन्छ।

पार्ष्णिग्राह (Enemy in the Rear)

विजिगीषु राज्यको पछाडिपट्टि अवस्थित राज्यले यदि विजिगीषुमाथि आक्रमण गर्दछ भने त्यसलाई पार्ष्णिग्राह भनिन्छ। पार्ष्णिग्राहको विजिगीषुसँग शत्रुता हुन्छ। विजिगीषु राज्यको पछाडिपट्टि अवस्थित हुनाले विजिगीषुसँग यसको शत्रुता यसले आक्रमण गर्दा मात्र हुन्छ। यो राज्य विजिगीषुको शत्रुराज्य हो।

आक्रन्द (Ally in the Rear)

पार्ष्णिग्राहको पछाडिपट्टि सीमा जोडिएको राज्यलाई आक्रन्द भनिन्छ। यसको पार्ष्णिग्राहसँग शत्रुता हुन्छ तसर्थ यो राज्य विजिगीषुको मित्र वा समर्थक बन्दछ। विजिगीषुको मित्रराज्य भएकाले यो राज्य विजिगीषुलाई सहायता दिन तत्पर हुन्छ।

पार्ष्णिग्राहासार (Ally of the Rearward Enemy)

पार्ष्णिग्राहासार भनेको आक्रन्दको शत्रु तथा पार्ष्णिग्राहाको मित्र हुन्छ। पार्ष्णिग्राहासार राज्य विजिगीषुको शत्रु राज्य हो र दुवैबीच शत्रुतापूर्ण सम्वन्ध हुन्छ।

आक्रन्दासार (Ally of the Rearward Ally)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार्ष्णिग्राहासारको पछाडिपट्टि अवस्थित राज्य आक्रन्दासार राज्य हो। आक्रन्दासार आक्रन्दको मित्र र पार्ष्णिग्राहको शत्रु भएको हुँदा विजिगीषुको मित्र राज्य हो।

मध्यम (Middle)

विजिगीषु राज्य र त्यसको शत्रुराज्यको सीमामा अवस्थित राज्य जसले विजिगीषुको विजययात्रामा वास्ता गर्दैन। विजिगीषु र शत्रु राज्य वीच सन्धि भए सन्धिको र विग्रह वा युद्ध भए विग्रहको समर्थक मध्यम राज्य हो। यो राज्य विजिगीषु र शत्रु दुवै भन्दा शक्तिशाली राज्य हो। आवश्यकता परेको अवस्थामा अलग अलग वा एकैपटक विजिगीषु र त्यसको शत्रुराज्यलाई दमन गर्न समर्थ हुन्छ।

उदासीन (Indifferent)

विजिगीषु, अरि र मध्यम राज्यको सीमा भन्दा टाढा अवस्थित सवभन्दा शक्तिशाली उदासीन राज्य हो। विजिगीषु, अरि र मध्यम राज्यहरू बीच सन्धि हुँदा सन्धिको र विग्रह हुँदा विग्रहको समर्थन गर्नु उदासीन राज्यको विशेषता हो। उदासीन शक्तिशाली राज्य हो। यसले विजिगीषु, अरि र मध्यम समेतलाई अलग अलग वा एकैपटक नियन्त्रणमा राख्न सक्ने क्षमता राख्दछ।

निष्कर्ष (Conclusion)

विजिगीषु राज्यलाई केन्द्रमा राखेर राज्यमण्डल सिद्धान्तको परिकल्पना गरिएको छ। सीमा जोडिएको राज्यलाई शत्रुराज्यको रूपमा लिइएको छ। एउटा शक्तिशाली राज्य जसले छिमेकमा अवस्थित स-साना राज्यहरूलाई जितेर साम्राज्य निर्माण गर्न चाहन्छ, त्यसलाई विजिगीषु भनिएको छ। सीमा असुरक्षित भएको कारणले सीमावर्ती राज्य शत्रुराज्य बनेको हो। यसरी अन्तर्राज्यसम्वन्ध स्थापना गर्न विकास गरिएको मण्डल सिद्धान्त भित्र साम्राज्य निर्माणको उद्देश्यलाई एक मात्र आधार मानिएको छ।

राज्य मण्डलका बाह्र प्रवृतिका राज्यको अवस्था भित्र पनि मित्र, शत्रु, मध्यम र उदासीन राज्यहरू रहन्छन् भन्ने मान्यतामा यो सिद्धान्त प्रतिपादन गरिएको छ। यो सिद्धान्त राजालाई राज्यमण्डल भित्र कसरी आफ्नो पक्षमा शक्ति सन्तुलन कायम गर्न सकिन्छ त्यसको व्यवहारिक परामर्श दिनका लागि प्रतिपादन गरिएको हो तापनि अन्तर्राज्य सम्वन्धको विश्लेषणको निम्ति पनि उपयोगी हुनसक्छ। वर्तमान सन्दर्भमा छिमेकी राज्य शत्रुराज्य हुन्छ भन्ने मान्यता सवै ठाउँमा सान्दर्भिक नहुन सक्छ। वर्तमान सन्दर्भमा अन्तर्राज्य सम्वन्धको विश्लेषणका निम्ति यो सिद्धान्त पूर्ण रूपले लागू नहुन सक्छ तापनि अन्तर्राज्य सम्वन्ध र विदेश नीतिका क्षेत्रमा सान्दर्भिक र उपयोगी हुनसक्छ।

सन्दर्भग्रन्थसूची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.कामन्दक, कामन्दकीय नीतिसार, नेपाली अनुवाद, देवराज पौडेल, ने.रा.प्र.प्र. २०२८।
२.कौटिल्य, अर्थशास्त्रम्, वाचस्पति गैरोला, चौखम्वा विद्या भवन, वाराणसी ई. २०००।
३.वृहस्पति, वार्हस्पत्य अर्थशास्त्र, लाला कन्नोमल, लाहौर, मोतीलाल वनारसीदास, ई.१९२४।
४.मनु, मनुस्मृति, जगदीशलाल शास्त्री, दिल्ली, मोतीलाल वनारसीदास ई.१९८३।
५.शुक्र, शुक्रनीति, व्याख्याकार : ब्रह्मशंकर मिश्र, वाराणसी, चौखम्वा संस्कृत स वि.सं.२०५६।

म नेपाली युवा

-प्रा.दुर्गाप्रसाद दाहाल,
वाल्मीकि विद्यापीठ

म देश हाँक्ने युगको चिनारी, म राष्ट्रको शीतल हुँ छहारी।
म अग्रगामी पथ खोज्न सक्छु, विकासको चिन्तन रोज्न सक्छु॥
सम्भावनाका विरुवा अनन्त फुलाउने बन्छु म ता वसन्त।
म विश्वमा गर्दछु शान्तिवर्षा, नेपाल चिन्ने अनि कोर्छु धर्सा॥

शरद्-शशी झैँ म सुकान्ति छर्छु, अज्ञानको मूल तमिस्र हर्छु
म ग्रीष्म, हेमन्त र शीत भित्र, निर्माणका रच्दछु भावचित्र॥
हैमीप्रभामा गरिमा म भेट्छु, र प्रेमका निर्झरिणी समेट्छु
मधेशका फाँट घुमी अनन्त, म खोज्छु नानाविध साधु सन्त॥

म लुम्बिनीमा गुरु भेट्छु बुद्ध, संसारकै मित्र वनी प्रबुद्ध
साँचो अहिंसा तिर बढ्छु नित्य, औदार्यले प्लावित पार्छु चित्त॥
योगाग्निले वन्दछु दीप्त-दीप्त, ज्ञानाग्निले वन्दछु तृप्त-तृप्त
कर्माग्निमा कल्मष होम गर्छु, निर्लिप्ततामा भव सिन्धु तर्छु॥

म हातमै पौरुष साँच्छु साँच्छु र कर्म गर्दै युगसम्म बाँच्छु
स्वदेशका गौरवले म नाच्छु, र दासताका छड भाँच्छु भाँच्छु॥
पहाडका कन्टक मार्गलाई सिँगार्छु बाटाहरूले सजाई
श्री कौशिकीका जलले भराई म रच्छु कुल्याहरूको तराई॥

चुँड्दै म संकीर्ण विचारसार, एकत्वको गर्छु सदा प्रचार
म भावनामा सब भित्र पस्छु, मान्छे भई मानवमा म वस्छु॥
नेपालको हुँ म युवा उदार, श्रमी, सुखी, निर्मल दीप्तिचार
संस्कारमा चुम्छु म आफ्नु वेस, झङ्कारमा घुम्छु म काव्यदेश॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिनीयवाद

-डा. दुर्गाप्रसाद अर्याल

उपक्रम

वैदिक र लौकिक संस्कृत व्याकरणकार पाणिनिलाई वैयाकरणमुनि पनि भनिन्छ। आर्य वैदिक तथा संस्कृत वाङ्मयका स्रष्टा महर्षि र मनीषीहरूको भौतिक जीवनको समग्र विवरण प्रायः दुर्लभ नै देखिन्छ। वैदिक मन्त्रद्रष्टा ऋषिमुनिहरूको नाम पनि अप्राप्य नै रहेको छ। उत्तर वैदिक कालका अनेक विषयका कलात्मक अकलात्मक वाङ्मयका कवि मनीषीहरूको नाम उल्लेख भएपनि तिनीहरूका जन्मकाल, स्थान र जीवनका वास्तविक गतिविधिहरू रहस्यमा नै रहिरहेका छन्। मूलतः पूर्वीय आर्यजगत्का महामनाहरूले आफ्ना कार्य र देनलाई सर्वाधिक महत्व दिएर आफ्ना जीवनका व्यवहार, क्रियाकलाप र रुचिलाई अगाडि सारेर उल्लेख गर्ने चासो गरेनन्। यसैको परिणामस्वरूप विश्वभरिका प्रारम्भिक र मध्यकालीन लेखक र विवेचकका जीवनगाथा र कथा अस्पष्ट नै रहे। उपकारित्व, सामाजिक सामूहिक देन, मानवीय चेतना र चिन्तनको उन्नयनमा केन्द्रित भएर वैदिक र लौकिक संस्कृत भाषाका माध्यमद्वारा प्रस्तुत गरिएको योगदान विश्ववाङ्मयमा अतुलनीय छ। यस क्रममा भाषा र व्याकरणका क्षेत्रमा प्रस्तुत संस्कृतमय प्रदेयता अहिलेको युगमा दिनहुँ अनुसन्धेय भइरहेको छ। यस्तै संस्कृतभाषाका महावैज्ञानिक वैयाकरण हुन् पाणिनि। उनको व्यक्तिगत जीवनको आद्योपान्त विवरणभन्दा यहाँ उनको मूलभूत योगदानलाई दिग्दर्शन गराउने प्रयत्नमा यो लेख प्रस्तुत भएको छ।

पाणिनीयवादको व्युत्पत्ति

पाणिनिको व्याकरणअनुसार व्यवहार र स्तुति अर्थ भएको पण धातुको पणनम्। पणः अस्य अस्ति इति पणिः, पणिनेः अपत्यं पुमान् पाणिनिः, पाणिनेः अस्य इदं पाणिनीयम्, पाणिनीयस्य वादः पाणिनीयवादः अथवा पाणिनीय एव वाद पाणिनीयवाद भन्ने अभिप्रायमा पाणिनीयवादः शब्द निस्पन्न हुन्छ। यसको अभिप्राय हुन्छ - व्यवहार एवं स्तुतिका आधारमा कुनै पण हुन्छ। पण भनेको द्रव्य वा पैसा हो। द्रव्य वा पैसाको लेनदेनको व्यवहारलाई पनि पण भनिन्छ। पण भनेको व्यापार, वाणिज्य पनि हो। जो सँग धन, पैसा वा द्रव्यसम्वन्धी लेनदेन व्यवहार हुन्छ, त्यस्तो व्यक्तिलाई पणि भनिन्छ। पाणिको सन्तान खास गरी पणिको छोरालाई पाणिनि भनिन्छ। पाणिका छोरा पाणिनि हुन्। पाणिनिले गरेका बनाएका अथवा पाणिनिवाट भएका कार्य वा रचिएका शास्त्र, साहित्य र वाङ्मयलाई पाणिनीय भनिन्छ। पाणिनीय सम्वन्धि तात्विक कुराहरू पाणिनीयवाद हुन्। पाणिनीयवादमा पाणिनिले निर्देशन गरेका वा प्रस्तुत गरेका सबै अष्टाध्यायी, धातुपाठ, गणपाठ र पाणिनीय शिक्षा एवं उनका काव्यकृतिहरू समेत पर्दछन्। वाद भनेको सिद्धान्त, दर्शन वा तात्विक विषयवस्तुमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधारित वस्तुगत गम्भीर दृष्टिकोण पनि हो । पाणिनिका मान्यता र उनका भाषिक विषयका सूत्र, धातु, गण, प्रक्रिया, रूप सवै पाणिनीयवादमा पर्दछन् ।

अंग्रेजीमा वाद भनेको Speaking हो । यसको नेपाली अर्थ हुन्छ- बोलचाल वा वाग्व्यवहार । अंग्रेजीमा वादलाई Speech पनि भनिन्छ । Speech भनेको बोली, वाणी, वचन, वाक्य, भाषा, भाषण, वक्तव्य र वाङ्मय पनि हो । त्यसैगरी वादलाई अंग्रेजीमा Dispute पनि भनिएको छ । यसको अर्थ हुन्छ - वादविवाद, भनावैरी र शङ्का उठाउनु । शङ्का, वादविवाद र भनाबैरीजस्ता कुराहरूवाट एउटा खास तात्विक निष्कर्ष निस्कने गर्दछ । अंग्रजी शव्दकोशअनुसार वाद भनेको Theory हो । Theory को नेपाली अर्थ हो सिद्धान्त, पद्धति, विधि र दर्शन । वादलाई वुझाउने अन्य अंग्रेजी शव्द Proposition, point of view, Controversy पनि हुन् । यी विभिन्न अंग्रेजी शव्दवाट समेत वाद भनेको परस्पर अन्तर्विरोध हुने कुरावाट निस्कने सिद्धान्त वा यस्तो खास विचार वा विधि प्रतिपादिनको दृष्टिकोणजस्ता विषयका विधि प्रक्रिया र त्यसको निरूपण पनि हो ।

यसरी सारसंक्षेपमा पाणिनीयवादको व्युत्पत्तिमूलक अर्थ (Etymological meaning) यस प्रकरणमा पाणिनिले बताएका र पाणिनिका मान्यतामा आधारित शब्दानुशासन सम्वन्धी, भाषा दर्शन सम्वन्धी अथवा व्याकरण दर्शनसापेक्ष शब्दसंस्कार, व्यवहार तथा यावत् वाग्विज्ञानका कुराहरूको समष्टिरूप हो । पाणिनीयवाद वर्तमान सन्दर्भमा समष्टिरूपमा वैदिक र लौकिक संस्कृत भाषासम्बन्धी व्याकरणको प्रक्रिया परिष्कार तथा निर्माण हो । अहिलेको भाषाविज्ञानको कोटिभन्दा पनि माथिल्लो स्तरमा पाणिनीयवादको अन्तर्वस्तु रहेको छ ।

पाणिनीयवादको अभिप्राय

पाणिनी र उनका अनुयायीहरूले प्रतिपादन गरेको विज्ञानसम्वन्धी सिद्धान्त, प्रक्रिया र उदाहरण नै पाणिनीयवाद हो । यो पाणिनिभन्दा अगाड्रिका वैयाकरण वा व्याकरणकारका मान्यताका पृष्ठभूमिमा निर्माण भएको यो समष्टि भाषा वैज्ञानिक वाद हो । यो अत्यन्त वैज्ञानिक वा व्यवस्थित वाद भएकाले यसलाई पूर्वपश्चिम सवैतिरका भाषाविज्ञानीहरू सबैले महत्व दिँदै आएका छन् । अहिले आएर यसका वारेमा चासो बढिरहेको छ । यस वादका प्रवर्तक प्रमुख रूपमा पाणिनि, कात्यायन र पतञ्जलि हुन् । यी त्रिप्रवर्तकलाई त्रिमुनि पनि भनिन्छ । पाणिनिले आफ्ना अइउण् आदि चौध सूत्र, अष्टाध्यायीका ३९९६ सूत्र, गणपाठ, धातुपाठ र शिक्षाका आधारमा भाषाको अध्ययनमात्र नभएर कुनै पनि विषयगत अध्ययनको पद्धतिको गम्भीरतापूर्वक निर्देश गरेका छन् । त्यसैगरी भाषाका ध्वनि, अर्थ र वर्णविज्ञानको सारपूर्ण व्यवस्थित विधि र उदाहरण पनि प्रस्तुत गरेका छन् । आज आधुनिक वैज्ञानिक युगमा भाषाका नयाँ नयाँ सिद्धान्त सम्प्रदाय, शाखा र मान्यताहरूको उदय, उन्नति र अनुसन्धान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भइरहेको छ। यस प्रकारको भाषाका क्षेत्रमा चारैतिर अध्ययन, अनुसन्धान र मान्यताहरू प्रस्तुत भएको युगमा पनि पाणिनीयवादको औचित्य यातयाम भएको छैन। वास्तवमा पाणिनीयवाद समष्टिवादी भाषावैज्ञानिकवाद हो। पातञ्जल भाष्य (महाभाष्य) को पहिलो खण्डको तलको श्लोकले यस कुरालाई पुष्टि गर्दछ।

"पाणिनीयं महाशास्त्रं पदसाधुत्वलक्षणम्।
सर्वोपकारकं ग्राह्यं कृत्स्नं त्याज्यं न किञ्चन॥"

यसको खास अभिप्राय हो पद वा शव्दको उपयुक्तता वा साधुताको लक्षण मानिएको पाणिनीयवाद महाशास्त्र हो। यो सबैको उपकार गर्ने समग्र रूपमा सबैतिर स्वीकार गर्न लायक भएको शास्त्र हो। यस्तो महाशास्त्रलाई कत्तिपनि तिरस्कार वा परिहार गर्नुहुँदैन। यसै सन्दर्भमा पाणिनीयवादलाई सबै वेद र उपवेदको परिषद् पनि भनिएको पनि पाइन्छ :

"सर्ववेदपरिषदं हीदं शास्त्रम्"

शास्त्र वा महाशास्त्र संस्कृत वाङ्मयमा दर्शन वा वादका स्तरमा प्रयोग भएको छ। शास्त्र भनेका अंग्रेजीमा Any Branch of knowledge, Science, Learning हो। पाणिनीयवादको अर्थ प्रकार्यात्मक र दार्शनिक देखिन्छ। भर्तृहरिले यसको दार्शनिक अर्थ र व्यवहार आफ्नो महान् कृति 'वाक्पदीयम्'का माध्यमद्वारा प्रस्तुत गरेका छन्।

पाणिनीयवादका मूलभूत विषयहरू

पाणिनिले जुन प्रकारले दिव्य चेतनाद्वारा १४ सूत्रको निर्माण गरेर समस्त वैदिक, लौकिक, संस्कृत र समकालिक लोकभाषाका ध्वनि र वर्णको मूल बीज रोपे, त्यो वीज अहिले विश्वव्यापी रूपमा नै भाषिक वाली नालीको आधारभूत विशेषवीज भएको छ। पाणिनि, कात्यायन र पतञ्जलिका प्रयासले सूत्र, वार्तिक र भाष्यका विधि-प्रक्रिया अनुरूप शव्दार्थ निर्माण विराट् भण्डार तयार भएको छ। पाणिनीयवादले सामाजिक, साँस्कृतिक पृष्ठभूमि र व्यवहार अनुरूप भाषाको उत्पत्ति, विकास र विस्तार हुन्छ भन्ने मान्यतालाई आफ्नो सिद्धान्तको अन्तर्वस्तु बनाएको पाइन्छ। ध्वनिविज्ञान, वर्णविज्ञान र वाक्यार्थविज्ञान पाणिनीयवादका मूलभूत विषय हुन्। पाणिनि, कात्यायन र पतञ्जलिको कथन, अभिव्यक्ति र विचार विमर्शलाई उपदेश भनिन्छ। यो उपदेश पनि विभिन्न स्तरको छ। उपदेश अध्ययन हो। यो प्रशिक्षण पनि हो। उपदेशले भित्री आध्यात्मिक तत्वको पनि सङ्केत गरेकाले यसलाई Spritual Instruction पनि मान्न सकिन्छ। वास्तवमा उपदेश भाषिक प्रक्रियाद्वारा प्राप्त गरिने अन्तर्वाह्य ज्ञान हो। यो ज्ञान अहिले प्रचलित भाषाविज्ञानबाट प्राप्त हुने ज्ञानभन्दा माथिल्लो स्तरको ज्ञान हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिनीयवादको अर्को मुख्य विषय हो - पाणिनीय शिक्षा । यसले वेदाङ्गलाई अध्ययन गर्नेले ब्रह्मलोकमा पुगेर परमानन्दको अनुभव गर्न सक्ने उल्लेख गरिएको छ । वेदका षडङ्ग भनेका शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष हुन् । यी ६ अङ्गहरूमध्ये शिक्षा, निरुक्त र छन्दजस्ता कुराहरू पाणिनीयवादका विषय हुन् । छन्द भनेको पदपाठ पनि हो । त्यसैले छन्द पाणिनीयवादअन्तर्गतको विषयवस्तु भएको हो । पाणिनीयवादमा शव्दब्रह्म यसरी सङ्केत भएको छ - जसरी दानामा वृक्ष हुन्छ र त्यसमा दाना हुन्छ । धातुबाट शव्द वृक्ष वनेर विशाल शाब्दिक वनसम्पदाको विस्तार भएको र सारा भाषिक वनसम्पदा धातुरूपी जरामा प्रच्छन्न र केन्द्रित हुने अवस्थालाई पनि दर्साइएकोले यस वादका वैज्ञानिकता र दार्शनिकता अत्यन्त उच्च देखिन्छन् । पाणिनीयवादले ऋजुता र लघुतालाई सर्वाधिक महत्व दिएको छ । भाषिक व्यवहार वास्तवमा मानवीय व्यवहार भएकाले यो छोटो छरितो र सरल हुनुपर्छ भन्ने ऋजुता र लघुताको अभिप्राय हो । निर्दोषता वा शङ्काविहीनता भाषाको आवश्यक शर्त हो । यसलाई नितान्त सचेतताका साथ अँगालिएको छ यस वादमा । विभाषा भनेर पाणिनीयवादले लौकिक स्थानीय भाषा, खास गरी समाजिक भाषाविज्ञानलाई पनि महत्व दिएको पाइन्छ । 'शव्दानामनेकार्थाः' शव्दका अनेक अर्थ हुन्छन् । 'सकृदुच्चरितः शव्दः सकृदेवार्थं गमयति' एकपटक उच्चारण गरिएको शव्दले एउटै खास सन्दर्भको अर्थवोध गराउँछ भन्ने मान्यता पनि उपर्युक्त वादकै विषयवस्तु हो । यसबाट सन्दर्भात्मक सिद्धान्तको पनि सङ्केत हुन्छ । मूलतः वैदिक सनातन आर्यसमाज र संस्कृतिका पृष्ठभूमिमा निर्माण भएको पाणिनीयवादमा संसारभरकै भाषाका आधारभूत तात्विक मान्यता र सिद्धान्तहरू अत्यन्त वैज्ञानिक एवं व्यवस्थित रूपमा दीर्घकालीन महत्व रहने गरी प्रस्तुत भएको पाइन्छ ।

निचोड

पाणिनीयवाद एक गहन विशाल र गम्भीर भाषाविज्ञानको क्षेत्र भएको दार्शनिक कोटिको विषय हो । वैदिक संस्कृत र लौकिक संस्कृत भाषा वैयाकरणिक कोटिअनुरूप व्युत्पत्तिप्रधान छ । पाणिनीय 'गम्लृ गतौ' र अंग्रजी न्य दुवै समानार्थी धातु हुन् । संस्कृतको जानु अर्थ भएको उक्त धातुवाट उपसर्ग, परसर्ग, वचन, पुरुष, काल, नाम, पक्षका आधारमा असंख्य शव्द वन्दछन् यसको गणना अझै भइसकेको छैन तर अंग्रेजी को शब्दबाट Go, Went, Gone, Going, Goes पाँच शव्दभन्दा बढी शव्द वन्न सक्दैनन् । पाणिनीयवादले यस्तो पद्धति दिएको छ, जसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरेक संस्कृत शब्दको निर्माण प्रक्रियाद्वारा अनेक रूपावली र अर्थको विस्तार गर्न सकिन्छ। संक्षेपमा पाणिनीयवाद भाषा विज्ञानका क्षेत्रमा प्राचीन भएर पनि सर्वाधिक वैज्ञानिक शब्द व्युत्पादन र उत्पादनको प्रक्रिया भएको वाद हो। यस वादले शुद्ध शब्द प्रयोग गर्न सकेमा आत्मिक आनन्दका साथै अभिमुक्ति प्राप्त हुने उपदेश पनि गरेको छ। यसले यथार्थ, निर्दोष र तात्विक ज्ञानको प्रक्रिया दर्साएर अमूल्य योगदान पुऱ्याएको छ। यस वादलाई त्रिमुनि पछिका विभिन्न व्यक्तिले लघु, मध्य र सिद्धान्त कौमुदी, लघुमञ्जुषा, परिभाषेन्दुशेखरलगायत अनेक वृत्ति, टीका, व्याख्या तथा विवरण लेखेर विस्तार गरेका छन्। अहिले पनि पाणिनीयवादको अनेक कोणबाट व्याख्या, विश्लेषण भएको छ। यस वादको सीमा र शक्ति फराकिलो बन्दै गएर उपयोगी भइरहेको छ। क्रमश:....................................

प्रमुख सन्दर्भग्रन्थसूची

अर्याल, दुर्गाप्रसाद, अजन्ता नेपाली अंग्रेजी नेपाली शब्दकोश, अजन्ता प्रकाशन, नयाँ दिल्ली सन् २००८।

आचार्य, नरेन्द्रमणि दीक्षित, साझा नेपाली अंग्रजी संक्षिप्त शब्दकोश, साझा प्रकाशन २०२६।

आचार्य वलदेव, संस्कृत साहित्यका इतिहास, शारदा मन्दिर वाराणसी, सन् १९६८।

आचार्य सीताराम चतुर्वेदी, वाग्विज्ञान, चौखम्वा विद्याभवन वाराणसी, वि.सं.२०२५।

चार्ल्स एफ् हकिट, अ कोर्स इन मोर्डन लेङ्ग्वेस्टिक, अक्सफोर्ड एण्ड आइ.बि.एच्.पब्लिसिंग कम्पनी, न्यू दिल्ली, सन् १९७२।

तिवारी भोलानाथ, भाषाविज्ञान (उनन्चालिसौं संस्करण) कितावमहल, इलाहवाद, सन् २००४।

भट्टोजिदीक्षितप्रणीत, सिद्धान्तकौमुदी, चौखम्वा संस्कृत प्रतिष्ठान दिल्ली, सन् २००२।

भर्तृहरिकृत (विवरणकार शिवशङ्कर अवस्थी) वाक्पदीयम्,(प्रथम व्रह्मकाण्ड), चौखम्वा विद्याभवन वाराणसी, सन् २००६।

शर्मा, देवेन्द्रनाथ र दीप्ति 'भाषाविज्ञानकी भूमिका', राधाकृष्ण नयाँदिल्ली, सन् १९८५।

शास्त्री रामचन्द्र वर्मा र माया अग्रवाल, भाषाविज्ञान एवं हिन्दीभाषा, कलामन्दिर दिल्ली, सन् २००८।

श्रीमद्भगवत्पतञ्जलिकृत 'वैयाकरणमहाभाष्यम्' (नवाह्निकरूप, प्रथमखण्डम्) तुकाराम जावजी शेठ, मुम्वई, सन् १९१७।

Acc. 98879/1671

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो संस्कृत छात्रवास

-डा. कृष्णप्रसाद भट्टराई

वन्दे तां परमेश्वरीं भगवतीं वुद्धिप्रदां शारदाम्
भन्थ्यो वेद जहाँ उठेर मसितै जागी जगाई स्वयम् ।
रात्री पूर्ण भयो, गयो अब निशा भन्थ्यो नि घण्टा पनि
कस्ले गाँस लियो, लिएन कसले गन्थ्यो नि घण्टा पनि ॥

रात्री याम गयो विहान पख भो भन्थ्यो नि घण्टाघर
को को छात्र उठे, उठेन अनि को गन्थ्यो नि घण्टाघर ।
मैले हात कता, कतातिर लगँ हेरेर भन्थ्यो - गन !
मेरो संस्कृत छात्रवास अहिले बिसौँ कसोरी भन ?

कोठाबाट झरौँ, तयार सब भो भान्सा गरौँ साथमा
पानी बोक र बोक थाल चटनी बोकौँ भए हातमा ।
भान्सामै मसिनो भुजा छ सुनियो खाना मिठो भो भनी
खाने याम भयो अबेर नगरौँ भन्थ्यो नि घण्टा पनि ॥

पारी निर्मल हात पाउ सुन हे ! चोखो वनाई पस
धोती फेर सफा, पिरा छ गतिलो बस्ता मजा ली बस ।
खाँदा बोल्नु हुँदैन सभ्य जनले भन्थ्यो नि घण्टा पनि
भान्सा एक छ किन्तु हुन्छ यसमै नेपाल सिङ्गै भनी ॥

सानो संस्कृत छात्रवास नभनौं ! यै राष्ट्र भै बोल्दछ
सानो अग्निशिखा बलेसरि सँधै ज्वालामुखी खोल्दछ।
सिँगै राष्ट्र अटाउने घर यही हो राष्ट्रकै दर्पण
ज्यूँदा छात्र उठे, गरे कति जुनी यै राष्ट्रमा अर्पण ॥

चारै टोल उठी, उठी सब जना ती चार कोठे उठी
सिङ्गै राष्ट्र उठाउने मन गरी ती छात्र सारा जुटी ।
अन्यायीहरूको सँधै मुटु चुँडी थर्काउँदै थर्थरी
बाँच्ने संस्कृत छात्रावास अहिले बस्तै छ के के गरी ?

मर्ने जीवन हो, मरिन्छ, मरियोस् खोजिन्छ आफ्नो हक
अत्याचार सहिन्न संस्कृत म हूँ भन्थ्यो नि ढुङ्गा तक ।
जैले संस्कृत-सभ्यता मलिन भो बन्थ्यो नि धन्वन्तरि
त्यस्तो संस्कृत छात्रवास अहिले बस्दै छ के के गरी ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या आर्जन गर्नुपर्छ सवले विद्या सवैको बल
विद्याकै बलमा उठे जति जना को भो कहाँ निर्वल ।
शिक्षा निर्मल दिन्छ, भन्छ सिक हो विद्या सवैको धन
यस्तो संस्कृत छात्रवास अहिले विर्सौं कसोरी भन ?

अरुणोदय नै किन बन्द भयो?

-देवीप्रसाद वराल शास्त्री
ओखलढुङ्गा

कति पुष्प यहाँ न त फुल्न सके
कति कोकिलले न त वोल्न सके
कति काव्यसुधा रस सुक्न गयो
अरुणोदय नै किन बन्द भयो ?

जव शान्ति गयो र अशान्ति भयो
अव वाँच्न यहाँ अति कष्ट भयो
जग दूषित भैकन शुष्क भयो
अरुणोदय नै किन वन्द भयो ?

जग अन्ध भयो सव शून्य भयो
अव दृष्टि कसैसँग लुक्न गयो
तम व्याप्त भयो, मन खिन्न रह्यो
अरुणोदय नै किन वन्द भयो?

अव जाग युवा उठ वेर भयो
जग दिप्त वनाउन बेर भयो
अव हेर सवै शुरुवात भयो
अरुणोदय लौ ! अव खुल्न गयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वासको सङ्कट

-डा. लेखप्रसाद निरौला
सहायक प्राचार्य

विश्वासको सङ्कटले राम्रो नराम्रो के होला ? भन्नुहोस् त । कहिले राम्रो होला कहिले नराम्रो होला हैन ? मान्नुहोस्, अभिभावक र सन्तानका वीच विश्वासको सङ्कट सिर्जना होस् । सन्तानको आकार प्रकार, क्रियाकलाप, आचरण व्यवहार र इच्छा आकाङ्क्षाहरूलाई देखेर अभिभावकमा भित्रभित्रै अनेकौं आशङ्काहरू मडारिन थालून् । कहिले श्रीमान्लाई श्रीमतीप्रति शङ्का लागोस्, कहिले श्रीमती रणभुल्लमा परेर भित्रभित्रै आशङ्काजन्य पीडाबाट पीडित भइरहोस् । सुरुसुरुमा एकले अर्कालाई अविश्वास गर्ने क्षमता नपलाओस् तर परिस्थिति नियन्त्रणवाहिर गएर झन्झन् आशङ्का गर्नुपर्ने अवस्था सिर्जना हुँदै जाओस् । त्यसमा पनि बढी मात्रामा श्रीमान्ले श्रीमतीप्रति बढी आशङ्का गरोस् । उसलाई आशङ्का गर्ने चाहना नहुँदा नहुँदै पनि सन्तानको स्वरूप र क्रियाकलाप देखेर विश्वासको सङ्कट उत्पन्न भई छाडोस् । त्यस्तै श्रीमतीलाई पनि सन्तानको स्वीकृति प्रक्रियामा पक्कै केही जटिलता हुनुपर्छ भन्ने शङ्का जागोस् तर त्यो केवल मनमा मात्र सीमित रहोस् । अव सोच्नुहोस् त यस्तो अवस्थामा विश्वासको सङ्कटले कस्तो परिणति निम्त्याउला ?

म पनि पहिले धेरैजसो राजनीति गर्ने सहकर्मीमाथि शङ्का गर्थें । हामी सँगसँगै राजनीति गर्ने केही व्यक्तिहरूमध्ये मलाई सवभन्दा बढी आफूसँग मिल्ने नजिकको साथीमाथि आशङ्का भइरहन्थ्यो । साथीले आफूलाई हृदय खोलेर जति उदारतासाथ सगाउँथ्यो म त्यति नै झस्किन्थें । मलाई एउटै आशङ्का हुन्थ्यो साथीले मेरो उल्लेखनीय उपलव्धि हुने समयमा धोखा दिने नै छ । अनि कहिले काहीं त्यस्ता राजनीतिमा धोखा सामान्य भएका घटनाहरू पढेर चित्त वुझाउँथें । साथी र मेरावीच विश्वासको सङ्कटले ठूलै हलचल मचाउनेछ भन्ने विश्वासका साथ काम गरिरहन्थें । यसरी राजनीतिका क्रममा विकसित मेरो अविश्वासी स्वभावले विस्तारै सीमा नाघ्न थाल्यो र म धेरै कुरामा शङ्कालु समेत हुन थालें । त्यसपछि छिमेकीका हरेक प्रगति र समुन्नति लगायत निरन्तरका क्रियाकलापहरूप्रति म संवेदनशील हुन थालें । छिमेकीले अलि बढी सम्पत्ति कमाउनु नहुने, उसले कुनै पनि नयाँ काम गर्नु नहुने, उसका हरेक काम कुराप्रति म झस्किन थालें र मेरो छिमेकीसँगको व्यवहार सशङ्कित हुँदै गयो । यसरी छिमेकीका हरेक क्रियाकलापमा सशङ्कित मेरो मनले नजिकका नातेदार, इष्टमित्र र सहयात्रीहरूलाई क्रमशः निसाना साध्न थाल्यो र मैले विश्वासको सङ्कटबाट उत्पन्न मनोरोगीका रूपमा आफूलाई पाउन थालें । तर, यस किसिमको मेरो स्वभाववारे कसैलाई थाहा नभएकाले मैले आफ्नो गोप्य परिचय आफैभित्र लुकाएर राखिरहें ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो जति नजिक छ, जसको जति सम्पर्क छ आखिर ईर्ष्या र शङ्का भन्ने कुरा त्यहीँ केन्द्रित हुँदो रहेछ । आफूले नजानेको र आफूभन्दा टाढा रहेको वस्तुमाथि न त कहिल्यै शङ्का गरिँदो रहेछ न विश्वासको सङ्कट सिर्जना हुँदो रहेछ । आफ्नो प्रवृत्ति अनुसार नजिककै सेरोफेरोमा मात्र मौलाउँदो रहेछ- विश्वासको सङ्कट । यस सन्दर्भमा मलाई ती विगतका केही घटनाहरू स्मरणमा आउँछन् । जीवन यात्राको प्रारम्भमा कहिले गाईवस्तु पालियो, कहिले व्यापार गरियो, कहिले राजनीति गरियो, कहिले जागिरे भइयो र अहिले धेरैजसो साहित्यकारका माझमा दिन बिताउन थालियो । यी र यस्ता विभिन्न क्षेत्रहरूमा लागिरहँदा जोजो र जेजे नजिक आए तिनीहरूप्रति प्रायः विश्वासको सङ्कट हट्न सकेन । गाईले दूध दिएन- छिमेकीको कैफियत हो, व्यापार फस्टाएन- अर्को छिमेकीले नजिकै व्यापार केन्द्र स्थापना गरेर नै हो, जागिरमा कहिल्यै प्रशंसा र पदोन्नति हात पार्न सकिएन- त्यसमा पनि सहकर्मीले नै खुट्टा तानेर हो तथा साहित्यकारका रूपमा कहिल्यै सम्मान एवम् पुरस्कार पाउन सकिएन- त्यो त झन् समकालीन साहित्यकार वा समालोचकहरूको गलत नियतकै कारण हो भन्ने जस्ता अनेकौँ आशङ्काहरूबाट आफू कहिल्यै मुक्त हुन सकिएन । वस्तुतः हिजोआज निकटस्थ प्रतिस्पर्धी वा सरोकारवाला व्यक्तिमाथि आशङ्का गरिरहने मनमाथि समेत विश्वासको सङ्कट सिर्जना हुन थालेको छ ।

शङ्का गर्ने आफ्नो स्वभाव हटाउन प्रयत्न नगरेको पनि होइन । अझ त्यसमा पनि आफू आस्तिक भएकाले सर्वप्रथम ईश्वरसँग प्रार्थना गरेर आफ्ना कमीकमजोरी हटाइमाग्ने प्रयास गरियो । त्यसका लागि एकदिन बिहानै उठेर स्नानध्यान पछि मन्दिर गइयो र पूजाअर्चनाका लागि पङ्क्तिवद्ध भइयो । त्यस अवस्थामा समेत पुनः अर्को आशङ्काले आफूलाई स्वतन्त्र रहन दिएन । त्यतिखेर आफ्ना महँगा जुत्तालाई कसैले चोर्ने पो हुन् कि अथवा अगाडि उभिएको व्यक्ति नै हतार हतार गरेर जुत्ता चोर्न जाने हो कि भन्ने आशङ्काका कारण बिहानभरिको मिहिनेत त्यत्तिकै विचमै छोडेर हतारहतार पूजासामग्री चढाई आफू जुत्तासमक्ष आइयो । त्यस दिनको सत्प्रयासबाट समेत सन्तुष्ट हुन नसकेपछि सत्सङ्गबाट मनशुद्धि गर्ने अठोटका साथ श्रीश्री स्वामी अखण्डानन्द भक्त महाराजसमक्ष ज्ञानामृत पानार्थ सहभागी भइयो । महाराजका मुखारविन्दबाट भक्तिसङ्गीतका अमृतवाणीहरू श्रवणपश्चात् केही क्षण उहाँको प्रवचन सुन्ने अभिलाषा राखियो । तर, जतिजति उहाँका प्रवचन प्रवाह बढ्दै गए आफूलाई उहाँको भक्तिशास्त्र एवम् टिपोटहरू पल्टाउने बानी देखेर अहम् जागृत गराउँदै लग्यो । अन्ततः आफू के निष्कर्षमा पुगियो भने स्वामीले कुन नयाँ कुरा गरे र ! आखिर तिनै पुराना शास्त्रहरूलाई अगाडि राखेरै प्रवचन गरे । उनमा खै के विद्वत्ता वा प्रतिभा झल्कियो र ! भन्ने जस्ता विचारहरू जागृत भएपछि त्यस्तो सत्सङ्गबाट पनि आफू लाभान्वित हुन सकिएन । आफूलाई विश्वासपूर्वक ध्यान केन्द्रित हुने र कसैमाथि कुनै पनि किसिमको ईर्ष्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवम् आशङ्का नगर्ने परिवेशको खोजीले सताउन छाडेन। अन्ततः आध्यात्मिक परिवेशबाट खिन्न भई पुनः पूर्ववत् निजी जीवन भोग्न बाध्य भइयो।

चारैतिरबाट असफल हुँदै आशङ्कारहित जीवन बाँच्ने अभ्यासका क्रममा एकदिन पुनः सँगैको मिल्ने सहकर्मी मित्र वरिष्ठ साहित्यकारका रूपमा पुरष्कृत हुन विदेश जाँदै हुनुहुन्छ रे ! भन्ने समाचार सुनेपछि त आफूलाई आफैप्रति ग्लानि हुन थाल्यो। आफू त्यत्रो प्रतिभावान् हुँदा पनि आफूलाई त्यस्तो अवसर प्राप्त नहुने र साथीलाई भने त्यस्तो सुनौलो अवसर प्राप्त हुने ? भन्ने ईर्ष्याले निकै लामो समयसम्म चिन्तित तुल्यायो अनि अस्तिसम्म आफूसँगै लुकामारी खेल्ने मित्रमा कसरी कालिदासको जस्तो प्रतिभा वर्सियो भन्ने आशङ्काले सताउन थाल्यो। यद्यपि पुरष्कृत मित्रको मप्रति हुने आचरण व्यवहारमा केही परिवर्तन थिएन। उहाँ मसँग सधैं जस्तो मन्द मुस्कानका साथ हिमचिम गर्नुहुन्थ्यो र कहिल्यै पनि घमन्डी स्वभाव देखाउनुहुन्नथ्यो। बरु, कहिलेकाहीं आफैमा बोलूँ कि नबोलूँ, बोलेर के फाइदा, ठूलो भइटोपलेको व्यक्ति, बडो नामी साहित्यकार भई खाएको जस्ता प्रतिशोधात्मक ईर्ष्याहरूका कारण खुलेर बोल्न असजिलो अनुभव हुन्थ्यो तैपनि आफू देखावटी रूपमा उहाँसँग बोलिरहिन्थ्यो। मनभित्र जतिसुकै ईर्ष्या र कपट रहे पनि बाहिरचाहिँ देखाउन सकिएको थिएन।

भनिन्छ, मानिस आफू जस्तो छ अरूलाई पनि त्यस्तै देख्छ रे ! आफूलाई अहिले पहिलाको जस्तो व्यवहार गर्ने परिवेश नै छैन। परिवेशले आफूलाई मानमर्यादा र देखावटीप्रति विश्वास जगाइसहेको छ तापनि अरूको व्यवहारमा आशङ्का गर्ने बानी हटेको छैन। अब त कसैमाथि कुनै किसिमको आशङ्का नगरूँ अथवा अब त विश्वासको सङ्कट सिर्जना नहोस् भन्ने सोचिन्छ तर त्यो अझै सम्भव भएको छैन। अन्तको के कुरा गरूँ आफ्नै घरमा छोराछोरी जवान भएको देख्ता आफ्ना ती बैंसालु जीवनमा घटित घटनाहरूको याद आउँछ र अनाहकमा मन पुनः एकचोटि तिनीहरूमाथि सशङ्कित बन्दछ। तिनीहरू पनि आफूजस्तै स्वच्छन्द रूपमा पढाइमा बेवास्ता गर्दै मनोरञ्जनमै दिन बिताउँदा हुन्। हिजोका दिनमा आफूले चाहेको कुरा खोज्न र पाउन सजिलो थिएन तर आज ती कुरा बढ्दो विद्युतीय सञ्चार उपकरणका माध्यमबाट उपलब्ध हुन थालेपछि तिनीहरू पक्कै पनि आफूभन्दा एक कदम अगाडि होलान् भन्ने शङ्का भइहाल्छ। अझ आफ्नो किशोरावस्थाको प्रवृत्ति केही उच्छृङ्खल र अभद्र किसिमको रहेकाले छोराछोरीमा पनि त्यही गुण नहोला भन्ने कल्पना गर्न गाह्रो भएको छ। खै के गरी शङ्कालु बानीलाई हटाउनु हो त्यो विषय झन् गम्भीर हुँदै गएको छ।

कहिले काहीं हरेक नजिकका कुरामा आशङ्का गर्ने बानीले केही राम्रा परिणतिहरू समेत नल्याएका होइनन्। मलाई याद छ, आफू सानो छँदा एकपटक एउटा घटना घटेको थियो। अरू बेला खासै पढ्न नरुचाउने दिदीले एउटा मेलामा गएर आजदेखि ट्युसन पढ्न जान्छु भनेर हत्ते गर्नुभयो। आमाले त्यस कुरालाई खुसीका साथ लिनुभयो र दिदीले चाहेको बेलामा पढ्न पठाउनुभयो। मलाई भने दिदीको स्वभावमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्का लागिहाल्यो । आफू सानै भए पनि नजानिदो किसिमले दिदी पढ्ने ठाउँ पत्ता लगाएँ र त्यहाँ कोको पढ्दा रहेछन् भन्ने थाहा पाएँ । त्यसपछि ती पढाउने नयाँ व्यक्ति को हुन् ? तिनको क्रियाकलाप कस्तो छ त भन्ने कुराको चियोचर्चो गर्न थालेँ । तिनी अत्यन्त खाइलाग्दा, राम्रा, उमेरदार र आकर्षक रहेछन् अनि तिनले पढाउने विद्यार्थी मेरै दिदीजस्ता सोझा केटीहरू रहेछन् । ती सबैलाई छुट्टाछुट्टै केही घण्टा पढाएको वहानामा मनोरञ्जनका गफ गर्दा रहेछन् । तर, तिनीप्रति गरिएको मेरो आशङ्काले न त मेरा घरमा स्थान पाउने अवस्था थियो न अरू पढ्न जाने विद्यार्थीका घरपरिवारले पत्याउन सक्ने अवस्था थियो । मैले केही मेरा मित्रलाई तिनको स्वभाववारे शङ्का गर्ने कि भन्दा उल्टै आफूलाई शङ्कालु भन्न थालेका थिए । एकचोटि त मैले व्यर्थैमा किन शङ्का गरे होला भन्ने पनि लाग्यो तर मेरो मनले मान्दै मानेन । मैले सुनेको थिएँ तिनी कसैलाई आफ्नो घर दार्जिलिङ भन्थे, कसैलाई सिक्किम भन्थे, कसैलाई आसाम भन्थे र कसैलाई भुटान भन्थे । त्यही कुराले गर्दा तिनको स्वभावमाथि म झन् सशङ्कित थिएँ । तर, मेरो शङ्का कसैलाई मान्य थिएन । दिदीजस्ता केही विद्यार्थीहरू र गाउँका केही व्यक्तिहरू तिनले छोरीचेलीहरूलाई पढाउन थालेको र छोरीचेलीहरू समेत तिनीसँगै पढ्न रुचाउन थालेकाले निकै प्रशन्न थिएँ । प्राय: सबै थोरै पैसामा पढाउन पाएकामा दङ्ग थिए । केही महिना पढाएपछि तिनले एकदिन दसपन्ध्र जना दिदीजस्ता विद्यार्थीलाई शैक्षिक भ्रमणका लागि उकासेछन्, जसकारण घरमा दिदीले शैक्षिक भ्रमणमा इन्डिया जाने भन्दै हत्ते गर्न थाल्नुभयो । बुबा कमाउन विदेशतिरै हुनुभएकाले आमालाई निर्णय दिन गाह्रो परिरहेको थियो । दिदीले अरू पनि साथीहरू जाने भएकाले नगईन नछोड्ने वताउनुभयो । गाउँमा कुनै उपाय नदेखेपछि मलाई प्रहरीकहाँ गएर भन्ने भित्री इच्छा जाग्यो र म दिदीहरू जाने कुरा बताएर फर्कें । प्रहरीलाई भने मेरो आशङ्का ठिकै लागेछ त्यसैले प्रहरीले मलाई त्यस्तो कुरा हो भने तिमी जाऊ हामी सम्हाल्छौँ भन्दै पठाए । पाँच दिनका लागि निस्किएका दिदी गएको तेस्रो दिन साझ नै फर्किनुभयो र दिदीले ती शिक्षकको उद्देश्य र प्रहरीले गरेको उद्धारवारे बताएपछि त्यतिखेर मलाई मेरो आशङ्का गर्ने बानीप्रति धन्यवाद दिन मन लाग्यो । त्यस्ता शङ्कालु वानीले कयौँ पटक गाडीमा चढेका केही पाकेटमारहरू, गाउँघरमा चोर्दै हिँड्ने केही चोरहरू, साधुको भेषमा ठग्दै हिँड्ने ठगहरू, महिला वा पुरुष साथी वनेर नजिकिने र कुत्सित उद्देश्य पूरा गर्न खोज्ने केही स्वार्थी व्यक्तिहरू, घरमा एक्लो सदस्य रहेका वेला छोपी आइरहने समवयष्क व्यक्तिहरू लगायत अनेकौँ व्यक्तिहरूको यथार्थता प्रकट गराएका घटनाहरू म अझै पनि विर्सन सक्दिनँ ।

यस्तै मलाई बडाहाकिम हुँदाको एउटा घटना अझै याद छ । जब म बडाहाकिम भएर अड्डामा गएँ, केही कर्मचारीहरू खुलेर स्वागतमा लागे, केही अफिसका राम्रानराम्रा कुराहरू सुनाउन थाले, केही केकस्तो खानेपिउने भन्दै सोध्नका लागि आउन थाले । त्यसरी सबै जना प्रशन्न भई सक्रिय भएको देख्ता मलाई हाकिम भएको गौरव पनि भयो । केही दिनसम्म कर्मचारीको सद्भाव र ऊर्जापूर्ण सक्रियता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढेको देखेपछि मले भित्रभित्र आफ्नो भाग्यप्रति धन्यवाद समेत दिएँ । अड्डाका प्रायः सबै जसो कर्मचारीहरू कुनै न कुनै बहानामा मलाई भेटिरहन्थे र मसँग खुलेर व्यवहार गर्थे तर एकदुई जना राम्रै तहका कर्मचारी भने खासै नजिकिँदैनथे । मेरो शङ्कालु वानीले तिनै दुई जनामाथि अनेकौं शङ्काउपशङ्का गर्न थाल्यो तर तिनको व्यवहारमा केही परिवर्तन थिएन । तिनीहरू दुवै आफ्नै तरिकाले यथासमयमा अड्डामा काम गर्दै कहिलेकाहीँ आफ्ना फायल मसमक्ष अग्रसरित गर्थे भने म पनि तिनीहरूको फायललाई उपयुक्त निर्देशन दिइरहन्थेँ । त्यस्ता कामबाहेक मलाई तिनीहरूसँग गफगाफ गर्ने अवसर मिल्दैनथ्यो र प्रायः आफ्ना अघिपछि गर्ने कर्मचारीका सुखदुःखमा संलग्न हुँदै मात्र मेरा दिन बित्थे । अझ त्यसमा पनि धेरैजसो कर्मचारीका महत्त्वाकाङ्क्षी दुखेसाहरू हटाउँदामै फुर्सद हुँदैनथ्यो । कहिले कसलाई नियुक्त गर्नुपर्ने, कहिले कसलाई बाहिर जाने अवसर मिलाउनुपर्ने, कहिले कसको काम पऱ्यो रे ! कहिले कुन शाखाको काम बन्द गर्नुपर्ने, कहिले कसलाई को भेट्न आएको रे ! ऊसँग भेटिदिनुपर्ने, कसैको छोरालाई कहाँ सिफारिस गर्नुपर्ने, कसैकी छोरी, साली, भान्जी, भतिजी आदिलाई कहाँकहाँ कताकता केकेमा हो केकेमा सहभागी गराउनुपर्ने लगायतका कामबाट मलाई बिलकुलै फुर्सद हुँदैनथ्यो । एकचोटि तिनै दुईमध्येका एकजना कर्मचारीलाई भेट्न आफै गएँ । उनी खुसी पनि भए । उनलाई 'खवर के छ ? खासै भेट पनि हुन्न' भन्दा उनले 'खै यस्तै हो, काम पर्दा भेट भइहाल्छ नि' भने । उनीसँगको साक्षात्कारपछि पनि मेरो मन शान्त नभएकाले एकजना बूढो तर तल्लो तहको कर्मचारीलाई तिनका बारेमा सोधेँ । ती कर्मचारीले भने- "ए ! ती शाखाका हाकिमको त आफ्नै स्वभाव छ । तिनले यहाँ आउने कोही पनि बडाहाकिमलाई वास्ता गर्दैनन् । को आएर खै के पो गरे ? सबै तिनै आसेपासेका स्वार्थी कामहरू गर्दै दिन बिताएर गएका त हुन् नि; तिनैसँग खाने, रमाउने, तिनैको गालीबेइज्जती सहने सबै त्यस्तै व्यक्ति त आउँछन् नि भन्छन् । तिनी कसैलाई पनि बडाहाकिम अथवा ठुलो ठान्दैनन् । तिनलाई आफू सबैभन्दा पुरानो भएको र आफूलाई भन्दा अरूलाई यस अड्डाका बारेमा के ज्ञान छ र ! भन्ने घमण्ड छ । त्यसैले हेर्नु न ती कहिलै समयमा आएर रचनात्मक कामका लागि कोही अरू व्यक्तिसँग छलफल गर्छन् त ।" मलाई अर्का कर्मचारीका बारेमा पनि जान्ने इच्छा भएकाले तिनका बारेमा पनि सोधेँ । "ए ! ती त पहिले निकै अनुशासित र इमानदार हाकिम थिए रे ! जहिलेसुकै अड्डाको विकास कसरी हुन्छ भन्ने सोचेर काम गर्थे रे ! आएका बडाहाकिमहरू पनि तिनलाई देखेर गर्व गर्थे रे ! तर खै कहिले हो कुन्नि अरू कर्मचारीले तिनको अनुशासन, रूखो व्यवहार, दण्डसजाय र पुरस्कारको प्रक्रिया लगायतका कति कुरामा आपत्ति जनाउँदै छुट्टै कर्मचारी हकहित संरक्षण मञ्च खोलेर तिनलाई अपमानित गरे रे ! अनि त्यस घटनाप्रति बडाहाकिमले पनि कुनै कदम चाल्न नसकेको देखेपछि त्यस दिनदेखि तिनी आफ्नो काम गर्ने र अरू कुरामा बेवास्ता गर्ने गर्छन् रे !" भन्ने कुरा थाहा पाएँ । यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो शङ्कालु बानीले मलाई अड्डाभित्रका केही रहस्यमय कुरा थाहा पाउन पनि मद्दत पुऱ्यायो ।

अहिले मलाई विश्वास गर्नेहरूको निकै ठूलो जमात छ । गोठमा बस्दादेखि साहित्यकार हुँदासम्मका अनेकौं व्यक्तिहरू आफूप्रति कृतज्ञ देखिन्छन् । कतिपयलाई बिलकुलै नचाहँदा नचाहँदै सहयोग गर्नुपर्ने परिस्थिति सिर्जना हुन्थ्यो भने कतिपयलाई देखावटी रूपमै भए पनि सहयोग गर्नुपर्दथ्यो । तर, तिनीहरूप्रति कहिल्यै भित्री हृदयबाट कृतज्ञ हुन सकिएन । समयले एकपटक आफूलाई राम्रै ओहदामा पनि पुऱ्यायो र शक्तिसम्पन्न व्यक्तिका रूपमा समेत स्थापित नगराएको होइन । त्यतिखेर त झन् ती आफ्ना हितैषीका सबै सद्भावहरू आशङ्काकै रूपमा मात्र परिणत भए । कसैले फोन गऱ्यो, कसैले भेट्ने कुरा गऱ्यो, कसैले कुनै न कुनै माध्यमबाट खबर पठायो, कोही स्वयम् उपस्थित भएर आफ्ना कुराहरू राखे इत्यादि घटनासन्दर्भहरू घटिरहँदा आफूलाई जहिलेसुकै तिनीहरूले स्वार्थबस मात्र आफूसँग सम्पर्क गरेझैं लागिरह्यो । आसामीलाई देखेर जहिलेसुकै डराइरहने ऋणीझैं आफ्ना हितैषीकै सद्भावना र सहयोगलाई आफूले कहिल्यै भित्री हृदयबाट स्विकार्न सकिएन । सधैं एकोहोरो रूपमा विश्वासको सङ्कट कायम रहिरह्यो ।

Seed's destiny

I get under the Land on free soil
In a thought to become I dismount from soil
Like a small root

I improved by water and revelation
they are my mother and father
who help me on my destination
my hands are laborious
I upperjaw my family with my hands
This was my destiny before this I was glorious
but with my strength and with my hardness
today on me and in my family there is happyness.

when i get into soil birthplace of mine
my unbroken destiny will asways shines.

- Rabindra Nepal
sam.ma.bi.ranipokhari

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छात्रावासको बसाइ

-प्रेमनाथ अयाल,
पूर्व क्याम्पस प्रमुख, रेसुङ्गा वहुमुखी क्याम्पस
तम्घास गुल्मी

गुल्मी जिल्लाको मर्भुंङवाट वि.सं. २०१६ साल जेठ १३ गतेका दिन विहान भालेको डाँकसँगै मैले काठमाडौंतर्फ पाइला चालेको हुँ। काठमाडौं आइपुगेर तत्कालीन संस्कृत प्रधान पाठशालामा पूर्वमध्यमामा भर्ना भई पढ्न सुरु गरेको हुँ। मेरो पढाइको दक्षता देखेर तत्कालीन हेडमास्टर पूर्णभद्र सुवेदीले मलाई धेरै माया गर्नुहुन्थ्यो। मेरा साथीहरू छात्रावास बसेको भन्दा खूब गर्व गर्थे। म त्यतिवेलासम्म हरिहर गौतमको घरमा वस्ने गर्थें। मलाई पनि छात्रावास बस्न मन लागेकाले निवेदन दिएँ। किनकि घरमा वावाको मृत्युभएपश्चात् घरवाट पनि मलाई आफ्नो जोहो आँफै गर्नुपर्ने अघोषित निर्देशन थियो। वि.सं.२०१७ साल कार्तिक १ गतेदेखि मैले तीनधारा संस्कृत छात्रावासमा बस्न थालें। तीनधारा संस्कृत छात्रावास बस्दाखेरि जुन जोश, जाँगर थियो, हो त्यसैको कारणले गर्दा नै म सिर्जनशीलता एवं प्रजातान्त्रिक मान्यतातर्फ ढल्कन पुगें। हाम्रो नीलाम्वर पन्थीज्यूको भाइ शेखरनाथले मलाई रघुवंश महाकाव्य पढाउँथे। त्यस्तै टेकराज दाइले कालिदासकै कुमारसम्भव पढाउँथे। मैले उत्तरमध्यमा पढ्दाखेरी संस्कृत छात्र संघ विभाजित भयो। वामपन्थी साथीहरूले रेवतीरमण खनाल(जो पछि राजाका सचिव भए)को अध्यक्षता भएको छात्र संघ बनाए भने प्रजातान्त्रिक साथीहरूले पीताम्वर दाहाल अध्यक्ष भएको संस्कृत छात्र संघ बनाए। वि.सं.२०१७ सालमा राजा महेन्द्रले गरेको 'कू' सँगै नेपाल छात्र संघ पनि बन्देज थियो। वी.पी.कोइराला जेलमा हुनुहुन्थ्यो। त्यसै समयमा छात्रावासमा छात्रकार्य समिति गठन गरियो। छात्रवासमा वस्ने विद्यार्थीहरूले "जयतु संस्कृतम्"को छोरा संस्कृत छात्र संघ र त्यसैको नातिको रूपमा छात्र कार्य समितिलाई स्वीकारे। सोही छात्रकार्य समितिले वि.सं. २०२० सालमा शरदकुमार भट्टराईलाई प्रधानसम्पादकत्व सुम्पिँदै 'अरुणोदय' पत्रिका प्रकाशन गऱ्यो। त्यसपछिका अरुणोदयहरूमा म सम्पादक नभई प्रकाशन समितिमा रहेर नै पत्रिका प्रकाशन कार्यमा मदत गर्थें।

मैले काठमाडौं गणेशस्थानको महेन्द्र प्रौढ हाइस्कुलबाट प्रवेशिका पनि पास गरें। मलाई त्यतिखेरबाट नै राजनीतिक चेतना आएको थियो। मेरो जोश , होश एवं गम्भीर चिन्तनलाई बुझेर नै साथीहरूले नेपाल विद्यार्थी संघको स्थापनाको जिम्मेवारी दिनुभएको थियो। राजनीति गरेको भनेर तत्कालीन शिक्षामन्त्री पुष्करनाथ उप्रेतिसँग गएर झगडा गरेपछि हामीलाई मन्त्रीले मार्सल फोर्स लगाएर निकाल्ने धम्की दिए तर पछि भने हामीलाई छात्रावासमा बस्न पाउन व्यवस्था भयो। मलाई मन भित्र भित्र त्रिचन्द्र पढ्ने रहर थियो। अनि हामीले पछि त्रिचन्द्र क्याम्पसमा पनि पढ्यौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छात्रावासमा वस्दा मेरा अग्रजहरू शरद्कुमार भट्टराई, पीताम्वर दाहाल, रामेश्वर भट्टराई लगायतकाको सामीप्यता एवं मार्गनिर्देशनले मलाई अझसम्म पनि दृढ वन्न सिकाएको छ । मैले छात्र कार्य समितिको सभापति वाल्मीकिको ने.वि.संघ अध्यक्ष एवं नेपाल विद्यार्थी संघकै संस्थापक सदस्यजस्ता पदमा बसेर काम गर्ने अवसर पाएँ । मलाई यसैमा गौरव छ । छात्रावासमा वस्दा सेन्टरजेलमा बसेका साथीहरूलाई चामल, घिऊ पठाएर सहयोग गर्थ्यौं । साथीहरू पनि हामीले गरेको कामलाई समर्थन गर्थे । साथीहरूको त्यो व्यवहारले हामीलाई अझ प्रेरणा र हौसला दिन्थ्यो ।

म छात्रावासमा हिमाञ्चल टोलमा वस्थें । म वस्ने कोठा छात्रावासभरिकै सवैभन्दा ठूलो कोठा थियो । छात्रावासमा प्रत्येक साता सिर्जनशील कार्यक्रमहरू हुने गर्दथे । छात्रावासमा सञ्चारमन्त्रीको जिम्मामा एउटा रेडियो हुन्थ्यो । छात्रावासमा एउटामात्र रेडियो थियो । त्यसैले हामी सवैजना जम्मा भएर रेडियो सुन्थ्यौं । शिक्षामन्त्रीको जिम्मामा पुस्तकालय थियो । छात्रावासमा वनारसवाट प्रकाशित हुने **आज, इण्डियन टाइम्स** जस्ता पत्रिकाहरू पनि आउँथे । नेपालवाट प्रकाशित हुने पत्रिकाहरू गोरखापत्र, नेपाल पुकारहरू पनि आउँथे । हामीले वडो गम्भीर भएर अध्ययन गर्थ्यौं । छात्रावास वस्दा मलाई कुनै समस्या थिएन । यसो साँझ विहान ट्युसन पढाएर मैले खर्च जुटाउँथे । तलव वुझ्दाको दिन साथीभाइहरू जम्मा पारी चिया चमेना गर्ने गर्थे । साथीहरू सवैले मलाई माया पनि गर्थे ।

छात्रावासीय जीवन स्वर्गीय जीवन हो । छात्रावासमा वसेर मैले त्यो काठको पीर्कामा धोती फेरेर खाना खाएको क्षण मलाई अझै पनि आजैजस्तो लाग्छ । हिमाञ्चल टोलको त्यो कोठामा कृष्णप्रसाद, शेरवहादुर लगायतका नेतासँग गफ गरेको ताजै लाग्छ । तीनै पद्मप्रसाद भट्टराई गुरु, मेरा ती सम्पूर्ण सहयोगी साथी सवैलाई म आज गुल्मीमा वसेर पनि झल्झली सम्झिरहेको छु । राजनीति गर्ने समाज परिवर्तनका लागि हो तर नेपालमा भने आफ्नो आर्थिक परिवर्तनका लागि राजनीति गर्ने चलन वढ्यो, यो एकदम दुर्भाग्य हो । म अझै पनि सपनामा छात्रावासको त्यही चौर, त्यही पीर्का, त्यही कोठामा हराइरहेको हुन्छु । मलाई एकपटक फेरी पनि छात्रावासमा त्यही पीर्कामा वसेर सफेद धोती फेरी खाना खाई त्यही कोठामा गएर सुत्ने धोको पनि छ । छात्रावासमा वसेर जनैपूर्णिमामा क्वाँटी, दँशैमा खसी, लक्ष्मीपूजामा मिठाइँ, शिवरात्रीमा लड्डु, सेल खाएको क्षण मैले भूलेको छैन । साथै त्यो कालो वाङ्गे डाडु जसले दुइ तोला घिऊ दिन्थ्यो, हो त्यसलाई पनि फेरी एकपटक हेर्ने इच्छा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टेम्पो किशोर

-रामहरि दाहाल
सहप्रा. वाल्मीकि विद्यापीठ

टपटप पसिनाका बूँदले खुल्छ भाल
शिरबिच छरिएका श्याम छन् केशजाल ।
मलिन वसन केही च्यातिएको धरेर
दिन दिन पथ फन्को मार्छ टेम्पो किशोर ॥

सरर मुटु छिचोल्ने पौषको शीत ठण्डी
हपहप जीउ पार्ने जेठको धूपमण्डी ।
कसिँगर सब बोक्ने चैतको चक्रवात
तनमनबिच खप्दै हिँड्छ यो दुःखखात ॥

अनियत छ सँधै नै वासको निम्ति ठाउँ
अनियत छ सँगातीसाथको मेल गाउँ ।
न त छ विरह पोख्ने पात्र कोही अगाडी
तरुण सब सहेरै हिँड्छ टेम्पो पछाडि ॥

कति जन उससँगै जन्मिने पढ्न हिँड्छन्
कति जन उससँगै जन्मिने शान भर्छन् ।
अहह नियति उस्को बैगुनी आज वन्दा
कति कति दुःखको यो आज बोक्दैछ फन्दा ॥

प्रथम नजर जैले यो धरामा खुलायो
तब कति जनलाई यो ठिटोले हँसायो ।
सकल निज-जनैको स्वप्न पारेर चूर्ण
कुन पथ कसरी यो हिँड्छ यात्री अपूर्ण ॥

विषममति भई वा भाग्यले साथ छाडी
युवक उभिन लाग्यो हाय गाडीपछाडि ।
तर पनि नगरे है मित्र यल्लाई हेलाँ
नियति मलिन बन्दा पर्छ मान्छे झमेलाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नव दश वयमा जो पढ्न मानेर दिक्क
किन घर तजि भाग्यो हाय ! केटो किशोर ।
पठित यदि हुँदो हो बन्दथ्यो एक खम्वा
अलिकति गति चुक्दा बन्छ मान्छे निकम्मा ॥

अहह कति पिएको हुन्छ धुँवा र धूलो
अहह कति जमेको देहमा वस्छ मैलो ।
प्रणयसहित कस्को पाउने हाय ! माया
बुझ बुझ जन हाम्रो झैं छ उस्को नि काया ॥

कति दिन कति खायो हर्षले दालभात
कति दिन कति खायो साहुको बात,लात ।
कति दिन कति आधा पेट भो भातपानी
कति दिन कति भोकोमैं बितायो जवानी ॥

तन जति जति थाकोस् घामको राप पाई
तन जति जति थाकोस् कामको चाप पाई ।
कति जन यसको यो दु:ख देख्ने यहाँ छन्
किन मनुज अरुको दु:खमा शान भर्छन् ॥

कुन कुन जन के के काममा छन् खटेका
कति वय श्रम गर्नानिम्ति छन् तोकिएका ।
कुन जन कसरी के काममा लाउँदैछ
श्रम कुन कति गर्दा वृत्ति के पाउँदैछ ॥

दिनदिन निमुखा छन् काममा सोसिएका
कति कति हक शिक्षा, स्वास्थ्यमा खोसिएका ।
यसतिर कति चिन्ता गर्छ सम्वद्धपक्ष
कि त जनपसिनाको मोजमा बन्छ मस्त ॥

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषाका विभेदक वर्णहरू

-लक्ष्मीप्रसाद पराजुली

वर्णको परिचय

वर्णहरू स्वर र व्यञ्जन गरी दुई प्रकारका हुन्छन् । मिल्दाजुल्दा ध्वनिहरूको मानक एकाइ वर्ण हुन्छ र भाषाको शव्द उच्चारणमा अर्थ भिन्न गराउन सक्ने सवैभन्दा सानो ध्वनि विभेदक वर्ण हुन्छ । सवै भाषामा एकै किसिमका वर्ण हुन्छन् भन्न सकिन्न । अर्थमा भिन्नता ल्याउन सक्ने सामर्थ्य भएका वर्णलाई विभेदक वर्ण भनिन्छ र वर्णमालाका सबै वर्ण विभेदक हुन्छन् भन्न पनि मिल्दैन । देवनागरी लिपिका वर्णमालामा नेपालीमा उच्चार्य विभेदक वर्णहरू वाहेक अतिरिक्त लिपिचिह्नहरू पनि देखिन्छन् । नेपाली भाषामा रहेका विभेदक वर्ण चाहिँ निम्नलिखित रहेका छन् :

समूह (क) स्वर वर्ण	:	अ, आ, इ, उ,ए ओ
समूह (ख) व्यञ्जन वर्ण	:	क,ख,ग,घ,ङ,
		च छ ज झ
		ट ठ ड ढ
		त थ द ध न
		प फ व भ म
		य र ल व
		स ह(वन्धु, २०४३)

वर्ण छुट्याउने आधारलाई हेरेर माथिका वर्णहरू विभेदकका रूपमा निर्धारण गरिएका हुन् । एउटा वर्णवाट अर्को वर्ण छुट्याउन एउटै परिवेशमा भिन्न भिन्न ध्वनिलाई राखेर शव्दको उच्चारण गरिन्छ र अर्थमा फरक परेमा मात्रै त्यहाँ वर्णको अस्तित्व स्वीकार गरिन्छ। विभेदकताका आधारमा नेपाली भाषाका स्वर र व्यञ्जनको व्यतिरेकी स्थितिको निम्नलिखित रूपमा व्याख्या गरी देखाउन सकिन्छ :

१.स्वर वर्णको विभेदकता

समूह (क) स्वर वर्णहरू नेपाली भाषाका विभेदक स्वर बन्न सक्छन् । अत: ती नेपाली भाषाका स्वर वर्णहरू हुन् । यिनीहरूलाई शब्दका एकै परिवेशमा राखेर परीक्षण गर्न सकिन्छ। कर् (क्+अ+र्)/कार्(का+आ+र्)/किर्(क्+इ+र्)/कुर्(क्+उ+र्)/केर्(क्+ए+र्)/कोर्(क्+ओ+र्) जस्ता उदाहरणमा स्वरहरू एकै परिवेश (क्+य+र्) मा आएका छन् । यस्तो परिवेश शब्दको सुरु, बीच वा अन्त्य जहाँ पनि राख्न मिल्छ। विशेष गरी दुई शव्दवीचमा प्रयोग गरी हेऱ्यो भने त्यो अझ उपयुक्त हुन्छ। अरु/आरु, इँट/ऊँद, इन/उन, केरा/कोरा, किरो/कुरो, ताल्/तेल्, माला/मूला, मह/मोह, पनि/पानी, भेट्/भोट्, भालु/भाले, आलु/आलि, सातु/सातो, साह/साहू जस्ता विभेदक जोडीमा व्यतिरेक भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी विभेदक स्वर वर्णका अतिरिक्त नेपाली वर्णमालामा अन्य लिपिचिह्न पनि देखिन्छन् । ती चिह्नहरू विभेदक वर्ण नभएर लेख्यचिह्न मात्र सावित भएका छन् । त्यस्ता अतिरिक्त लिपिचिह्न निम्नलिखित छन् :

समूह (ग) ई, ऊ, ऋ, ऐ, औ, अं, अः (भट्टराई, २०३३)

समूह (ग) मा देखाइएका स्वर अतिरिक्त लिपिचिह्नहरू मात्रै हुन् किनभने यी विभेदक वन्न सक्दैनन् । यीमध्ये ई चिह्न इ वर्णकै दीर्घरूप र ऊ पनि उ वर्णकै दीर्घमात्रा हो । वर्णविन्यासमा कतै कतै फरक अर्थ दिने परम्परा भए पनि इ/ई र उ/ऊ ले छुट्टै अर्थ ल्याउँदैनन् । सामान्यतः 'अ'को दीर्घ मात्र 'आ'को ह्रश्व मात्रा हुँदैन भन्ने ठानिन्छ, तर उच्चारणमा चाँहि मात्रात्मक भिन्नता प्रयुक्त हुन्छ । पर/पऽर, तातो/ताऽतो जस्ता जोडीमा मात्रागत फरक आउँछ । अ र आ का ह्रश्व र दीर्घलाई सङ्केत गर्ने लिपिचिह्न छैनन् । अ को दीर्घ मात्रा आ नभएर यी दुवै स्वतन्त्र वर्ण हुन् । ह्रश्व मात्राले सामान्य र दीर्घ मात्राले बढी जोड दिने खालको अर्थ प्रदान गर्ने नेपाली भाषामा कतै कतै भेटिए पनि नेपालमै बोलिने नेवारी, गुरुङ्गी, सुनुवारी भाषामा झैं ह्रश्व मात्रा र दीर्घ मात्रा विभेदक भई यस भाषामा आउँदैनन् । त्यसैले ई र ऊ लाई विभेदक वर्ण नमानी अतिरिक्त लिपिचिह्न मात्रै मान्न सकिन्छ ।

वर्णमालामा देखिएको ऋ स्वर नेपाली भाषाको विभेदक स्वर होइन । यसको उच्चारण रि हुन्छ । स्वरका उच्चारणको सिद्धान्त(ध्वनि अवयवले सासलाई प्रत्यक्ष बाधा नपुऱ्याई उच्चारण हुने) अनुसार ऋ उच्चरित हुँदैन । र्+इ(व्यञ्जन+स्वर) भई उच्चारण गरिने हुनाले यसको स्थान स्वरमा रहन नसक्ने देखिन्छ । नेपाली भाषामा ऋ र रि ले विभेदकको स्थिति पनि देखाउन सकेको पाइन्न । ऋतु/रितु, ऋषि/रिषि, कृपा/क्रिपा, मातृ/मात्रि जस्ता जोडीमा उच्चारण र अर्थमा भिन्नता रहँदैन । अतः ऋ लाई नेपाली वर्णमालाको अतिरिक्त लिपिचिह्न मात्रै स्वीकार्न सकिन्छ ।

ऐ र औ नेपाली वर्णमालामा छन् । यिनीहरूमध्ये ऐ को अ+इ र औ को अ+उ उच्चारण हुन्छ । यी दुवै द्विस्वर हुन् । वेला/वैला(बइला), भदो/भदौ(भदउ), मैलो(मइलो)/मौलो(मउलो) जस्ता जोडीमा हेर्दा विभेदकता स्पष्ट रूपमा आएको भेटिन्छ । त्यसैले यी छुट्टै वर्ण हुन् भन्ने भान हुनसक्छ तर समूह (क) का स्वर डब्लिएर आएका कारणले व्यतिरेक आएको हो भन्न सकिन्छ । यिनै कारणहरूले गर्दा ऐ र औ विभेदक वर्ण नभएर अतिरिक्त लिपिचिह्न ठहरिन्छन् ।

नेपाली वर्णमालाका अं र अः अतिरिक्त लिपिचिह्नका रूपमा रहेका छन् । यीमध्ये अं को उच्चारण अम् र अःको उच्चारण अह् हुने देखिन्छ । वर्णविन्यासमा पनि सिरविन्दु, चन्द्रविन्दु र विसर्ग सवै स्वरमा लगाएको देखिनाले अ मा लगाएर उदाहरण दिएको प्रतीत हुन्छ । संस्कृत भाषामा अनुस्वार र विसर्गलाई अयोगवाह भनेको पाइन्छ ।(वरदराज, १९३९ ई.) अंवा/अम्वा, कंति/कम्ति, आंशिक/आम्शिक, सिंह/सिम्ह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता जोडीमा विभेदकता भेटिन्न । अःको स्थिति पनि नेपालीमा विभेदकता ल्याउने खालको छैन । क्रमशः/क्रमस, दुःख/दुख, निःसार/निसार, स्पष्टतः/स्पष्टत जस्ता जोडीले व्यतिरेक ल्याएका छैनन् । त्यसैले यी अं अः पनि वर्णमालाका अतिरिक्त लिपिचिह्न मात्रै हुन्, विभेदक वर्ण होइनन् ।

नेपाली भाषामा मात्रा, सुर, आघात आदिले वार्णिक विभेदकता ल्याउँदैनन् तर नाके स्वर(आवाज) विभेदक वर्णका रूपमा आएको हुन्छ । जुन कुरा अन्य भाषामा पनि प्रयोग हुने गर्दछ । वास्/बाँस्, भाडा/भाँडा, गाड्/गाँड्, फाट्/फाँट्, गए/गएँ, छौ/छौं जस्ता विभेदक जोडीलाई हेरेर नाके आवाजले वर्णको अस्तित्व राखेको स्पष्ट हुन्छ । अनुनासिकता स्वरका सहायताविना स्वतन्त्र रूपमा आउन नसक्ने हुनाले यस्ता विभेदक वर्णलाई खण्डेतर(टुक्र्याउन नसकिने) वर्ण भनिन्छ ।(वन्धु, ऐ,५५) माथिका चर्चाबाट के कुरा स्पष्ट हुन्छ भने ई, ऊ, ऋ, ऐ, औ, अं, अः नेपाली वर्णमालाका अतिरिक्त लिपिचिह्न मात्रै हुन् र अ, आ, इ, उ, ए, ओ चाहिँ नेपाली भाषाका औच्चार्य विभेदक वर्ण हुन् ।

२.व्यञ्जन वर्णको विभेदकता

समूह (ख)का वर्णहरू नेपाली भाषाका विभेदक व्यञ्जन वर्ण हुन् । शव्दयुग्ममा तिनीहरूलाई प्रयोग गरी हेर्दा यस कुराको जानकारी मिल्छ : कर्/खर्, गाँस्/घाँस्, चाल्/छाल्, जान्/झान्, टोक्/ठोक्, डाल्/ढाल्, ताल्/थाल्, दार्/धार्, पिरो/फिरो, बाँच्/भाँच्, नाम्/माम्, याक्/वाक्, लाम्/राम्, सोलि/होलि, तोप्/टोप्, नाङ्लो/नाम्लो, लाटो/लाठो, बारि/वारि, गोड्/गोद्, घान्/धान्, झार्/भार्, भात्/भाल्, चरो/जरो, ठान्/थान्, केर्/फेर्, डर्/दर्, ढाक्/धाक्, सुङ्ने/सुन्ने आदि ।

समूह(ख) का वर्णहरूमध्ये क ख ग च छ ज ट ठ ड त थ द प फ ल ब म र वर्णहरू शव्दादि, शव्दमध्य र शव्दान्त तीनै ठाउँमा विभेदक बनी आउन सक्छन् । ङ वर्ण केही अनुकरणात्मक शव्द(ङिच्च, ङ्यार्, ङ्याङ्ङ आदि) बाहेक शव्दका बीच र अन्त्यमा आएर मात्रै विभेदक बन्दछ । घ झ ढ ध भ वर्णहरू बीच वा अन्त्यमा आए भने तिनै वर्णका अल्पप्राण भएर उच्चरित हुन्छन् : बाघ्/बाग्, बुझिस्/बुजिस्, बाँध्/बाँद्, नाभो/नाबो जस्ता जोडीलाई हेर्‍यो भने यस कुराको पुष्टि हुन्छ । अनुनासिकपछिको ग र ङ मा विभेदकता नरहेको देखिन्छ । माग्ने/माङ्ने, नाग्न/नाङ्न, सुँग्न/सुँङ्न जस्ता ठाउँमा व्यतिरेक हुँदैन । य व ह शव्दान्तमा हलन्त उच्चारण हुँदैनन् । य वर्णको इ र एसँग तथा व वर्णको आ उ ओ सँग विभेदकता प्रायः देखिन्न । थायि/थाइ, मध्य/मद्धे, पुवा/पुआ, वकिल्/ओकिल्, देवता/देउता आदिमा व्यतिरेक छैन । दुई असमान स्वरका बीचमा आएको ह हराएर स्वर मात्रै बाँकी रहन्छ । बाहुन्/बाउन्, तिहुन्/तिउन्, दहि/दइ, साहु/साउ जस्ता जोडी यसका उदाहरण हुन सक्छन् । अझ ह वर्णका अगाडि र पछाडिका स्वर समान छन् भने त हसँगसँगै हसँगको स्वर पनि हराउँछ । डिहि/डि, आहाल्/आल्, मिहिनेत्/मिनेत्, दुहुनो/दुनो जस्ता जोडीलाई उदाहरणका रूपमा लिन सकिन्छ । यसरी हेर्दा घ झ ढ ध भ ङ य व ह लाई वैकल्पिक व्यञ्जन मान्नुपर्ने देखिन्छ, तर परिवेशअनुसार ङलाई शव्दमध्यमा वा शव्दान्तमा अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घ झ ढ ध भ य व हलाई शव्दादिमा राखी हेर्दा स्पष्ट व्यतिरेक पाइने हुनाले नित्य वर्ण नै हुन् भन्नुपर्छ। वरु य र व चाहिँ अर्धस्वर बन्न सक्छन्।

समूह (ख) का वर्णबाहेक नेपाली वर्णमालामा निम्नलिखित अतिरिक्त लिपिचिह्न पनि छन्।

समूह (घ) ञ ण श ष क्ष त्र ज्ञ (भट्टराई ऐ, २०१९)

यी समूह (घ) का लिपिचिह्नहरू नेपाली भाषाका विभेदक वर्ण होइनन्। यिनीहरूको उच्चारण पनि समूह (ख) का वर्णभन्दा अलग हुँदैन। समूह (घ) का लिपिचिह्नहरूलाई निम्नलिखित समूह (ख) का वर्णका साथमा अन्तर्निहित गरी व्याख्या गर्न सकिन्छ :

ञको उच्चारण यँ सुनिन्छ। यसको प्रयोग भने न का रूपमा हुन्छ। पञ्च/पन्च, भञ्जन/भन्जन, मञ्च/मन्च जस्ता जोडी यसका उदाहरण हुन्। णको उच्चारण कतै ड्ँ र कतै अडँ भएको पाइन्छ। वाण/वाँड, खाणो/खाँडो, राणा/राडाँ जस्ता जोडीले उच्चारणगत समानता देखाउँछन्। प्रयोग सन्दर्भमा हलन्त ण न भएर देखिन्छ। यस्ता क्रममा दण्ड/दन्ड, कण्ठ/कन्ठ, घण्टा/घन्टामा आएका ण/न मा विभेदकता छैन। कतै डँ र कतै नसँग साधर्म्य राखेका कारणले णको उच्चारणगत निश्चितता देखिँदैन। त्यसैले यी ञ र ण दुवै अतिरिक्त लिपिचिह्न ठहर्छन्। श ष को उच्चारण स नै सुनिन्छ। त्यसो हुनाले दुवै श ष चिह्न स वर्णका अतिरिक्त लेख्य चिह्न बन्न पुगेका छन्। देश/देस, दोष/दोस, शान्ति/सान्ति, सन्तोष/सन्तोस जस्ता जोडीमा विभेदकता नदेखिने हुनाले श ष अतिरिक्त लिपिचिह्न नै मानिन्छन्। क्ष त्र ज्ञ लाई संयुक्त वर्ण मानिएको छ। क्ष क+षका संयोगले वनेको हो तर शिक्षित व्यक्तिले सचेत भई उच्चारण गर्दा क्छ्य सुनिन्छ भने असचेत रूपमा र सामान्य व्यक्तिले उच्चारण गरेमा छ्य/च्छे मात्रै हुन्छ। कक्षा/कक्छ्या, क्षमा/छ्यमा, क्षत्रि/छ्यत्रि/छेत्री जस्ता जोडीबाट त्यसको पुष्टि हुन्छ। त्र पनि संयुक्त व्यञ्जन भनी वर्णमालामा राखिएको छ। यसको उच्चारण त्+र हुन्छ। छात्र/छात्र, मन्त्र/मन्तर, पात्रो/पात्रो जस्ता जोडी हेर्‍यो भने यसलाई पनि औच्चार्य विभेदक वर्ण मान्न सकिन्न। ज्+ञ् का योगले बनेको ज्ञ संयुक्त व्यञ्जन नेपाली भाषाका वर्णमालामा छ। यसको उच्चारण ग्यँ हुन्छ। ज्ञान/ग्याँन्, संज्ञा/संग्याँ, विज्ञ/विग्यँ जस्ता जोडीमा उच्चारण र अर्थमा भिन्नता छैन। ष र ञ औच्चार्य अवस्थामा नै नभएकाले यिनको समेत योगले बन्ने क्ष र ज्ञ रहने कुरै भएन र त्र चाहिँ क, ख आदि भएझैँ मात्रै बुझिन्छ। त्यसकारण यी क्ष त्र ज्ञ नेपाली वर्णमालामा रहेका अतिरिक्त लिपिचिह्न नै साबित हुन्छन्।

सारांशतः वर्णमालाका वर्ण भन्नु र विभेदक वर्ण भन्नु एकै होइन। नेपाली वर्णमालामा रहेका सवै लिपिचिह्नले वर्ण जनाउँदैनन्। नेपाली भाषाको उच्चार्य वर्णव्यवस्थाको प्रतिनिधित्व गर्ने वर्ण मात्रै विभेदक हुन सक्छन्। समूह (ग) र (घ) का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिह्नहरूले नेपाली भाषाका वर्णव्यवस्थाको प्रतिनिधित्व गर्दैनन् । वर्णविन्यास वा लेखनव्यवस्थामा भने यस्ता अतिरिक्त लिपिचिह्नहरूको प्रयोग गरिन्छ । अर्थभेदकतालाई आधार वनाई वर्णको निर्धारण गरिने हुनाले नेपाली भाषाका विभेदक वर्ण चाहिँ समूह (क) र समूह(ख) मा देखाएका वर्ण मात्रै हुन् भन्ने स्पष्ट छ ।

सन्दर्भसामग्री

१.अधिकारी, हेमाङ्गराज(२०४९) समसामयिक नेपाली व्याकरण, काठमाडौं, कुञ्जल प्रकाशन ।
२.वन्धु, चूडामणि(२०४३) भाषाविज्ञान, चौथो संस्करण, काठमाडौं, साझा प्रकाशन ।
३.भट्टराई, रोहिणीप्रसाद(२०३३) वृहद् नेपाली व्याकरण, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
४.वरदराज(१९३९ ई.) मध्यसिद्धान्तकौमुदी, मुंवई: मोतीलाल वनारसीदास ।

अज्ञात प्रियसी

-चूडामणि कोइराला

हे मेरी प्रिय मित्र ! भित्र दिलमा आएर छोई वस्यौ
चाहन्थेँ म सधैं नजीक तर हे झन् दूर वन्दै वस्यौ
मेरो अन्तर खोज्छ, खोज्छु म सँधै तिम्रो मिठो चाहना
मैलाई अव वोल भन्छ मनको आत्मीय सद्भावना ॥

के वोलूँ मनको कुरा भन कतै वोलेर वोलिन्छ र ?
खोल्दैमा मनको रहस्य सजिलो खोलेर खोलिन्छ र ?
लागेँ तै पनि भन्न भित्र मनका उल्लासका क्यै कुरा
आफैँ पूर्ण म छैन, पूर्ण कसरी वन्लान् यि मेरा कुरा ॥

टाढा छ्यौ कि कतै, यतै नजिक छ्यौ विश्वास कस्तो गरुँ ?
हासूँ हास्न सकिन्न, रोउँ कसरी चेष्टा म कस्तो गरुँ ?
मान्छे भैकन सृष्टि भित्र कसरी दुर्लभ्य वन्छ्यौ किन ?
वोकी काँतर तुच्छ भाव मनका के वीर वन्छ्यौ तिमी ?

भो भो मान्दिन भूल हैन प्रिय छ्यौ विश्वासझैं सुन्दर
आँखामा नविजाउने मृदुल हे आलोककी मन्दिर ।
मैले जानिन मैंसगैं प्रिय तिमी मै भित्र वस्छ्यौ भनी
छायामा छविमा मिही-किरणमा आलोक छर्छौ तिमी ॥

हे मेरी प्रिय छ्यौ कहाँ र कसरी जानूँ म तिम्रो कुरा
सोधूँ सोध्न सकिन्न भेट नहुँदै राखूँ म कस्तो कुरा
पाइन्नौ यस जन्ममा पनि भने खोजेर धर्ती तल
अर्को जन्म हओस भेट सँगमा हूँ जन्म-जन्मान्तर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कुण्डली आफैं हेर्ने कि?

-उप.प्रा.जनकराज भट्ट
सहायक प्राचार्य
वाल्मीकि विद्यापीठ

विषय प्रवेश

ज्योतिषी हुनलाई ठूलाठूला ग्रन्थ पढ्नैपर्छ भन्ने होइन। यसका लागि आधारभूत ग्रन्थको अध्ययनका साथै निरन्तर साधना गर्दै जानुपर्छ। आफ्नो विगत र वर्तमानको अनुभवका आधारमा भविष्यमा यस्तो हुनसक्ला भन्ने अड्कल धेरै व्यक्तिले गर्नसक्छन्। त्यस्ता व्यक्ति पनि केही अंशमा ज्योतिषी नै हुन् भन्दा फरक पर्दैन। त्यसैले ज्योतिषलाई अध्ययन र अनुभवको मिश्रित रूप मान्न सकिन्छ। ज्योतिषलाई कठीन होइन सरल र सरस विषयको रूपमा लिएर अध्ययन गर्दै जाँदा अवश्य पनि जीवनका महत्वपूर्ण रहस्यहरू उद्घाटन गर्न सकिन्छ।

कुण्डली के हो ?

वच्चा जन्मेको समयको आकाशीय अवस्थाको चित्रण नै जन्मकुण्डली हो। यसमा १२ कोठा हुन्छन्। यसमा मेषादि १२ राशि र सूर्यादि ९ ग्रह राखिएका हुन्छन्। चित्रमा देखाएअनुसार प्रथम भाव लग्न हो। यसमा १ देखि १२ सम्म जुनसुकै अङ्क पनि हुनसक्छ। कुण्डलीका १,२,३ आदि अङ्कले क्रमश: मेष, वृष, मिथुन आदि राशिको संकेत गर्दछ। हुन त चन्द्र,नवांश, होरा आदि अनेक कुण्डली हुन्छन् तर ती मध्ये लग्न नै पहिलो र महत्वपूर्ण हो। यसवाट व्यक्तिका धेरै कुरा थाहा पाइन्छ।



कुण्डलीका निम्न भावलाई निम्नानुसार नाम दिइएको हुन्छ-

केन्द्र= प्रथम, चतुर्थ, सप्तम र दशमभाव

त्रिकोण= पञ्चम र नवमभाव

पणफर=द्वितीय, पञ्चम, अष्टम र एकादशभाव

आपोक्लिम=तृतीय, षष्ठ,नवम र द्वादशभाव

त्रिक्=षष्ठ, अष्टम र द्वादशभाव

त्रिषडाय=तृतीय, षष्ठ र एकादश भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन भावबाट केके हेर्ने?

प्रथम भाव-शरीर,चिन्ह,आयु, रूपरङ्ग,गुण,स्वभाव, सुख,दु:ख,वल,मानसम्मान,
द्वितीय भाव-धन, कुटुम्ब,वाणी,विद्या, नेत्र,शरीरको दाहिने भाग,मुख,भोजन,
तृतीय -भाइ,वहिनी,पराक्रम,साहस,धैर्य,गला,कान,वस्त्र,औषधी,
चतुर्थ-माता, सुख,,घर, जग्गा, वाहन, गाईवस्तु,मानसिक कुरा,सदाचार,विद्या,विचार,राजयोग,
पञ्चम-विद्या, बुद्धि, सन्तान, लेखन,मनोरञ्जन, चिट्ठा,राज्यकृपा,पुण्यकर्म,गुप्तविद्या,ऐश्वर्य,
षष्ठ -रोग, शत्रु, मुद्दा,क्लेश,न्याय,मावली,सौतेनी आमा,शरीरका खत,
सप्तम-दाम्पत्य,पति,पत्नी,भतिजा, व्यापार,व्यवसाय, विदेशयात्रा,पदप्राप्ति,गुप्त विषय,
अष्टम-आयु, मृत्यु, स्त्रीको सौभाग्य,कैद,जय,पराजय,शुभाशुभ कर्म,कुलत,
नवम-भाग्य, धर्म, लामो यात्रा, गुरु, तीर्थयात्रा,नेतृत्व,आध्यात्मिकवल,दैवी शक्ति,साधना,ऐश्वर्य,
दशम भाव-पिता, राज्य, पदप्राप्ति, व्यापार, व्यवसाय,पेसा,कर्म,मान,
एकादश-आय, लाभ, दाजु, ज्वाइँ,मित्र,कान,नोकर,
द्वादशभाव-व्यय, खर्च, कैद,भ्रमण,विदेशको बसाइ,दायाँ नेत्र,रोगव्याधि,परलोक,

कुन लग्नको मानिस कस्तो हुन्छ ?

मेष: – प्राय: दुर्वल, गोलो आँखा, कडा स्वभाव, स्पष्टवक्ता, सत्यवादी, घमण्डी, साहसी, उद्यमी, मेधावी, भ्रमणप्रिय, अल्पाहारी ।

वृष: – प्राय: दुब्लो, छोटा र बलिया हातपाखुरा, संगीतप्रेमी, शान्त, धैर्यवान, सहिष्णु, अरूको सल्लाहमा नचल्ने, विवादमा चतुर, आरम्भिक जीवनमा दु:खी, शेष जीवन सुखी, स्थिरबुद्धि ।

मिथुन: – प्राय: लामो र दुब्लो शरीर, प्रसन्न, बुद्धिमान, कुशलवक्ता, वार्तामा कुशल, परिवर्तनशील, क्रोधी ।

कर्कट: – बाटुलो अनुहार, मिलनसार, आनन्दी, सफासुग्घर रहने, मधुरस्वर, भ्रमणशील, यशस्वी, मिष्ठान्नप्रिय, कर्तव्यपरायण, गुरूभक्त ।

सिंह: – चौंडा मुखाकृति, आनन्दी, शत्रुजयी, स्पष्टवादी, निष्कपट, मन, वचन र कर्मले पवित्र, धैर्यवान, उदार, आडम्बरयुक्त रहनसहन, दु:खमा पनि नआत्तिने ।

कन्या: – स्त्रीवर्गीय कान्तिवाला, समयमा उचित कर्म गर्ने, सत्यवादी, न्यायप्रिय, दयालु, धैर्यवान, स्नेही, अरूवाट काम लिन संकोच नमान्ने छिद्रान्वेषी, आफ्ना कुरा गुप्त राख्ने, मितव्वयी, सहनशील, दयालु, काममा दक्ष, धीर, अरूको पदार्थ र धन भोग्ने , रसिक, इन्द्रियलोलुप, दानी ।

तुला: – लामो आकृति, सुन्दर मुहार, प्राय: दुब्लो, अस्थिर विचार, खर्चालु, उदार, स्वच्छ मनवाला, मित्र वनाउन कुशल, शान्त, प्रफुल्लित, मेधावी, शीघ्रक्रोधी, राजपूज्य, विद्वान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृश्चिकः –सुन्दर, कलहप्रिय, विवादमा लाभ हानी विचार नगर्ने, शीघ्र क्रोध गर्ने, झगडामा तत्पर, कटुसत्य बोल्ने, बदला लिने, गुरूप्रति हठी ।
धनुः – गलालामो, चौडा मुलाकृति, सादा र स्पष्ट विचारवाला, निष्कामकर्मी, कुनै पनि विषय छिटो बुझ्ने, बुद्धिमान, धेरै भाषा जान्ने, आर्थिक उन्नतिलाई तुच्छ मान्ने, धर्ममा रूची, सादा जीवन, मानवसेवी, विद्वान्को कदर गर्ने ।
मकरः – लामो शरीर, उत्साही, परिश्रमी, बदला लिने, स्पष्ट वक्ता, डरपोक, अहंकारी, काममा सावधान, स्त्रीपक्षबाट दुःखी, मितव्ययी ।
कुम्भः – सुन्दर हृदय, दयालु, परोपकारी, अर्काको दुःखमा दुःखी, आनन्दप्रिय, धार्मिक, ज्ञानको अन्वेषक, यशस्वी, धनी, मिलनसार, अत्यन्त कामी, जीवनको अन्त्यमा अपयश पाउने ।
मीनः – सुन्दर र सुडौल शरीर, जलप्रेमी, विलासी, सुखी, शान्त, फजुलखर्ची, कवि, लेखक, समयको सदुपयोगी, धेरै विषयवस्तुको ज्ञाता, यशस्वी, धनी, भिरू, नाटक चित्र आदि कलाप्रेमी, मेधावी ।

ग्रहको स्थिति र ग्रहबाट हेर्ने कुराहरू-

सूर्य- पापग्रह,मेषमा उच्च, तुलामा नीच र सिंहमा बस्दा स्वराशि एवम् मूलत्रिकोण हुन्छ । सूर्यबाट पिता, राज्य, आत्मा,आरोग्य, मेरुदण्ड, स्नायु जस्ता कुरा हेरिन्छन् ।
चन्द्र- जन्मेको तिथि शुक्ल अष्टमीदेखि कृष्णसप्तमीसम्म भए चन्द्र शुभग्रह, त्यसबाहेक पापग्रह हुन्छ । यसबाट माता, मन, राजानुग्रह, स्वास्थ्य, सुख र तरल पदार्थ जस्ता कुरा हेरिन्छन् ।
मंगल-पापग्रह, मकरमा उच्च, कर्कटमा नीच, मेषमा मूलत्रिकोण र मेष एवं वृश्चिकमा स्वराशि हुन्छ । यसबाट ओज, भूमि, भाइ,सत्व, शत्रुजस्ता कुरा हेरिन्छन् ।
बुध-बुध पापग्रहसँग बसे पापी र अन्यथा शुभ हुन्छ । कन्यामा उच्च, मीनमा नीच र वृष एवं तुलामा स्वराशि हुन्छ । यसबाट वाणी, विद्या, लेखन, डाक्टरी, गणित, सञ्चार, व्यापार, मामा आदि हेरिन्छ ।
गुरु-शुभग्रह, कर्कटमा उच्च, मकरमा नीच, धनुमा मूलत्रिकोण र धनु एवं मीनमा स्वराशि हुन्छ । यसबाट धर्म, विद्या, सुन, पुत्र, पति,परलोक ज्ञान जस्ता कुरा हेरिन्छ ।
शुक्र-शुभग्रह, मीनमा उच्च, कन्यामा नीच, तुलामा मूलत्रिकोण र वृष एवं तुलामा स्वराशि हुन्छ । यसबाट पत्नी, सुख, सौन्दर्य, काव्य, गायन, अभिनय, आभूषण, मनोरञ्जन,वीर्य आदि कुराहरू हेरिन्छन् ।
शनि-पापग्रह, तुलामा उच्च, मेषमा नीच, कुम्भमा मूलत्रिकोण र मकर एवं कुम्भमा स्वगृही हुन्छ । यसबाट दुःख, मृत्यु, यात्रा, वैराग्य भृत्य,सम्मान आदि हेरिन्छ ।

राहु र केतु छायाग्रह हुन् । दुवै पापी नै हुन् र दुवैबाट रोग, दुर्घटना, चोटपटक आदि हेरिन्छ । ग्रहहरू शुभ, पाप जे भएपनि कुण्डलीअनुसार उल्टो पनि हुनसक्छ । त्यसैले कुण्डली हेर्दा निम्न कुराहरू ख्याल गर्नुपर्छः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) लग्न, पञ्चम र नवस भावका अधिपति शुभ, पाप जे भएपनि शुभ फलदायक हुन्छन् ।

(२) ४,७ र १० का अधिपति पापग्रह भए शुभफल र शुभग्रह भए पापफलदायक हुन्छन् ।

(३) ३,६ र ११ का अधिपति सधैं अशुभ फलदायक हुन्छन् ।

(४)२,८ र १२ का अधिपति तटस्थ हुन्छन् ।

द्रष्टव्य- सूक्ष्म ज्ञानका लागि ग्रहहरूको उच्च,नीच,मूलत्रिकोण,स्वगृही आदि विचार गर्दा अंशादिको पनि ख्याल गर्नुपर्छ ।

कुण्डली कसरी हेर्ने?

उक्त आधारभूत जानकारी लिएपछि सामान्य रूपमा कुण्डली हेर्न सकिन्छ । विस्तृत रूपमा कुण्डली हेर्न थप अध्ययन गर्दै जानुपर्छ । कुण्डली हेर्दा देश, काल, परिस्थिति मुख्य हुन्छ । उदाहरणको लागि लग्नको मालिक शनि वलियो भए मानिसको वर्ण कालो हुन्छ भन्ने छ । अफ्रिकाका काला जातिको र यूरोपका गोराको कुण्डलीमा त्यस्तो स्थिति भए के हुन्छ त ? उक्त आधारमा अफ्रिकी भए कालोमा पनि वढी कालो र यूरोपियन भए गोरोमध्ये शनिको प्रभावले कम गोरो भन्ने फल वताउनुपर्छ ।

अव आफ्नो कुण्डली लिएर हेर्न शुरु गर्नुहोस् । उदाहरणको रूपमा यहाँ ३ जना सुप्रसिद्ध व्यक्तिको कुण्डली दिई विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसमा आफ्नो कुण्डली पनि तुलना गर्दै हेर्न सकिन्छ ।

१. महाकवि लक्ष्मीप्रसाद देवकोटा

जन्म-वि.सं.१९६६ कार्तिक २७ गते शुक्रवार, इ.घ.३८।२०, काठमाडौं,

देवकोटाको जन्मकुण्डली



यिनको जन्म कर्कट लग्नमा भएकोले मध्यमकद, गोलो अनुहार, आनन्दपूर्ण, सत्यप्रिय, उत्तम भोजन चाहने भन्ने हुन्छ । तुलाराशिको चन्द्रले विद्वान्, वढीबोल्ने, कलाप्रेमी, कवि भन्ने वुझिन्छ । नेपाली साहित्यिक क्षेत्रमा यिनको स्थान अत्यन्त उच्च छ । तृतीय स्थानमा रहेको वृहस्पतिले वौद्धिक र सिर्जनात्मक लेखनमा विशेष दक्षता दिलाउछ । ज्योतिषमा योगको विशेष महत्व हुन्छ । सूर्यवाट १२ औं स्थानमा वसेको बृहस्पतिले वाशीयोग वनाएको छ । यसले बौद्धिक, प्रतिभाशाली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वच्छन्दतावादी(लेखन र वाणीमा) भन्ने बुझिन्छ । चतुर्थस्थानको चन्द्रबुध योग र बुधादित्य योगले पनि सिर्जनात्मक लेखनमा विशेष शक्ति दिन्छ । तर त्यसै स्थानका चन्द्र र बुधसंग बसेको सूर्यले मानसिक चिन्ता गराउँछ ।आयेश शत्रुगृही भएर षष्ठस्थ हुनु र धनेश सूर्य नीच हुनुले आर्थिक संकट देखाउँछ । केन्द्रत्रिकोणेश शनि र मङ्गल नवमभावमा वसेर उत्तम राजयोग बनाएको छ । यसले गर्दा देवकोटा नेपाली साहित्यमा अत्यन्त प्रसिद्ध भए ।

२.अभिनेता अमिताभ बच्चन

जन्म-११अक्टोवर १९४२, अपराह्न ४:००,इलाहवाद,भारत

बच्चनको जन्मकुण्डली



भारतीय सिनेमाका सवैभन्दा लोकप्रिय अभिनेता अमिताभ वच्चन सन् १९७० देखि हालसम्म लोकप्रियताको शिखरमा छन् । यिनी पार्श्वगायक, फिल्म निर्माता, टि.भि.कार्यक्रम प्रस्तोता, कवि र राजनीतिक व्यक्तित्व पनि हुन् । कुम्भ जन्मलग्नले यिनलाई धार्मिक, परोपकारी, यशस्वी, धनी र मिलनसार बनाएको छ । षष्ठ र अष्टम स्थानमा धेरै ग्रहहरू वस्नु सामान्यत: राम्रो मानिंदैन । तैपनि ग्रहवाट वन्ने विभिन्न योगले यिनलाई महान् बनायो । चन्द्रवाट वन्ने अनफा योग र सूर्य एवम् वुधवाट वन्ने बुधादित्य योगले यिनलाई विशेष फाइदा पुगेको छ । बुधादित्य योगमा पनि वुध बलवान हुँदा दक्ष,बुद्धिमान,यशस्वी र सुखी बनाउँछ । वाणीको कारक बुध उच्च भएकाले यिनको आवाजमा विशेष शक्ति र आकर्षण छ । पञ्चमेश वुध (मनोरञ्जन भावको स्वामी)उच्च भएर नैसर्गिक मनोरञ्जनकारक शुक्रसँग वस्नुले कलाक्षेत्रमा अद्वितीय स्थान प्राप्त गर्ने देखाउँछ। त्यसैले यिनले सहस्रव्दीका महानायकको उपाधि पाएका हुन् । सूर्य, वुध, गुरु, शुक्र र शनिजस्ता ग्रहहरूको बलले यिनलाई कलादेखि राजनीति र व्यापारदेखि समाजसेवासम्मका क्षेत्रमा ल्याएको छ । यद्यपि चतुर्थस्थ शनिले दशमस्थानमा देख्नु र दशमेश मंगल अष्टमस्थानमा जानुले राजनीतिवाट लाभ देखाउँदैन । षष्ठस्थानमा शनिले देख्नाले कडा रोगको आक्रमण भएपनि त्यहाँ बसेको उच्च बृहस्पतिले रोग र शत्रुमाथि विजय दिलाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३.अमेरिकी पप गायिका ब्रिट्नी स्पियर्स

जन्म-२ डिसेम्बर १९८१, रात्रि १:३० मिसिसिपी, यू.एस्.ए.



अमेरिकी पप गायन क्षेत्रमा सबैभन्दा चर्चित व्यक्तित्वका रूपमा यिनी विगत १ दशकदेखि स्थापित छिन् । यिनको सन् १९९९ मा निस्केको **बेबी वान् मोर टाइम** नामक गीति एल्वमदेखि सन् २००८मा निस्केको **सर्कस्** एल्बमका धेरै गीतहरू चर्चित् छन् । फोर्ब्स म्यागाजिनका अनुसार यिनले सन् २०१० मा मात्र ६४ मिलियन डलर आर्जन गरेर महिलामध्ये सवैभन्दा बढी कमाइ गर्ने दोस्रो स्थान हासिल गरेकी छन् । यिनको कुण्डलीमा तेस्रो स्थानमा रहेको बुधादित्य योगले सृजनात्मक लेखनमा विशेष शक्ति दिएको छ । पञ्चम स्थानको चन्द्र र शुक्रले कलाक्षेत्रमा ठूलो सफलता दिलाएको छ । लग्न, चन्द्र र सूर्य सवै समराशिमा हुनु र रातिको जन्मले महाभाग्य योग बनाएको छ । सूर्यबाट दशौंमा मंगल हुनु र सूर्य एवम् मंगलले घर साट्नुले यिनलाई आफ्नो क्षेत्रको नेतृको रूपमा स्थापित गरेको छ । चतुर्थ र दशम स्थानका केतु र राहुले चलायमान कामबाट लाभ देखाउँछ ।द्वितीय भावमा रहेको वृहस्पतिले वाणीमा ठूलो शक्ति देखिन्छ । चन्द्रबाट केन्द्रमा रहेर वृहस्पतिले बनाएको गजकेशरी योगले यशस्वी वनाउँछ । लग्नको शनिले कर्मठ,परिश्रमी र सधैं काममा व्यस्त रहे पनि घमण्डी वनाउँछ । लग्न एवं चन्द्रबाट मंगली हुनु र सप्तमेश आफ्नो घरदेखि अष्टममा वस्नु,सप्तम स्थानमा शनि र मंगलजस्ता क्रूर ग्रहले देख्नुजस्ता कारणले यिनको दाम्पत्यमा भने केही कमी देखाउँछ ।

विंशोत्तरी दशाअनुसार सन् १९९२ देखि २०१० सम्म दशमस्थ उच्च राहुको महादशा नै यिनको क्यारियरको सबैभन्दा महत्वपूर्ण समय रह्यो । मंगल, शनि, राहु जस्ता क्रूर ग्रहका दशा पनि तिनको बसाइअनुसार शुभफलदायक हुन्छन् । राहुदशामा एकातिर संगीतको क्षेत्रमा ठूलो सफलता दिलायो भने अर्कोतर्फ घरघरायसी झमेला, दाम्पत्य विवाद र मानसिक चिन्ता बढायो । हाल यिनलाई विंशोत्तरीमा बृहस्पति र योगिनीमा संकटा दशा शुरु छ । यसबाट यिनलाई केही कष्ट,विवाद र झमेलाका साथै गृह,वाहन,भ्रमण आदिबाट उत्तम सुख प्राप्त हुने देखिन्छ । सन् २०१० देखि २०२६ सम्म रहने बृहस्पति महादशाले यिनलाई आफ्नो क्षेत्रको महान् प्रेरणादायी व्यक्तित्व (Legendary Personality) का रूपमा स्थापित गर्ने देखिन्छ । यिनको सन् २०११को जनवरी ११ मा रिलिज भएको Hold it Againts me शीर्षकको गीतले छोटो समयमा नै Billboard Top 1 मा पुगेर नयाँ रेकर्ड कायम गरेबाट पनि यही कुराको संकेत गर्दछ । यद्यपि बृहस्पति चतुर्थ र सप्तम भावको स्वामी भएकोले केन्द्राधिपत्य दोषबाट दूषित हुन्छ । त्यसैले शुभग्रह भए पनि बृहस्पतिको महादशामा आउने शनि,केतु,शुक्र र मंगलका अन्तर्दशा केही अशुभ हुन्छन् । यसैअनुसार सन् २०१२ देखि २ वर्ष र सन् २०१७ देखि ५ वर्षको समय यिनको लागि कष्टकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । तथापि अष्टमस्थानमा वृहस्पतिको मित्र दृष्टिले जीवनमा आउने अनेक कष्टहरू टरेर जान्छन् ।

निष्कर्ष

ज्योतिषवाट रहस्यमय कुरा पत्ता लगाउन सकिने हुनाले यसलाई चमत्कारी विद्याको रूपमा लिन सकिन्छ तर यो विद्या चमत्कारपूर्ण तवरले छिटै सिक्न सकिन्छ भन्ने होइन । यसका लागि निरन्तर अध्ययन, अभ्यास र साधना गर्दै जानुपर्छ । प्रारम्भमा लघुजातक, लघुपाराशरी, शीघ्रवोध, मुहूर्त चिन्तामणि जस्ता ग्रन्थको अध्ययन गर्नुपर्छ । फलादेश गर्दा भृगु संहिता(फलित प्रकाश) वाट अभ्यास गर्नु राम्रो हुन्छ । विस्तृत अध्ययनका लागि हिन्दीमा लेखिएको ज्योतिष रत्नाकर पनि निकै उपयोगी छ । कुण्डली निर्माणको लागि भने अब कम्प्युटर नै उत्तम विकल्प हो ।

सन्दर्भग्रन्थ /सामग्री

१.सिंह, देवकीनन्दन, ज्योतिपरत्नाकर, मोतीलाल वनारसीदास,सन् २००२

२.तिलक, चन्द्रतिलक, फलितज्योतिष रेडिरेकनर, पुस्तकमहल दिल्ली सन् २००६

३.राजवंशी, शंकरमान, एतिहासिक कुण्डली, राष्ट्रिय अभिलेखालय, काठमाडौं, वि.सं.२०३३

४.रमन, डा.वी.वी, तीन सौ महत्वपूर्ण योग, मोतीलात वनारसीदास, दिल्ली सन् २०१०

५.वराहमिहिर, लघुजातकम्, ठाकुर प्र.पुस्तक मन्दिर वनारस, सन् १९८२

६.En.Wikipedia.org./wiki

७=www.astro.com/astro-databank

✡💧💧💧✡

हुन्छ/हुँदैन

कोहीसँग पनि झुटो बोल्नुहुँदैन ।
सबैसँग साँचो बोल्नुपर्छ ॥
कसैलाई पनि अपमान गर्नुहुँदैन ।
सबैलाई सम्मान गर्नुपर्छ ॥

कसैलाई पनि घृणा गर्नुहुँदैन
सबैलाई माया गर्नुपर्छ ॥
कसैलाई पनि असहयोग गर्नुहुँदैन
सबैलाई सहयौग गर्नुपर्छ ॥

-प्रताप अर्याल
कक्षा ८ सं.मा.वि.

✡💧💧💧✡

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हंशराज कोइराला
सहायक प्रशासक
तीनधारा संस्कृत छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वी.पी कोइरालाको 'मधेश तिर' एक समीक्षा

✍ नवराज कट्टेल

वी.पी. कोइरालाको कथागत प्रवृत्ति

विश्वेश्वरप्रसाद कोइराला नेपालको राजनैतिक क्षितिजमा मात्र होइन नेपाली साहित्यको क्षेत्रमा पनि प्रतिष्ठापित र वहुचर्चित व्यक्तित्व हुन् । वी.पी. कोइरालाले नेपालको राजनीतिम नयाँ व्यवस्था र चिन्तन प्रणालीको सुभारम्भ गरी नयाँ धाराको विकास गरे त्यसैगरी साहित्यको क्षेत्रमा पनि उनले नयाँ धारा र चिन्तन प्रणालीको नवीनतम यात्राको आरम्भ गरे । यो धारा हो । फ्रायडवादी चिन्तनलाई नेपाली साहित्यमा प्रवेश गराउनु उनले शैली क्षेत्रमा पनि पाश्चात्य प्रभावलाई अँगाले, त्यो चेखोवीय शैली हो । उनी पछि यौनमनोवैज्ञानिक धाराको एक सवल परम्परा कायम भयो । वी.पी. यस धाराका प्रथम प्रवर्तक व्यक्तित्व हुन् ।

वी.पी. कोइराला फ्रायडवादी कथाकार भएकाले मानव जीवनमा यौनशक्ति (Libido)को भूमिकामा विश्वास राख्छन् र अतः

क. यौनको मनोविश्लेषणमा उनको उत्कृष्ट अभिरूचि छ ।

ख. यौनलाई उनले अवचेतनसँग समवद्ध गरेका छन् ।

ग. पात्रहरू यौन तृप्तिका सुखापेक्षी छन् । त्यसैले ती पात्रहरू यौन तृप्तिका मुखापेक्षि छन् त्यसैले ती पात्रहरू कुनै न कुनै यौनकुण्ठका शिकार छन् । प्रायजसो पात्रहरूमा यौन प्रेरणा सवल छ ।

घ. वी.पी.का कथामा दमित यौनेच्छाको विश्लेषण गरिएको पाइन्छ ।

ङ. उनी यौन प्रतीकहरूको प्रयोग पनि गर्दछन् ।

च. कोइराला यौनको छाडा चित्रण गर्दैनन् ।

त्यसैले उनी यौनवादी नभएर फ्रायडवादी हुन् । मानिस यौनप्रवल प्राणी हो । मानिसमा यौनशक्ति भएन भने उसले आफ्नो जीवन-शक्ति गुमाउँछ । मानव सभ्यताका विकासमा पनि यस यौनशक्तिको ठूलो प्रभाव छ । यस्तो शक्तिशाली वस्तुलाई धर्मले छेक्नु उपयुक्त छैन भन्ने फ्रायडको सिद्धान्त थियो । मान्छेले वा प्रकृतिले सिर्जना बन्द गरिदिए यो संसार हराभरा नै रहन्न । त्यो सिर्जना शक्ति यौनसित सम्वद्ध छ । यौनेच्छावाट मान्छेलाईअलग्याउन मानवतावाट नै अलग्याउनु हो भन्ने फ्रायडेली मान्यता हो ।

फ्रायडले मानिसका दमित यौनेच्छाको विश्लेषण गरेका छन् ।त्यही अनुरूपकोइरालाले आफ्ना पात्रहरूलाई दमित यौनेच्छाकोशिकार बनाएर प्रस्तुत गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क. कथाकार कोइराला फ्रायडवादी भएकोले अचेतन मनको विश्लेषण गर्दछन् ।

ख. यिनका कथामा अचेतनमा दमित वासनाको स्वरूप उद्घाटित भएको छ । ग. वी.पी. अचेतन मनको यौनसंग सम्वद्ध गरेर नै चित्रण, वर्णन र विश्लेषण गर्दछन् ।

घ. उनी अचेतनलाई अवचेतनले पार्ने प्रभावको मनोविज्ञान प्रस्तुत गर्दछन् ।

विषय वासनाको दमन अचेतनमै गएर हुन्छ । अचेतनमा दमित वासनाको निकाश हुन सकेन भने मान्छेमा विभिन्न विकृतिहरू उत्पन्न हुन जान्छन् । वी.पी. त्यसैको चित्रण वर्णन र विश्लेषण गर्दछन् । कोइराला कथामा मानसिक अन्तर्द्वन्द्व देखाईएको हुन्छ । अचेतन र चेतनका बीच जहिले पनि द्वन्द्व चलिरहेकै हुन्छ । कहिले चेतन मनले अचेतन मनमाथि र कहिले अचेतन मनले चेतन मनमाथि विजय प्राप्त गरेको हुन्छ । मान्छेको मनको ४ भाग मध्ये एक भागमा मात्रै चेतन मनको अस्तित्व रहन्छ । अचेतनले मानिसलाई प्रभवित र केही गर्न प्रेरित गरिरहेको हुन्छ । कुनै पनि मनोवैज्ञानिक कथाहरूमा मानसिक अन्तर्द्वन्द्व हुन्छ नै । वी.पी.का कथाहरूमा देखाइएको द्वन्द्व इद र इगोका बीचको द्वन्द्व हो । मान्छेको मनलाई तीन रूप (Id,Ego/Superego)बाँडिएको छ । मान्छेको आदिम प्रवृत्ति नै द्वन्द्व हो । मान्छेको अचेतन मन हो वाह्य आचरणबाट प्रभावित मन 'अहम्' (Ego) हो । Superego सबैमा हुँदैन यसले मान्छेलाई महत्त्वाकांक्षि वनाउँछ । कोइरालाका कथामा देखाईएको 'इद'र 'इगो'का बीचको द्वन्द्व मनोविज्ञानसँग शिष्ट सम्वन्ध स्थापित गरेर नै प्रस्तुत गरिएको छ । कथाकार कोइरालामा कला चेतनाको विशिष्टता पाइन्छ ।

क. कथाहरू प्राय: लघु आकारका छन् ।

ख. कथावस्तुमा सादापन पाइन्छ ।

ग. कथावस्तु रैखिक ढाँचाको भएको पनि घटनाको सघनता हुँदैन ।

घ. कथामा आग्रहीकरणको गन्ध पाउन सकिँदैन ।

'अनुराधा' उपन्यासमा फ्रायडवादी सिद्धान्तको आग्रह लिइएको छ । तर कोइराला वादविशेषको आग्रह छैन । कतिपय कथावस्तुले विश्वजनीन सत्यलाई स्पर्श गरेको अनुभव हुन्छ । कथाको एउटा निश्चित प्रारम्भ हुनु र त्यसै अनुसार मध्य र अन्त्य हुनु न रैखिक ढाँचा हो । तर पनि उनका कथामा घटनाहरूको वाहुल्य हुँदैन । कम घटनाका माध्यमवाट उनी पात्रको मनोविश्लेषण गर्दछन् ।

भाषिक दृष्टिकोणले वी.पी. विशिष्ट छन् । सरल र सहज र रागात्मक गद्यभाषाको प्रयोगमा उनी बेजोड छन् । भाषाको, शिष्ट, शालिन र सुन्दर स्वरूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माणमा उनी सचेत छन् । वाक्य संरचनामा जटिलता छैन । भाषामा गतिशिलता, शिल्पता र मनोहरिता रहेको पाइन्छ ।

'मधेशतिर कथा'को कथावस्तु

'मधेशतिरको कथा'वस्तु छोटो छरितो र खदिलो छ । कथनकले ३६ घण्टामाथिको समय लिएको बुझिन्छ ।

तामाकोशी र सुनकोशीको दोभान स्थलमा कथानक शुरु भएको छ । हिजो सुत्दा चार जना थिए भने आज उठ्दा पाँचजना भए । चार पुरुष पछि पछि विधवा आएकी थिई र उनीहरू सुते पछि नजिकै पुरुषको आश्रय लिएर उ पनि सुतेकी थिई । विहान बाटो लाग्ने बेलामा मात्र तिनीहरू बीच कुराकानी हुन्छ । खाना विहीन चार पुरुषलाई सखर, चिउरा ख्वाउँछे । पठ्ठो युवक गोरे माथि विधवाको विशेष दृष्टि परेको हुन्छ । आफ्नो भागबाट झिकेर चिउरा थपिँदै गोरेको युवकलाई लोभ्याउने र आकर्षित गर्ने चेष्टा गर्दछे । बाटोमा विधवा र गोरेपछिपछि कुराकानी गर्दै हिँड्दछन् । विधवा आफ्नो मनको अतृप्ति, असन्तुष्टि र छटपटी गोरेलाई सुनाउँछे र आफ्नो घरजम गर्ने इच्छा व्यक्त गर्दछे । आफुले पोइ, घरजम र छोराछोरीको आकांक्षा स्वरूप केही सुन जम्मा गरेको रहस्य पनि उ खोल्दछे । रात पर्दछ । आकाशको छानामनि वास वस्दछन् । विहान गोरे गायव । गोरेले विधवाको धनको पोको र सम्पत्ति, लोग्ने,घरवार, पुत्र आदिको वासनाको पुञ्जीभूत प्रतिक उ टिपेर भाग्दछ । अत: कथाको चरम सीमा मौनावस्थामा पुगेको छ ।

पात्र विधान

प्रस्तुत कथामा विधवा, भोटे,धने बूढो र गोरे पाँच पात्र आसन्न पात्रका रूपमा आएका छन् । अनासन्नमा नेपथ्य पात्रका रूपमा विधवाकी सासू र देवर देखा पर्दछन् । विधवाको लोग्ने मात्र होइन छोरा छोरी पनि छैनन् । विधवा मुक्त तर अतृप्त यौन वासनाको शिकार भएकी छे । त्यही यौन तृष्टिका लागि उ उद्वेलित छे र उ अचेतन मनबाट सञ्चालित छे । गोरे विवाहित हो या अविवाहित हो त्यसको अनिर्णय छ यहाँ । तसर्थ कमाई धमाई गरी परिवार पाल्न हिँड्यो कि मधेशमै घरजम गर्न ? वैशालु विधवा नारीप्रति विकर्षित भई गहना लिएर भाग्नुले उ विवाहित र कमाउन मात्र मधेश तिर गएको हो कि भने जस्तो लाग्दछ । केन्द्रीय पात्र विधवा नै हो र उसको मानसीक प्रतिबिम्ब उतार्न अतृप्त मानसिक उद्वेग पोखाउन नै गोरे पात्रको उत्सृष्टि गरिएको हो । भोटे र धनेको खास भूमिका छैन । कथाको पूर्वभागमा विधवा केन्द्रीय व्यक्तित्वका रूपमा देखा पर्छे भने अन्त्यमा केन्द्रीय व्यक्तित्व बूढोमा स्थानान्तरित हुन्छ । यौन अतृप्ति र मानसिक असन्तुष्टिका कारणले छटपटिएको पात्र विधवा हो भने पेटको बुभुक्षा र आर्थिक विपन्नताले छटपटिएका मात्र धने, गोरे, बूढो आदि हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनोवैज्ञानिकता

प्रस्तुत कथाको केन्द्रीय कथ्य विधवाको अतृप्त यौन मनोवैज्ञानिको निदर्शन नै हो । यौन अतृप्ति र लोग्ने, घरवार, पुत्र आदि वासनाको पुञ्जीभूत आकांक्षा लिएर उ मधेशतर्फ प्रस्थान गर्दछे । तामाकोशी र सुनकोशीको दोभानमा चार पुरुषको आश्रयमा रात विताउँछे । विहान मात्र एक आपसमा परिचय हुन्छ । विधवा ती चार पुरुषलाई मधेश जान प्रेरित गर्दछे । विधवाको दृष्टि पठ्ठो गोरे माथि पर्दछ । वुभुक्षाद्वारा पीडित पुरुषलाई उ आफ्नो पोकोवाट झिकेर चिउरा वाँड्दछे र गोरेलाई आफ्नो भागवाट चिउरा थपिदिँदै "तिमी जवान छौ । तिमीलाई अरु भन्दा वढी भोक लाग्दो हो ।" भन्दछे । यस अभिव्यक्तिवाट विधवाको गोरेप्रति वासनात्मक भाव सञ्चार भएको देखिन्छ । विधवा आफ्नो कहानी वताउँछे । यसवाट उ पुरुषको प्रेम र संसर्गको अभावले छटपटिएर पुरुष, घरवार, सन्ततिको आकांक्षा वोकेर हिँडेकी छ भन्ने स्पष्ट हुन्छ । वाटामा अघिपछिका क्रममा गोरे र विधवा दुई प्राणी पछि पछि गफ गर्दै हिँड्दछन् । यसैवेला विधवाको मानसिकताको उद्घाटन हुन्छ । के तिमी घरवार गर्दैनौं ? तिमीलाई स्वास्नी मानिस मन पर्दैन ? किन हामी दुईजना मिलेर घर चलाऔं ? जस्ता भनाइले उनको यौनमनोवैज्ञानिक स्वरूपले उद्घाटन र अभीपष्टको पहिचान हुन्छ । विधवावाटोमा निकै माया ममता देखाउँछे गोरे प्रति । के थाक्यौ गोरे ? घाम पनि अग्घोर छ, तिम्रो टाउको तात्यो होला, लौ लिनुस् यो कपडा टाउकोमा राख, जस्ता अभिव्यक्तिले गोरेप्रतिको आकर्षणलाई नै संकेत गर्दछ । विधवा क्रमिक रूपमा गोरेप्रति आत्मसमर्पण गर्दैजान्छे । के म तिम्रो लायक छैन र ? मेरो उमेर धेरै भएर के भयो त । मैले आफ्नु शरीर जोगाएर राखेकी छु । यस किसिमको अभिव्यक्तिवाट विधवाको मानसिक छटपटिको परिचय प्राप्त हुन्छ विधवा अगाडि भन्छे गोरे, मेरो धेरै दिन देखि आफ्नो घर बनाएर वस्ने इच्छा छ । पोइ चाँडै मरिदिए । आफ्नो इच्छा मुटुमै सुकेर जाला जस्तो भयो । म के छोराछोरी पाउन सक्तिन र ? खोइ मेरा छोरा छोरी खोई मेरो आफ्नो घर, खोइ मेरो आफ्नो मान्छे ? यस किसिमको भनाइवाट के वुझिन्छ भने विधवामा यौनेषणा मात्र छैन, पत्नीत्व र मातृत्वको गवेषणा र उद्दिप्त आकांक्षा पनि छ । त्यसै भित्र नै नारीत्व सल्वलाएको हुन्छ । विधवामा उद्दिप्त कामवासना र तीव्र आकांक्षाहरू छन् । लोग्नेको मृत्युकाकारण मीठो माया ममता र न्यानो काख एवं उष्णा अँगालोमा वाँधिएर लोग्नेवाट शारीरिक क्षुधा एवं मानसिक तुष्टिको चरम आनन्द प्राप्त गर्ने आकांक्षा कठ्याङ्ग्रिएको छ । उसमा विकास भएको यौनको भोकले निकास पाउन सकेन । अत: उ यौन आकांक्षालाई दमन गरेर शमन गर्दछे । दमित यौन आकांक्षा अचेतनमा संकलित भएको छ । यौनलाई दवाउँदा उस्को मनमा कुनै किसिमले पुरुषलाई आकर्षण गरी आफ्ना आकांक्षाहरू परिपूर्ति गर्ने सपना उदाउन थाल्यो । दमित यौन र संभावित भविष्यको कामनाले गर्दा विधवा सम्पत्तिको सञ्चय गर्न थाल्दछे । त्यो सञ्चित पैसामा संभावित लोग्नेको प्रतिच्छ्रायाका रूपमा स्वीकारेर उ पैसामा केन्द्रित हुन्छे । त्यो पैसामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोभिएर कुनै युवा मेरो लोग्ने हुन्छ । अरूको जस्तो चिटिक्क घर, पति, पुत्र हुन्छन् भन्ने ठानेर सम्पूर्ण कुरा त्यै पैसामा देख्दछ यो कथामा अवर्णित छ जम्मै पूर्वदीप्ति मात्र हो ।

जे होस विधवाको स्वभाव र चरित्रवाट के थाहा हुन्छ भने हरेक मानिसमा यौन क्षुधा स्वभाविकरूपमा हुन्छ । त्यसको परिपूर्तिका लागि मानिस प्रयासरत हुन्छ । विधवा यौन आकांक्षाकै कारण सम्पत्तिको सञ्चय गर्दछे । र घरपरिवारबाट वैधव्य जीवनवाट विद्रोह गरेर घरजमको खोजीमा निस्कन्छे । संस्कार, संस्कृति, धर्म, मर्यादा, नीति, कानून आदिले जतिसुकै छेकवार गरे पनि यौन आकांक्षा र भोकलाई रोक्न सकिन्न हटाउन सकिन्न र निःशेष एवं निर्विज गर्न सकिँदैन । यही यौन मनोविज्ञानिक सत्यको उद्घाटन प्रस्तुत कथामा गरिएको छ ।

सामाजिक सन्दर्भ

प्रस्तुत कथा सामाजिक र मनोवैज्ञानिक दुवै किसिमका मूल्यको समन्वय भएको कथा हो ।नेपालको सामाजिक अवस्थालाई कथाले छर्लङ्ग पारेको छ । वालविहे गर्ने र भरभराउँदो जवानीमा विधवा भएर यौन- ज्वालाको भुङ्ग्रोमा तड्पिँदै जीवन विताउन पर्ने यो यहाँको वास्तविकता हो । पोइ टोकुवाके संज्ञा पाएर सासू ससुरा र जहान परिवारको ईर्ष्या द्वेष र घृणाको पात्र भएर नारीहरूले निरस जिउँदो लालस मात्र भएर जीवन बाँच्नु पर्ने वाध्यता छ । विधवा नारीको आफ्नो अस्तित्व छैन । अतः नारीहरूको स्वतन्त्रता, विकास र आत्मासम्मानका लागि क्रान्ति र परम्पराप्रति विद्रोहको सूचना विधवाको विचार र व्यवहारले प्रस्तुत गरेको छ । अस्तित्वको खोजी यहाँ छ । भोटे, धने, बुढो र गोरे जस्ता निरीह र गरीब पात्रहरूले नेपाली समाजको प्रतिनिधित्व गर्दछन् । 'पेट कसरी भर्ने'को समस्या उल्झिएको नेपाली समाजको चित्र यहाँ अङ्कित छ ।

आर्थिक पक्ष

मनोवैज्ञानिक कथा भएर पनि यस कथामा वर्णित अवस्थाले सिङ्गै नेपाली समाजको आर्थिक स्थितिको चित्र उतारेको छ । आर्थिक विपन्नतावाट कथा शुरू छ । कथाको पहिलो अनुच्छेद सामाजिक र आर्थिक वृत्तसँग सम्बन्धित छ । सम्पन्न र विपन्न व्यक्तिको सहभागी भएर तामाकोशी र सुनकोशी बगेका छन् । तामाकोशी धागो जस्तो, कमवेग र सुनकोशी करेन्ट जस्तो वेगवती छ । ती दुवै नदीमन किनारमा हरियाली न भए झैं तिनीहरूको जीवन पनि आसन्न र नाङ्गो छ । भोटे भन्छ- 'मेरो त धेरै छैन ।' बूढो भन्छ- 'मेरो त थियो, तर अव घरवार नभएको छु' । उक्त अभिव्यक्तिवाट तिनीहरूको गरीबीको पराकाष्ठाको स्थितिबोध हुन्छ । आफ्नो देशमा खास गरी पर्वतीय क्षेत्रमा काम र मामको अभाव छ । त्यसैले तिनीहरू क्षुधा निवृत्तिका लागि काम र मामको खोजीमा भौंतारिएका छन् । राष्ट्रले तिनीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँमा काम र माम जुटाउन सकेको छैन । त्यसैले विकल्पको खोजीमा मध्य पहाडी क्षेत्रका नेपालीहरू मधेश तिरभर्ने गर्दछन् ।

'मधेश तिर'को शीर्षक पनि प्रतीकात्मक छ । मधेश भन्नाले पूर्व दार्जलिङ, आसाम, मणिपुर र वर्मासम्म र पश्चिममा पटना, गोरखपुर, वनारस, लखनउ आदि समेत वुभ्नुपर्दछ । पहाडदेखि मधेश तिर भर्नुको अर्थ सम्पन्नता र सुविधाको खोज अन्वेषण तिर लाग्नु हो । मधेश भर्नुको अर्थ आधुनिक सभ्यता र संसारमा ओर्लन हो । आधुनिक विकासको खोजीमा लम्कनु हो । आजसम्म पनि काम । मामको खोजीमा मेचीदेखि महाकालीसम्मका मध्यपहाडी क्षेत्रका नेपालीहरू मधेश जाने प्रक्रिया रोकिएको छैन । बूढो आफ्ना साथिहरूलाई तराइको विशाल फाँटलाई देखाएर भन्छ । 'उ त्यही हो मधेश । त्यहाँ हाम्रो उद्धार हुन्छ । त्यही हामी अघाउञ्जेल खान पाउँछौं ।' यस किसिमको अभिव्यक्तिले तत्कालिन आर्थिक स्थितिको चित्र प्रस्तुत गर्दछ । त्यसैले के भन्न सकिन्छ भने यस कथाले नेपालको आर्थिक सकर्मलाई प्रस्तुत कथाले निकै हदसम्म स्पष्ट पारेको छ ।

वैचारिक दृष्टि

प्रस्तुत कथामा तीनवटा विचार अनुर्युक्त भएको प्रतित हुन्छ । जस्तैः

क. मानवतावाद

ख. फ्रायडवाद र मार्क्सवादको समन्वयको खोजी

ग. अस्तित्ववादी दर्शन ।

मानवतावादका सन्दर्भमा खास धेरै कुरा छैन । विधवा भन्छे- रातभरि तिमीहरूको माया लागिरह्यो । भोटे, धने, गोरे, बूढोले राती खाना नै नखाई सुतेको देखेर विधवाको मनमा सारै दया पलाएको देखिन्छ । भोटेले हामी तपाइँको कोही पनि होइनौं । 'तपाईलाई हाम्रो किन माया लाग्यो ? 'भनेर सोध्दा विधंवा भन्छे तिमीहरू मान्छे त हौ ? मान्छेलाई मान्छेले मान्छेकै आँखाले हेर्नुपर्छ भन्ने दृष्टिको यहाँ प्रस्तुत छ । मानतावादी दृष्टिकोण वी.पी. का अन्य कृतिमा पनि पाइन्छ ।

अस्तित्ववादी दर्शनको प्रयोगका दृष्टिकोणले वी.पी.नेपाली साहित्यमा उच्च छन् । वी.पी. को तीन घुम्ती, नरेन्द्र दाइ जस्ता उपन्यासमा पनि अस्तित्ववादी दृष्टिकोण सल्वलाएको पाइन्छ । त्यसको बीज उनको पूर्ववर्ती कृति 'मधेशतिर' मा पनि देखिन्छ । लोग्ने मरेको घरमा सासू ससुराको अगाडि विधवाले आफ्नो कुनै अस्तित्व पाइन । आफ्नो अस्तित्वको खोजीमा उ आफ्नो परम्परा, संस्कार र विश्वास प्रति विद्रोह गर्छे र मधेश पस्छे । गोरेसँग विधवा भन्छे- "गोरे, मेरो धेरै दिनेदेखि आफ्नो घर बनाएर बस्ने इच्छा छ । खोइ मेरा छोरा छोरी, खोइ मेरो आफ्नो घर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोइ मेरो आफ्नो मान्छे।" यी विधवाको निर्णय चरित्र र विचार वृत्तले पनि अस्तित्ववादी जीवन-दृष्टिलाई समर्थन गरिरहेको प्रतीत हुन्छ। फ्रायडवाद र मार्क्सवादको समन्वयका दृष्टिले पनि प्रस्तुत कथा महत्वपूर्ण देखिन्छ। मार्क्सवादका दृष्टिले हेर्ने हो भने यौन, आकांक्षाको आपूर्ति मात्र सवैथोक होइन जीवनको सम्पूर्णता पैसा पनि हो, धन विनाको जवानी अपूर्ण हुन्छ। गोरे आदिको जीवनवाट यो थाहा पाइन्छ। धनमात्र भएर पनि हुँदैन यो आकांक्षाको तुष्टि पनि चाहिँन्छ। यौन सन्तुष्टिको जीवन अधुरो तिक्त र निरसपूर्ण हुन्छ। यो कुरा विधवाको जीवन चरित्रवाट स्पष्टपार्न खोजिएको छ। धनद्वारा यौन सन्तुष्टि लिन सकिन्छ भन्ने कुराको अप्रत्यक्ष कथन यहाँ छ। यौनगत र भौतिक भोगको संयम र सन्तुलन नभएको खण्डमा जीवन अपूर्ण हुन्छ भन्ने कुरा पनि संकेतित छ। यो कोइरालाको समाजवादी र मनोविज्ञानको समन्वयको क्षण हो। विधवाको धन नष्ट भएपछि चार जनाका वीच साम्य देखिन्छ, धन प्राप्त गोरे असामान्य भएर भाग्दछ।

उपसंहार

वी.पी. कोइराला राजनेता हुनुहुन्छ। आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी सम्झने कोइरालावाट नेपाली साहित्यले मनोवैज्ञानिक धाराले विकास र लोकप्रियता प्राप्त गरेको छ। मनोवैज्ञानिक धाराले विकास र लोकप्रियता प्राप्त गरेको छ। मनोवैज्ञानिक कथाकै केन्द्रीयतामा 'मधेशतिर'को समीक्षण गर्दा उच्च र विशिष्ठ कथा-श्रेणीमा यो कथा दर्तिन सक्छ। मनोवैज्ञानिक सत्यको उद्घाटन गर्नु व्याख्या र विश्लेषण गर्नु नै वी.पी. को साहित्यिक हो भन्न सकिन्छ।

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नवराज कट्टेल	विद्यानाथ उपाध्याय
सचिव	अध्यक्ष
जयतु संस्कृतम्	जयतु संस्कृतम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसशास्त्रको विकास

-गणेशप्रसाद घिमिरे
उपप्राध्यापक

नाट्यशास्त्री भरतको समय ईशापूर्व दोस्रो शताव्दी मानिन्छ । दोस्रो शताव्दीका भरतले नाट्यशास्त्रको रचना गरी रससूत्रलाई सार्वजनिक गरेका हुन् । भरतद्वारा प्रतिपादित "तत्र विभावानुभावव्यभिचारिभावसंयोगाद्रसनिष्पत्ति" रससूत्रको उत्तरवर्ती समयमा विस्तृत व्याख्यान र विवेचन भएको देखिन्छ । रससूत्रमा रहेका शव्दशव्दको विवेचनप्रक्रियाले पूर्वको काव्यचिन्तन अतिविस्तृत बनेको देखिन्छ । उक्त सूत्रको व्याख्याका क्रममा रसको क्रमिक विकास , विशद विवेचन , रसप्रस्थानका आधारहरू पहिलिंदै गएको पाइन्छ । प्रथम शताव्दीदेखि ईशाको सत्रौं शताव्दीसम्मको पूर्वीय काव्यशास्त्रको चिन्तनमा रसलाई प्रत्यक्ष, अप्रत्यक्षरूपमा पूर्वका आचार्यहरूले स्वीकार गरेको देखिन्छ । उक्त समयमा रस प्रति देखाइएको अवधारणा रस विकासको प्रमुख स्रोत मानिन्छ । यसरी विकसित , विवेचित र व्याख्यायित रससिद्धान्तको समग्रतामा रस विकासको नीव खडा भएको देखिन्छ । रससूत्रलाई आधार मानेर रसको विकासका सन्दर्भमा कालविभाजन गर्नु युक्तिसंगत देखिन्छ । आचार्य भरतपूर्व रसको चर्चा र सन्दर्भ उठे पनि ग्रन्थहरूको अनुपलव्धताले प्रामाणिकतामा प्रश्नचिन्ह उठाइएको छ । त्यसकारण आचार्य भरतलाई आधार मानेर कतिपय समीक्षकहरूले रस विकासको कालनिर्धारण गरेका छन् । गणपतिचन्द्र गुप्तले रसविकासमा भरतलाई केन्द्रमा राखेका छन् । उनले भरतद्वारा प्रतिपादित सोपानलाई प्रारम्भिक चरण , अभिनवगुप्तद्वारा परिवर्तित खण्डलाई विकसित रूप र भक्तियुगमा विकास भएको रूपलाई मध्यकालीन युग मानेका छन् (गुप्त : ई सन् १९९५ : १०४) । त्यसरी नै पूर्वीय काव्यशास्त्रको समग्र विकासप्रक्रियालाई केन्द्रमा राखेर काव्यप्रकाशका विश्वेश्वरी टीकाकार आचार्य विश्वेश्वरले निम्नरूपमा काल विभाजन गरेको देखिन्छ ।

(क) प्रारम्भिक काल–अज्ञात देखि भामहसम्म
(ख) रचनात्मक काल –भामहदेखि आनन्दवर्धन(वि सं ६००-८००)
(ग) निर्णयात्मक काल –आनन्दवर्धनदेखि मम्मट (वि सं ८०० -१०००)
(घ) व्याख्या काल –मम्मटदेखि जगन्नाथ (१००० -१७५०) (विश्वेश्वर : २०४२ : १३)

यो कालविभाजन काव्यशास्त्रमा देखापरेको समग्रतालाई लिएर गरिएको कालविभाजन प्रतीत हुन्छ । काव्यशास्त्रको समग्र इतिहास तथा अन्वेषण , विश्लेषण तथा प्रस्थापन नै कालविभाजनको प्रमुख आधारस्तम्भ मानिएको छ । रससिद्धान्तलाई अध्ययन गर्ने नगेन्द्रले कालविभाजनको मुख्य आधार ध्वनि मानेका छन् । उनले ध्वनिलाई केन्द्रमा स्थापित गर्दै कालविभाजनको रेखाङ्कन गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) ध्वनि पूर्ववर्ती काल -आरम्भदेखि रुद्रटसम्म

(ख)ध्वनिकाल -आनन्दवर्धनदेखि भोजसम्म

(ग) ध्वनिपरवर्ती काल- मम्मटदेखि जगन्नाथसम्म (नगेन्द्रःई सन् १९७५ : १७-१८)

यसरी पूर्वको काव्यशास्त्र र रसलाई लिएर गरिएको यो कालविभाजन पनि त्यति युक्तिसंगत देखिन्न। मुख्यतया रसको विकासप्रक्रियामा काव्यशास्त्रीहरूको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समर्थन देखापरेको छ।अलङ्कारवादीहरूले रसलाई अलङ्कारमा पर्यवसित गराएको देखिन्छ । अलङ्कारवादीहरूलाई एउटा कित्तामा राखेर हेर्ने हो भने माथि उल्लेखित काल विभाजनले पूर्णता पाएको देखिन्न। अज्ञात काललाई लिएर रसको कालविभाजन वैज्ञानिक भएको पाइन्न । रसलाई काव्यात्मक कोटिमा पुऱ्याउने प्रथम आचार्य भरत मानिन्छन् । भरतद्वारा प्रतिपादित रससिद्धान्तले परवर्ती समयमा आफूलाई नित्य र नवीन रूपमा प्रस्तुत गरेको छ। नवीनताको कसी नै रससूत्रको व्याख्यामा आधार बनेर प्रस्तुत भएको छ । त्यसकारण सदैव आफ्नो वयस्क रूपलाई प्राप्त रससूत्रको वा रसको विकासमा समय समयमा हुने गरेका व्याख्याहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । रससूत्रको व्याख्यामा देखापरेका तथ्यहरू रसलाई अन्य सिद्धान्तमा अन्तर्भूत गर्ने पद्धतिहरू , रसको संख्यात्मक कोटि र त्यसको विशद पर्यालोचनलाई हेर्दा रसको विकासमा रहेको कालविभाजनलाई निम्न सोपानमा राखेर हेर्दा उपयुक्त देखिन्छ।

रस विकासमा केही अवरोधहरू सिर्जित भए र ती अवरोधहरू आफ्नो प्रभुत्व स्थापित गर्दै विलीन भए तापनि रसको विकास र यसको व्याख्या अवरुद्ध हुन सकेन। त्यसकारण रसलाई विकास प्रक्रियागत दृष्टिले हेर्दा निम्न सोपानहरू प्रष्टरूपमा उपस्थित भएको देखिन्छ।

प्रथम सोपान

भरतदेखि भट्टनायकसम्मको रसविवेचनलाई यस सोपानभित्र समावेश गर्न सकिन्छ । यस चरणमा अलङ्कारवादीहरूको पूर्ण वर्चस्व रह्यो । उनीहरू रसलाई अलङ्कारभित्रै अन्तर्भूत गरेर काव्यको चमत्कार प्राण अलङ्कारलाई मान्छन् । अप्रत्यक्षरूपमा रसलाई सकारे पनि प्रत्यक्षतः यिनीहरूले अलङ्कारलाई नै काव्यप्राण मानेको देखिन्छ । प्रथमतः आदि आचार्य भामहको लक्षणग्रन्थमा श्रृङ्गार आदि रस स्पष्टरूपमा देखापरे पनि त्यहाँ रस नभई रसवद् अलङ्कारको उपस्थिति नै केन्द्रीय मानिन्छ

रसवद्दर्शितस्पष्टश्रृङ्गारादिरसं यथा ।

देवी समागमद्धर्मस्करिण्यतिरोहिता ॥ (भामह : २०४१: ६८)

भामह रसको पूर्ण उपस्थितिलाई रसवत्का रूपमा मान्ने आचार्य प्रतीत भएको पाइन्छ । सार्वजनिक रूपमा अलङ्कारभित्र रसलाई समावेश गर्ने भामहले काव्यमा रसको परिवेश र उपस्थितिलाई गौण मानेको देखिन्छ। भामह पूर्णतः अलङ्कारप्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आग्रही काव्यशास्त्री मानिएका छन् । उनले काव्यको चमत्कारजनक तत्व अलङ्कार हो र अलङ्कारभित्र सम्पूर्ण काव्याङ्ग समाविष्ट हुनुपर्ने भावनालाई ज्वलन्तरूपमा उठाएका छन् । भामहले रसलाई उपेक्षा गरी अलङ्कारको सर्वस्वलाई काव्यमा सकारे पनि रसको वहिष्कार गर्ने आँट गर्न सकेनन् । अलङ्कारको उपस्थिति काव्यमा अनिवार्य माने पनि उनले महाकाव्यमा रसको अनिवार्यता स्वीकारेको देखिन्छ ।

चतुवर्गाभिधानेऽपि भूयसार्थोपदेशकृत ।

युक्तं लोकस्वभावेन रसैश्च सकलैः पृथक् ॥(भामह : पूर्ववत् :११)

भामहको अलङ्कार प्रतिको आग्रहलाई स्वीकार्ने आचार्य दण्डी रसका विषयमा भामह जत्तिकै अनुदार देखिन्नन् । गुण वा रीतिलाई मान्ने दण्डीले काव्यगुणको चर्चाका क्रममा काव्यमा रसलाई मानेको देखिन्छ । रसवत् वाक्यलाई माधुर्यको संज्ञा दिने दण्डीले काव्यमा रसलाई आवश्यक तत्वका रूपमा लिएका छन् ।

मधुरे रसवद्वाचि वस्तुन्यपि रसस्थितिः ।(दण्डी :ई सन् १९७५:५१)

रसको चर्चालाई केन्द्रिकृत नगरेको भए पनि दण्डी रसका सन्दर्भमा भामह भन्दा उदार देखापरेका छन् । उनी अलङ्कारवादी भएपनि रसको उपस्थितिका कारण काव्य मधुर हुने धारणा व्यक्त गर्ने आचार्यका रूपमा प्रस्तुत भएको देखिन्छ ।

काव्यगुणको सशक्त प्रतिष्ठा गर्ने र रीतिलाई काव्यात्माको संज्ञा प्रदान गर्ने वामन वस्तुतः रसविरोधी आचार्यका रूपमा प्रस्तुत भएको देखिन्छ । रसलाई उनले गुणकै चर्चाका क्रममा राखेको देखिन्छ । गुणको चर्चाका क्रममा उनले उद्दीप्तरसयुक्त गुणलाई कान्ति गुण मानेका छन्

दीप्तरसत्वं कान्तिः ।(वामन :ई सन् १९५७:१५)

वामनले काव्यको शोभा रीति र रीतिको मूलतत्व गुण र वीस गुणमा एक गुणको शोभाधायक तत्व गुण मानेका छन् । रसलाई गुणभित्र अन्तर्भाव गर्ने वामन सामान्यतया रसका सन्दर्भमा त्यति उदार देखिन्नन् । काव्यशोभा धर्मका रूपमा उनले गुणलाई लिएको देखिन्छ "काव्यशोभायाः कर्तारो धर्मा गुणाः"(वामनः पूर्ववत् :१) पूर्वको काव्यचिन्तनमा गुणको स्वतन्त्र सत्ता स्वीकार्ने प्रथम आचार्यका रूपमा वामनलाई लिन सकिन्छ ।

आचार्य रुद्रटले रसको उपस्थिति काव्यमा सकारेको देखिन्छ । रसको सामान्य चर्चा गर्ने उनले रसिकजनका लागि नीरस काव्यले महत्वपूर्ण भावना ओगट्न नसक्ने कुरालाई स्वीकार गर्दै नीरस काव्यवाट पाठकहरू त्रसित हुनसक्ने धारणा समेत अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारेका छन् । रसलाई लिएर देखापरेको व्याख्या र विवेचनमा प्रथम सोपानमै स्वतन्त्र अस्तित्व लिएर उदाउने आचार्यका रूपमा क्षमेन्द्रलाई लिन सकिन्छ ।औचित्य सिद्धान्तका माध्यमवाट उदाएका क्षमेन्द्रले काव्यतत्वका रूपमा देखापरेका अलङ्कार तथा गुणले काव्यमा चमत्कार गर्ने काम मात्र गर्दछन् । काव्यको मूल प्राण रसद्वारा प्रवाहित औचित्य हो भन्ने धारणा उनको देखिन्छ

अलङ्कारास्त्वलङ्कारा गुणा एव गुणाः सदा ।
औचित्यं रससिद्धस्य स्थिरं काव्यस्य जीवितम् ॥(क्षेमेन्द्रः२०३९:६)

यिनी औचित्य सिद्धान्तका संस्थापक भए पनि रसलाई काव्यको सशक्त कोटिमा प्रतिष्ठा गराउने आचार्यका रूपमा प्रस्तुत भएका छन् ।

पूर्वको काव्य चिन्तनमा स्वतन्त्र रूपमा उदाएर आफ्नो अस्तित्वलाई वेग्लै रूपमा प्रस्तुत गर्ने आचार्यका रूपमा कुन्तकलाई लिईन्छ । वक्रोक्तिलाई स्थापना गर्ने कुन्तकले काव्यको आत्मभूत तत्व रस नमानेर वक्रोक्तिलाई मानेका छन् । प्राचीन काव्य चर्चाका सन्दर्भमा कुन्तकको उपस्थिति ज्वलन्त बनेर देखिएको प्रतीत हुन्छ । पूर्णतः वक्रोक्ति सिद्धान्तका प्रस्थापक आचार्यका रूपमा कुन्तकलाई प्राच्य काव्यशास्त्रले स्वीकार गरेको देखिन्छ । वक्रोक्तिलाई काव्यप्राण मान्ने कुन्तकको दृष्टि रस प्रति पूर्ण समर्थवान् नदेखिएको प्रतीत हुन्छ ।

प्रथम सोपानका क्रममा पूर्वको कार्यपीठिका रसप्रति त्यति उदार नदेखिएको पाईन्छ । काव्यानन्दलाई लिएर देखापरेको विस्तृत विवेचना र व्याख्याले संस्कृत काव्यशास्त्रको इतिहास ज्वलन्त वनेको छ । प्रथम सोपानमा अलङ्कारलाई लिएर जुन किसिमको व्याख्या देखियो त्यसले रसवादी मान्यता किञ्चित् ओझेलमा परेको प्रतीत हुन्छ तापनि अलङ्कारभित्र रसलाई समाहित गर्ने प्रवृतिले पनि रसको नवीनता ,तटस्थता र आधुनिकतालाई भने आत्मसात् गरेको देखिन्छ ।
अतः काव्यानन्द रसविकासका सन्दर्भमा प्रथम सोपानलाई रसविकासको आरम्भ मान्न सकिन्छ ।

द्वितीय सोपान

आनन्दवर्धनको समय ईसाको नवौं शताव्दी देखिको अवधिलाई रस विकासको दोस्रो सोपान मान्न सकिन्छ । आननदवर्धनले प्राच्य काव्यशास्त्रका इतिहासमा आफ्नो सिद्धान्तलाई प्रतिष्ठापित गरे । उनले काव्यात्माका रूपमा ध्वनिलाई लिए । काव्यात्माका रूपमा स्वीकृत तत्वलाई पूर्ववर्ती विद्वान्हरूले ध्वनिका रूपमा सकारेको कुरालाई उनले ध्वन्यालोकमार्फत् अभिव्यक्त गरेका छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यस्यात्मा ध्वनिरिति वुधैर्य:समाम्नातपूर्व: (आनन्दवर्धन:२०४२:२) ।

काव्यात्माको विशद विवेचनका क्रममा ध्वनिलाई प्रतिष्ठापित गर्दै रसध्वनिलाई काव्यको सर्वोत्कृष्ट तत्वका रूपमा आनन्दवर्धनले लिएका छन् । उनको काव्यस्वरूपले ध्वनिलाई नै सर्वोपलव्धि स्वीकारेको छ भने रसध्वनिलाई मुख्य काव्यात्माको कसीमा राखेर हेरेको छ । आनन्दवर्धनदेखि आचार्य मम्मटसम्मको अवधिलाई रससोपानको द्वितीय चरण मान्दा उपयुक्त देखिन्छ । काव्यशास्त्रमा ध्वनिलाई प्रवेश गराउने आचार्य आनन्दवर्धन हुन् । आनन्दवर्धनपछि ध्वनिका विरोधमा देखापरेका मूलभूत प्रवृति र आधारहरूलाई सप्रमाण खण्डन गरी ध्वनिको प्रस्थापनमा महत्वपूर्ण योगदान दिने रूपमा मम्मटलाई लिइन्छ । मम्मट खासगरी ध्वनि व्यवस्थापक आचार्यका रूपमा चिनिन्छन् । मम्मटसम्मको समयावधिमा ध्वनि सिद्धान्तको विशद विवेचन ,व्याख्या र पर्यालोचन भएको देखिन्छ भने रससूत्रलाई लिएर पनि विभिन्न व्याख्याका स्वरूपहरू अघि आएका छन्। रसको व्याख्या रस संख्या र भावहरूको सूक्ष्म मान्यताले पूर्वको काव्य चिन्तन फराकिलो बन्दै गएको प्रतीत हुन्छ । यसरी प्रथम सोपान भन्दा द्वितीय सोपान रस विवेचनाका दृष्टिले उपयोगी र व्याख्यायित भएको प्रतीत हुन्छ । रस विकासका सन्दर्भमा देखापरेको दोस्रो सोपान रस सूत्रको व्याख्यामा उत्कृष्टता र क्रान्ति ल्याउने सोपान वनेर आएको देखिन्छ । ध्वनिसिद्धान्तलाई लिएर देखिएको व्यापक वहसले ध्वनिलाई काव्यसिद्धान्तको एक महत्वपूर्ण तत्वका रूपमा स्वीकार गर्‍यो। ध्वनिसिद्धान्तको विरोधमा महिमभट्ट जस्ता आचार्यहरू देखापरे भने ध्वनिका सन्दर्भमा वलिया तर्कहरूगरी मम्मटले ध्वनिको सबलतालाई प्रस्तुतिकरणकासाथ अघि सारेको देखिन्छ। यो चरण ध्वनि मात्र नभई रसविवेचनको पनि सुनौलो चरण बनेर आएको देखिन्छ। रससूत्रको व्याख्यालाई मुख्य आधार मानेर गरिएका चर्चाहरूले पनि द्वितीय सोपान क्रमलाई अघि वढाएको प्रतीत हुन्छ। लोल्लट ,शंकुक ,भट्टनायकले भरतको रससूत्रलाई लिएर विशद व्याख्या एकातर्फ गरे भने अभिनवगुप्तले नाट्यशास्त्रको अभिनवभारती टीका लेखेर रसका सन्दर्भमा देखापरेका सम्पूर्ण विरोधाभासवृतिलाई शमन गरे। काव्यशास्त्रीय चिन्तन परम्परामा देखापरेको साहित्यिक मान्यता र रसविवेचनको स्वर्ण युगका रूपमा द्वितीय सोपानलाई लिन सकिन्छ।

ध्वनिसिद्धान्तको प्रकटीकरण वक्रोक्ति र औचित्यको उदय र रसको स्थिर र मान्य व्याख्या दोस्रो सोपानको उपलव्धि मानिएको छ । ध्वनिविरोधी आचार्यहरूले रसलाई काव्यसिद्धान्तको मुख्यकोटिमा राखे भने ध्वनिसिद्धान्तले रसध्वनिलाई मुख्य मान्यताका आधारमा हेर्न पुग्यो। ध्वनि प्रमुख उपलव्धि माने पनि रसमिश्रित ध्वनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै काव्यात्माको संज्ञाका रूपमा उपस्थित हुनपुग्यो । अतः रसविवेचन र रस इतिवृत्तमा ध्यानपूर्ण नजर पुऱ्याउँदा द्वितीय सोपान रसविवेचनको मुख्य मान्यता प्रतीत हुन्छ ।

तृतीय सोपान

रसशास्त्रको इतिहासमा ध्वनि सिद्धान्तको स्थापनापश्चात्‌को अवधिलाई तेस्रो सोपानमा राखिएको छ। रसको ऐतिहासिक पर्यवेक्षण , व्याख्या, विश्लेषण र विवेचनको सैद्धान्तिक आधार दोस्रो सोपानमा पूर्णतः देखापरेको प्रतीत हुन्छ। रससूत्रको व्याख्याको ऐतिहासिक धरातललाई मुख्यतः दोस्रो सोपानको व्याख्यात्मक रूपले प्रस्तुत गरिसकेको देखिन्छ । ध्वनिको उपस्थिति रसध्वनिको काव्यात्मक प्रस्तुतिकरणमा देखिएको एक मूल तत्वलाई रसध्वनि मान्ने प्रवृत्तिका कारण रसको पूर्ण स्वीकृतिलाई ध्वन्यात्मक प्रवृतिमा अघि सारिएको पाइन्छ । त्यसकारण रसको ऐतिहासिक सोपानमा दोस्रो चरण एक सशक्त, व्याख्यायुक्त, कार्यात्मक प्रस्तुतिको चरण मानिएको प्रतीत हुन्छ । कार्यात्मक प्रस्तुति र व्याख्यात्मक स्वरूपले रसको दोस्रो चरणलाई क्रियाशील वनाएको देखिए पनि उक्त सिद्धान्तको प्रत्यक्ष समर्थनमा तेस्रो सोपान अत्यधिक आधिकारिक र क्रियाशील बनेको देखिन्छ । कविराज विश्वनाथ शारदातनय, भानुदत्त र पण्डितराज जगन्नाथ जस्ता प्रखर आचार्यहरूको समर्थनमा जल्दोवल्दो बनेको रससूत्रले यही चरणमा आएर आफूलाई सक्रिय र क्रियाशील बनाएको प्रतीत हुन्छ । काव्यका विविध अङ्गहरू मध्ये गुण, रीति र अलङ्कारले काव्यात्मा रसलाई उत्कर्षमा पुऱ्याउने काम गर्दछन् र यी सवै रसका उपकारक मात्र हुन् भन्ने धारणा विश्नाथले राखेको देखिन्छ । विश्वनाथ रसतत्व नै काव्यको एकमात्र मुख्य लक्ष्य वा आत्मा हो भन्ने धारणामा प्रतिवद्ध देखापरेका छन् "गुणा शौर्यादिवत् , अलङ्काराः कट्कुण्डलादिवत् ,रीतयोऽवयवसंस्थानविशेषवत् , देहद्वारेणेव शब्दार्थद्वारेण तस्यैव काव्यस्यात्मभूतं रसमुत्कर्षयन्तः "(विश्वनाथः ई सन् १९८६:२१) । रस विकासमा विश्वनाथले जुन धारणालाई सार्वजनिक गरे सो धारणकै कार्यपीठिकामा पण्डितराज जगन्नाथ उभिएको देखिन्छ ।

खासगरी रसगङ्गाधरमा आचार्य जगन्नाथले रसको स्वधर्ममान्यतालाई रसको सवलीकृतरूपमा स्वीकार गरेको देखिन्छ । यसरी भावक र प्रेक्षक अनादिकालीन वासनारूप रत्यादि स्थायीभावका साथ प्रकाशमय वास्तविक रूप आनन्दसँग प्रत्यक्षीकरण हुन्छ तव रसरूपमा परिणत हुने कुरालाई जगन्नाथले बताएका छन् "परिमितप्रमातृत्वादिनिजधर्मेण स्वप्रकाशतया वास्तवेन निजस्वरूपानन्देनसह गोचरीक्रियमाणः प्राग्विनिविष्ट वासनारूपो रत्यादिरेव रसः"(जगन्नाथ ई सन् १९४५:३७) । आचार्य जगन्नाथले रसको स्वरूपलाई वासनाका रूपबाट भोग्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधारस्तम्भका रूपमा सकारेको देखिन्छ । वासनारूपमा विद्यमान स्थायीभावादिका कारण रस स्वरूपलाई भोग्ने प्रमाता नै काव्यात्मभूत रसादिरूपको प्रथम चेतना हो भन्ने धारणामा नै जगन्नाथको उपस्थिति प्रतीत भएको देखिन्छ ।

रसविकासको तेस्रो सोपान मुख्य वृतिका रूपमा देखापरेको छ । पण्डितराज जगन्नाथ ,विश्वनाथ र शारदातनय जस्ता आचार्यहरूले रसधर्मको सर्वोत्कृष्टता , काव्यात्मभूत रसलाई कार्यात्मक प्रस्तुतिमा पुऱ्याएको प्रतीत हुन्छ । रसको विकास र समुन्नयनमा तेस्रो सोपान थप जागरणका रूपमा देखिएको प्रतीत हुन्छ । पहिलो र दोस्रो सोपान रसको विश्लेषणात्मक अध्ययनभन्दा रसको प्रत्यक्षीकरणमा देखिएका अन्य सैद्धान्तिक आधाररूको खोजमा अघि वढेको देखिन्छ । विभिन्न सैद्धान्तिक पृष्ठभूमिको उपस्थिति र ती सिद्धान्तका प्रस्थापक आचार्यहरूले आफ्नो सिद्धान्त प्रति देखाएको निष्ठाले पहिलो र दोस्रो सोपानका पक्षहरूलाई केन्द्रीय वृतमा राखेको प्रतीत हुन्छ । तेस्रो सोपानले पूर्ववर्ती आचार्यहरूका सिद्धान्तनिष्ठताप्रतिको स्वरूप तथा रस सापेक्षताको आधारलाई खोजेको देखिन्छ । तेस्रो सोपान रसविवेचनको केन्द्रीय आधार वनेर उपस्थित भएको पाइन्छ । यसरी रसको विकास खासगरी यी तीन सोपानमा भएको पाइन्छ। यी रस विकासका आधारहरू पूर्वका आचार्यहरूको दृष्टिगत रूपलाई आधार मानी गरिएको छ। पूर्वका आचार्यहरूको योगदान उनीहरूका काव्यशास्त्रका केन्द्रीय स्वरूप , आफ्नो मतलाई पुष्टि गर्ने सिद्धान्तगत प्रतिष्ठालाई आधार मानेर गरिएको छ । सिद्धान्तगत प्रतिष्ठालाई उद्भापित गर्ने पूर्वको सिद्धान्तनिष्ठता नै सोपानविभाजनको मुख्य आधार मानिएको छ।

सन्दर्भ ग्रन्थसूची

१.आनन्दवर्धन , ध्वन्यालोक ,तृतीय संस्करण : वाराणसी: ज्ञानमण्डल लिमिटेड :२०४२।

२.गुप्त ,गणपतिचन्द्र,भारतीय एवं पाश्चात्य काव्य सिद्धान्त, इलाहावाद: लोकभारती प्रकाशन, ई. सन् १९९५।

३.जगन्नाथ,रसगङ्गाधर, वाराणसी : चौखम्वा विद्याभवन :ई सन् १९४५ ।

४.दण्डी ,काव्यादर्श ,वाराणसी : चौखम्वा विद्याभवन : ई सन् १९७५ ।

५.नगेन्द्र,रस सिद्धान्त, दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस : ई सन् १९९५

६.भरत,नाट्यशास्त्र, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय : २०५२

७.भामह, काव्यालङ्कार ,द्वितीय संस्करण:विहार राष्ट्रभाषा परिषद :२०४२ ।

८.वामन, काव्यालङ्कार सूत्रवृत्ति ,वाराणसी : चौखम्वा विद्याभवन :ई सन् १९५७।

९.विश्वनाथ,साहित्य दर्पण, वाराणसी : मोतीलाल वनारसीदास :ई सन् १९८६ ।

१०.क्षेमेन्द्र,औचित्यविचारचर्चा ,वाराणसी : कृष्णदास अकादमी :२०३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको साँचो पूजा

-डा. गोविन्द टण्डन

विविधताले भरिएको विश्वमा अनेकौं किसिमका धर्महरू, मान्यताहरू आ-आफ्नो आस्था र विश्वास अनुसार मानिसहरूले युगौं-युगदेखि मान्दै आएका छन् । समयको विभिन्न कालखण्डमा परम्परागत धर्म र मान्यतामा देखिएका विकृतिहरूलाई हटाउन, पन्छाउन अनेकौं युगपुरूषहरूले जन्म लिए र भविष्यमा पनि लिने छन्, त्यसमा कत्ति शङ्का छैन । मानिसहरू धर्म के हो भन्ने कुरामा अलमलिरहेका छन् । धर्मको परिभाषा विभिन्न रूपमा गरिएको पाइने भएता पनि संक्षेपमा भन्नु पर्दा "जुन असल कुरालाई धारण गरिन्छ, जसको पालनाले व्यक्ति, समाज, राष्ट्र र विश्वको हित, कल्याण हुन्छ, प्राणीमात्रको भलो हुन्छ त्यही धर्म हो । जे-जे असल कुराहरू हुन्छन्, सात्विकता हुन्छन्, तिनलाई आत्मसात् गरेर जीवनशैली वनाउनुको नाम हो धर्म ।"

अंग्रेजी भाषाको Religion र संस्कृत भाषाको धर्मको केही भिन्नता छ । रिलिजनको अर्थ हुन्छ जोड्नु वा पुनः सम्वन्ध गाँस्नु जव कि धर्मको अर्थ हुन्छ, असल कुरा वा विषयहरूलाई धारण गरेर जीवनलाई सर्वोकृष्ट वनाउन प्रवृत हुनु, आफ्नो आत्मकल्याण हुने कार्य गर्नु, अरूको हित, कल्याण र परोपकार हुने कार्य यथासम्भव गर्नु नै धर्म हो । धर्म भनेको विधि परम्परा र कर्मकाण्डीय पद्धतिहरूको सञ्जाल मात्र हुन् भन्ने भ्रम पनि कतिलाई परेको हुन सक्छ त्यसो होइन । कुनै निश्चित दिनमा देवी देवता वा आराध्यको स्थान पुगिदिनु, केही वेर पूजा-प्रार्थनामा संलग्न हुनु, कुनै समय वा विशेष दिनमा कुनै विधिविधानसाथ केही धार्मिक कृत्य सम्पन्न गर्नु, त्यहाँवाट फर्केपछि जे गरे पछि हुन्छ, जे खाए पनि हुन्छ, जसो गरे पनि हुन्छ भन्ने जस्तो विकृत धारणा कतिपयको मनमा परेको हुन सक्छ । वास्तवमा त्यो यथार्थ धर्मको रूप होइन । धर्म भनेको सर्वोत्कृष्ट जीवन हुन सक्यो, सात्विक जीवनयापन हुन सक्यो, सद्कर्ममय जीवन हुन सक्यो, परोपकारी जीवन हुन सक्यो भने वल्ल त्यो लोककल्याणकारी सर्वहितकारी वन्न सक्छ ।

धर्मको साँचो अर्थमा रक्षा गरियो भने धर्मले हाम्रो रक्षा गर्छ । धर्मकै कारण विश्वको प्रतिष्ठा हुन सकेको छ भन्ने यथार्थलाई वुझ्नु पनि जरूरी छ । हिजोआज संस्कृति, विकृति जे-जेलाई भेट्टाइन्छ त्यसैलाई धर्म भन्ने गलत परम्परा विश्वभर वढ्दै गएको पाइन्छ । नेपाली समाजलाई पनि दिनपरदिन त्यसले गाँज्दै लगेको छ । विकृत परम्परालाई धर्मको गलत अर्थ लगाएर फैलाउने चेष्टा गऱ्यौं भने त्यसले मानिसको मनोभावलाई नै विकृत र कुण्ठित तुल्याउँछ जसको अर्थ हुन्छ धर्म होइन धर्मान्धतालाई वढाइ-चढाइ गर्नु र अन्धविश्वासलाई मलजल गर्नु । धर्मान्धता र अन्धविश्वासले जकडिएको समाजबाट न लोककल्याणका लागि कुनै उल्लेख्य काम हुन सक्छ न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रमा धार्मिक, आध्यात्मिक, भौतिक समृद्धि नै हुन सक्छन् । यसका लागि धर्मलाई यथार्थ रूपमा वुझ्नु जरूरी छ ।

धैर्य, क्षमा, दम, चोरी नगर्नु, मन, वाणी र शरीरको पवित्रता इन्द्रियहरूको संयम, सुवुद्धि, विद्या, सत्य र क्रोध नगर्नु धर्मका लक्षणहरू हुन् ।

दया, क्षमा, सत्य, अहिंसा, दान, नम्रता, प्रीति, प्रसन्नता, मीठोवोली र कोमलता धर्मलाई पुष्ट्याइ गर्ने दश यम हुन् । पवित्रता, यज्ञ, तप, दान, स्वाध्याय, व्रह्मचर्य, व्रत, मौन, उपवास, स्नान धर्मका दश नियमहरू मानिन्छन् ।

आजकाल धर्मको मूलतत्व विलीन हुँदै गइरहेको छ भने वाह्य कुराहरूमा ज्यादातर मानिसको दृष्टि गएको पाइन्छ । आफूलाई अरूले जे गर्दा, जे वोल्दा, जसो भन्दा चित्त दुख्छ मन ग्लानी हुन्छ, आफूलाई जसरी स-साना चोटपटक लाग्दा दुख्छ, पीडा हुन्छ त्यसैगरी अरूलाई पनि त्यो गर्दा दुख्छ, पीडा हुन्छ त्यसैले कुनै हालतमा पनि अरूप्रति त्यस्तो नचाँहिदो व्यवहार गर्नु हुन्न भन्ने भाव जव मनमा आउँछ तव साँचो रूपको धर्म जागेछ भन्ने सम्झनुपर्दछ । असत्यलाई त्यागेर सत्य मार्गमा हिंड्नु, अन्धकारवाट प्रकाशको मार्गमा प्रवृत हुनु अज्ञानलाई छोडेर ज्ञानको देदीप्यमान् उज्यालोमा लाग्नु, संकीर्णतावाट उदारता एवं लघुतावाट विशालताको मार्गमा प्रवृष्ट हुनु नै धर्मको सही पहिचान हो ।

ईश्वर प्रत्येक प्राणीको घटघटमा वस्नु भएको छ । कसैलाई मन, वचन, कर्मले दुःख दिन्न, सकेको उपकार गर्छु, सेवा गर्छु भन्ने कुरा व्यवहारमा देखाउन सक्नु नै वास्तवमा सही धर्मको परिपालन गरेको ठहर्छ । धर्मलाई ज्ञान, भक्ति, र सुकर्मले वढाउँछ । धर्म मान्ने मानिसमा अहम्ता हुनु हुँदैन । काम, क्रोध, लोभ मोहको वासना हुनु हुँदैन् । सात्विकता नै धर्मको गहना हो ।

हिजोआज धर्म वस्त्रपरिधानमा, टीका चन्दन, कर्मकाण्डीय विधिव्यवहार लगायत मन्दिरको परिक्रमामा वा तीर्थयात्रा जस्ता वाहिरी कुराहरूमा मात्र सीमित हुन पुगेको देखिनथालेको छ जवकि धर्म वाह्यकुरामा होइन अन्तरहृदयवाट उत्पन्न भई व्यवहार जगत्मा देखिन सके मात्र साँचो रूपको धर्मले स्थान पाउन सक्ने हो । ईश्वर प्रति निष्ठा, मान्यजन र ठूलाप्रति आदर- सम्मान प्राणी प्रति दया, करूणा, सहानुभूति, सहयोग, दान, त्यागजस्ता सद्गुणहरू अन्तरहृदयदेखि प्रष्फुटित हुने मानवोचित गुणहरू हुन् । सम्झनुपर्ने कुरा के छ भने धर्म होइन धर्मान्धता, अन्धविश्वास, अहमता र पाखण्ड वढ्ने हुन्छ, अन्तरहृदयको सदुपयोग हुन थाल्यो भने सही धर्मको परिपालनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारण व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वमा हामी साँचो सौन्दर्य, सुख, शान्ति र आनन्द पाउन सक्षम हुनेछौं ।

देखावटी धर्म कस्तो हुन्छ त्यसका लागि उदाहरण हुन सक्ने एउटा दृष्टान्त हेरौं - विहान सवेरै मन्दिरको दर्शनका लागि नियमित पुग्ने भक्त वा दर्शनार्थी वाटोमा भेटिने जतिसँग दशथरी सांसारिक विषयका कुरा गर्दै, एउटा हातमा लट्ठी अर्को हातमा चुरोट लिँदै वा नलिँदै । पाए वाटोमा देखिने कुकुर, बाँदरलाई लट्ठी, ढुङ्गाले हिर्काउँदै, भित्रदेखिको नआएको कफलाई लेघार्दै वाटो सडकको कुनाकानी होइन वीच सडकमै खकार्दै, सके सडककै छेउमै पिसाव गर्दै मन्दिरमा पुग्छ वा पुगेको हुन सक्छ। मन्दिरमा धकेल्दै भए पनि टीका-चन्दन, माला चाहिएकै छ घर फर्किने वखत दोवाटो-चौवाटोमा वीभत्स तरिकाले मारेको काटेको खसी-सुङ्गुर-वङ्गुर कुखुराको मासुको भाग किन्दै प्लाष्टिकको झोलामा झुण्ड्याउँदै घरमा पुग्छ, त्यसलाई पकाउन लगाइ आफु खान्छ, परिवारका अरू सदस्यलाई खुवाउँछ । अथवा पूजाको नाउँमा कुनै देवी देवताको मन्दिरमा वोका हाँस वा राँगो आदि जनावरलाई वलिको नाममा हत्या गरी मूर्दास्वरूपको शवलाई प्रसाद सम्झी त्यसमा रमाई-रमाई भोज भतेर गर्छ । दिनभरि निधारमा टीका चन्दन लगाएर सार्वजनिकस्थल, कार्यालय पनि जान्छ । मानौं अरूको नजरमा ऊ आफूलाई ठूलो भक्त भनाउन पछि पर्दैन । वेला- वखत व्रत वस्न पनि पछि पर्दैन । भोलि व्रत वस्नुपर्छ भनेर अघिल्लै दिन अरू दिनको भन्दा अलि वढी खान पनि चुक्दैन । व्रत सकिएको भोलिपल्ट मजासँग हिजो व्रत थियो भनेर खान हुने, खान नहुने सबै भ्याइरहेको पनि हुन्छ । अझ ऊ कुनै धार्मिक संघसंस्थाको सदस्यता मात्र लिएको नभई पदाधिकारी नै पनि हुन सक्छ । अंहिसाको कुरा आयो भने एकादशी, औंसी वा विहिवार मासु खान छोडेको छु अरू वेला त जे गरे पनि हुन्छ भन्ने आफ्नो अनुकूल विभिन्न तर्कहरु दिन पछि हट्दैन । नहुने वा गरिव गुरूवालाई सेवा गर्ने कुनै अवसर आए कुनै वहाना बनाई त्यसवाट पन्छिने स्वभावलाई आत्मसात् गरेको हुन सक्छ । कुरा सुन्दा ऊ जतिको धर्मात्मा कोही छैन जस्तो लाग्न सक्छ । संस्कृतका श्लोक वा सूक्ति पनि कण्ठ पारेर मानौं ठूलो विद्वता छ भनेर देखाउन पनि पछि परेको हुँदैन । झट्ट हेर्दा ऊ जतिको शास्त्र जानेको, धर्मलाई बुझेको व्यक्ति कोही होला र ? जस्तो नलाग्ने पनि होइन । निधारमा टीका-चन्दन गलामा देवी-देवताका विभिन्न आकृतिका माला,। हातमा गणेशको स्वरूप भएको औंठी तर व्यवहार यस्तै यस्तै अनेक क़िसिमका भएका आफुलाई धार्मिक कहलाउन चाहने वा देखिने महानुभावहरू भनौं राजसिक र तामसी प्रवृत्तिका देखावटी श्रद्धालु, ढोंगी भक्तजनहरूको संख्या हिजोआज यत्रतत्र बढ्दै गइरहेको छ । वास्तविक ईश्वरभक्त वन्न, अध्यात्मवादी वन्न, सर्वोत्कृष्ट व्यक्ति वा आर्दशवान् व्यक्ति वन्न हरेक विषयमा सात्विकतालाई नअंगाली सम्भवै छैन । माथि दिइएको उदाहरणले हामीले धर्मलाई कति विकृत रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झेका छौं भन्ने देखाउँछ । हाम्रा शास्त्रहरूमा अहिंसाको ठूलो महत्व वताइएको छ । **अहिंसा परमो धर्मस्तथा ऽ हिंसा परं तपः ।**

अहिंसा परमं सत्यं यतो धर्मः प्रवर्तते ।(महाभार. अनु. ११५ । २५)

दया पुण्य छैन हिंसा जस्तो अर्को पाप छैन भनेर देवी भागवतमा वताएको छ ।

दया समं नास्ति पुण्यं पांप हिंसा समं नहि(देवी भगवत स्कन्ध ७ ।१६।३९)

मासु भन्ने कुरा कुनै प्राणीको हत्या नगरी सम्भव छैन । शास्त्रहरूमा मासु खानेलाई हेयको दृष्टिले हेरिएको जतातते पाइन्छ । महाभारतको एक ठाउँमा मासु खाने धर्म विशिष्ट हुन सक्तैन भनी स्पष्टसँग वताइएको छ ।

मांसस्या ऽ भक्षणे धर्मोविशिष्ट इति नः श्रुति(महाभारत. अनु. ११५ । ४३)

नेपालमा विभिन्न धर्म संस्कृति मान्ने मानिसहरूको अधिकता छ । धार्मिक सद्भाव र सहिष्णुता युगौं युगदेखी नेपालको विशेषताको रूपमा रहिआएको छ । दुःखको कुरा हाम्रो देशमा धर्मको नाममा देवीदेवताको मठमन्दिरमा विभिन्न पर्व तिथिहरू यात्रा जात्रा तथा त्यसमा पनि खासगरेर दशैं तिहारमा वलिस्वरूप निरपराध पशुपंक्षीहरूलाई हत्या गरेर धर्म गरेको देखाउने विकृत परम्परा चलेको पाइन्छ । देशभरिका अधिकांश शक्तिपीठ, जगज्जगनी देवी भगवतीका मन्दिरहरूमा वलिको वीभत्यरूप देखिन्छ । यो विकृत परम्परा फेसनको रूपमा, भाकल, चढाउनको नाममा अरू वेला पनि प्रचलनमा आउन थालेको दुःखदायी छ । दशैंमा सरकारी कार्यालय, गुठीसंस्थान अन्तर्गतको मठ मन्दिरहरूमा अन्धाधुन्ध वलिको नाममा पशुपंक्षी मारिने-काटिने, वलिको लागि भनेर प्रशस्त सरकारी वजेट खर्च गरिने परम्परा जसरी चलाइएको छ त्यसमा केही छाडेर निहित स्वार्थ भएका पूजारी, रैरकमी, हाकिम र कर्मचारीहरूले तहअनुसार कटुवा पशुपंक्षीका मासु घर घरमा लैजाने र पुऱ्याउने, सम्वन्धित हाकिमहरूलाई पशुपंक्षीका मासु पुऱ्याइ खुशी पार्ने अवसर प्राप्त हुने कारणले गर्दा विकृत परम्परा भए पनि सम्वद्ध सवैको यस्तै संकुचित स्वार्थको कारण पशुवलिलाई मठ मन्दिर कार्यालयहरूमा हटाउन सकिइरहेको पाइन्न । गुठीसंस्थान अन्तर्गतका देशभरिका मठ मन्दिरहरू संरक्षण सम्वर्द्धनको अभावमा नासिने, मासिने, भत्किएर विरूप हुने क्रम यत्र-तत्र प्रशस्त देखिन्छ त्यसको विपरित वर्षेनी झण्डै रू १,५०,००,०००/- (एक करोड पचास लाख) रूपैंया पशुवलि पूजामा खर्च गरिन्छ भने यसलाई के भन्ने ? त्यसैगरी कोसीतोपाखाना अन्तर्गतका पूजा आजामा पनि ठूलै खर्च गरिँदै आएकोमा दुई वर्ष अघि एमाओवादी सरकारको पालामा देशभरिका विभिन्न शक्तिपीठहरूमा वर्षेनी ४०० वटा जति पशुवलिलाई हटाउने सूचना जारी गरेको सुखद् समाचारको मसी सुक्न नपाउँदै ठेकेदार लगायत धर्मशास्त्रका ज्ञाता, संस्कृतज्ञ कहलाउने केही व्यक्तिहरूको दवावमा वलि नरोकिने समाचार प्रकाशमा आयो । नेपाल सरकार अन्तर्गतका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रालय, विभाग, एवं कार्यालयहरूमा दशैंमा बलि पूजाको लागि अलग्गै बजेट राखिएको हुन्छ। ती सबैको हिसाव गर्ने हो भने वर्षको चार-पाँच करोड भन्दा बढीको रकम पशुवलि जस्तो पाशविक कार्यमा धर्मको नाममा खर्च हुन्छ।

हवाइजहाज, मोटर, मोटरसाइकललाई पेट्रोल-डिजेल, मोबिल चाहिन्छ भन्ने कुरा जगत्प्रसिद्ध छ तर हाम्रा केही स्वघोपित धर्मशास्त्र संस्कृतज्ञ, कर्मकाण्डका विद्वान् मानिने, व्यक्ति, पुरोहित हाकिम, इन्जिनियरहरू तिनले बलि खान्छन् भनेर सरकारी कार्यालयका सम्पूर्ण मोटर र मोटरसाइकल तथा नेपाल वायुसेवाको हवाइजहाजमा समेत बलि दिने परम्परा चलाउन पछि पर्दैनन्। पूजा भनेकै बलि सम्झने गलत प्रवृति नेपालमा जसरी सानादेखि ठूलासम्ममा, अशिक्षितदेखि मै हुँ विद्वान भन्नेहरूसम्म झाङ्गिएको छ त्यो अत्यन्त दुर्भाग्यपूर्ण छ। हुँदा हुँदा प्रधानमन्त्री सरकारी निवासमा वस्न जाँदा कालो बोकाका बलि दिएर प्रवेश गरे शुभ हुन्छ भन्ने गलत धारणलाई नेपालका हरेक प्रधानमन्त्रीहरूले चुपचाप पछ्याइरहेका छन्। म यसो गर्दिन भनेर गलत परम्परालाई प्रोत्साहन नदिने प्रधानमन्त्री नेपाल आमाले अहिलेसम्म पाउन सकेकी छैनन्। हेरौं भविष्यका नयाँ प्रधानमन्त्रीहरूले के गर्छन्। सत्ता पद, प्रतिष्ठाको भोकलाई नै सर्वोपरि सम्झिएसम्म यस्तो गलत कृत्यहरू घट्ने होइनन् अझ बढ्दै जाने निश्चित छ। हेर्दा सामान्य लागे पनि धर्म संस्कृतिमाथि वितृष्णा फैलाउन तथा समाजमा हत्या, हिंसा जस्ता नकारात्मक सोचलाई बढाउन यस्ता क्रियाकलापहरूले ठूलो भरथेग गरेको छ भन्नु अत्युक्ति हुँदैन।

वलि को शाव्दिक अर्थ अर्पण गर्नु, त्याग गर्नु भन्ने हुन्छ। हाम्रा शास्त्रहरूले आत्मसाक्षात्कारको मार्गमा वा ईश्वरप्रतिको मार्गमा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यले अवरोध ल्याउने भएकोले व्यक्तिमा निहित त्यस्ता अवगुणहरूलाई हटाउन विधिविधानसाथ पूजा- अर्चना एवं साधना गरेर आफूलाई चित्तशुद्धिको मार्गमा लाग्न गर्नु पर्ने विविध कर्तव्यका गूढ रहस्यहरूलाई बिर्सेर जसरी अबोध तथा निरपराध पशुपंक्षीहरूलाई अज्ञानतावश क्रोधको प्रतीक राँगो, मोहको प्रतीक भेडा, कामको प्रतीक बोका तुल्याई आफ्नो पेट र जिब्रोको स्वादका लागि धर्म, संस्कृति र परम्पराको नाउँमा जे -जति हिंसा गरिरहेका छौं। त्यो धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यको दृष्टिकोणले उपयुक्त कर्म हो भन्न सकिने आधारहरू कँही कतै छैनन्। बचाउन सहयोग गर्न सबैले सक्छन् तर अर्काको शरीरघात गरेर प्राणै हर्ने अधिकार कसैलाई छैन।

मृत्युको भय सबै प्राणीहरूलाई उति नै हुन्छ जति मानिसलाई हुन्छ। आफुलाई स-साना घाउचोट लाग्दा कम्पाउण्डर र डाक्टरको खोजी गर्दै स्वास्थ्यचौकी र अस्पताल धाउन पछि नपर्ने मानिसहरूमा निरीह पशुपंक्षीलाई भने भयानक क्रूरता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र संवेदनहीनताको पराकाष्टामा पुगेर हेर्दा रत्तिभर दया, माया, करूणा निस्किदैन भने मानिसमा हुनुपर्ने मानवता कता हरायो ?

पौराणिक कालका आततायी राक्षसहरूका अनेकौं किसिमका कुकर्मका कथाहरू सुन्दा आज पनि जो कोहीको डर र भयले जिउ सिरिङ्ग हुन्छ तर त्यस्तै किसिमका राक्षसी प्रवृति आज पनि ज्यूँकात्यूँ रहिरहेकोमा आफुलाई हेर्ने समय मानिसमा नभएर हो कि उ त्यस्तै क्रुरताका कार्य गर्न कति पछाडि हटिरहेको पाइन्न। संसारको कुनै पनि धर्ममा पशुपंक्षीलाई मारे धर्म हुन्छ भनेर सिकाएको छैन। सकेसम्म उनीहरलाई बचाउन सहयोग गर्नका लागि नै अनेक किसिमका विधिव्यवहारहरू के गर्नु हुने, के गर्न नहुने अनुशासन र कर्तव्यका कुराहरूको उल्लेख गरेको पाइन्छ।

आफुलाई कसैले गल्तीले सानो दुःख दियो भने त्यसमाथि जाइलाग्ने मानिस मानवअधिकारको कुरा गरेर विश्वलाई थर्काउन पछि पर्दैन तर आफुजस्तै ईश्वरको सन्तान पशुपन्छीहरूलाई अनाहकमा मारेर, हत्या गरेर, शिकार खेलेर ठूलो पुरूषार्थ गरेको सम्फन्छ, पुण्य कार्य गरेको अभिमान गर्छ कस्तो विडम्वना ! बुद्धि र विवेकको कारण संसार कै सर्वोत्कृष्ट प्राणी मानिसले पशुजगत्माथि गर्ने गरेको अन्याय, अत्याचारलाई क्रमश कही कतैवाट रोक लगाँउदै नजाने हो भने संसारमा हिंसा हत्या र पाशविक कृत्यहरू अरू वढ्दै जाने छ भन्ने कुरामा कुनै शंका छैन। जसरी कुनै व्यक्तिलाई अमुक रोग लाग्यो भने रोगीसँग होइन रोगसँग मानिस डराउँछन्। ठीक त्यसैगरी गलत प्रवृति र परिपाटीको सन्दर्भमा पनि उसले गरेको कर्मको फल उसैले भोग्छ हामीलाई केको चासो भनेर छोडिदिने हो भने समाजमा असत् कुराहरूले हुर्कने वढ्ने मौका पाउँछन् जसको कारण पुरै समाजले जानी नजानी अनेक किसिमका प्रताडना पाउने हुन्छ।

शास्त्रहरूमा धर्म के हो ? धर्म कस्तो हुन्छ ? भन्ने वारेमा यत्र-तत्र चर्चा पाइन्छ। भनिएको छ।

यतोऽभ्युदय निःश्रेय ससिध्दि स धर्मः। **(बैशेषिक दर्श अ. १. सु. २)**

अर्थात्, जसवाट इहलौकिक अभ्युदय र पारलौकिक परम कल्याणको प्राप्ति हुन्छ त्यही हो धर्म। सारांशमा जहाँ लौकिक उत्थान हुन्छ, जीवनको सुधार हुन्छ, सात्विक स्वभाव एवं सत् गुणको प्राप्ति हुन्छ, जसवाट मानवजीवनको परम लक्ष्यको पूर्ति हुन्छ, आचरणको परिशुद्धि हुन्छ, मनुष्यत्वको उजागर हुन्छ त्यही नै अभ्युदय हो। जहाँ सत्य एवं शाश्वत वस्तुको प्राप्ति हुन्छ, सर्वोत्कृष्टताको वोध एवं सर्वोच्च ज्ञान उपलव्ध भई जीवन धन्य वन्छ, आफ्नो परिवारको समाजको राष्ट्रको र विश्वको महान् हित हुन्छ, परम कल्याण हुन्छ, शान्ति हुन्छ आनन्दको प्राप्ति हुन्छ त्यही मोक्षप्राप्ति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारणाद्धर्ममित्याहुर्धर्मो धारयते प्रजा : ।
यत् स्याद्धारण संयुक्तं स धर्म इति निश्चय : ॥(महाभारत, कर्णपर्व अ. ६९ । श्लोक ५८)

हिन्दुधर्मशास्त्रहरूमा त परोपकार दया, करूणा, सेवा आदि गुणहरूलाई मनुष्यको भूषण तथा मोक्षको आधार मानिएको छ । धर्मशास्त्रहरूमा यस्ता सद् वचनहरू प्राप्त हुन्छन् । कि ती सवै मन्त्रसमान छन् परोपकाराय संता विभूतय, अंहिसा परमो धर्म प्राणिनामार्तिनाशनम्, परोपकाराय पुण्याय पापाय परपीडनम्, सर्वभूतहितेरता, जस्ता महान् उपदेशहरूले हाम्रा शास्त्रहरू भरिएका छन् । वेददेखि पुराण, तन्त्र साहित्य सवैको अनुशीलन गर्दा के वुझिन्छ भने सवै शास्त्रहरूले मूल मार्गदर्शन र प्रवृति अंहिसालाई प्रोत्साहित गर्नु र वढाउनु नै रहेको पाइन्छ । मानवजीवनको सवैभन्दा ठूलो लाभ वुद्धि, विवेक र धर्मकार्य गर्न सक्ने क्षमता र चेतना हुनु हो । मानिस आफूभन्दा असमर्थ प्राणीहरूको दु:ख कष्ट र अभावहरूलाई हटाउने क्षमता राख्छ । प्राणीवध, जीवहिंसा आदिद्वारा कसैलाई कष्ट दिनु सर्वथा निन्दनीय कार्य हो । संसारको सर्वोत्कृष्ट प्राणी मानिएको मानिसको लागि यस्ता अशोभनीय कर्महरू कतै सुहाउँदैन ।

यजुर्वेदमा अहिंसाको प्रतिपादन गर्दै भनिएको छ कि

अश्वं .... मा हिंसी .... ॥ १३ । ४२ ॥

गां मा हिंसीरदितिं विराजम् ....॥ १३ । ४३ ॥

अविं .... मा हिंसी: ॥ १३ । ४४ ॥

इमं मा हिसीद्धिपादं पशु .... ॥ १३ । ४४ ॥

इमं मा हिंसीरेकशफं पशुं कनिक्रदं वाजिनं ...... १३ । ४८ ॥

घृंत दुहानामदिति जनायाग्रे मा हिंसी: ...... ॥ १३ । ४८ ॥

इममूर्णाययुं .... मां ...... हिंसी: .... ॥ १३ । ५० ॥

ओषधये त्रायस्व स्वधिते मैन हिसी : ॥ ४ । १ ॥

मा हिं सिष्ट पितर: केनचिन्नो ॥ १९ । ६२ ॥

मा हिंसी पुरूषं जगत् ॥ १६ । ३ ॥

मा हिंसीस्तन्वा प्रजा: ॥ १२ । ३२ ॥

अर्थात घोडालाई नमार । जो मार्न योग्य छैन त्यसलाई नमार । भैंडालाई नमार, दुई खुट्टे प्राणीहरूलाई नमार, दूध, र घीउ दिने कारण वाखालाई हिंसा नगर, ऊन दिने हुनाले भैंडालाई नमार । हे औषधी ! रक्षा गर हे, शस्त्र ! हिंसा नगर । हे रक्षकहरू हो ! कसैलाई पनि हिंसा नगर, मानिसको हिंसा नगर, हिंसालाई छोडी देउ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्को वचन छ - कामक्रोधलोभादय: पशव:, अर्थात, काम क्रोध, लोभ मोह आदि पशु हुन् तिनैलाई यज्ञमा होम गरिदिनु पर्छ भनिएको छ । त्यसैगरी भैरवयामल तन्त्रमा भनिएको छ ।

कामक्रोधसुलोभमोहपशुकांच्छत्वा विवेकासिना ।

भासं निर्विषयं परात्मसुखदं भुञ्जन्ति तेषां बुधा : ॥

अर्थात विवेकी व्यक्ति काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर प्राणीहरूलाई सुख दिने निर्विषयरूप मासंभक्षण गर्छ भनी स्पष्टरूपमा काम, क्रोध, लोभ, मोहलाई पशु वताइएको छ न कि कुनै प्राणीविशेषलाई ।

महानिर्वाणतन्त्र तन्त्रको महान् ग्रन्थ मानिन्छ त्यहाँ वताइएको छ

कामक्रोधौ द्वौ पशू इमावेव मनसा बलिमर्पेत् ।

कामक्रोधौं विध्ननकृतौ बलिं दत्वा जपं चरेत् ॥

अर्थात्, काम र क्रोधरूपी विघ्नकारी पशुहरूलाई वलिदान गरेर उपासना गर्नुपर्छ । यही नै शास्त्रोक्त वलिको रहस्य हो । प्रतीकात्मकरूपमा यो आत्मशुद्धि, कुविचार, अवगुण, कषाय कल्मषहरूवाट आफुलाई बचाउन गरिने उपासना हो न कि अवोध निरीह प्राणीहरूलाई मारेर धर्मको नाउँमा अधर्म गर्ने कुरा ।

धर्मको व्याख्या एवं सदाचारको शिक्षाको दृष्टिकोणले महाभारतलाई सर्वश्रेष्ठ ग्रन्थ मानिन्छ । त्यहाँ धर्मका सत्य सिद्धान्तहरू यत्रतत्र प्रशस्त पाइन्छ । त्यहाँ धर्मको मर्मलाई राम्ररी वुझेका महात्मा भीष्मले मासु, मदिरा आदि निकृष्ट पदार्थहरूको निषेध गर्दै भनेका छन् ,।

"यज्ञमा मासु, मदिरा, सुरा आदिको व्यवहार धूर्तहरूले प्रचलित गराएका हुन् ।" वेदमा यसको कही उल्लेख पाइदैन । यस कुराको समर्थन व्रह्मपुराणमा पनि पाईन्छ । त्यहाँ भनिएको छ, **"वेदमार्ग प्रलीनं च पाखण्डाद्ये ततो जने,"** अर्थात वेदलाई पाखण्डीहरूले थपथाप पारेर दूषित पारिदिएका छन् । अहम्ता, जिब्रोको स्वाद र पेटभरणको लागि यसको प्रचार गरेका हुन् । अन्यथा सच्चा व्राह्मण अर्थात् जसले व्रह्मलाई वुझेको छ उसले सवै प्रकारको यज्ञमा कण कणमा व्याप्त ईश्वरको भजन, गुणगान र गाईको दूध, फलफूल, मेवामिष्टान्नद्वारा सात्विक यज्ञापद गर्छन् । वैद्धिक नियमको अनुसार हवनमा विभिन्न धार्मिक महत्वका वृक्षहरूको हाँगाविँगाद्वारा तयार पारिएको समिधा, जौ तिल र सुगन्धीहरूको उपयोग गर्छन् । जो व्यक्ति यसभन्दा विपरित यज्ञमा हिंसाको विधान वताउँछन् । तिनीहरू धर्म होइन, अधर्म चाहने, अज्ञानी र संशयात्मा व्यक्ति हुन् भन्ने सम्झनुपर्छ । अंहिसा नै सवैं कर्ममा श्रेष्ठ मानिन्छ । मन, वचन, र कर्मद्वारा गरिने अंहिसा महान् मानिएको छ । साँचो रूपमा धर्मलाई आत्मसात् गर्न चाहने व्यक्तिले अंहिसा धर्मको पालन गरी सात्विक वन्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरूरी छ । जो व्यक्ति यसको विरूद्ध आचरण गर्दै यज्ञको नाममा पशुहिंसा गरेर प्रसादको नाममा मासुको सेवन गर्छन् गराउँछन् त्यस्ता व्यक्ति कदापि धार्मिक व्यक्ति हनु सक्दैनन् । त्यस्ता व्यक्ति त धर्मलाई दूषित तुल्याउने पद, प्रतिष्ठा र शक्तिको पछि लाग्ने जिब्रोको स्वादमा अलमलिएका स्वार्थले ग्रस्त पाखण्ड धर्म फैलाउनेहरू हुन् भनिदिए फरक पर्दैन । मासु खानेको चित्तशुद्धि हुँदैन । आत्मचिन्तन, ईश्वरसाक्षात्कार एवं समभावको विकास धर्म अध्यात्मको क्षेत्रमा एकदमै महत्व राख्दछ । विना चित्तशुद्धि तिनको प्राप्ति गाह्रोमात्रै होइन असम्भवै छ भनिदिए हुन्छ । भनिएको पनि छ **नो दया मांस भोजिनाम् (चाण्क्यनीति अ. १/१५)** अर्थात् मासु खानेहरूमा दया हुँदैन । जसले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ । कोदो रोपेर धान फल्न सक्तैन । असल गर्नेले असल र खराव गर्नेले खराव परिणाम भोग्नै पर्ने हुन्छ । जस्तो कर्म या व्यवहार हामी अरूलाई गर्छौ त्यस्तै हामीलाई पनि प्राप्त हुन्छ । पशुहत्या क्रुरताको पराकाष्ठा हो, जसबाट कुनै असल परिणती हुने कुरा कुनै पनि वुद्धि विवेक भएको विचारशील व्यक्तिले पत्याउन सक्तैन । धर्मशास्त्रहरूमा यसको नकारात्मक पक्षसँग सम्वन्धित अनगिन्ती उदाहरणहरू पाइन्छन् ।

देवोपहारव्याजेन यज्ञाव्याजेन येऽथवा च ।
हन्ति जन्तून् गतघृणा घोरां ते यान्ति दुर्गतिम् ॥

अर्थात् जो मानिस देवतालाई चढाउन या यज्ञको वहानामा पशुप्राणीलाई मार्दछ त्यस्तो निर्दयी व्यक्तिले घोर दुर्गतिलाई प्राप्त गर्दछ ।

प्राणीघातात् तु यो धर्म मोहनं मूढमानसा : ।
स वाञ्छन्ति सुधावृष्टि कृष्णाहिमुखकोटरात् ॥

अर्थात जो मुर्ख वुद्धि भएको व्यक्ति प्राणीहरूको वलि दिएर धर्मको आकांक्षा गर्दछ त्यस्तो व्यक्ति कालो सर्पको मुखवाट अमृतको इच्छा गर्ने समान हो ।

अन्धे तमसी मज्जाम पशुभयै यजामहे ।
हिंसा नाम ये वेद धर्मो न भूतो न भविष्यंति ॥

अर्थात्, हामीमा जो व्यक्ति यज्ञमा पशुलाई मार्दछ त्यो अन्धकारतर्फ अग्रसर हुन्छ । हिंसाको परिणाम पहिले न कहिल्यै धर्म भयो न भविष्यमा नै होला ।

छागं यो हन्ति छागो मृत्वा च खडगभृत् ।
सुरथं परलोके हि पशवो जघ्नारित्युत ॥

अर्थात्, जो व्यक्ति वाख्रालाई मार्दछ, उसलाई त्यो वाख्राले परलोकमा खड धारण गरेर त्यसैगरी मार्दछ जसरी बलि दिएको पशुले सुरथ राजालाई मारेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पद्मपुराणको पद्मोत्तरखण्डमा (१०४-१०५) पार्वती आफ्नो श्रीमुखवाट भगवान् शंकरलाई भन्नुहुन्छ ,

स्वयं कामाशयो भूत्वा योऽ ज्ञानेन विमोहितः ।
हन्त्यन्यान् विविधान् जीवान कृत्वा मैत्राम शङ्कर : ॥
तद् राज्यवंशसम्पत्तिज्ञानदारादिसम्पदाम् ।
अचिराद्वै भवेन्नाशो मृतः स नरकं व्रजेत् ॥

अर्थात्, हे शङ्कर ! स्वयं फलको इच्छाले अज्ञानान्धकारको कारण मेरो नामले विभिन्न प्रकारको जीवहरूको जसले मारकाट गर्छ त्यसको राज्य वंश सम्पत्ति, ज्ञान र स्त्री आदि समस्त ऐश्वर्य केही समयमा नै नष्ट हुन्छ । त्यस्तो व्यक्ति मृत्युपश्चात् नरकमा जान्छ ।

त्यसैगरी अर्को ठाउँमा भनिएको छ ।

देवयज्ञे पितृश्राध्दे तथा मांगल्यकर्मणि ।
तस्यैव नरके वासो यः कुचज्जीवघातनम् ॥
मद्व्यजेन पशून् हत्वा यो यज्ञेन सह बन्धुभि : ।
तज्ञात्रलोमसंख्यादैरसिपत्रवने वसेत् ॥
आत्मपुत्रकलत्रादिसुसम्पत्ति कुलेन्छ्या ।
यो दुरात्मा पशून् हन्यात् आत्मानं घातयेत् स्वयम् ॥

अर्थात्, देवयज्ञ, पितृश्राध्द तथा अन्य कल्याणकारी कार्यहरूमा जो व्यक्ति जीवहिंसा गर्दछ त्यो नरकमा जान्छ। मेरो वहानाले जो मनुष्य पशुलाई मार्छन्, आफ्ना इष्टमित्रसाथ मासु खान्छन् उनीहरू पशुको शरीरमा जति रौं छन् त्यति नै वर्ष असिपत्रनामक नरकमा वस्छन् । यसैगरी जो मानिस आत्मा, स्त्री छोरा, लक्ष्मी र कुलको इच्छाले पशुबलि गर्दछन् उनीहरू स्वयं आफ्नो नाश गर्दछन् ।

पद्मपुराणमा अझ स्पष्ट शव्दमा भनिएको छ ।

ये ममार्च नमित्यकत्वा प्राणीहिंसनत्तत्पराः
तत्पूजनं ममोमेध्य य द्योषातदषोगतिः ॥
मदर्थे शिव कुर्वन्ति तामसा जीवधातनम् ।
आकल्पकोटि निरये तेषां वासो न संशय ॥
यस्तु यज्ञे पशुन्हत्वा कुर्याच्छोणित कर्दमान् ।
स पचत्ररके तावद्यावल्लोमानि तस्य वै ॥
जाननि को वेद पुराण तत्वं ये कर्मठा : पण्डितमायुक्ताः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकायामास्ते नरकं पतन्ति कुर्वन्ति मूर्खाः पशुघातं चेत् ॥

अर्थात् जो व्यक्ति मेरो पूजाको विचारले प्राणीहरूको वध गर्दछ, त्यस्ताको पूजा अपवित्र हुन्छ। यस प्रकारको हिंसाको दोषले उसको अधोगति हुन्छ। हे शिव ! तामसिक वृत्ति भएको व्यक्तिले नै यस्तो कार्य गर्छ। करोडौं कल्पसम्म त्यस्ताको नरकमा वास हुन्छ, यो निश्चय छ। जो व्यक्ति यज्ञमा पशुहरूलाई मार्दछ त्यस्तालाई नरकमा अत्यन्त कष्ट हुन्छ। वास्तवमा अभिमानले ग्रस्त कर्मकाण्डी वेद र पुराणको तत्वलाई वुझ्दैनन्। पशुहरूलाई हत्या गर्नेहरू लोकाधम अर्थात् मूर्ख हुन्।

माथि दिइएका सवै उदाहरणहरूवाट स्पष्ट हुन्छ कि पशुवलि र पशुवधको परिणाम उत्कृष्ट नभई निकृष्ट प्रकारको छ।

मारिन लागेको पशुलाई जो वचाउन उद्यत हुन्छ, पशुवलि एवं पशुहिंसाको सम्वन्धमा फैलिएको भ्रान्त धारणालाई मानिसको हृदयवाट निकाल्न जो प्रयत्न गर्दछ, पशुबधजस्तो अन्याय र अत्याचारलाई सहन गर्न नसकी जो त्यसको विरोधमा आवाज उठाउँछ, चेतना वढाउन मद्दत गर्दछ उसले ईश्वरवाट ठूलो आशिर्वाद प्राप्त गर्दछ। यस विषयमा श्रीमद्भागवत महापुराणमा भनिएको छ ,

सर्वे वेदाश्च यज्ञाश्च तपो दाननिचानघ।

जीवनभयदानस्य न कुर्विरून कलामपि ॥

अर्थात्, हे अकलंक !सवै वेद यज्ञ, तप, दानबाट प्राप्त हुने पुण्य त्यस्तो व्यक्तिको लागि केही पनि महत्व राख्दैन जो जीवलाई अभयदान दिने पावन कार्यमा समर्पित हुन्छ।

महाभारतमा हिंसा हत्या त्याग्ने तथा मासु नखाने मानिसले ठूलो पुण्य प्राप्त गर्ने कुरा बताउँदै भनिएको छ।

वर्षेवर्षे ऽश्वमेधेन यो यजेत शतं समाः।

यस्तु मांसं न खादते तयो : पुण्यफलं समम्।(महा.अनु. ११५)

अर्थात्, लाखौं-लाख रूपैया खर्च गरेर सय वर्षसम्म अश्वमेध यज्ञ गरेको फल र हिंसा-हत्या त्यागेर मासु नखाएमा बराबरी धर्म हुन्छ।

यस विषयमा स्कन्दपुराणमा अझ स्पष्ट पार्दै भनिएको छ।

धर्ममूलमहिंसा न मनसा तां च चिन्तयन्।

कर्मणा त तथा वाचा तत एतां समाचरेत्। स्कन्दपुराण, ६।२३४।१९

अर्थात्, धर्मको मूल अहिंसा हो। त्यो अंहिसा धर्मलाई मनले खुव चिन्तन गरी विचार गर्नु। पुनः यो अहिंसा धर्मलाई कर्मले र वचनले सम्यक आचरण गर्नुपर्दछ।

जीवलोकमा जे-जति छन् सबै भगवानकै अंश हुन्। भगवान् श्री कृष्णले गीतामा स्पष्ट शव्दमा भन्नुभएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ममैवांसो जीवलोके जीवभूतः सनातन : (गीता १५ । ७)
अर्थात् जीवलोकमा जे जति छन् मेरै अंश हुन्। अतः जीव वलि दिनु भनेको भगवानकै हत्या गर्नु बराबर हो भन्ने देखिन्छ। यसबाट के देखिन्छ भने ईश्वरको साँचो पूजा अरूलाई मार्नु काट्नु दुःख दिनु, प्रताडना दिनु नभई आफुजस्तै सबै प्राणीलाई सम्झिएर बाँच र बाँच्न देऊ, वसुधैव, कुटुम्बकम् को सिद्धान्त र भावनालाई मूर्तरूप दिई तदनुकूलको जीवन व्यतीत गर्नु र त्यसलाई जीवनशैली वनाउनु नै साँचो ईश्वरपूजा हो, धर्म हो।

नेपालमा वौद्धिक, बौद्ध, जैन, सिख धर्मलाई मान्नेहरू छन्। त्यसैगरी इस्लाम र क्रिश्चियनहरूको पनि बसोबास रहिआएको छ। नेपालमा हिन्दुधर्म मान्नेहरूको आधिक्य छ। धार्मिक सद्भाव नेपालको विशेषताको रूपमा युगौं युगदेखी रहँदै आएको छ।

आजकाल हाम्रो देश वलिको नाउँमा निरपराध पशुपन्छीहरूलाई हत्या गरेर धर्म कमाउन खोज्ने विकृति बढ्दै गएको जो कोही अहिसाप्रेमीको लागि दुःख लाग्नु स्वभाविक हो। विभिन्न तिथि पर्वहरूमा खास गरी देशभरका शक्तिपीठहरूमा, देवी भगवतीका मन्दिरहरूमा, गणेश भैरव तथा स्थानीय देवीस्थानहरूमा पशुपंक्षीको वलि दिने चलन देखासिकीमा हुँदै जानु अत्यन्त दुःखद् छ। यसले धर्ममा आस्था राख्ने सच्चा साधकहरूलाई अत्यन्त दुःख पीडा भइरहेको स्मरणीय छ। अझ विजयादशमी तिहार, माघेसङ्क्रान्ति, वुद्धपूर्णिमा, जनैपूर्णिमा, देवालीजस्ता पावन र पवित्र अवसरहरूमा अन्धाधुन्ध पशुवलि गर्ने फेसन जसरी यत्रतत्र देखिन्छ त्यस्तो विकृति ग्रस्त चलनको कारण हामी कता गइरहेका छौं भन्ने प्रश्न जो कोहीको मनमा उठ्ने गरेको छ; वलिको सही अर्थ त्याग भएकोले हामीलाई आत्मज्ञानको लक्ष्यमा पुग्न बाधा-व्यवधान पार्ने काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता दुर्गुणहरूलाई त्याग्नु वलिको वास्तविक वाच्यार्थ हो। तर त्यसको मर्मलाई विर्सेर आज हामी जसरी अबोध, लाटा-सोझा निरपराध ईश्वरका सन्तानस्वरूप पशुपंक्षीहरूलाई आफ्नो जिब्रोको स्वाद र पेटभरणको लागि हिंसा गरिरहेका छौं त्यो कुनै पनि हालतमा शास्त्रसम्मत छैन। **यदि कसैले पशुबलिलाई धर्म भन्छ भने अधर्मचाँहि के होला ? आफ्नो आत्मालाई साक्षी राखेर सोचौं।** वुद्धि विवेकले सम्पन्न भनिने मानिस आफुलाई कसैले गल्तीले सानो दुःख दियो भने त्यसमाथि विविध रूपले जाइलाग्न पुग्छ र मानवअधिकारको कुरा गरेर विश्वलाई थर्काउन पछि पर्दैन। तर आफु जस्तै ईश्वरको सन्तान पशुपंक्षीलाई मारेर, हत्या गरेर पुरूपार्थ गरेको ठान्छ। ठूलो धर्म गरेको सम्झिन्छ कस्तो विडम्वना ! वुद्धि विवेक र धर्मको कारण संसारकै सर्वोत्कृष्ट प्राणी मानिसले पशुजगत्माथि गरेको र गर्ने गरेको अन्याय, अत्याचारलाई क्रमशः रोक लगाउँदै वा निषेध गर्दै नजाने हो भने ससारमा हत्या, हिंसा र पाशविक कृत्यहरू अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वढ्दै जाने कुरामा कुनै शङ्का छैन । यस्तै स्थिति रहे यो विश्व कुनै हालतमा एक दिन वस्नलायक समेत हुने छैन । विश्वमा वढ्दै गइरहेको उष्णतामा पनि मांसाहारको लागि पालिने गरेका वस्तुभाउ एवं मांसाहारको साझेदारी रहेको कुरामा वैज्ञानिकहरूको झण्डै झण्डै एकस्वर छ । अनेक प्रकारका रोगको कारकतत्वको रूपमा समेत मांसाहार रहेको छ । आध्यात्मिक रूपले वलिको अर्थ गहन र सुक्ष्म छ । हामी केवल सतही र वेकारका कुरामा अलमलिरहेका छौं । आध्यात्मिक रूपले वलि तीन किसिमका छन् ।

१. जीवात्मभावलाई परमात्मामा समर्पण गर्नु ।

२. काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता दुर्गुणहरूलाई त्यागिदिनु ।

३. कुनै इन्द्रियविषय अर्थात् आफुलाई नभई नहुने तर स्वास्थ्यलाई अत्यन्त हानि गर्ने क्रियाकलापलाई त्याग्नु ।

सम्पूर्ण हिन्दुशास्त्र वेद, उपनिषद, रामायण, महाभारत, स्मृति, पुराण आदि तथा ऋषि महर्षि, नीतिज्ञ, नीतिकार आदिले पशुवलिको घोर निन्दा गरेको विषयमा माथि वताइसकियो । त्यसैगरी विश्वका सम्पूर्ण शास्त्रहरू धम्मपद, वाइवल, कुरान, जैन, यहुदी आदि धर्मका शास्त्रहरूमा समेत पशुवलिलाई कुनै स्थान छैन ।

पशून् पाहि मा हिंस्यात् सर्वाणि भूतानि अर्थात् पशुहरूको रक्षा गर कुनै पनि प्राणीलाई नमार भन्ने यजुर्वेदको उद्घोष छ । **कामक्रोधौं विघ्नकृतौ बलि दत्वा जपं चरेत्** अर्थात् काम क्रोध यी दुवै पशुहरू ठूला विघ्नकारी हुन् तिनको वलिदान गरिदिनुपर्छ । यही नै सद्धर्मसम्मत शास्त्रको तात्पर्य हो । (**महानिर्वाणतन्त्र**)

यसरी विभिन्न शास्त्रमा दिइएका वर्णनहरुवाट समेत के देखिन्छ भने ईश्वरको साँचो पूजा भनेको वाँच र वाँच्न देउ को भावनाले **"वसुधैव कुटुम्वकम्"** लाई आत्मसात् गरी सात्विकतापूर्ण जीवनयापनको माध्यममा सफल, ठूलो होइन वरू असल वन्न हरसम्भव प्रयत्न गरी ईश्वरनिष्ठामा रही सवैको हित एव कल्याणमा जीवनको सदुपयोग गर्नु नै ईश्वरपूजा हो । गलामा माला, निधारमा टीकाचन्दन धारण गरेर कोही धर्मात्मा वन्ने होइन । धार्मिक व्यक्ति त उ हो जसले आफ्नो हरेक कर्मलाई सुकर्ममय वनाउँछ र जीवनको सही सदुपयोग गर्दछ, मन, वचन, कर्मलाई सात्विक तुल्याउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दको सैद्धान्तिक स्वरूप, परम्परा र पुनर्जागरणकाल

✍ देवी नेपाल (उपप्राध्यापक)
वाल्मीकि विद्यापीठ, काठमाडौं

१. छन्दको सैद्धान्तिक स्वरूप

कविको कृतिलाई काव्य भनिन्छ। काव्य दुई किसिमका हुन्छन्- गद्यकाव्य र पद्यकाव्य। लयगत एकरूपता वा छन्दगत मर्यादामा नबाँधिएका तर काव्यात्मक ललित शब्दयुक्त रचनालाई 'गद्यकाव्य' भनिन्छ भने नियमित लयवद्ध कवितात्मक रचनालाई 'पद्यकाव्य' भनिन्छ। 'पद्यकाव्य' नै 'छन्दकाव्य' हो। सामान्यत: पद्य, छन्द वा लय भन्नु एउटै हो। 'छन्द' भनेको कविताको लय हुँदाहुँदै पनि परम्परागत रूपमा छन्द भन्नासाथ कविताका सवैखाले लयलाई नसमेटेर शास्त्रीय नियमअनुसार गणव्यवस्था गरी भावनालाई अभिव्यक्त गर्ने कविताको लयलाई मात्र समेट्ने गरिन्छ। छन्दलाई 'वृत्त' पनि भनिन्छ। त्यही छन्दोवद्ध, लयवद्ध वा वृत्तमय काव्य नै 'पद्यकाव्य' हो। "छन्दोवद्ध पदं पद्यम्" विश्वनाथको यस भनाइले पनि उक्त कुराकै पुष्टि गरेको छ।

१.१. छन्द शव्दको व्युत्पत्ति

वाचस्पत्यम् संस्कृत शव्दकोशका अनुसार 'छदि संवरणे' धातुमा 'इयसुन्' प्रत्यय लागेर 'छन्दस्' शव्दको निर्माण हुन्छ र यसको अर्थ हुन्छ- 'आकाशले जस्तै सवैतिर ढाक्नु'। यस व्युत्पत्तिका आधारमा 'छन्दस्' शव्द हलन्त हो। 'छन्दांसि जज्ञिरे' वेदमा उल्लिखित यस वाक्यले 'छन्दस्' शव्दकै पुष्टि गरेको छ। 'छदि आह्लादने' धातुमा 'अच्' प्रत्यय लागेर 'छन्द' शव्दको निर्माण हुने अर्को मान्यता पनि पाइन्छ। यस व्युत्पत्तिका आधारमा चाहिँ 'छन्द' शव्द अजन्त हो। 'मूर्खः छन्दानुवृत्या च' यस भनाइले छन्दलाई अजन्त शव्दका रूपमा मान्यता प्रदान गरेको छ। अजन्त छन्द शव्दको अर्थ हो, 'आनन्द दिनु'। व्यावहारिक रूपमा हेर्दा यसका लागि पहिलोभन्दा दोस्रो अर्थ नै उपयुक्त देखिन्छ। वालकदेखि वृद्धसम्मलाई लयका तरङ्गमा लठ्ठ पार्ने छन्दको शक्तिलाई हेर्दा र यसको साङ्गीतिक झङ्कारले पशुप्राणीदेखि चराचुरुङ्गीसम्मलाई पनि लोभ्याएको देख्दाचाहिँ यसको दोस्रो अर्थ नै शक्तिशाली भएजस्तो लाग्छ। चाहे जे भए पनि संस्कृत साहित्यपरम्परामा चाहिँ यी दुवै अर्थको प्रयोग वरावरजस्तो देखिन्छ।

नेपाली लोकजीवनमा पनि 'छन्द न बन्दको कुरा' वा 'छन्द न बन्दको मान्छे' भन्ने चलन छ। यसले नियमसङ्गत नभएको, लय नमिलेको वा गति, यति एवं सन्दर्भसँग नजोडिएको भन्ने अर्थ दिइरहेको छ। यसका आधारमा हेर्दा पनि छन्द शव्दले अनुशासन र आनन्द दुवै कुराको अपेक्षा गरेको पाइन्छ।

१.२. छन्दको उत्पत्ति र विकास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी छ वेदका अङ्ग मानिन्छन् । पाणिनिले **'छन्दः पादौ तु वेदस्य'** लेखेबाट पनि छन्दको सम्वन्ध वेदसँग जोडिएको थाहा हुन्छ । वेदमा गायत्री, त्रिष्टुप्, जगति, पङ्क्ति, अनुष्टुप्, वृहति, उष्णिक् आदि छन्दको चर्चा पाइन्छ । वेदलाई अलौकिक सिर्जना मान्नेहरूले छन्दको उत्पत्तिलाई पनि अलौकिकतासँग जोडेका छन् । छन्दको प्रत्यक्ष सम्वन्ध सङ्गीतसँग जोडिएको छ । सङ्गीतको उत्पत्ति सामवेदबाट भएको हो । त्यसैले सङ्गीत र छन्द समकालीन हुन् र यी दुईको उद्‌गमस्थल वेद नै हो भन्न सकिन्छ ।

रामानुजाचार्यका गुरु एघारौं शताव्दीका यादवप्रकाशले पिङ्गलसूत्रको टीका लेख्ने क्रममा छन्दको आलौकिकतालाई पुष्टि गर्नका लागि गुरुशिष्यपरम्पराको यस्तो शृङ्खला प्रस्तुत गरेका छन्- "छन्दको ज्ञान सर्वप्रथम भगवान् शिवलाई भएको हो । यसपछि क्रमशः शिववाट विष्णुले, विष्णुवाट इन्द्रले, इन्द्रवाट वृहस्पतिले, वृहस्पतिवाट माण्डव्यले, माण्डव्यवाट सैतवले, सैतवबाट यास्कले र यास्कवाट पिङ्गलले छन्दको ज्ञान प्राप्त गरेका हुन् ।" उपर्युक्त शृङ्खलाले पनि छन्दलाई दैवी ज्ञानकै रूपमा प्रस्तुत गरेको छ । त्यस दैवी ज्ञानलाई मानवसम्म ल्याइपुऱ्याउने प्रथम आचार्य पिङ्गल हुन् ।

छन्दशास्त्रीय विकासमा यस्तो इतिहास फेला परे पनि यसको प्रयोगगत व्यावहारिक मान्यता भने छुट्टै छ । एकदिन महर्षि वाल्मीकि आफ्ना शिष्यहरूका साथमा तमसा नदीमा स्नान गरेर घर फर्किँदै गर्दा बाटामा अचानक प्रेमालापमा मग्न क्रौञ्चदम्पती (कऱ्याङ्गकुरुङ्गका जोडी) मध्ये एकलाई एउटा व्याधाले वाण हानेर मारिदियो । आफ्नो भाले मरेपछिको पोथीको चीत्कारले वाल्मीकिलाई समेत विह्वल बनायो । त्यसै बेला करुण रसमा डुबेका वाल्मीकिका मुखबाट अचानक यस्तो श्लोक निस्कियो :

मा निषाद ! प्रतिष्ठात्वमगमः शाश्वतीः समाः ।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥

(हे चाण्डाल व्याधा ! तैंले काममोहित यी पक्षीका जोडीमा एउटालाई मारिस्; यसबाट तैंले कहिल्यै प्रतिष्ठा र सुख प्राप्त गर्न नसकेस् ।)

यो कुरा सुनेपछि तत्काल ब्रह्माजी त्यहाँ प्रकट हुनुभयो र महर्षि वाल्मीकिलाई वागाधिष्ठात्री सरस्वतीका अनुकम्पाले मुखबाट त्यस्तो छन्दोवद्ध वाणीको उच्चारण भएको र अब छन्दोवद्ध ग्रन्थको निर्माणमा लाग्नुपर्ने शुभाशीर्वाद दिनुभयो । लौकिक साहित्यमा यसै श्लोकलाई पहिलो छन्दोवद्ध रचना मानिन्छ । तिनै ब्रह्माजीको वर र स्वतःस्फूर्त भावनाले गर्दा नै वाल्मीकिवाट त्यस्तो विश्वप्रसिद्ध कृति रामायणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिर्जना भएको हो भन्ने किंवदन्ती सर्वत्र पाइन्छ। यसका अतिरिक्त कालीदासको भनाइ 'निपादविद्धाण्डजदर्शनोत्थः श्लोकत्वमापद्यत यस्य शोकः' र भवभूतिले उत्तररामचरितको द्वितीय अङ्कमा ब्रह्माका मुखबाट व्यक्त गर्न लगाएका 'अहो ! नूतनछन्द सामवतार' जस्ता भनाइहरूद्वारा नै लौकिक छन्दको श्रीगणेश भएको मान्ने गरिन्छ।

यसरी प्रारम्भ भएको छन्दप्रयोगको इतिहासमा वाल्मीकिपछिका संस्कृतसाहित्यका विद्वान्हरूले एकपछि अर्को इँटा थप्दै गएर यसको क्रमशः गुणात्मक र सङ्ख्यात्मक दुवै विकास हुँदै गयो। संस्कृतसाहित्यका प्राचीन कृतिहरूमा वाल्मीकिरामायणमा १३ ओटा छन्दको, महाभारतमा १८ ओटा छन्दको, श्रीमदभागवतमा २५ ओटा छन्दको प्रयोग पाइन्छ भने त्यसपछिका माघका कृतिमा भने अनेकौं छन्दको प्रयोग भेटिन्छ। माघपछि भने छन्दले व्यापकता पाएको र अहिले यसको सङ्ख्या अनगिन्ती रहेको छ।

१.३. छन्दका प्रकार

वार्णिक, मात्रिक, लोक, मुक्त र बहर गरी नेपालीमा पाँचप्रकारका छन्दहरूको प्रयोग पाइन्छ।

क) वार्णिक छन्द : वर्णका आधारमा गणको निर्धारण गरिने छन्दहरूलाई वार्णिक छन्द भनिन्छ। संस्कृतसाहित्यमा यस्ताखाले छन्दहरूको व्यापक प्रयोग पाइन्छ। यिनका निश्चित गण र सूत्रहरू हुन्छन्। वार्णिक छन्दहरूको सङ्ख्या अनगिन्ती छ। शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, वसन्ततिलका, स्वागता, उपजातिआदि छन्दहरू यसअन्तर्गत पर्दछन्।

ख) मात्रिक छन्द : मात्राको गणना गरिने सबै छन्दहरूलाई 'मात्रिक छन्द' भनिन्छ। यसमा ह्रस्व अक्षरलाई एक मात्रा (१) र दीर्घ अक्षरलाई दुई मात्रा (२) गणना गरिन्छ। मात्रिक छन्दका पनि चार पाउ हुन्छन्। चारै पाउमा बराबर मात्रा हुनेलाई 'सम', कुनै दुई पाउमा एकखाले र बाँकी दुई पाउमा अर्कोखाले मात्रा हुनेलाई 'अर्द्धसम' र चार पाउमा छुट्टाछुट्टै मात्रा हुनेलाई 'विषम' मात्रिक छन्द भनिन्छ।

ग) लोकछन्द : नेपाली लोकजीवनमा प्रचलित अनेकौं लोकगीतका लयलाई 'लोकछन्द' भनिन्छ। यस्ताखाले लोकछन्दहरू लोकगीतमा मात्र नभएर कविताहरूमा पनि प्रशस्त मात्रामा प्रयोग हुन्छन्।

घ) मुक्त छन्द : कुनै पनि छन्दमा नबाँधिएको गद्यकविताको लयलाई 'मुक्त छन्द' भनिन्छ। यो कविताको स्वतन्त्र लय हो। तापनि यो कथा, निबन्ध, समाचार, प्रतिवेदन आदिमा प्रयोग हुने गद्यजस्तो नभएर आन्तरिक सङ्गीतयुक्त हुन्छ। वार्णिक, मात्रिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकछन्दको लयचाहिँ स्पष्टरूपमा वाहिरै देखिन्छ भने मुक्त छन्दचाहिँ भित्रीरूपमा रहेको हुन्छ। त्यसैले अन्य रचनाभन्दा गद्य नै भए पनि कविताको अभिव्यक्ति फरक हुन्छ।

ङ) वहर : गजलमा प्रयोग हुने फारसी छन्दलाई वहर भनिन्छ। यसमा पनि संस्कृतका शास्त्रीय छन्दको जस्तै विशिष्ट अनुशासन-व्यवस्था छ। गजलमा हजज, रजज, रमल, मुत्कारिव, मुतदारिक जस्ता अनेकौं फारसी वहरहरूको प्रयोग पाइन्छ।

१.४. वर्णको चिनारी र पिङ्गसूत्रको व्याख्या

लौकिक छन्दको सवैभन्दा पहिला सिद्धान्तनिर्माण गर्ने व्यक्ति आचार्य पिङ्गल हुन्। उनलाई पिङ्गलाचार्य, पिङ्गलमुनि वा पिङ्गलनाग पनि भनेको पाइन्छ। पटनाको राजसभामा वारम्वार शास्त्रार्थ वा शास्त्रकारहरूको परीक्षा हुने गर्थ्यो। त्यस समयमा प्रत्येक वर्ष पाणिनि, पिङ्गल, वररुचि र पतञ्जलिहरू आउने गर्थे भन्ने किंवदन्ती पाइन्छ। यसका आधारमा पिङ्गल पाणिनिका समकक्षी वा त्यही समयका थिए भन्ने अनुमान गर्न सकिन्छ। छन्दशास्त्रका प्रथम निर्माता पिङ्गलको उक्त कृतिलाई पिङ्गलसूत्र भनिन्छ। उनको प्रस्तुत कृतिमा छन्दका लागि आवश्यक गणव्यवस्था, वर्णनिर्धारण, छन्दको लक्षण र तिनीहरूका उदाहरण आदि सवै कुराको चर्चा पाइन्छ।

आचार्य पिङ्गलले गणविभाजन गर्नका लागि सवै स्वर र व्यञ्जनवर्णहरूलाई ह्रस्व र दीर्घ गरी दुई वर्गमा विभाजन गरेका छन्। उनले ह्रस्वलाई 'लघु' भनी त्यसलाई सङ्केत गर्न (।) चिह्न र दीर्घलाई 'गुरु' भनी त्यसलाई सङ्केत गर्न (ऽ) चिह्नको प्रयोग गरेका छन्। छन्दशास्त्रमा वर्णहरूलाई ह्रस्व र दीर्घमा यसरी वर्गीकरण गरिन्छ -

क) ह्रस्व वर्णहरू - अ, इ, उ, ऋ स्वर र तिनीहरूसँग जोडिएका सवै व्यञ्जन।

ख) दीर्घ वर्णहरू - आ, ई, ऊ, ए, ऐ, ओ, औ, अं, अः स्वर र तिनीहरूसँग जोडिएका सवै व्यञ्जन।

ह्रस्व र दीर्घ वर्णहरूको मूलभूत वर्गीकरण यस्तो भए पनि विशेप अवस्थामा ह्रस्व वर्णहरू पनि दीर्घ हुन सक्छन्, जस्तै -

क) संयुक्त व्यञ्जनको प्रयोग भएका शव्दहरूको उच्चारण गर्दा यदि अघिल्लो वर्णले पछिल्लो आधा व्यञ्जनलाई तान्यो भने त्यो अघिल्लो वर्ण ह्रस्व भए पनि दीर्घ हुन्छ।

शव्द	उच्चारण	दीर्घ वर्ण
अन्धा	अन्+धा	अ
किन्छ	किन्+छ	कि
लुप्त	लुप्+त	लु
सृष्टि	सृस्+टि	सृ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख) संयुक्त व्यञ्जन प्रयोग भएका शव्दमा पनि उच्चारण गर्दा यदि अघिल्लो वर्णले पछिल्लो आधा व्यञ्जनलाई तान्न सकेन भनेचाहिँ त्यो वर्ण दीर्घ मानिँदैन, ह्रस्व नै रहन्छ । यस्तो स्थिति प्रायः 'य' वर्णसँग जोडिएका संयुक्त व्यञ्जनमा देखिन्छ ।

शव्द	उच्चारण	दीर्घ नहुने वर्ण
भन्यो	भ+न्यो	भ
वल्यो	व+ल्यो	व
उज्यालो	उ+ज्यालो	उ
अँध्यारो	अँ+ध्यारो	अँ

ग) अन्य, अन्यायजस्ता शव्दमा उच्चारणमा न थप हुनाले यिनीहरू दीर्घ नै मानिन्छन् ।

घ) पाउका अन्त्यमा आउने वर्णहरू आवश्यकताअनुसार ह्रस्व भए पनि दीर्घ हुन्छन् । जस्तै :

सिकारीको झम्टा तनविच परेथ्यो जव अनि ।

शिखरिणी छन्दमा लेखिएको कवि शिरोमणि लेखनाथ पौड्यालको प्रस्तुत कवितांशको अन्तिम अक्षर ह्रस्व छ तर शिखरिणी छन्दमा अन्त्यमा दीर्घ हुन्छ । पाउको अन्त्यमा आएको हुनाले यहाँ 'अनि' को 'नि' दीर्घ मानिन्छ तर अरू ठाउँमा आएको भए यो ह्रस्व नै हुने थियो ।

यसका अतिरिक्त परम्परित छन्दशास्त्रहरूमा ह्रस्व र दीर्घका लागि यस्तो सिद्धान्तनिर्माण गरिएको पनि पाइन्छ -

अपि मास मसं कुर्यात् छन्दोभङ्गं नकारयेत् ।

(वरु 'मास' शव्दलाई 'मस' वनाइयोस् तर छन्दोभङ्ग नगरियोस्)

यसै भनाइलाई आदर्श मानेर छन्दमा चाहिँ ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व जे पनि गर्न पाइन्छ भन्ने मान्यता स्थापना भएको पाइन्छ । यसले मानक वर्णविन्यासमा ठूलो व्यवधान पुऱ्याएको छ । त्यसले वर्णविन्यासको प्रयोग, ज्ञान र शिक्षणमा समेत अप्ठ्यारो पार्ने हुनाले यस्तो प्रयोग नगर्नु नै राम्रो हुन्छ । यतिमात्र नभएर देश्, मन्, घर्, राम्, संसार्, शिशिर् आदि रूपको प्रयोग गर्ने चलन पनि छ, यो त वर्णविन्यासका लागि झन् घातक हो । छन्दशास्त्रले हलन्त र अजन्त शव्दको उच्चारणलाई नभएर वनोटप्रक्रियालाई मान्यता दिने गर्छ । त्यसैले छन्दमा शव्दको रूप जस्तो छ, त्यस्तै प्रयोग गर्नु राम्रो मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दमा आठओटा गणहरू हुन्छन् । तिनै गणका आधारमा सम्पूर्ण छन्दको निर्माण गरिन्छ । आचार्य पिङ्गलले गणनिर्धारणलाई सहज वनाउन एउटा सूत्रको निर्माण गरेका छन् । त्यो सूत्र हो -

यमाताराजभानसलगा ।

उपर्युल्लिखित सूत्रवाट प्रत्येक तीन-तीन अक्षर छुट्ट्याउँदै र एक अक्षर निकाल्दै जाँदा एक-एक गणहरू निस्किँदै जान्छन् । यसलाई यसरी छुट्ट्याउन सकिन्छ -

	सूत्र	सङ्केत	गण	उदाहरण	
१.	यमाता	।ऽऽ	य	जमाना	
२.	मातारा	ऽऽऽ	म	नेपाली	
३.	ताराज	ऽऽ।	त	आकाश	
४.	राजभा	ऽ।ऽ	र	भावना	
५.	जभान	।ऽ।	ज	हजार	
६.	भानस	ऽ।।	भ	आँगन	
७.	नसल	।।।	न	कमल	
८.	सलगा	।।ऽ	स	छहरा	
९.	ल	।		(लघु)	म
१०.	गा	ऽ		(गुरु)	यो

यसका अतिरिक्त निम्नलिखित सूत्रका आधारमा पनि गणनिर्धारण गर्न सकिन्छ -

आदिमध्य र अन्त्यैमा 'भजस' दीर्घयुक्त छन् ।
'यरत' ह्रस्व छन् त्यस्तै 'मन' दीर्घ र ह्रस्व हुन् ॥

यस सूत्रका आधारमा 'भ' गणका आदिमा, 'ज' गणका वीचमा र 'स' गणका अन्त्यमा दीर्घ वर्ण हुन्छ; अरू सवै ह्रस्व हुन्छन् । त्यसरी नै 'य' गणका आदिमा, 'र' गणका बीचमा र 'त' गणका अन्त्यमा ह्रस्व वर्ण हुन्छ, अरू सवै दीर्घ हुन्छन् र तीनओटै दीर्घ हुँदा 'म' गण र तीनओटै ह्रस्व हुँदा 'न' गण हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ ।

१.५. छन्दमा यतिको भूमिका

उच्चारणका समयमा जिव्रो जहाँ पुगेर स्वतःस्फूर्तरूपमा रोकिन्छ, त्यसलाई 'यति' भनिन्छ । यतिलाई विश्राम, विच्छेद, विराम वा विरति आदि पनि भन्ने गरिन्छ । छन्दकवितामा विश्रामको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि छन्दमा लेखिएका श्लोकहरूलाई पढ्दा वीचवीचमा छोटो अडान वा रोकाइ हुन्छ भने अन्त्यमा लामो विश्राम हुन्छ । छन्दका स्रष्टाले यतिगत मर्यादालाई ख्याल गरेरमात्र शव्दछनोट गर्नुपर्छ । गति र यति नमिलेका शव्दहरूको रखाइ छन्दकवितामा भयो भने छन्दका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै गणहरू मिलेका भए पनि उच्चारणगत समस्या आइपर्छ । उच्चारणगत गमन वा निरन्तरतालाई 'गति' भनिन्छ भने विश्रामलाई 'यति' । छन्दकवितामा प्रयुक्त शव्दहरूमा विश्रामको समस्या देखियो भने त्यसलाई 'यतिभङ्ग दोष' भनिन्छ ।

यदि पद्यमा 'यतिभङ्ग दोष' छ भने त्यसले उच्चारणमा त समस्या उत्पन्न गर्छ नै श्रुतिमधुरतामा पनि वाधा पुऱ्याउँछ । सुललित अन्तर्गुञ्जन वा मनोहारी झङ्कार नै छन्दकविताको शक्ति हो । छन्दका स्रष्टाले त्यसमा खलल पुग्न दिनु हुँदैन । 'यतिभङ्ग दोष' भएका केही पद्यहरूलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

आमाको काख पनि खुसियालीविनै रित्तिने भो
वावाको आँसु पनि हरियाली नभै सिद्धिने भो ।

मन्दाक्रान्ता छन्दमा ४ र १० अक्षरमा विश्राम हुन्छ । उदाहरणमा प्रस्तुत दुई हरफमा अघिल्ला चार अक्षरमा 'आमाको का' र 'वावाको आँ' पर्दछन् भने पछिल्ला दश अक्षरमा 'खुसिया' र 'हरिया' पर्दछन् । यसरी शव्दलाई टुक्र्याएर र निरर्थक वनाएर विश्राम गर्नाले शव्दको सामर्थ्य समाप्त हुन्छ । यसलाई यसरी प्रस्तुत गर्न सकिन्छ -

यी आमाको रहर नपुगी काख नै रित्तिने भो
ती वावाको पनि वगरमा आँसु नै सिद्धिने भो ।

यसरी नै अनुष्टुप् छन्दको एउटा पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

हाम्रा पर्वतका श्रेणीमा खेल्छन् मृगशावक
हजारौं झरना-तालको खोज्छन् अप्सरा हक ।

प्रस्तुत पद्यको आठौं अक्षरमा विश्राम हुनुपर्ने हो तर यहाँ पहिलो हरफमा 'श्रेणी', 'मा खेल्छन्' र दोस्रो हरफमा 'ताल', 'को खोज्छन्' गरी टुक्र्याउनुपर्ने हुन्छ । त्यसैले यहाँ 'यतिभङ्ग दोष' छ । यसलाई यसरी लेख्ने हो भने उक्त दोष रहँदैन -

हाम्रा पर्वतश्रेणीमा खेल्छन् ती मृगशावक
हजारौं ताल-छाँगाको खोज्छन् ती अप्सरा हक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी हरेक छन्दमा आ-आफ्नै यतिव्यवस्था हुन्छ। गणव्यवस्थाअनुसार छन्दको अनुशासनभङ्ग नभए पनि यतिभङ्ग छ भने उक्त पद्यमा दोष देखिन्छ। थोरैमात्र सचेतता अपनाउनासाथ छन्दस्रष्टा प्रस्तुत दोषबाट मुक्त हुन सक्छ।

१.६. छन्दमा भावको भूमिका

कवितामा लयजस्तै भावको पनि विशिष्ट भूमिका हुनेगर्छ। शव्द एवं लय कविताको शरीर हो भने भाव आत्मा हो। त्यसैले यी दुवै कविताका लागि अनिवार्य तत्त्व हुन्। लयको सम्वन्ध शव्दविन्याससँग हुन्छ भने भावको प्रत्यक्ष सम्वन्ध विषयगत संवेदनासँग जोडिन पुग्छ। छन्दकविताको पहिलो आकर्षण नै त्यसको गुन्जनमा रहने हुनाले यसमा भाव गौण रहेजस्तो लाग्छ तर लयले कानलाई सन्तुष्टि दिन सक्छ, आत्मालाई होइन। कविता सुन्दा वा पढ्दा मस्तिष्कमा उत्पन्न हुने एककिसिमको विद्युतीय तरङ्गको कारण भाव नै हो। यो धेरै समयपछि सम्म पनि मनको कुनै कुनामा स्थायीरूपमा रहिरहन्छ। लय कविताको चिनारी हो तर गणका साँचामा भरिएका शव्दहरूले मात्र त्यसलाई जीवन्त वनाउन सक्दैनन्।

छन्दकविताका लागि गणमा अर्थयुक्त शव्दसंयोजन गर्नु जति गाह्रो छ, त्योभन्दा गाह्रो भाव भर्नु छ। गणमात्र मिलेको पद्य श्लोक वन्न सक्छ तर कविता वन्न सक्दैन। उदाहरणका लागि नुनको विज्ञापनमा आउने एउटा पद्यलाई लिन सकिन्छ।

सुमधुर नुन आयो स्वस्थ आयोडिन्युक्त
नियमित यसलाई नै गरौं है प्रयुक्त।
हलकिन शिशुलाई गर्भिणी मातृवर्ग
हरूकन छ गुनीलो स्वस्थकारी अपूर्व ॥

यहाँ अनेकौं भाषिक एवं सैद्धान्तिक त्रुटिहरू छन्। त्रुटि भए पनि यसमा लय छ, केही त्रुटिबाहेक छन्दको नियमको पालना छ र सार्वजनिक सूचना छ। सूचनालाई मात्र कविता मान्ने हो भने गद्यमा यति नै कुरा भन्दा पनि त्यसको प्रभावकारितामा कमी आउँदैन। यसमा भावगत अभिव्यञ्जना छैन र शिल्पगत सचेतना छैन त्यसैले यो कविता होइन, फगत छन्द हो र एउटा श्लोक हो। यसवाट के प्रमाणित हुन्छ भने भावविहीन शव्दविन्यासले मात्र कुनै भनाइ कविता वन्दैन। यसरी नै

कवि कविता होस्, कविता कवि होस्
कविता तव पो हुन्छ।
शव्द थुपारीकन के हुन्छ ?
भाव भए पो हुन्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारसमणि प्रधानको यस लयात्मक अभिव्यक्तिले कविताको राम्रो परिभाषा गर्दै भावको महत्तालाई स्पष्ट पारेको छ तर यो भनाइ आफैँमा कविताचाहिँ होइन। यसलाई 'कवितामै दिइएको कविताको परिभाषा' भन्ने गरिन्छ तर त्यो होइन, 'लयमा दिएको कविताको परिभाषा' भन्नुपर्छ किनभने परिभाषा आफैँ कविता होइन, परिभाषाले खोजेको तत्त्वचाहिँ कविता हो।

भावको यति चर्चा गरिसकेपछि एउटै सन्दर्भमा लेखिएका दुईओटा पद्यलाई उदाहरणका रूपमा प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ। बाटामा एउटा भिखारीलाई देखिसकेपछि एउटा कविले त्यसको वर्णन यसरी गऱ्यो :

यौटा माग्ने घरनजिक नै वस्दथ्यो माग्नलाई
भोकै-तिर्खै कति दिन बिते हेर्न मान्दैन कोही।
रित्तो थाली पनि नजिकमा देखियो टल्किएको
जैल्यै यौटा कवि छ उसकै काव्य लेख्दै गरेको॥

'मन्दाक्रान्ता' छन्दमा लेखिएको प्रस्तुत पद्यमा एक ठाउँमा पनि छन्दोभङ्ग छैन, मास-मसको स्थिति पनि छैन, अन्त्यानुप्रास पनि छ, सरलता पनि छ र अर्थगत नियमितता पनि छ तर कलात्मकताभन्दा वर्णनात्मकता छ। यस पद्यमा कविका आँखाले करुणालाई देखेको छ तर हृदयले छोएको छैन। विषयवस्तुलाई जवसम्म हृदयले छुँदैन, तवसम्म त्यो भाव बन्न सक्दैन। शिल्पमा भर्न सक्ने हो भने प्रस्तुत पद्यवाट नै मानवीय संवेदनाका प्रशस्त भावझुल्काहरू निस्कन सक्छन्। कलाका अभावमा प्रस्तुत पद्य वर्णन बनेको छ, कविता बन्न सकेको छैन। यसैलाई यसरी प्रस्तुत गर्दा त्यो कविता बन्न सक्छ :

दन्क्यो आगो उदरतलमा वग्न सक्दैन पानी
खोलानाला पनि नजिकका बन्न लागे खरानी।
रित्तो थाली अब नजिकको ढाल के बन्न सक्छ ?
नाङ्गो धर्ती कुन रसिकले वस्त्रले छोप्न सक्छ ?

गरिवीको भाव हृदयवाट निस्किएपछि त्यसले संवेदनालाई छुन्छ, त्यही नै भावगत वा शिल्पगत चमत्कार हो। सरासर विषयवस्तुको वर्णन गर्दै जाने हो भने जतिसुकै छन्दको नियममा शव्दलाई भरे पनि त्यो कविता बन्न सक्दैन। त्यसैले छन्दकविले सैद्धान्तिक नियमसँगै भावविन्यासमा पनि कठोरता अँगाल्नुपर्छ।

१.७. छन्दसम्वन्धी कृति र सङ्ख्यात्मक विविधता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक साहित्यमा गायत्री, त्रिष्टुप्, जगति, अनुष्टुप्, पङ्क्ति, वृहती, उष्णिक गरी सात छन्दको प्रयोग पाइन्छ भने लौकिक साहित्यमा अनेकौं छन्दको उल्लेख पाइन्छ। पिङ्गलाचार्यदेखि अहिलेसम्मका छन्दविद्हरूले चर्चा गरेका छन्दको सङ्ख्या यति नै छ भनेर किटान गर्न सकिँदैन। प्रत्येक विद्वान्बाट भएको नयाँ छन्दनिर्माणले यो समस्या उत्पन्न गरेको हो। एउटै छन्दको कुनै एक ठाउँको एउटा वर्णपरिवर्तन गर्नासाथ अर्को छन्दनिर्माण हुने हुनाले छन्दका जति पनि भेद हुन सक्छन्।

छन्दशास्त्रको मूल ग्रन्थ पिङ्गलच्छन्दसूत्र नै हो तर पछि विभिन्न विद्वान्हरूले त्यसको टीका लेख्ने क्रममा आ-आफ्नै मान्यताहरू स्थापना गरेका छन्। भट्ट हलायुध, यादवप्रकाश, आचार्य भास्कर राय आदि विद्वान्हरूले केही पिङ्गलच्छन्दसूत्रकै टीका गरेका र केही त्यही कृतिमा आधारित भएर लेखेका धेरै छन्दसिद्धान्तका कृतिहरू प्रकाशन गरे। यसपछि पनि जयदेवद्वारा लिखित जयदेवच्छन्दः, जयकीर्तिद्वारा लिखित छन्दोऽनुशासन, केदार भट्टद्वारा लिखित वृत्तरत्नाकर, क्षेमेन्द्रद्वारा लिखित सुवृत्ततिलक, कालिदासद्वारा लिखित श्रुतबोध, गङ्गादासद्वारा लिखित छन्दोमञ्जरी आदि कृतिहरू प्रकाशित भएका छन्। उक्त सबै कृतिको स्रोतचाहिँ पिङ्गलच्छन्दसूत्र नै हो। यी सबै कृतिहरूमा केही प्राचीन एवम् परम्परित छन्दहरूको चर्चा छ भने केही नवीन छन्दका लक्षण र उदाहरणहरूको स्थापना छ। यी कृतिहरूमा लेखकका आ-आफ्नै मान्यताहरू पाइन्छन् तर छन्दसङ्ख्यागत मतैक्य भने पाइँदैन। एउटा छन्दका अनेकौं भेद र उपभेदले गर्दा नै यसको सङ्ख्यामा एकरूपता नदेखिएको हो। नेपाली साहित्यका सन्दर्भमा हेदा चाहिँ विगत एकदशकअगाडि मात्र नेपालीमा प्रयोग भएका छन्दहरूको सङ्ख्या ५१ थियो। कवि उमानाथ शास्त्री सिन्धुलीयले आफ्नो महाकाव्य मकवानी बालामा ती छन्दहरूको प्रयोग गरेका हुन्। पछि यस पङ्क्तिकारले छन्द-पराग लेख्दा ८० ओटा अन्य कविले लेखेका र ८० ओटा आफैँ निर्माण गरिएका गरी जम्मा १६० ओटा वार्णिक छन्दको प्रयोग गरेको थियो तर हालसम्ममा नेपालीमा २०० भन्दा बढी छन्द प्रयोग भइसकेका छन्। त्यसमा पनि नेपालीमा अतिप्रचलित छन्दको सङ्ख्या २० देखि २५ छ।

२. नेपालीमा शास्त्रीय छन्दपरम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली कविताको इतिहासमा शास्त्रीय छन्दको विशिष्ट स्थान छ। वि.सं. १८२६ मा सुवानन्द दासद्वारा लिखित 'पृथ्वीनारायण' कवितालाई नेपाली कविताको पहिलो स्वरूप मानिन्छ। यसलाई आधार मान्दा नेपाली कविताको उमेर लगभग २५० वर्ष पुग्न लागेको छ।

नेपालको सिन्कि लुटी मरातको घिले भुटी
पालपाको ल्याव हिग जिरोसिरिंगको ल्याव पिरो
तनहुँको भातसित भीर्कोटको दालसित
कञ्चन कटोराभरि स्वर्णका थलियाभरि
अष्टदल चौकि वसि गंगाजल झारिभरि
पुरुव मुहडा गरि महाराजको जिउनार वनाव हैं
षाखु साहि दाजुभाइ दरजनी मान है।

(घटराज भट्टराई : 'नेपाली साहित्यको ऐतिहासिक रूपरेखा' (२०५६) पृ. ४१)

सुवानन्द दासको यस कवितामा शास्त्रीय छन्दको प्रयोग नभए पनि लयचेतनाचाहिँ प्रशस्त छ। यसरी नै १८३९ तिर लेखिएको शक्तिवल्लभ अर्ज्यालको 'तनहुँ भकुण्डो' कवितामा भने शास्त्रीय छन्दको सुन्दर प्रयोग भएको पाइन्छ।

धायको छ लमजुंग मुकुण्डो
कास्कि वाँध सुनको छ पुकुण्डो
पीउठानीकन देउ सुकुण्डो
मारिलेउ तनहूँ त भकुण्डो।

(दयाराम श्रेष्ठ र मोहनराज शर्मा : 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' (२०५९) पृ. २९)

अर्ज्यालको स्वागता छन्दमा लेखिएको अन्त्यानुप्रासयुक्त आलङ्कारिक यस अभिव्यक्तिवाट नै नेपाली साहित्यमा शास्त्रीय छन्दले प्रवेश पाएको हो।

नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०) र माध्यमिक काल (१९४१-१९७४) मा छन्दको लगभग एकछत्र साम्राज्य चल्यो भने आधुनिक काल (१९७५-हाल) को थालनीमा पनि यसकै वर्चस्व देखापर्‍यो। गोपालप्रसाद रिमालको कवितामा आगमन भएपछि (१९९२) भने गद्यकविताले विस्तारै आफ्नो प्रभाव जमाउन थाल्यो। तर, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल, सोमनाथ सिग्द्याल, वालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरेजस्ता कविहरूको साथ पाएर शास्त्रीय छन्दले पनि झन् झाँगिने मौका पायो। आधुनिक कालको दोस्रो चरणदेखि भने गद्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र पद्यवीचको द्वन्द्वात्मक स्थिति देखापऱ्यो । यही समयमा एकातिर देवकोटाका शाकुन्तल, सुलोचना, वनकुसुम आदि सोमनाथको आदर्शराघव लेखनाथको तरुण-तपसीजस्ता शास्त्रीय छन्दमा लेखिएका महाकाव्यहरू देखापरे भने अर्कातिर रिमाल र भूपिहरू पनि एकपछि अर्को सशक्त गद्यकवितासहित देखा पर्न थाले । अव भने कविहरूमा पनि तीनवर्ग देखा पऱ्यो ।

१) छन्दमा मात्र कविता लेख्ने

२) गद्यमा मात्र कविता लेख्ने

३) गद्य-पद्य दुवैमा कविता लेख्ने

यसपछि कविताहरूमा स्वतन्त्र सिर्जना वा साधनामा लाग्नेमात्र होइन, एकअर्कामा दोषारोपण गर्ने वा आरोप-प्रत्यारोप लगाउने काम पनि सुरु भयो । यसै वेलामा एक पक्षले गद्यलाई कविता नै होइन भन्न थाल्यो भने अर्को पक्षले छन्दलाई पुरातन सोच र शैलीको अवशेष मान्न थाल्यो । यसरी कविताको आन्तरिक शक्तिलाई ध्यान नदिएर वाहिरी आवरणका लागि पाखुरा सुर्किने गलत प्रवृत्तिले नेपाली कवितामा प्रश्रय पाउनु दुःखलाग्दो पक्ष हो ।

वि.सं. २०१७ को रूपरेखा पत्रिकामा प्रकाशित मोहन कोइरालाको 'घाइते युग'को उद्‌घोषणलाई बुझेर वा नवुझेर अनुसरण गर्ने एउटा ठूलो जमात नै देखा पऱ्यो, जसका अगाडि छन्दकविताले निरीह वनेर वस्नुपऱ्यो । २०२० पछि भने विस्तारै छन्दकविताहरूलाई पन्छाएर गद्यकविताको शक्ति देखा पर्न थाल्यो । थालनीमा छन्दमा कविता लेख्ने वैरागी काइँलालगायतका कविहरू गद्यको शक्तिशाली धार अँगालेर हिँड्न थाले । यसपछिको तीनदशक छन्दकविताले निकै टाक्सिनुपऱ्यो । यसवेलामा छन्दमा मात्र कविता लेख्ने कतिपय कविहरूले कि त लोकभाकालाई अँगालेर गीतिकविता वा गीतिनाटकहरू लेख्न थाले, कि त छन्दमा लेखिएका कवितालाई पनि गद्यमा पढ्न थाले । पत्रपत्रिकामा पनि नगण्य मात्रामा छन्दले प्रवेश पायो र पुस्तकाकाररूपमा पनि मोदनाथ प्रश्रितको मानव (२०२३) पछि त्यति गहकिलो कृति देखापरेन । मानव पनि छन्दका लागि मात्र गर्व गर्नलायक कृति वन्न सकेन । वरु जगदीशशमशेर राणाको नरसिंह अवतार (२०३७) र मोहन कोइरालाको नीलो मह (२०४१) जस्ता गद्यनिष्ट प्रयोगधर्मी महाकाव्यहरू देखापरे । फुटकर कविता र खण्डकाव्यका क्षेत्रमा पनि यही स्थिति यथावत् रहयो । यस्तो परिवेशवाट पीडित वनेका केही छन्दवादी कविहरू पलायन भए भने केही परिस्थितिसँग सङ्घर्ष गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिर्जनामा लागिरहे । यस्तो अवस्थाले छन्दका शुभचिन्तकहरूमा केही चिन्तासमेत सिर्जना गऱ्यो ।

समालोचक शिवप्रसाद सत्याल 'पीठ'ले 'छन्दोवद्ध कविताको भविष्य' शीर्षकको अनुसन्धानात्मक लेखमा २०२१ देखि २०३७ सम्म प्रकाशित कविता, माधुर्यलगायतका पत्रिकाहरूको केन्द्रीयतामा रहेर गद्यकविता र छन्दकविताको स्थितिको मूल्याङ्कन गरेका छन् । जसअनुसार समष्टिगत रूपमा हेर्दा उक्त अवधिमा २०.१ प्रतिशत छन्दवादी कवि र ७९.९ प्रतिशत गद्यकविको स्थितिलाई देखाएका छन् । (समालोचनाहरू पृ.६२-७६) विशिष्ट छन्दवादी कविका रूपमा प्रख्यात सिद्धिचरण श्रेष्ठ प्रधान सम्पादक तथा माधव घिमिरे र बालकृष्ण सम सम्पादक रहनुभएको कविता र प्रज्ञाप्रतिष्ठानवाट प्रकाशित हुने माधुर्य पत्रिकामा समेत छन्दकविताको यस्तो स्थिति देखिनुलाई 'पीठ'ले पनि दुःखपूर्ण मानेका छन् । तत्कालीन अन्य सबै साहित्यिक पत्रिकाको स्थिति मूल्याङ्कन गरी उनले भविष्यमा छन्दकविता समाप्त हुँदै जाने भविष्यवाणी पनि गरेका छन् । तर सिर्जनाले कतिवेला र कसरी मोड लिन्छ, त्यसको अनुमान गर्न नसकिने रहेछ । वर्तमानलाई हेरेर भविष्यका बारेमा बोल्दा मिल्न पनि सक्छ र नमिल्न पनि सक्छ । पीठले उक्त भविष्यवाणी गरेको एकदशक पछि भने छन्दले फेरि आफ्नो अस्तित्व खोज्न थाल्यो र अप्रत्याशित सफलता हासिल गरेर छाड्यो ।

३. छन्दको पुनर्जागरणकाल

छन्दवाट धेरै कविहरू विमुख भइरहेका बेलामा पनि माधव घिमिरे, केवलपुरे किसान, युद्धप्रसाद मिश्र, भरतराज पन्त, भरतराज मन्थलीय, भानुभक्त पोखरेल, मुकुन्दशरण उपाध्यायजस्ता कविहरूले आफ्नो बाटो छाडेनन् । साथै दैवज्ञराज न्यौपाने, दाहाल यज्ञनिधि, कोषराज न्यौपानेजस्ता ऊर्जावान् कविहरूले पनि अस्तित्वको लडाइँ लडिरहे । रामप्रसाद ज्ञवाली, मित्रलाल पंज्ञानी, प्रह्लाद पोखरेलजस्ता स्रष्टाहरू पाएपछि त छन्दमा निक्कै प्राण भरियो । २०४६ को राजनीतिक परिवर्तनपछि प्राप्त प्रस्तुतिगत स्वतन्त्रताको प्रभाव छन्दमा पनि विस्तारै पर्न थाल्यो । २०४९ मा स्नातकोत्तरको सिर्जनात्मक लेखनअन्तर्गत पहिलोपटक नेपालीमा महाकाव्य लेखियो । कवि रामप्रसाद ज्ञवालीद्वारा लिखित उक्त औंसीका फूलहरू महाकाव्य २०५३ मा प्रज्ञाप्रतिष्ठानवाट प्रकाशित भयो । यसैका आधारमा नेपाली महाकाव्यका साथै छन्दको पुनर्जागरणकालको घोषणा भयो । यसको एकदशक पनि वित्न नपाउँदै छन्दले यति धेरै प्रगति गऱ्यो, जति नेपाली कविताको इतिहासमा कहिल्यै भएको थिएन ।

कवि उदयानन्द अर्यालद्वारा लिखित पृथ्वीन्द्रोदय (मौलिक/अप्रकाशित) महाकाव्यलाई नेपालीको पहिलो लिखित महाकाव्य मान्ने गरिन्छ भने भानुभक्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणलाई पहिलो प्रकाशित महाकाव्य मान्ने गरिन्छ। यसरी पृथ्वीन्द्रोदयदेखि आजसम्म आइपुग्दा १०७ ओटा महाकाव्यहरू प्रकाशित भइसकेको कुरा चन्द्रप्रसाद न्यौपानेको मान्छेको यात्रा महाकाव्यको भूमिकामा विनयकुमार शर्मा नेपालले लेखेका छन्। यतिमात्र नभएर उक्त विवरणपछिका वा त्यसमा छुटेका अरू आठओटा महाकाव्यलाई हेर्दा ११५ओटा त महाकाव्यमात्र प्रकाशित भएका छन्। तीमध्ये लगभग ८० ओटा महाकाव्य त २०५३ देखि २०६३ का बीचमा लेखिएका छन्। तीमध्येमा ९५ प्रतिशत महाकाव्यको अभिव्यक्तिको माध्यम छन्द नै भेटिन्छ। महाकाव्यलाई मात्र हेर्दा त यो स्थिति देखिन्छ भने खण्डकाव्य र फुटकर कविताको त झन् गणना गर्नै नसकिने गरी वृद्धि भएको छ। यही छन्दको पुनर्जागरणकालको पहिलो प्रमाण हो।

केवल छन्दप्रयोगका दृष्टिले मात्र होइन, मूल्यका दृष्टिले समेत पुनर्जागरणकाल ऐतिहासिक र उल्लेखनीय लेखिन्छ। यसको प्रारम्भमा नै भाव, विचार र कलाका दृष्टिले उच्चकोटिको आँसीका फूलहरू महाकाव्य देखापऱ्यो भने आकारका दृष्टिले रामायण, महाभारत, इलियड र ओडिसीजस्ता विश्वप्रसिद्ध वृहत्तर महाकाव्यकै समकक्षी भन्न सुहाउने पूर्णप्रकाश नेपाल 'यात्री'को सिजापतिवाला महाकाव्य पनि यसै अवधिमा देखापऱ्यो। यसरी नै पुराणप्रसिद्ध नारीचरित्र सीतालाई केन्द्रविन्दु वनाएर कवि रमेशचन्द्र अधिकारीले सीतायन महाकाव्यका दश खण्ड प्रकाशन गरे भने चन्द्रप्रसाद न्यौपानेले २१००० श्लोकमा लेखिएको चन्द्रयुग महाकाव्य प्रकाशन गरे। यसरी नै ओमवीरसिंह बस्न्यातका चारओटा, भुवनहरि सिग्देल र शैलेन्दुप्रकाश नेपालका तीनतीनओटा र नरेन्द्र पराशरका दुईओटा महाकाव्य पनि यसै दशकमा आएका हुन्। एकातिर नेपाली कविताको इतिहासमा उच्च महत्त्व राख्ने नारीप्रतिभाद्वारा लिखित प्रथम महाकाव्य बुनू लामिछानेको याचना र दोस्रो महाकाव्य विद्रोही इन्द्रकुमारीले एउटा छुट्टै इतिहास निर्माण गऱ्यो भने अर्कातिर माधव वियोगीका छन्दशिरोमणि, धर्मराज जस्ता महाकाव्यले व्यक्तिस्तुतिवादी लेखनपरम्परालाई निरन्तरता दिने काम गरे। विषयवस्तु जुनसुकै क्षेत्रबाट टिपिएका भए पनि तिनको प्रस्तुतिको माध्यम छन्द नै वन्यो।

नेपाली महाकाव्यको इतिहास केलाउनु यस लेखको उद्देश्य होइन। तर छन्दको सबैभन्दा बढी प्रयोग हुने ठाउँ महाकाव्य भएकाले उक्त विधाले प्राथमिकता पाउनु स्वाभाविक हो। महाकाव्यका अतिरिक्त खण्डकाव्य र कवितासङ्ग्रहहरूमा समेत छन्दले महत्त्वपूर्ण स्थान ओगटेको छ। अहिले आएर छन्द गायन र सङ्गीतका माध्यमबाट विद्युतीय सञ्चारमाध्यमसम्म पनि पुगेको छ। कमलमणि दीक्षित, रमेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खकुरेल, कोषराज न्यौपाने आदिका पहलमा सिङ्गो रामायणलाई विभिन्न गायक तथा कविहरूका माध्यमबाट क्यासेटमा उतार्ने काम भएको छ । यो छन्दकविताका लागि ऐतिहासिक कार्य हो । यसरी नै अनिल पौडेलद्वारा सम्पादित १९ कविका १५ओटा छन्दका कविताको गायनसहितको छन्दको सुगन्ध, लोचन भट्टराईको एकल गायनमा समेटिएको छन्द, गोविन्द आचार्यको सक्रियतामा तयार भएको छन्दमा रापती र रामकृष्ण दुवालद्वारा गाइएका रामप्रसाद ज्ञवालीका कविताहरूको सङ्कलन छन्दकविताको मधुर तरङ्गजस्ता क्यासेटएल्वम तथा सिडिहरूले छन्दको विकासमा विशिष्ट योगदान दिएका छन् ।

सामान्यतः छन्दकवितालाई पुरानो पुस्तासँग जोडेर हेर्ने गरिन्छ तर वर्तमानमा भने यस क्षेत्रमा पुरानो पुस्ताको भन्दा नयाँ पुस्ताको उत्साह र सक्रियताले विशेष भूमिका खेलिरहेको छ । अहिले अघिल्लो दशकमा छन्दको घोर विरोध गरेर हिँड्नेहरू पनि त्यसको लोकप्रियताप्रति आकर्षित छन् भने युवापुस्तामा त झन् छन्द सिक्नेहरूको लहर नै चलेको छ । विगत पाँच वर्षदेखि त छन्दप्रशिक्षणका कक्षाहरूसमेत सञ्चालन हुन थालेका छन् । नागार्जुन साहित्यिक प्रतिष्ठानले २०६२ आषाढदेखि पटकपटक गरी चारपटकसम्म छन्दप्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ भने सिर्जनशील विद्यार्थी समाज कीर्तिपुरले २०६२ असोजमा एकहप्ते छन्दप्रशिक्षण कार्यक्रम सञ्चालन गरिसकेको छ । यसपछि अनाममण्डलीको सक्रियतामा काठमाडौँमा पटकपटक प्रशिक्षण कार्यक्रमहरू भइरहेका छन् भने उपत्यकाबाहिर हेटौँडा, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, नेपालगन्ज आदि क्षेत्रमा पनि छन्दप्रशिक्षणका विभिन्न कार्यक्रमहरू भइसकेका छन् । यिनका अतिरिक्त विभिन्न विद्यालय वा क्याम्पसहरूले समेत कतै औपचारिक त कतै अनौपचारिक रूपमा छन्दकविता लेखन तथा वाचनका कक्षाहरू चलाउँदै आएका छन् । यी कार्यक्रमहरूबाट युवापुस्तामा देखिएको छन्दप्रतिको उत्साह र जिज्ञासाको सहजै मूल्याङ्न गर्न सकिन्छ । यसरी नै रातो बङ्गला स्कुल, पाटनढोकाको सक्रियतामा वर्षमा एकपटक भानुजयन्तीका अवसरमा आयोजना हुने छन्दवाचन प्रतियोगिता र त्यहाँबाट प्रकाशन हुने छन्दका छहरा छन्दकविताहरूको सङ्ग्रह र दर्जनौं साहित्यिक पत्रपत्रिकाहरूले प्रकाशन गरेका छन्दकविता विशेषाङ्कहरूको पनि छन्दको विकास र विस्तारमा विशिष्ट स्थान रहेको छ ।

वि.सं. २०६१ मा कवि शिव प्रणतद्वारा लिखित कुन्ती गजलकाव्य प्रकाशित भएपछि शास्त्रीय छन्दले गजलमा पनि औपचारिक रूपमा प्रवेश पायो । मोतीराम भट्टदेखि नेपाली साहित्यमा प्रवेश गरेको गजल फारसी बहर र शास्त्रीय छन्द दुवैमा मिल्ने मुतकारिव (भुजङ्गप्रयात), मुतदारिक, (स्रविणी) बहरे हजज मुसम्मन मकबुज (

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चचामर) आदि वहरमा त पहिलादेखि नै लेखिँदै आएको हो तर विशुद्ध शास्त्रीय छन्दहरू शार्दूलविक्रीडित, मालिनी, इन्द्रवज्रा, शिखरिणीजस्ता छन्दमा नै गजल लेख्ने कामचाहिँ अहिलेको युवापुस्ताले गरिरहेको छ । विगत पाँच वर्षदेखि सङ्गठित रूपमा सिर्जनात्मक कार्यमा संलग्न 'अनाममण्डली'का युवास्रष्टाहरूले गजलका माध्यमवाट पनि शास्त्रीय छन्दको प्रचारप्रसार, विकास र विस्तारमा उल्लेखनीय भूमिका खेलिरहेका छन् । यसरी केवल डेढ दशक अघिमात्र छन्दमा कविता लेख्ने कविहरूले मञ्चमा पुगेर गद्यमा वाचन गर्नुपर्ने स्थितिमा परिवर्तन भई अहिले गद्यमा लेखिएको कवितालाई पनि कुनै एउटा छन्दको लय झिकेर जवर्जस्ती गाउने प्रयास विभिन्न कविहरूले गरेको देखिन्छ । यही नै छन्दको पुनर्जागरणकालको प्रत्यक्ष प्रभाव हो ।

४. निष्कर्ष

छन्दमा कविता सिर्जना गर्न निक्कै गाह्रो छ । विभिन्न गणको साँचोभित्र शव्द भर्न त सकिएला तर भाव भर्न कठिन पर्ने हुनाले थोरैले मात्र छन्दमा कविता लेख्न आँट गर्छन् । विशिष्ट अध्ययन र अनवरत साधनाविना सफल छन्दकवि वन्न कोही पनि सक्दैन । रातारात कृति तयार गरी एकहप्ताभित्रमा राष्ट्रिय प्रतिभा वन्नुपर्ने महत्त्वाकाङ्क्षाका लागि भने छन्द निकै वाधक वन्न सक्छ । विगत एकदशकमा शास्त्रीय छन्दले जति प्रगति गऱ्यो, त्यति नेपाली साहित्यको कुनै कालखण्डमा भएको पाइँदैन । यति हुँदाहुँदै पनि छन्दकवितालेखनमा निकै समस्याहरू वाँकी नै छन् । तिनलाई वुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

१) अझै पनि छन्दलाई पुराण, धर्मशास्त्र वा कर्मकाण्डसँग जोडेर केवल ब्राह्मणजातिको अभिव्यक्तिको माध्यम सम्झिने परम्परा जीवित छ । साथै छन्द भनेको स्तुति वा भजनको माध्यम हो, यो कविता नभएर 'सिलोक'मात्र वन्छ भन्ने धारणा सवैबाट हटिसकेको छैन ।

२) छन्दमा लामो समयसम्म त्याग र तपस्या गरिसकेका कविहरूले यसलाई आफ्नो सम्पत्ति वा पेवा नसम्झेर युवापुस्तामा विस्तार गर्नुपर्छ भन्ने उदारता देखाउन अझै पनि सकेका छैनन् । त्यसैले आफूले गर्ने काम अरू कसैले गरिदिँदा खुसी व्यक्त गर्नुपर्नेमा डाह गरिरहेको देखिन्छ ।

३) पुराना कविहरूले छन्दलाई कविताका लागि नभएर सत्ता, शासक वा व्यक्तिको स्तुति वा भजनका लागि प्रयोग गरिदिएकाले अझै पनि त्यो भ्रम हटेको छैन ।

४) भाषिक प्रयोग वा वर्णविन्यासका सम्वन्धमा पनि मतैक्य पाइँदैन । आफ्नो रचनालाई हेरेर सिद्धान्त निर्माण गरिदिने परम्पराको सिकार युवापुस्ताले वन्नुपरेको छ । छन्द सिक्न चाहनेले पनि ख्यातिप्राप्त कुनै कविको कवितालाई आदर्श मानेर कविता सिर्जना गर्न थाल्यो भने त्यो अन्योलमा पर्छ । भाषा वा वर्णविन्यासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जथाभावी प्रयोगले पनि छन्दकवितालेखनमा समस्या उत्पन्न भएको हो । 'अपि मास मसं कुर्यात् छन्दोभङ्गं नकारयेत्' भन्ने संस्कृतको उक्तिलाई आदर्श मानेर मनलागी वर्णविन्यासको प्रयोग गर्नाले छन्दकविहरूले विभिन्न आरोपको सामना गर्नुपरेको हो ।
५) ह्रस्वदीर्घ वा वर्णविन्यासको ज्ञान छन्दकविताका लागि प्राथमिक कुरा हो । 'मेरो काम लेख्ने हो, ह्रस्वदीर्घ त प्रुफ हेर्नेले मिलाइदिइहाल्छ नि' भन्नेहरूले चाहिँ छन्दमा हात नहालेको राम्रो ।
६) गणनिर्धारण, शव्दछनोट, छन्दको लक्षण एवं गतियतिको ज्ञान नहुनाले गर्दा लयलाई छन्द मान्ने परम्परा छँदै छ । गण मिलिसकेपछि लय त आफैँ सिर्जना हुन्छ । त्यसैले यसका लागि पहिला सैद्धान्तिक ज्ञान नै अनिवार्य छ ।
७) भावविन्यास र शव्दविन्यासमा सन्तुलन नहुँदा कविता फितलो वन्न जान्छ । कविले सोचेको एउटा शव्द निर्धारित गणमा नमिल्ने भएमा अर्को पर्यायवाची शव्दको खोजी गर्नुपर्ने हुन्छ । त्यसैले छन्दकविमा प्रशस्त शव्दज्ञान हुनु आवश्यक छ ।
८) छन्दमा कविता लेख्ने वा सस्वर वाचन गर्ने व्यक्तिलाई कि त संस्कृत पढेको कि त ऐच्छिक नेपाली पढेको भन्ने अनुमान लगाउने गरिन्छ । यसमा धेरै सत्यता छ । यसवाट छन्दलाई मुक्त गरी एउटा फराकिलो संसारमा पुऱ्याउनका लागि छन्दकवितामा पाण्डित्यप्रर्दशन नगरेर सरल भाषामा गहिरो भाव अभिव्यक्त गर्ने परम्पराको विकास हुनुपर्छ ।
९) गणमा शव्द भर्ना साथ छन्दकविता तयार भएको भ्रम धेरैमा पर्ने गरेको छ । त्यसैले छन्दमा गरिने कुराकानी, परिभाषा आदिलाई मात्र नभएर नुनको विज्ञापनलाई पनि कविता भन्ने गरिन्छ । तर ती कविता होइनन्, फगत छन्दमात्र हुन् ।
१०) छन्दको अनुशाशन जटिल हुनाले त्यसमा कवि शव्दतिर लाग्दा भाव बिथोलिन्छ र भावतिर लाग्दा छन्दभङ्ग हुन्छ । त्यसैले 'छन्दमा युग वोल्न सक्दैन' वा 'जनचाहनाहरू अभिव्यक्त हुन सक्दैनन्' भन्ने आरोपहरूको गतिलो जवाफ छन्दकविताले सशक्त सिर्जनाकै माध्यमवाट दिनुपर्ने देखिन्छ ।

यस्ताखाले समस्याहरूलाई गम्भीरताका साथ लिएर समाधानको वाटो पहिल्याउनु छन्दमा कविता लेख्ने व्यक्ति वा संस्थाहरूको प्रथम दायित्व हो । अहिलेको दशकमा देखिएको युवाउत्साह र छन्दमा आएको वाढीलाई समयमै सही दिशा दिन सकियो भने यसले माटोलाई मलिलो वनाउँदै सिर्जनाको बालीलाई समेत राम्रो वनाइदिन्छ । नत्र भने जथाभावी भङ्खालो परेर भइरहेको खेतलाई समेत बगरमा परिणत गराउन सक्छ । हुँदै नहुनुभन्दा भएको कुराको संरक्षण गर्न नसक्नुचाहिँ सवैभन्दा ठूलो समस्या हो । प्राप्तिलाई स्विकारेर निरन्तरताप्रति सबैले प्रतिवद्धता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्त गर्ने हो भने शास्त्रीय छन्द नेपाली कवितात्मक अभिव्यक्तिको साथी जहिल्यै वनिरहने कुरामा विश्वास गर्न सकिन्छ ।

सन्दर्भ-सामग्री

१) आचार्य, भागवत, कविता सिद्धान्त र नेपाली कविता, काठमाडौं, नवीव प्रकाशन, २०५८ ।

२. उपाध्याय, केशवप्रसाद, साहित्यप्रकाश (पाँचौं सं.), काठमाडौं : साझा प्रकाशन, २०४२ ।

३) ओझा, घनेन्द्र (सम्पा.), वहरमाला, काठमाडौं : हजुरको प्रकाशन, २०६२ ।

४) त्रिपाठी, वासुदेव र अन्य, (सम्पा), नेपाली कविता, भाग ४ (दो. सं.) काठमाडौं, साझा प्रकाशन, २०५३ ।

५) नेपाल, देवी, छन्द-पराग, काठमाडौं : भूडीपुराण प्रकाशन, २०६२ ।

६) नेपाल, देवी र अन्य, गजल कसरी लेख्ने ?, (दो. सं.) काठमाडौं : ऐरावती प्रकाशन, २०६६ ।

७) विश्वनाथ, साहित्य-दर्पण (दो.सं.), वाराणसी : चौखम्बा संस्कृत सिरिज, सन् १९९५ ।

८) भट्ट, केदार, वृत्तरत्नाकरम् वाराणसी : मोतीलाल वनारसीदास, सन् १९७५ ।

९) श्री गङ्गादास, छन्दोमञ्जरी वाराणसी : चौखम्बा सुरभारती, सन् १९९९ ।

१०) सत्याल, शिवप्रसाद 'पीठ', समालोचनाहरू काठमाडौं : नेराप्र, २०५४ ।

११) सिल्वाल, प्रकाश (सम्पा.) नागार्जुन (वर्ष ५. अङ्क १, २०६३) छन्दकविता विशेषाङ्क ।

व्यथा कति कति

-इन्दिरा खत्री
कक्षा ९, सं.मा.वि.

मरी जाने जिन्दगीको कथा कति कति
मान्छे भई जन्मिएपछि व्यथा कति कति

मान्छे पो भीडमा बाँचिदिन्छन् एक्लै पनि
कति मान्छे दुनियाँमा हाँस्छन् दुखे पनि ।

जिउनलाई जिन्दगीमा बाँच्ने प्रथा कति कति
मान्छे भई जन्मिएपछि व्यथा कति कति

समयको रफ्तारको यो कस्तो प्रतिविम्ब
बुझाउनु छ चित्त यहाँ हेर्दा आफ्नो बिम्ब

संसारमा मान्छेको त्यो नाता कति कति
मान्छे भई जन्मिएपछि व्यथा कति कति ॥

के तपाईं सुरक्षित र भरपर्दो बैदेशिक रोजगारको खोजीमा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामीकहाँ सम्पर्क राख्नु होस् । हामी तपाईंको क्षमता अनुसार को रोजगारीमा पठाउने छौं ।

श्रीचन्द्र पाण्डे
मार्केटिङ्ग डाइरेक्टर
अल सहेली मेनपावर प्रा.लि.
गंगाहल, काठमाडौं
सम्पर्क : ९८५११२५०१५
फोन नं. ०१-४३८७३७२,२०९०१८४
फ्याक्स : ०१-४३८७३२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के हो लेख ?

-शान्तिकृष्ण अधिकारी

मलाई 'अरुणोदय'का 'प्रकाश भाइ'ले वाल्मीकि विद्यापीठको प्राङ्गणमा केही दिन अघि भने - दाइ, तपाईंले एउटा लेख दिनु पर्छ है । चैत्र ३ गते चाहिँ नघाउन पाइन्न । म लेख लेख्न जान्ने मान्छे पनि होइन, साहित्यमा कलम चलाएको पनि छैन । तथ्याङ्कशास्त्र पढाउने एउटा साधारण शिक्षक मात्र न हुँ । फेरी जनमानसमा के सोचाइ छ भने शिक्षक सबैले लेख लेख्न जान्दछन्, जस्तो कि डाक्टरले विरामी जाँच्न जान्नु पर्दछ जुन रोग लागेको भए पनि, चाहे त्यो पीएच्डी डाक्टर नै किन नहोस् । यदि जानेन भने सबै गाउँलेको उसप्रतिको विश्वास उड्छ । त्यस्तै इन्जीनियरले घरको नक्सा वनाउन जान्नै पर्दछ, चाहे त्यो इलेक्ट्रोनिक्स या कम्प्युटर इन्जीनियर नै किन नहोस् । त्यसैगरी प्रकाश भाइले यो शिक्षक हो भन्ने सोचे होलान् मलाई र त लेख मागे । सोझो र ठाडो भाकामा अङ्क सम्वन्धी अध्ययन अध्यापन गर्ने एउटा विद्यार्थी, म त धर्म सङ्कटमा परेँ ।

त्यसपछि म लेख के हो ? कसरी लेख्ने भन्ने विषयमा घोरिन थालेँ । लेखौँ लेख्न आउँदैन, नलेखौँ विद्यार्थीहरूका अगाडि यो मास्टरले लेख्नै जान्दैन भन्ने पुष्टि हुने । त्यसैले मैले नेपाली साहित्यमा पीएच्डी गरेका एकजना प्राध्यापकसँग सोधेँ – सर, लेख के हो ? यो कसरी लेख्ने ? उहाँले पनि सहज उत्तर दिनुभयो – यो वारेमा भएदेखि राम्रो रचना मीठो नेपालीमा हुन सक्छ, त्यो किताव हेर्नुस्न । मैले आई. एस्सी. पढ्दा त्यो किताव किनेको थिएँ, घरमा निकै खोजेँ, फेला पार्न सकिन । म झन् चिन्तित हुन थालेँ, अव के गर्ने भनेर । म अव लेख लेख्न नै नसक्ने भएँ भन्ने चिन्ताले सताउन थाल्यो । सम्मानपूर्वक लेख मागिएको थियो, अव त्यो सम्मान सदाका लागि हट्ने भयो । अर्कोतिर लेख लेख्नै नसक्ने शिक्षकमा दरिने भएँ ।

झट्ट दिमागमा आयो –इन्टरनेटमा खोज्यो भने त सबै कुरा पाइन्छ । गुगलको सर्चमा गएर 'लेख' टाइप गरेँ ।त्यहाँ प्राप्त परिभाषा यस्तो थियो :-

लेख भन्नाले निक्न दुई कुरा बुझिन्छ ।

लेख (पाठ्य) : कुनै विषय बारे लेखिएका पाठ्य संरचना ।

लेख (चिसो ठाउँ) : पहाडमा कुनै चिसो ठाउँ (ne.wikipedia.org/wiki/%25E0%25A4%25B2)

यसले त समाधान निस्केन । मैले त चिसो ठाउँलाई लेक भन्छन् भन्ने सुनेको थिएँ । यसले त झन् समस्या वल्झाई दियो । यो इन्टरनेट हेर्ने र नेपाली नजान्नेले त लेख भनेको चिसो ठाउँ भन्ने वुझ्ने भयो । यस्ता जान्दै नजान्नेले नेपालीको वेइज्जत गर्न किन यस्ता अर्थ न वर्थका कुरा इन्टरनेटमा राखे होलान् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा अनेक तर्कना खेल्न थाले । मैले लेख लेखेर कतै यस्तै भ्रामक सूचना त दिन पुगेँ भने के होला भन्ने सोच्न थालेँ । अनि अङ्ग्रेजीमा त केही ठोस परिभाषा पाइन्छ कि भनेर गुगलको सर्चमा टाइप गरेँ - what is an article? त्यहाँ भेटेका दुई परिभाषा जस्ताको त्यस्तै यहाँ उद्धृत गर्न मन लाग्यो । ती थिए -

'a written composition in prose, usually nonfiction, on a specific topic, forming an independent part of a book or other publication, as a newspaper or magazine'
(http://dictionary.reference.com/browse/article).

'A nonfictional literary composition that forms an independent part of a publication, as of a newspaper ormagazine'
(http://www.thefreedictionary.com/article).

माथिका परिभाषा अनुसार एउटा लेख हुन कुनै शैलीको यथार्थपरक जुन औपन्यासिक नहोस्, कुनै एक विषयमा लेखिएको हुनु पर्दछ । जसमा विचार स्वतन्त्र हुन् । भावना सरर्र वगेको होस् । यस्तै यस्तै थोरै वुझेँ । अव त लेख्न सक्छु कि जस्तो लाग्यो र कलम चलाउने विचार गरेँ । पत्रपत्रिकामा छापिएका विचारहरू लेख हुन् भने पछि त मलाई सजिलो भयो । मैले नेपालका दैनिक पत्रिकाहरूमा छापिएका लेखहरू पढ्न थालेँ । प्रायशः राजनीतिक लेख भेटेँ । नहुन् पनि किन, नेपालको राजनीति नै तरल छ, अस्थिर छ । नेपालीहरूका मनमा खेली रहने विषय नै अहिलेको अवस्थामा राजनीति हो । प्रधानमन्त्री ६ महिनासम्म चयन हुन सक्दैन भने अरु कुन विषयले स्थान जमाउन सक्ला र ? प्रधानमन्त्रीले मैले भनेको सचिवले टेर्दैनन् भन्दै विलाप गर्नु पर्ने मुलुकमा अरु के नै पो छलफलका लेखनीय विषय हुन सक्लान् र ? खानेपानी संस्थानले वितरण गरेको धाराको पानी खाँदा जनतालाई के कारणले रुघा लाग्यो भनेर सोच्ने दिन त धेरै टाढा छ । हिजो राति के कारणले ५ मिनट बत्ती गयो भनेर छानविन आयोग गठन गर्ने र त्यसवारेमा बहस चलाउने अवस्था त हाम्रो छैन । ठण्डीका कारण चालीस जना भन्दा बढीले ज्यान गुमाउने र मुलुकका सात आठ जिल्लामा भोकमरीले छपक्कै छोप्ने हाम्रो जस्तो देशमा राजनीति वाहेक अन्य विधामा कलम चलाउन बुद्धिजीवीहरूलाई विषय नै के हुन सक्छ र ? त्यसैले मैले पनि राजनीतिमा नै एउटा लेख लेख्ने विचार गरेँ दिमागमा लेखको प्रारूप तयार गर्न शुरु गरेँ ।

नेपालको राजनीतिमा सवैभन्दा हावी भएको एनेकपा माओवादी । राजनीतिक विचार पस्किँदा यसैवाट शुरु गर्नु पर्ने । दश वर्षमा करिव १५ हजारले ज्यान गुमाएको सम्झेँ । शान्ति प्रक्रियामा आएपछि पनि माओवादीको भन्दा फरक विचार राखेमा विभिन्न व्यक्तिले प्राप्त गरेका भाटे कारवाही देखि सफाया सम्मका ज्यादती सम्झन पुगेँ । यो लेख लेख्दै जाँदा कतै मेरो पनि फरक मत हुन पुग्यो भने ? डराएँ र त्यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर्फ प्रवेशै नगर्ने निधो गरें। अनि अस्ति भर्खर वाबुराम भट्टराई पक्षधरहरू सुदूर पश्चिममा प्रचण्ड पक्षधरहरूबाट कुटिँदा टोपवहादुर रायमाझीले भनेको पनि याद आयो - फरक मत राखेकै कारण कुटपिटमा उत्रनु प्रचण्ड पक्षधरको विचारशून्यता हो, उनीहरूको पराजय हो र ज्यादती हो। यो सुनेर मलाई खुशी पनि लाग्यो, कमसेकम एउटा पक्षलाई त चेत खुल्यो भनेर। दुःख पनि लाग्यो, यही चेत २०५२ साल अघि आइदिएको भए, फरक मतको पनि सम्मान गर्नु पर्दछ भन्ने भइदिएको भए पन्ध्रहजारले अनाहकमा त ज्यान गुमाउने थिएनन्। ४५ हजार टुहुरा र दशौं हजार विधवा त हुने थिएनन्। भै गो, यतातिर प्रवेशै नगरौं, यत्ति कामना गरौं कि अबदेखि फरकमत राख्न स्वतन्त्रपूर्वक पाइयोस्, कोही कसैले विनासित्तीमा ज्यान गुमाउन नपरोस्। नेपालमा शान्ति होस्।

राजनीतिकै कुरा गर्दा नेपालको दास्रो ठूलो दल नेपाली कांग्रेस। प्रजातान्त्रिक एक मात्र पार्टी। विगतमा धेरै रगत पसिना बगाएको र सवैभन्दा पुरानो दल। सशस्त्र देखि शान्तिपूर्ण जनआन्दोलन गरेको पार्टी। निष्ठावान्देखि भ्रष्टवान्सम्म भएको पार्टी। यसो भनेर अरु दलमा भ्रष्ट छँदै छैनन् भनेको होइन कि, यसमा हुँदै नहुनु पर्ने हो किनकि लोकतन्त्र यसैले जोगाउँछ कि भन्ने जनताले आश गरेका थिए र छन्। तर कार्यकर्ता भन्दा नेता वढी भइसके। गाउँमुखी भन्दा शहरमुखी भइसक्यो पार्टी। कार्यकर्ता अरु पार्टीकासँग जुध्नै नसक्ने आफ्ना पार्टीकालाई देखी नसहने। भ्रातृ संगठनहरूका अधिवेशन हुनै धेरै गाह्रो, भई हाल्यो भने पनि विवाद चरमचूलीमा। यस्तै यस्तै।

अर्को ठूलो दल एमाले - जसको लिङ्ग छुट्याउनै गाह्रो भो भन्छन् जनता। भाषणमा अझै पनि मदन भण्डारीको वहुदलीय जनवाद भन्दैछ। तर आधा एमाले काँग्रेस र आधा एमाले माओवादी भयो भन्छन् सवै। आफ्नो भन्ने नीति नै छैन अरे। मन्त्री र प्रधानमन्त्री जसले दिन्छ उसैसँग मिल्ने अरे। नीति र विचार त्यसपछिका कुरा। म त कहाँ पुगेछु कहाँ। लेख कुनै एक विषयमा हुनु पर्ने। माथिको परिभाषाले यही भन्छ। हुन त यो मलाई पत्रपत्रिकाका लेखहरू पढेको प्रभाव हो। कुनै लेखकले अगाडिवाट शुरु गर्छन् भने अर्को लेखकले त्यही कुरालाई पछाडि राख्छन्। भिन्नता त्यति पाइँदैन। कसैले पुष्पकमल भन्छन् त कसैले प्रचण्ड। वस् भिन्नता त्यही पाइन्छ। कोही प्रचण्डलाई सर्वोत्कृष्ट देखाउन तल्लीन छन् त कोही निकृष्ट। उही घटनाक्रमहरूलाई आआफ्ना भाषा र शैलीमा प्रस्तुत गरिएको पाइन्छ। कुनै एक सिद्धान्तमा रहेर, कुनै एक नीतिमा रहेर त्यसको समालोचना गर्ने चलन छैन हामीकहाँ। त्यसैले म पनि अनेक दलमा र विषयमा पुगेछु। यो मैले लेखेको लेख हुन सक्दैन भन्ने लाग्यो र म फेरी खोजी पस्न थालें।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपयका लेखहरू अत्यन्त क्लिष्ट हुन्छन् । सर्वसाधारणले वुझ्नै सक्दैनन् । कसैका त ख्वै लेखकलाई पनि अर्थ लाग्छ कि लाग्दैन थाह छैन । यत्तिकैमा फिल मार्क्सले How to Define High Quality Articles शीर्षकमा लेखेको लेख मैले फेला पारेँ । त्यसमा लेखेका छन् - What is quality in an article? What makes a high value article? In this article, I aim to provide you with ways of defining the quality of your article in a practical sense and so provide you, the reader, with value.

Many authors would say that it is the style of writing and use of vocabulary. Others would say that it is the ability to convey information in a concise and easily readable way. Erudition (display of great depth of knowledge) and the use of academic vocabulary does not work for all markets.

(http://EzineArticles.com/?expert=Phil_Marks).

प्रकाश भाइ, क्षमाप्रार्थी छु, मैले लेख दिन सकिन । म आजैदेखि लेख लेख्ने प्रयास गर्छु । सकेँ भने अर्को पटक राम्रो लेख दिउँला । तर फिल मार्क्सको माथि प्रस्तुत लेख लेखकहरूका लागि उपयोगी हुन्छ भन्ने लाग्यो र सन्दर्भ स्रोत सहित दिएको छु । मैले त अनुशरण गर्न सक्छु कि सक्दिन, सक्नेलाई काम लाग्ला । धन्यवाद ।

सन्दर्भ सूची

http://EzineArticles.com/?expert=Phil_Marks
http://www.thefreedictionary.com/article
http://dictionary.reference.com/browse/article
ne.wikipedia.org/wiki/%25E0%25A4%25B2

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गणेश घिमिरे
सचिव

लालमणि पाण्डेय
अध्यक्ष

प्रजातन्त्रवादी प्राध्यापक संघ
वाल्मीकि विद्यापीठ परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत-छात्रावास

-उपप्रा. मुकुन्दप्रसाद लामिछाने

विद्या-वुद्धि-विवेक-त्याग-तपको, आचारको मन्दिर
छात्रावास बनेर संस्कृत महान् संसारमा सुन्दर ।
वाणी वोल्दछ विश्वमा मनुज हे सामान्य संस्था नठान्,
नेपालै भरको पवित्र गुणवान् हो तीनधारा महान् ॥१

घन्कायो यस राष्ट्रभित्र पहिले उद्घोष संघर्षको
यस्का छात्रसमान क्रान्तिविजयी संसारमा हुन्छ को ?
सिङ्गै राष्ट्र कपाउँदै थरहरी नारा लगाई नयाँ
छात्रावास पवित्र गुञ्जन वनी घन्किन्छ नेपालमा ॥२

ताना।शााह गिराउने विकृतिको साम्राज्य पल्टाउने
सामन्ती नववादशाह-छलको जञ्जाल पन्छाउने ।
अत्याचार विरुद्ध एक भुमरी मुस्लो हुँदै उठ्तछ
छात्रावास विरोधमा दमनको आँधी बनी छुट्तछ ॥३

तानाशाहसमूह क्रान्तियुगमा चट्टान भै' उठ्तछ
छात्रावास सशक्त छात्रदलकै ज्वालामुखी फुट्तछ ।
धूलो चाट्दछ छात्रसामु जसका लड्दै महाशासक
जन्मायो जसले यसै गरी सयौं सङ्घर्षका नायक ॥४

विद्यार्थी सवको सवै विषयमा तृष्णा वढाई दिने
शङ्का, दुर्वलता र कायरपना टाढा भगाई दिने ।
छात्रावास समस्त छात्रगणकै हो पाकशाला चुलो
वाँड्ने ज्ञान समस्त राष्ट्रभर नै हो पाठशाला ठुलो ॥५

साझा राष्ट्रिय चेतना घरघरै ब्युँझाउँदै अद्भुत
छन् जस्का जनशक्ति राष्ट्रगहना वन्दै सुसम्मानित ।
संस्था-संघ-विदेश-देश-जगमै व्यक्तित्वका शानले
छात्रावास छ पूज्य लोकविजयी व्यक्तित्वकै मानले ॥६

प्रज्ञाको गुरुमन्त्र हो सकलको संघर्षको हो मियो
झञ्झावात समान तीव्रगतिमा संघर्षमा होमियो ।
छात्रावास अखण्ड गौरव महान् सन्देश हो क्रान्तिको
छात्रावास तपोनिधान जगकै सङ्क्रान्ति हो शान्तिको ॥७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो उच्चविचार व्यक्त यसमा वस्नेहरू गर्दछन्
यस्मा वस्न नपाउने अरु कयौं ईर्ष्या गरी मर्दछन् ।
वस्छौ जो त्यस ठाउँमा अव युवा ! संस्कार सम्झी उठ
यो नेपाल वनाउने सहमतिप्रस्थान खोज्दै जुट ॥८

छात्रावास रहेछ संस्कृति महान् संघर्षको आदिम
सच्चा मन्दिर ज्ञान-ध्यान-प्रतिभा-व्यक्तित्वको स्वर्णिम ।
भन्ने तत्त्व वुझेर प्रेरित वनी मैदानमा आउँदा
लाखौ मानवभेलको हृदयले सम्मान वर्षाउँदा ॥९

आओ प्राज्ञिक क्रान्ति-शान्ति-पथका झण्डा लिदै हातमा
तिम्रो स्वागत हुन्छ विश्वभर नै सम्मानका साथमा ।
विद्या-वुद्धि-विवेक-सिद्ध शिव भै' संघर्ष होस् सुन्दर
निष्ठा, धैर्य र क्रान्तिले जगतमा सम्पन्न के हुन्न र ? १० ॥

मान्छे खोजिरहेछ देश अहिले, पाइन्न मान्छे कतै
आओ आग्रह-द्वेष-दम्भ-लफडा फ्यालेर आफ्ना सवै ।
छात्रावास वनेर फेरि अघिझैं जन्मून् महामानव
फाल्दै स्वार्थ र लोभका मनुजका मस्तिष्कका दानव ॥११

जीवन

गजल

स्वप्नलोकको झैं परी हो यो जीवन
लेखिने मेटिने खरी हो यो जीवन ॥

कमलपुष्पको थुङ्गा झैं, आस गर्ने
जीवैलाई फसाउने अरी हो यो जीवन ॥

भवारण्यमा जो रमण गर्दै डुल्ने
सिकारीको तारो चरी हो यो जीवन ॥

मिलाई दुनियालाई अन्त्यमा छुटाउने
वियोगाश्रु झार्ने झरी हो यो जीवन ॥

भोगमा मस्त झैं झन् मार्गमै लट्पटिने
सांसारिक हितको करी हो यो जीवन ॥

परमज्ञानको दीप मनमा जलाई
सके छर्नु ज्योति हरि हो यो जीवन ॥

-वरदान थपलिया
वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रौतयाग

-नारायण वराल
उप.प्रा., वाल्मीकि विद्यापीठ

जीवन सुख र दुःखको चक्रबाट अघि वढिरहेको हुन्छ। जीवनका क्षणहरूलाई सुखयुक्त वनाउन तल्लीन रहने सामाजिक प्रतिष्ठासँगै सुखको खोजमा भौतारिएको हुन्छ। भनिन्छ - "चक्रवत् परिभ्रमन्ते सुखानि च दुःखानि च" भनेजस्तै सुखको उपलव्धतामा क्रियाशील मान्छेले आफ्नो सुखलाई कसैले धनप्राप्ति नै मान्दछ भने कसैले पुत्रप्राप्तिलाई, त्यसैगरी कसैले विद्वतालाई नै आफ्नो सुखानुभूतिको मुख्य आधार मान्दछ। जे होस् मनुष्यमात्र नभई पशुपन्छी आदि पनि आफूअनुकूल सुखको चाहना राख्दै विभिन्न कार्य गर्दै रहन्छन्। सुखप्राप्तिका लागि आधुनिकयुगमा मनुष्य धनार्जन गर्न कसैको सेवा गर्दछ,, कोही व्यापार व्यवसाय गर्दै अर्थोपार्जनमा तल्लिन रहन्छन् भने कोही राष्ट्रसेवकको रूपमा कार्यगर्दै विभिन्न पद, प्रतिष्ठा आदि प्राप्त गर्दै अर्थोपार्जन गर्दछ। विभिन्न किसिमवाट श्रम, व्यापार, सेवा आदि गर्दै धन त प्राप्त गर्न सक्दछ तर उसले चाहेका हरेका समुचित चाहनाहरू धनलेमात्र प्राप्त हुन सक्दैनन्। लोकमा देखिन्छ कि कुनै व्यक्ति अत्यन्त सम्पन्न त छ तर ऊ असाध्यै रोगी हुन्छ, औषधोपचारले पनि ठीक हुन सक्दैन। त्यस्तै कोही सम्पन्न तथा विद्वान् पनि छ तर उसका सन्तान् हुँदैनन्। यस किसिमका सांसारिक समस्याको समुचित समाधान गर्न एवं आत्मोन्नति गरी अभिलषित पदार्थ प्राप्त गर्ने अनेक मार्गहरूमध्ये एक सर्वोत्तम मार्ग हो- "वेदविहित यज्ञानुष्ठान"। वैदिक यज्ञानुष्ठान पनि दुई प्रकारका हुन्छन् - श्रौत र स्मार्त। यिनै दुई प्रकार यज्ञको वर्णन कल्पसूत्रहरूमा पाइन्छन्। कल्पसूत्र चार भागमा विभक्त छन् -१.श्रौतसूत्र, २.गृह्यसूत्र, ३.धर्मसूत्र, ४.शुल्वसूत्र।

श्रौतसूत्र-व्राह्मण आदि ग्रन्थमा श्रौतयागका वारेमा वर्णित विषयवस्तुको प्रतिपादन एवं अग्निमा सम्पादित हुने यागको संक्षिप्त वर्णन, अग्निहोत्र, दर्शपूर्णमास आदि।

गृह्यसूत्र- आवसथ्याग्निमा सम्पादित हुने चूडोपनयन, विवाह आदि संस्कारका वारेमा विस्तृत वर्णन।

धर्मसूत्र- चतुर्वर्ण, चारआश्रम एवं मानवले पालना गर्नुपर्ने दैनिक जीवनोपयोगी धर्मोपदैशको विस्तृत वर्णन।

शुल्वसूत्र-वेदि-मण्डप निर्माणको विशिष्टरूपमा प्रतिपादन।

उपर्युक्त चार मध्ये श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रलाई प्रस्थानत्रयी पनि भनिन्छ। पूवोक्त चार मध्ये श्रौतसूत्रको मुख्यकार्य भनेको श्रुतिद्वारा प्रतिपादित श्रौतयागको क्रमवद्ध वर्णन हो। गृह्यसूत्रको मुख्य प्रयोजन भनेको स्मार्त कर्मको प्रतिपादन गर्नु नै हो। श्रौतकर्म साक्षात् श्रुतिद्वारा प्रतिपादित हुन्छ भने गृह्यकर्म परोक्षरूपमा श्रुतिसम्मत हुन्छ। यसको वारेमा कर्काचार्यले पारस्करगृह्यसूत्रको भाष्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्नानुसार व्याख्या गरेका छन्- "प्रत्यक्षा: हि श्रुतय: श्रौतेषु स्मार्तेषु च पुन: कर्तृसामान्यादनुमेया: श्रुतय:" । "स्मार्तानामपि वेदमूलकत्वम्"[1] गृह्यसूत्रमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन इत्यादि संस्कारका वारेमा विस्तृतरूपमा वर्णन गरिएको छ । त्यस्तै श्रौतसूत्रमा अग्निहोत्र, दर्शपूर्णमास, पिण्डपितृयज्ञ, चातुर्मास्य, सोमयाग, अश्वमेध आदि यज्ञका वारेमा विस्तृत वर्णन गरिएको छ । श्रौतयाग अन्यन्त श्रमसाध्य तथा यम-नियमपूर्वक गर्नुपर्ने हुन्छ । श्रौतानुष्ठान पनि चार प्रकारमा विभक्त छन्- नित्य, नैमित्तिक, काम्य र निषिद्ध ।

नित्य- "यावज्जीवमग्निहोत्रं जुहोति, यावज्जीवं दर्शपूर्णमासाभ्यां यजेत्, त्रिंशतं वा वर्षाणि, जीर्णोवा विरमेत"[2] इत्यादि प्रमाणद्वारा अनिवार्य रूपमा गर्न निर्देश गरिएको कर्म, जसलाई नगरे प्रत्यवाय लाग्छ- अग्निहोत्र, दर्शपूर्णमास आदि कर्म नित्य हुन् ।

नैमित्तिक- "यस्य गृहान्दहत्यग्नये क्षामवते पुरोडाशमष्टाकपालं निर्वपेत्"[3] इत्यादि श्रुतिवाक्यद्वारा विहित अष्टाकपालपुरोडाशयाग नैमित्तिक हुन् ।

काम्य- "कारीर्या यजेत् वृष्टिकाम:"[4], "मित्रविन्दा श्रीराष्ट्रमित्रायुष्कामस्य"[5] इत्यादि वाक्याद्वारा विहित कामना विशेषले गरिने यज्ञलाई काम्य यज्ञ भनिन्छ । जस्तै श्री, राष्ट्र, मित्र र आयुको कामना गर्नेले मित्रविन्दा नामक यज्ञ गरोस् । पुत्र चाहनेले पुत्रेष्टि गरोस् आदि ।

निषिद्ध- "न म्लेच्छाशुच्यधार्मिकै: सह सम्भाषेत"[6] इत्यादि वाक्यद्वारा निषेध गरिएका कर्म नै निषिद्ध कर्म हुन् ।

अधिकारी

वेदाध्ययन समाप्त गरिसकेको व्यक्ति तथा अग्निहोत्री मात्र श्रौतयाग गर्ने अधिकारी हुन्छ । ब्राह्मण, क्षेत्रीय तथा वैश्यलाई वेदाधिकार प्राप्त छ । "ब्राह्मणराजन्यवैश्यानामिति श्रुते:"[7] अङ्गहीन, अश्रोत्रिय, बहिरो, लाटो तथा नपुंसक आदि व्यक्ति श्रौतानुष्ठानका निम्ति निषेध गरिएका छन् । "अङ्गहीनाऽश्रोत्रियषण्ढशूद्रवर्जम्"[8] किनभने अन्धोव्यक्तिले आज्यानेक्षण आदि कर्म गर्न सक्दैन, वहिरोले मन्त्र सुन्न सक्दैन जसले गर्दा कर्म अगाडि बढ्न सक्दैन, त्यस्तै मूकले मन्त्रोच्चारण गर्न असमर्थ रहन्छ भने लङ्गडो विष्णुक्रमणादि कर्म गर्न सक्दैन । नपुंसक सदा अशुचि हुने हुँदा यी व्यक्तिहरूलाई श्रौतयाग गर्न निषेध गरिएको छ । स्त्रीलाई स्वतन्त्र रूपमा नभएर पतिका साथमा यज्ञानुष्ठानको अधिकारी मानिएको छ ।

नास्ति स्त्रीणां पृथग्यज्ञो न व्रतं नाप्युपोषणम्
शुश्रूषयति भर्तारं तेन स्वर्गे महीयति ॥ (मनुस्मृति ५.५.५)

ब्राह्मण, क्षेत्रीय, वैश्यभन्दा अतिरिक्त रथकारलाई पनि श्रौतानुष्ठानको अधिकारी मानिएको छ । "रथकास्याधाने"[9] क्षत्रीय पुरुष र वैश्य स्त्रीबाट उत्पन्न माहिष्य, वैश्य पुरुष र शूद्र स्त्रीबाट उत्पन्न हुनेलाई करिणी भनिन्छ भने माहिष्य पुरुष करिणी स्त्रीबाट उत्पन्न हुनेलाई रथकार भनिन्छ । "माहिष्येण करिण्यन्तु रथकार प्रजायते"[10] ।

[1].पारस्करगृह्यसूत्र पृ.६ ।
[2].आ.श्रौ.३.१४.११ ।
[3].तै.सं.२.२.२ ।
[4].का.श्रौ.सू.५.१२.१ ।
[5].का.श्रौ.सू.५.१.२१ ।
[6].गौ.ध.१.९.१७ ।
[7].का.श्रौ.सू. १.१६ ।
[8].का.श्रौ.सू.१.१.५ ।
[9].का.श्रो.सू.१.१.९ ।
[10].श.ब्रा. २.३.१.२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिएका सवै योग्य यजमान त वन्न सक्छन् तर ऋत्विक् कर्म भने ब्राह्मणले मात्र गर्न सक्ने व्यवस्था शास्त्रमा उल्लेख गरिएको छ । सोमपान तथा हविः शेषभक्षण केवल ब्राह्मणले मात्र गर्ने विधान श्रुतिमा उल्लेख गरिएको छ - "तद्वै नाब्राह्मणः पिवेत्" इत्यादिद्वारा । "द्वया वै देवा देवाः आहुतिभिरेव देवान् प्रीणाति, दक्षिणाभिर्मनुष्यदेवान् ।"[११] श्रुतिमा देवता र ब्राह्मण दुवैलाई देवस्थानीय मानिएको छ । आहुति आदि द्वारा देवताहरू प्रसन्न हुन्छन्, त्यस्तै दक्षिणादानद्वारा ब्राह्मण देवता प्रसन्न हुन्छन् । दक्षिणाग्रहण गर्ने अधिकारी केवल ब्राह्मण मात्र हुन्छ र विना दक्षिणा यज्ञ सफल हुँदैन ।

"दक्षिणाः सर्वयज्ञानां दातव्या भूतिमिच्छता"[१२], "यत्कर्म दक्षिणाहीनं कुरुते मूढधीः शठः, स पापी पुण्यहीनश्च"[१३] तसर्थ ब्राह्मणले मात्र आर्त्विज्य ग्रहण गर्दै दक्षिणा लिने विधान छ । यजमान र ऋत्विकको सहयोगमा मात्र श्रौतानुष्ठान सम्पन्न गर्न सकिन्छ । चाहेर वा सम्पन्न भएर श्रौतयागको यजमान वन्न सक्दैन, यज्ञविधान अनुसार अग्निहोत्री मात्र यजमान वन्न सक्छ । त्यसकारण अग्निहोत्रीलाई वर्तमानमा पनि अत्यन्त आदरपूर्वक हेरिने गरिन्छ । वर्तमान समयमा नेपाल तथा भारतमा नगण्यरूपमा एकाध मात्र अग्निहोत्री भेटिन्छन् । अग्निहोत्रीले नित्य अग्निको सेवा गर्ने गर्छन् भने उनीहरूको प्रधान उपास्यदेव अग्नि मानिन्छन् । श्रौतयागमा प्रत्येक वेदका अलग अलग ऋत्विक् हुन्छन्, जसको संख्या न्युनतम एक देखि अधिकतम सोह्रभसम्म हुने गर्दछ । जति विशाल श्रौतयाग भए ता पनि सोह्र भन्दा वढी ऋत्विग हुँदैनन्- "षोडशर्त्विजो ब्रह्मोद्गातृ-होत्रध्वर्यु-ब्रह्मणाच्छंसि-प्रस्तोतृ-मैत्रावरुणप्रतिपस्थातृ-पोतृ-पतिहर्त्रच्छावाकनेष्ट्रग्नीत्-सुब्रह्मण्यग्रावस्तुदुन्नेतृन् वृणीते"[१४] उपर्त्विक भने आवश्यकता अनुसार अरु पनि थप हुन्छन् । पूर्वोक्त सोह्र ऋत्विग्को वेदानुसार निम्न प्रकारले गणविभाजन गरिएको छ ।

ऋग्वेद	यजुर्वेद	सामवेद	अथर्ववेद
होतृगण	अध्वर्युगण	उद्गातृगण	ब्रह्मगण
होता	अध्वर्यु	उद्गाता	ब्रह्मा
मैत्रावरुण	प्रतिपस्थाता	प्रस्तोता	ह्मणाच्छंसि
अच्छावाक्	नेष्टा	प्रतिहर्ता	आग्नीध्र
ग्रावस्तुत्	उन्नेता	सुब्रह्मण्य	पोता

होतृकर्ममा प्रयुक्त मन्त्रहरूको संकलन ऋग्वेद, आध्वर्यव कर्मोपयोगी मन्त्रहरूको त्यससम्वन्धी क्रिया आदि यज्ञको मूलस्वरूपको संकलन यजुर्वेद, औद्गात्र कर्मोपयोगी मन्त्रहरूको संकलन सामवेद तथा ब्रह्मत्व, शान्तिक पौष्टिक आदि कर्मोपयोगी मन्त्रहरूको संकलन अथर्ववेदले गर्दछ ।

[११] श.ब्रा २.१.६.६ [१२] साम्वपुराण, ३४-२ । [१३] ब्रह्मवैवर्तपुराण, अ.२३-२४

[१४] का.श्रौ.सू ७.१.७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आध्वर्यवं यजुर्भिस्तु ऋग्भिर्होत्रं तथाऽकरोत्
औद्गात्रं सामभिश्चक्रे ब्रह्मत्वं चाप्यथर्वभिः ॥[१५]

सन्दर्भसूची

१.पारस्करगृह्यसूत्रम्- चौखम्बा सुरभारती, वाराणसी १९९१
२.कात्यायनश्रौतसूत्रम्-चौखम्बा सुरभारती प्रतिष्ठान दिल्ली १९९०
३.कात्ययनयज्ञपद्धति विमर्श राष्ट्रिय संस्कृत संस्थान दिल्ली १९८८

उनी

भेटघाट हुन पनि धर्ती आकाश भयो
उनलाई सम्झी सम्झी आज निद्रा कता गयो ?

पिपिरेको पात वजाउँदै वेशी तिर झर्थिन्
आफू आउन नपाएमा चिठी लेख्ने गर्थिन्

सुनिरहूँ जस्तो लाग्छ उनको मीठो बोली
कता गइन् के गर्दिहुन् उनी आज भोलि ॥

मलाई जस्तै उनलाई भैछ हुनु पर्ने
मोबाइलको स्वीच अफ रे लौन कसो गर्ने ॥

सँगिनीलाई सोधौं भने कुरा काट्ने डर
खोज्दै अव कता जाउँ देख्या छैन घर ॥

कुन वाटो हिँड्लिन उनी कुन कुरौं वाटो
सँगै डुल्दा घर नसोध्ने म पनि त लाटो ॥

एउटै घाम पुसमा ठीक थ्यो बैशाखमा धेर भो
अझै लेख्न मन थ्यो हजुर उनलाई खोज्न बेर भो ॥

-रेवती प्रसाद निरौला
हर्षाही-३, सर्लाही दमन डाँडा टोल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा ज्योतिषशास्त्रको अपरिहार्यता

– माधवप्रसाद पाण्डेय

१. पृष्ठभूमि

कुनै पनि विषयविशेषको अध्ययन-अध्यापन गर्नका लागि उच्चस्तरका शिक्षणसंस्थाहरूको खाँचो पर्दछ । त्यसैको परिपूर्तिका रूपमा गुरुकुलशिक्षाको सुरुआत भएको हो । समयको लामो अन्तराल र परिवर्तनले गर्दा समय-समयमा परिवर्तित र गतिशील हुँदै विश्वमा विभिन्न किसिमका शिक्षणविधा र पद्धतिहरू विकसित हुँदै गएका छन् । यसै अनुरूपका जन-शक्तिहरू तयार भइरहेका छन्, तर देशमा चाहिएका जनशक्ति र उत्पादित जनशक्तिका वीचमा उपयुक्त तालमेल हुनसकेको पाइँदैन । त्यसैले देशमा दिनानुदिन वेरोजगारीको समस्या वढिरहेको छ र लगानीको सन्तोषजनक प्रतिफल पाउनुको सट्टा झन् जटिल परिस्थिति सिर्जित भइरहेको छ । यस्तो परिस्थितिमा वेरोजगार उत्पादन गर्ने उच्चस्तरीय शिक्षणसंस्थाहरूले राज्यको आवश्यकता अनुसारको जनशक्ति तयार नगरी उल्टै समस्याहरू थपिदिएको जस्तो देखिन आएको छ । त्यसकारण अवको शिक्षा भनेको कसैसँग रोजगार माग्न नपर्ने गरी आफै स्वरोजगारका साथमा उत्पादित जनशक्तिको खाँचो भएको छ । त्यसका लागि सवैभन्दा प्राचीन र आधुनिक युगको अपेक्षालाई केही हदसम्म पूरा गर्नसक्ने विषयका रूपमा ज्योतिष विषयलाई अघि सार्न सकिन्छ ।

२. ज्योतिष विषय पठन-पाठनको आवश्यकता

आधुनिक विषय पढेका वेरोजगारहरूको दैनिक रूपमा संख्या वृद्धि भइरहेको आजको अवस्थामा ज्योतिष विषय पढेका जनशक्ति वेरोजगार हुनुपर्दैन । आफ्नै पेशा वा व्यवसाय गर्न सक्षम हुन्छन् । वर्तमान हिन्दू धर्मावलम्वीहरू विश्वका विभिन्न देशहरूमा छरिएर रहेका छन् । स्थायी वा अस्थायी रूपमा वसोवास गर्ने ती हिन्दुहरूले ठाउँ ठाउँमा थुप्रै मन्दिर तथा धार्मिक स्थलहरू निर्माण गरिरहेका छन् । ती धार्मिक संस्थाहरू र व्यक्तिगत घरहरूमा पनि अनुष्ठान आदि भइरहन्छन् । संस्कृत, ज्योतिष र कर्मकाण्डका जानकार व्यक्तिहरूको आवश्यकता स्वदेश तथा विदेशका विभिन्न स्थानहरूमा भइरहन्छ, जसले गर्दा ज्योतिष पढेका जनशक्तिले वेरोजगार रहनुपर्दैन र राष्ट्रका लागि पनि उनीहरूलाई रोजगारीको व्यवस्था मिलाउन कुनै प्रकारको टाउको दुखाइ हुँदैन, अनि देशमा वेरोजगारीको समस्या नै रहँदैन ।

ज्योतिषशास्त्रसम्वन्धी पठन-पाठनमा तीव्रता आउन थालेपछि यससम्वन्धी शोधकार्यमा पनि गति थपिनेछ र शोध-अनुसन्धान गर्दा ज्योतिषशास्त्रका जुनजुन मान्यता र परम्परामा अवैज्ञानिकता वा अव्यावहारिकता सिद्ध होला ती सवै सन्दिग्ध क्षेत्रलाई छोड्दै व्यवहारसिद्ध र प्रामाणिक तथ्यहरूप्रति मात्र परिश्रम गर्ने परम्पराको सुरुआत हुनथाल्छ, अनि त्यतैतिर अरु पनि अध्येताहरू आकर्षित हुनेछन् । यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिषशास्त्रको विश्वसनीयतामा पनि जनविश्वास अझ बढ्दै जानेछ, जसले गर्दा ज्योतिषशास्त्र र जनविश्वास दुवैको उपकार हुनेछ । अत: ज्योतिषशास्त्रको पठन-पाठन र शोध-अनुसन्धानको नितान्त आवश्यकता देखिएको छ ।

२.१ ज्योतिषविज्ञान

जसरी विज्ञानका विभिन्न शाखाहरूको समाजमा अत्यन्त महत्त्वपूर्ण स्थान छ, त्यसैगरी ज्योतिषविज्ञानको पनि समाजमा महत्त्वपूर्ण स्थान छ। विज्ञानका विभिन्न शाखाहरू जस्तै ज्योतिष पनि आफैमा पूर्ण विज्ञान हो ।

२.१.१ ज्योतिष र विज्ञानमा समन्वय

ज्योतिषका अनुसार ब्रज्माण्डका विविध घटनाहरूको अध्ययन गर्दा जुनसुकै एउटा घटनाको प्रभाव अरु घटनाहरूमा पनि पर्दछ भनिन्छ। क्रियाको प्रतिक्रिया अवश्य हुन्छ भन्ने कुरामा विज्ञान पनि सहमत देखिन्छ। ज्योतिष तथा विज्ञान दुवै मानवमात्रका आवश्यकता र प्रवृत्तिहरूप्रति एक निश्चित धारणा राख्दछन् । अध्ययन, निरीक्षण र प्रयोगका आधारमा नै प्रकृति र प्राकृतिक वस्तुहरूको आँकलन गर्नुमा ज्योतिष तथा विज्ञान दुवैको समन्वय देखिन्छ ।ज्योतिष तथा विज्ञान दुवैमा प्राकृतिक व्यवस्था र प्राकृतिक रहस्यको अध्ययन गरिन्छ। ज्योतिष र विज्ञान दुवै कार्यकारण सम्वन्ध मान्दछन्। घटनाको कारक तत्त्वका रूपमा दुवैले प्राकृतिक नियमलाई नै मानेको पाइन्छ ।

३ व्यवहारमा ज्योतिषको सत्यापन

जन्म समयमा विद्यमान नक्षत्र तथा ग्रहको तत्त्व एवं प्रभाव अनुसार मानिसमा सम्वन्धित ग्रहहरूको तत्त्व प्रभावित हुन्छ। यसका साथै समय- समयमा गोचरीय ग्रहहरूको आकाशीय अवस्थिति परिवर्तित भइरहन्छ। यही परिवर्तित प्रभाव पकृति तथा प्राणिमात्रमा क्षण-क्षणमा फरक-फरक रूपमा परिरहन्छ। तीव्र गति भएको ग्रहको प्रभाव मन्द गतिमान् ग्रहको तुलनामा छिटो र बढी प्रभावित हुन्छ भने मन्द गति भएको ग्रहको प्रभाव लामो समयसम्म मानिसमा रहिरहन्छ। मन्द गतिका ग्रहहरूमा मुख्यत: शनि, त्यसपछि बृहस्पति र राहु पर्दछन्। यिनै गोचरीय परिवर्तित प्रभाव अनुसार ज्योतिषकर्मी भविष्यवाणी गर्दछन्, तर भविष्यवाणी नमिल्दैमा ज्योतिषविद्यालाई नै असत्य भन्न मिल्दैन, किनभने कति प्रतिशत भविष्यवाणी सटीक हुन्छ भन्ने कुरा भविष्यवक्ताको व्यक्तिगत अध्ययन, अनुभव र योग्यतामा भर पर्दछ। अथवा हरेक विषयको एउटा सीमा हुन्छ। अध्येता त्यसभन्दा पर जान सक्तैन। जसरी उपचार विद्यामा मृत्युलाई हटाउन सकिँदैन। योजना विद्याले हावामा घर बनाउन सक्तैन। मौसम विज्ञाले मौसमलाई परिवर्तन गर्न सक्तैन। कानून विद्याले सबै मुद्दा जिताउन सक्तैन। यसरी यहाँ राष्ट्रले थुप्रो लगानी गरेका आधुनिक विषयका कतिपय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषज्ञहरूले गरेका काम नै असफल हुने गरेको पाइन्छ। एउटा डाक्टरले स्वपठित नियमानुसार विरामीको उपचार गर्दा पनि ऊ स्वस्थ हुँदैन। त्यस्तै एउटा इन्जीनियरको निर्देशनमा भएको निर्माण कार्य ध्वस्त हुन्छ, अनि मौसम वैज्ञानिकको भविष्यवाणी पनि अक्षरशः सत्य घटित भएको पाइँदैन। यस्ता कुरालाई लिएर सम्वन्धित विषयलाई नै गलत भन्न मिल्दैन, वरु सम्वन्धित विशेषज्ञको वुद्धि, विवेक र क्षमतालाई अझ परिपक्व हुन वाँकी नै छ भन्ने वुझ्नुपर्ला। वस्तुतः यो सृष्टिमा एकमात्र शाश्वत सत्य ईश्वरमात्र छ। अन्यथा सीमा तोकिएको हुन्छ।

अतः ज्योतिषविद्यालाई ठगी खाने भाँडोका रूपमा लिने गलत भ्रमलाई निवारण गरी यथार्थ सत्यापन गर्नका लागि तल्लो तहदेखि नै यसको पठन-पाठन र प्रयोग सुरु गरी क्रमशः शोधअनुसन्धानका कामहरू गर्दै जानुका साथै अनुसन्धानका लागि प्रयोगशालाको स्थापना र सञ्चालन हुनु परम आवश्यक देखिएको छ, यद्यपि अहिले नै पनि ग्रहवेधको प्रत्यक्ष अवलोकन गर्न सकिने महत्त्वपूर्ण दूरविन, महेन्द्र संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठमा प्रा.डा.केशवराम जोशीज्यूको जिम्मामा रहेको छ, तर त्यसको उपयोग हुनसकेको छैन। नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठानमा समेत उपलब्ध नभएको उक्त यन्त्र समेटेर वसेको सम्वन्धित संस्थाले त्यसको उपयोग गर्न किन सकिरहेको छैन ? भन्ने जटिल प्रश्न तेर्सिने गरेको छ। यस्तो महत्त्वपूर्ण साधनको उपयोग गरी आकाशीय ग्रहस्थितिको जानकारी र गणितीय शुद्धताको प्रत्यक्ष परीक्षण गर्न पाइने स्वर्णिम अवसर पाएर पनि त्यसलाई अर्थहीनरूपमा एउटा धूलै धूलो भएको कोठामा ठिङ्ग उभ्याएर राखिएको छ। अर्थहीन अवस्थामा थन्किएको उक्त अर्थपूर्ण दूरविनको जिम्मा लिन पाउनु भएका नेपालका गणित ज्योतिषका मूर्धन्य विद्वान् जोशीज्यू सातामा तीन दिन आउनुहुन्छ र उक्त यन्त्रको दर्शन गर्नुहुन्छ, अनि धूलो सफा गर्नुहुन्छ।

अध्ययन, लगनशीलता र प्रयोगात्मक अनुशीलनका माध्यमवाट पाश्चात्य विद्वँन्हरूले यस विषयमा प्राप्त गरेका उपलव्धिहरूलाई हेर्दा ती सवै वस्तु हाम्रं पँम्परिक ग्रन्थहरूमै पाइन्छ, तर यहा" त्यसको अध्ययन अनुसन्धान हुन नसकेको हु"दा उनीहरूको स्तुत्य प्रयास र प्राप्तिले हामीलाई आश्चर्यचकित तुल्याइदिन्छ। वास्तवमा हेर्ने हो भने उनीहरूले गरेका अनुसन्धानका प्राप्तिहरूमा रश्मिज्ञानका कुरा, स्त्रीहरूमा हुने मासिक धर्मका कुरा, मानिसमा पाइने सूर्यादि ग्रहजन्य रोग, स्वभाव, प्रकृति, प्रभावजस्ता विषयहरू हाम्रा प्राचीन ग्रन्थहरूको अध्ययनबाटै प्राप्त भएका हुन्, परन्तु हामीहरू त्यसको मर्म वुझ्न नसकेर यस्तो अमूल्य रत्नलाई विर्सदै गएका छौं।

अतः राज्यले यस्तो विद्याको विकासका लागि तत्काल पहल गर्नुपर्छ र सम्वन्धित विश्वविद्यालयले त्यसका लागि कार्यक्रमहरू दिनसक्नुपर्दछ अनि त्यस विषयका जिज्ञासुहरूले यस्तो मौका पाउनुपर्दछ र त्यसको उपलव्धि राज्यले पाउनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संघीयताको भविष्य, शासकीय स्वरूप र विकल्प

-चिरञ्जीवी भट्टराई

नेपाल एक सार्वभौम, स्वतन्त्र र लोकतान्त्रिक देश हो । लोकतन्त्रप्रतिको अटुट चाहना र आस्था नेपाली जनताको साहसिक, वलिदानीपूर्ण आन्दोलन २०६२/०६३ मा प्रतिविम्वित भयो । त्यसैले पनि उक्त आन्दोलन २००७, २०४६ मा भएका आन्दोलनभन्दा पृथक रह्यो । एक्काइसौं शताव्दिको सुरुआतको यो आन्दोलन सूचना तथा सञ्चार क्षेत्रको प्रभावका कारण विश्वव्यापीरूपमा प्रचारित र प्रसारित भयो र उपलब्धिका दृष्टिले पनि उल्लेखनीय रह्यो । २४० वर्षदेखिको राजतन्त्रको जगलाई खल्वलाउने र देशको परम्परागत सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक स्वरूपमा आमूल परिवर्तनको आकांक्षालाई उजागर गर्ने काम गऱ्यो । साथै दशकौं लामो द्वन्द्वमा रहेको देशलाई द्वन्द्व समाप्तिका आधार प्रदान गऱ्यो तर द्वन्द्वका स्वरूपहरू परिवर्तन भएर जातजाति, वर्ण, क्षेत्रीयताजस्ता विषय द्वन्द्वका कारण वन्न पुगे । शदीऔंदेखि तुलनात्मक रूपमा शान्त रहेको तराई अशान्त हुन पुग्यो । जाति, जनजाति, धार्मिक-भाषिक समुदाय, महिला, अपाङ्ग, मधेशी, श्रमिक, वादी, मुक्त कमैया, सुकुम्वासी आदि राष्ट्रको समावेशी स्वरूपका लागि विभिन्न तहमा संघर्षरत छन् । लामो समयसम्मको द्वन्द्वले नै असहिष्णुता र एकअर्काप्रतिको घृणा र सम्झौता गर्न तयार नहुने खालको मनोविज्ञान यथावत छ । परिणामतः हिंसा र द्वन्द्वको सम्भावना यथावतै छ । तुलनात्मक दृष्टिले व्यापक सहभागिता रहेको संविधानसभा गठन भएपछि पनि राज्यको पुनःसंरचनाको विवाद यथावत छ। अन्तरिम संविधानमा राज्यको पुनःसंरचना आयोग गठन गर्ने व्यवस्था गरिए पनि गठन गर्नेतर्फ ध्यान जान सकेन तर संघीयतालाई भने संविधानमै तेस्रो संशोधनवाट स्वीकार गरियो । विभिन्न दल, जाति तथा समुदायले वलजफ्ती एवं जबर्जस्ती आ-आफ्नै खालका संघीय राज्यको उल्लेखन पर्याप्त छलफल र अध्ययनविना संविधानसभाबाट गराउने प्रयासमा छन् ।

उता मधेशबादी दलको दृष्टिमा मधेशविरोधी मानिएको माओवादी दलको नेतृत्वमा सरकार र सबैभन्दा ठूलो दलका रूपमा संविधानसभामा उपस्थित छ । वि.सं. सालमा मधेशमा भएको आन्दोलनलाई अस्वीकार गर्ने र तत्कालिक सरकारलाई वार्तासम्म गर्न नदिने माओवादीको मानसिकतामा कति परिवर्तन भयो ? हेर्न बाँकी नै छ ।

उक्त क्रममा देशलाई नै दीर्घकालीन प्रभाव पार्ने खालका कतिपय एजेन्डा अघि आएका छन् : राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा संघीयता, स्यायत्त प्रादेशिक व्यवस्था, आत्मनिर्णयको अधिकारसहितका जातीय, क्षेत्रीय राज्य, समानुपातिक निर्वाचन पद्धति र प्रतिनिधित्व, समावेशीकरण र आरक्षण, कर तथा राजश्वको बाँडफाँड, प्राकृतिक स्रोतको उपयोगसम्वन्धी व्यवस्था आदि । उक्त विषयलाई मुखरित हुन पाउने अवसर पछिल्लो लोकतन्त्रले दिएको हो । लोकतन्त्र/प्रजातन्त्र नेपालमा विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय र स्वरूपमा देखा पर्‍यो । सकेसम्मका प्रणाली तथा शासकहरूले प्रजातन्त्रको दावी गर्ने व्याख्या गर्ने प्रयास गर्दछन् तर वास्तविक अर्थमा Democracy is an open system of governance where people can have sufficient opportunities to decide their fate and future, and is a perfect system where inclusion is inherited in its veins and cells itself.

लोकतन्त्र आफैँमा For the people, of the people and by the people हो । यदि सही सदुपयोग गरियो भने लोकतन्त्रमा सवैको सुनुवाइ र सम्मान हुन्छ तथा सहभागी हुने अवसर मिल्छ । यो राज्य मेरो हो र सोको हरेक गतिविधिमा मेरो सही प्रतिनिधित्व भएको छ र मप्रति अन्याय हुँदैन भन्ने कुराको सुनिश्चितता हुन्छ । गरिवी तथा शोषणको अन्त्य, निम्न वर्ग तथा जातिको उत्थान तथा अन्य त्यस्तै नाम र वाहनामा लोकतन्त्रप्रति अनास्था गरियो भने कालान्तरमा देशले पक्कै पनि दुर्गति भोग्नुपर्ने अवस्था आउँछ । त्यसैले सवै नेपालीलाई मान्य हुने खालको राज्यको पुन:संरचना गर्नु आजको आवश्यकता हो ।

राज्यको भावी संरचना कस्तो हनुपर्छ ?

एथेन्स र स्पार्टाबाट विकास भएको पश्चिमी शैलीको लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुन्छन् र वढीभन्दा वढी सरोकारवालाको प्रत्यक्ष सहभागितामा शासन सञ्चालन हुनुपर्छ । आफ्नो सरोकारका विषयमा निर्णय गर्दा प्रत्येक नागरिकले सहभागी हुन पाउनुपर्छ । सार्वभौमिकता भनेको नै यही हो । जवसम्म उक्त अधिकारलाई विधिसम्मत् तरिका र न्यायोचित व्यवस्थामार्फत् प्रत्यायोजन गरिँदैन वा अर्कोलाई सुम्पिँदैन, तवसम्म अर्काका विषयमा निर्णय गर्ने अधिकार कसैलाई रहँदैन । अर्कातर्फ लोकतन्त्र भनेको समावेशी प्रक्रिया हो, जहाँ जति बढी नागरिक वा समुदायको प्रतिनिधित्व गराउन सकिन्छ, त्यति नै मात्रामा बढी लोकतान्त्रिक मानिन्छ । सकेसम्म र सम्भव भएसम्म शासन व्यवस्थामा स्थानीय जनताको अधिकभन्दा अधिक तथा प्रत्यक्ष सहभागिता हुने व्यवस्था विकास गर्नुपर्छ । त्यसका लागि एथेन्स र स्पार्टाको तत्कालिक व्यवस्था जस्तो हरेक घरको कम्तीमा १ जनाको अनिवार्य प्रतिनिधित्व हुने खालका राज्य, प्रशासनिक तथा राजनीतिक एकाइ वनाउनु जरुरी छ र असम्भव पनि छैन । लोकतन्त्र तवमात्र सार्थक हुन्छ, जव सवै जनताको पहुँच सहज र सम्भव हुन्छ । जनताको घरदैलो वा सहज पहुँच भएको स्थानमा राज्यको प्रशासनिक तथा राजनीतिक एकाइ पुग्नुपर्दछ । त्यसका लागि गाउँगाउँ, टोलटोलसम्म राज्य व्यवस्थाको उपस्थिति हुनुपर्छ र त्यहाँ अल्पसंख्यक, वहुसंख्यक जाति, जनजाति, आदिवासी, महिला, पुरुष, धनीगरिव सवैको उपस्थिति, सहभागिता र सुनुवाइ हुन सकोस् । विकासनिर्माण, सेवासुविधा, राजनीतिक प्रक्रिया, प्रशासन, विवाद निरोपणजस्ता कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकभन्दा अधिक रूपमा स्थानीय तहको तल्लो तहसम्म पुऱ्याउन जरुरी छ। यसले नेपाल जस्तो भौगोलिक जटिलता, भाषिक, जातीय तथा सांस्कृतिक विविधता भएको देशका अधिकतम समस्या आफैँ समाधान हुनपुग्छन्। त्यसो गर्दा कम्तीमा पनि हालको वडाको तहमा सवैभन्दा तल्लो तहको निकायको मान्यता दिएर जनसरोकारका विषयमा निर्णय गर्न धेरैभन्दा धेरै अधिकार प्रत्यायोजन गर्न सकिन्छ। करिबकरिब हालको गाविससरहको क्षेत्रलाई स्थायी र वास्तविक अर्थको स्थानीय प्रशासनिक एकाइ वनाउनुपर्छ र त्यसलाई विकासनिर्माण, विवादनिरोपण, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा आदि विषयमा जिम्मेवार वनाउनुपर्छ। स्थानीय निकायलाई अझ परिमार्जित र भरपर्दो र निर्वाचित पदाधिकारीहरूको थलो वनाउनुपर्छ। जनताका अधिकांश काम स्थानीयस्तरवाटै गर्ने वनाउनुपर्छ। त्यसपछि हालका जिल्लाको स्वरूपलाई परिवर्तन गरी कम्तीमा जिल्लाका इलाकालाई शासनको सवैभन्दा माथिल्लो प्रशासनिक एकाइ बनाउन सकिन्छ। नाम दिँदा त्यसलाई जिल्ला, प्रदेश, संघ, गण, काउन्टी वा क्षेत्र जे दिए पनि हुन्छ तर त्यसले जनताका सबै समस्या समाधान गर्ने क्षमता, हैसियत र अधिकार राख्नुपर्छ। हालको अञ्चल र विकासक्षेत्रको कुनै औचित्य छैन, खारेज गर्नुपर्छ र जिल्ला, गाविस, वडालगायतलाई पुन:संरचना गरी आजका मागलाई सम्वोधन गर्न सक्ने गरी अधिकारसम्पन्न र सवल बनाउनुपर्छ।

जिल्ला नेतृत्व जनताको प्रत्यक्ष निर्वाचनवाट छान्ने र जिल्लाअन्तर्गतका सम्पूर्ण काम जनप्रतिनिधिले सम्हाल्ने व्यवस्था गर्न सकिन्छ। सो प्रयोजनका लागि शासन/प्रशासनलाई जनताको घरदैलो र पायक पर्ने स्थानसम्म पुऱ्याउन जिल्लाको हालको विभाजनलाई परिमार्जन गर्नुपर्छ। त्यसो गर्दा सहज पहुँच, जनसंख्या, भौगोलिक अवस्थिति आदि पक्षलाई ध्यानमा राखी विभाजन गर्नुपर्छ र करिब २०० को हाराहारीमा बनाउन सकिन्छ। साथै प्रशासनिक संरचनालाई वोझिलो हुन नदिन सानो, छरितो र चुस्त वनाउनुपर्छ। उक्त विभाजनपछि जिल्लालाई वर्गीकरण गरी वढीमा २५ जना र कम्तीमा १० जना जनप्रतिनिधि र एकजना प्रमुखलाई जनताले निर्वाचित गर्ने र निर्वाचित प्रमुखलाई सत्ता र तिनै प्रतिनिधिले स्थानीय संसद/परिषद्को काम गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ। यसो गर्न सके शासनप्रशासन दिगो र प्रभावकारी वन्न सक्छ।

राष्ट्रियस्तरमा संसद्सहितको प्रधानमन्त्रीय प्रणालीको व्यवस्था गर्नुपर्छ। त्यहाँ राष्ट्रपति औपचारिक राष्ट्र प्रमुख र प्रधानमन्त्री वास्तविक शासकीय प्रमुख हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ। संसदले सरकारको वजेट, मुद्रा, कानुन निर्माण, राष्ट्रिय सरोकार, परराष्ट्र नीति, राष्ट्रिय सुरक्षालगायतका क्षेत्रमा सरकारलाई नियन्त्रण र नियमित गर्न सक्छ। प्रधानमन्त्रीलाई महाअभियोग लगाउने काम गर्न सक्छ। प्रधानमन्त्री जनतावाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्ष निर्वाचित हुने र निजले आफ्नो स्वविवेकमा मन्त्रीहरू छनोट गर्न सक्ने अधिकार राख्ने व्यवस्था गर्नुपर्छ। संसदले उच्च पदाधिकारी नियुक्तिलगायतमा स्वीकृति प्रदान गर्ने व्यवस्था राखी संसदीय सुनुवाइको माध्यमलाई आधार वनाउन सकिन्छ। राष्ट्रपति जिल्ला/गण र राष्ट्रिय संसदका सदस्यहरूको निर्वाचक मन्डल रहेको अप्रत्यक्ष निर्वाचनवाट छान्ने व्यवस्था मिलाउनुपर्छ।

संसद सानो, छरितो, व्यावसायिक, सवै खालका संसदीय अवगुणभन्दा टाढा र नितान्त देशको हितमा काम गर्ने थलो हुनुपर्छ, जुन सत्ताको प्रत्यक्ष राजनीति अर्थात्, वहुमत-अल्पमतको दायराभन्दा टाढा राखिनुपर्छ। विगतमा ५१ प्रतिशत वहुमत वनाउन खेलिएका सवै खाले खेल र परिणामस्वरूप संसद र लोकतन्त्र नै वदनाम हुनुपरेको तीक्त यथार्थभन्दा टाढा राख्नुपर्छ। विगतमा सवैभन्दा वढी समस्या संसद र मन्त्रिपरिषद्वीचको दोहोरो सम्वन्ध र संसदको वहुपक्षीय सम्भावना र अवसरमा रहेको पाइन्छ। जति कम अवसर तर वढी कर्ता रहन्छन्, त्यही अनुपातमा द्वन्द्व र प्रतिष्पर्धा वढेर जान्छन्।

हालको नेपाली मानसिकता र वास्तविकता हरेक राजनीतिकर्मीको चाहना संसद वन्ने र हरेक सांसदको चाहना मन्त्री, प्रधानमन्त्री वन्ने र मन्त्री बन्नका लागि सांसद हुनैपर्ने, प्रधानमन्त्री हुन संसदको वहुमत चाहिने, त्यसका अतिरिक्त महुमतप्राप्त दलको वहुमतप्राप्त नेता हुनुपर्ने र वहुमत चलायमान भएकाले सरकारमाथि सधैँ दल तथा संसदको वहुमतको अङ्कगणितको तरवारमाथि झुण्डिइरहने र हरेक ६/६ महिनामा अविश्वासको प्रस्ताव खेप्नुपर्ने अवस्थाको विद्यमानता र यथार्थ समस्याका जड रहे। कम्तीमा पनि एक कार्यकालका लागि प्रधानमन्त्रीलाई ती समस्यावाट मुक्त राख्न सकियो भने धेरै समस्या आफैँ समाधान हुन सक्छन्। सीमित काम मात्र केन्द्र सरकारले गर्ने भएकाले जनताका प्रत्यक्ष सरोकारका विषयमा केन्द्र धाउनुपर्ने, एकडेढ लाखका योजना तथा कार्यक्रमका लागि मन्त्रालय, योजना आयोग धाउनुपर्ने अवस्थाको अन्त गरी त्यस्ता काम वढीमा गाविसस्तरवाटै गर्ने अवसर र आवश्यक स्रोत र साधन उपलव्ध गराइदिएमा हालको असहज, पछौटेपन, गरिवी र अन्यायको अवस्थावाट पार पाउन सकिनेछ।

साधनस्रोतलाई पूर्णरूपमा स्थानीय तहमा दिने परिपाटी वसालेपछि सांसद वन्न खोज्नेको भन्दा गाविसका पदाधिकारी वन्न खोज्नेको संख्या धेरै हुनेछ। पढेलेखेका, विद्वान, समाजसेवी, राजनीतिकर्मी आदि स्थानीय तहमै वसेर काम गर्न थाल्नेछन्। जनताको सेवा गर्ने सोच र चाहना भएका व्यक्तिहरू सांसद हुनभन्दा गाविस प्रमुख, वडा प्रमुख हुन रुचाउने छन्। २०५, २६५ वा ६०१ को संख्यामा रहेका सांसद-विधायकको संख्याको तुलनामा हजारौं गाउँ प्रमुख, ५०औं हजार वडा प्रमुख तथा २/३ हजारभन्दा वढीलाई जिल्लास्तरीय नेतृत्वमा रहने अवसर मिल्नेछ। त्यसो भएमा आआफ्नो इच्छाअनुसारको पद र तहको छनोट गर्न मानिसहरू स्वतन्त्र हुनेछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र उक्त बमोजिमका अधिकतम अवसरको सृजनाले हालका वर्षमा देखिने गरेका जस्ता राजनीतिक द्वन्द्व स्वतः कम हुनेछन् ।

स्थानीयस्तरलाई नै सार्वभौम एकाइ मान्ने व्यवस्थाले जातीयता, क्षेत्रीयता, वर्ण आदिका आधारमा शोषित, पीडित हुनुपरेको, पछाडि पारिएको, राज्य समावेशीकरण हुन नसकेको भन्ने जस्ता विविध पक्षमा गुनासो गर्ने अवस्था स्वतः समाप्त हुनेछन् । एकले अर्कोमाथि शासन गर्ने अवस्था नै आउने छैन । जसको जहाँजहाँ वाहुल्यता छ, त्यहाँ आफ्ना लागि आफैँ शासन गर्ने अवसर मिल्नेछ । क्षेत्र, जाति वा वर्णका नाममा छुट्टै राज्यको माग राज्यको हालको संरचनामा मात्र सान्दर्भिक हुन सक्छ । माथि प्रस्तावित मोडेलमा जाने हो भने कसैले कसैमाथि शासन गर्नुपर्ने अवस्था नै आउँदैन । सवै चाहनाअनुसार निर्णय गर्न स्वतन्त्र हुन्छन् । जातीय, धार्मिक तथा वर्णमा आधारित राज्यव्यवस्था १७ औं शताव्दीमा समेत विश्ववाट अस्वीकृत भइसकेका हुन् र आजको २१ औं शताव्दीमा नेपालका केही क्षेत्र तथा समूहवाट त्यस्ता राज्यको माग गर्नु अत्यन्तै असान्दर्भिक छन् । एउटा वा केही जाति वा वर्गले गरिरहेको हालीमुहाली र शोषणको अन्त गर्ने उपाय अर्को जाति वा वर्गको शासन कदापि हुनसक्दैन र शासक भएर वसेको शक्तिशाली वर्गले तत्कालै र वलात् अर्को वर्गको एकाधिकार स्वीकार्न सम्भव छैन, निराशा र हेलाभाव उत्पन्न भयो भने पुनः द्वन्द्व चर्कने निश्चित हुन्छ । त्यसैले पनि सामाजिक सशक्तीकरण प्रक्रिया र परिवर्तन क्रमशः तर दिगो र सशक्त हुनुपर्छ ।

निष्कर्ष

उक्त बमोजिमको व्यापक स्वायत्तता तथा प्रशासनिक विकेन्द्रीकरणसहितको शक्तिको वाँडफाँडको व्यवस्था संविधानमै गरी स्थानीयस्तरमा शासनको वागडोर पुऱ्याउने काम गर्नुपर्छ। त्यसो भएमा हालका सवै समस्या स्वतः समाप्त हुन थाल्नेछन् र देश अग्रगामी दिशामा वढ्न सक्ने छ। अन्यथा संविधानमा लेखेर कार्यान्वयन गर्न खोजे पनि नेपाल संघीयता तथा राज्यको पुनःसंरचना केही वर्षका लागि परीक्षण गर्ने प्रयोगशाला मात्र वन्नेछ। भौगोलिक सहजता र जनताको घरदैलोसम्म शासन व्यवस्था पुऱ्याउन नसके त्यस्तो संघीयता एक दशक पनि टिक्नेछैन र अन्ततः अर्को प्रयोग र संरचनामा जानुपर्ने वाध्यता आइपर्ने छ । त्यसैले हतारमा निर्णय गरेर फुर्सदमा पछुताउनुभन्दा समय छँदै सोच्नु र विवेक प्रयोग गर्नु अत्यावश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाध्ययनाधिकार-समीक्षा

-सहा. प्रा. रुद्रप्रसाद मिश्र
वाल्मीकि विद्यापीठ

पृष्ठभूमि

वेद पौरस्त्य संस्कृतिको सनातन निधि हो । वैदिक-वाङ्मयद्वारा प्रतिपाद्य अक्षय्य ज्ञानगङ्गाले संसारका समस्त ज्ञान र विज्ञानलाई पवित्र बनाउदै प्रेरणा प्रदान गरेको छ । पौरस्त्यमात्र नभएर पाश्चात्य-मनीषीहरू पनि यस ज्ञानगङ्गाको जलविन्दु पानका लागि लालायित छन् । वेद पौरस्त्य संस्कृति र सभ्यताको शाश्वत असीमित स्रोत हो । यसवाट ज्ञानगङ्गाका अनेकौं धाराहरू प्रवाहित छन् । परमात्माको निश्वासभूत वेदको प्रादुर्भाव तपोनिधि, ऋतम्भराप्रज्ञा सम्पन्न महर्षिहरूको हृदयाकाशमा अविच्छिन्न ज्ञानद्वारा स्वतः प्रस्फुटित शव्दराशिको रूपमा भएको हो । यस्तो अनुत्तम आनुपूर्वियुक्त शव्दराश्यात्मक वेदाध्ययनको मार्ग ज्यादै परिष्कृत र परिमार्जित छ । यसमा कुनै पनि प्रकारको आग्रह वा संकीर्णताको स्थान छैन । वर्तमान समयमा अध्ययन अध्यापनको प्रमुख उद्देश्य भनेको अध्येताको स्मरणशक्तिलाई विकसित गराउँदै बौद्धिक व्यवहारमा परिष्कृत परिवर्तनद्वारा मौलिक, सिर्जनात्मक एवं समीक्षात्मक चिन्तनको धरातललाई फराकिलो गराउनु हो । पारम्परिक ज्ञान धारालाई अक्षुण्ण राख्दै महर्षिहरूको अन्तश्चेतनाले प्रत्यक्षीकरण गरेको तत्त्व चिन्तनको प्रवाहलाई यथार्थ रूपमा प्रवाहित गराउनु पनि हो । हुन त अध्ययन यावत् जीवन चलिरहने प्रणाली हो तर पनि जीवनको चार अवस्था मध्ये प्रथम अवस्थालाई विद्याग्रहणको उत्तम समय वताइएको छ । पतञ्जलिले महाभाष्यमा विद्याग्रहणको अवस्थालाई चार भागमा विभाजन गरी यसरी वताएका छन्- "चतुर्भिश्चप्रकारैर्विद्योपयुक्ता भवन्ति । आगमकालेन स्वाध्यायकालेन प्रवचनकालेन व्यवहारकालेनेति" । यसका लागि वैदिकवाङ्मयमा स्वाध्याय र प्रवचनको महनीय परम्परा रहेको देखिन्छ । यसैको माध्यमले ऋषिमहर्षिहरूले आनुपूर्वियुक्त शव्दराश्यात्मक ज्ञानधारालाई शिष्य-प्रशिष्य माध्यमले जीवन्त वनाए । आगमकालमा उपनीत द्विजवालक गुरुअनुकम्पाद्वारा वेदोच्चारण-शैलीसँग परिचित हुन्छ भने स्वाध्यायकालमा मन्त्रव्राह्मणात्मक-शव्दराशि-वेदको विधिवत् अनुशीलन एवं अर्थवोध गर्दै आत्मतत्त्वको जागृतिद्वारा आफूलाई तदनुरूप वनाउन प्रयत्नशील हुन्छ । स्वाध्यायको सार्थकता प्रवचनमा आधारित छ । प्रवचन अन्तर्गत स्वाध्यायी गुरुवाट प्राप्त ज्ञान शिष्य-प्रशिष्य सम्म पुऱ्याउने काम गर्दछ । जसले ज्ञानार्जनको सार्थकतालाई सार्वकालिक वनाउने काम गर्दछ । त्यसैले श्रुतिले उपदेश गरेको छ "स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्" । स्वाध्यायमा गुरुचरणसान्निध्यको अतुलनीय योगदान हुन्छ । गुरुको निश्छल अनुकम्पा विना अन्तेवासीको संशयात्मक-वृत्तिको नाश सम्भव छैन र ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोपानमा अगाडि वढ्न पनि सक्दैन । व्यवहारकालमा ज्ञानदानको विधिद्वारा जिज्ञासु-समुदायलाई तत्त्वान्वेषी वनाइन्छ । यसका लागि प्रवचन र व्यवहार एक अर्काका परिपूरक हुन जान्छन् । गुरुको महत्ता गाएर शास्त्रहरू थाकेका छैनन् । गुरु आफ्नो स्वाध्यायप्रवचनरूप साधनाजन्य अलौकिक तेजद्वारा समीपमा आएको जिज्ञासु-द्विजवटुको अन्तस्करणमा विद्यमान सन्ताप हरण गर्दै उसलाई सन्मार्गमा प्रवृत्त गराउनुहुन्छ । जसले गर्दा एउटा निश्छल, निष्कलङ्क वालमस्तिष्क आत्माभ्युदय-मार्गको पथिक वन्दछ । अनादिकालदेखि नै गुरुको महिमा मण्डित स्वरूपलाई पूर्वाचार्यहरूले ब्रह्मा, विष्णु र महेशको नामवाट अलङ्कृत गर्ने गरेका छन् । "गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवो महेश्वरः" । ज्ञानालोकद्वारा शिष्यलाई उपकार गर्दै ज्ञानधारालाई जीवन्त वनाउने भएका कारण गुरुशिष्यपरम्परालाई वंशपरम्परा नै मानिएको छ । यही प्राचीन परम्परालाई भट्टोजिदीक्षितले आफ्नो शव्दमा यसरी व्यक्त गरेका छन्- "वंशो द्विधा विद्यया जन्मना च" । सतत ऊर्जा र प्रेरणाप्रदायक यस प्रकारको प्रणालीलाई गुरुमुखोच्चारणानूच्चारण विधाको रूपमा लिइएको छ । यसैको माध्यमवाट वेदरक्षाको महत्त्वपूर्ण अध्ययन-अध्यापनमूलक-श्रुतिप्रवाह सुरक्षित रह्यो । यस प्रणालीमा गुरुवाट शिष्यलाई स्वरवर्णादि उच्चारणको वोध गराउँदै मन्त्रोच्चारण सुस्पष्टसँग गराइन्छ । यस पछि शिष्य गुरुमुखवाट सुनेको मन्त्रलाई तदनुरूप शुद्धोच्चारणपूर्वक अभ्यास गर्दछ । यसप्रकारको महनीय परम्परामा प्रवेश गर्नको लागि चाहिने द्वाररूपी अधिकारको वारेमा छोटो चर्चा यहाँ प्रस्तुत गरिन्छ । यो छोटो परिचर्चा जाति, वर्ग अथवा कसैको आत्मसम्मानमा ठेस पुऱ्याउन नभएर वेदाध्ययनको शास्त्रीय प्राचीन प्रणालीलाई केलाउनु मात्र हो र वेदाध्ययनको शास्त्रीय गरिमालाई हेर्ने जमर्को मात्र हो ।

प्रथम द्वार

मानवको तन र मनमा रहेको दोष, अपवित्रभाव र विचारलाई परिमार्जन गरी शुचिता, निश्छलता तथा सुभभावनालाई मन, वाणी एवं व्यवहारमा प्रतिष्ठित गर्नु संस्कार हो । हाम्रो जीवनको लागि अपरिहार्य यस्ता कैयौं श्रौतस्मार्त संस्कार छन् जसको आचरणले मानसिक मलको परिमार्जन हुनुका साथै वैयक्तिक आचार र व्यवहारलाई पवित्र वनाउँदै चरमपुरुषार्थ प्राप्त गर्ने अधिकारी वनाउँदछन् । हाम्रो जीवनको महत्त्वपूर्ण संस्कारहरू मध्ये उपनयन संस्कार पनि एक हो । वेदको विशाल-दरबारमा प्रवेश गर्ने प्रथम योग्यता उपनयन हो । यो संस्कार कुलपरम्परा अनुसार भिन्न भिन्न समयमा हुने कुरा गृह्यसूत्रहरूले विधान गरेका छन् । आचार्य पारस्करका अनुसार व्राह्मणको आठौं वर्षमा, क्षत्रियको एघारौं वर्षमा र वैश्यको वाह्रौं वर्षमा उपनयन-संस्कार गनुपर्छ । "अष्टवर्ष व्राह्मणमुपनयेत् गर्भाष्टमे वा, एकादशवर्षं राजन्यं, द्वादशवर्षं वैश्यम्" । उपनयन पश्चात् द्विजत्व प्राप्त भएपछि मात्र वेदप्रवेशको द्वार उद्घाटित हुन्छ । यसमा स्वयं श्रुतिले पनि यस्तै आदेश दिएको छ ।
द्विजत्व यज्ञोपवीतद्वारा नै हुन्छ । अथर्ववेदीय मन्त्रले यसलाई प्रष्ट पारेको छ ।
"आचार्य उपनयमानो ब्रह्मचारिणं कुरुते गर्भमन्तः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तं रात्रीस्तिस्रः उदरे विभर्ति तं जातं द्रष्टुमभिसंयन्ति देवाः ।" (अथर्व.११.५.३)

अर्थात् तीन रातसम्म उपनेय ब्रह्मचारी आचार्यको गर्भ (कुल)मा बस्नुपर्छ। तीन रात पछि वटुकको उपनयन हुन्छ र उपनयन पश्चात् उसको अर्को जन्म हुन्छ। त्यस्तो द्विजवटुलाई हेर्न देवता पनि आउँछन् । यो दोस्रो जन्म नै द्विजत्वाधायक भएको हुनाले वेदाध्ययनको लागि अङ्गकर्म मानिन्छ । शतपथब्राह्मण अनुसार पनि आचार्य उपनेय ब्राह्मणकुमारको शिरमाथि हात राख्नाले गर्भी (संरक्षक) हुन्छ र सो ब्राह्मणवटु सावित्रीका साथ तेस्रो रातपछि जन्मिन्छ । अथवा तीन दिनसम्म आचार्यकुलमा बसेर सावित्रीमन्त्र प्राप्त गरेपछि कुमार द्विजत्व धर्मले विभूषित हुन्छ। ब्राह्मणकुमार र अग्निको सादृश्य पनि यसमा वताइएको छ । "आचार्यो गर्भी भवति हस्तमाधायदक्षिणम् । तृतीयस्यां स जायते सावित्र्या सह ब्राह्मणः । सद्यो ह त्वाव ब्राह्मणायानुब्रूयात् । आग्नेयो वै ब्राह्मणः । सद्यो वा अग्निर्जायते । सद्य एव ब्राह्मणायानुब्रूयात्" । (११.५.४.१२) गुरु नगीच गएर उपनेय वटुले म ब्रह्मचर्य व्रतको पालनाका निमित्त हजुरको समीपमा आएको छु, हजुरको अनुकम्पाद्वारा ब्रह्मचारी (वेदाध्ययनशील) हुन्छु भनेर निवेदन गर्दछ । "ब्रह्मचर्यमागाम्", "ब्रह्मचार्यसानि" । यस वाक्यमा आएको ब्रह्मचर्य अन्तर्गत ब्रह्म शब्दको अर्थ वेद हो । यसरी वटुले आफुलाई वेदपुरुषमा अर्पण गर्दछ । ब्रह्मचारी शब्दको अर्थ सायणले "ब्रह्म=वेदः तदभ्यसनशीलो भवानि " भनेर वेदाध्यायी भन्ने निश्चित गरेका छन् । प्रश्नोत्तरपूर्वक गुरुले वटुलाई स्वीकार गर्दछन् । "तत्कृत्वोपनयते" (शतपथ.११.४.५.१) । यसैको आधारमा निर्मित पारस्करगृह्यसूत्रको (२.२.५) "पर्युप्तशिरसमलङ्कृतमानयन्ति" यो सूत्र व्याख्यानक्रममा गदाधरले उपनयनको विधेयता अध्ययनलाई नै उद्देश्य गरेर सिद्ध हुने विचार व्यक्त गरेका छन् । "आनयन्ति ये पूर्वं तेनाचार्येणोपनीतास्ते एनमाचार्यसमीपमानयन्ति । इदमानयनं चाध्ययनार्थम्" यसवाट पनि उपनयनको विधेयता अध्ययनको उद्देश्यलाई लिएर नै सार्थक हुन्छ भन्ने वुझिन्छ । महाभारत अनुसार ब्राह्मण, क्षत्रिय, वैश्य त्रैवर्णिक नै द्विज हुन् ।

"ब्राह्मणः क्षत्रियो वैश्यः त्रयो वर्णा द्विजातयः" (अनुशा.४७.४) ।

याज्ञवल्क्यस्मृतिमा पनि यस्तै प्रमाण पाइन्छ :-

मातुर्यदग्रे जायन्ते द्वितीयं मौञ्जीवन्धनात् ।
ब्राह्मणक्षत्रियविशः तस्माद् एते द्विजाः स्मृताः ॥ (आचा.२९)

यसको आधारमा मनुस्मृतिको आशयलाई विचार गर्दा उपनयन पश्चात् नै वेदाध्ययनको मार्ग प्रशस्त हुन्छ ।

कृतोपनयनस्याद्य व्रतादेशनमिष्यते ।
ब्रह्मणो ग्रहणं चैव क्रमेण विधिपूर्वकम् ॥

अर्थात् उपनयन संस्कार गरी सकेपछि मात्र व्रतको उपदेश र वेदाध्ययन क्रमशः विधिपूर्वक गर्नुपर्ने हुन्छ । "क्रमेण विधिपूर्वकम्" यो वाक्यद्वारा सरासर वेदमा अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नहुने कुराको महत्त्वपूर्ण सूचना प्राप्त हुन्छ । "अष्टवर्षं ब्राह्मणमुपनयेत् गर्भाष्टमे वा । एकादशवर्षं राजन्यम् । द्वादशवर्षं वैश्यम्" । पारस्करको यस वचनलाई मनन गर्दा त्रैवर्णिकको नै उपनयन संस्कार हुने भएकोले द्विजत्व पनि उपनयनको दिनबाट मात्र प्राप्त हुन्छ । गृह्यसूत्र अनुसार गायत्रीछन्दको एक पादमा आठ अक्षर हुने भएकोले जन्मतो गर्भतो वा आठौँ वर्षमा ब्राह्मण वटुलाई गायत्री सावित्री प्रदान गर्नुपर्छ । त्रिष्टुप् छन्दको एक पादमा एघार अक्षर हुने भएकाले एघारौँ वर्षमा क्षत्रियवटुलाई त्रिष्टुप् सावित्री र जगती छन्दको एक पादमा बाह्र अक्षर हुने भएकोले बाह्रौँ वर्षमा वैश्यवटुलाई जगती सावित्री प्रदान गर्नु पर्छ । अथवा तीनै वर्णलाई गायत्री सावित्री प्रदान गर्ने वैकल्पिक विधान पनि पाइन्छ ।

"स्तुता मया वरदा वेदमाता प्रचोदयन्तां पावमानी द्विजानाम् ।
आयुः प्राणं प्रजां पशुं कीर्तिं द्रविणं ब्रह्मवर्चसम् ।
महचं दत्वा व्रजत ब्रह्मलोकम् ॥" (अथर्व.१९.७१.१)

यस अथर्ववेदीय मन्त्रमा आएको वेदमाता शब्द गायत्रीवाचक हो । त्रैवर्णिकलाई नै गायत्री सावित्री दिइएको वैकल्पिक पक्षलाई स्वीकार गर्दा द्विजशब्द त्रैवर्णिकको उपलक्षक हो । यदि प्रथम पक्षलाई नै विचार गर्ने हो भने द्विजशब्दको अर्थ केवल ब्राह्मण हो । गायत्री सावित्रीको लागि विनियुक्त यस मन्त्रको ऋषि ब्रह्मा र देवता गायत्री हो । उपर्युक्त मन्त्रमा ब्रह्मवर्चसको प्रार्थना पनि गरिएको छ । यजुर्वेदको "आ ब्रह्मन् ! ब्राह्मणो ब्रह्मवर्च्चसी जायताम्" (अ.२२.२२) । यो मन्त्रको आधारमा ब्रह्मवर्चसको कामना ब्राह्मणको लागि नै गरिएको भन्ने बुझिन्छ । त्रैवर्णिकलाई नै गायत्री सावित्री दिइएको वैकल्पिक पक्षलाई स्वीकार गर्दा ब्रह्मवर्चसशब्द हस्तिवर्चस आदिको पनि उपलक्षक हुन जान्छ । गायत्री सावित्री विसर्जनको समयमा पढिने कृष्णयजुर्वेदीय "ब्राह्मणेभ्योऽभ्यनुज्ञाता गच्छ देवि ! यथा सुखम्" मन्त्रस्थ-ब्राह्मण शब्द पनि वैकल्पिक पक्षलाई स्वीकार गर्दा त्रैवर्णिक उपलक्षक हो । यदि प्रथम पक्षलाई नै विचार गर्ने हो भने ब्राह्मणशब्दको अर्थ केवल ब्राह्मणत्व विशिष्ट ब्राह्मण हो । वशिष्ठधर्मसूत्र अनुसार गायत्री छन्दद्वारा नै ब्राह्मणको जन्म प्रमाणित हुन्छ, "गायत्र्या छन्दसा ब्राह्मणमसृजत्" । अत गायत्री सावित्रीको अधिकारी ब्राह्मणको आठौँ वर्षमा उपनयन गरी गायत्री मन्त्र प्राप्ति पश्चात् द्वितीय जन्म हुन्छ र द्विजत्व प्राप्त हुन्छ । अथर्ववेदीय उक्त मन्त्रको आशय पनि यही हो । उपनयन संस्कार एवं गायत्री सावित्री ग्रहण नै द्विजत्वको कारण हो । मनुको यो वचनले अझै स्पष्ट पारको छ ।

"मातुरग्रेऽधिजननं द्वितीयं मौञ्जीबन्धने ।
तृतीयं यज्ञदीक्षायां द्विजस्य श्रुतिचोदनात्" ॥ (मनु.२.१६९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् श्रुतिचोदना अनुसार ब्राह्मणको प्रथम जन्म मातावाट र द्वितीय जन्म यज्ञोपवीत संस्कारवाट हुन्छ। तृतीय जन्म यज्ञदीक्षावाट हुन्छ। अत्रिस्मृतिको परिभाषा पनि यसमा मननीय छ :-

"जन्मना ब्राह्मणो ज्ञेयः संस्काराद् द्विज उच्यते" (अत्रिस्मृति.१३८)

यसवाट के पनि प्रष्ट हुन्छ भने जुनै कुलमा जन्मिए पनि शास्त्र निर्दिष्ट समय र विधि अनुसार द्विजत्व प्राप्त छैन भने वेदाध्ययनको लागि पात्रता रहँदैन। जसलाई शास्त्रले उपनयन-संस्कारको अधिकार दिएको छैन उसको वेदाध्ययनमा अधिकार नरहने कुरा पनि यसवाट स्पष्ट हुन्छ। आग्रहपूर्वक वा शास्त्रीय आधारलाई लत्याउँदै गरिएको कुनै पनि काम शास्त्रीय आधारमा मान्य हुँदैन। त्यो त केवल अहम्ता प्रदर्शनका लागि मात्र हुन्छ। शास्त्रीय कर्ममा शास्त्रीय आधार नै प्रमाण हुन्छ। वैदिक धर्मका पुनरुद्धारक आद्यजगद्गुरु शङ्कराचार्यको मत पनि यहाँ अवलोकनीय छ।

"सामर्थ्यमपि नलौकिकं केवलमधिकारकारणं भवति, शास्त्रीयेऽर्थे शास्त्रीयस्य सामर्थ्यस्य अपेक्षितत्वात्। शास्त्रीयस्य च सामर्थ्यस्य अध्ययननिराकरणेन निराकृतत्वात्" (ब्रह्मसूत्र १.३.३४)

अर्थात् केवल लौकिक सामर्थ्यले कुनै काम गर्ने वित्तिकै त्यो अधिकारको कारण वन्न सक्दैन। शास्त्रीय अधिकारमा शास्त्रीय सामर्थ्य नै अपेक्षित हुन्छ। शास्त्रले द्विजेतरलाई अध्ययनवाट निराकरण गरेको हुनाले लौकिक सामर्थ्य असिद्ध हुन्छ। अन्यत्र पनि आचार्यले लेख्नुभएको छ :- "श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् (गीता.३.३५) इति स्मरणान्न्यायाच्च। यो हि यं प्रति विधीयते, स तस्य धर्मः। न तु यो येन स्वनुष्ठातुं शक्यते, चोदनालक्षणत्वाद् धर्मस्य। न च रागादिवसात् प्रच्युतिः, नियमशास्त्रस्य वलीयस्त्वात्" (ब्रह्म.३.४.४०)। अर्थात् आफ्नो धर्म विगुण भए पनि राम्रो हुन्छ तर अरुको धर्म राम्रो भए पनि आचरणको लागि उपयुक्त हुँदैन। जुन कुरा जसको लागि विधान गरिएको हुन्छ त्यो उसको लागि धर्म हुन्छ। जो जुन कुरा गर्न सक्छ अथवा स्वेच्छानुसार गर्छ त्यो उसको धर्म हुँदैन। अतः अधिकार र अनधिकारको विषयमा शास्त्र नै प्रमाण हुने भएकाले शास्त्रीय आधारलाई नै अनुशरण गर्नु उपयुक्त मार्ग हो। आग्रह वा प्रभावमा परेर शास्त्रीय मर्यादालाई आघात पुऱ्याउनु सनातन-शिष्टपरम्परा अनुकुल मान्न सकिदैंन। शास्त्रदीपिकाको धर्मशास्त्रारम्भाधिकरण पनि यसमा मननीय छ। उपनयनको वैकल्पिक काल पनि शास्त्रमा निर्दिष्ट छ जसको चर्चा यहाँ अपेक्षित छैन।

द्वितीयद्वार

वेदाध्ययनको लागि चाहिने अन्य योग्यताहरूको विषयमा शिक्षाग्रन्थहरूमा प्रशस्त चर्चा गरिएको छ। ऋक्प्रातिशाख्यले पनि कतिपय योग्यताको वारेमा उल्लेख गरेको छ। प्रत्येक द्विजवटु वेदाध्ययनको अधिकारी वन्न सक्दैन भने सवै नै अधीतवेदशास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति वेदाध्यापक पद ग्रहण गर्न सक्दैनन् । वेद अध्ययन-अध्यापनको आफ्नै विशिष्ट विधि छ। अव्यवस्थित एवं अनियमित रूपमा वेदाध्ययन गरिदैन र हुँदैन पनि। शिष्यको पात्रता र अपात्रताका वारेमा धेरै नै विमर्श शास्त्रहरूमा पाइन्छ। जसमा गुरु प्रति पूर्ण श्रद्धा, तपश्चर्या, धर्मशास्त्रनिर्दिष्ट मर्यादा पालन गर्ने क्षमता छ उसलाई नै अन्तेवासीको रूपमा सान्निध्य प्रदान गरी वेदाध्ययन गराउनुपर्छ। शौनकले प्रातिशाख्यको "गुरुः शिष्येभ्यस्तदनुव्रतेभ्यः" सूत्रमा यही तात्पर्य वताएका छन्। अनधिकारी व्यक्तिलाई दिइएको ज्ञान फलदायी हुँदैन। फलतः विध्वंसकारी विचारलाई प्रोत्साहन दिने खालको हुन्छ। जसले समाजलाई त्रास र चिन्ताको ज्वालामा होमी दिन्छ। उत्साह र उमङ्गलाई समाप्त पारिदिन्छ। विद्याकी अधिष्ठात्री वाग्देवी स्वयं अनधिकारीको हातमा आफुलाई नदिन आग्रह गर्दछिन्। यास्कले निरुक्तशास्त्रमा यो मन्त्र उद्धृत गरेका छन्-

विद्या ह वै ब्राह्मणमाजगाम गोपाय मा शेवधिष्टेऽहमस्मि।
असूयकायानृजवेऽयताय न मा ब्रूया वीर्यवती तथा स्याम्॥ (नि.२.१)

उपनयनादि संस्कारवाट द्विजत्व प्राप्त गरेको द्विजत्व विशिष्ट ब्राह्मण भए पनि यदि असूयकत्व, अनृजुत्व, अयतत्व, अशुचित्व, ब्रह्मचर्यरहितत्व, द्रोह आदि दुर्गुण दूषितलाई वेदविद्या दिनु वेदनिर्दिष्ट विधि विरुद्ध नै हो। अथवा यसलाई यसरी पनि भन्न सकिन्छ- जो शिष्य विद्यालाई घृणाको दृष्टिले हेर्छ, अश्रद्धाले हेर्छ र अरुचि फैलाउन निन्दा मात्र गर्दछ त्यस्तो व्यक्ति वेदाध्ययनको पात्र हुन सक्दैन। प्राप्त ज्ञानको उपहास गर्ने र विपरीत कार्यका लागि मात्र प्रयोग गर्ने व्यक्ति पनि वेदाध्ययनाधिकारी बन्न सक्तैन। कपट आचरण गर्ने, ब्रह्मचर्यव्रतमा वसेर अध्ययन गर्न नसक्ने असंयमी पनि वेदविद्या ग्रहणको अधिकारी बन्न सक्तैन। यहाँ महत्त्वपूर्ण विषय के छ भने यदि वेदाध्ययनाधिकारी सबै भएको भए वेद विद्या ब्राह्मणमाजगाम नभनेर मानवमात्रमाजगाम यस्तो पाठ हुन्थ्यो होला। तर यस्तो पाठ छैन। सुरक्षाका लागि केवल ब्राह्मणको नगीच जानुले र असूया आदि दोषदूषितवाट संरक्षणका लागि आग्रह गर्नुले अयोग्य ब्राह्मण पनि वेदविद्याग्रहणमा अनधिकारी हुने कुरा मन्त्रले बताएको छ। यसको अतिरिक्त यस मन्त्रवाट वेद अध्यापनको लागि पनि ब्राह्मण नै अधिकृत भएको कुरा सिद्ध हुन्छ।

अर्को मन्त्र पनि यस विषयमा उद्धरण गर्नु उपयोगी छ-

अध्यापिता ये गुरुं नाद्रियन्ते विप्रा वाचा मनसा कर्मणा वा।
यथैव ते न गुरोर्भोजनीयास्तथैव तान्न भुनक्ति श्रुतं तत्॥ (नि.२.१)

गुरुकुलमा वसी गुरुमुखोच्चारणानूच्चारणपूर्वक मन्त्रब्राह्मणात्मक-शब्दराशिवेद अध्ययन गरेका वेदाध्यायी द्विजहरू वेदोपदेष्टा गुरुलाई शुभ-भावनाद्वारा सत्कर्मद्वारा र सत्यप्रियवचनद्वारा आदर, सम्मान र श्रद्धा गर्दैनन् भने गुरूप्रदत्त वेदविद्याले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूले गुरुलाई अनादर गरे जस्तै अनादर गर्दछ। फलतः उनीहरूको जीवनमा अध्ययनवाट कुनै पनि सार्थक फल प्राप्ति हुँदैन। मन्त्रस्थ विप्र शव्द व्राह्मण वोधक हो र विशेष्यको रूपमा प्रयोग भएको छ। जसको अर्थ सायणले ऋग्भाष्यभूमिकामा ये त्वधमा विप्राः गरेका छन्। गुणहीन र दुर्गुणको आश्रयीलाई विद्या स्वयंले त्याग्ने हुनाले देखावटी अध्ययनको कुनै अर्थ नरहने कुरा पनि यसवाट जान्न सकिन्छ।

यस्तै वेदाङ्गको रूपमा प्रसिद्ध निरुक्तशास्त्रमा यास्कले शिष्यको विषयमा अन्य योग्यता र अयोग्यताको पनि उल्लेख गरेका छन्। जो शिष्यभावले गुरुको समीपमा रहदैन, आफ्नो असमर्थताले शास्त्र वुझ्न सक्दैन तर गुरुलाई नै आक्षेप लगाइरहन्छ भने त्यस्तो शिष्य पनि पात्रको रूपमा स्वीकारेका छैनन्। "नानुपसन्नाय, नानीदंविदे वा। नित्यं हि अविज्ञातुर्विज्ञानेऽसूया" (नि.२.१)। अतः वेदाध्ययनको लागि गुरुकुलमा आएका आगन्तुकको पात्रता विचार गरेर मात्र वेदाध्ययनमा सम्लग्न गराउने परम्परा शिष्टपरम्परामा थियो भन्ने कुरा जान्न सकिन्छ। जो उपनयनसंस्कारवाट संस्कृत द्विजत्व गुणले विशिष्ट छ, पवित्र आचरणमा रहेको छ, प्रमाद रहित छ, मेधावी छ, व्रह्मचर्य पालनमा दृढप्रतिज्ञ छ, गुरु र शास्त्र प्रति भक्ति, श्रद्धा र सम्मान गर्दछ, शिष्यत्वलाई स्वीकार गर्दै गुरुको समीपमा आएको छ र गुरुसँग प्राप्त ज्ञानको संरक्षणमा तत्पर छ भने त्यस्तो व्यक्ति वेदाध्ययनको पात्र हुन्छ। श्रद्धा र समर्पणभावले आर्जन गरेको विद्याले इहलोक र परलोकमा पनि कल्याण गर्दछ। यस्तै गुणलाई निर्देशन गर्दै व्राह्मणको शरणमा गएकी वाग्देवीले भनेकी छिन्:-

यमेव विद्याः शुचिमप्रमत्तं मेधाविनं व्रह्मचर्योपपन्नम्।
यस्ते न द्रुह्येत् कतमच्चनाह तस्मै मा ब्रूया निधिपाय व्रह्मन्॥ (नि.२.१)

जो सदाचार संपन्न छ, यम र नियमको पालनामा तत्पर छ, मेधाशक्ति सम्पन्न छ, व्रह्मचर्यव्रतनिष्ठ छ, कुनै पनि अवस्थामा रागद्वेषादिबाट टाढा रहन्छ। त्यस्तो सज्जनव्यक्तिलाई वेदविद्याको उपदेश गर्नु पर्दछ। प्राप्त-विद्या संरक्षण गर्न सक्नु पनि एउटा ठूलो गुण हो। यसैले वेदको अविच्छिन्न परम्परालाई संरक्षण गरेको कुरा वुझ्न सक़िन्छ। निधिपाय पदले यसैको संकेत गरेको छ। अध्ययनको तीव्र-पिपासा भएको विधिवत् द्विजत्व प्राप्त गरेको र शिष्यको लक्षणलक्षित व्यक्ति वेदाध्ययनको अधिकारी सत्पात्र हो। यस्तो व्यक्ति गुरुको प्रिय पात्र हो र वाग्देवीको पनि। सत्यवादिता, अध्ययनप्रति तीव्र उत्सुकता र संस्कारसम्पृक्तता यी नै वेदाध्यायीमा हुनुपर्ने प्रशस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणहरू हुन् । शिष्यको गुरु प्रति समर्पणभाव र गुरुको शिष्य प्रति अनुपम वात्सल्य प्रेमले गर्दा वैदिक वाङ्मयको प्रवाहनित्यतालाई विलक्षणता प्रदान गरेको छ । यसरी द्विजत्वगुणविशिष्ट-अधिकार-प्राप्त-अध्येताले पनि वेदाध्ययन गर्दा स्नानादिद्वारा वाह्यरूपमा र आचमन प्राणायाम आदिद्वारा आन्तंरिक रूपमा पवित्र भएर गर्नुपर्छ । व्रह्मचर्यव्रतको पालना गर्दै सम्पूर्ण आफ्ना इन्द्रियव्यापारलाई नियन्त्रित गरी एकाग्र चित्त र सावधानीपूर्वक वेदाध्ययन गर्नुपर्छ । वेदाध्ययन गर्ने स्थान पनि स्वच्छ एवं पवित्र हुनुपर्छ । आचार्य उवटले वाजसनेय प्रातिशाख्यको सूत्रव्याख्यानक्रममा एउटा कारिका उद्धरण गरेका छन् जो यस प्रकार छ-

द्वावेतौ वर्जयेन्नित्यमनध्यायौ प्रयत्नतः ।
स्वाध्यायभूमिं चाशुद्धामात्मानं चाशुचिं द्विजः ॥

अर्थात् स्वाध्याय गर्ने स्थान अशुद्ध छ भने र अध्येता स्वयं पनि अपवित्र छ भने वेदाध्ययन गर्नु हुँदैन । अतः पवित्र स्थानमा स्वयं पनि पवित्र भएर मात्र वेदाध्ययन गर्नुपर्छ । गुरुकुलवासको समयमा आचरण गरिएका स्नान, सन्ध्या, गायत्रीजप जस्ता अनिवार्य गर्नुपर्ने आचरण द्विजमात्रको लागि यावज्जीवन अनुष्ठेय हुन् र यसको अनुष्ठान पूर्वक गरिएको वेदाध्ययन नै सार्थक हुन्छ । स्वाध्याय प्रारम्भ गर्दा प्रणव (ओंकार) को उच्चारण गनुपर्ने कुरा कात्यायनले वा.प्रातिशाख्यमा उल्लेख गरेका छन् "ओङ्कारः स्वाध्यायादौ" । ओङ्कार र अथशव्दको महत्त्व वताउनलाई उवटले एउटा कारिका उद्धरण गरेका छन् जो यस प्रकार छ-

ओङ्कारश्चाथशव्दश्च द्वावेतौ व्रह्मणः पुरा ।
कण्ठं भित्वा विनिर्यातौ तेनमाङ्गलिकावुभौ ॥

यी ओंकार र अथकार समान कोटीका समान फलदायक हुन् ता पनि यीनिहरूको प्रयोगमा भने भेद बताइएको छ । वेदाध्ययनको प्रारम्भमा ओंकारको उच्चारण र भाष्यग्रन्थ अध्ययनको प्रारम्भमा अथकारको उच्चारण गर्नुपर्छ । "ओङ्काराथकारौ" "ओङ्कारं वेदेषु अथकारं भाष्येषु" । वेदाध्ययन विधि अतिमहत्त्वपूर्ण भएको हुनाले अध्ययन गर्दा वस्ने आसन पनि आनन्ददायक हुनुपर्छ । जसमा अध्येता घण्टौं वस्दा पनि कष्टको अनुभूति नहोओस् । हेमन्त ऋतुमा रात्रीको चौथो प्रहरमा अध्ययन गर्ने क्रम पनि कात्यायनले निर्देश गरेका छन् । पतितव्यक्ति र अन्त्यजव्यक्तिले सुन्ने गरी स्वाध्याय गर्न नहुने कुरा पनि कात्यायनले वताएका छन् । अध्येता अध्ययनको समयमा एक योजन भन्दा टाढा जान नहुने कुरा अत्यन्त नै महत्त्वपूर्ण छ । वेदाध्ययनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिश्रममा लागेको व्यक्तिले आफ्नो शरीर र स्वास्थ्यको पनि संरक्षण गर्नुपर्छ । यसको लागि भोजनमा पौष्टिक तत्त्वहरूको ग्रहण गर्नुपर्दछ । त्यसैकारण कात्यायनले “भोजनं मधुरं स्निग्धम्” भनेर विधान गरेका छन् । यी सबै विधानले वेदाध्ययन निकै कष्टसाध्य नियमपूर्वक तपोमय जीवनवृत्ति अँगाल्दै ग्रहण गर्नुपर्ने ज्ञान हो भन्ने कुराको बोध गराउँदछ ।

स्वशाखा अध्ययन

वैदिकवाङ्मयको अध्ययनमा स्वाध्यायको ठूलो महत्त्व रहेको छ । शतपथब्राह्मणमा स्वाध्यायको प्रशंसा मुक्तकण्ठले गरिएको छ । स्वको अर्थ परम्परा र अध्यायको अर्थ वेद हो । अतः स्वाध्यायको अर्थ स्वशाखीय वेद भन्ने हुन्छ । आफ्नो कुल परम्पराले अध्ययन गर्दै आएको वेदको शाखा नै स्वाध्याय शब्दवोध्य वेद हो भन्ने वुभ्नु पर्छ । अध्ययनलाई उद्देश्य गरेर उपनयनको विधान गरिएको हुनाले तत्पश्चात् गरिने वेदाध्ययन स्वशाखा नै हुनुपर्छ । आफ्नो शाखाको अध्ययन विधिपूर्वक समाप्त गरेर मात्र अन्य शाखाको अध्ययन गर्नुपर्छ । महर्षि गौतमको वचन यसमा प्रमाण छ-

अधीत्य शाखामात्मीयां परः शाखां ततः पठेत् ।
पारम्पर्यागतो येषां वेदः स परिबृंहणः ॥
तच्छाखं कर्म कुर्वीत तच्छाखाध्ययनं तथा ।
एवमध्ययनं कुर्वन् ब्रह्मसायुज्यमाप्नुयात् ॥

आफ्नो शाखाको अध्ययन नगरी अन्य शाखा अध्ययन गर्नेलाई शास्त्रले शाखारण्ड संज्ञा दिएको छ । वेदका शाखाहरूका आ-आफ्नै वैशिष्ट्य छन् । विषयवस्तु, आकारप्रकार, उच्चारणप्रक्रिया जस्ता सामान्य विषयहरूमा समेत अन्तर छ भने अन्य सूक्ष्म यस्ता विषयहरू छन् जो आ-आफ्नै महिमाले मण्डित छन् । हाम्रो सामाजिक परिवेश र परम्परामा आदित्यसम्प्रदायसँग आवद्ध शुक्लयजुर्वेदको माध्यन्दिनशाखा अध्ययन-अध्यापन र यसै सँग सम्वद्ध श्रौत स्मार्त कर्म गर्ने परम्परा छ । यस शाखाको अध्ययन अध्यापन प्रक्रिया विलक्षण छ । वेद कुनै उपन्यासको पुस्तक होइन जो वजारबाट किनेर ल्याउने व्रित्तिकै विस्तारामा पल्टिएर नै पढियोस् । गुरुमुखोच्चारणानूच्चारणपूर्वक संहिता अध्ययन पश्चात् स्वशाखा सम्वद्ध व्राह्मणको पनि संहितावत् अनिवार्य अध्ययन गर्नुपर्छ । यदि यसो गरिएन भने स्वशाखाको अध्ययन पूर्ण हुँदैन । स्वशाखा सम्वद्ध श्रौतसूत्र र गृह्यसूत्रको अध्ययन पनि यथाविधि गुरुमुखपूर्वक नै गर्नुपर्छ । केवल संहितामात्रको अध्ययन (त्यो पनि अपूर्ण) ले वेदाध्ययन गरेको मान्नु मूर्खता मात्र हो । यो प्रचलन हाम्रो समाजमा अत्यधिक बढीरहेको छ । संहिता र व्राह्मणको संयुक्तरूप नै वेद हो । कात्यायन, वौधायन जस्ता धेरै महर्षिहरूले “मन्त्रव्राह्मणयोर्वेदनामधेयम्” जस्ता अनेकौं परिभाषाद्वारा दुवैको संयुक्त रूप नै वेद सिद्ध गरेका छन् । जो वैदिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्टपरम्पराले पनि आत्मसात् गरेको छ। स्वाध्यायकालको अनुशरण गर्दै वेदको अर्थचिन्तनमा प्रवेश हुनु भन्दा पहिला अध्येताले संस्कृतभाषामा प्रवेशका लागि चाहिने केही आधार ग्रन्थहरूको मनोयोगपूर्वक अध्ययन गर्नुपर्दछ। पाणिनीय व्याकरण सिद्धान्तकौमुदीका प्रत्येक प्रकरण उपस्थित हुनु अनिवार्य छ। त्यसपछि पूर्वमीमांसाका आधारभूत ग्रन्थहरू, न्यायको प्रारम्भिक ग्रन्थहरू र वेदान्तका आधारभूत ग्रन्थहरू तयार भएपछि वेदार्थ चिन्तन धारामा प्रवेश गर्न सजिलो हुन्छ। आचारनिष्ठ, वेदशास्त्रका परिनिष्ठित योग्य गुरुको मार्गनिर्देशनलाई अनुशरण गर्दै श्रौतसूत्र र व्राह्मण-ग्रन्थको आधारमा मन्त्रार्थ चिन्तन गर्नु नै वेदको मूल प्रवाहलाई पछ्याउनु हो। जति नै विद्वान् भए पनि आचारहीन र गुरूपरम्परा नभएका व्यक्तिसँग गरिएको अध्ययन फलदायी वन्न सक्दैन। अत: व्यासस्मृतिका अनुसार वेदैकनिष्ठ, कुलीन, श्रोत्रिय, आचारनिष्ठ, स्वशाखा अध्ययनमा निरत यस्ता व्रह्मण नै गुरु पदका लागि योग्य हुन्छन्।

वेदैकनिष्ठं धर्मज्ञं कुलीनं श्रोत्रियं शुचिम्।
स्वशाखायामनालस्यं विप्रं कर्तारमीप्सितम्॥

वैकल्पिक तृतीय द्वार

शास्त्रनिर्दिष्ट समय र विधि अनुसार उपनयन संस्कार नभएका, शास्त्रद्वारा उपनयन संस्कार नै प्राप्त नभएका र वैदिकज्ञानको गम्भीर आलोडनमा सामर्थ्य नभएकाहरूको ठूलो समुदाय वैदिक ज्ञानधारावाट ओझेल पर्नु अवश्य पनि न्यायोचित मान्न सकिँदैन। महर्षि व्यासको दिव्यदृष्टिवाट यो कुरा लुकेको पनि थिएन। गम्भीर वेदज्ञानलाई सरल र सुवोधरूपमा प्रस्तुत गरी समस्त मानव समुदायमा अधिकाधिक प्रसार गर्ने धेयले वेदव्यासवाट नै महाभारत र पुराणसंहिताको रचना भयो। जसमा सरल शब्द र सुवोधशैलीमा वेदार्थज्ञानको नै उपवृंहण गरिएको छ। यसले गर्दा वेदाधिकारको सीमावाट वाहिर रहेको समूह पनि वेदज्ञानको आलोकवाट वञ्चित रहेन।

"स्त्रीशूत्रद्विजवन्धूनां त्रयी न श्रुतिगोचरा।
कर्मश्रेयसि मूढानां श्रेय एवं भवेदिह
इति भारतमाख्यानं कृपया मुनिना कृतम्॥" (भा.१.४.२५).

महर्षि वेदव्यासले यसमा सवैको अधिकार स्थापना गराए। जसको फलस्वरूप सूतजातिका रोमहर्षण र उग्रश्रवाले त्यो सम्मान प्राप्त गरे जो द्विजत्व विशिष्ट व्राह्मणलाई पनि प्राप्त छैन। विभिन्न स्मृतिकारहरूले आ-आफ्ना स्मृतिग्रन्थहरूमा विभिन्न शैली र विषयको आधारमा वेदार्थलाई सर्वजनोपयोगी वनाउने प्रयत्न गरेका छन्। अत एव स्मृतिपुराणमहाभारतरामायणादि प्राचीन संस्कृत वाङ्मयलाई वेदार्थोपवृंहक शास्त्रको रूपमा स्वीकारिएको छ। पुराण साहित्यलाई त वेदविद्याको सार र पञ्चम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदको अति उच्च स्थान प्रदान गरिएको छ। यो पुराण वाङ्मय वैदिक ज्ञानराशिको प्रसारक हो भन्ने कुरा यो सूक्तिले पुष्टि गरेको छ।

पुराणपूर्णचन्द्रेण श्रुतिज्योत्स्ना प्रकाशिता। (महाभा.)

अर्थात् पुराणरूपी चन्द्रद्वारा वेदज्ञानरूपी ज्योत्स्नाको प्रकाशन गरिएको छ। महाभारतरामायणादि ग्रन्थहरूमा पनि वेदमा वीजरूपमा प्रस्तुत गरिएको ज्ञानप्रवाहलाई विस्तृत रूपमा प्रतिपादन गरिएको छ। त्यसैले वेदार्थ उपवृंहणको दृष्टिले स्मृतिपुराणमहाभारतादि ग्रन्थको मुख्य उद्देश्य वेदार्थतत्त्वको विवेचना गर्नु र जनसामान्यलाई सरल र सहज तरिकावाट वेदज्ञान प्रदान गर्नु हो भन्ने कुरा सिद्ध हुन्छ। यो प्रसिद्ध व्यासवचनले यही कुराको सूचना दिन्छ-

इतिहासपुराणाभ्यां वेदं समुपवृंहयेत्।
विभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति। (भागवतम्)

अतः सहजरूपमा नै स्मृतिपुराणादि वाङ्मयको सामान्य अध्ययनले वेदार्थज्ञान प्राप्त हुने कम सर्वजनोपयोगी भएको हुनाले यो सर्वग्राह्य र महत्त्वपूर्ण पनि छ। अध्येतामा हुनुपर्ने सामान्य नियमहरूको पालना गर्ने व्यक्ति स्मृतिपुराणादि उपदिष्ट वेदार्थज्ञानको अधिकारी बन्दछ।

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम्।
पिवतभागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः॥ (भागवतम्)

यस्तो वेदरूपी कल्पवृक्षमा फलेको पुराणरूपी परिपक्व फल रसस्वरूप परमात्माको अभिव्यञ्जक भएको कारण साक्षात् रस नै हो। यसको पान केवल भूलोकमा नै सम्भव छ। अतः भगवत्प्रेममा मस्त भाग्यवान् रसिक वाहेक यसको अधिकारी को हुन सक्छ ? निगमकल्पतरु पुरुषार्थ चतुष्टयको साधन हो। यसबाट चारै वस्तु प्राप्त गर्न सकिन्छ। मन्त्रब्राह्मणात्मक अनादि अपौरुषेय वेद नै निगमकल्पतरु हो। यसै निगमकल्पतरुमा फलेको रसले भरिएको परिपक्व फल पुराणशास्त्र हो। भगवत्प्रेम र भक्तिरसमा श्रद्धा भएका सबै नै यो परिपक्व फलको रसास्वादनका अधिकारी हुन्। संसारको आदिसृष्टि र तत्सम्वद्ध विविधज्ञान हासिल गर्न चाहने जिज्ञासुहरूका लागि पुराणवाङ्मय अति नै महत्त्वपूर्ण मानिन्छ। अतः ज्ञानका पिपासु सबै नै यसका अधिकारी हुन्। महर्षि व्यासको आशय पनि यही हो।

किन त यस्तो नियम ?

हुन त अधिकार र सीमाको परिधि भित्र नपरे पनि पाश्चात्य-विद्वान्हरूले वेद पढेका छन्। विभिन्न कोणबाट वैदिकवाङ्मयलाई विश्लेषण गरेका छन्। नयाँ नयाँ तर्क र विचारद्वारा वेदका विषयलाई केलाउने प्रयत्न गरेका छन्। वेवर, म्याक्समूलर, कीथ, राथ, मैक्डानल जस्ता विद्याव्यसनी विद्वान्हरूले वैदिकवाङ्मयको अनुशीलन गरी समीक्षाको नयाँ मार्ग प्रशस्त गरेका छन्। विचारणीय विषय के छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य-विद्वान् र तदनुयायी पौरस्त्य-विद्वान्हरूवाट गरिएको समीक्षाले वैदिकवाङ्मयको यथार्थरूप प्रकाशित भएको छ त ? । भारतमा अङ्ग्रेजसाशनको छत्रछायाँमा पाश्चात्य-विद्वानहरूको वेदविद्यामा दृष्टि पऱ्यो । केही व्यक्ति यसको पठनपाठनमा लागे र आफ्नो संस्कारजन्य पारम्परिक दृष्टिले वेदको विश्लेषण गर्न थाले । कतिपय भारतीय-विद्वान्हरूको सहयोगमा वेदको अनुशीलन गरे पनि यथार्थरूपमा वेदको मर्म प्रकाशित गर्न सकेका छैनन् । फलतः गुरूपरम्परा र शिष्टपरम्परा नहुनाले वैदिकशास्त्रविमर्शको उपक्रम र उपसंहारपद्धतिलाई मनन गरी प्रकरणगत अर्थ निक्र्योल गर्न नसक्दा विपरीत अर्थ गर्न पनि पुगेका छन् । ऐतिहासिक, साँस्कृतिक आदि दृष्टिले गरिएको शास्त्र एवं शास्त्रकारहरूको समय निर्धारण कतै कतै पिता भन्दा पुत्र जेठो हुन पुगे जस्तो अयथार्थरूप देख्न सकिन्छ । जो श्रमण शव्दलाई लिएर गरेका छन् । तर पनि वैदिकवाङ्मय प्रति पाश्चात्य- विद्वान्हरूवाट गरिएका कार्यहरूले पौरस्त्य जगत् ऋणी छ । कुनै समयमा सम्मृद्ध रहेको पाश्चात्य वेदविद्वान्हरूको परम्पराले निरन्तरता पाउन सकेको देखिँदैन । कुनै समयमा दुई चारजना विद्वान् वनेर वैदिकज्ञानको क्षेत्रमा महत्त्वपूर्ण कार्य गरे पनि वेदज्ञानको धाराले निरन्तरता पाउँछ भन्न सकिँदैन । पाश्चात्य मुलुकमा भईरहेको केही अनुसन्धान पौरस्त्य-जगत्का वेदमनीषीरूले जीवन समर्पण गरेर संरक्षण गर्दै निरन्तरता दिइएको वेदज्ञानको केही अंशांश मात्र हो समग्र होइन । अविच्छिन्न गुरूपरम्परा नभएका कारण यसले पनि निरन्तरता पाउला भन्न सकिन्न । पौरस्त्य-जगत्मा वेदको मूल र भाष्यसंरक्षणको विशिष्ट परम्परा छ । मन्त्र, पद र अक्षर समेत यथार्थरूपमा संरक्षण गर्न पौरस्त्य-मनीषीजगत् दृढप्रतिज्ञ छ । कान्तदर्शी महर्षिहरूले आफ्नो समग्र जीवन समर्पण गरी सूक्ष्म अनुसन्धानवाट प्रमाणित गरेका र लोकहितका लागि प्रकाशन गरेका विधिनिषेधका नियमहरूलाई प्रत्यक्षवादी कोणवाट मात्र हेर्नु उपयुक्त हुँदैन । यदि वेदको यस्तो संकीर्ण घेरा छ भने सर्वोपकारकत्वमा हानि पुग्ला नि त भन्ने प्रश्न उठ्नु स्वभाविक हो । अधिकारवाट वाहिर रहेको सम्पूर्ण समुदाय मन्दमति र असमर्थ हुन्छ भन्नु पनि आफ्नै मूर्खता प्रदर्शन गर्नु हो । यस विषयमा पौरस्त्य वैदिक-विद्वान्हरूले पर्याप्त चर्चा गरेका छन् । केही विषयवस्तुलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । यस कोणवाट विचार गर्ने हो भने हरेक व्यक्तिलाई एकै प्रकारको प्रकृति उपकारक वन्न सक्दैन । प्रत्येक व्यक्तिको रुचि, शक्ति र प्रवृत्ति फरक फरक हुन्छ र आफ्नै प्रकृतिलाई हितकारक कार्यमा प्रवृत्त हुन्छ । त्यसैले त भनाई छ :-

"मुण्डे मुण्डे मतिर्भिन्नाः कुण्डे कुण्डे नवं पयः ।
जातौ जातौ नवाचारा नवा वाणी मुखे मुखे" ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सवै खालको रोग अथवा व्यक्तिहरूलाई एकै खालको औषधी लाभदायक हुँदैन । वैद्य र डाक्टरहरूले रोगको अवस्था, रोगीको सामर्थ्य र प्रकृतिलाई सूक्ष्म परीक्षण गरी तदनुरूप औषधीको प्रयोग गर्दछन् । सबैको लागि एउटै प्रकृति मिल्ने र लाभप्रद पनि हुने भए यो दुःख कसले गर्दथ्यो र । त्यसैले महर्षिहरूले शक्ति र प्रकृतिलाई उद्देश्य गरी तदनुरूप अधिकारको नियम वसाले । एक प्रकारका मनुष्यहरूलाई उपदिष्ट धर्म अर्का थरीलाई हानिकारक हुन जान्छ । जसमा गम्भीर वेदज्ञान धारणा गर्ने शक्ति छैन र त्यो शक्ति आर्जन गर्ने संस्कार भएको पनि छैन भने त्यस्ताको लागि वेदाध्ययन हितकारक वन्न सक्दैन । यो कल्याणमय मार्गलाई विचार गरेर वेद र तदनुयायी शास्त्रमा अनधिकारीलाई वेदाध्यापन गराउन निषेध गरिएको हो । यो गम्भीर ज्ञानवाट कोही पनि वञ्चित नहोस् भनेर नै स्मृति-पुराण-महाभारत आदि वेदार्थप्रकाशक शास्त्रहरूको शिक्षणमार्ग प्रशस्त गरिएको हो ।

वुद्धिमत्ताको परिभाषा पनि सापेक्ष नै हुन्छ । लोकव्यवहारमा ज्यादै चतुर मनुष्य शास्त्रीय ज्ञानमा अत्यन्त मन्द हुन सक्छ । र लौकिक कार्यमा अव्यवहारिक मनुष्य शास्त्रीय पाण्डित्य आर्जन एवं प्रदर्शनमा तीक्ष्ण बन्न सक्दछ । व्यवहारिक ज्ञानग्रहण गर्ने र विद्याग्रहण गर्ने बुद्धि समान रूपका हुँदैनन् । वैदिकज्ञानको अधिकतर सम्वन्ध ऐहिक उन्नति भन्दा आमुष्मिक उन्नतिसँग बढी आवद्ध छ । त्यसकारण यसमा त्यही व्यक्तिको ज्यादा श्रद्धा हुन्छ जो सात्त्विक गुणसम्पन्न आस्तिक हुन्छ । अत एव सत्त्व-रज-तम यी गुणका वारेमा वैदिकवाङ्मय र तत्सम्वद्ध शास्त्रहरूमा सूक्ष्म विवेचना पाइन्छ । जसवाट मानवको मात्र नभएर प्राणी मात्रको आचार, विचार, प्रकृति, सामर्थ्य जस्ता जीवनका आन्तरिक पक्षहरूमा ठूलो प्रभाव पारेको कुरा वुझ्न सकिन्छ । वैदिकवाङ्मयले निर्धारण गरेको अधिकारी र अनधिकारीको परिभाषा पनि यसैमा अवलम्वित छ । वेदमा प्रसङ्गतः वर्णित वर्ण, जाति, गुण, नाम आदिलाई लिएर वेद सर्वजनसाधारण भएको तर्क पनि एकथरी वेदचिन्तकहरूको पाइन्छ । तर वेदको सनातनधारका विचारकहरूले यसलाई निःसार वताएका छन् । वेदमा आएका ऋषि, ऋषिका इतिहास आदि विषय प्रवाहरूपेण नित्य हुन् । त्यसकारण यिनीहरूलाई लोक र समाजसँग तुलना गरेर लोकमा पनि तदनुरूप हुनु पर्ने धारणा राख्नु शास्त्रसम्मत मान्न सकिदैंन । योग्यता, क्षमता र गुणका विषयमा केन्द्रित वैदिकमान्यता ज्यादै नै वैज्ञानिक र सान्दर्भिक छ ।

शास्त्र-विवेचकहरूले अध्ययन गर्नु र पढ्नुमा पनि ठूलो अन्तर रहने कुरा वताएका छन् । वैदिकशिक्षापद्धतिसम्मत् प्राचीन गुरुकुलीयप्रणालीलाई आत्मसात् गर्दै गुरुमुखोच्चारणानूच्चारणपूर्वक गरिने अध्ययन नै "वेदाध्ययन" हो भने वर्णवाचनरूप-साधारणव्यापारलाई अनुशरण गर्दै गुरुमुखश्रवणलाई अनुकरण नगरी वैदिकग्रन्थहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनन गर्नु "वेदपठन" प्रणाली हो । वेदका विषयमा पाश्चात्य वेदविद्वान्हरूले अवलम्वन गरेको सरणि यही हो । आधुनिक विश्व- विद्यालयीयप्रणाली पठनपाठन अन्तर्गत चलेको हुनाले यसमा पवित्रता, स्वच्छता, समय, पात्र, स्थान, वसाइ, शिष्टता आदि परिधि र नियमको बन्देज पाइँदैन । सवै जिज्ञासुले पढ्ने अधिकार पाएका छन् र शासनप्रणालीवाट प्रोत्साहित पनि छन् । तर वैदिकवाङ्मयको वास्तविक ध्येय पहिचान गर्न पौरस्त्य-सनातन-वेदाध्ययनपरम्परा कै अनुसरण गर्नुपर्छ । वैदिकव्याकरण-प्रातिशाख्यादिलक्षणग्रन्थ अध्ययनलाई नै उद्देश्य गरेर प्रवृत्त छन् र वेदाध्ययनको विलक्षण वैशिष्ट्य प्रष्ट्याउन सफल पनि छन् ।

महर्षिहरूले ठूलो कष्ट सहेर वैदिकवाङ्मयको स्वाध्यायपरम्परालाई यथावत् राखेका थिए । हाम्रा पूर्वजहरूले पनि यो परम्परालाई केही अंशमा अनुसरण गर्दै रहे । त्यसैको फल स्वरूप अत्यल्प परम्परा आज हामीले पाएका छौँ । तर यो अवशेष पनि हामीवाट टाढा हुदैंछ । किनकी हामी नै यो ज्ञानराशिलाई उपेक्षा गर्देछौँ । आज वेदाध्ययनको पारम्परिक अवस्था सीमित स्थानमा मात्र देख्न पाइन्छ । प्रमाणपत्रधारीको समूह जति नै खडा भए पनि यसले यथार्थमा मन्त्रब्राह्मणात्मक वेदको शिष्टपरम्परा अनुरूप संरक्षण गर्न सक्दैन । धन्य हुन् ती गुरुकुल र महामना सन्तहरू जसले शिष्टपरम्पराको संरक्षण गर्दै यो ज्ञानज्योतिलाई निभ्न दिएका छैनन् ।

पानी

जीवनको आधार नै हो पानी
पानी बिना सम्भव छैन जिन्दगानी
विकल्प छैन यसको आधार
पानी बिनाको छ जीवन वेकार
वर्षात्को पानीबिना किसानको जीवन नै छैन
यो विना सिँचाईको सम्भव नै छैन
हाइड्रोजन र अक्सिजन मिली बनेको छ
मान्छेलाई पानी सँधै नै जरुरी छ ॥

वोटबिरुवा हुर्कनको लागि
हरियाली कायम राख्नका लागि ॥
शरीरको सफाई गर्नका लागि
चाहिन्छ देश विकास गर्नका लागि ॥

-पवनकुमार रौनियार
कक्षा १० सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पराशरस्मृति र प्रतिपादित धर्म

-सुरेशराज पौडेल,
धर्मशास्त्र विभाग, वाल्मीकि विद्यापीठ

प्राचीन वैदिक सनातन धर्म विश्वका सबै धर्मको वीजभूमि हो। वैदिक धर्मलाई विश्वकै पुरानो धर्मका रूपमा चिनिने गरिन्छ। यस धर्मलाई हाम्रा पूज्य ऋषिवरहरूले खारेर नैतिक, अनुशासित र सभ्य तुल्याएका हुन्। समाजलाई व्यवस्थित र मर्यादित बनाउन विभिन्न स्मृतिग्रन्थ, सूत्रग्रन्थ, इतिहासपुराण आदिको रचना गरे। त्यस्तै विभिन्न युगलाई उपयुक्त ग्रन्थहरूको पनि सिर्जना गरे। विशेषतः कलियुगका लागि उपयोगी पराशरस्मृति र त्यसमा प्रतिपादित धर्मको केही चर्चा प्रस्तुत लेखमा उल्लेख गर्ने जमर्को गरिएको छ।

पराशर स्मृतिका प्रणेता महर्षि पराशर तपोमूर्ति महर्षि वशिष्ठका नाति, महात्मा शक्तिका पुत्र, कृष्णद्वैपायन वेदव्यासका पिता तथा महाज्ञानी शास्त्रज्ञ शुकदेवका हजुरबुवा हुन्। 'पराश्रृणाति पापानीति पराशरः' यसप्रकार पराशर शव्दको व्युत्पादन गर्न सकिन्छ अर्थात् दर्शन-स्मरण गर्नाले मात्र पनि सम्पूर्ण पाप-तापलाई छिन्नभिन्न गर्न सकिन्छ। उनै परमज्ञानी पराशरद्वारा रचना गरिएको धर्मसंहिता यस युगमा पराशरस्मृति नामले सुपरिचित छ। कलियुगका लागि मोक्षको साधन यो स्मृति अन्य स्मृतिभन्दा उल्लेख्य स्मृति मानिन्छ। प्रस्तुत स्मृति १२ अध्यायमा विभक्त छ र ५९२ श्लोकयुक्त आचार र प्रायश्चित्त दुइ भागमा विभाजित पाइन्छ।

युगद्रष्टा महर्षि पराशरद्वारा रचित पराशरस्मृतिमा चार युगका धर्म वताइएको छ। शक्तिको वृद्धि र हानि युगानुसार फरक फरक हुने गर्दछ। सत्ययुगमा मानिस विशेष शक्तिसम्पन्न हुन्थे, त्यसैले त्यस समयमा तपस्यारूप धर्मको प्रमुखता थियो। त्रेतामा ज्ञानधर्मको प्रमुखता थियो, द्वापरमा यज्ञ-यागादि शारीरिक शक्तिसाधनको विशेष अनुष्ठान हुन्थ्यो तर कलियुगमा शारीरिक शक्ति न्यून भएकाले दीर्घ-तपस्या, ज्ञानसम्पादन एवं ठूलाठूला यज्ञयागादि गर्न समयाभाव र विधिहीनताका कारण सहज साध्य हुन सक्दैन तसर्थ कलियुगमा दानरूप धर्मको विशेष महिमा छ।

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते
द्वापरे यज्ञमित्याहुर्दानमेकं कलौ युगे ॥ (पराशरस्मृति १।३४)

चार युगमा दानको स्वरूप तथा निष्फल दानः-

महर्षि पराशरका अनुसार सत्ययुगमा ब्राह्मणलाई अत्यन्तै श्रद्धा गरिन्थ्यो त्यसैले दान गर्ने दानवीर सामग्री दिएर ब्राह्मणका घर गएर श्रद्धा र भक्तिले युक्त भई ब्राह्मण पूजा गरेर दान दिन्थे। त्रेतायुगमा ब्राह्मणलाई गृहस्थीले आदरपूर्वक घरमै वोलाएर दान गर्थे। द्वापरमा माग्नेलाई दान दिइन्थ्यो तर कलियुगमा सेवा गरेवापत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दान दिइन्छ । यिनमा पहिलो प्रकारको दान उत्तम दान, दोस्रो दान मध्यम दान, तेस्रो दान अधम दान र चौथो दान निष्फल दानका रूपमा परिभाषित गरिएको छ ।

अभिगम्य कृते दानं त्रेतास्वाहूय दीयते
द्वापरे याचमानाय सेवया दीयते कलौ
अभिगम्योत्तमं दानमाहूतश्चैव मध्यमम्
अधमं याचमानं स्यात्सेवादानं तु निष्फलम् ॥
(पराशरस्मृति १।२८।२९)

सत्ययुगमा प्राण अस्थिगत, त्रेतायुगमा मांशगत, द्वापरमा रुधिरगत अर्थात् रगतमा र कलियुगमा अन्नअनादिमा प्राण रहन्छ त्यसैले अन्नअनादिको अभावमा प्राण नष्ट हुन जान्छ -

कृते त्वस्थिगताः प्राणास्त्रेतायां मांसमाश्रिताः
द्वापरे रुधिरं चैव कलौ त्वन्नादिषु स्थिताः ॥(पराशरस्मृति १।३२)

आचारविचारको पालना नै मुख्य धर्मः

आचार विचार नै सबै वर्णका लागि मुख्य धर्म हो । विना सदाचार तथा शौचाचार धर्मको पालना हुन सक्दैन । जुन मनुष्य आचारभ्रष्ट छ त्यसवाट धर्म विमुख हुन जान्छ त्यसैले आचार सहितको धर्मले यस लोकमा शान्ति र परलोकमा मोक्ष दिलाउँछ ।

चतुर्णामपि वर्णानामाचारो धर्मपालकः
आचारभ्रष्टदेहानां भवेद्धर्मः पराङ्मुखः ॥(पराशरस्मृति १।३७)

नवजात शिशुको आशौच व्यवस्था-

जुन बालकको दाँत नआउँदै तथा जन्मँदै मृत्यु भएको छ भने त्यस बालकको अग्निसंस्कार, आशौच तथा जलदान गर्नुपर्दैन -

अजातदन्ता ये बाला ये च गर्भाद्विनिःसृताः
न तेषामग्निसंस्कारो नाशौचं नोदकक्रियाः ॥

गर्भपातमा आशौचको स्थितिः

गर्भश्राव या गर्भपात भएको खण्डमा जति महिनाको गर्भपात भएको छ त्यति नै दिन सूतक लाग्दछ । चार महिनासम्मको गर्भ तुहिएको भए गर्भश्राव र पाँच या छ महिनाको गर्भ तुहिएको भए गर्भपात भनिन्छ । प्रसवकालमा दश दिनको सुतक आशौच लाग्दछ ।

यावन्मासं स्थितो गर्भो दिनं तावत् स सूतकः
आचतुर्थाद्भवेत् स्रावः पातः पञ्चमषष्ठयोः
अत ऊर्ध्वं प्रसूतिः स्यादशाहं सूतकं भवेत् ॥(पराशरस्मृति ३।१७।१८)

दाँत आएपछि उपनयनसम्मको आशौच व्यवस्था-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुडाकर्म भएपछि मऱ्यो भने त्यस वालकको अग्निसंस्कार गर्नुपर्दछ र ३ दिनसम्म आशौच वार्नुपर्छ। दाँत नआएको वालक मरेको भए स्नान गर्नाले सद्य शुद्धि हुन्छ। चुडा नगरिएको भए १ दिनरातले शुद्धि हुन्छ। चुडाकर्म पछाडि यज्ञोपवीत धारण अगाडिको समयमा मृत्यु भए ३ दिनको आशौच लाग्दछ। यज्ञोपवीत धारणपश्चात् १० दिनले शुद्धि हुन्छ।

गर्भपात महान् पाप:

जुन पाप ब्रह्महत्याले लाग्छ त्योभन्दा दुईगुना पाप गर्भपात गराउनाले लाग्छ। यो गर्भपातरूपी महापापको कुनै पनि प्रायश्चित छैन भन्ने भनाइ छ। त्यसैले गर्भपात गराउने स्त्रीको त्याग गर्नुपर्दछ।

यत्पापं ब्रह्महत्यायां द्विगुणं गर्भपातने
प्रायश्चित्तं न तस्यास्ति तस्यास्त्यागो विधीयते ॥(पराशरस्मृति ४।२०)

यसरी महर्षि पराशरले आफ्नो यस स्मृतिमा मानवहीतका विभिन्न विधिलाई वताएका छन्। यस स्मृतिमा विधान गरिएका विषयवस्तुलाई पालना गर्नाले घोर कलिमा पनि मोक्षका उपाय प्राप्त गर्न सकिन्छ। सत्ययुगमा मनुद्वारा निर्दिष्ट धर्म मुख्य थियो, त्रेतामा गौतमधर्मसंहिता मान्य थियो, द्वापरमा शङ्ख एवं लिखित धर्मशास्त्र प्रतिष्ठित थियो तथा कलियुगमा महात्मा पराशरद्वारा व्यक्त धर्म विशेष उपयोगी छ।

कृते तु मानवाः धर्मास्त्रेतायां गौतमाः स्मृताः
द्वापरे शङ्खलिखितौ कलौ पराशराः स्मृताः

॥ इति ॥

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ध्रुवप्रसाद ज्ञवाली
प्राचार्य
एवम्
वाल्मीकि विद्यापीठ परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेताहरू हो गर अङ्गमाल

✍ उपप्रा. माधवप्रसाद लामिछाने,

सौहार्दताले चलियोस् न चाल
भित्री जरैदेखि अनिष्ट फाल ।
वेछन्दमा छन्द भई कमाल
नेताहरू हो ! गर अङ्गमाल ॥

कुर्सीतिरै मात्र नकाड राल
नेता भई खानुहुँदैन गाल ।
यो राष्ट्र नै बन्धनमा नहाल
नेताहरू हो ! गर अङ्गमाल ॥

विछ्याउँदै जानुहुँदैन जाल
धोको भए दुर्जनका कपाल ।
भुत्ल्याईदेऊ र निकालिहाल
नेताहरू हो ! गर अङ्गमाल ॥

सिद्धान्त छोडेर नलेऊ सत्ता
गरेर काम अनि खाउ भत्ता ।
व्यर्थै अरू माथि नथाप जाल
नेताहरू हो ! गर अङ्गमाल ॥

व्यर्थै अरुमाथि नलाउ दोष
लाचार बन्दै नगुमाउ होस
यो देशलाई सबले समाल
नेताहरू हो ! गर अङ्गमाल ॥

मीठा, मजा भाषण धेर आए
सुनी सबैले गुणगान गाए ।
यो फाइदाको बुझ हालचाल
नेताहरू हो ! गर अङ्गमाल ॥

व्यर्थै नभन्नू अरुलाई शत्रु
कर्तव्य छाडेर नबन्नु पत्रु ।
अन्योलको जाल हटाइहाल
नेताहरू हो ! गर अङ्गमाल ॥

विकासले बढ्दछ अर्थतन्त्र
सम्पन्न होला अनि लोकतन्त्र ।
यो तथ्यमा क्वै नगरोस् बवाल
नेताहरू हो ! गर अङ्गमाल ॥

बत्ती उज्यालो सबतर्फ बाल
यो अन्धता घोर हटाइहाल ।
धारा र पानीतिर दृष्टि डाल
नेताहरू हो ! गर अङ्गमाल ॥

अशान्तिले देश जलाउँदैछ
विद्वेषको पात पलाउँदैछ ।
यस्तो अवस्थातिर दृष्टि डाल
नेताहरू हो ! गर अङ्गमाल ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारागारमा पनि लालुपाते रातै फुल्दो रहेछ !

-नवराज लम्साल

माघ महिनाले सिर्के सिरेटो हान्दै गरेको चिस्याइलो वतास, शित सुकाएर विस्तारै तात्दै गरेको घाम र दिन भेट्न दगुर्दै गरेको ओस्याइलो विहानी । एटिएम कार्ड, सवारी लाइसेन्स, यदि पाँच हजारभन्दा वढी छ भने वढी भएको पैसा, कुनै पनि प्रकारको साँचो, मोवाइल, क्यामारा, रेकर्डर र विद्युतीय सञ्चार सामग्री गेट वाहिरै राखेर र पुरै खानतलासी गराएर आफ्नो शरीर जव भित्र पस्यौं मूल द्वारवाट त्यतिखेर अनुभुति भयो - पद्धतिले कायाकैरन गरेको स्थिति र नियमले वाँधिएर वन्धकी वसेको जीवन । शहरभन्दा त्यति टाढा त हैन तर सुनसान, शान्त, एकान्त र सुरक्षाका दृष्टिले निकै संवेदनशील । शंकैशंकाको घेरा, कसैको कसैसंग विश्वास छैनजस्तो तर आत्मीयता पनि उत्तिकै । हाँसो त छ ओठमा तर त्यहाँवाट सुखद अनुभूति हैन, विरहको वाछिटा वर्सेजस्तो । गोडमेल गरिएजस्तो देखिए पनि अनुहार, त्यहीँ छ उकेरा नलगाइएका छरपष्ट वान्की । केही विषाद, केही पछुतो, केही आक्रोस, केही पश्चाताप, केही विद्रोह र केही प्रतिरोधी भावका ज्वारभाटा । मान्छे एक रूप अनेक, भाषा एक भङ्गीमा अनेक, जिन्दगी तौलेर समयसंग, सपना साटेर तिथिमितिसंग र तारिक कुरेर मुक्तिका लागि समय पर्खिरहेछन् मान्छेहरू । समय झिम्केला परेलीमा भनेर गोलीगठ्ठा टाँगेर छातीमा मनहीन जिम्मेवारीका जवानहरू ।

चिसोको अनुभव सवैलाई, कतिले छोपेका छन् कानहरू, कतिको न्युरी परेको अनुहार र उदाङ्गिएको आत्मसम्मान । मान्छे विश्वासले मान्छे हुन्छ र विश्वासकै त्यान्द्रोमा झुण्डिएर ऊ वाँच्छ पनि । सवै देखिएका कुराहरू सत्य हुन्छन् भन्ने छैन । असत्यले ढाकिएको सत्य वाँचेर शिर झुकाउनुपर्दा मान्छेमा हुने पीडा कस्ले वुझ्दछ ? सवैभन्दा ठूलो समस्यै त्यै हो । मान्छे जल्न आगै चाहिन्छ भन्ने होइन रहेछ । परिस्थितिको आगो र उसवाट पुत्पुताएको धुवाँले खान्छ मान्छेलाई र उसका सवै मान्छेत्वलाई पनि । आफैं खग्रास छन् मान्छेहरू र कुनै अज्ञात ग्रहणको प्रतिविम्व सम्झेर जीवन, कहिले त्यहीँ भेट्न आउने आफन्तको मुहारमा र कहिले वकिलको फाइल-पत्रमा आँखाले सपना मुसारेर मान्छे समय पर्खन्छ । पर्खनुभन्दा पीडा अरु के होला जगतमा तर त्यही पीडा पनि एउटा पर्खालभित्र । अग्लो पर्खाल, पर्खालको शिरमा विजुलीका तारहरू, पर्खालले छेकिएको छ पुरै सहर, त्यहाँ छैन कुनै खवर शहरको । न घाइँघाइँघुइँघुइँ न कोलाहल । कोलाहल त जति होला मनमा तर आवाज नभए पछि दुनियाँ निकै शान्त ठान्छ परिवेश । चौघेराभित्रै तरकारी खेती, सागसव्जी, वोटविरुवा र केही पुराना दिनका साक्षी पात झरेर गिङ्रिङ्ग रुखहरू । कस्सिँदै वटारिँदै गरेका वन्दाकोवीदेखि वैंश फुकाएर फुल्न खोज्दै गरेका काउलीहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लन्याङमन्याङ लहरा र त्यसैमा फुल्दै गरेका हिउँदे सीमीहरू । फूल त राम्रा छन् सीमीका तर ऊ कसैको ढाड न टेकी वाटो तय गर्न सक्तैन । त्यहीवाट देखिन्छ सीमीको फूल जस्तै हल्का नीलो आकाश र त्यतै गुजुल्टिँदै गरेका बादले बुट्टाहरू । मेटिँदै कोरिँदै, कोरिँदै मेटिँदै, वादले आकृति अस्थिर मान्छेको चञ्चले मनजस्तो । कहिले काहिँ आफैं निर्भिक भएर त्यही बाटो उडेका चराहरू र उड्ने दिन कहिले आउँछ भनेर आत्तिँदै गरेको आफ्नै मनको विचरो सपना पंक्षी । छरपष्ट, बेमेल र खाँदिएका, ठूलाठूला घरहरू तर सफा र सुन्दर । घरभित्र ठूला कोठाहरू र एकै कोठामा लस्करै प्रशस्त खाटहरू, तिनलाई छोपेका किसिमकिसिमका तन्नाहरू र प्राय सबै खाट छेउको भित्तामा झुण्डिएका एकेकोटा सानासाना ऐनाहरू र ऐनाको शिरमा अड्किएका र एकदुइटा दाँत फुस्किएका काइँयोहरू । त्यतै कतै छुट्टाछुट्टै छन् महिलाहरू, पुरुषहरू र वावु आमाको सजायँको साक्षी वसेका निरपराध दुधमुखे शिशुहरू । इट्टा ओच्छ्याइएका नागवेली बाटाहरू र त्यही वाटो हुँदै ओहोरदोहोर गरिरहेका उकुसमुकुस मनका अवाक मान्छेहरू । कोही पुर्पच्छेका लागि त कोही सजायँ भोग्नका लागि तर दुनियाँ सवैलाई कैदी भन्छन् । बिचरा, सवैले कहाँ हेर्छन् कागज र कहाँ पढ्छन् न्यायको दस्तावेज । सवैभन्दा गजवका त बिराला छन् नडराइकन कसैसंग ढलकढलक ।

मिल्ने जति सबै छामेर जाँचपास सके सुरक्षाकर्मीले र भित्र छिरेँ म । एउटाले हाँस्दै शुन्यता चिर्ने कोशिश गऱ्यो- लहै सर नख्खु कारागार छिर्नुभो । पहिले आउनु भा थियो कि थिएन ? मजाले हेर्नु होला भित्रको जीवन । भित्र लहरै थिए मान्छेहरू हात जोडेर । स्वस्फूर्त हो वा कुनै निर्देशनको तामेली, म भन्न सक्तिनँ तर पङ्तिवद्ध र अनुशासित हातहरूको भावपूर्ण श्रद्धा ग्रहण । गह्रुँगो भो छाती । पीडा उम्लियो रगतमा । म कुन सामन्त हुँ र निरिहहरू मलाई पुजिरहेछन् करले वा रहरले । थुनिएर वन्द पर्खालभित्रको संक्षिप्त संसारमा को पुज्न सक्छ अरुलाई हात जोडेर, के अर्थ होला र मेरो उपस्थितिको र मप्रति पोखिएको तिनको अश्रुमिश्रित आँखाको तर अचम्म लहरै थिए मान्छेहरू शिर झुकाएर, हात जोडेर, गोडा सोझो पारेर र एकले अर्कोलाई नछोइकन ।

जाउलाखेलवाट एकान्तकुना हुँदै रिङरोड छिचोलेर अलि ओरालो झर्नुपर्छ ललितपुरको नख्खुमा रहेको कारागार पुग्न । नख्खुमा रहेकोले कारागारको नामै नख्खुकारागार । गिरिजा कोइराला र साहित्यकार डायमन शमशेर राणादेखि केपी ओली र सीपी मैनालीहरूले पनि त्यहीं विताए जीवनको केही समय । सीपीहरूले त त्यहीँवाट सुरुङ खनेर भागेको रोमाञ्चक कथा पनि छ । तर जीवनमै पहिलो पटक वाहिरका असान्दर्भिक मान्छेको सामुहिक प्रवेश, त्यसमाथि साउण्ड सिष्टम, वाजागाजा र केही चर्चित कलाकार सहित । जेलर माधवप्रसाद पोखरेल र अरुहरू पनि विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फ्याकफुरुकमा । एउटा ठिक्कको मञ्च, अगाडि मिलाएर राखिएका कुर्चीहरू र केहीबेर अघि हात जोडेर लहरै उभिनेहरूको अनुशासित बसाइ । मञ्चमा पुगिन् प्राश्ना शाक्य, त्यसपछि हिमाल सागर, दिजराज, जूना प्रसाई र अरुहरू हुँदै अञ्जु पन्त । लामो तर शालीन ताली । दर्शक दीर्घाको अनुहारमा कहीं कतै खोट छैन । उही उस्तै अनुहार सबैको । येशुमाथि घात गर्ने जुडासको अनुहार मिल्ने व्यक्ति खोजेर त्यस्तै तस्वीर बनाउन दौडेका लियो नार्दो दा भिन्चीकै हालत भयो मेरो । उनले घाती अनुहार कतै नभेटेर बिलखबन्दमा परेजस्तो मैले दर्शक दीर्घाको अनुहारमा कारागारको कैदी भेटिनँ । एकेडेमी वा सीटी हलतिर हुने कार्यक्रममा जस्तो हाहाहुहु र अभद्रता पनि भेटिएन । लेगिन्समाथि चेक कोट र निधार छोप्दै खुल्दै गरेको झप्के केशराशी । स्वरजस्तै राम्रो गेटअप लिएर मञ्चमा उक्लिन् स्वर किन्नरी अञ्जु पन्त । निकै लामो ताली बज्यो । *नाम सुन्दै डर लाग्ने ठाउँमा आइयो आज तर खूब खुसी लाग्यो* । अञ्जु वाठी र वक्ता पनि भइछिन्, उनले केही हास्य चुट्किला सुनाइन्, भाषण पनि गरिन् र गीत पनि गाइन् । आज राम्री हुन गाजलको कोष लगाएर आएको हाँस्दाहाँस्दै आँसु आएर कोसै बगायो । नराम्री हुन्छु कि क्या । त्यतिखेर बल्ल हल्लाको आवाज आयो- हैन झन् राम्री हुनुहुन्छ । अञ्जुले साँच्चै जमाइन् - नबिर्से तिमीलाई न पाएँ तिमीलाई । पाँच दिन अघि मात्र त्यहाँ पुगेकादेखि झण्डै १५ वर्षदेखि बस्तै आएका र बाहिरको संसार हेर्ने कल्पनाको आकाशमा कावा खानेहरू यही गीत संग तैरन थाले । मन न हो कसकसले कसकसलाई सम्झे होलान्, त्यतिखेर सबै जसोको आँखाबाट तप्तप थिए आँसुका दाना । कसैले बाबु सम्झे होलान् त कसैले आमा, तर सबैले सम्झे होलान् आआफ्ना हितैषी र प्रेमिल सम्बन्धका हार्दिक हितैषीहरू । सुकुमार र कलिला थुप्रै अनुहार थिए त्यहाँ जो सम्झनुबिर्सनुको गीत सुन्दै, भक्कानिदै र आँसु पुछ्दै थिए । कारागारको पश्चिमपटि किनारामा राताम्मे भएर फुलिरहेको लालुपातेको एउटा ठूलै बोट रहेछ । कसैले नटिपेको, कसैले नचुंडेको र सबै हाँगामा एकनाशले उत्तिकै फुलेको लालुपाते । एक पटक लालुपातेजस्तै राता गाला भिजाएर रोइरहेका मान्छे हेरें र अर्को पटक कारागारकै बन्द पर्खालभित्र पनि जीवनको सुन्दर सपना फैलाएर उसैगरी फुलिरहेको लालुपाते हेरें । कारागारमा पनि उसै गरी फुलेको थियो लालुपाते प्रकृतिले उसलाई जसरी फुल्न अह्राएको थियो र त्यहाँ पनि उस्को रङ रातै थियो, गाढा रातो । उनीहरूकै अनुरोधमा अञ्जुले अन्त्यमा फेरि गाइन् - वनमा फुल्यो फूलै फूल । त्यतिखेर गीतसंगीतका पारखी गोपाल कर्माचार्य र वरिष्ठ गीतकार बुद्धवीर लामा स्वागतको बेला आफूहरूलाई लगाइदिएको सयपत्री फूलको माला मुसार्दै गेटबाट बाहिरिँदै थिए । केही गुमाएजस्तो र नयाँस्रिलो देखियो त्यहाँ हुनेहरूको अनुहार तर उस्तै थियो फूलको रङ र मुस्कान । यत्ति फरक छ फूल र मान्छेमा, फूल सबैतिर उस्तै हाँस्छ तर मान्छे कतैकतै मात्र हाँस्छ ।

mrsukhadukha@gmail.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलित ज्योतिषमा भावकल्पना

-सहा.प्रा. डिल्लीराम उपाध्याय

वेदको नेत्रस्थान[१] मानिएको ज्योतिषशास्त्रका धेरै पाटाहरू छन् । सिद्धान्त संहिता[२] र होरा मध्ये होरा शास्त्रद्वारा भूत, भविष्य र वर्तमान कालको फलादेश गर्ने प्रचलन चलिआएको पाइन्छ । अहोरात्र शव्दमा आदि र अन्त्यको वर्णलोप भई होरा[३] शव्द वनेको हो । अहोरात्र भनेको दिनरात हो । दिन र रातमा नै सम्पूर्ण समय निहित रहेको हुन्छ । त्यही समयमा नै प्राणीहरूको सृष्टि, स्थिति र प्रलय चलिरहेको हुन्छ । दिन र रातमा चौवीस घण्टा हुन्छ । चौवीस घण्टामा वाह्र राशिहरू घुमिरहन्छन् ।कसैको जन्म हुँदा पूर्वक्षितिजमा जुन राशिको उदय[४] भएको छ, त्यही राशि त्यस जातकको लग्न मानिन्छ । त्यही लग्नकुण्डली चक्रको आधारमा जातकको सम्पूर्ण पक्षको शुभाशुभ विवेचन गरिन्छ । फलित ज्योतिषमा वाह्रवटा राशिका वाह्र वटै भावहरू छन् । ती मध्ये पहिलो लग्न हो । त्यसवाट शरीर हेरिन्छ ।

जव शरीर जन्मन्छ, तव उसलाई धनको आवश्यकता पर्दछ । धन नभई भोजन आउँदैन । त्यसैले दोस्रो भावमा धनस्थान कल्पना गरियो । जव खानपान प्राप्त हुन्छ त्यसपछि वलपराक्रमको जरुरत पर्दछ । त्यसैले तृतीयस्थानलाई पराक्रमस्थानको कल्पना गरियो । पराक्रम त्यतिवेला वढ्दछ, जतिवेला सहोदर दाजुभाइको वल र सहायता प्राप्त हुन्छ । यस भावलाई भातृस्थान पनि भनिन्छ । साहस र पराक्रमद्वारा आफ्नो वासस्थानको आफैले निर्माण गर्नुपर्दछ । घर भएन भने कुनै पनि प्राणीको स्थायित्व हुन सक्दैन । त्यसैले यस भावलाई गृहभाव कल्पना गरियो । घरले मातृवत् सुख दिन्छ । यस भावलाई मातृभाव पनि भनिन्छ र मातृसुखदुःखको विचार पनि गरिन्छ । घर भइसकेपछि सन्तानको आवश्यकता पर्दछ । आफ्नो सन्तानको उन्नति त्यतिवेला हुन्छ, जतिवेला बुद्धि, विद्या, विवेक हुन्छ । त्यसैले यस भावलाई सन्तान र बुद्धि, विद्याका रूपमा कल्पना गरियो । प्रतिस्पर्धाविना विद्या तथा सन्तानको उन्नति हुँदैन । त्यसैले छैटौं भावलाई शत्रु नाम दिइयो । शत्रु भनेका शरीरका वाधक हुन्, ती शरीरका रोग पनि हुन् र रोगले पनि प्रगतिमा



---

[१].शव्दशास्त्रं मुखं ज्यौतिषं चक्षुपी श्रोत्रमुक्तं निरुक्तं च कल्पःकरौ ।
या तु शिक्षाऽस्य वेदस्य सा नासिका पादपद्मद्वय छन्द आद्यैर्वुधैः ॥(सिद्धान्तशिरोमणि, भास्कराचार्यः)

[२].ज्योतिश्शास्त्रमनेकभेदविषयं स्कन्धत्रयाधिष्ठितं
तत्कात्स्न्योपनयस्य नाम मुनिभिः संकीर्त्यते संहिता ॥(वराहमिहिरः, वृहत्संहिता)

[३].होरेत्यहोरात्रविकल्पमेके वाञ्छन्ति पूर्वापरवर्णलोपात् ।
कर्माजितं पूर्वभेदे सदादि यत्तस्य पक्तिं समभिव्यनक्ति ॥(वराहमिहिरः, वृहज्जातकम्)

[४].राशीनामुदयो लग्नं ते तु मेषवृषादयः ॥(अमरकोशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निकै नै वाधा पुऱ्याइरहने हुँदा यस भावलाई रोगस्थान पनि भनिन्छ । प्रतिस्पर्धामा सफल भइसकेपछि मद वा काम उत्पन्न हुन्छ । कामलाई शमन गर्न र प्रकृतिपुरुष भई जीवन चलाउन पत्नीको आवश्यकता पर्दछ । त्यसैले सप्तमस्थानलाई पत्नीस्थानको रूपमा नामाकरण गरियो । यी माथिका सातै विषयवस्तुहरू शरीर, धन, दाजुभाइ, घरसम्पति, सन्तान, शत्रु र पत्नी सवै मृत्युका कारणहरू हुन् । जतिवेला पनि यिनको कारणले दुर्घटना निम्त्याउन सक्छ । त्यसैले आठौं भावलाई मृत्यु र कमजोरी स्थानका रूपमा कल्पना गरियो । यस भावलाई छिद्र पनि भनिन्छ । कोही मानिसको कमजोरी कुन विषयमा यो मानिस चुकेको हुन्छ भन्ने कुरा यसै आठौं भाववाट छर्लङ्ग हुन्छ । मृत्यु चाहिँ आफ्नो भाग्यको वशमा रहेको हुन्छ । त्यसैले नवौं भावलाई भाग्यभावको रूपमा राखियो । आफ्नो भाग्य योग्य गुरुवाट नै सम्पन्न हुने हुँदा नवौंलाई गुरुस्थान पनि भनिन्छ । त्यो भाग्य आफ्नो कर्मअनुसार सवल वन्दै जान्छ र त्यो कर्ममा निहित रहेको हुन्छ । आफ्नो कर्मको मार्गनिर्देश पिताद्वारा हुने हुनाले दशम भावलाई पितृभावले पनि चिनिन्छ । यी सवै चीज प्राप्त हुनलाई आयश्रोत हुनुपर्दछ अर्थात् प्राप्तिस्थान आयस्थान कहाँवाट कुन क्षेत्रबाट, शुभ कर्मवाट वा पाप कर्मबाट कसरी आय हुन्छ र परिणाम कस्तो हुन्छ भन्नका लागि एकादश भाव कल्पना गरियो । आय भइसकेपछि व्यय पनि निश्चित हुन्छ नै कुन क्षेत्रमा र कहाँ कसरी लगानी र धन खर्च हुन्छ भन्नका लागि व्ययभाव कल्पना गरियो । वाह्रौं भाववाट भूतकाल तथा पूर्वजन्मको पनि विचार गरिन्छ । लग्नबाट वर्तमान काल तथा इहजन्मवर्णन गरिन्छ भने द्वितीय भाववाट भविष्यकाल वर्णन गरिन्छ । यी वाह्र भावहरूमा सवैको एक आपसमा घनिष्टतम सम्वन्ध रहेको हुन्छ । जुन सम्वन्धवाट जातकको सम्वन्धित भावको विचार गरिन्छ । त्यति हुँदाहुँदै पनि लग्नादि द्वादशभावको केन्द्रिय नेतृत्व लग्न चतुर्थ, सप्तम र दशमले वोकेका हुन्छन् । यी चार भावमा पनि क्रमैले लग्नलाई धर्म, चतुर्थबाट अर्थ, सप्तमवाट काम अनि दशमवाट मोक्षादि पनि ज्ञान गर्न सकिन्छ । यी चार भावलाई वराहपुत्र पृथुयशाले यसरी व्याख्या गरेका छन् । वर्तमान कार्यस्थानबाट मेरो अन्यत्र सरुवा हुन्छ कि हुँदैन ?[५] यो प्रश्न कसैले गरेमा त्यो उत्तर लग्नवाट सजिलै थाहा पाइन्छ । मेरो सुख, घर र मित्रहरूको सम्वन्ध सुधार हुन्छ कि हुँदैन ? यस्तो प्रश्न कसैले गरेमा त्यो चतुर्थ भाववाट ठोकुवाका साथ बताउन सकिन्छ । अनि मेरो प्रवास कहिले हुन्छ ? कता हुन्छ ? कहिले हुन्छ ? यो प्रश्नको उत्तर दशमभाववाट आँखा चिम्लेर वताउन सकिन्छ । अनि विदेश वा प्रवासवाट जातकको पुनरागमन कहिले हुन्छ ? भन्ने कुराको निधो सप्तम भाववाट लगाउन सकिन्छ । यी चार केन्द्रभावलाई विष्णुस्थानको नामाकरण भनिएको छ किनकि चारै समुद्र पर्यन्त भगवान विष्णुले शासन गर्नुभयो भन्ने प्रसङ्गहरू पुराणादिमा भेटिन्छन् । अनि पाँचौ र नवौं यी त्रिकोण भावलाई लक्ष्मीस्थानको रूप दिइएको छ किनकि पञ्चम विद्यास्थान हो र विद्यावाट नै धन हुन्छ, नवौं भाग्यभाव हो "भाग्यं फलति सर्वत्र" यो पनि लक्ष्मीसँग सम्वन्धित छ त्यसैले पाँचौ र नवौं भावले लक्ष्मीसँग सम्वन्ध राख्दछन् । केन्द्रस्थान विष्णु, लक्ष्मीस्थान त्रिकोण, यी दुई वीचमा यदि सम्वन्ध वन्यो भने मानवले विश्वविजय गर्न सक्छ भनेर पराशरले वताएका छन् । त्यो ज्ञान गर्नलाई यी लग्नादि द्वादश भावको रहस्यलाई गहिरोसँग वुझ्न सक्नुपर्दछ । अनि मात्र फलादेशको परिणाम सही ठहर्दछ ।

५. च्युर्तार्विलग्नाद्धिवुकाच्च वृद्धिर्मध्यात् प्रवासोऽस्तमयान्निवृत्तिः
वाच्यं ग्रहैः प्रश्नविलग्नकालाद् गृहं प्रविष्टो हिवुके प्रवासी ॥ (षट्पञ्चाशिका २, पृथुयशा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षमाला तन्त्र एक अध्ययन

-सहा.प्रा.केशवप्रसाद कोइराला

अक्षमाला तन्त्र नेपाली भाषामा रचना गरिएको एक महत्वपूर्ण ग्रन्थ हो। कलियुगमा पशुहरू जो पाशबाट बाँधिएका हुन्छन्, तिनीहरूको उद्धारका लागि स्वयं शिवले आफ्ना शक्तिहरूको माध्यमबाट उपदेश गरिएको वेदसमान शास्त्र तन्त्रशास्त्र हो। यो तन्त्रशास्त्रपनि वेदजस्तै श्रुतिपरम्पराबाट अवतरित भएको मानिन्छ।[1] 'तन्' धातुमा 'ष्ट्रन्' प्रत्यय लागेर तन्त्र शब्दको निष्पत्ति हुन्छ। तन्त्रशब्दको समानार्थी शब्द आगम हो। भारतवर्षमा तन्त्रशास्त्रका विभिन्न मत र सम्प्रदायहरू देखिन्छन्। शैवमत, शाक्तमत, पाशुपत, वीरशैव इत्यादि मतहरू प्रसिद्ध छन्। ती सबै मतको सार मोक्ष नै भएको र सबैले भोग र मोक्षको चर्चा गरेकाले सबै आगमलाई एउटै मालामा उन्न सकिन्छ। यो तन्त्रदर्शनका ग्रन्थहरू संस्कृत, प्राकृत, हिन्दी र अंग्रेजी भाषामा उपलब्ध छन्। नेपाली भाषामा धनशमसेर जबरा, कृष्णप्रसाद भट्टराई लगायत केही विद्वान्हरूले लेख्ने प्रयास नगरेका भने होइनन् तर प्रामाणिकरूपमा तन्त्रका सबै विषयवस्तुहरूलाई समेटेर शिवशक्तिको शैलीमा पद्यरूपमा लेखिएको पहिलो ग्रन्थ नै अक्षमालातन्त्र हो। यसले तन्त्रको प्राचीन परम्परालाई नेपाली भाषासँग जोड्ने साँघु निर्माण गरेको छ। यो ग्रन्थका लेखक प्रा.विद्यानाथ उपाध्याय भट्ट आफैमा समकालिन नेपालका एक विशिष्ट तान्त्रिककुलमा जन्मिएका विद्वान् हुन्। इतिहासविद्हरूले मुक्तकण्ठले प्रशंसा गरिएका श्री नारायण भट्ट, महादेव भट्ट, लक्ष्मीनारायण भट्ट(लम्बकर्ण भट्ट) आदिको कुलपरम्परा नै तन्त्रसाधक रहेको छ।[2] आफ्ना पितामह विष्णुरमण भट्टबाट तन्त्रदीक्षा लिएका लेखक 'नव्यन्याय' विषयका प्राध्यापक भएता पनि आफ्नो कूलधर्ममा रहेको तन्त्रदर्शनलाई नै अध्ययनको क्षेत्र बनाए। यो ग्रन्थभन्दा अगाडि नै उनको नवमीसिंहद्वारा रचना गरिएको 'तन्त्रचिन्तामणि'को सम्पादन र तन्त्रसम्बन्धी विभिन्न लेखहरूको संग्रह 'तन्त्रविद्यालोक' प्रकाशित भइसकेका छन्।

शैवशास्त्ररुको एक प्रकारको शास्त्रीय परम्परा रहिआएको छ। ग्रन्थको सुरुमा आफ्ना इष्टदेवलाई तीनै प्रकारका गुरुलाई स्मरण गर्दै ग्रन्थको अधिकारी, विषय, सम्बन्ध र प्रयोजनको स्मरण गर्नु तन्त्रको परम्परा हो। यो परम्परालाई ग्रन्थकारले निरन्तरता दिएका छन्।[3] अक्षमालातन्त्र तन्त्रसम्मत ५० अक्षरब्रह्मरूपी माला हो। अक्षरसृष्टिको सुरु अकारबाट क्षकारसम्मका ५० वर्णहरूलाई मालाका रूपमा प्रयोग गरिएको छ र सुमेरुका रूपमा सबै अक्षरमालाको सार खिचिएको छ। समग्रमा नेपाली भाषामा तन्त्रदर्शन भित्रका शैवदर्शन, शाक्तदर्शन, वीरशैवदर्शन, क्रमदर्शन, पाशुपतदर्शन र प्रत्यभिज्ञादर्शनलाई एउटै सूत्रमा समेटिएको यो ग्रन्थ पूर्ण प्रामाणिक तन्त्रदर्शन हो भन्दा अत्युक्ति हुँदैन। अझ तन्त्रशास्त्रभित्रका मन्त्र, योग, साधना, यन्त्र,

[1].आगतः शिवशास्त्रेभ्यो गतञ्च गिरिजामुखम्
मतं च वासुदेवस्य तस्मादागम उच्यते। (सर्वोल्लास १५)

[2].प्राक्कथन, अक्षमालातन्त्र।

[3].अक्षमालातन्त्र, उपक्रम श्लोक १-२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई समेटेर यसले तन्त्रजिज्ञासुको निश्चलतालाई भङ्ग गर्दै तन्त्रको गहन अध्ययनमा आकृष्ट गर्दछ ।

ग्रन्थपरिचय

ग्रन्थ रचनाको पृष्ठभूमि सहितको आफ्नो कूलपरम्पराको वर्णनवाट ग्रन्थ सुरु भएको छ । तन्त्राध्ययनमा आफ्नो कूलको आधिकारिकता र दीक्षाको उल्लेख उपक्रम भागमा वर्णित छ । अक्षमालाको पहिलो अक्षर 'अ' मा तन्त्रको वारेमा वताइएको छ । कस्तो व्यक्ति तन्त्रको अधिकारी हुन्छ ? यो तन्त्रशव्द कसरी प्रयोग भयो ?, आगम र तन्त्र फरक फरक हुन् या एउटै हुन् ? समग्रमा अनुवन्ध चतुष्टयको[४] जिज्ञासा र समाधान पहिलो अध्यायमा वर्णित छ । त्यसैगरी अक्षमाला तन्त्रको माहात्म्य, तन्त्रको आविर्भाव, शिवका स्वरूप, पञ्चकृत्यकारिता इत्यादिको वर्णन गरिएको छ । दोस्रो अक्ष 'आ'मा तन्त्रको अवतरणका भेदले तन्त्रभेद, तन्त्रसंख्या, पति, पशु,पाशका जालवाट लोककल्याणका वारेमा चर्चा गरिएको छ । तेस्रो र चौथोमा दीक्षाका विषयमा उल्लेख छ । पाँचौ र छैठौँमा गुरुका वारेमा चर्चा गरिएको छ । सातौँ, आठौँ र नवौँमा मन्त्र, तन्त्रको आविर्भाव, मन्त्रदोष, मन्त्रार्थ,मन्त्रचैतन्य, मन्त्रशिखा इत्यादिको वर्णन गरिएको छ । दशौँ, एघारौँ, वाह्रौँ, तेह्रौँमा जपध्यान भेद विधि, माला इत्यादिको चर्चा गरिएको छ । चौध, पन्ध्र र सोह्र अक्षले मालामाहात्म्य, रुद्राक्ष महात्म्य र संस्कारका वारेमा विशद व्याख्या गरेको छ । सत्र र अठारौँ अक्षमा मुद्राको चर्चा छ भने उन्नाइसौँ अक्षमा नित्यकर्मको चर्चा छ । वीसौँ अक्ष 'घ' ले भूतिशुद्धि, भावअर्चनाको संकेत गरेको छ ।[५] तन्त्रमा भावको महत्वमाथि प्रकाश पारेको छ । एक्काइसौँ देखि तीसौँ सम्मका अक्षहरूले सन्ध्या, स्नान, वस्त्र, तिलक, आसन, आचमन, प्राणायाम, न्यास आदिको महत्ता, अनिवार्यताका वारेमा उल्लेख गरेका छन् । एकतीस देखि पैंतीस सम्मका अक्षले भावमाहात्म्य, आचारमाहात्म्यको विशेष व्याख्या गरेका छन् । छत्तीसदेखि एकचालीस सम्मका अक्षले पूजा, उपासना र उत्सका वारेमा चर्चा गरेका छन् । वयालिसौँ अक्षले तन्त्रका देवताहरूको चर्चा गरेको छ भने त्रिचालिसौँ अक्षले दशमहाविद्याको वर्णन गरेको छ । चवालिसौँ अक्षले महाविद्याज भैरवहरू र त्रिशक्तिको वारेमा उल्लेख गरेको छ । पैंतालिसौँ अक्षले विभिन्न साधनाको उल्लेख गरेको छ भने छयालिसौँ र सत्चालिसौँ अक्षले तन्त्रयोगका वारेमा उल्लेख गरेको छ । ४८ औं अक्षले कामकला वैदवसृष्टिको उल्लेख गरेको छ । त्यसैगरी उनन्चासौँ अक्ष र पचासौँ अक्षले 'क्ष' ले सम्पूर्ण तत्वदर्शनका मतहरूलाई समेटेर ती दर्शनहरूको सार खिचेको छ । अन्त्यमा सुमेरुले सम्पूर्ण तन्त्रदर्शनको परमोपादेयता 'ब्रह्मज्ञान' र त्यो ब्रह्मज्ञान वा

[४] विषय, अधिकारी, प्रयोजन सम्वन्ध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिवज्ञान प्राप्त गर्ने उपायको, साधनको समर्पणको रहस्य प्रस्तुत गरेको छ। यसरी सबै १० शैवागम, १८ भैरवागम, ६४ रौद्रागमको सार खिँचेर एउटै मालामा उनिएको अक्षमाला साँच्चै नै जिज्ञासुको ज्ञानको माला रहेको छ।

तन्त्रका पाँचपाद देवता, विद्या, साधना, योग र कामकला यी सबैको फरकफरक विवेचन गरी सबै तन्त्रदर्शनका[१] दार्शनिक पक्षको तुलनात्मक अध्ययन भएको भए अझ सुनमा सुगन्ध हुन्थ्यो। समग्रमा पुस्तकको हरेक पृष्ट पल्टाउँदा जिज्ञासा झन्झन् बढाउने यो पुस्तकको विशेषताले पाठकलाई तन्त्रमा अझ रुचि बढाउने छ।

कुलीन तन्त्रपरम्परामा दीक्षित विद्वान् प्रा.विद्यानाथ उपाध्याय भट्टले प्रश्नोत्तर शैलीमा रचना गर्नुभएको यो अक्षमाला तन्त्र निश्चय नै नेपालमा पूर्वीय तन्त्रदर्शनको प्रामाणिक ग्रन्थ हो।

१.अद्वैत, द्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत।

गजल

-कृष्णप्रसाद न्यौपाने 'इलामेली'

वास्नादार अत्तर होइन,गुराँस दिए पुग्छ आमा
तिम्रै काखमा अन्तिमसम्म वास दिए पुग्छ आमा॥

भगवान्ले हेरिरा'छन् उनकै आडमा चल्नुपर्छ
ठूला महल चाँहिदैन आकाश दिए पुग्छ आमा॥

दुई दिने जिन्दगानी, कसैको मन मार्नुहुन्न
अरुसँग बोल्ने स्वरमा मिठास दिए पुग्छ आमा॥

विलासी भई संसारमा बस्ने इच्छा गर्दिन म
खाँडी लुगा चाँहिदैन कपास दिए पुग्छ आमा॥

मान्छे सानो भएपनि लक्ष्य ठूलो लिनू भन्छन्
उचाल्दिनू भन्दिन म प्रयास दिए पुग्छ आमा॥

भाग्य पनि मान्नैपर्ने लेखान्त त भोग्नैपर्छ
धन सम्पत्ति केही होइन साहस दिए पुग्छ आमा॥

सुख दु:ख वरावरी भोग्नैपर्छ जीवनमा
विरानो त्यो ठाउँमा पुग्दा आवास दिए पुग्छ आमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्ममीमांशा र कौडिन्यानः वृत्ति

-चेतमणि न्यौपाने

सहा.प्राध्यापक, शाङ्करवेदान्त,वाल्मीकि विद्यापीठ

युक्ति र तर्क प्रधानरूपमा रहेको प्रमाणशास्त्रको पोषक मीमांसान्यायद्वारा वेदको कर्मभाग र चरमसिद्धान्तरूप ज्ञानभागको निरूपण गर्ने शास्त्र मीमांसान्याय कहिन्छ। यसरी कर्मभागको न्यायद्वारा निरूपण गर्ने शास्त्रलाई धर्ममीमांसाशास्त्र, पूर्वमीमांसाशास्त्र वा मीमांसाशास्त्रमात्र पनि भनिन्छ। त्यसैगरी वेदको उपनिषद्भागको विरोध परिहारपूर्वक निरूपण गर्ने शास्त्रलाई उत्तरमीमांसाशास्त्र, ब्रह्ममीमांसाशास्त्र, शारीरिकमीमांसाशास्त्र वा वेदान्तशास्त्र पनि भनिन्छ। वास्तवमा मीमांसाशास्त्र एकमात्र भएर पनि विषयविभागका दृष्टिले द्विधा विभाग हुनु स्वभाविक हो र द्विधा विभाग भएर पनि एकलोलीभाव हुनु अर्थात् दुवैको विश्रान्ति ज्ञान गराउनमा रहनु यसको विशेषता हो। यस विषयमा "सर्वं कर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते"(गीता ४।३३) इत्यादि शास्त्र मननीय छन्। वेदको कर्मभागको लौकिक र अलौकिक दुवै न्यायद्वारा तात्पर्य निर्धारण गर्दै स्वर्गादि अदृष्टफलको सम्पादनको मार्गप्रशस्त गर्नु धर्ममीमांसाशास्त्रको विशेषता हो। त्यसैगरी लौकिकालौकिक दुवै न्यायका साथ युक्ति र अनुभूतिका आधारमा उपनिषद्का विभिन्न प्रकरणहरूमा प्रतिपादन गरिएका विषयहरूको पूर्वापरविरोधको परिहारपूर्वक तात्पर्य निर्धारण गर्नु ब्रह्ममीमांसाको विशेषता हौ। 'माङ् माने' धातुबाट निष्पन्न हुने मीमांसाशव्दले 'खोजअनुसन्धान' भन्ने अर्थलाई ध्वनित गर्दछ। अर्थात् मीमांसाशव्दले अनुमानलाई पनि देखाउँछ, अनुमानभित्र तर्क र युक्तिप्रधान हुन्छ नै। यहाँ मीमांसाशव्द ब्रह्मसँग जोडिएकाले ब्रह्मसम्वन्धि अनुसन्धान, खोज वा जिज्ञासाविशेष भन्ने अर्थलाई बुझाउँछ। ब्रह्म सम्बन्धि मीमांसा भन्नाले ब्रह्मविषयक चिन्तन वा ब्रह्मको इतिवृत्त जिज्ञासा भन्ने हुन्छ।

मीमांसाशव्दले अनुमानलाई पनि बुझाउने हुँदा यहाँ अनुमान भित्र पर्ने हेत्वाभासले युक्तानुमान जस्तै यो शास्त्र पनि हो कि भन्ने शङ्का आउन सक्छ। यो शास्त्र आगमाश्रित अनुमान भएकाले यहाँ हेत्वाभासको शङ्का रहँदैन। यहाँ ब्रह्मलाई विषय बनाएर गरिने चिन्तनमा ब्रह्म विषय हुन सक्छ कि सक्दैन भन्ने संशय उठ्न सक्छ। उक्त संशयको समा धान "नायं एकान्तेन अविषय:"अध्यास भाष्यको भगवत् शङ्करोक्ति: पर्याप्त छ। अत: ब्रह्मविषयक जिज्ञासा सम्भव छ, संशय छैन।

ब्रह्ममीमांसाशास्त्रमा बादरायणप्रणीत सूत्र भन्दा पछिका बौधायन उपवर्ष आदि आचार्यहरूका व्याख्या सम्प्रति उपलब्ध छैनन्। शङ्करकृत भाष्य भारतवर्षमा अति प्रसिद्ध छ। त्यसपछिका 'भामती' आदि टीका र उपटीकाहरू पनि प्रसिद्ध छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथै अन्य सम्प्रदाय अनुसारका भाष्यहरू र त्यसका टीकाहरू पनि प्रसिद्ध छन्। इत्यादि भाष्यहरू र टीकाहरूद्वारा व्याख्याविश्लेषण गरी आ-आफ्ना सम्प्रदायानुकूल बनाइएको ब्रह्ममीमांसासूत्रमा नेपालमा जन्मिएकाबाट कलम चलाउने नेपालआमाका छोरा हुन् - शिवराज आचार्य कौडिन्यानः। वहाँले लेखन गर्नुभएको "ब्रह्ममीमांसासूत्रम्, शाङ्करभाष्यानुकूलया कौडिन्यानवृत्या संवलितं हिन्दीभाषानुवादसहितम्" नामक ग्रन्थ चौखम्वा विद्याभवनबाट प्रकाशित भएर बजारमा आएको छ। यो वृत्तिग्रन्थ ब्रह्ममीमांसा शास्त्रको सम्पूर्ण भाष्यहरू, टीकाहरू र उपटीकाहहरू अध्ययन गर्न नसक्ने त अद्वैतवेदान्तको तात्पर्य बुझ्न चाहने जिज्ञासुहरूका लागि अति उपयोगी छ। साथै विश्वविद्यालयमा परीक्षा दिने विद्यार्थीहरूका लागि त उपयोगि नहुने कुरै भएन।

जीवमात्रको अभ्यर्हिततम लक्ष्य निरूपाधिक आनन्द हो र त्यसको खोजी गर्नु जीवको नैसर्गिक अधिकार हो। यही सिद्धान्तको सेरोफेरोमा आ-आफ्नो योग्यताअनुसार ब्रह्ममीमांसा शास्त्रको अध्ययन अपरिहार्य देखिन्छ। यसर्थ पनि ब्रह्ममीमांसाको कौडिन्यानवृत्ति उपयोगी र पठनीय छ। साथै नेपालमा जन्मेका विद्वान्ले वेदान्तसूत्रमा कलम चलाएको हुनाले वेदान्तका अनुयायिहरूका लागि पनि यो ग्रन्थसंग्रह नै लायक छ। यो वृत्तिग्रन्थमा शङ्करको भाष्यमा शव्दतः नआएका अर्थहरू पनि वेदको मर्यादा अनुसार पूर्वापर समन्वयपूर्वक स्पष्टरूपमा शव्दतः आएका छन्। यो वृत्तिग्रन्थले मङ्गलवादको अर्थलाई ध्वनित गर्दै आएको "अथातो ब्रह्मजिज्ञासा, व्र.सू.१।१।१" पहिलो सूत्रको वृत्तिको सुरुमा आएको "वेदं समाप्य स्नायात् पारस्करगृ.२।६।१" भन्ने कल्पशास्त्रको वाक्यले यहाँ अपूर्वताको सङ्केत गर्छ। यहाँ भाष्यादिग्रन्थमा शव्दतः उल्लेख नभएको तर अर्थमर्यादापूर्वक भनिएको वेदसमाप्त्यानन्तर अर्थलाई शव्दतः उल्लेख गरिएको छ। यसबाट जीवनभर व्यभिचारमा रमाएर भक्ष्याभक्ष्यादिको मर्यादा उल्लंघन गर्दै उन्मत्तपुरुषको रूपमा जीवन बिताएका र बुढेसकालमा निवृत्तभरण पाएपछि नवश्रोत्रीयधारा अँगाल्दै ब्रह्मवादी हुँ भन्ने व्यक्तिलाई ब्रह्ममीमांसाशास्त्राध्ययनाधिकारीत्वाभाव सिद्ध गरेको छ। यसबाट तत्तद् व्यक्तिहरूले प्रायश्चित्तपूर्वक सामर्थ्यानुसार गुरुमुखपूर्वक अंशत्वेन भएपनि वेदाध्ययनको मर्यादा पालन गर्ने र तदुत्तरमात्र ब्रह्मवादलाई अँगाल्ने सन्देश दिएको छ। वामदेवादि लोकोत्तरपुरुषहरूका लागि आएको भाष्यको "प्रागपि वेदान्तोपपत्तेः"भन्ने शङ्करको वाक्यका पछाडि लागेका, जीवनभर वेदाध्ययनलाई अपलाप गरी लौकिक अर्थोपार्जनपरायण वार्ताविद्याका अनुयायी बनेका व्यक्तिहरूले पनि नवश्रोत्रीयधारा अँगाल्दै पूर्वजन्ममानै वेद वेदान्त पढियो, अहिलेको जन्ममा ब्रह्मज्ञानमाज्ञ गर्ने हो भनी ब्रह्मज्ञानको पक्षपाती भएका व्यक्तिहरूलाई ब्रह्ममीमांसाको अनधिकारी ठहर गरेको छ। शङ्करभगवत्पादले उक्तवाक्य वामदेवादिलाई स्वतः भएको अनुभूतिका आधारमा उत्तमअधिकारीविशेषलाई भनेका हुन् सामान्य व्यक्तिहरूका लागि होइन। यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य व्यक्तिहरूका लागि पूर्वजन्मार्जित वेदविद्यालाई आधार वनाएर व्रह्मविचारको चर्चा गर्न मिल्दैन किनकि अर्थचिन्तन शव्दपूर्वक हुनुपर्दछ। पूर्वजन्मार्जित वेदविद्याको शव्दज्ञानको संस्कार यो जन्ममा हुन सवैका लागि दुर्लभ हुन्छ। यदि पूर्वजन्मार्जित वेदाध्ययनलाई नै मान्ने हो भने पनि संस्कारद्वारा शव्दज्ञान र त्यसपछि अर्थचिन्तन हुनुपर्ने हुन्छ। यसो हुन तत्कालविशिष्ट वा तत्कालोपलक्षित शव्द संस्कारको अपरिहार्यत्व देखिन्छ। व्यक्ति सामान्यमा तत्काल विशिष्ट शव्दसंस्कार कालतः, रोगतः, चरमफलतः नाश हुने स्थिति देखिन्छ। यदि संस्कार विना नै तत्कालविशिष्ट स्मृतिज्ञान हुन्छ भन्ने स्वीकार गर्ने हो भने पनि "संस्कारमात्रजन्यो ज्ञानं स्मृतिः" यो सिद्धान्त हानी हुन्छ।

सामान्य व्यक्तिका लागि पूर्वजन्मार्जित वेदविद्या अदृष्टवत् आत्मसंयोगमा इहजन्मको सहयोगी भए ता पनि व्रह्मज्ञानका लागि शव्दव्रह्म वा शव्दव्रह्मको संस्कार अपरिहार्य हुन्छ। यो स्थिति पूर्वजन्म र इहजन्मको समन्वयवाट अपरोक्षसाक्षात्कारको हेतु हुने देखिँदैन व्यक्तिसामान्यमा । अतः पूर्वजन्मार्जित वेदविद्यालाई उत्तमअधिकारी विशेषको अधिकारभित्र राखेर अन्य जिज्ञासुहरूले यही जन्ममा नै विधिपूर्वक गुरुमुखोच्चारणपूर्वक अनूच्चारण गरी वेदाध्ययनलाई समाप्त गरी स्वाध्यायाध्ययन गर्दै गरेको व्यक्तिलाई उपनिषद्को विषयमा संशय भएमा मात्र व्रह्ममीमांसाशास्त्रको अध्ययनाधिकारी हुन्छ भन्ने विवरणप्रमेयसंग्रहको वचन पनि मननीय छ-

नित्यस्वाध्यायविधितोऽधीत्य वेदान्तमस्य ये।
संशेरतेऽर्थे ते सूत्रभाष्यादिष्वधिकारिणः॥

इत्यादि विचारवाट पूर्वजन्मार्जित वेदविद्यामा भन्दा यसै जन्ममानै विधिपूर्वक वेदाध्ययन समाप्त गर्दा लाघव हुन जाने देखिन्छ। यहाँ "वेदं समाप्य स्नायात्" भन्ने वाक्यले विधिपूर्वक वेदाध्ययन सकेर संन्यासहुनेलाई मात्र व्रह्ममीमांसाशास्त्रको अध्ययनाधिकार छ अन्यथा अध्ययनाधिकारको अभाव रहन्छ भन्ने अर्थमर्यादालाई ध्वनित गर्दछ। हुन त शास्त्रको "भिक्षाचर्यं चरन्ति, वृहदारण्यकोपनिषद् ३।५।१" भन्ने वाक्यका आधारमा सन्यासमा मात्र व्रह्मविद्याको अधिकार छ भन्न पनि सकिन्छ। यसो भन्नेहरूलाई स्नानसंस्कारको उत्तरकालमा हुने गृहस्थाश्रमको संकेत गर्दै वास्तविक व्रह्मविदाका अधिकार गृहस्थमा छ, त्यै गृहस्थले पुत्रैषणादि एषणा त्यागेर सन्यासमा विधिपूर्वक गएमा पनि सन्यासको व्रह्मविद्यामा उपयोग हुन्छ। यसर्थ सन्यासमा सोझै जाने मूलधाराका व्राह्मणहरू र एषणानिर्मुक्त गृहस्थहरूको समान अवस्था हुन्छ भन्ने सङ्केत भिक्षाचर्यश्रुतिले गरेको वुझिन्छ। इत्यादि पक्षहरूवाट वेदाध्ययनलाई विधिपूर्वक समाप्त गरेपछि भएको साधन चतुष्टयको सम्पन्नतावाट मात्र वेदान्तशास्त्राध्ययनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकारी हुन्छ भन्ने देखाउन वृत्तिग्रन्थ सफल छ। विषय, सम्वन्ध र प्रयोजन भाष्यबाट नै प्रष्ट भएका छन्। अधिकारीका विषयमामात्र वृत्तिग्रन्थमा पूर्वयोग्यता थप भएको छ, यो नै यसको अपूर्वता हो। यो छोटो लेखमा सवै अधिकरण र प्रकरणहरको व्याख्या-विश्लेषण गर्न सकिँदैन र पनि अपशूद्राधिकरणमा आएको शूद्र शव्दको निर्णयमा सूत्रकारले जुन निर्णय गर्नुभयो त्यसलाई श्रुति-स्मृति र पुराणको मर्यादाको अनुशीलनवाट वृत्तिकारले ब्राह्मणका स्त्रीहरूको उपनयन र गायत्रीद्वारा व्रह्मोपासनको अधिकारका विषयमा राखेको अभिमत भारतवर्षका ब्राह्मणहरूका लागि अपाच्य र दुर्वोध भए पनि यस विषयमा सम्पूर्ण ब्राह्मणहरूले विचार पुऱ्याई गायत्रीद्वारक व्रह्मोपासनमात्र भएपनि ब्राह्मणीहरूमा खुल्ला गर्नुपर्ने अभिमत सवै ब्राह्मणका लागि अनुसरणीय छ। यस विषयमा भारतवर्षका ब्राह्मणहरूले आफूलाई व्रह्मज्ञान गरेर मुक्त हुने र आफ्नै अर्धाङ्गिनीलाई चाँहि पुराणको "स्त्री शुद्रद्विजवन्धूनां त्रयी न श्रुतिगोचरा" (भागवत् १।४।२५) भन्ने वाक्यहरूका पछाडि लागेर व्रह्मगायत्रीको माध्यमवाट केवल उपासना गर्ने मार्ग वञ्चित गराउनु अन्यायपूर्ण देखिन्छ। उक्त पुराणको वचनमा आएकौ 'स्त्री'शव्दले स्त्रीत्वावच्छेदकावच्छेदेन निखिल स्त्रीहरूलई ग्रहण गरेको होइन, यहाँ प्रयुक्त स्त्रीशव्दले स्त्रीत्वावच्छेदकासामानाधिकरण्येन ब्राह्मणहरूका विवाहिता स्त्रीहरूदेखि अरु सवै स्त्रीहरूलाई ग्रहण गरेको हो। हाल चल्तीमा रहेको व्रह्मविवाहपद्धतिमात्र अनुशीलन गर्दा पनि त्यहाँ प्रयुक्त विभिन्न प्रकरणका मन्त्रहरूलाई दुलहीले नै उच्चारण गर्नुपर्ने निर्देशवाट ब्राह्मणीहरूमा श्रौतस्मार्त दुवै कर्ममा ब्राह्मणसरहकौ हैसियत प्राप्त छ भन्ने यथार्थलाई वुझ्न सकिन्छ। यस विषयमा श्रौतकर्मको अनुष्ठान भएकौ नदेखिने अवस्था आएर पनि अन्योल भएको देखिन्छ। यसै विषयमा कसैले देवताधिकरणको न्यायको सञ्चार गरेर गायत्रीमन्त्रको शव्दमा अधिकार नभए पनि अर्थ चिन्तनको मार्ग खुला छ भन्न सक्छन्। यसको जवाफमा देवतामा वेदको स्वतःसिद्धता रहेको सिद्धान्त मननीय छ। साथै "वेदाध्ययनं गुर्वाध्ययनपूर्वकं अध्ययनत्वात् साम्प्रतिकाध्ययनवत्" यो अनुमानको उपजीव्यस्वरूपभूत श्लोकवार्तिकको वचन "वेदास्याध्ययनं सर्वं गुर्वाध्ययनपूर्वकम्। वेदाध्ययनरूपत्वादधुनाध्ययनं यथा ॥" को विरोध पर्छ। अतः ब्राह्मणीलाई गायत्रीबाट वञ्चित गरिएको विषयमा सवै ब्राह्मणहरू र स्वयं ब्राह्मणीहरूले पनि विचार गर्नै पर्ला कि ? हुन त यस विषयमा "दुहितुः पाण्डित्यं गृहतन्त्रविषयमेव वेदेऽनधिकारात्" भन्ने शाङ्करभाष्यको वचन पनि मननीय छ। यहाँ स्त्रीहरूको स्वभाविक विषयप्रवृत्तिलाई संकेत गरिएको हो किनकि स्त्रीहरूको व्रह्मविद्या र परमार्थमा भन्दा भोगविलासका साधनभूत गृहतन्त्रमा स्वाभाविक प्रवृत्ति हुन्छ, यो कुरालाई नकार्न मिल्दैन। भाष्यकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैत्रेयी, गार्गी आदि विदुषीहरूको शास्त्रार्थसम्वादले ओतप्रोत भएको उपनिषद् नबुझेको नभई स्वाभाविक प्रवृत्ति र सोमप्राधान्य शरीरत्वेन तद्गतवुद्धिउपहितचैतन्य भोगप्राधान्य हुन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै 'वेदेऽनधिकारात्' भन्नुभएको हो । यहाँको वेदाध्ययनको निषेध व्यवहारलाई मध्यनजर गर्दै वेदत्वावच्छेदक सामानाधिकरण्येन निषेध हो, सम्पूर्ण अंशमा होइन ।

समग्ररूपमा भन्नुपर्दा यी माथि वताइएका जस्ता अरूपनि धेरै प्रसङ्गमा वैदिक तथ्यहरूलाई शव्दतः वा अर्थतः जिज्ञासुहरूसामु आफ्नो मत वृत्तिकारले राखेको देखिन्छ यसर्थ पनि यो वृत्तिग्रन्थ पठनीय छ । त्यसैगरी शङ्कराभिमतलाई जस्ताको तस्तै राखी आफ्नो कुरो एकदेशीका रूपमा स्थापित गरिनुबाट परीक्षामुखी अध्ययन-अध्यापन गर्नेहरूका लागि अति उपयोगी छ भन्न हिच्किचाइरहनु पर्दैन ।

सन्दर्भसूची-

१) व्रह्ममीमांसासूत्रम्, कौडिन्यायनवृत्तिसहितम्, चौखम्वाविद्याभवन-वाराणसी,ई.सं २००२ ।
२) वृहदारण्यकोपनिषद्, गीताप्रेस, वि.सं.२०५८ ।
३)श्रीमद्भागवतमहापुराणम्, गीताप्रेस, वि.सं.२०५८ ।
४)विवरणप्रमेयसंग्रह, अमर पव्लिकेशन वाराणसी, ई.सं. १९९९ ।
५)पारस्करगृह्यसूत्रम्, चौखम्वा सं.संस्थान वाराणसी, वि.सं. २०५७ ।
६)तत्वप्रदीपिका, उदासीन सं.विद्यालय काशी, ई.सं.१९८५ ।

गजल

✍ शङ्कर भुषाल

विशुद्ध त्यो मनभित्र रमाउन पाए हुन्थ्यो
तिमी भित्रै हाँसि रोई, विताउन पाए हुन्थ्यो ॥
छचल्किन्छ मुटुभित्र पोखिन्छ बाहिर पनि
साथ जोडी जीवन मोडी बिताउन पाए हुन्थ्यो ॥

जिन्दगीको यात्रा अनि गन्तव्य नै कहाँ छ र
सङ्लिएको मायाभित्र पौडि खेल्न पाए हुन्थ्यो ॥
दुईटा मुटु एउटै हुँदा अरु कोही देखिँदैन
विन्दास यो जिन्दगीमा सँगै बस्न पाए हुन्थ्यो ॥

चन्द्र जस्तो शीतल माया, सूर्यको तातो पन
तातो चीसो सँगै मिलाई, रमाउन पाए हुन्थ्यो ॥
बाँडिएको दुईटा जीवन मिलनको त्यो दिन
अड्किएका बन्धन बाधा फुकाउन पाए हुन्थ्यो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध साधनाको संक्षिप्त परिचय

-सह.प्रा.प्रेमराज न्यौपाने
वाल्मीकि विद्यापीठ

(क) थेरवादी बौद्ध साधना

थेरवादी बौद्ध साधनाको लक्ष्य आफ्नो मोक्ष अथवा निर्वाण हो। त्यो निर्वाणको प्राप्ति पनि लोकोत्तर प्रज्ञाद्वारा मात्र सम्भव छ। लोकोत्तर प्रज्ञाको उत्पति विना निर्वाण असम्भव हुन्छ र त्यस लोकोत्तर प्रज्ञाको उत्पादका लागि समाधि आवश्यक हुन्छ। समाधिको प्राप्तिका लागि व्यक्ति शीलवान् हुनु जरुरी छ। शीलवान् व्यक्तिको मात्र चित्त एकाग्र हुनसक्ने भएकाले र समाधिको प्राप्ति गर्न एकाग्रताको आवश्यकता हुने हुनाले स्थविरवादमा शीललाई महत्व दिइएको पाइन्छ। जुन व्यक्ति शीलहीन अर्थात् दु:शील हुन्छ त्यस्तो व्यक्तिको चित्त पनि अस्थिर हुन्छ। त्यसको कारण के हो भने अकुशल कर्मको कारकमा राग, द्वेष र मोह मध्ये कुनै न कुनै एउटाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। राग, द्वेष र मोहमध्ये कुनै पनि एउटा हुनासाथै विक्षेप आदिको उत्पत्ति हुन पुग्छ जसलाई शमथ वा समाधिको बाधक मानिन्छ। यसबाट के बुझ्न सकिन्छ भने विक्षेप वा औद्धत्यका कारणले गर्दा चित्त एउटै आलम्बनमा अधिक समयसम्म स्थिर रहन सक्दैन।

कुनै पनि व्यक्तिले निर्वाण प्राप्त गर्ने अभिलाषा लिन्छ र ऊ शीलवान् पनि छ भने उसले सर्वप्रथम कुनै एउटा आलम्बनमा एकाग्रता(समथ) सिद्ध गर्नुपर्दछ। त्यसपछि वस्तुको यथार्थ तत्वलाई बोध गर्नका लागि त्यो एकाग्रता वा समथलाई विपश्यनासँग एकाकार गर्नुपर्दछ। त्यो शमथविपश्यना युगल समाधिको भावनाद्वारा अन्त्यमा समस्त क्लेशहरूको अशेष क्षय गर्ने लोकोत्तर प्रज्ञाको उदय हुन पुग्दछ। त्यसै अवस्थालाई नै निर्वाण प्राप्तिको अवस्था भनिन्छ। यसरी शमथ र विपश्यनाको भावना मिलेर साधनाको विधि पूर्ण हुन्छ। अत: शमथ भावना र विपश्यना भावनाको स्थविरवादी दृष्टिकोणबाट संक्षिप्त रूपमा उल्लेख गर्नु सान्दर्भिक हुन जान्छ।

१. शमथ भावना

संसारबाट विरक्त तथा निर्वाणाभिलाषि साधकले आफ्नो चित्तसन्ततिमा समाधि उत्पन्न गर्नका लागि सर्वप्रथम कल्याणमित्र गुरुका समीपमा जानुपर्दछ। गुरुले साधकको अध्याशय अर्थात् चरित्रगत विशेषतालाई बुझेर समाधिका चालीस किसिमका आलम्बनहरू मध्ये साधकको चारित्रिक वैशिष्ट्य अनुरूपको कुनै एउटा आलम्बन साधकलाई प्रदान गर्दछन्। त्यसलाई गुरूपदिष्ट विधिद्वारा आलम्बन बनाएर साधकले समाधिको लाभ गर्न सक्दछ।संसारका प्रत्येक व्यक्तिहरूमा आ-आफ्नो विशिष्ट चरित्र हुन्छ। त्यो चरित्र पनि परिस्थिति अनुसार बदलिन पुग्छ तथापि व्यक्तिको अन्त:स्थलमा हुने केही मूलभूत तत्वहरूले भने कहिले बढी मात्रमा र कहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कम्ति मात्रामा रहेर व्यक्तिलाई प्रेरित गरिरहेका हुन्छन् । व्यक्तिका तिनै मूलभूत तत्वहरूका आधारमा वौद्धहरूले व्यक्तिका ६ वटा भेदहरू गरेका छन् । ती हुन्- रागचरित्र, द्वेषचरित्र, मोहचरित्र, श्रद्धाचरित्र, वुद्धिचरित्र र वितर्कचरित्र । यी चरित्रहरूको सम्मिश्रण प्रत्येक व्यक्तिमा रहेको हुन्छ । कुनै पनि व्यक्तिमा एउटा मात्र चरित्र स्पष्ट रूपमा रहेको पाइँदैन । तिनै चरित्रहरूको मिश्रणका कारण नै ६३ वा ६४ प्रकारका पुद्गलहरूको कल्पना थेरवादीहरूले गरेका हुन् । समाधिका आलम्वनहरू ४० किसिमका हुन्छन् जसलाई वौद्ध शव्दावलीमा 'कम्मट्ठान' भनिन्छ । समाधिको उत्पत्तिका निम्ति कुन चरित्रको व्यक्तिका लागि कुन आलम्वन अनुकूल हुन्छ भन्ने पनि थेरवादी दृष्टिकोणमा स्पष्ट रहेको पाइन्छ ।

२. विपश्यना भावना

मुख्यतया ज्ञानको भावना नै विपश्यना भावना हो । चित्तसन्ततिमा वारम्वार विपश्यना ज्ञानको उत्पत्ति यसको तात्पर्य हो । यथार्थ वस्तुतत्व वा निर्वाणको साक्षात्कार गराउने मार्गको ज्ञान र फलज्ञान उत्पत्तिको सम्पूर्ण प्रक्रियाको नाम नै विपश्यना भावना हो । यस भावनामा सातवटा विशुद्धिहरूको ज्ञान, त्यसैगरी दशवटा विपश्यना ज्ञान र विमोक्षभेदहरूलाई मुख्यरूपमा जान्नु आवश्यक हुन्छ । सातवटा विशुद्धिहरू निम्नानुसार रहेका छन्- शीलविशुद्धि, चित्तविशुद्धि, दृष्टिविशुद्धि, कांक्षावितरणविशुद्धि, मार्गामार्गज्ञानदर्शनविशुद्धि, प्रतिपदाज्ञानदर्शनविशुद्धि र ज्ञानदर्शनविशुद्धि । व्युत्थानगामिनी विपश्यना सम्म पुग्नु भन्दा पूर्व संस्कारधर्महरूलाई अनित्य, दुःख, अनात्मरूपमा अनेकशः भावना गर्नुपर्दछ । यसरी शमथ र विपश्यनाको सार्थक प्रयासवाट नै निर्वाणसम्म पुग्न सकिने तथ्य थेरवादीहरूले स्पष्टतः उल्लेख गरेका छन् ।

(ख) महायान साधना

महायान साधनाको उद्गम सम्पूर्ण वौद्ध इतिहासमा एउटा क्रान्तिकारी घटना हो । विश्वकै आध्यात्मिक इतिहासमा पनि यसप्रकारको अर्को कुनै घटना पाइँदैन । भगवान् बुद्धले मध्यममार्ग, चार आर्यसत्य, आर्यअष्टाङ्गिकमार्ग एवं प्रतीत्यसमुत्पादको देशनाद्वारा मानवजीवन समक्ष एउटा विराट् आध्यात्मिक लक्ष्य लिएर वाह्य कर्मकाण्डको स्थानमा कर्तव्यका रूपमा विभिन्न किसिमले 'अपरिमित मैत्री' एवं चित्तशुद्धिको सिद्धान्त प्रस्तुत गरे । त्यसकारणले मानवीय चेतनामा एउटा नवीन आयाम थपियो । मानवको चरम लक्ष्य मुक्ति मात्र होइन वा सांसारिक दुःखहरूबाट छुटकारा पाउनु मात्र परमानन्दको अवस्था होइन रहेछ भन्ने चेतनाको जागृति पनि त्यहींवाट नै भएको हो । आर्तजगत्का समग्र दुःखहरूलाई स्वयं अङ्गीकार गरी दुःखमा सन्तप्त समग्र प्राणीहरूलाई दुःखवाट परित्राण गर्नु मानवको कर्तव्य तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परम् लक्ष्य हो भन्ने कुरा पनि यसैवाट आएको पाइन्छ। यसवाट नै अध्यात्मसाधना व्यक्तिगत क्षेत्रवाट माथि उठेर लोक परायण हुनपुग्यो।

१.साधनाको प्रारम्भ

महायानका क्षेत्रमा बौद्ध-साधनाको प्रारम्भ ई.पू. लगभग तेस्रो शताव्दीमा भएको मानिन्छ। ग्रन्थका रूपमा विकसित आधारहरू अष्टसाहस्रिका प्रज्ञापारमिता सूत्रमा पाइन्छ। बौद्ध सम्प्रदायको विकासक्रममा महायानको उत्पत्ति महासांघिक सम्प्रदायवाट भएको मानिन्छ। महासांघिक सम्प्रदायको उद्गम भगवान् बुद्धको परिनिर्वाण पछिको लगभग १०० वर्ष पछि वैशालीको द्वितीय संगीतिको ऐतिहासिक अवसरमा नै भइसकेको थियो। त्यसको १२५ वर्षपछिदेखि लिएर सम्राट अशोकसम्म जति पनि वौद्ध निकायहरूको विस्तार भएको थियो तिनको संकलन प्रमुख १८ निकायहरूका 'कथावत्थु' ग्रन्थमा स्पष्टतया पाइन्छ। महासांघिकहरूको उद्भवका साथै त्यसभन्दा प्राचीन सम्पूर्ण सिद्धान्त एवं साधनाहरूको समग्र संग्रहको नाम नै स्थवीरवाद हो। यसरी विभिन्न कालखण्डहरूमा विविध विचारहरू र साधनाहरूको अभ्यासद्वारा बौद्ध साधनाको घनीभूत प्रभाव देख्न सकिन्छ।

२.साधना साहित्य

महायानको साहित्य दुईभागमा विभक्त छ- १.सूत्र र २. शास्त्र

महायानभन्दा पूर्ववर्ती सम्प्रदायहरूका पिटक आदि साहित्यहरू प्राकृत तथा संकर संस्कृत भाषामा संग्रहित थिए। महावस्तु, दिव्यावदान, अवदानशतक आदि केही ग्रन्थहरूवाहेक अन्य साहित्य संस्कृतभाषामा पाइँदैनन्। यी ग्रन्थहरूको अभावमा परवर्ती कालमा विकसित महायानी रूपहरूको पृष्टभूमिलाई आँकलन गर्न सकिँदैन। शिक्षासमुच्चय आदि ग्रन्थहरूमा उपलव्ध सन्दर्भहरूका आधारमा तथा केही चिनियाँ सूची-ग्रन्थहरूका आधारमा महायानी सूत्रहरूको संख्या पाँचसयभन्दा बढी हुन जान्छ। ती मध्ये मूल संस्कृतमा उपलव्ध ग्रन्थहरूको संख्या लगभग ३० रहेको छ।

उपलव्ध महायानसूत्रहरूका साधनाको मूल आधार शून्यता नै हो। शून्यताका आधारमा बोधिसत्वको साधना र चर्या नै महायान सूत्रहरूको प्रतिपाद्य विषय हो। महायान शास्त्रहरूको विषय पनि शून्यतामा आधारित दार्शनिक विवेचन नै हो। सम्पूर्ण महायान दर्शन त्यसको शास्त्र-साहित्य हो। शास्त्र-साहित्यमा केही त्यस्ता महत्वपूर्ण ग्रन्थहरूपनि रहेका छन् जसको प्रधान विषय नै महायान साधना हो। तिनीहरू मध्ये संस्कृत भाषामा उपलव्ध केही प्रमुख ग्रन्थहरूमा अश्वघोषकृत **महायानश्रद्धोत्पादशास्त्र**, मैत्रेय तथा असंगको **महायानसूत्रालङ्कार, मध्यान्तविभागशास्त्र** र **अभिसमयालङ्कार** एवं त्यसमा हरिभद्रको **आलोकटीका** आदि पर्दछन्। त्यसैगरी शान्तिदेवकृत बोधिचर्यावतार एवं शिक्षासमुच्चय आदिमा पनि महायान साधनालई प्रतिपाद्य बनाएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरुणोदय-शुभकामना

-श्रीमती विश्वेश्वरी अधिकारी

प्रियतम घर छोडी राजधानी पसेका
पढिकन सव छात्रावासमा नै रमेका ।
युवकसँग रमाई वासुरीशव्द तुल्य
अरुण ! उदय तिम्रो विश्वमा होस् अमूल्य ॥

तरुण अरुण ! झट्टै विश्वमा शान्ति ल्याऊ
कलुषित मनलाई विश्वबाटै भगाऊ ॥
अभय सब बनाई कीर्तिसौजन्य साथ
सव जनहरूमा त्यो विश्वबन्धुत्व राख ॥

सकल वन पखेरा विश्वको वारिपारि
सव जनहरूको होस् शान्तिको फूलबारी ।
बनिकन मुखशोभा झल्मलाएर राम्रो
अरुण ! सब रमाऊन् कान्ति पाएर तिम्रो ॥

कवि, सचिव र विद्वान् काख तिम्रै कुरेर
सजिकन घर आफ्नो कीर्तिशाली बनेर ।
बनिकन कति नेता गर्दछन् देशसेवा
अरुण ! किरण तिम्रा भाग्य बन्छन् सवैका ॥

मगर, गुरुङ, राई, लिम्वु, तामाङ सारा
द्विजगण सबको होस् देववाणी सहारा ।
अरुण ! रस पियाऊ शास्त्र सारा मथेर
सव गगन सजाउ शान्तिधारा बनेर ॥

अपढसरि हुँदैछन् व्यास, वाल्मीकि आज
अटुट कलम खोज्दै घुम्दछन् कालिदास ।
गर नवप्रतिभाको ख्याल, सम्मानरक्षा
अरुण ! बुझ तिमी नै छात्रको यो समस्या ॥

नयन तिरमिराई पुग्न गन्तव्यतर्फ
गरिब अलमलिन्छन् लुप्त भै न्यायमार्ग ।
वितरण गर झट्टै राष्ट्र निर्माणशिक्षा
अरुण ! गर तिमी नै यो प्रजातन्त्ररक्षा ॥

पशुसरह नहोस् यो देशमा काटमार
सव शहिदहरूका स्वप्न साकार पार
युगभर नबनोस् यो देश हाम्रो विभाज्य
सव जन खुश बन्दै फर्कियोस् रामराज्य ॥

गण र यति मिलेका छन्द छैनन् निरर्थ
सरस-मधुर तिम्रा व्याप्त छन् शब्द-अर्थ ।
सुललित कविता झैं खोल घुम्टो बिहान
बन अरुण ! रमाई राष्ट्रको संविधान ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देशभक्ति

-कृष्ण भण्डारी 'मुमुक्षु'

गोली थापेर छातीमा ऊ मर्छ तर झुक्दैन कालसँग पनि ।
देश मात्र माटो होइन युवा ! देशभक्ति हो साझा गौरव ॥

देश माटो हो, देश उचाई हो र देश समग्रमा जनभावनाको सिङ्गो अस्तित्व हो । देशलाई खोजौं छातीमा, मन र मुटुहरूमा । देश विनाको मान्छेलाई सोध देश के हो ? देशको नाममा पुण्यकर्महरू खै ? देशको गीता खै ? देशभक्तिको पाठशाला खै ? देशको शासक जनता हो भने चुनावमा गुण्डागिरी गरेर भोट किन लुट्ने ? देश नेता हो भने खै त पूजा गर्न लायक नेता ? हल्लै हल्लामा शासनको बागडोर पालोपालोसँग सम्हाल्ने सल्लाह हो देशभक्ति ? प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र नाम जेसुकै राख तर देशभक्ति खोइ ? देशको भू भाग बाँडेर कार्यकर्ता रिझाउने अधिकार कसले दियो ? सत्तामा जाने निहुँमा देश भत्काउने अधिकार हुन्छ ? खै देशभक्तिको मूल मन्त्र ?

देशको नक्सावाट देशभक्ति झिक्यो भने कुन पार्टी वा सिपाहीको हुन्छ देश? देशको खर्च अनुदानले चल्यो भने कहाँ पुग्छ देश ? देशको दुहाई दिने कुर्सीदासको देशभक्ति खै त ? देश मेरो हो र म नै देशभक्त हुँ भन्ने चेतना खै त? मान्छे जन्मन्छ र मर्छ तर बाँच्नुको सार देशका प्रति खै ? देश हुनुको सुख र नहुँदाको दुःख यो हो कसले बुझायो ? तलबमा देश हाँक्नेहरू बेतलवी हुँदा किन बेमतलवी बनेका हुन् ? राष्ट्रको मुद्रा-सुरक्षा खोइ ? येन, युआन, डलर वा विदेशी मुद्राले कामचलाउ गरेर देश चल्छ ? एक शिशुको हक र राजनेताको हकमा किन देश मौन छ ? देश युवाको हो भने युवा पलायन हुन यत्रो भीड किन ? राजदूतहरूको मर्यादा अतिक्रमण-भाषणलाई किक हान्ने साहसीको देश हो त ?

सत्र ताल र सत्ताइस जाल फ्याँकेर रानजीति गर्नेको देशमा नागरिक र अनागरिकको भेद खै ? जातको देश होइन, धर्मको देश होइन, भाषाको देश होइन, पुर्खाको नासो होइन अनि देश कसको हो? भू-रेखामा सीमाबद्ध देश हो या नीलो आकाशमा उड्ने स्वतन्त्रता हो देश ? देशको वास्तुपूजा भएन कि ? देशलाई इज्जत ठान्ने अभिमान ब्युँझेन कि ? देश नचिन्ने देशभक्त हुन् ? प्रश्नै प्रश्नले देशलाई निल्न थाल्यो । देशको काल परिवर्तनको क्षण हो यो । यतिबेला देशको अवस्थामा गाम्भीर भएको छ ।

मात्र तीन अक्षर बनेको नाम हो - नेपाल । यो नाम नै सार्वभौम नेपालीको साझा पहिचान पनि हो तर डेढ अक्कलको देशभक्तिप्रति विश्वास छैन कसैको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देशको शिर झुकाएर सपथ खानेहरू कहाँ छन् ? अणुयुद्धको त्रास रोक्न नक्षत्रमा वास वनाउने योजनामा पुगे कुनै देश तर हामी सिर्जना र आविष्कारको सम्मान नगर्ने उही अँध्यारो युगमा छौं । जनताको कर लिएर विश्वभ्रमण गर्छौं हामीहरू तर विश्वभन्दा राम्रो देश वनाउने अठोट गर्दैनौं । मेरो खेत र मेरो घर परिवार भन्न जान्यौं हामीले तर मेरो देश र मेरो समाज भन्न सकेनौं कसैले । सात वर्षको इतिहासलाई एक्सरे लिई हेरौं त यो देशको अर्थ व्यवस्थालाई आफ्नो वा मेरो सम्पत्ति ठान्ने व्यक्ति मात्र शासक भए । माटोमा अधिकार राष्ट्रको हुन्छ र राष्ट्रले कर उठाउँछ तर कर छल्ने खोटोवुद्धिले देशभक्ति माथि उठ्न दिएन । कुनै पनि व्यक्तिले जवसम्म राष्ट्रप्रति इमान्दारी देखाउँदैन तवसम्म कर पनि वुझाउँदैन । कर व्यवस्थापन पारदर्शी नभई देशभक्तिको अठोट र साहसको सम्मान हुँदैन । जहाँ मानसम्मानको हिसाव शुद्ध हुँदैन त्यहाँ सच्चाई पनि हुँदैन । ज्ञानविज्ञानको ढोका खोल्न हामीले जति नै कसरत गरे पनि सत्य व्यवस्थापन नभएसम्म त्यो ढोका खुल्दैन । आस्था जव वाँडिन्छ तव द्वन्द र उत्तेजनाको स्थिति प्रकट हुन्छ । जहाँ द्वन्द समाधानको वाटो भेटिदैंन त्यही मौकामा हिलोमा माछा मार्नेहरू सलवलाउँछन् । मौका खोज्नेहरू देश भन्दा आफू मात्र ठूलो वन्ने खेलमा जुट्छन् । त्यही फोहोरी खेल चित्र हेर्दा जनता दिक्क हुन्छन् । त्यतिवेला त्यो कुर्सीको मोह पालेका शासकहरू भ्रष्ट व्यक्तिको चंगुलमा फस्छन् र देशभक्तिको मसीले कुनियतको योजनामा सही गर्छन् । अनि देशभक्तहरू ओझेलमा पर्छन् र भ्रष्ट व्यक्तिहरू नेताको सिफारिसमा पुरस्कृत हुन्छन् । त्यसपछि कुन देशभक्तले प्राण हत्केलामा राखी लड्छ र ? जहाँ अन्यायको विरुद्ध गर्जने अधिकारमाथि नै अंकुश लगाइन्छ त्यो देशको उन्नति र प्रगति हुन्छ ? हुँदैन । यता मन्दिरमा प्रार्थना गरेर वा टीका र आशीष थापेर आँफै अन्याय मासिंदैन । शासकले चितामाथि वसेर हातमा दण्ड र पुरस्कारको न्याय सञ्चालन नगरेसम्म न देशभक्ति हुन्छ न देशको शक्ति हुन्छ । सहीदको वलिदान व्यक्तिलाई सत्तामा पुर्‍याउनै उद्देश्यले भएको होइन । व्यक्ति देश वन्नुपर्‍यो । देशको आँशु र पसिनालाई छुट्याउने देशभक्त व्यक्ति हुनुपर्‍यो । देशलाई दशैंको वोको जसलाई वली दिएर पनि आफ्नो पेटमा राख्न सकिने जस्तो ठान्न भएन । चन्दाको सरकार, आतङ्कको सरकार, भू माफियाको सरकार, कसैको दयाले वनेको सरकार, विदेशी कृपाको सरकार जस्ता शव्दले घृणित नभई श्रद्धाका भोट र मातृभूमिका सेवा गरेकोले वनेको सरकारले मात्र देशभक्तिलाई वचाउँछ ।

एउटा अठोटको खाँचो छ देशलाई । देशभक्ति त भोली समुद्रझैं उर्लिन्छ । १५ वर्षमा देशको नक्साले विकसित देशको सम्मान पाउँछ तर पक्का इरादा र प्रतिवद्धताको खाँचो छ देशलाई । केही वितेको छैन । चिन्ता गर्ने पर्ने कुनै कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । व्यक्तिगत स्वार्थवाट माथि उठ्नुपर्छ हामी । नीति नियमको कडा अनुशासन लागु गर्ने हिम्मत छ हामीसँग । मेरो मान्छे तेरो मान्छे नभनी राष्ट्रपतिदेखि सडकव्यक्तिलाई कानुनको वा नियमको परिधिभित्र राखी शासन गर्नुपर्छ । लाटालाई कानून र वाठालाई दैव जानून् भन्ने स्थिति रहेसम्म देशभक्ति आर्यघाटमा रुँदै वस्नेछ । सिङ्गो संसार नै एउटा घर जस्तो वनिरहेको यो घडीमा संघीयतामा नाममा देशलाई मध्ययुगतिर फर्काउने धृष्टता रोक्नुपर्छ । कसैको आस र त्रासमा होइन गुणात्मक एकता र मातृभूमिको विकासमा जुट्ने संकल्प गरौं । देशभक्तिको हातेमालोमा हात मिलाए अघि वढौं ।

✡💧💧💧✡

तिम्रो मलिन स्वरूपले

हेरें मैले नयन रसिला देख्छु पीडा लुकेको
देखें मैले मुख मलिन यो ओठ सारा सुकेको ।
देख्दा यस्तो स्वरूप किन हो होश मेरो हरायो
झन् दुव्लो झन् क्रमश किन हो आँशुधारा पलायो ॥

सारा इच्छा जलसरि भयो लौ खुशी नै हरायो
सुन्दा राती मन वरपरै नीद सारा हरायो ।
धर्ती नै यो डगमग भयो भास्करै त्यो हरायो
डाँफे चौंरी तलतिर झरे, गहुं माथी पलायो ॥

कालो नै भो रगत अव लौ देख्छु हाँडी समान
भन्छन् रे है सकल जनले काम राम्रो नमान ।
साह्रै उल्टो यसकिसिमको चल्छ भन्ने नसोची
भन्दैनौ लौ मन-जलनको पीर माया नराखी ॥

हुंदा साह्रै कठिन मनको भाव वुझ्नै मलाई
भन्यौ प्यारी हृदयभरको पीर सारा मलाई ।
देखाऊ है अलि खुश यहाँ पीर धेरै लुकाऊ
वोल्यौ राम्रो सवसित सधैं व्यक्तिलाई वुझाउ ॥

कैले होला मनभर खुशी देख्छु मैले रमा'को
हाँसी हाँसी सुख-सयल वा दुःखमा हात् समाको ।
यस्ता यस्तै समय अति नै नित्य गाह्रो हुने भो
पीडा तिम्रो सहन नसकी बुद्धि नै कुन्नि के भो ?

- *चिरञ्जीवी आचार्य*
कक्षा ९ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म र राष्ट्र

-प्रा.डा. माधव भट्टराई

राष्ट्रभन्दा धर्म अलग हुन्छ त्यसैले राष्ट्र धर्मनिरपेक्ष हुनुपर्छ भन्नेहरू धर्मविरोधी मात्र नभई धर्मनाशक पनि हुन् । किनभने राष्ट्र र राष्ट्रियतालाई धार्मिक भावनाले नै एकत्रित गरेको हुन्छ । धर्मविनाको राष्ट्रको कल्पना गर्नु मेरा लागि औचित्यहीन छ ।

संसारको आधाजसो राष्ट्र धर्मसापेक्ष छन् । जहाँ धर्मसंस्कृतिका अनुयायीहरूमध्ये खास एकको प्रभाव नभई धर्मनिरपेक्ष घोषणा भएको छ त्यहाँ पनि शासकहरू कुनै एक धर्मप्रति आकृष्ट भएको पाइन्छ र ती शासकहरू खास कार्यक्रममा आफ्ना धर्मग्रन्थ अगाडि राखेर कार्यारम्भ गर्दछन् । विशेषत: सम्पन्न राष्ट्रका पदाधिकारीहरू शपथग्रहण गर्दासमेत आफ्नो धर्मग्रन्थसमेत छुन्छन् वा आफ्ना धर्मगुरुको स्मरण गर्दछन् । अनुसन्धानका सन्दर्भमा अन्तरिक्षयात्रा गर्ने वैज्ञानिकहरू समेत यात्राको वेला बाइबल बोकेर जान्छन् भन्ने त बारम्बार हामीले सुनेकै हो तर नेपालको सन्दर्भमा तिनै व्यक्तिहरू धर्मनिरपेक्ष राज्यको वकालत गर्दछन् । धर्मले मात्र राष्ट्रमा शान्ति र समाजमा विकास ल्याउन सक्छ । हाम्रा पुर्खाले समाज र राष्ट्रको हितका लागि धर्म पनि हुने र विकास पनि हुने बाटो अपनाएका थिए । "सेवा हि परमो धर्म:" भन्ने दृढ धारणा उनीहरूको थियो । त्यसैले बाटो खन्ने, पुल हाल्ने, चौतारी बनाउने, पाटीपौवा निर्माण गर्ने, इनार खन्ने, पोखरी तलाउ बनाउने, धारो बनाउने, मन्दिर र गौशाला स्थापना गर्नेजस्ता कार्य गर्न उनीहरू लगातार अग्रसर हुन्थे । सार्वजनिक स्थानमा शुद्धता र स्वच्छता राख्ने प्रवृत्ति उनीहरूमा थियो । बाटोघाटोमा फोहोरमैला नगर्ने र गरेको भेटेमा पनि हटाउने स्वभाव थियो । बीच बाटामा ढुङ्गा वा काठका टुक्रासम्म भेटिए पनि त्यसलाई पन्छाएर मात्र उनीहरू अगाडि बढ्दथे । धर्मशास्त्रले समेत सार्वजनिक स्थलको मर्यादाबारे स्पष्ट उल्लेख गरेको हामी पाउँछौ ।

तर आज सरकारी सुविधा लिनेले समेत सार्वजनिक मर्यादा कायम गरेको देखिदैँन । वास्तवमा सेवा र त्यागमै धर्म आधारित छ र धर्ममै समाज अडिएको छ । शिक्षाले धर्मप्रति उदासीनता देखाएकाले नयाँ पिँढीले धर्मप्रति आस्था व्यक्त गर्न पाएको छैन । फलस्वरूप शिक्षित व्यक्ति धर्महीन बन्दै गएको छ । धर्म त्याग गरेपछि सत्य, न्याय, विवेक, सदाचार, नैतिकता र कामको जिम्मेवारी पनि छाड्न सकिने सोचाइ अहिले बढ्दै गएको छ। त्यसैले समाजमा दुराचार, अत्याचार, शोषण, बेइमानी, भ्रष्टाचार, अन्यायजस्ता प्रवृत्ति मौलाउँदै गएका छन् ।

धर्म नै अग्रगामी चिन्तनको उपज हो। तर आज उल्टो अर्थ लगाउने गरिएको छ । वेदको वचन छ "वयं राष्ट्रे जागृयाम पुरोहिता:" अर्थात् हामी अग्रगामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तन भएका व्यक्ति (पुरोहितहरू राष्ट्रका निमित्त जागा होऊँ) यो वैदिक सन्देश अव फेरी हामीले गम्भीर भएर केलाउनुपर्ने वेला आएको छ । जुन राष्ट्रले हामीलाई यो शरीर दियो त्यसप्रति हाम्रो कर्तव्य के हो ? यहीँको पञ्चतत्वले हाम्रो शरीर वनेको छ भने त्यस ठाउँको विकासमा, शान्तिमा र सुव्यवस्थामा ध्यान दिने हाम्रो कर्तव्य हो । यथार्थमा भन्नुपर्दा धर्म र राष्ट्र अलग गर्ने विषय होइन । धर्मपूर्वक राष्ट्र चल्नुपर्छ । जहाँ जुन धर्म मान्नेको वाहुल्य छ त्यहाँ सोही धर्मको सम्मान हुनुपर्दछ । तसर्थ नेपालमा अत्यधिक हिन्दूहरूको वसोबास हुनाले यो हिन्दूराष्ट्र नै रहनुपर्छ । अतीतमा जस्तै हाम्रो देश नेपाल अन्य सवै धर्मसंस्कृतिप्रति सहिष्णुता र समन्वय राख्ने हिन्दूराष्ट्र भएमा अल्पसंख्यकहरूको कदर गर्दै विश्वको एकमात्र हिन्दूराष्ट्र रहँदै आएको गौरव र गरिमा हाम्रो राष्ट्रको हुनेछ । धार्मिक चिन्तन नै राष्ट्रको स्वाधीनताको चिन्तन हो । धर्ममा जति प्रगतिशीलता अन्त कतै छैन । जसले धर्मलाई प्रगतिको बाधक ठानेको छ उही विकास र शान्तिको बाधक हो तर धर्मको परिभाषा राम्ररी वुझ्नुपर्‍यो । धर्मले नै समाजलाई आजसम्म सुरक्षित गर्दै आएको तथ्य आत्मसात् गर्दै धर्म र राष्ट्रको अविच्छिन्न सम्वन्धलाई सुदृढ गर्दै जाऊँ ।

✡💧💧💧✡

गजल

तिम्रो न्यानो काख आज अलप भई भाग्यो प्रिया
नलाएको गोली आज तिम्रै हातले लाग्यो प्रिया ॥
जीवनभर साथ दिने कसम तिमिले खाएकी'थ्यौ
नीलो आकाश अन्धमुष्ट बादलले ढाक्यो प्रिया ॥
तिम्रो यादले कल्पिँदामा गास पनि रुच्न छाड्यो
गर्जिएर आकाश आज उत्पातैले जाग्यो प्रिया ॥
पहाडको कुना काप्चा, तराई सारा खोज्दा तिम्लाई
अर्कैसँग तिम्लाई देख्दा मनले ठाउँ छाड्यो प्रिया ॥
अफठ्यारामा बाँच्न तिम्लाई यही मेरा साथ थिए
विश्वासलाई नबिसिंदो डोरीले नै बाँध्यौ प्रिया ॥
साथमा साथ दिइकन राख्ने सोँच थियो तिम्लाई
त्यही आज हावासँगै टाढा टाढा भाग्यो प्रिया ॥

-सुरेश पौडेल
कक्षा ९ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परोपकारी

✍ प्रकाश ढकाल 'दिगम्वर बुभुक्षित'

मैले गाडी एकतालले हुइँक्याएको थिएँ । यात्रु कोही थिएनन् सिर्फ म र मन्तरे मात्रै । मन्तरेले ड्याम्म ढोका हान्यो । मैले भ्याप्प व्रेक हानें । गाडी घचक्कियो । मलाई लाग्यो गाडी अलि स्पीडमैं रहेछ । यस्तैमा एकजना अधवैंशे उमेरकी दिदी चढिन् । मैले सोधेँ - दिदी कहाँसम्म ? 'भाइ म कपन आकाशेधारासम्म' । मन्तरेले भन्यो - दिदी झर्नुस् यो त गोपीकृष्ण मात्रै हो, त्याँट उता जान्न । दिदी झर्न मानिनन् । मैले झर्न कर गरेँ । उनले भनिन्- म गोपीकृष्ण सम्मै भा'नि जान्छु, झर्ने कुरै भएन । मैले गाडी वढाएँ । दिदीले भनिन् - भाइ म आकाशेधारा होइन, सरस्वतीनगर हो । मैले हाँस्दै भनेँ - किन झुठ वोलेको त ? 'त्यसै' दिदी यत्ति वोलिन् । मन्तरेले भाडा माग्यो दिदीसँग । दिदीले ठ्याम्मै हजारको नोट निकालिन् । मन्तरेले जिव्रो निकाल्यो र भन्यो - आम्मै , गुरुजीलाई दिनोस् । मैले यसो हेरें, हजारको नोट । दिदी खुला छैन दिनुस् न अर्को - मैले भनेँ । खुल्ला न'भा राख न त्यहीँ - उनले भनिन् । जयवागेश्वरीमा जाम थियो । उपराष्ट्रपतिको सवारी रे भन्ने गाइँगुइँ थियो । मैले स्टार्ट नै वन्द गरेर वसेँ । दिदीको मुहार हेर्ने चेष्टा गरेँ । कमलपोखरीबाट चढेकी दिदीको हातमा व्याग थियो । पैसा साट्न दिउसोभरिको पैसा खोज्न थालेँ । जम्मा २८०० रूपैँया भएको रहेछ । साटेर दिएँ । उफ् कस्तो अचम्म, दिदीले पैसा लिन मानिनन् । मैले भनेँ - किन नलिने लिनुस् न । यतिकैमा जाम खुल्यो । मैले गाडी अगाडि वढाएँ । पैसा लिँदै लिइनन्, मलाई पो के भो ? लिइहालेँ । चावहिल ओरालोमा मैले भनेँ - दिदी हजुरको घरनेरै छोड्दिन्छु, कहाँ हो घर ? भृकुटी स्कुल नजिकै - उनले उत्तर दिइन् । कोही यात्रु नभएकाले उनलाई त्यहीँ लगेर छोडिदिएँ । दिदीले मलाई एकटकले हेरेर विदा भइन् । मन्तरेले भन्यो - क्या हो गुरुजी यो त वडो खप्पिस छ नि, रत्नपार्कका भाञ्जीजस्तै । मैले भनेँ - चुप् लाग् बढी वोल्छस् । ऊ वोलेन तर हाँसिरह्यो । ग्यारेजमा लगेर गाडी छोडेँ अनि लागेँ सन्ध्या होटलमा । भात खाइवरी म पनि साहुकोमा जाँदै थिएँ । वाटोमा तिनै दिदीले हातभरि सागका मुठा वोकेर जाँदै रहिछन् । मैले वोलाइहालेँ - काँ हो दिदी ? 'घर, छोरीले म आउन्जेलसम्म पनि तरकारी नकिनेर वसेकी रहिछे त्यसैले ' । दिदीले एकसटमै उत्तर दिइन् । काँ सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नि भाइ ?- दिदीले सोधिन् । साहुकोमा - मैले भनें । अनि दिदीले मलाई आफ्नो घर देखाउँदै कहिलेकाँही पस्न आग्रह गरिन् । मैले दिदीलाई जिस्किएर भनें - माओवादीको वन्द छ रे । त्यस दिन आउँला नि त । 'हस् भाइ, पर्सी पक्का है' मैले स्वरै स्वरमा पक्का गरें । दिदीसँग छुटेपछि म साहुको घर गएँ । म्याडमलाई पैसा बुझाएर तल कोठामा गएर सुतें । एवं रीतले अर्को दिन पनि कट्यो । राति मसाल जुलुस थियो । साहुले फोन गरेर गाडी घरमा नै ल्याउन भने, मैले घरमै लगें । भात खाइवरी सुतें । पत्रिका, टी.भी. लगायत सवै सञ्चारमाध्यममा आन्दोलनकै व्यापकता थियो । गाडी पखालें, अनि प्लेयर विग्रेको थियो, वनाएँ । यस्तैमा कता कता तिनै दिदीको घरमा जान मनलागेजस्तो भयो । उठेर ग्रीजको कालो पखालेर म तिनै दिदीको घरतिर गएँ । घर वाहिर कुकुर भुक्दै थियो । घण्टी हानें, वाहिरै सुनियो- 'ॐ जय जगदीश हरे' को सुमधुर संगीत । वाहिर एउटी नानी निक्लिन् र सोधिन् - कसलाई खोज्नु भा' होला ? मैले भनें - दिदीलाई । नानी भित्र गई एकै छिनमा वाहिर आएर तिनै दिदीले मलाई हेरेर मुस्कुराउँदै बोलाइन् । म पनि माथि गएँ । दिदीसित सुखदु:खका कुरा भए । मेरो घर, परिवार अनि मेरो वारेमा धेरै कुरा भए । दिदीले भनिन् - म तिमीलाई सुख दु:खमा सहयोग गर्न तयार छु, मलाई आफ्नै दिदी मान्दा हुन्छ । यसरी नै दिदीकोमा आउने जाने क्रम चलिरहेको थियो । यस्तैमा दिदीले मलाई फोन् गरेर भन्नुभयो - भाइ शिवरात्रीको दिन आउनु ल । म पनि दिदीको आज्ञा मुताविक नै गएँ । भात खाइवरी म पनि टी.भी.हेर्न थालें । शिवरात्रीको कारण रोड ब्लक हुने हुँदा त्यस दिन छुट्टीजस्तै थियो । टी.भी. हेर्दाहेर्दै मैले दिदीलाई सोधें - नानु खोइ ? भिनाजु खोइ त ? उहाँ त अहिले यू.के हुनुहुन्छ । नानी भित्र छे, अलि लाज मान्छे - दिदीले मुस्कुराउँदै भन्नुभयो । मैले बोलाएँ - नानु वाहिर आउन त, ऊ लजाउँदै वाहिर आई । दिदीले मलाई भनिन् - विहान भन्दै थिई, गुरु दाई आज नआउने भए म साथीकोमा जान्छु , तर मैले आउने हो भनेपछि वसेकी । उसको मुहारमा हेरेर म मुस्कुराएँ ऊ पनि लजाई । मैले सोधें - नानु ! तिम्रो नाम के हो नि ? उसले भनी - सोनिया शर्मा । मैले फेरी सोधें - कतिमा पढ्छ्यौ ? एघारमा, उसले लजाएरै उत्तर दिई ।

एक दिन विहानै मेरो मोवाइलमा फोन आयो । जयवागेश्वरीनेर रोकेर मैले फोन उठाएँ । फोन दिदीको रहेछ । भोलि विहान आउनु भन्ने खवर पाएँ । म त्यसदिन होटलमा भात नखाएर दिदीको घरमा नै खान गएँ । भात खाइसकेर हिंड्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दा दिदीले भन्नुभयो - भाइ ! भोलि रिर्जभ गर न दिनभरिलाई । मैले भनें - कहाँ जाने हो र ? 'दक्षिणकाली' दिदीले उत्तर दिइन् । 'हस्' भनेर म लागेँ । साँझ साहूसित सल्लाह गरेर भोलिलाई रिजर्भ रसिद काटेर म सुत्न गएँ । सखारै उठेर म गाडी लिएर दिदीको घरको गेटनिर पुगेर हर्न बजाएँ । दिदीले माथि बोलाइन् । मैले सोधेँ - गाडी भित्र राखूँ कि बाहिर ? भित्रै राख न - दिदीले माथिबाटै भनिन् । म गाडी राखेर भित्र गएँ । भित्र दिदी र छोरी थिए । मैले सोनियालाई हाई ! भनें । उसले पनि हाई भनी र कोठाभित्र पसी । मैले सोनियालाई यो भन्दा अघि यत्तिकी राम्री देखेको थिइन। काला आँखा, स्टेट गरेको कपाल, गोरो र हँसीलो चेहरा, मीठो बोली, लजाउने बानी साँच्चै राम्री थिई । अनायासै मेरो मानसिकता सोनियाप्रति आकृष्ट भयो । दिदीले चिया ल्याइन् । चिया खाँदै म कता-कता ऊतर्फ एकोहोरिएछु । आफै सम्हालिएँ । म एउटा ड्राइभर, आफ्नो मर्यादा नाघ्न हुँदैन । यस्तैमा सोनिया बाहिर निक्ली र भनी - दादा मेरो इक्ज्याम छ, म कलेज जान्छु, राम्ररी बस्नु ल । मैले उसको त्यो स्वरूपमा लट्ठिएर 'हस्' भन्नसमेत भुलेछु । ऊ तल पुगेपछि दिदी भित्रबाट साजसज्जाका साथ बाहिर निस्किन् र तल झरिन् । म पनि साँझसम्म न हो, जति भुल्न परे पनि भन्दै टी.भी. हेरेर बसेँ । दिदी तलबाट निस्किन् र 'चोर आउँछ कि भनेर कुकुर फुकाउन गएकी' भनिन् । मेरो सातोपुत्लो उड्यो, त्यो कुकुर माथि आयो भने त मार्छ, यत्रो मुख आम्मै ! कस्तो डरलाग्दो कुकुर । म डराएँ, नभन्दै कुकुर बाहिर आयो र ढोका बाहिर बस्यो । दिदीले कुकुरलाई मासु दिइन् । कुकुरले त्यहीँ बसेर टोक्न थाल्यो। अनि दिदीले खाजा ल्याइन् र भनिन् - क्यान्सिल भयो दक्षिणकालीको प्रोग्राम, त्यसैले खाजा खाउ अनि जाउला । म आत्तिदैं भने - साहुले मार्छ मलाई । दिदीले भनिन् - साहुलाई यो पैसा लगेर दिनु। मैले पैसा लिएँ र खाजा खाएँ। खाजा सकिवरी दिदीलाई भनें - दिदी मलाई तलसम्म छोड्नोस् न, कुकुरदेखि मलाई एकदम डरलाग्छ । 'हस्' भन्दै दिदी कुकुर नेर पुगेर त्यो ढोकाको चुकुल लगाउनुभयो । म अचम्ममा परेँ । किन होला तल झर्ने बेलामा चुकुल लगाउने ? म अवाक् भएर हेरिरहें मात्र । दिदीले 'बस' भन्नुभयो । बडो अफठ्यारोका साथ बसेँ । दिदीले मसँग आफ्ना दुःखद एवं सुखद अवस्थाहरूको सम्वेगात्मक कुराहरू गर्नुभयो । म बडो असमन्जसमा परेँ । दिदीका आँखाबाट अश्रुधारा बगिरहेका थिए । मलाई सम्झाउन कर लाग्यो, मैले भनें - दिदी ! नरुनोस् न, म पनि त्यस्तै परिवारबाट आएको हुँ मलाई पनि दुःखीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मर्म थाहा छ नि । तर दिदीको त्यो दिव्य मुहार, रहस्यमयी कुरा गराई, अलौकिक श्रृङ्गार आदिले मलाई अपठ्यारो लागिरहेको थियो । म वाहिर निस्कन खोजें तर कुकुरको डरले निस्कन त के हेर्न पनि सकिनँ । दिदी झन् पछि झन् हतासिएकी छन् । के गर्न लाग्दैछन् दिदी मैले वुझिन । उनी झनै आत्तिन्छिन् तर वेअर्थमा । श्वासप्रश्वासको गति तीव्र हुन्छ । दिदीले खुला रहेका झ्याल लगाइन् । मेरो होस-हवासै उड्यो । वोल्न खोज्छु, वोल्नै सकिन । ऐठनजस्तो भयो । मेरो वल्ल वाक्य फुट्यो - भैगो म जान्छु, वेर भो । तर दिदी वोलिनन् । एकछिन सन्नाटा छायो ।

मेरो शरीरभर पसिना आएको छ । मनले केही सोच्न भ्याएको छैन । वाहिर जोडतोडले कुकुर भुकेको छ । झ्याम्मै दिदीले झम्टिन् । म आत्तिएर कराउन थालें । मेरो मुख थुनिन् र दिदीले कानमा भनिन् - हल्ला गरे ढोका खोलेर कुकुर छिराइदिन्छु । मेरो झनै होसहवास उड्यो । म जङ्गिएँ - के गरेको दिदी छोड्नुस् । दिदीले त्यो रातो र तातो शरीर मतर्फ लम्काउँदै भैरवका जस्ता आँखा नचाउँदै शेषनागले झैं सुस्केरा हाल्दै 'मलाई सम्भोग गर' मात्र एकोहोरो भनिरहिन् । म अचम्ममा परेँ । म झण्डै वेहोस् भएँ । अनि भनें - मवाट यो काम सम्भव छैन, प्लीज दिदी मलाई आक्रान्त नपार्नोस्, मैले यो काम गर्न सक्दिन । दिदीले भनिन् -'अरुवाट त यो काम झन् सम्भवै छैन । मैले चिना हेराउँदा १८ वर्ष ननाघेको कुमारत्व पतन नभएको ब्राह्मणको छोराले मङ्गलबारको दिन मध्याह्नव्यापिनीमा सम्भोग गरेमात्र तिम्रा छोरा हुन्छन् भनेका छन् त्यसैले तिमीले मलाई सम्भोग गर्नैपर्छ । तिमीले नगरे म झ्यालवाट हाम फालेर मर्छु ।' दिदीको यस्तो वचन सुनेर म बौलाहा जस्तो भएँ । मैले भनें - अन्धविश्वासका कुरा नगर्नोस् । मैले यति भन्न नपाउँदै दिदीले मलाई झम्टिन् । मैले सम्झाउन खोजें तर उनी मानिनन् । त्यो कामवासनाको मदमा मलाई च्याप्प समातेर वेडमा मिल्क्याइन् र मेरो शरीरमा एउटा जनै मात्र राखेर सवै कपडा च्यातचुत पारिन् । मेरो गालामा यस्तो जोडसँग टोकिन् कि रगतै आउने गरी । आफ्ना एक एक गर्दै कपडाहरू फालिन् र ममाथि जाई लागिन् । म रातो र तातो भएँ । अनि सातो पनि गयो । उनले मेरा अङ्ग अङ्ग चुम्न थालिन् । कसिन् वाहुपाशमा, म अल्झिएँ एक अवोध शिशु झैं । उनको त्यो विशाल काय देखी मेरो शरीर हलचल गर्न समेत डरायो तर मुख चल्यो र भन्यो - दिदी म जान्छु छोडिदिनुस् । दिदीले अश्रुधारा सहित आफ्नो वह पोख्न थालिन् - आइमाइको आमा वन्ने चाहना हुन्छ । एउटा लोग्नेमान्छेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खरावी हुँदा पनि मैले उसको निम्ति सती जानुपर्ने । यदि मेरो कमजोरी हुन्थ्यो भने समाजले विहे गर्ने छुट दिन्थ्यो । महिला भने लोग्नेमान्छेसँग वोल्नै नपाउने । कस्तो न्याय ? म सुन्दै गएँ । मैले उठेर भाग्ने साहस गरेँ तर उनले मलाई च्याप्प समातेर वेडमा लडाई चुम्न थालिन् । मलाई उनको शरीरले च्यापेको छ । एउटा विरालोले मुसालाई जसरी खेलाउँछ, हो त्यसै गरी उनले मलाई खेलाइरहेकी छिन् । म फुत्किन खोज्छु तर मलाई जवरजस्ती वेडमा लडाइन्छ । आजसम्मको कुमारत्व अर्पण नगर्दा सम्म फुत्किने उपाय देखिदैँन । मेरो शरीर दिदीले कव्जा गरेकी छिन् । उनको त्यो प्रवेगका साथ चलेको श्वासप्रश्वासले मेरो अनुहार तातो र रातो भएको छ । उनको त्यो शरीरबाट निस्केको कामुक गन्धले मलाई लठ्याउन थालिसकेको छ । त्यो गन्ध, त्यो परिस्थिति, त्यो ताप, त्यो सम्भोगप्रतिको आकृष्टा सबैको संयुक्त कारणले गर्दा मेरो इन्द्रियमा झट्का लागिसकेको थियो । देवदत्त, विश्वामित्र, नारदजस्ता ऋषिहरू त आफ्नो व्रह्मचर्यमा अडिग रहन सकेनन् भने त म नाथे मनुष्य । कण्व ऋषिले झैं मैले यौनेच्छालाई दमन गर्न सकिन । उनको त्यो शरीरले मेरो शरीरलाई भरपूर प्रयोग गऱ्यो । दिदीले ममाथि सम्पूर्ण वल लगाइन् त्यतिबेलासम्म, जतिवेलासम्म उनको यौनेच्छा पूरा भएको थिएन । मेरो प्रथम कुमारत्व अर्पण भयो । उनी ढलिन् मदहोशमा, मैले वल्ल नियालेँ उनको त्यो शरीर अधवैँशे भइकन पनि राम्रै थियो । उनी उठिन् तर ममा उठ्ने जाँगर थिएन । उठेपनि लगाउने कपडा थिएन । दिदीले सुरुमै कपडा च्यातिदिएकी थिइन् । नाङ्गै जाने त कुरै भएन । आफ्ना कपडा छैनन् । यस्तैमा दिदीले नयाँ पाइन्ट र सर्ट ल्याएर दिइन्, लगाएँ । दिदीको मुख हेर्न पनि घिन लाग्यो । सबैभन्दा ठूलो पीर त मेरी मनकी रानी सुरभीलाई सुहागरातमा उपहारस्वरूप दिने कामनाका साथ रक्षा गरेर राखेको कुमारत्व पतन भएकोमा थियो । कपडा लाइवरी म तल झरेर गाडी लिएर गएँ । साहुकोमा गाडी छोडी कोठामा गई सुतेँ र त्यो कहालीलाग्दो रहस्यमयी अचम्मको कहानी पुनरावृत्ति गराइरहेँ मस्तिष्क भित्रै ।

दिनहरू बित्दै गए । मैले गाडी चलाउन पनि छोडेँ । गाडी चलाउन छोडेपछि उता जाने त कुरै भएन । करिव ९ महिना पछि मलाई सोनियाले फोन गरेर भनी - दादा ! तपाइँ आउनु न हाम्रो घर । मैले सोधेँ किन ? हाम्रो भाइ जन्म्या छ, बावा पनि आउनुभएको छ, पर्सी न्वारन हो । मैले 'हस्' मात्र भनेँ । मेरो सातोपुत्लो गयो । लौ ! वरवाद भयो भन्ठानेँ । पछि मनमा कुन्नी के विचार आयो र म दिदीको घर जाने निर्णय गरेँ । मैले बुझेँ पनि, त्यो घटना घटेको एकदिन पछि नै उनका श्रीमान् आएका रे । श्रीमान्सँग सन्तानोत्पादनशक्ति छैन रे, छोरी पनि अर्कैको हो रे । म अचम्म परेँ दिदीको कहानी सुनेर ।

पर्सीपल्ट घरमा पुग्दा व्यापक रमझम थियो । ठिटाहरू खसी भुत्ल्याउँदै थिए । बूढाहरू तासमा जम्दै थिए । आइमाइहरू तिनै दिदीको वरिपरि झुम्मिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । वच्चा अनि उसको वावा भित्र पूजामा छन् भन्ने वाहिर गाइगुइँ थियो । यस्तैमा सोनियाले भनी - दादा चिया । मैले चिया लिएँ । मुस्कुराएँ ऊ पनि मुस्कुराई मात्र । यस्तैमा तिनै दिदीकी सासुले वच्चा वाहिर ल्याइन् र प्रसन्न मुद्रामा कुर्सीमा वसिन् । मलाई वोल्न पनि लाज लाग्यो । सोनीया आई र मेरो छेवैमा वसी । मैले उसको पढाइको वारेमा सोधेँ । उसले सोधी दादा किन गाडी छोड्नुभएको ? मैले भनेँ - साहुले वेच्यो नि त । मसक्क मस्किएर भनी 'गाडी छोडेकै राम्रो यत्रो पढेको मान्छेले गाडी चलाउन सुहाउँछ र ?' मैले भनेँ, 'नानु परिस्थितिले सवैलाई सुहाउन वाध्य पार्छ ।' यस्तैमा दिदीकी सासुसँग वच्चा मागेर सोनीयाले काखमा राखी । विस्तारै विस्तारै आउँदै गरेका मान्छेलाई सोनियाले वावा भनेर चिनाई । मैले नमस्कार गरेँ । सोझा मान्छे रहेछन् । मलाई सोधे - हजुरलाई मैले चिनिन नि । मैले भनेँ - म गणेश शर्मा । उनले वडो प्रसन्न मुद्रामा भने - तपाइँको वारेमा सोनीयाको आमाले खुव कुरा गर्छे । दु:खमा परेको मानिसलाई सहयोग गर्ने तपाइँजस्तो मान्छेको यो दुनियाँमा ठूलो खाँचो छ । हजुरलाई सम्झेर मैले सानो मायाको चिनो यु.के.वाट नै लिएर आएको छु । वुढा भित्र पसेर एउटा प्लाष्टिकको व्याग ल्याएर मेरो हातमा थमाइदिए, म अवाक् भएँ । वुढाको त्यो सोझोपना, दिदीको त्यो रती नाच देखेर । यतिवेला म, सोनिया, त्यो वच्चा, वुढा र सासु वसेका छौँ । दिदी पर घाममा सँगीसँग कुराकानी गर्दैछिन् । वुढाले चिच्याए - ए वूढी ! यहाँ आउ त । दिदीले पुर्लुक्क मुखमा हेरेर उठ्न खोजिन् । मलाई लाज लागेर आयो । म न उठ्न सकेँ, न त केही वोल्न नै । दिदी आएर मेरै अगाडि वसिन् । यस्तैमा सासुले त्यो बच्चाको नाक सुम्सुम्याउँदै म तिर हेर्दै भनिन् - हेर्नुस् न गणेश वावु ! यो छोराले वल्ल नाति दियो । म त नातिको मुख नहेरी मर्छु कि जस्तो लागेको थियो । गणेश भगवान्ले मेरो पुकारा सुनेछन् जस्तो छ । धन्यवाद गणेशजी अव त म १०८ लड्डु चढाउँछु भन्दै वूढीले मतिर फर्केर ढोगिन् । मेरो मुख रातो भयो । फेरी भनिन् - नाक काटीकुटी यसकै वावुको जस्तो छ भन्दै आफ्नो छोरा र नातिको नाक दाँज्न थालिन् । यस्तैमा मैले दिदीको मुखमा हेरेँ । दिदीले पनि मलाई पुर्लुक्क हेरेर मसक्क मस्किइन् । म पनि मुस्कुराएँ । एउटा छोरा जन्मिएकोमा सारा कुल, परिवार खुशी थियो । म आफैँले पनि वेदव्यासको वाणी सम्झिएँ - परोपकार पुण्याय...... । अर्कालाई खुशी दिन सक्नु नै परोपकार हो । मैले आज जिन्दगीमा पहिलोपल्ट आफैँले आफैँलाई 'परोपकारी' घोषित गरेँ । किनकी मेरो त्यो एकदिनको पीडादायी करामतले वंशपरम्परा नियमित भएकोमा आज सारा कुल हर्षित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्याङ्गजा जिल्लामा प्रचलित केही उखान-टुक्का र गालीहरू

✍ चिरञ्जीवी ढकाल

वाल्मीकि विद्यापीठ

स्याङ्गजा जिल्ला गण्डकी अञ्चलअन्तर्गत पर्ने एक जिल्ला हो। शिक्षा र संस्कृतिमा धनी यो जिल्लाका विभिन्न मौलिक विशेषताहरूमध्ये यहाँ उखान-टुक्का र गालीहरूको बारेमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ। श्लील र अश्लील गरी यी उखान-टुक्का र गालीहरू दुईप्रकारमा विभाजन गरिएको छ। यहाँ तिनीहरूलाई स्याङ्गजाली लवजमै प्रस्तुत गरिएको छ।

१.तैँ रानी मैँ रानी, को भर्छ कुवाको पानी ?

२.अभागीलाई हग्न आउँछ, साउनका राती।

३.अभागी हग्न बस्यो, चार वित्ताको काँडो पस्यो।

४.दिन बूढी कपाल कोर, रात बूढी घोचा चोर।

५.रोगीको संकेत काँसो, वेश्याको संकेत हाँसो।

६.वुहारीका दूध देखेर गाउँले अघाउँछन्, नाति केटो भोकै।

७.हगाइ भन्दा पदाई ठूलो।

८.मुखमा लाउने माड छैन,............लाउने घिऊ

९.काम पाइनस् वुहारी ! पाडाको कन्नो कन्या।

१०.कामीले लाने हो कि होइन, कमिनीको हतपत।

११.कुप्रालाई उठी सुख न वसी सुख।

१२.जैसीकी छोरी राँड वैद्यका कण्ठमा गाँड।

१३.कोहीलाई बसावस, कोहीलाई घुँडा धसाधस।

१४.हाँडीघोप्टेको पेट अघाएनि आँखा नअघाउने।

१५.दशैँभन्दा तिहार अघि।

१६.भिङ्गाको लातले डिङ्गो मर्दैन।

१७.मलाई पनि पुग्यो सम्धिलाई नि पुग्यो।

१८.वैंश छउन्जेल रल्लिएँ, बूढो भएँ डल्लिएँ।

१९.वैँशमा बाह्र ओटा पोइ, मर्ने वेलामा कोइ न कोइ।

१९.'गू'मा लात हान्यो, मुखाँ छिटा।

२०.भाग्यमानीको पशु वर्षौंटे,अभागीको स्वास्नी वर्षौंटे।

२१.साथीको लहैलहैमा पोइला जानु।

२२.छोरो पाउने कहिले कहिले कन्ननीको हतपत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३.वुढा खाढा माघलाई, वलिया वाङ्गा वाघलाई ।
२४.मूर्ख देखि दैव डराउँछ ।
२५.नहुने पालाँ लाखु भ्यालाँ ।
२६.सत्तको धन, पकडीको न्याय ।
२७.सती कहन्न, मोरो वोल्दैन ।
२८.तिउरी चल्दैन, मफेरीमा फल्दैन ।
२९.पापी मन परचित्त जा ।
३०.पोहोर मरिन् सासु अहिले आए आँशु ।
३१.तोलाको जिव्रो फट्कार्नभन्दा धार्नीको टाउको हल्लाउनै जाती ।

गालीहरू

१.तँलाई कोऱ्याहा !
२.तँलाई वनढाडे
३.तँलाई साइँदुवा
४.तँलाई दैव
५.तँलाई चोर
६.तँलाई ठेउके
७.तँलाई घैंटे
८.तँलाई लोहोरे
९.तँ गएका/गएकी
१०.तेरा आँखा भीरले रोप्ने
११.तेरा आँखा फुट्ने
१२.तँलाई वाघले लतार्ने
१३.तेरा पाँसुला भाँचिने
१४.तँलाई घारो
१५.तँलाई भाटो
१६.तँलाई हैजाले बटार्ने
१७.तँलाई गिद्दले खाने
१८.तँलाई चपरीले अँठ्याउने
१९.तेरा मुखाँ गू जाने
२०.तेरो मुखाँ डाँडो
२१.तेरो दैलो लाउने
२२.तेरा पैताला पहेँला हुने
२३.तँलाई हरीया चोयाले कस्काएर ठुँऽऽऽ पार्ने
२४.तेरा कानाँ फ्याउराले हात हाल्ने
२५.तेरीमा टोक्ने
२६.तेरीमा खाने
२७.तेरो अपुताली लाउने
२८.तेरा मुखाँ कीरा पर्ने
२९.तँ पक्लक्क जाने

अश्लील गाली

१.तेरीमा चिथार्नी
२.तेरीमा भ्याँक्नी
३.तेरीमा ठास्नी
४.तेरीमा टोक्ने
५. तँलाई छत्तीसे
इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीनधारा छात्रावास

-शिव प्र. पौडेल
वाल्मीकि विद्यापीठ

तीनधारा संस्कृत छात्रावासको लामो समय पछि प्रकाशन हुन लागेको यस अरुणोदय पत्रिकाको सर्वप्रथम सफलताको शुभकामना व्यक्त गर्दछु । नेपालको जहानीयाँ राणाशासनका विरुद्धमा आफ्नो आवाज बुलन्द गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निभाएको यस ऐतिहासिक छात्रावास गरीब ब्राह्मणहरूको आश्रय स्थलका रूपमा थियो । २००४ सालको जयतु संस्कृतम् आन्दोलन वास्तवमा प्रजातन्त्र स्थापना गर्न विद्यार्थीहरूको पहिलो आन्दोलन हो । यस छात्रावासमा बसेका र अध्ययन गरेका विद्यार्थीहरू नेपालको नीतिनिर्माण गर्ने तहसम्म पुगेका छन् तर यस पाठशालाले कुनै मुहार फेर्न भने सकेन । राष्ट्रकवि माधव घिमिरेदेखि राजनीतिको शिखरमा पुगेका कैयौँ नेपालका उच्च नेताहरू पनि यसै छात्रावासमा बसेका थिए । प्रजातन्त्रको धरोहरका रूपमा रहेको यस छात्रवास नेपालको एक महत्त्वपूर्ण स्थल हो । यसको संरक्षण र विकासमा सम्वन्धित पक्षको ध्यान जान जरुरी छ ।

म पनि यस छात्रावासको पूर्व विद्यार्थी भएका नाताले यसको संरक्षण र विकासमा सकेको सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । छात्रावासका विद्यार्थीहरूको रचनात्मक विकासमा यस अरुणोदयको प्रकाशनले महत्वपूर्ण सहयोग पुऱ्याउने छ । म यस छात्रावासमा छँदाको बारेमा केही कुरा यस लेखमार्फत राख्न चाहन्छु । छात्रावासमा बस्ने विद्यार्थीहरूको आफ्नो रचनात्मक र बौद्धिक रूपमा सहयोग गर्ने स्थापित छात्रकार्य समिति एक महत्वपूर्ण संस्थाको रूपमा रहेको थियो । विद्यार्थीहरूको प्रत्यक्ष निर्वाचनका माध्यमले गठन भएको छात्रकार्य समिति र विधान परिषद्, कार्यकारिणी र व्यवस्थापिकाको भूमिकामा विद्यार्थीहरूको हक हित र विकासका कार्यहरू गर्ने काम गरिन्थ्यो । विधान परिषद्ले पारित गरेका कार्यहरू कार्यकारिणीको रूपमा छात्रकार्य समितिले गर्दथ्यो । निर्णय प्रक्रियामा पुग्दा घण्टौँ छलफल गर्ने पारदर्शी रूपमा कार्यसञ्चालन गर्ने काम छा.का.स को थियो । छात्रावासका प्रत्येक विद्यार्थी वि.प.. र छा.का.स.को निर्णय उल्लंघन गरेर बस्न पाउने थिएन । एकपटक पछाडि फर्केर हेर्दा त्यो अभ्यास साँच्चै लोकतान्त्रिक अभ्यासको नमूना जस्तो लाग्यो । छात्रवासलाई समयसापेक्ष परिवर्तन गर्नु उचित हो तर त्यहाँ स्थापित मूल्य, मान्यता र परम्परालाई तोड्नु मूर्खता हो । संस्कृतको विकास त्यही छात्रावासवाट भएको छ । त्यसकारण पूर्वीय दर्शनको पठनपाठन हुने विश्वविद्यालयले छात्रावासलाई अत्याधुनिक सुविधासम्पन्न छात्रावासको रूपमा विकसित गरे संस्कृतको विकासमा आवश्यक टेवा पुग्नेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरूणोदय प्रति

-नीरज मिश्र
वाल्मीकि विद्यापीठ

मलाई ज्यादै खुसी लागेको छ । अरुणोदयले निरन्तरता पाएको छ । तत्कालीन छात्रावासीय संरचनामा अरुणोदयको धेरै ठूलो महत्व थियो । तीनधारा संस्कृत छात्रावासको विद्यार्थीहरूको विचार प्रवाहको कोसेढुङ्गो सावित छ। अरुणोदयको अघिल्लो अङ्क निस्कँदा उक्त अङ्क प्रकाशन समितिमा म स्वयं रहँदा मेरो विशेष स्नेह अरुणोदय प्रति रहेको छ । अहिले छात्रावासीय व्यवस्था परिवर्तन भएको छ । तीनधारा संस्कृत छात्रावासमा तत्कालीन विद्यार्थी संरचना ब्राह्मण छात्रहरूको मात्र रहने वैधानिक व्यवस्था थियो । अहिले सम्पूर्ण छात्रछात्रा एवं जात जातिका विद्यार्थीहरू रहेर अध्ययन गरिन्छ । समाजका हरेक संरचनाका प्रतिनिधिहरूले संस्कृत छात्रावासमा वसेर संस्कृत अध्ययन गर्दै छौं । यसले संस्कृत अध्ययनको संकुचितपनालाई मेटेको छ ।

संस्कृत भाषाले धार्मिक, सांस्कृतिक, भाषिक, वैज्ञानिक, सामाजिक र आर्थिक जस्ता महत्वपूर्ण विषय बोकेको हुन्छ । १०४ वर्षे जहाँनिया राणाशाहीको अन्त्य गर्न संस्कृत जगत् खासगरी विद्यार्थीहरूले खेलेको भूमिका अविस्मरणीय छ । संस्कृतका विद्यार्थीहरूले २००४ सालमा चलाएको जयतु संस्कृतम् आन्दोलनले प्रजातन्त्र प्राप्तिमा महत्वपूर्ण भूमिका खेलको कुरा सर्वविदितै छ । तत्कालीन समयदेखि आजसम्मको जुनसुकै राजनीतिक क्रान्ति सम्पन्न गर्न संस्कृतज्ञहरूको स्थान उल्लेखनीय छ ।

चरित्र र नैतिकताको शिक्षा लिन संस्कृतको ज्ञान उल्लेखनीय मानिन्छ । संस्कृत ग्रन्थहरूमा आदर्श चरित्र अनुशासन, परोपकार र राष्ट्रप्रेम पाइनुले यसको अलौकिक महत्व छ । महाभारत, रामायण, प्रजातन्त्र, हितोपदेश आदिका कथा र चरित्रहरू हरेक वर्ग, समुदायका निम्ति त्यतिकै हितकर र उपयोगी मानिन्छ । खासगरी संस्कृत भाषा केवल एउटा भाषा मात्र नभएर पूर्वीय चिन्तनको संवाहक अनि जीवनपद्धतिको आदर्शका रूपमा प्रतिष्ठित छ । संस्कृतको प्रयोग सनातन वैदिक परम्पराका अनुयायीलाई मात्र नभएर सम्पूर्ण समुदायका लागि उन्नयनको मार्ग हो ।

नेपाललाई संस्कृत शिक्षाको अध्ययन केन्द्रका रूपमा विकसित गरी अन्तर्राष्ट्रिय स्तरसम्म यसको स्तरको उकास्न स्थापित नेपाल संस्कृत विश्वविद्यालयले पनि संस्कृतज्ञ दक्ष जनशक्तिको निर्माणमा टेवा पुर्‍याएको छ। तर महत्व नबुझ्नेहरू संस्कृत शिक्षालाई कर्मकाण्डीको मात्र भाषा ठान्छन् । संस्कृत भाषाको अपेक्षित प्रचार प्रसार सरोकारवालाहरूले नगर्नु, आयुर्वेद, गणित,विज्ञान लगायत सम्पूर्ण अत्याधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकासको जननी पूर्वीयदर्शन र संस्कृत भाषा हो भने र प्रष्ट्याउन नसक्नु हाम्रो विडम्वना हो । संस्कृत प्रेमीहरू संस्कृत शिक्षालाई जनमनमा पुऱ्याउने कुनै ठोस योजना नवनाउनु र आफूले अध्ययन गरेको ज्ञान, संस्था र विचार प्रति आत्मसम्मानित हुन नसक्नु नै यो परिस्थितिको कारण हो । तसर्थ संस्कृत भाषा र यसको सम्वर्द्धनप्रति जागरुक हुनु अनिवार्य छ ।

तीनधारा संस्कृत छात्रावासको प्राचीन संरचना अहिले छैन तसर्थ नवीन संरचनाको ग्रहण गरेको ज्ञान, सीप, कुशलता उद्घोष गर्नु अनि व्यवहारिकतामा समाज उन्नयनमा नेतृत्व गर्नु अहिलेको संस्कृत छात्रावासका विद्यार्थीहरूको भूमिका रहन्छ र सम्पूर्ण संस्कृत अनुरागीहरूको पनि । पूर्वीय दर्शन र संस्कारको यथार्थता विश्वसामु प्रष्ट्याउने युवा संस्कृतज्ञहरूको कर्तव्य हो । छात्रावासमा सामूहिक रूपमा रहँदाको अनुभव र सीप बाँड्दाको क्षणहरू जीवनोपयोगी ज्ञानहरू सावित हुने स्वयंको अनुभव व्यक्त गर्दछु । प्रतिकूल समय पश्चात् अरुणोदयको सफलताको कामना गर्दछु र सँधै संस्कतृ, संस्कृत छात्रावास र अरुणोदयको उन्नयन प्रति सदैव प्रतिवद्ध रहनेछु ।

✡💧💧💧✡

सुइना कर्णालीका

सुइना देख्या कर्णालीका गाडी मोटर गुड्या
आँखा भरि आँशु भया होश मेरा उड्या ॥

देश र प्रदेशवाट घुम्न हो कर्णाली
कहिले विकास हुने होला यो देशको प्रणाली ?

वर्षा लाग्यो घाँस पलाइगो डोरी वाट्याको नाइँ
दही फाटी परन गयो माया फाट्याको नाइँ ॥

डाँको लाया सुनिदैन घर मेरा गहिराउँदो
कालो काल्च्या रडी वाइगो सुकीला पहिराउँदो ॥

हाम्रा देशका नेताजति सँधै भत्ता कुर्सी
वाढीपीडित जनतालाई भने राहत दिन्छन् फर्सी ॥

-मोहन रस्तेल
कक्षा ९ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन जिउने बहानामा

-रामहरि लम्साल

एक पटक पाएको जीवन पटक पटक पाइँदैन वुझ्नु पर्छ, जिन्दगी धेरै महङ्गो छ। त्यसैले विश्वास र धोकाको भन्दा पनि आफ्नो वारेमा सोँच्नुपर्छ अनि सम्हालेर हिँड्नुपर्छ। दुनियाँ स्वार्थी छ, हामीलाई पनि समयले यस्तै सिकायो। नयाँ सोच राख्नु अनि नौलो समाज खोज्नु त उपहासको पात्र मात्र बन्नु रहेछ। आखिर यो संसार त नकारात्मक सोँच वोकेको शहर रहेछ। जहाँ कसैले न हेर्छ, वुझ्छन् न सुन्छन् नै। हो, आफ्नै जिन्दगीको परिभाषा भेट्न गाह्रो रहेछ। एउटा सुन्दर फूल फूल्छ, मान्छेले टिपेर मन्दिरमा चढाउँछ अनि त्यहि फूल केही समय पछि कुहिन्छ र कन्टेनरमा फालिन्छ। अथवा सुन्दरता रहँदा सम्म मानिसले साथ लिइराख्छ र ओइलाए पछि धुलोमा फालेर खुट्टाले कुल्चिन्छ। कतै यस्तै हो कि जीवन ? फूल वनेर रहँदा पनि सुख छैन, कन्टेरनरमा फालिनुपर्छ वा कसैको जुत्तामुनि कुल्चिनुपर्छ। जसरी फूल फुल्न र फालिन कमिला जन्मनु र मर्नु सरह छ। त्यस्तै मानिसको जीवन पनि सामान्य र विसङ्गत रहेछ।

जीवन जिउने क्रममा कतै दुःखका पर्खालहरू त कतै खुशीका उपहारहरू सहज रूपमा ग्रहण गर्न सक्नु नै महानता रहेछ। किनकी जिन्दगीको दौरानसँगै कतै नखाएको विष पनि लाग्दो रहेछ। कसैको भत्काईदिएको तासको महल जस्तै जिन्दगीलाई क्रमैसंग इट्टा थप्नु नै जीत रहेछ। जीवन संघर्ष हो। हरेक दुःख कष्ट र असफलतासँग पनि सम्झौता गर्न सिक्नु पर्दोरहेछ, त्यसैवाट जिन्दगीलाई वुझ्न सकिन्छ। आखिर जिन्दगीलाई सहज तरिकाले जिउन सक्नुपर्दछ। जव यस धर्तीमा नयाँ जिन्दगीको सृष्टि हुन्छ त्यहाँ उसको आफ्नोपनको आभास पाएको हुन्छ। उसको साथमा उसलाई जन्माउने ममतामयी आमा पनि अनि त्यही नातामा जोडिएको परिवार पनि। आखिर उसलाई त्यही मायाले प्रेरणा दिन्छ। यो संसारमा जिउनको लागि यही सम्वन्धै सम्वन्धको जालोभित्र वाँच्ने चाहना नै जिन्दगी रहेछ। जीवन वाँधिएर आउँदैन यो त एउटा भोगाइ रहेछ। आखिर समयले दिएको भोगाइहरूले नै कता कता एउटा जिन्दगी दिए जस्तो लाग्छ। हो, जिन्दगीको सुरुवात शून्यवाट हुँदो रहेछ अनि शून्यतामै विलाउँदो रहेछ। साँच्चै नै भर्खर जन्मिएको वालक शून्यतामा रमाइरहेको हुन्छ।

उसलाई के थाहा जीवन संघर्ष हो कि एउटा रंगमञ्च। अनि उसलाई के थाहा वर्तमान र भविष्यको। यसरी शून्यतावाट सुरु भएको उसको जिन्दगीमा विस्तारै मनले सोध्छ दिमागसँग विविध प्रश्न, प्रतिप्रश्नहरू। यसरी जिन्दगीका भोगाईहरूलाई पार गर्दै अन्त्यमा शून्यता वोकेर जिन्दगीमा पाएका अनुभव र अनुभूतिहरूलाई आफूमै सीमित राखेर शून्यता मै विलाउनुपर्छ। केवल आफ्नो जीवन कथा आफैमा लिएर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल संस्कृत विश्वविद्यालय र यसको भविष्य

- प्रह्लाद रूपाखेती

नेपालको दोस्रो ठूलो विश्वविद्यालय भनिँदै आएको तत्कालिन महेन्द्र संस्कृत विश्वविद्यालय नेपालमा आएको लोकतान्त्रिक परिवर्तनसँगै यसको नाममा परिवर्तन मात्र आएन विश्वविद्यालय नै लोकतान्त्रिक बन्यो तर अरु विश्वविद्यालय जस्तै यसको पनि साख दिन प्रतिदिन घट्दै गइरहेको छ। कुनै समयमा नेपालको प्रशासनिक, बौद्धिक, राजनीतिक एवं सामाजिक क्षेत्रमा आफ्नो आधिपत्य जमाउन सफल मानिने यस विश्वविद्यालयले विस्तारै-विस्तारै लोकतान्त्रिक भनिने अलोकतान्त्रिक र भ्रष्ट क्रियाकलाप यसमा पनि छाउन थालेको छ।

पूर्वीय दर्शन अन्तर्गतका विभिन्न विधाका विषयहरू पठनपाठन हुने यस विश्वविद्यालयमा विविध खालका क्रियाकलापहरू देख्न पाइन्छन्। राजनीतिका नाममा ने.सं.वि. खाने भाँडो बन्दै गइरहेको छ। विश्वविद्यालयका बौद्धिक एवं नीतिनिर्माण तहका पदहरूमा राजनीतिक नियुक्ति दिन-प्रतिदिन बढ्दै गइरहेको छ। नेपालका ठूला भनिएका पार्टीका कार्यकर्ता विश्वविद्यालयका पदाधिकारी रहेका छन्। उपकुलपति, कुलसचिव, शिक्षाध्यक्ष, परीक्षा नियन्त्रक, सेवा आयोग, डिन जस्ता पदमा आफ्नो पार्टीका मान्छे नभएका भन्दै पछिल्लो समयमा करीब १ महिना विश्वविद्यालय ठप्प बनाइयो। यसमा अरु कुनै स्वार्थ र उद्देश्य नभई केवल अमुक पार्टी र त्यसको विद्यार्थी संगठनको स्वार्थ मात्र रहेको पाइन्छ। भन्ने बेलामा सरस्वतीको मन्दिर गर्ने बेलामा पार्टीको अखडा। यसरी एकातिर राजनीतिक भागबण्डा झगडाले विश्वविद्यालय अल्झिइरहेको छ भने अर्कोतर्फ संस्कृत अध्ययनमा आफ्नो उज्ज्वल भविष्य देखेर अध्ययन गर्न एवं यसको महत्व र महिमा जान्न उत्सुकताका साथ आएका तमाम विद्यार्थीहरूलाई लात मार्ने काम भइरहेको छ। ने.सं.वि.मा लगभग पूर्वीय दर्शनका अधिकांश विषयहरू पठनपाठन हुन्छन्। यसमा चार वेद, धर्मशास्त्र, ज्योतिष, व्याकरण जस्ता विषयहरू रहेका छन् तर ती विषयहरू ने.सं.वि.मा न व्यवहारिक रूपमा न त त्यसको अध्ययन अनुसन्धानात्मक रूपमा यसको पठन पाठन नभई केवल परम्परागत रूपमा मात्र हुने गरेको छ।

ज्योतिष विषयको अध्ययन र त्यसको अनुसन्धानका लागि आश्यक पर्ने वेधशाला वर्षौंदेखि बेवारिसे अवस्थामा बिग्रिएर रहेको छ भने टेलिस्कोपजस्ता उपकरण बिग्रिएर र चलाउने जनशक्तिको अभावमा थन्किएका छन्। प्राकृतिक योग चिकित्सा पद्धतिमा पनि कोटा लगाई अध्ययनको उत्कट अभिलाषा लिएका कर्मठ विद्यार्थीलाई त्यसबाट वञ्चित गरिन्छ। प्राकृतिक चिकित्सा एवं योग र आयुर्वेदका पठनपाठनमा विद्यार्थीसंख्या बढेपनि अन्यमा भने प्राय: शून्य रहेको छ। विश्वविद्यालयमा आएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकतन्त्रको नमूना त प्राध्यापक, कर्मचारी, विद्यार्थी र परीक्षा प्रणालीमा पाउन सकिन्छ। नेपाल सरकारले यस विश्वविद्यालयमा वर्षेनि करोडौँको रकम खर्च गरेको छ, त्यसको प्रतिफल सायदै शून्यमा रहेको छ भन्दा अत्युक्ति नहोला। यहाँ पढ्ने विद्यार्थी कम्तीमा २ वटा क्याम्पस पढ्ने छात्रवृत्तिको लागि, परीक्षामा समय कटाउन र स्ववियु चुनावको समयमा आउने देखिन्छ, जसले गर्दा नियमित अध्ययन गर्ने अध्ययनको उद्देश्यले आउने विद्यार्थीहरूलाई असर परिरहेको छ। त्यसको ज्वलन्त उदाहरण वर्षेनि हुने परीक्षा र त्यसको नतिजावाट देख्न सकिन्छ। अर्को तर्फ विश्वविद्यालयमा तलब खाने अधिकांश प्राध्यापकहरू पनि विद्यापीठमा एकछिन देखिन्छन् अनि दिनभर अत्तोपत्तो हुँदैन। विद्यापीठ समयमा पनि अन्यत्रै पढाउने, विभिन्न संघ,सम्मेलनको नाममा प्रचारवाजी गर्ने र त्यसको आडमा जागीर खाने, विषयवस्तुको पर्याप्त ज्ञान नभएका पनि भागवन्डाको नाममा प्राध्यापक जस्तो गरिमामय वौद्धिक पदमा नियुक्ति भएपछि विद्यार्थीको भविष्य कहाँ पुग्छ होला ? विचारणीय छ। आएको दिनमा पनि सकेसम्म पढाउन नपरे हुन्थ्यो जस्तो गर्छन् जसले गर्दा स्वाभिमानी र वौद्धिक प्राध्यापकको समेत बदनाम भइरहेको छ। कर्मचारी तन्त्रको त कुरै नगरौं विश्वविद्यालयमा उनीहरूको हैकम नै चलेको छ। प्राचार्य देखि विश्वविद्यालयका पदाधिकारीको निर्देशन त उनीहरू मान्दैनन् मान्दैनन् कार्यालय समयमा समेत कार्यालयमा भेटिँदैनन्। उनीहरू सवैभन्दा माथि आफूहरू रहेको ठान्छन् जसले गर्दा जम्मा २ हजारको हाराहारीमा रहेका विद्यार्थीहरूका काम झन्डै त्यसको एक चौथाई कर्मचारी हुँदा पनि महिनौँसम्म हुने गर्दैन। विद्यार्थीहरू पनि आफ्नो मूल उद्देश्य अध्ययनतर्फ उन्मुख नभई राजनीतक एजेन्डामा अग्रसर रहेका छन्। विद्यार्थी हकहितका लागि स्थापित संघ-संस्थाहरू पठनपाठनतर्फ नभई, प्राचार्यदेखि विश्वविद्यालयका विभिन्न पदमा आफ्नो समर्थकलाई ल्याउन र फाल्नमा तल्लीन रहेको पाइन्छ। त्यसको अलावा विद्यापीठले दिने छात्रवृत्तिमा समेत सांगठनिक चासो राख्ने गर्दछन् भने आफ्नो समर्थकलाई छात्रवृत्ति प्राप्त गराउन दिलोज्यान लागि पर्छन्, चाहे त्यो वर्षमा १ दिन आउने विद्यार्थी किन नहोस्। गरीब, जेहेन्दार, निमुखा, असहाय विद्यार्थीहरूको मतलब छैन। तीनधारा संस्कृत छात्रावासमा विद्यार्थी राख्न उनीहरूको ध्यान छ। तर विद्यापीठमा रहेका पुस्तकालय, प्राध्यापकको अनुपस्थिति तर्फ भने अनुगमन गर्ने ध्यानै छैन। आफ्नो संगठनको अमुक अभीष्ट पूरा गर्न भने उनीहरू हप्तौ, महिनै ताला ठोक्न पछि पर्दैनन् तर पठनपाठनको लागि चूँऽऽऽऽ वोल्दैनन्। जसले गर्दा स्वाभिमानी, अध्ययनशील विद्यार्थी फेल हुने, नभए पनि कम अङ्क प्राप्त हुने गरेको पाइन्छ। यसमा न त विद्यार्थी न त प्राध्यापक कसैको ध्यान छैन, ध्यान छ त केवल पदप्राप्तिमा ध्यान छ। जुँगाको लडाइँ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पूर्वीय संस्कृतिको पठनपाठन हुने विश्वविद्यालयमा यस्ता तुच्छ किसिमका क्रियाकलापले ने.सं.वि. र यसमा अध्ययन गर्ने विद्यार्थी, प्राध्यापक, कर्मचारी एवं स्वयं विश्वविद्यालयको के अवस्था हुने हो सायद कसैलाई थाहा छैन। आँफूलाई मालिक र अरुलाई दास ठान्ने प्रवृत्ति एवं मेरो विर्त्ता हो भन्ने मानसिकता रहेसम्म विश्वविद्यालय सुध्रिने होइन, खाल्डामा पर्ने देखिन्छ। त्यसैले केही समयपछि ने.स.वि. पनि थियो रे ! भन्ने कहानी शेष रहने छ। यसका लागि आ-आफ्नो क्षेत्रबाट काम गरे पक्कै पनि यसको भविष्य उज्ज्वल त हुने छ। यसका लागि बेलैमा सबैको घैंटामा घाम लाग्नु आवश्यक छ नत्र भने माछो माछो ?..................भ्यागुतो।

अभिषेक

विशाल संकल्प बोकेर अगाडि बढ्दै जाँदा
बाधा उल्झनको प्रकोप पन्छाउँदै अघि बढ्दा
भएपछि गन्तव्य स्थल धेरै टाढा अनन्तमा
असङ्ख्य पीडाको भण्डार भयो जीवन मेरो आखिरमा॥

धक्का पुग्यो ठूलो जब सबै हिंस्रक भएपछि
बल्ल बिउँझे निद्राबाट कोमल मुटु घोचेपछि
सम्झाउने बहानामा आफैं गल्ती गर्दै हिंडे
पिरोलिए सोझा साझा कुकर्मको भागी बन्दा॥

पराई बने आफन्त सबै दिनचर्या मेरो देखी
नसोचेको गल्तीको खराब परिणाम भोग्दै छु म
विगतमा गरिएको भूल सारा मेटाउने
पवित्र जलले अभिषेक गर्दै छु म॥

समाजमा अपहेलित भएपछि इज्जत आफ्नो गुमाउनुपऱ्यो
बेहोशीमा भएको अपराधको प्रायश्चित गर्दै छु म
अन्जानमा गरिएका पाप सम्पूर्ण पखाल्न
पवित्र जलले अभिषेक गर्दै छु म॥

-विसर्ग सिग्देल
कक्षा १० सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ममतामयी छात्रावास

-हंसराज कोइराला
सहायक प्रशासक सं.छात्रावास

प्यारो यो 'अरुणोदयो' रसलिँदै जिव्रो वनी भावुक
उर्लिन्छन् मनका तरङ्ग जव ती रोकिन्न रोकेर त।
पूर्वीया रचना समान रसले पाश्चात्य भेटिन्नन
विद्याको रखवार गर्छ जसले साँचो छ कर्मस्थल ॥

छात्रावास भनेर छात्रसवले सुझे बुझे उत्तम
छात्रा, छात्र मिलेर मात्र यसको कल्याण भाग्योत्तम।
वग्छन् सागर भित्र ती नद नदी संख्या वनी उज्ज्वल
क्षेत्री, ब्राह्मण, वैश्व वा छुताछुत कुनै भेदिर्ष्या न त ॥

जो प्रष्टिन्न कुनै त भाव यिनको देखेर छुट्याउन
माया-प्रेम समेटि ढुक्क मनले बस्ता अझै सुन्दर।
माया लाग्छ सदा मुहान उसमा फूलेर फक्रिन्छन
विद्या,ज्ञान वढाइ पौरख सदा राष्ट्रिय गौर्वान्वित ॥

वन्ला ती यिनका मुहार खुशले चन्द्रै सरी झल्मल
वर्षिन्छन् ववुरा अनेक मनका मानौं सवै सज्जन।
हो हिन्दूत्व यही सदाशय कुनै देखिन्न मैलो पन
सच्चा धर्म भनी सुगौरव छरी नेपाल कीर्ति बन ॥

तिम्रै देश बुझेर उन्नत गरे ऐश्वर्य उच्चा वनी
हेर्ला विश्व झुकेर मानसपटै नेपाल होला धनी
बन्यौ हे उपमा सदा समय यो पाइन्न खोजे पनि
शिक्षा आर्जनको विवेक गर लौ सौन्दर्यको जीवनी ॥

तिम्रा जाँगर जोशमा भुवनले फेर्ला नयाँ काँचुली
यौटा वैभव खोज सागर वनी विद्वान हो सम्पति
नेता वन्न परे ममा कसम हो नेतृत्व गर्ने भन
माटो राख र हात वीच जननी मातेश्वरी भूमिमा ॥

नेपाली पन खोज वीर सवले अग्ला हिमाली सफा
पहाडी झरना मधेश सम हो खोला उसै उलँदा।
मानौं स्वर्ग यही कतै विपिनमा हाँसीरहेको छ कि?
नेपाली घरमा नयाँ लहरले छाइन् कि भूमङ्गली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासपुराणको महत्त्व

-श्रीकृष्ण प्रसाद निरौला
पञ्चन-१, सोलुखुम्वु, सगरमाथा

पूर्वीय साहित्यमा पुराणइतिहासलाई वेदको समकक्ष मानिन्छ । छान्दोग्य उपनिषद्मा सनतकुमारवाट ब्रह्मविद्या ग्रहण गर्ने क्रममा नारद मुनिले इतिहासपुराणलाई पञ्चम वेद हो भनेका छन् । यथा "ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमथर्वणम् इतिहासपुराणं पञ्चमं वेदान्त वेदम्"(छान्दोग्य.७/१) । निरुक्तमा भनिएको छ "इति ऐतिहासिका:" । वेदको यथार्थ वुभ्नका लागि इतिहास पुराणको अध्ययन अत्यावश्यक बताइएको छ । वेदव्यासको स्पष्ट कथन अनुसार वेदको उपबृंहण इतिहासपुराणवाट नै भएको हो । इतिहासपुराणदेखि अनभिज्ञ मानिसहरूसँग 'वेद' सँधै भयभीत रहन्छ । पाश्चात्य इतिहास प्राय: घटनाप्रधान हुन्छ भने पूर्वीय इतिहास हाम्रो जीवन सुधारसँग सम्बन्ध राख्ने हुन्छ । इतिहास भन्नासाथ हामी सर्वप्रथम महाभारतलाई नै सम्झन्छौं । महाभारत कौरव र पाण्डवको युगान्तकारी युद्धको साचो इतिहासमात्र होइन अपितु हाम्रो संस्कृति,समाज, सभ्यता, राजनीति, धर्म र कर्मको पनि प्रतिपादक ग्रन्थ हो । रामायणद्वारा चित्रित भारतवर्षको सभ्यता महाभारत भन्दा पनि प्राचीन मानिन्छ । रामायण मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको चरित्रचित्रण गर्ने अनुपम ग्रन्थ मानिन्छ । राम राज्य नेपाल भारतको राजनीतिक इतिहासमा ज्यादै आदर्श मानिन्छ । यसको प्रमुख श्रेय महर्षि वाल्मीकिमा नै जान्छ । रामायण र महाभारतमा घटित घटना सवै ऐतिहासिक हुन् । यी दुवै वर्णित युद्ध भारतवर्षमैं भएका हुन् । रामायण र महाभारत भारतवर्षीय संस्कृतिका महान् ग्रन्थ हुन् । जसको प्रकाशवाट वैदिक धर्म आलोकित भएको छ । इतिहासशव्दको व्युत्पत्ति इति+ह+आस हो । यसैमा प्राचीन धर्म र सभ्यताको साङ्गोपाङ्ग वर्णन गरिएको छ । वेदमा प्रतिपादित सिद्धान्तहरू अत्यन्त गहन् छन् । सूक्ष्म मति भएकाले मात्र वेदको अर्थ बुझ्न सक्छन् । तिनै वेदद्वारा प्रतिपादित सिद्धान्तहरू इतिहास पुराण ग्रन्थमा सर्वसाधारणले समेत बुझ्ने गरी सरल भाषामा लेखिएको छ । इतिहासपुराणमा प्रतिपादन गरिएका सिद्धान्तहरू वेदका नै हुन् । फरक यति नै पाइन्छ कि महाभारत, रामायण सरल र सरस भएकाले हाम्रो हृदयलाई स्पर्श गर्दछन् भने वेद कठिन भएको कारणले सर्वसाधारणद्वारा बोधगम्य हुन सक्दैनन् । उक्तञ्च - "इतिहासपुराणभ्यां वेदं समुपवृंहयेत् । विभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ।"(सं.सा.इ.प्र.परिच्छेद पृ.२१)

संस्कृत साहित्यमा तीन वटा ग्रन्थलाई उपजीव्य काव्यको रूपमा स्वीकार गरिएको छ । १.रामायण २.महाभारत ३.श्रीमद्भागवत । यी तिनै ग्रन्थ पुण्यसलिला भागीरथी गंगा समान पूज्य छन् । यी हिन्दू संस्कृतिका धरोहर पनि हुन् । मानिसहरू यी ग्रन्थको चिन्तन, मनन गरेर पवित्र बन्दछन् । रामायणलाई काव्य, नाटकको रचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न निर्देशन दिने अक्षुण्ण श्रोत मानिएको छ । महाभारत व्यासवाणीको विमल प्रसाद हो । वास्तवमा महाभारत विचार रत्नको एक अगाध समुद्र हो । यसको सहाराले कविहरूले चमत्कृत र अलङ्कृत काव्य रचना गरेका छन् । यो संसारमा जे जति वस्तुहरू छन् ती सबैको वर्णन महाभारतमै पाइन्छ । व्यासले भन्नुभएको छ - "यदि हास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्"(सं.सा.इ.द्वि.परिच्छेद पृ.२२) तेस्रो प्रभावशाली ग्रन्थ श्रीमद्भागवत् हो । भारतवर्षीय धर्मको विकासमा यसको व्यापक प्रभाव रहेको छ । यस ग्रन्थलाई विज्ञजनले पुराणहरूको 'मुकुट' सम्झन्छन् । भारत वर्षीय पौराणिक साहित्यमा यो प्रौढ, उत्कृष्ट एवं निर्विवाद ग्रन्थ मानिन्छ । रामायण महाकाव्य हो । महाभारत इतिहास हो । श्रीमद्भागवत् महापुराण हो । यी तीनै वटामा तुलना गर्दा रामायणमा मर्यादा पुरुषोत्तम भगवान् रामको वर्णन छ जसमा श्रोत्रसुख र हृदयलाई मुग्ध गराउने वाग्विलास पनि छ । महाभारत शान्त रसप्रधान सुहृत्सम्मित् ग्रन्थ हो । यसमा आध्यात्मिक र व्यवहारिक पक्षको वर्णन कौरव पाण्डवको चरित्रचित्रणको माध्यमबाट गरिएको छ । महाभारत मानव जगतका लागि सदाचार आदिको शिक्षा प्रदान गर्ने विश्वकोश मानिन्छ । श्रीमद्भागवत् चरित्र प्रधान पुराण हो । यसमा मुख्य रूपमा मानव कल्याणको निमित्त धराधाममा अवतीर्ण श्रीकृष्ण भगवान्को नाना चरित्र र तत्सम्वन्धी मधुर कथाको वर्णन सविस्तार गरिएको छ । रामायण कर्मप्रधान ग्रन्थ मानिन्छ । महाभारत आचार, नीति तथा लोकव्यवहारको विशाल भण्डार मानिन्छ । अध्यात्मप्रधान श्रीमद्भगवद्गीता महाभारतकै एउटा अंश हो । यसमा विभिन्न योगहरूको वर्णन गरिएको छ तापनि योगत्रयी(कर्म, भक्ति र ज्ञान)को प्राधान्य छ । पूर्वीय अध्यात्म चिन्तनको अति उत्कृष्ट ऐतिहासिक ग्रन्थ हो गीता । श्रीमद्भागवत् श्रीकृष्णको मधुर लीला वर्णन गरिएको भक्तिप्रधान ग्रन्थ हो । यसमा अध्यात्मदर्शन र भौतिकदर्शनको संगम छ ता पनि अध्यात्म दर्शनकै प्रधानता देख्न पाइन्छ । इतिहासपुराणमा व्यासका रचनाहरूमध्यको कान्छो रचना हो श्रीमद्भागवत् । यसमा भाषिक प्रौढताका साथै विषयवस्तु आदिको समायोजन र दार्शनिक पक्षको वर्णन गहिरो छ । यो असाहाय एवं दुःखीको दुःख हरण गर्नसक्ने र मुमुक्षुका लागि भवसागर तार्ने पौराणिक साहित्यको सर्वोत्कृष्ट ग्रन्थ हो । यसमा द्वादश स्कन्ध, ३३५ अध्याय र १८ हजार श्लोकसंख्या छन् । त्यस कारण रामायण, महाभारत र श्रीमद्भागवत् कर्मकालिन्दी, ज्ञानसरस्वती र भक्तिगङ्गाको त्रिवेणी मानिन्छ । कर्म, ज्ञान र भक्तिरूपी शुद्ध भावनालाई सुदृढ बनाउन यिनको उपासना गर्नु आवश्यक देखिन्छ ।

यिनीहरूको कालको विषयमा रामायण प्राचीनतम मानिन्छ किनभने वाल्मीकिय रामायणमा महाभारतको न कुनै पात्रको वर्णन, न कुनै घटनाको वर्णन उल्लेख गरिएको छ परन्तु महाभारतको वनपर्वमा पूरा राम चरित 'रामोपाख्यान'मा कतिपय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणका श्लोक नै पाइन्छन् । निस्कर्षमा भन्दा रामायण महाभारतभन्दा प्राचीनतम ग्रन्थ हो ।

अव श्रीमद्‌भागवतको रचना महाभारतभन्दा अर्वाचीन हो । श्रीमद्‌भागवत्‌को प्रथमस्कन्धको पञ्चम अध्यायमा निर्दिष्ट गरिएको छ - सत्र वटा पुराण, महाभारत, अठार वटा उपपुराणको रचना गरेर पनि वेदव्यासलाई शान्ति मिलेन । शान्तिप्राप्तिका लागि देवर्षि नारदजीको प्रेरणाले भक्तिप्रधान भागवतको रचना गर्नुभयो भन्ने भागवत्‌मा उल्लेख छ -

यस्यां वैश्रूयमाणायां कृष्णे परमपूरुषे ।
भक्तिरुत्पद्यते पुंसः शोकमोहभयापहा ॥
स संहितां भागवतीं कृत्वानुक्रम्य चात्मजम् ।
शुकमध्यापयामास निवृत्तिनिरतं मुनिः ॥(श्रीमद्‌भागवत्,प्रथमस्कन्ध ७।७-८)

भागवत्‌को श्रवण मात्रले श्रीकृष्ण भगवान् प्रति प्रेमाभक्ति प्राप्त हुन्छ । भक्तिबाट जीवको शोक, मोह, भय नष्ट भएर जान्छ । वेदव्यासले निवृत्तिपरायण पुत्र शुकदेवलाई भागवत्‌को ज्ञानोपदेश दिनुभयो । यसैगरी श्रीमद्‌भगवद्‌गीता, विष्णुसहस्रनाम, अनुगीता, भीष्मस्तवराज, गजेन्द्रमोक्ष आदि महाभारतकै अंश हुन् । यिनैलाई पञ्चरत्न पनि भन्दछन् । यस्ता अपूर्व ग्रन्थका रचयिता महर्षि वेदव्यासकी माताको नाम सत्यवती हो । चेदिराज वसु उपरिचरको वीर्यबाट यमुनाको द्वीपमा वेदव्यासको जन्म भएको हो । 'द्वीपे अयनं यस्य स' अर्थात् द्वीपमा आश्रम भएकैले द्वैपायन भनिएको हो र शरीरको रङ् साँवलो भएकाले पछि 'कृष्णद्वैपायन' भनिएको हो । यज्ञीय उपयोगको लागि एक वेदलाई चार वेदमा विभाजन गर्नुभएकाले 'वेदव्यास' नामले प्रसिद्ध हुनुभयो । धृतराष्ट्र, पाण्डु तथा विदुरका जन्मदाता हुनुहुन्थ्यो । विपत्तिको समयमा छाया समान भएर अनुगमन गर्नुहुन्थ्यो । उपदेश, शिक्षा, धैर्य, ढाढस दिँदै न्यायपथमा चल्ने अभिप्रेरणा दिनुहुन्थ्यो । वेदव्यासले तीनवर्षको सतत् परिश्रमबाट महाभारतको रचना गर्नुभयो ।

"त्रिभिर्वर्षैः सदोत्थायी कृष्णद्वैपायनो मुनिः ।
महाभारतमाख्यानं कृत्वानिदमुत्तमम् "(महाभारत आदिपर्व ५६।५२) ।

महाभारतको मङ्गलाचरण यसप्रकार छ -

"नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत्" ।

महाभारतमा अठार पर्व छन् -१. आदिपर्व २.सभा पर्व ३. वन पर्व ४. विराट् पर्व ५. उद्योग पर्व ६. भीष्म पर्व ७. द्रोण पर्व ८. कर्ण पर्व ९. शल्य पर्व १०. सौप्तिक पर्व ११. स्त्री पर्व १२. शान्ति पर्व १३. अनुशासन पर्व १४. अश्वमेध पर्व १५. आश्रमवासी पर्व १६. मौसल पर्व १७. महाप्रस्थानिक पर्व १८.स्वर्गारोहण पर्व । यी ग्रन्थहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतवर्षको अर्थनीति, राजनीति, अध्यात्मशास्त्रको सारांश, धर्म र तत्वज्ञानको वर्णन मूर्त रूपमा पाइन्छ । व्यास कर्मवादी हुनुहुन्थ्यो । कर्म नै मनुष्यको पक्का लक्षण हो । कर्म देखि पराङ्मुख मानव मानपदवीबाट वञ्चित रहन्छ । यो जगत्मा मानिस सर्वश्रेष्ठ प्राणी हो । विश्वको केन्द्रविन्दु भनेको मानिस नै हो । मानवको कल्याणको लागि यो समाज र सार पदार्थहरूको सृष्टि भएको हो । यथा - "गुह्यं व्रह्म तदिदं व्रवीमि नाहि मानुषात् श्रेष्ठतरं हि किञ्चित्(शान्तिपर्व १८०।१२) । वेद, रामायण, महाभारतको अठारै पर्वले परिपूर्ण भएको ग्रन्थलाई 'पुराण' भनिन्छ । "पुरणात् इति पुराणम्", "पुरा भव इति पुराणम्" । प्राचीन मनीषिहरूको यस्तो शंखनाद छ- वेद, उपनिषद्, महाभारत आदिको ज्ञान गरेको भएता पनि पुराण सम्वन्धी ज्ञान छैन भने अधुरो नै मानिन्छ । वेद र उपनिषद्को अर्थ पूर्ण गर्न पुराणको अध्ययन अति आवश्यक छ । सुवर्ण आभूषणको पूर्ति लाहले गर्न सक्दैन, सुवर्णले नै गर्छ त्यस्तै वेदार्थको उपवृंहण पुराणले गर्दछ । यथा- इतिहासपुराणाभ्यां वेदं समुपवृंहयेत् । विभेत्यल्पश्रुताद् वेदोमामयं प्रहरिष्यति ॥(वलदेव उपाध्यायको पुराणविमर्श पृष्ठ २५०)वेदको भाषा प्राचीन हो । वेदको शैली रूपकमयी र प्रतीकात्मक छ । पुराणको भाषा व्यवहारिक छ । सरल शैली, रोचक र आख्यानमयी छ । मानवको भक्तिभावनासम्म पुऱ्याउन पुराणको प्रतिस्पर्धी ग्रन्थ अर्को जन्मिएको छैन । यथा-

वेदार्थादधिकं मन्ये पुराणार्थं वरानने ।
वेदाः प्रतिष्ठताः सर्वे पुराणे नात्र संशयः ॥(नारदीयपुराण, २.२४।१७)

महाभारतको वक्ता उग्रश्रवा लोमहर्षका पुत्र हुन् । लोमहर्ष पनि पुराणको विशेष ज्ञाता मानिन्छन् । पुराणको उद्घोष यिनैले गरे । महापुराण अठार वटा छन् । यथा -मद्वयं भद्वयं चैव वत्रयं वचतुष्टयम् । अनापल्लिंग कूस्कानि पुराणानि प्रचक्षते ॥(सं.सा.इ.द्वि.पृ.८३) । मत्स्य, मार्कण्डेय, भविष्य, भागवत्, व्रह्माण्ड, व्रह्मवैवर्त, व्रह्म, वामन, वराह, विष्णु, वायु,(शिव) अग्नि, नारद, पद्म, लिङ्ग, गरुड, कूर्म र स्कन्दपुराण हुन् । यी अठारै वटा पुराणमा भिन्न भिन्न देवताको उपासना र महत्वको वर्णन प्रतिपादिन गरिएको छ । पद्मपुराण अनुसार पुराणलाई सत्व, रज र तम गरी तीन भागमा विभाजन गरिएको छ । विष्णुपरक पुराण सात्विक, व्रह्मपरक राजस र शिवपरकपुराण तामस मानिएको छ । यी पुराणको अतिरिक्त अठार वटा उपपुराण पनि छन् - गरुडपुराणको आधारमा सनतकुमार, नारसिंह, स्कान्द, शिवधर्म, आश्चर्य, नारदीय, कापिल, वामन, औशन, व्रह्माण्ड, वारुण, कालिका, महेश्वर, साम्व, सौर, पराशर, मारीचि र भार्गव हुन् । पुराणका लक्षण पाँच छन् - 'सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च । वंशानुचरितं चेति पुराणं पञ्चलक्षणम् ।' पुराणको आरम्भ सर्ग(सृष्टि)बाट हुन्छ अन्त प्रतिसर्ग(प्रलय)बाट हुन्छ । बीचमा रहेको कालखण्ड मन्वन्तरको वर्णन र राजा महाराजाहरूको विवरण दिनु नै पुराणत्व हो । प्राचीन भारत वर्षको ज्ञान, विज्ञान, पशुपन्छी, वनस्पति र आयुर्वेद पुराणमानै एकत्र गरिएको छ । जगत्मा जब अन्यायको पक्ष अतिप्रवल र न्यायको पक्ष अति कमजोर हुन्छ त्यतिवेला क्षोभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पन्न हुन्छ। क्षोभपूर्णका लागि सर्वशक्तिमान परमात्मा परमेश्वरले अवतार लिईबक्सन्छ। अवतार असंख्य मानिएका छन् - "अवतारा ह्यसंख्येया गुणसत्वनिधेर्द्विजाः। यथाऽविदासिनः कुल्याः सरसः स्युः सहस्रशः ॥(सं.सा.इ.द्वि.पृ. ८६) मुख्य अवतार चौवीस मानिएका छन् - सनकादि, वराह, नारद, नरनारायण, कपिल, दत्तात्रेय, यज्ञ, ऋषभदेव, पृथु, मत्स्य, कूर्म, धन्वन्तरि, मोहिनी, नृसिंह, वामन, परशुराम, व्यास, रामचन्द्र, श्रीकृष्ण, बलराम, बुद्ध, हंश, हयग्रीव र कल्की।

शुभकामना

✍ सीजन आचार्य
पर्वत कुश्मा

आऊ देश विकास गर्न तिमीले लेख्न र पढ्न यहाँ
साथीसँग मिलेर बस्नु जहिले कम्मर कस्नु तहाँ
साझा छ फूलबारी सर्वजनको स्वच्छन्दता पूर्ण छ
हाम्रो धर्म र संस्कृति युग युग फैलाउँदै जानु छ ॥

मौका आउँछ पर्खिदैंन कहिल्यै उर्लेको भेलै सरी
जस्ले चिन्दछ स्वर्णकाल महिमा डग्दैन ऊ क्यै गरी
सभ्य शालिन देख्न पाउनु सधैं यै छ मेरो चिन्तन
नित्य उद्यत भैरहे स्वकर्मपथमा सकिन्छ लौ लम्कन ॥

उद्देश्य लिनु एक चन्द्र छुनु छ भन्ने यही भावना
आउँछन् विघ्नहर विभिन्न पथमा गर्नू तिमी सामना
संकल्प यदि निश्चय लिई बढे रोकिन्न उसको गति
राम्रो काम र सत्य धर्म लिनु है सप्रिन्छ आफ्नै मति ॥

संसर्ग उसको गरिन्छ अहिले छाप पर्न जान्छ तसै
स्वच्छ पानीमहाँ विभिन्न रङभैँ छुट्दैन है लौ कसै
उच्च व्यापक सोच राख्नु मनले पाइन्छ सत्सङ्गति
इच्छा शक्ति जहाँ छ पूर्ण सबको लागि परे उन्नति ॥

शत्रु छैन कसै पनि यि जनको मीठो परीहासमा
माधुर्य वचनै चरित्र असलै उसकै सबै साथमा
छक्का पञ्जा नगर्नु है जिवनमा सद्भाव राख्नू तदा
आफ्ना मातृ र पितृको र गुरुको सल्लाह मान्नु सदा ॥

कीर्ति राख्नु नि है विभिन्न थरिका साहित्यमा सागर
झुल्के सूर्य सरी मुहूर्तशुभमा देख्नु भरी गागर
स्वाभिमानी भएर बाँच्न सकिए पुग्लान् सबै चाहना
ज्ञान्को ज्योति छरी उदाऊ अरुण ! गर्छु यही कामना ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रान्तिपुरुष देवकोटा

-उप.प्रा.ज्ञाननिष्ठ ज्ञवाली

नेपाली साहित्यको आकासमा एक जाज्वल्यमान नक्षत्रको रूपमा चम्किरहेका वहुमुखी प्रतिभाका धनी महाकवि लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९६६मा लक्ष्मीपूजाका दिन जन्मेका हुन् । लक्ष्मीपूजाका दिन जन्मेर पनि जीवनमा सँधै सरस्वतीका भक्त बनेर अगाडि बढेका देवकोटा कवि, निवन्धकार, कथाकार, उपन्यासकार, नाटककार, समालोचक, चिन्तक र महान् दार्शनिकका रूपमा परिचित छन् । देवकोटाले १९९१ सालको शारदा पत्रिकामा प्रकाशित 'पूर्णिमाको जलधि' कविताबाट आफ्नो कवितायात्राको औपचारिक आरम्भ गरेका हुन् । आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको प्रवर्तन र त्यसको विस्तारमा अतुलनीय योगदान रहेको छ । यिनले कविता यात्राको पच्चीस वर्षमा असङ्ख्य फुटकर कविता, डेढ दर्जन खण्डकाव्य र आधा दर्जनभन्दा वढी महाकाव्यको रचना गरेका छन्। यस्तै यिनका निवन्ध, कथा, नाटक र समालोचनाहरूले पनि यिनको साहित्यिक यात्रालाई अग्ल्याएका छन् । देवकोटा नेपाली कविता परम्परामै प्रकृतिका महान् गायक कविका रूपमा देखा पर्छन् । उनी आफ्ना कवितामा प्रकृति र मानवबीच तादात्म्य स्थापित गर्न चाहन्छन् । लोभ, स्वार्थ, दुराचारजस्ता दुस्प्रवृत्तिले विकृत बन्दै गएको समाजको यथार्थ अनुभूति उनलाई भएको छ र त्यसबाट अलग रहन प्रकृतिको काखमा जानुपर्ने सल्लाह दिएका छन् । प्रकृति सबै किसिमका सुखशान्तिको स्थल भएकाले त्यसमै मानवको भविष्य सुरक्षित देख्ने देवकोटा प्रकृतिमै हराउन चाहन्छन् ।

प्रेमको शारीरिक परिणति र तात्क्षणिकतामा विश्वास नगर्ने देवकोटा शरीर, समय र स्थानदेखि निकै माथि उठेर आत्मिक शाश्वत स्तरको प्रेम गर्न रुचाउँछन् । शाश्वत र आत्मिक प्रेम नै सृष्टिको अस्तित्व रहेको आदर्श यिनका कवितामा पाइन्छ । तत्कालीन जीवनमा राजनीतिले पारेका प्रभाव र त्यसबाट देवकोटामा परेको असर उनका कवितामा पाइन्छ । पर्याप्त प्रजातान्त्रिक चेतनाका साथ आदर्श र सभ्य समाज स्थापित गर्न चाहने देवकोटा अन्याय-अत्याचारका विरुद्ध हुङ्कार गर्दै विद्रोही कविका रूपमा समेत परिचित बनेका देखिन्छन् । यिनी विश्वबोध र अन्तर्राष्ट्रिय सचेतता भएका साहित्यकार हुन् । उनले आफ्ना रचनाका विषयलाई विश्वव्यापी रूपमा ग्रहण गरेका छन् । विश्वबोधको उत्कर्षप्राप्तिका रूपमा उनको 'प्रमिथस' महाकाव्य रहेको छ । राजनैतिक सन्दर्भका साथ मूलतः मानवतावादी प्रवृत्ति उनका रचनाको मुख्य अभीष्ट रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंग्रेजी साहित्यका सेक्सपियर, कलरिज, शेली, वर्डस्वर्थवाट प्रभाव ग्रहण गरेका देवकोटा १९८७ सालमा राजधानीमा पुस्तकालय खोल्ने प्रयास गर्दा सरकारवाट दण्डित भई पुस्तकालय पर्वमा पर्दछन् । यसवाट उनमा झन् कवित्व शक्ति वृद्धि हुँदै जान्छ । आर्थिक विपन्नताको भूमरीमा परेर रन्थनिँदा पनि उनले कविता रचना गर्न छोडेनन् । २००३ सालको अन्त्यतिर देवकोटामा सामाजिक चासो बढी देखापर्छ । मुलुकमा रहेको निरङ्कुश शासनको विरोध र त्यसका विकल्पको खोजीमा लाग्दछन् । तत्कालीन क्रान्तिवाट प्रेरित भएका देवकोटा बनारस पुगेर 'युगवाणी' पत्रिकाको सम्पादन गर्दछन् । यसै पत्रिकाका माध्यमवाट आन्दोलन छेड्नुका साथै निरङ्कुशता विरोधी कविता रच्दै उनी अगाडि बढेको पाइन्छ । देवकोटाले 'साँढे' कवितामा राणा शासकप्रति यसरी व्यङ्ग्य गर्दछन्-

"हेर ठिटा हो, सुन जङ्गलको कानून,
जसको सिङ् छ उसको स्वास्नी ब्रह्मचारी मुडुला,
जसले हाँक्यो उसको पाक्यो, काँतरको हक थाक्यो,
नलडी कोही हुन्न विजेता" ।

प्रस्तुत कवितामा एकातिर राणाशासनको शक्ति उन्मादको चित्रण र उनीहरूप्रति व्यङ्ग्य पनि अभिव्यञ्जित छ भने जनताले प्रजातन्त्र र जनअधिकार प्राप्त गर्न बलियो हुनुपर्छ भन्ने भावना छ । देवकोटाका पुतली, सुनको विहान, भिखारी जस्ता कवितासंग्रहहरू छन् । मुनामदन, लूनी, कुञ्जिनी, मायाविनी सर्सी, कृषिवाला, म्हेन्दु आदि खण्डकाव्य र शाकुन्तल, सुलोचना, पृथ्वीराज चौहान, प्रमिथस, महाराणा प्रताप आदि महाकाव्यका साथै लक्ष्मी निवन्धसंग्रहजस्ता कृतिहरूले नेपाली साहित्यको फाँट हराभरा तुल्याएका छन् । मानवता, राष्ट्रियता, देशप्रेम, सुधारवादी चेत, सामाजिक विकृतिप्रति व्यङ्ग्य विद्रोह, युगबोध आदि देवकोटेली साहित्यका मूलभूल प्राप्ति मान्न सकिन्छ । मूलतः कविता र निवन्धका क्षेत्रमा देवकोटाको योगदान सर्वाधिक उल्लेखनीय र युगान्तकारी रहेको छ । प्रकृतिको विराट् चित्रण गर्दै विश्वस्तरीय कविता रचना गरेका देवकोटा वि.सं. २०१६ सालमा ५० वर्षको उमेरमा यस लोकवाट सदाका लागि विदा भए तथापि उनका साहित्यिक कृतिका माध्यमवाट उनी बाँचिरहेका छन् र सदैव बाँचिरहने छन् । उनका रचनाहरू आज पनि त्यत्तिकै महान् प्रेरणादायी बनेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बासी

-डा. जीवन अधिकारी
वाल्मीकि विद्यापीठ

निवासी थिएँ लम्जुङे साहिंलो म
खुला पर्वती स्वच्छ हावा लिने म ।
म खेती गरेरै खुसी भै रमाई
बसेको ठिटो वृत्ति आफ्नै समाई ॥

पढी क्यै गरूँ उन्नति प्रस्ट भन्दा
पसें काठमाडौं थपें धेर टन्टा ।
सधैं हात माड्नेहरूका अगाडि
भईं स्वाभिमानी परें झन् पछाडि ॥

वसी कठमाडौं म खाँदो छु वासी
म जानी सबै यो वनेकै छु वासी ।
म 'भाडे' थिएँ शब्द मात्रै नराम्रो
वरु त्यै थियो जिन्दगी क्यै त राम्रो ॥

वनाऔं यहीं सोचियो एक झुप्रो
थियो जो कमाई भयो एक थुप्रो ।
अझै थप्पियो रीन झन् ढाड सेक्ने
वढ्यो दुःख झन् के गरी भार थेग्ने ॥

नहोस् दीनचर्या कतै दैनिकी यो
भनी यत्न गर्दा गयो जिन्दगी यो ।
अझै त्रासदीपूर्ण बेला छ उस्तै
उठेको छैन खै दैनिकी देख्छु उस्तै ॥

रहूँ नित्य साजी भनी यत्न गदापरें
वीच वासीहरूका नमिल्दा ।
म आफैं कतै अल्झिएझैं भएछ
पुरानो अझै घाउ वल्झीरहेछ ॥

न वा देश छाडें पसेरै विदेश
भएँ देशभित्रै प्रवासी म एक ।
गएको छैन धेरै भयो गाउँमा लौ
अझै जान सक्ने व्यवस्था दिएनौ ॥

म हूँ भाइमा साहिंलो ठ्याक्क पर्ने
सधैं देखिएको कुरा प्वाक्क बोल्ने ।
कुरा त्यै नपच्ता टुट्यो मित्र राम्रो
त्यसैले मरू भो' नि सौहार्द हाम्रो ॥

भने सिद्धिले काठमाडौं मरू हो
यहाँ संवेदना छैन सप्पै मरू भो ।
त्यसैले निवासित्व मेरो मरू भो
म बासी भएँ, स्वत्व मेरो चरू भो ॥

✡●●●✡

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले पुनःप्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

रामहरि लम्साल
सचिव
स्व.वि.यू, वाल्मीकि विद्यापीठ

रमेश रिजाल
सभापति
स्व.वि.यू, वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल्थलीको थुममा तीन घण्टा

-रामप्रसाद पन्त

हामी सबै समयको अधीनमा छौं। सयमभन्दा अगाडि कोही जान सक्तैन र लेखेर ल्याएभन्दा बढी कोही प्राप्त गर्न सक्तैन भन्ने साँचो रहेछ। त्यसै भएर होला, सिस्नेरीको सपना सपनामै सीमित छ। घलेगाउँको घरमा बसेर घाम ताप्ने जपना घडीमै अनुबन्धित छ र कामीडाँडाको कामना कल्पनामै केन्द्रित छ।

अहिले भने म कामीडाँडासँग नजिक नजिक हुन खोज्दैछु। मेरा पाइलाहरू परपर सर्दैछन्। काठमाडौंबाट सरेका पाइला बनेपा धेरैचोटी पुगेहोलान्, त्यसभन्दा कम पनौती र त्यसभन्दा पनि कम खोपासी। यस्तै हुँदोरहेछ क्षेत्र विस्तार, एउटा बत्तीले फैलाउन सकेको प्रकाशजस्तो। उसको प्रभाव र पहुँच दूरतासँगै घट्दै जान्छ र विलय हुन्छ।

उराठ उराठ देख्दैछु म खोपासी पहिलेभन्दा। बजार आउनुभन्दा पहिले बाँयापट्टि रेसम खेतीका लागि लगाइएका किम्बुका रुखहरू सिखै छन्। सुरुमा देख्दा त मेरो मन झसङ्ग पनि हुन्छ- यिनमा प्राण छ कि छैन ? छ भन्ने कुरा त्यसबेला थाहा हुन्छ, उतापट्टिबाट कलमी भइरहेको रहेछ। हरिया हाँगाहरू कुटुकुटु काटिँदै रहेछन्। तर किम्बु खेती विस्तार भएको छैन। कम्पाउण्ड विस्तार भएको छैन, बोटहरू वढेका छैनन्, बरु घटेका छन्। पहिले किम्बुले ढाकेको तल्लो बेल्ट अहिले खाली छ।

खोपासी बजार देख्दा झन् अचम्म लाग्दैछ मलाई। बीसौं/तीसौं वर्षअगाडि देखेको त्यो बजार अहिले पनि उस्तैउस्तै छ। त्यहीँ उत्पादन भएको नेपालको तेस्रो जलविद्युतले राजधानी झलमल्ल भएको छ। तर खोपासीको परिवर्तनमा प्रकाश देखिन सकेको छैन। बत्तिमुनिको अँध्यारो भनेको यस्तै हो कि जस्तो लाग्दैछ मलाई।

जनता निस्क्रिय हुन् कि सरकारी बेवास्ता ! बजार पुग्न लाग्दानलाग्दै बाटो उवडखावड देखिन थाल्छ। बजार दुर्गन्धयुक्त छ। चिया खानका लागि राम्रो र सफा पसल हेर्दाहेर्दै बजार सकिन्छ। एउटा गेट देखिन्छ, विद्युत उत्पादनका लागि पानी सङ्कलन गर्ने पोखरीमा जाने द्वार, जुन थोत्रिएर ढल्ने अवस्थामा छ।

२४०० किलोवाट क्षमता भएको सो जलविद्युत आयोजना रुस सरकारको सहयोगमा २०२२ सालदेखि संचालन भएको हो। तर ४५ वर्षकै अवधिमा यो दुर्दशा ! वार छैन, सुरक्षा छैन, संरक्षण छैन, उजाड देखिन्छ भित्रपट्टिको भाग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि आउने बाटुला चिल्ला ढुङ्गा छापिएको ओरालो बाटोमा धेरै ढुङ्गाहरू उप्किएका देखिन्छन् । बाटो उही पुरानो, मैले वर्षौं पहिले देखेको साँधुरो । अहिले पनि तृण बरावर आकार बढेको छैन । एउटा कार तलतिरबाट उक्लँदै गरेको देखिन्छ तर उक्लिन नसकेर अड्किएको छ बीच बाटोमा ।

हाम्रो चारजनाको मोटरसाइकल टोली जिल्लाराम हुन्छ एकछिन । चार, अर्थात् केशव कुमार शर्मा भनौं या बाल कुमार शर्मा, जे भने पनि दुई शर्मा र एक कुमारको सङ्ख्या, आखिर तीनै हो । त्यसमा राम थपिएपछि पुग्यो चार ।

केही महिना अघि यसैगरी भ्रमणमा निस्केका साथीहरूले त्यहीँ मुनि तन्किएको झोलुङ्गे पुल तरेर पारिपट्टि साल्मिटारको रिसोर्टमा शनिबारको छुट्टि मनाएका थियौं । अहिले हामी त्यता नलागेर बाटैबाटो अगाडि बढ्ने सुरसारमा छौं ।

कारले पार पाइसकेपछि हामी खोलाको खोँचतिर लाग्छौं र विद्युतगृहको नेटो काटेर जङ्गल क्षेत्रतिर प्रवेश गर्छौं । यो बाटो मेरा लागि नितान्त नौलो बाटो हुन्छ । देख्छु पारिपट्टि पुगेर । आहा ! प्रकृतिको निर्माण ।

साँच्चै नै प्रकृतिको बनोट अनौठो किसिमको छ - कहीँ हिमाल, कहीँ पहाड, कहीँ समथर भूभाग, कहीँ समुद्र । तर यहाँ भने एकातिरबाट पुण्यमाता र अर्कोतिरबाट रोसीको कटानले बनाएको गहिरो खोँच र दोभानमाथि बनेको नाके टाकुरो देख्दैछु । र, त्यस माथिपट्टि तन्किएको झोलुङ्गे पुल हेरेर मन पुलकित पार्दैछु । त्यसको मुखैबाट मानिसहरू दोभानतिर ओर्लनका लागि त्यसै नाके टाकुरोको आश्रय लिँदारहेछन् । दोभानमा पुण्यमातालाई विलय गराएपछि रोसी छङ्छडाउँदो रहेछ उँधोतिर ।

म सुन्दैछु, पुल पारिबाट साल्मिटार हुँदै जाने बाटो अलिपर पुगेपछि ओर्लिन्छ र त्यसै नदीको किनारतिर लाग्छ । अनि सुरु हुन्छ रे खोँचको लामो यात्रा । एउटा अपूर्व अनुभव र अनुभूति सगाल्न सकिन्छ रे त्यस यात्राबाट ।

म सम्झन्छु, तीन वर्षअगाडिका ती दिनहरू । नेपालथोक जाने क्रममा हामी भकुण्डेबेसी हुँदै ओर्लेका थियौं, यसै रोसीको किनारमा । र, किनारैकिनार पुगेका थियौं कोसीको दोभानमा । त्यो बाटो पिच थियो, सजिलो थियो । तर अहिले भने हामी कच्ची र धुलेबाटो हुँदै जादैछौं बल्थलीतिर ।

एउटा गाउँबस्ती देखिन्छ- ख्याकु । नाम डरलाग्दो भए पनि सुन्दर छ ख्याकुगाउँ र त्यसले समेटेको फाँट । कति सुन्दर देखिएका खेतका गरा ! सुन्तलाका थुप्रै बोट र तोरी फुलेका बारीहरू । त्यहाँबाट ट्रकका ट्रक जान्छ रे सुन्तला काठमाडौंमा । बाटो छेउछाउमा सुन्तला थुपारेर बसेका भाइबहिनी र आमाहरू देखेर पछुतो हुँदैछ मलाई काठमाडौंबाट सुन्तला बोकी ल्याएकोमा । डम्म परेर बसेको त्यस बस्तीको काखबाट गुडिरहेका छन् हाम्रा मोटरसाइकलहरू । सन्मुख देखिने डाँडाको टापुमा सुशोभित छ बल्थली रिसोर्ट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी कामीडाँडा जाने वाटोलाई दाहिने छाडेर बायाँ लाग्छौँ र त्यही रिसोर्टतिर उक्लन्छौँ । घुम्ती डरलाग्दो छ । तर धन्न त्यत्तिको भए पनि बनेछ भनेर सन्तोष मान्दैछु म । रिसोर्टका संचालक राम हुमगाईंको एकल प्रयासबाट बनेको बाटो रे ! केही जनमानसवाट विरोध हुँदाहुँदै पनि वनाइछाडेछन् हुमागाईंले । आफ्नै स्वार्थका लागि होस् वा समाजका लागि, वाटो बन्नु राम्रो हो र सबै हिँड्न पाउनु र भ्रमणप्रेमीहरू एउटा सुन्दर रिसोर्टमा बसेर मनोरञ्जन गर्न पाउनु उनीहरूको मानवाधिकार भित्रको कुरा हो ।

हामी सुरक्षा गार्डका लागि बनाइएको एउटा सानो घरको आँगनमा मोटरसाइकल अड्याएर सय पाइला माथि निस्कन्छौँ रिसोर्टमा । यसअघि एउटा ग्रुप लिएर रिसोर्ट पुगेका कुमारलाई देखेपछि हुमागाईं स्वागत गर्न आइपुग्छन् वरैसम्म ।

कता वसौँ ? भित्र वसौँ कि वाहिर ? घाम तापेर कुर्सीमा वसौँ कि सुकुल चकटी ओछ्याएर चौरमा ?

हामीले रोज्यौँ चउर ।

अर्डर भयो खानपीनको ।

आइहाल्यो चार गिलास सप्लिमेण्ट्री जुस । अतिथि सत्कार । अतिथि आकर्षण गर्ने तरिका ।

सररर हेर्‍यौँ मुन्टो घुमाएर । राम्रै रहेछ, चारैतिरबाट चुलिएको थुम्को । राम्रै रहेछ, नाम पनि 'वल्थली भिलेज रिसोर्ट' र राम्रै रहेछ, घर पनि रातो रङ्गको चिटिक्क । नभएर के गर्ने ! वल्थली ताकेर गइसकेपछि त्यस रिसोर्टको विकल्प अर्को भए पो !

हुमागाईं पनि हामीसँगै बसेर भलाकुसारी गर्दैछन्, तर भर्खरै भात खाएको भनेर हामीसँग केही खान भने तयार छैनन् । बरु आफूले गरेको प्रगति र गर्ने क्रममा आएका अप्ठ्याराहरू बेली बिस्तार लगाउँदै छन् उनी ।

२०५० सालमा त्यस थुम्कोको माथिल्लो भाग किनेर रिसोर्ट खोल्ने सोचाइमा रहेका हुमागाईंले वढाउँदा वढाउँदै ४५ रोपनी पुर्‍याएछन् र विगत १० वर्षदेखि रेष्टुराँ सञ्चालन गर्न थालेछन् । इन्टरनेसनल ट्रेकर्सको गाइडको रूपमा जागिर खाएर अनुभव वटुलेका हुमागाईंलाई जर्मनीहरूले पनि हौस्याए र उनलाई यो व्यवसाय अगाडि वढाउन सजिलो भयो ।

माओवादी द्वन्द्वको वेला उनको रेष्टुराँ राम्रोसँग चलेन । नाफाभन्दा घाटैघाटा । अहिले भने रेष्टुराँको आकार पनि वढेको छ, तला पनि थपेर दुईतले बनाइएको छ । कोठाहरू वढाएर २३ पुर्‍याइएको छ । सेमिनार सञ्चालन गर्नका लागि हल पनि तयार छ । उनी भन्दै थिए- 'नयाँ वर्ष (२०११) को रात यहाँ ६८ जनाले रात बिताए । आवश्यक पर्‍यो भने टेण्ट हालेर बसाउने पनि विचार छ गर्मीमा । त्यस्ता इच्छुक विदेशी पर्यटक पनि पाएको छु मैले । यो रेष्टुराँ चल्ने भनेकै विदेशीवाट हो । तपाईंहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आइदिनुभयो भने पनि हौसला मिल्छ मलाई। ठाउँको वनोट, खानेकुराको गुणस्तर र देखिने दृश्यावलीहरूले गर्दा एकपटक आएको मानिस प्रभावित हुने गर्छ र फेरि आउँछ। अब सुधार हुँदै जाला भन्ने आशामा छु।'

उनले हामीलाई रेष्टुराँ वरिपरि घुमाए। चारैतिर भिर। रेष्टुराँको स्वामीत्वभन्दा तल गुराँस, उतिस, बाँस, लिउस, चिलाउनी, साल तथा अन्य प्रजातिका अनेकथरी रुखहरूले व्याप्त सामुदायिक वन। उत्तर-पश्चिम ख्याकुफाँट, दक्षिण कामीडाँडा छुने महाभारत पहाड, दक्षिण-पूर्व लड्कुखोला र उत्तर-पूर्व हुँदै आएको रोसीखोलाको सङगममाथि सम्म परेर डम्म बसेको सुन्दर वल्थली गाउँ। त्यसको आसपासमा देखिने एक्लेखेत, चिन्ने, वसेरी र नेपाने गाउँहरू। वल्थली गाउँकै पारिपट्टि (उत्तरतर्फ) लाइनै देखिने मकेटार, साल्मिटार, शङ्खु र पस्थलीका डाँडाहरू। त्यहाँभन्दा धेरै टाढा देखिने पश्चिमदेखि पूर्वतर्फ लाइन लागेका मनास्लु, गणेश, लामटाङ, सिसापाङ्मा, दोर्जे लाक्पा, चोभाभामरे, गौरीशङ्कर र नुम्वुर हिमशृङ्खलाहरू।

हामीले उच्चारण गऱ्यौं कामीडाँडाको नाम। हुमागाईंले पुष्टि गरे- 'तपाईंहरू जानैपर्ने ठाउँ। वाटो अप्ठ्यारो भएकोले करिब एकघण्टा लाग्छ। त्यहाँभन्दा माथि ३००० मिटर अग्लो थापको लेक चढ्न खोज्नुभयो भने अरु धेरै समय लाग्न सक्छ। त्यहाँबाट देखिने सुन्दरता पाइनसक्नु छ। दक्षिणतिर तराई देख्न सक्नुहुन्छ तपाईंहरू। वास्तवमा भन्ने हो भने वल्थलीको गौरव र शोभा भनेकै त्यही कामीडाँडा र यहाँभन्दा तल लड्केखोलाको किनारमा भएको लड्केश्वरी मन्दिर हो। अब तपाईंहरू फेरि आउँदा काठमाडौंबाट बिहानै हिँड्नुस्, सीधै कामीडाँडा जानुस् र बाह्र/एकवजे यहाँ आउनुस्। खाना खानुस् र रिल्याक्स गर्नुस्। सम्भव भए यतै बस्नुस्, नभए घर जानुस्। यो अर्को पटकको योजना।

अब छोरालाई पालो दिन आउनुभयो पिता बलराम हुमागाईं। रिसोर्ट खोल्न छोराले गरेको सङ्घर्षका बारेमा चर्चा गर्नुभयो एकछिन र भन्नुभयो- 'तपाईंहरू आइदिएमा र प्रचारप्रसार गरी अरु मानिस ल्याइदिएमा मात्र रिसोर्टको भविष्य उज्ज्वल हुन्छ।' उहाँले आफ्नो गाउँको सुन्दरता पनि वखान गर्नुभयो- 'एउटा बलियो तामाङले बसालेको गाउँ भएर नाम रहेको वल्थली। यस्तो सुन्दर नमूना गाउँ अन्त कतै पाइँदैन। सात प्रकारका गाईं (हुमागाईं, चापागाईं, गुरागाईं, वजगाईं, चौलागाईं, अमगाईं र घुँगाईं) मध्ये हामी जैसी हुमागाईंहरू नै ५०/६० घर छौं यहाँ। वाहुनबाट खसेर क्षेत्री भएका हुमागाईंको सङ्ख्या अझ बढी छ। साहित्यकार जनक हुमागाईं हाम्रै तेह्रदिने दाजुभाइ। हाम्रो घरसँगै यहीं तल छ उहाँको घर। वाहुन क्षेत्रीबाहेक तामाङहरू छन् यहाँ। काभ्रे, सिन्धु, रसुवा, नुवाकोट यिनै त हुन् तामाङको घनत्व भएका वस्तीहरू।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालैपालो गरी वावुछोरा हामीसँग वसेर कुराकानी गर्नुमा आत्मीयता पनि हुनसक्थ्यो, व्यापारिक पृष्ठभूमि पनि हुनसक्थ्यो । जेसुकै भए पनि सेवाप्रदायीहरूले हामीप्रति दर्शाएको आतिथ्य र श्रद्धा प्रशंसनीय थियो । र, थियो खानाको गुणस्तर पनि ।

पुस २४ को जाडोमा घमाइलो चौरमा वसेर मनचाहे खान पाउनु क्या मज्जा ! पिठ फर्काएर सुत्न झनै मज्जा । तर दुईघण्टा लगाएर ४० किलोमिटर मोटरसाइकलमा यात्रा गरी काठमाडौं पुग्दा जाडोले के गर्ला ! यो सोचेर हामी तीनवजे पछि उठ्यौं ।

✡◆◆◆✡

तिमी

मेरो छाती भित्र आज, तिम्रो याद चर्कियो अरे
तिम्रो यादमा दिनरात लामो हुने भयो अरे
साथ दिने कसम खाई मलाई छाडी गयौ अरे
धेरै टाढा एकान्तमा डेरा पनि सऱ्यौ अरे ॥

तिमीलाई सम्झन्छु म क्षति मेरो गरायौ किन?
मेरो मनमा मायाको भाव तिमीले जगायौ किन?
सम्झनामा पिरोलिने बानी मेरो भयो अरे
हल्ला सुन्छु कतै कतै बिहे तिमीले गऱ्यौ अरे ॥

मेरो निम्ति ज्यानै पनि दिन्छु भन्ने तिमी थियौ
आज मेरो नाम सुन्दा कान छोपी हिँड्ने भयौ
आँसुलाई सहयात्री भन्ने वानी मेरो भयो
धेरै टाढा एकान्तमा डेरापनि सऱ्यो ॥

तिमीवाट टाढा हुँदा आँफू त्यसै मर्छु भन्थ्यौ
मेरो सिउँदो तिम्रै हातको सिन्दूरले भर्छु भन्थ्यौ ।
तिम्रै यादमा तड्पिबस्ने दिनचर्या भयो अरे
हल्ला सुन्छु कतै-कतै बिहे तिमीले गऱ्यौ अरे ॥

धेरै टाढा एकान्तमा डेरा पनि सऱ्यौ अरे
हल्ला सुन्छु कतै कतै बिहे पनि गऱ्यौ अरे ॥

-प्रकाश खनाल
कक्षा १० सं.मा.वि.

✡◆◆◆✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिमा बढाऊँ

- ठाकुर शर्मा
जुहाङ, गुल्मी ।

साँचो कुरा गरिबको पनि सुन्नुपर्छ
मान्छे समाज अनि देश अगाडि बढ्छ
धारा यहाँ कति छुटे मन माफिकैका
बुझ्दैन किन्तु सबको हित सोँच्नुपर्छ । १ ।

नेता भएर घरको यदि हुन्न ज्ञान
जेता भएर धनको पनि हुन्न त्राण
त्यस्तो समाज नरको गतिहीन हुन्छ
मान्छे भए तर भएन समान ध्यान । २ ।

तत्कालको सब कुरा असलै छ भन्दा
संस्कारको गति गयो त्यसमा विचार्दा
बिग्रन्छ है जन-सुधार कहाँ भयो र !
सोँचाइको फरकले सब काम गर्दा । ३ ।

स्वार्थी भएर जनको मन दुख्न थाल्यो
बेकाममा मसँग लौ धरणी उचाल्यो
तिम्रा समृद्ध गहना जनता त नै हुन्
भन्दा त मित्र अहिले पर सर्न थाल्यो । ४ ।

स्वार्थान्धमै रत भए जन बीच पर्छन्
त्यागी भयौ यदि भने सब प्रेम गर्छन्
विज्ञान-ज्ञान-विजयामृत भावनाले
संसार नै वश गरी भव यो सुधार्छन् । ५ ।

मान्छे बनौं सुकृति ली गतिमान् भएर
हिंसा यहाँ अब छुटोस् मतिमान् भएर
संस्कार होइन सखे ! अब सोँच्नुपर्छ
दृष्ट्याइँका गति सबै अब रोक्नुपर्छ । ६ ।

राम्रा कुरा अब गरौं त्यसमा छ प्राण
सोँच्ने गरे पनि यहाँ सब मिल्छ शान
धेरै भए सम कुरा कुन मार्ग जाने
मानौं भनाइ सबको अनि हुन्छ मान । ७ ।

आनन्द चाह सबको अनि धीरता हो
ज्ञानी समृद्ध जनता हुनु वीरता हो
केको यहाँ खिचिखिचाउ सबै हटाऊँ
सेवा गरी सुरभिको गरिमा बढाऊँ । ८ ।

शुभकामना
नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले पुनःप्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
विष्णु पन्थी
सह-महामन्त्री
ने.वि.संघ, केन्द्रीय समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्त ज्योतिषको महत्व र उपयोगिता

नारायणप्रसाद निरौला
वाल्मीकि विद्यापीठ

द्युत शव्दमा इसुन् प्रत्यय लागेर द को ज आदेश पश्चात् ज्योतिष शव्द बन्दछ। जसको अर्थ प्रकाश, प्रभा, चमक वा दीप्ति आदि हुन्छ। सिद्धात भनेको विचार र तर्कद्वारा मत प्रकट गर्नु हो। यसरी समग्रमा ज्योतिषको तथ्य प्रमाण गर्ने शास्त्र नै सिद्धान्त ज्योतिष हो भन्न सकिन्छ। ज्योतिषका जति विषयवस्तुहरू छन् ती शास्त्रसम्मत सिद्धान्त सिद्ध रहेका छन्। समग्र ज्योतिषको मूल सिद्धान्तज्योतिष हो। वेदको महत्वपूर्ण अङ्गका रूपमा पनि यस शास्त्रलाई स्वीकारिएको छ। ज्योतिष शास्त्रअन्तर्गत पनि ती विभाग रहेका छन्। सिद्धान्तपक्षको अध्ययन, अनुसन्धान सिद्धान्तज्योतिषले गर्दछ भने फलित पक्षको फलादेश आदि कार्य होरा र संहिताले गर्दछन्।

सिद्धान्त ज्योतिष अङ्गविद्याको सर्वप्राचीन शास्त्र हो। गणितीय माध्यमद्वारा आकाशीय ग्रहनक्षत्र आदिको गतिस्थिति अध्ययन अनुसन्धान गर्ने कार्य यस अन्तर्गत गरिन्छ। सिद्धान्तज्योतिषका महत्वपूर्ण ग्रन्थहरूमा सूर्य सिद्धान्त, आर्यभटीयम्, शिष्यधीवृद्धितन्त्रम्, पञ्चसिद्धान्तिका, व्रह्मस्फुटसिद्धान्त, सिद्धान्तशेखर, भास्वती, सिद्धान्तशिरोमणि, सिद्धान्तदर्पण, सिद्धान्ततत्वविवेक आदि पर्दछन्।

गणितीय महत्व र उपयोगिता

सिद्धान्त ज्योतिष एक प्राचीन गणितीय शास्त्र हो। यस ब्रह्माण्डको उत्पत्तिसँगै ज्योतिषशास्त्रको पनि प्रादुर्भाव भएको कुरा विभिन्न ऋषिमुनिहरूले वताएको पाइन्छ। वेदमा उल्लेखित गणितीय कथनको आधारमा पनि यो शास्त्र प्राचीन हो भन्ने कुरा पुष्टि हुन आउँछ। "शतञ्जीवेम शरद............", "एका च मे तिस्र चमे........" आदि वेदका वाक्यांश हुन्। जहाँ वर्ष गणना, अङ्कगणनाको स्वरूप प्रष्टरूपमा उल्लेख छ।

यसै गरी आकाशीय ग्रहहरूको गति, स्थिति मापन गर्नका लागि समय मापनको गणितीय एकाइ पनि आफ्नै पद्धतिमा वर्णित पाइन्छ। जस्तैः-

प्राणादिः कार्यतो मूर्तस्त्रुट्याद्योऽमूर्तसंज्ञकः
षड्भिः प्राणैर्विनाडीस्यात्तत्षष्ट्या नाडिकास्मृता।
नाडी षष्ट्या तु नाक्षत्रमहोरात्रं प्रकीर्तितम्
तत्त्रिंशता भवेन्मासः सावनोऽर्कोदयैस्तथा॥(सू.सि.म.धि.११,१२)

अर्थात् १० दीर्घ अक्षर उच्चारण गर्न लाग्ने समय=१ प्राण= १० विपला

६० प्राण= (१०x ६)= ६० विपला= १ पला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६० पला= १ नाडी

६० नाडी= १ अहोरात्र

. ३० अहोरात्र= १ महिना

यसरी कालको मापन गर्ने सर्वप्राचीन ग्रन्थ नै सूर्यसिद्धान्त हो। यसपछि यसै मान्यतालाई आधार वनाउँदै हाल ६० सेकेण्ड= १ मिनेट

६० मिनेट = घण्टा

१२ घण्टा = १ दिन

समयको मापन निर्धारण भएको छ। यसको आधारभूमी केलाउने हो भने सिद्धान्त ज्योतिषअन्तर्गतको सूर्यसिद्धान्तमा नै पुग्नुपर्ने भएकाले यसको महत्व र उपयोगिता स्वतः झल्कन जान्छ।

ग्रहहरूको घुम्ने कक्षाको निर्धारण, ग्रहपिण्डहरूको परिधि, व्यास, व्यासार्ध, गति एवं पृथ्वीदेखिको दूरी निर्धारण आदिको मापन पनि सिद्धान्तसम्मत ढङ्गले सिद्धान्तज्योतिषमा उल्लेख भएको पाइन्छ। आजका नवीन मूल्य-मान्यता र सिद्धान्तको पृष्ठभूमीलाई केलाउन र अझ नवीन प्रक्रिया र पद्धतिको विकास गर्नका निम्ति पनि सिद्धान्तज्योतिषको अध्ययन गर्नु आज अपरिहार्य भएको छ।

ज्योतिषलाई झुटो हो भन्नेहरूले पनि आज यसको सही तथ्य मान्न वाध्य हुनपुगेका छन्। किनकि सूर्य, चन्द्रगहणको गणना गरी ठ्याक्कै समयमा आकाशमा ग्रहणको स्थिति प्रत्यक्ष अवलोकन गर्न सकिन्छ। आधुनिक गणितीय पद्धतिको मूल वीज पनि सिद्धान्तज्योतिष नै हो। गणितको उत्पत्ति र विकासको इतिहासलाई अध्ययन गर्दै जाने हो भने पनि अन्ततः यही शास्त्रकै ग्रन्थहरूमा आइपुग्नु पर्ने भएकाले यसको महत्व र उपयोगिता दिनानुदिन बढ्दो क्रममा देखिन्छ।

फलादेशमा सिद्धान्तज्योतिषको महत्व र उपयोगिता :

ज्योतिषशास्त्रको फलित पक्षले आकाशीय ग्रहहरूको अवस्थिति अनुसार फलादेश गर्ने गर्दछ। आकाशमा रहेका ग्रहहरूको स्थिति पत्ता लगाउन गणितको आवश्यकता पर्दछ। उक्त सिद्धान्तसम्मत गणित गर्नका निम्ति सिद्धान्त पक्षको ज्ञान हुन नितान्त आवश्यक हुन्छ। यसैगरी गणितमा स्पष्ट गरिएका ग्रहहरू आकाशमा सोही स्थानमा छन्, छैनन् भनी अवलोकन गर्नुपर्ने हुन्छ। उक्त ग्रहवेधका निम्ति पनि सिद्धान्तसम्मत यन्त्रहरूको निर्माण गरी अवलोकनका निम्ति पनि सिद्धान्तपक्षको ज्ञान हुनु नितान्त आवश्यक पर्दछ। सिद्धान्त सम्मत फलादेश नै वास्तविक हुने भएकाले फलादेशका निम्ति यसको महत्वपूर्ण स्थान रहेको कुरा पनि स्पष्ट हुन्छ।

यन्त्रनिर्माणमा यसको महत्व र उपयोगिता

ग्रहगणितमा स्पष्ट गरिएका ग्रन्थहरूलाई आकाशमा हेर्ने यन्त्र वा उपकरणको आवश्यकता पर्दछ। ती ग्रन्थहरूको निर्माण गर्ने र वेध गर्दा प्रयोग गर्ने तरिका पनि आफ्नै पद्धतिको हुन्छ। यन्त्र निर्माण गरेर मात्र पुग्दैन, त्यसलाई सही प्रयोग पनि गर्न सक्नुपर्दछ तब मात्र आकाशीय ग्रहहरूको अध्ययन अवलोकन सम्भव हुन्छ। यसरी यन्त्र निर्माण अनि प्रयोगको आफ्नै पद्धतिअनुसार विकास पनि यही शास्त्रले गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । घटीयन्त्र, नाडीवलययन्त्र, यष्टियन्त्र, तुरीययन्त्र आदि थुप्रै यन्त्रहरूको निर्माण सिद्धान्त ज्योतिषमा वर्णित छ । आजको आधुनिक दूरदर्शक यन्त्र पनि यही शास्त्रको उपज भएकाले विभिन्न यन्त्रनिर्माण गरी खगोलीय अध्ययनका लागि यन्त्रनिर्माण र प्रयोगका पक्षमा पनि यसको महत्वपूर्ण स्थान रहेको पाइन्छ ।

निष्कर्ष

यसरी सम्पूर्ण चराचर जगतको कल्याणका निम्ति आकाशीय ग्रहनक्षत्र आदिको प्रभाव पत्ता लगाउन, ब्रह्माण्डको उत्पत्ति, सृष्टि, स्थिति, लय आदिको ज्ञानका निम्ति पनि सिद्धान्तज्योतिषको महत्व रहन्छ । आकाशीय ग्रहहरूको कक्ष, भ्रमण,उच्च, नीच, वक्रमार्ग, उदय-अस्त, आदि पत्ता लगाउने एउटा खगोल विज्ञानको रूपमा स्थापित भैसकेको सिद्धान्तज्योतिषको महत्व आजको वैज्ञानिक युगमा अझ चुलिँदै गएको पाइन्छ । यसैगरी गणितीय सिद्धान्तको प्रतिपादन कसरी भयो, आधुनिक गणितको विकासको आधार के हो ? आकाशीय ग्रहहरू कस्ता प्रकृतिका हुन्छन् ?, तिनीहरूको पृथ्वीमा कस्तो प्रभाव छ, ग्रहण कसरी लाग्छ ?, पृथ्वी कसरी अडिएको छ ?, भूकम्प कसरी हुन्छ ?, कस्ता कस्ता चट्टानले पृथ्वी बनेको छ ?, प्राकृतिक प्रकोप कसरी हुन्छ आदि यावत् विषयवस्तुहरू केवल सिद्धान्तज्योतिषबाट मात्र पाइने भएकाले यसको महत्व र उपयोगिता दिनानुदिन वढ्दै गइरहेको छ ।

सन्दर्भग्रन्थ

१.पाण्डेय, रामचन्द्र सम्पा.सूर्यसिद्धान्त,चौखम्वा सुरभारती प्रकाशन, वाराणसी ।

२.भास्कराचार्य: सिद्धान्तशिरामणि, चौखम्वा सुरभारती प्रकाशन, वाराणसी ।

३. सारखण्डी शिवनाथ, भारतीय ज्योतिष: उत्तरप्रदेश हिन्दी संस्थान, लखनउ ।

पर्यटन वर्ष २०११

हिमालमा घुमी घुमी तराईमा जाऔं
अस्तित्वलाई जोगाउन ढिँडो गुन्द्रुक खाऔं ॥
परिवेश रहनसहन मास्नु हुन्न कहिले
तयार होऊ स्वागत गर्न पर्यटकलाई अहिले ॥

पर्यटन वर्ष हाम्रो धुमधाम मनाऔं
पर्यटन वर्ष जस्तै सँधैलाई बनाऔं ॥
सम्झौं हामी पर्यटकलाई देवता हुन् भनी
देवता झैं सहयोग गर्छन् पर्यटकले पनि ॥

-उद्धव धिताल कक्षा ९ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

The Common Defects of Vedas in Buddhist Perspective

-Binod Pokharel

The Vedic culture assumed many activities for a long time in the society. It is difficult to say its antiquity and origin. In the meantime of Buddha, there was Vedic norms and value; even he was born in this traditional society, and it was very difficult to speak for and against of the so established tradition. The palace of Buddha was full of Yagya, and Pooja. Born in the same culture or tradition, he opposed the cult of Vedas when he got knowledge. The question arises that why he pointed objections on the rituals where he was educated and brought up. It can be mentioned simply the following objections that are primarily shown by Buddha while preaching. To identify this, the following characteristics of Vedas should be identified.

Vedic Class System

Vedic literature focused the system of 4 castes or cults:

The Brahmin: these were considered as the so called high classes. There duty was to learn and teach the Vedic inscriptions, perform rituals and similar academic tasks.

The Kshatriyas : they were of king clan . Their main duty was to rule the earth protecting people from any kind of risk.

The Vaishyas : they were identified as the merchant groups. They paid a vital role in increment of economic status of the nations.

The Sudras : they were counted as a minimal group . Their status was to serve the other 3 groups . They were known as even untouchable in the society. For this

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

classification, the Vedas state as mentioned the following way.

(ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः। उरुस्तदस्य यद्वैश्यः पद्भ्या‡शूद्रोऽजायत ।)

(From the ultimate being, i.e. Purusha, Brahman was born from His mouth, Kshatriya from arms, Vaishya from thigh and Sudra was from feet.)[1]

In this way the Vedic cults, norms and values mingled in society forming bias among the people.

The Monotheist Concepts

The Vedic era considered a system of supreme doer as a master or creator. Thus it believed a mighty god as creator of the world. He also feeds all the beings. All the bliss or sorrow is under his mercy.[2] He looks after all living beings; he cares all, defines destiny , works , heaven and hell. All the living and non-living beings sustain in the world due to his mercy. He remains here as the superintendent , and just becoming the main agent of the world. These and similar other canon in Vedas are common. -(एको ह देवः प्रदिशोऽनु सर्वा.........)

(The lord is one in all direction , He looks after all being living in their soul……)[3]

The Yajna and sacrifice

Vedas believes in Yajna: that is a tradition to born grains and flesh of animals putting in a burning fire. The purpose of it seems to get the position of heaven after the death. The following types of Yajnyas were common in the past: -

i) Gomedha : Sacrificing a cow

ii)Ashvamedha : Sacrificing a horse

So there is the cult of sacrifice in Vedas ; the person who performs the Hundred Ashvamedha Yajnas, then he becomes

[1]. The Suklayajurveda : 31/11.

[2]. Bauddhadarshan Mimansa: p 15.

[3]. The Suklayajurveda : 30/16

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

the heaven so the God of Heaven is also called 'Shatakratu' that means the person who has performed the Hundred Ashvamedha. The king Vali performed 99 Ashvamedhas but for the 100^{th} , he was victimized by the conspiracy of god , and that led him to descend to the hell. Analyzing these instances there seems a great deal of sacrifice of animals. Sometimes it came to human being to be the object of sacrifice as Purusamedha, but it didn't sustain for a long time. The following extract of Mantra shows the appreciation of weapon during the time of Sacrifice:-

(शिवो नामासि स्वधितिस्ते पिता नमस्ते.... =you i.e. weapon has the name Shiva , your father is an Axe , so we solute you....)[4]

Problems of Vedic System

In the above concerning, there emerged many problems in the existence of the being in the world. The quest started if there is such a god or not. Class system further magnified the human gaps. Sacrifice marked a question in the dignity and fraternity of human being. These all the practices provide temporal bliss but man wanted a universal recovery from the woe in the world.

Man is kind in nature but the selfish activities enlarge the chain of sorrow. Remembering it people started a quest to remove the sorrow. Observing the increasing problems in Vedas, they opposed on the Vedic codes and conducts:

"There is a little information in the non-Vedic ascetic sects, but some can be found in such works as the *Suyagada,* the second the second book of *Swetambera* Jaina Cannon in *Prakrit*, and in scattered Buddhist Sutras like the Samanaphala- sutra in the in the *diggha nikaya* in Pali language, and its Sanskrit counterpart in the glitter instances. These sects naturally glorify the teachings of

[4]. Ibid: 3/63.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

their own profits and condemned those of their opponents. None the less some reliable information can be had from these sources"[5]

In this way before Buddha's birth, there were concepts of existence of the doctrine of no god, no doer no (*karta*). According to there concept there is not soul and no roll of such *karta* but all worldly objects are transitory and that there is no transmigration the admission that various elements constitute a body which ultimately dissolves into those very elements may indicate that the so-called consciousness or Sanjna is unsubstantial as nothing after death.

Pre Buddhist no-Soul Thinkers

We can find intellectuals they think the non existence of god:

0 Jaina sutra mentions 363 non Vedic schools as the name of Kriyavada, Akriyavda, Ajnajnavada and Vijnajnavada.[6]

According to Jaina Sutra Ajita Keshakambalin is the champion of the *akriyavada* which roughly corresponds to the *lokayatika* or the Charvak School.[7]

There were frequent references in Buddhist literature to some senior contemporaries of Buddha for instance in the *dirgha nikaya* .it appears from the contexts of these references that *ajatashatru*, the king of Maghadha, met a number of these teachers and asked them each separately to state in clear and ambiguous terms the result of their ascetic practices.

अपरप्रत्ययं शान्तं प्रपञ्चैरप्रपञ्चितम् ।
निर्विकल्पमनानार्थमेतत् तत्वस्य लक्षणम् ॥[8]

Following such fact matters like the above

[5]. 2500 years of Buddhism pp 9

[6]. Ibid, p 9-10

[7]. Ibid , pp 11

[8] . Bauddhadarshan Mimansha: p 91

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

illustration, all instances show that there were practices of learning anti Vedic doctrines before the time of Buddha. Now the doctrines were followed and extended by Gautam Buddha in the coming days

Defects of Vedas

The above given principles indicated by Vedas have so many defects because the have presented contradictory matters within them . analyzing the doctrines , the following defects are obtained on the Buddhist perspectives

a) Defect on class system : the unsound classification emerged in Vedas among the human being. How do the people become superior or inferior although they are the equal issue of the same father? Is it possible to give birth from different organs? These questions are not solved. In real nobody has right to categorize another as senior or junior because they have created from the same source.

The next problem arises in marriage. If we say people are the generation of same father, then they are marrying sisters and the issues are again Hybrid of blood relation. The hybrid damages not only the family but also restricts the way of heaven. Such as:

(सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च । -The Hybrid damages the family and forces to Hell)[9]. So these all things increase only pain.

b) Defect on Yajnya

Vedas command people to do the Yajnya and that fruits after the death. This is the defect that Yajnyas need sacrifice,

[9]. Shrimadbhagavad Geeta: 1/42

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

and sometimes Man's too, and these increase again pain. The violent activities do not minimize the sorrow. Everybody expects that they should provide something good in life; peace, not the consolation after death. If we say that after death you will be happy, and then man says I will do the work after death. So, in this tradition, the world remains always painful unhappy and conflictive.

As it is mentioned above, Vedas classify people differently as high and low castes. And it also says that they are the same issue of same Father. How can be the same sons of a father behaved differently? And why is the Father irresponsible to the issues that He gives Pain only? Does a father look blindly when the sons are in trouble?

c) Defects on the Monotheism

There is another defect accepting the single almighty master in the world . if He is one why does he destroy the issues. Does a father loves own children or not? If he lives in everybody's soul , then why do people think differently? Again why should people work if he is totally responsible for the children? And finally why does he provide sorrow to his children? Is a father happy looking the painful children? In the quest of these questions, there is not satisfactory answer ; even they arise the temptation in human beings which increase sorrow in life. About atma: Soul,

Aatmavadins, i.e. the follower of Soul, in Shreemad Bhagawat Geeta, claim that Aatma is main guide to the human being. But it can be objected that if there is Aatma there must me uniqueness in beings. But it is not possible. There is reality in the world that there is variety. Nobody is similar to another. His thinking, shape and cult are totally different. Examining the above issues , Buddha refutes the Vedic cult for the

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

removal of sorrow. He focuses to do the right work that may help to remove the pain. Because the current life is very important rather than the speculated one after the death. He further preached:

"नास्त्यात्मा सम्भवो वास्त्यशुभशुभफलं चास्ति कर्त्रा विहीनं
गन्ता नास्त्यस्ति मोक्षाय गमनमखिलं चास्ति वन्धो न वध्य: ।
भावोऽभावोऽपि चास्ति क्षणिकविरहितो नि:श्वभावो भवोऽस्ति
एतन्मे सत्यवाक्यं सुरफणिवचनै: संग्रहैर्हन्यते न ॥"

(there is not the matter of existence or non existence of soul, consequence, doer, goers , bounded or concentrations, these terms are invincible and fact for the world.)[10]

Dec 12, 2010. Kathmandu

Bibliography

P.V. Bapat, 2500 years of Buddhism, Government of India: 1956.

Upadhyaya Baladev, *'Bauddhadarshan Mimansa',* Caukhamba Prakashan Varanasi, 1993.]

Bjracharya Nareshman, *'Samakalin Matribhumi'* Ed. Vedraj Jnawali, *Uchchashikshama Baudha Adyayanko prajnik Mahatwa'*, pb. ASSEED SOUTH ASIA AND WAFI. Vol 1, 2002.

'Shrimad Bhagawat Geeta' explanatory notes by Bhakti Vedanta Swami Prabhupada, Bhakti Vedanta Book Trust: India 1991.

Osho, *'MItra Kaun?* Esa Dhammo Sanantano' Hinda Pocket Books, Delhi, 2006.

Shree 'Isopanisad' explanatory notes by Bhakti Vedanta Swami Prabhupada, Bhakti Vedanta Book Trust, India 1991.

Suklayajurveda Samhita , ed . Mayashankar Sukla, Bharatiya Vidya Sansthan: Varanasi , 1966.

✡♦♦♦✡

[10] . Kalchakratantra: 172, p 265.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म

-श्याम रेग्मी
वाल्मीकि विद्यापीठ

जन्मे जन्मसँगै सबै चिजहरू मात्रै मऱ्यो जन्म त्यो
जन्म्यो मृत्यु र भोक, शोक, गरिवी, दुर्भाव आजन्म त्यो
आस्था, ईश्वर जन्मिए रगतमा नाता, पराई पनि
सारा झै-झगडा र शान्त-सरिता, ढुङ्गा र काँढा पनि ॥

माया, मोह र लाञ्छना, सफलता, सद्भाव, दुर्भावना
ठूलो इज्जत, धर्म कर्म, जननी, ईर्ष्या, दरिद्रीपना
कालो रात, प्रदीप्त दीप्त दिनको झुल्के डुवेका कथा
रोगी न्याल सिँगान त्रास दुःखको जन्मिन्छ सम्भाव्यता ॥

हो जन्मेपछि जन्मने जगत यो विज्ञान अज्ञानता
टाँगिन्छन् अनि जन्म क्षुद्र सुतली सानो ठूलो भिन्नता
यो रित्तो घर यो सबै सहर यो बाँडिन्छ चीरा गरी
वैरिन्छन् विचरा कठै प्रकृतिमा आतङ्कका हुन्डरी ॥

यी सन्तप्त यिनै धनी र मगुवा देवी र द्यौता यिनै
सामन्ती अगुवा यही मनुज हो संहार कर्ता यिनै
को जन्म्यो, किन जन्मियो जगतमा जानिन्न जो जन्मियोस्
पूरै दुख्छ दुखाइकै जनक यो हो जन्म भन्ठानियोस् ॥

हो पर्याय अभावकै जनन यो बुझ्ने उही बुद्ध भो
को पाउँ भगवान फेरि सुकिलो को हो निराकार को?
मात्रै भोक रुचाउँदै व्रतहरू माग्छन् यहाँ देवता
यस्तो लाग्छ कि चक्रव्यूह सुरु भो भाग्छौ तिमी खै कता?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही त गरौं

-अमृत ज्ञवाली
हँसरा-४, गुल्मी

निशा दीप बनेर उदाओस् यसपालीको अरुणोदय। समस्त साहित्य र चेतनाप्रेमीहरूको आशा हो यो। मैले मेरो कलममार्फत् थेरथोर चेतनाको कुरा साहित्यको माध्यमबाट पाठकहरू सामु प्रकट गराउनु वाञ्छनीय नै हुन्छ भन्ने ठानेको छु। चेतनाले राजनीतिलाई आमन्त्रण गर्दछ। राजनीतिले सामाजिक हित र न्यायलाई कार्यान्वयन गर्न र गराउन सक्नुपर्दछ नत्र त्यो राजनीति मृतशरीर हुन जान्छ। मृतशरीर केवल अरुबाट मात्र स्थानान्तरित हुने गर्दछ र त्यसलाई देखेर केही मानिसहरू केवल विलाप गर्न सक्दछन्। मृतचेतना बोकको मृत राजनीति र निरङ्कुशता र छाडावादी प्रजातन्त्रको ठेक्का लिने कुनै पनि संगठित वा असंगठित दुवै जमात समाज र राष्ट्रको लागि घातक विषालु च्याउ हो जहाँ सही च्याउको मूल्य र पौष्टिकता अनूपम र दीर्घायु हुन्छ।

समाजवादको नारा सडकमा ओरालेर हाइन राज्य सत्ताको साँचो आफ्नो हत्केलामा पर्दा सही पाङ्ग्रोमा घुसार्न नचाहने कामुकहरूले नग्नचरित्र र लज्जाहीन कान्ति तथा वाणी दुवैले सच्चा समाजवादी न्याय आकाङ्क्षी र श्रमजीवी जो मेहनत र विवेकमा आश्रित छन् उनीहरूमाथि शूल रोपिएको राजनैतिक प्रभुसत्ता र कालो पारिएको कर्मचारीतन्त्रवीच रहेर चरम गरिवी र आशातीत महङ्गीको बीचमा हामी चेतनाको मशाल बोकेर सत्य, न्याय र अहिंसक समाजको वकालत गर्ने विद्यार्थीहरू अरुणोदयमार्फत् प्रकट हुन पाउनु ऐतिहासिक निरन्तरता र इतिहासको दह्रो सम्मान पनि हो। भलै बन्दुके मानसिकताका राजनीतिकर्मीहरूले यतातिर चासो नदिउन्। सदैव निराशावाद र सपनारहित भविष्यको लागि अव नेपाली युवा बाँच्नुहुँदैन। यसको अर्थ पाठकहरू हामी तुरुन्तै आत्महत्या गरौं भन्ने होइन वरु यो भन्न खोजिएको हो कि हामी सपना, कल्पना र सम्झनाको वीज रोपौं, आशावादी र महत्वाकाङ्क्षी बनौं अनि त्यस्तो घोडा वनेर टाप कसौं जसले हजारौं माइल टाढाको दूरी नाप्छु भनेर कुदिरहेको होस्। म यो वकालत गर्न गइरहेको छैन कि हामी केवल कल्पनाको महासागरको निर्माणमा लागौं र अर्थहीन गन्तव्यको खोजी गरौं। वरु म यो भन्दैछु कि हामी हाम्रा कल्पनाहरू देशको आर्थिक, राजनीतिक, सामाजिक, भौगोलिक, सांस्कृतिक विकासमा प्रयोगशील वनून् र हामीले हामीमार्फत नै आर्थिक, सामाजिक प्रगतिको फड्को मार्न सकौं।

हामी केवल राज्यलाई मात्र दोष दिएर, उसलाई सस्तो सराप गरेर चुरोट अनि भारतबाट आयातित पेट्रोलमा हाम्रो पैसा खर्च गरेर युवाहरू समय र अर्थको बेइज्जती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न छोडौं र सुरुवात नगरौं । हामी ट्वाकें, चटके, पेण्डुलम र खोक्रो वन्ने मार्गबाट पनि टाढा रहौं । हामीले कम्तीमा वाल्मीकि, आर.आर, त्रिचन्द्रका ट्वाइलेटहरूको जुन गति छ त्यसको अझ वेहाल गराउने कर्म त्यागौं । हामी शिक्षाको समुद्रमा पौडी खेलिरहँदा यो चाहि सिकौं कि हामी आफु सभ्य वनेर वनेर समाजमा सभ्यताको वाटोमा डोहोऱ्याउनु छ । एक कुशल नेता वन्नु छ, हामी चेतना, अध्ययन र विवेकको क्षेत्रमा खटिएर समाजलाई प्रगतिको वाटोमा डोहोऱ्याउने हिम्मतले नेतृत्व र द्रष्टा वन्नु छ । हो, हामीले समाज फेर्नै पर्नेछ, क्रान्तिको सफलतम पूर्णविराम गर्नुपर्नेछ र सामाजिक अभियन्ता वनेर परिवर्तन पद्धतिको नेता वन्नु छ । हामीले सोच्ने मात्र होइन गर्नै पर्ने वेला आएको छ । जागौं, उठौं र जुटौं साथीहरू हो ! आ-आफ्नो ठाउँवाट हामी प्रत्येक जना कोलम्वस वनौं ।

राजनीतिक विज्ञानमा म्याकियावेली वनून् नवनेताहरू, हितको दृष्टिमा रुसोको लोकप्रिय सम्प्रभुताको पक्षमा रहून् कर्मचारीहरू, परिवर्तन गर्ने मामलामा गान्धीको जस्तो अस्त्र प्रयोग होस्, निर्वाचन देखि नथाक्ने अव्राहम लिंकन जस्ता सहिष्णु हुन् हारेकाहरू, ए.पि.जे. अब्दुल कलामहरू निस्कियून् पर्दामा जसको चमक र क्षमतावाट राष्ट्र माथि उठोस् । हामी विद्यार्थीहरू राजनीतिक दलका भकुण्डा होइन महान आदर्श र व्यवहारिक अर्थ-राजनीतिको सक्षम विद्यार्थी बनौं र माथिका ऐतिहासिक व्यक्तित्वहरूलाई अनुसरण गरौं र सोधौं आँफैले आँफैलाई के मैले बिताएको जिन्दगीको पल पल सामाजिक हितमा र राष्ट्रनिर्माणमा सहयोगी छ त ? कि हामी पृथ्वीको वोझ वनेको वन्यै हो र जम्मा जम्मी यौनक्रीडा, मैथुन र जनसंख्या वृद्धिका योद्धामात्रै हौं ? सायद प्रश्नले घोच्यो होला अनि बोक्रे भलादमीहरूलाई त अझ आफ्नो अवमूल्यन भएकोमा रिस पनि उठ्यो होला । विचरा ! म बबुरो के गरौं ?

अन्त्यमा सामाजिक न्यायका लागि सामाजिक आन्दोलनको एउटा कनिष्ठ सिपाही र कर्तव्यनिष्ठ नोकर भएको हुनाले म यो आग्रह गर्न चाहन्छु कि हामीले अरुको सम्मान, आदर र अरूप्रति न्यायिक वन्यौं भने हाम्रो ओजस्वीपना वढ्दछ । हामी आखिर इहलीलाको समाप्तिको लागि जन्मेका सामाजिक प्राणी भएको हैसियतले पनि हामी मान्छेहरू निर्लज्ज र कूतर्कवान् होइन सभ्य, धीर तथा आस्थावान् वनेर कम्तीमा आफ्नो वाहेक अरुको अस्तित्व स्वीकार्नु पर्दछ भन्ने मानसिकताको निर्माण गर्नुपर्ने वेला भएको छ । सामाजिक चेतना र राजनैतिक संक्रमणको उपर्युक्त विसौनीको खोजी गरी सामाजिक हितका लागि वाँच्न चाहनेहरूको चाहना पुरा गर्नुपर्छ यो देशमा । जीवन त्यहाँ बाचौं जहाँ सुख मिल्छ, जीवन त्यसरी बिताउ जहाँ स्वतन्त्रता प्राप्त हुन्छ ।

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मशब्दको वास्तविक अर्थ

-विपिराज न्यौपाने
वाल्मीकि विद्यापीठ

'ब्रह्म'शब्द 'वृह् वृद्धौ' तथा 'वृहि वृद्धौ' धातुवाट मनिन् प्रत्यय भएर निष्पन्न हुन्छ। यी दुवै धातुका आधारमा यसको व्युत्पत्तिलभ्य अर्थ हुन्छ- 'वृहत्वात्', 'वृंहणत्वात्'। ब्रह्म अर्थात् जुन तत्व महान्, व्यापक, निरवधिक र निरतिशय महत्वले सम्पन्न हुन्छ, त्यो नै ब्रह्म हो।[१] शंकराचार्यका अनुसार 'वृहत्' भएपछि त्यसैलाई नै ब्रह्म भनिन्छ।[२] उहाँका अनुसार 'ब्रह्म' शव्दद्वारा उसका नित्यता र शुद्धताको पनि वोध हुन्छ।[३] अधिकांश विद्वान्हरू त्यसै धातुद्वारा ब्रह्मशव्दको निष्पत्ति मान्दछन्। शंकराचार्य भन्दछन् "वृहति वृंहयति तस्मादुच्यते परं ब्रह्म ॥"[४] अर्थात् जुन चाँहि स्वयं वढ्दछ अथवा अरु प्रजालाई बढाउँछ त्यो नै ब्रह्म हो। 'वृहणात् ब्रह्म' यस व्युत्पत्तिवाट देश, काल तथा वस्तु आदिले अपरिच्छिन्न नित्यब्रह्म परिलक्षित हुन्छ।[५] यसले ब्रह्मको निरतिशय महत्व द्योतित हुन्छ। ब्रह्मशव्दको अर्थलाई विचार गर्दै डा.राधाकृष्ण भन्दछन् व्याख्याकारहरू ब्रह्मको अर्थ 'वृहण' गर्दछन्। त्यसको अर्थ हो- यथार्थसत्ता जुन बढ्दछ, उच्छ्वसित या उत्तरोत्तर वृद्धि प्राप्त हुन्छ।[६] 'ब्रह्म' शव्दमा धातु चाहे 'वृह्' होस् या 'वृहि' होस् धातुपाठका अनुसार दुवैको अर्थ वृद्धि हो। यो वृद्धिले व्यापकता, नित्यता, निरतिशयता र असीमता आदिलाई द्योतित गर्दछ। दुवै धातुको अर्थ समन्वय गर्दा यसो भन्न सकिनछ- 'ब्रह्म' यस्तो परम तत्व हो जुन नित्य शुद्ध तथा विनाशरहित छ। देश काल एवं वस्तुहरूका सीमाहरूबाट अपरिच्छिन्न भएकाले सर्वव्यापक छ। तथा सर्वज्ञ, सर्वशक्तिमान एवं सर्वेश्वर इत्यादि गुणहरूद्वारा सम्पन्न छ। यी सम्पूर्ण कथनहरू शंकराचार्यका भाष्यद्वारा पुष्ट हुन्छन्। शंकराचार्यले ब्रह्मलाई नित्य, शुद्ध, वुद्ध, मुक्तस्वभाव, सर्वज्ञ र सर्वशक्तिमानका रूपमा प्रतिपादित गरेका छन्। यस नामरूपात्मक जगत्को रचना, स्थिति र लय जुन सर्वज्ञ सर्वशक्तिमान तत्वबाट हुन्छ त्यो नै ब्रह्म हो। शंकराचार्यका उपर्युक्त कथनको आधार निम्नलिखित श्रुतिवाक्य हो - "यतो वा इमानि भूतानि जायन्ते तेन जातानि जीवन्ति। यत्प्रयन्त्यभिसंविशन्ति........तद् व्र्ह्म।"[७] अर्थात् जसवाट यो ब्रह्माण्ड उत्पन्न हुन्छ, उत्पन्न भएर शाश्वत अथवा जीवित रहन्छ र अन्तिममा जसमा गएर लय हुन्छ त्यो

[१] शव्दकल्पद्रुम, तृतीय भाग, पृष्ठ ४४२-४४३

[२] वृहत्तमत्वाद् ब्रह्म। तैतिरीयोपनिषद् (शाङ्करभाष्य २।१)

[३] व्रह्मशव्दस्य हि व्युत्पाद्यमास्य नित्यशुद्धत्वादयोऽर्थाः प्रतीयन्तै, वृहतेधातोरर्थानुग्मात्।

[४] श्वेताश्वेतरोपनिषद् (शाङ्करभाष्य १।१)

[५] द्रष्टव्य-(व्रह्मसूत्र शाङ्करभाष्य १।११)

[६] भारतीयदर्शन(हिन्दीअनुवाद, भाग १,पृ.१५०)

[७] तैतिरीयोपनिषद्, ३।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै व्रह्म तत्व हो । यहाँ जुन व्रह्मका विषयमा नाम वा अस्तित्वको संकेत पाइयो त्यसलाई कसरी जान्न सकिन्छ ? के व्रह्मको अस्तित्व छ अथवा छैन ? यस्तो शंका लाग्न सक्छ । यिनै जिज्ञासाहरूको समाधानका लागि शंकराचार्यले व्रह्मको अस्तित्व छ भन्ने निचोड दिनुभएको छ । त्यो विषयमा के प्रसिद्ध छ या अप्रसिद्ध ? प्रसिद्ध शव्दवाट यहाँ ज्ञात छ भन्ने अर्थ लाग्न जान्छ । भावार्थ भन्नुपर्दा के व्रह्म यस्तो सत्तावान् अस्तित्व हो, जसलाई जान्न सकिन्छ । अथवा जसलाई ज्ञान गर्न असम्भव छ । यदि यस्तो स्वीकार्ने हो भने व्रह्म प्रसिद्ध छ जसलाई जान्नका लागि प्रयत्न गर्नु व्यर्थ छ । यदि व्रह्मरूपी अस्तित्व अप्रसिद्ध छ भने त्यसलाई जान्नका लागि प्रयत्न गर्नु पनि व्यर्थ सावित हुन्छ । यिनै र यस्तै शंकाहरूलाई निराकरण गर्दै शङ्कराचार्य भन्दछन् - व्रह्म प्रसिद्ध छ , त्यो नित्य, शुद्ध, वुद्ध, मुक्तस्वभाव, सर्वज्ञ र सर्वशक्तिमान् छ । वहाँ यसप्रकारको प्रमाण स्थापित गर्नुहुन्छ । व्रह्म नामको अस्तित्व छ र त्यो जिज्ञासितव्य पनि छ ।

यसै प्रसङ्गमा अर्को शंका समुपस्थित हुन्छ, यदि व्रह्मरूपी तत्व प्रसिद्ध छ भने त्यसको स्वरूप सर्वसाधारणलाई किन प्रतीति हुँदैन ? अर्थात् त्यसको प्रत्यक्ष हामीलाई किन हुँदैन ? आचार्य शङ्करले यसको समाधान दिँदै भनेका छन् हाम्रा इन्द्रियहरू वहिर्मुखी भएका हुनाले ती इन्द्रियहरूद्वारा वाह्य पदार्थ मात्रै प्रत्यक्ष हुन्छन् । व्रह्म इन्द्रियहरूको विषय वन्न सक्दैन ।[८] व्रह्मसूत्रमा प्रतिपादन गरिएअनुसार इन्द्रियहरूद्वारा व्रह्मलाई किन अनुभव गर्न सकिँदैन भने व्रह्म अन्तर्यामी हुन्छ ।[९] यसै विषयमा वृहदारण्यकोपनिषद्मा वताइएको छ - त्यो अन्तर्यामी छ, दैखिँदैन तथापि उसले सवैलाई देख्दछ । श्रोत्रद्वारा सुनिँदैन र पनि उसले सवैलाई जान्दछ । मनन गर्दा मनन हुँदैन तर सवैलाई मनन गर्दछ, अविज्ञेय हुँदाहुँदै पनि सवैलाई राम्रोसँग जान्दछ ।[१०] अतः व्रह्म सिद्ध छ । अन्तर्यामी हो तरपनि उसलाई नेत्र आदि इन्द्रियहरूद्वारा प्रत्यक्ष गर्न असम्भव छ तर यसको अर्थ चाँहि यो हैन कि व्रह्म रूपी अस्तित्व नै छैन । वस्तुतः व्रह्म प्रसिद्ध छ किनकि व्रह्म नै सवैको आत्मा हो । त्यसैले व्रह्मको अस्तित्व प्रसिद्ध छ । आत्मा छ भन्ने अनुभव सवैलाई भइरहेकै छ । म छु भन्ने ज्ञान सवैलाई भइनै रहन्छ । यदि आत्माको अस्तित्व प्रसिद्ध थिएन भने म छैन भन्ने अनुभव सवैलाई हुने थियो, अतः आत्माको अस्तित्व सिद्ध हुन्छ र त्यो आत्मतत्व नै व्रह्म हो ।[११]

व्रह्मका सम्वन्धमा पूर्वपक्षीहरू यस्तो पनि भन्न सक्दछन् कि व्रह्म प्रमाणगम्य छैन अर्थात् उसलाई प्रत्यक्ष अनुमान र शव्दप्रमाण आदिद्वारा सिद्ध गर्न सकिँदैन । व्रह्म अतीन्द्रिय वस्तु हो र त्यो प्रत्यक्षको विषय होइन, उसलाई अनुमान प्रमाणद्वारा

[८] स्वभावतो विपयाविपयाणीन्द्रियाणि, न ब्रह्मविपयाणि(व्रह्मसूत्र, शाङ्करभाष्य १।१।२)

[९] अन्तर्यामम्यधिदैवादिपु तद्धमव्यपदेशात् ।

[१०] वृहदारण्यकोपनिषद् ३।७।२३

[११] व्रह्मसूत्र शाङ्करभाष्य १।१।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सिद्ध गर्न सकिँदैन किनकि जुन ठाउँमा साध्यको लिङ्ग हुन्छ त्यहाँ मात्रै अनुमान गर्न सकिन्छ। जस्तै अग्निको व्याप्य धुवाँ हो र त्यसै धुवाँले अग्नि छ भन्ने अनुमान गराउँछ। ब्रह्ममा अनुमान प्रमाण घटित हुँदैन किनकि यहाँ ब्रह्म(साध्य)को कुनै व्याप्य लिङ्ग छैन। यसैकारण अनुमान प्रमाणको प्रक्रिया पूरा नभएकाले पनि ब्रह्मको सिद्धि गर्न सकिँदैन। यसरी नै शब्द प्रमाणद्वारा पनि ब्रह्मको सत्ता सिद्ध गर्न सकिँदैन।[१२] 'यतो वाचो निवर्तन्ते' इत्यादि वाक्यहरूद्वारा ब्रह्मलाई वाणी अर्थात् शब्दप्रमाणद्वारा पनि सिद्ध गर्न सकिँदैन। ब्रह्म प्रमाणगम्य छैन भन्नु वेदान्तिहरूका लागि नितान्त असह्य हुन्छ। 'म छु' यसै अनुभवका आधारमा ब्रह्मको सत्ता सिद्ध हुन्छ। ब्रह्मलाई जिज्ञासा गर्नेहरूका लागि सबै भन्दा प्रवल प्रमाण भनेको श्रुति नै हो। श्रुतिहरूद्वारा निर्विवादरूपले ब्रह्मको सत्ता सिद्ध गर्न सकिन्छ। अनेक यस्ता श्रुतिहरू पनि पाइन्छन् जसद्वारा ब्रह्मको अस्तित्व तथा उसको अस्तित्वको वर्णन गरिएको छ। यथा- "त्वं त्वौपनिषदं पुरुषं पृच्छामि"[१३] "सदेव सोम्येदमग्र आसीत्"[१४] तथा "आनन्दो ब्रह्मेति व्याजानात्"[१५] इत्यादि श्रुतिवाक्यहरूद्वारा ब्रह्मको अस्तित्व सिद्ध गरिएको छ। यहाँ यस्तो विषय पनि विचारणीय हुन आउँछ। जब कुनै एक विषयका सम्बन्धमा निषेधपरक र विधायक अर्थात् दुवै प्रकारका वाक्य पाइन्छन्, त्यस अवस्थामा के गर्ने ? यो समस्यालाई समाधान गर्दै आचार्य शङ्करले श्रुतिवाक्यहरूमा समन्वय र एकवाक्यता सिद्ध गर्नुभएको छ र उहाँले अन्तिममा यस्तो निर्णय प्रस्तुत गर्नुभएको पाइन्छ कि ब्रह्मको अस्तित्व छ तथा उसलाई बोधको विषय बनाउन सकिन्छ। त्यो हाम्रो आत्मा हो र यसैलाई ब्रह्म भनिन्छ।

लक्षणद्वारा नै लक्ष्य पदार्थमा विद्यमान असाधारण धर्मको निर्देश गरिन्छ। यस्ता लक्षणले अतिव्याप्ति, अव्याप्ति र असम्भव नाम गरिएका दोषहरूबाट रहित हुनुपर्दछ। वेदान्त परिभाषामा लक्षणका दुई भेद बताइएको छ- १.स्वरूप लक्षण र २.तटस्थ लक्षण।[१६] स्वरूप लक्षणलाई विशेष लक्षण तथा तटस्थ लक्षणलाई सामान्य लक्षण भनिन्छ। सामान्यतया कुनै पनि पदार्थलाई पहिला तटस्थ(सामान्य) लक्षणद्वारा विवेचना गरिन्छ। त्यसपछि मात्रै स्वरूप लक्षणको प्रतिपादन गरिन्छ। परन्तु यहाँ यस अनुमानिक क्रमलाई न अपनाएर श्रुतिक्रम अनुसार पहिला स्वरूप लक्षणको प्रतिपादन गरिँदैछ, त्यसपछि मात्र तटस्थ लक्षणको उल्लेख गरिन्छ। वेदान्त परिभाषामा स्वरूपलक्षणको परिभाषा दिँदै भनिएको छ- "स्वरूपमेव लक्षणं स्वरूपलक्षणम्"। अर्थात् कुनै पदार्थको स्वरूपभूत लक्षणलाई स्वरूपलक्षण भनिन्छ। यहाँ विचारणीय यो

[१२] तैत्तिरियोपनिषद्, २।४।१ तथा तुलना गर्नुहोस् -नैव वाचा न मनसा प्राप्तुं शक्यो न चक्षुषा- कठोपनिषद्, ।३।१२

[१३] वृहदारण्यकोपनिषद्, ३।९।२६

[१४] छान्दोग्योपनिषद्, ६।२।१

[१५] तैत्तिरीयोपनिषद्, ३।६।१

[१६] वेदान्तपरिभाषा, पृ ३२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ कि स्वरूप लक्षणलाई लक्षित गरिएको बेला 'स्वरूपमेव लक्षणम्' भनिएको छ, 'स्वरूपस्य लक्षणम्' भनिएन । स्वरूप लक्षणद्वारा पदार्थका स्वरूपको अर्थात् उसको तात्विक रूपको परिचय दिइन्छ । जस्तै-उष्णता, लौहित्य र प्रकाशद्वारा दीपकको स्वरूप लक्षित गरिन्छ । त्यसैगरी सत्, चित्, र आनन्द 'ब्रह्म'स्वरूप हो । अत एव श्रुतिहरूमा स्वरूप लक्षणका रूपमा प्रतिपादित गरिएको छ । जस्तो कि- (क) सत्यं ज्ञानमनन्तं ब्रह्म[१७] (ख) विज्ञानमानन्दं ब्रह्म[१८] (ग) आनन्दं ब्रह्मेति व्यजानात् ।[१९] वेदान्त ग्रन्थहरूमा विचार गरिएको छ कि सत्, चित् र आनन्द यी सबै मिलेर ब्रह्मका स्वरूपको व्याख्यान गर्दछन् अथवा उसलाई पृथक् पृथक् प्रतिपादन गर्दछन् । यस सम्वन्धमा ब्रह्मानन्द सरस्वतीले सिद्धान्तविन्दु स्वरचित रत्नावली टीकामा उल्लेख गरेका छन् कि यी तीनवटै (सत्, चित् र आनन्द) मिलेर ब्रह्मको स्वरूप लक्षण प्रकाशित गर्छन् । परन्तु धर्मराजाध्वनीन्द्रले वेदान्तपरिभाषामा यी तीनैलाई पृथक् पृथक् मानेर व्याख्या गरेका छन् । विद्वान्हरूका विचारमा यहाँ एक एक विशेषण परस्पर निरपेक्ष भावले ब्रह्म शव्दसँग सम्वद्ध हुन्छन् अर्थात् सत्यं ब्रह्म, ज्ञानं ब्रह्म र अनन्तं ब्रह्मद्वारा ब्रह्मका स्वरूपको निरूपण गरिएको हो ।

(क) ब्रह्म सत् अर्थात् सद्रूप हो - वेदान्तग्रन्थहरूमा ब्रह्मलाई 'सच्चिदानन्द' भनेर वर्णित गरिएको छ ।[२०] उपनिषद्ग्रन्थहरूमा ब्रह्मका लागि उपर्युक्त तीनै पदहरूको उल्लेख पाइन्छ परन्तु तिनका स्थानमा अन्य शव्दहरू पनि देख्न पाइन्छन् । ती शव्दहरू या त पर्यायवाची हुन्, अथवा तिनीहरूद्वारा उपर्युक्त शव्दहरूकै अर्थको समर्थन गर्दछन् । वृहदारण्यकोपनिषद्मा एकस्थानमा 'सत्यस्य सत्यम्'[२१] भनिएको छ । तथा अन्यत्र त्यसको 'विज्ञानमानन्दं ब्रह्म'[२२] कै रूपमा प्रतिपादन गरिएको छ । यहाँ प्रयुक्त 'विज्ञान'शव्द विशेष ज्ञानको सूचक हो । यसैद्वारा 'चित्' शव्दको बोध हुन्छ । यसरी नै तैत्तिरीयोपनिषद्मा ब्रह्मलाई 'सत्यं ज्ञानमनन्तं'[२३] भनिएको छ । विद्वान्हरूका विचारमा प्रयुक्त 'अनन्त' शव्द आनन्दको द्योतक हो ।

निष्कर्ष

छान्दोग्योपनिषद्मा ब्रह्मको अस्तित्व प्रतिपादित गर्दै भनिएको छ - 'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम् ।'[२४] अर्थात् सृष्टिका आरम्भमा एक अद्वितीय तत्वको सत्ता थियो । यहाँ ब्रह्मलाई सत् भनिएको छ । सत् शव्द 'अस् भुवि' धातुमा शतृप्रत्ययका योगवाट निष्पन्न हुन्छ । यसको अर्थ जसको सत्ता छ उसैलाई 'सत्' भनिन्छ । शङ्कराचार्यले सत् को अर्थ प्रतिपादित गर्दै लेखेका छन् - "सत् किम् ? कालत्रयेऽपि तिष्ठतीति सत्"[२५] अर्थात् सत् त्यसलाई भनिन्छ जुन तीनैकालमा विद्यमान

[१७] तैत्तिरीयोपनिषद्, २।१।१

[१८] वृहदारण्यकोपनिषद्, ३।९।२८

[१९] तैत्तिरीयोपनिषद् ३।६

[२०] आत्मबोध ५६ ।

[२१] वृहदारण्यकोपनिषद्, २।१।२०

[२२] वृहदारण्यकोपनिषद्, ३।९।२८

[२३] तैत्तिरीयोपनिषद्, २।१।६

[२४] छान्दोग्योपनिषद्, ६।२।१ तुलना गर्नुहोस् -वृहदारण्यकोपनिषद् १।४।११

[२५] तत्वबोध, पृष्ठ २७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ । ब्रह्म नै एक यस्तो वस्तु हो जो तीनै कालमा विद्यमान रहन्छ । यो न केवल सृष्टिका आरम्भमा सत् अर्थात् विद्यामान थियो अपि तु वर्तमानमा पनि छ र भविष्यमा पनि रहने छ । यो नै कालातीत यथार्थ सत्ता हो ।

संजय कन्दोई

मनोकामना

पसल नं. ११७,

एक तल्ला (माथि), विशाल बजार,
न्यूरोड, काठमाडौं
फोन: ४-२२८४७८

हाम्रो यहाँ सबै प्रकारको ग्रह रत्न (BIRTH STONE) 100% ग्यारेण्टी र सर्टिफिकेट (प्रमाण पत्र) का साथै बिक्री गरिन्छ ।
नीलम, पन्ना, माणिक, मूगा, मोती आदि

के तपाईंको फोन छैन ?

एस.टी.डी./आई.एस.डी. छैन ?

EASY CALL

Any phone Any Where

1650

रु. २००/-, रु. ५००/-, रु.१०००/-

नेपाल टेलिकम

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय

भीमार्जुन गौतम	रमेश जोशी	विष्णुप्रसाद दाहाल
सचिव	महासचिव	अध्यक्ष

नेपाल संस्कृत विश्वविद्यालय कर्मचारी संघ, केन्द्रीय समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत शिक्षाको महत्व

-श्रवण खनाल
वाल्मीकि विद्यापीठ

संस्कृत संस्कृतिको इति वृत्तान्त हो । नेपाली भापालाई समेत विकसित गर्ने भापाको रूपमा संस्कृत भापालाई लिइन्छ । यसलाई नेपाली भापाको जननी पनि भनिन्छ । प्राचीन कालदेखि पूजा-आजामा समेत संस्कृत भाषाकै प्रयोग गरिने भएकाले देवता र ऋषिमुनीहरूले समेत प्रयोग गर्ने भाषा संस्कृत भएकाले यसलाई देवभाषा अर्थात् देवताको भाषा थुप्रै राष्ट्रमा संस्कृत भाषा प्रयोग गरिने भएकाले यसको अद्वितीय तुलनात्मक, गरिमामय, प्रशंसनीय र सर्वव्यापी रूपमा नै सर्वस्वीकार्यरूपमा महत्व दिइँदै आइएको छ ।

सर्वप्रिय, सार्वकालिक तथा लोकव्यवहारमा आधारित भाषा संस्कृत भएकाले पूर्वीय साहित्यमा मात्र नभएर यसको क्षेत्र पृथ्वीमा बस्ने सवै व्यक्तिहरूको लागि अति महत्वपूर्ण भाषाको रूपमा संस्कृत भाषालाई लिइन्छ । वेदव्यासले लेखेको सवैभन्दा ठूलो एकलाख श्लोकको महाभारत पनि संस्कृत भाषामा नै लेखिएको थियो । उनले लेखेका पुराण, उपनिषद् जस्ता ग्रन्थहरू पनि संस्कृत भाषामा लेखिएको थियो। कालिदासलाई महाकविको रूपमा चिनाउन पनि संस्कृत भाषामा लेखिएका अभिज्ञानशाकुन्तलम् महाकाव्यजस्ता कृतिले ठूलो योगदान पुऱ्याएको छ । वाल्मीकि लाई आदिकविको रूपमा चिनाउन संस्कृत भाषामै लेखिएको रामायणले महत्वपूर्ण योगदान पुऱ्याएको थियो । माघ, भारवी, दण्डि, जगन्नाथ, विश्वनाथ, मम्मट आदि कवि पनि संस्कृत भाषामै काव्यकृति लेख्ने चामत्कारिक र अद्वितीय विद्वान् मानिन्छन्। नेपाली भाषामा जति पनि साहित्यिक कृतिहरू कविता, उपन्यास, नाटक, निवन्ध, प्रबन्ध र पत्रपत्रिकामा लेखिने सम्पूर्ण सामग्रीहरू संस्कृत साहित्यकै उपज हुन्। यसमा कुनै दुइमत नै छैन । यति मात्र नभएर अंग्रेजी, चिनीया, जापानी, आदि जतिपनि भाषामा लेखिएका कृतिहरू छन् ती सवै संस्कृतभाषाकै देन हुन् । ग्रीक भाषा र रोमेली भाषामा पनि संस्कृत भाषाको लेप नलागेको होइन । त्यसैले सर्वजन हिताय सर्वलोक कल्याणकारी भाषा जननी भाषा, पितृभाषा, देवभाषा, माउभाषा, उत्पत्तिको मिलनविन्दु, विश्वमानचित्रमा अव्वल सीमा रेखा कोर्ने भाषा, भाषाको पनि भाषा अर्थात् अन्य भाषालाई मार्गनिर्देशन गर्ने भाषा संस्कृत नै हो । संस्कृत भाषाको महत्वलाई वुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

क) मूलभाषा र देवभाषा

संस्कृत भापा सवै भाषाको मूल भाषा हो, पितृकार्य र श्राद्ध, पूजाआजा, माङ्गलिक कार्य, अनुष्ठान आदिको माध्यम भाषाको रूपमा यस भाषाको प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ । देवता, ऋषिमुनिहरू र उच्चकोटीका विद्वान्हरूले वोल्ने भाषा संस्कृत भाषा भएकाले यसलाई देवभाषा, माउभाषा आदि रूपमा चिनाउन खोजिएको हो ।

ख) अन्तर्राष्ट्रियस्तरको भाषा

संस्कृत भाषा विश्वका सवैजसो मुलुकमा वोलिन्छ, साम्राज्यवादी र पूँजीवादी मुलुकहरू अमेरिका र वेलायतले अंग्रेजी भाषालाई अन्तर्राष्ट्रिय भाषा मानेता पनि यथार्थमा अंग्रेजी भाषा नभई संस्कृत भाषा नै अन्तर्राष्ट्रियस्तरको भाषा हो तर कतिपयले यस भाषालाई खुम्च्याउन खोजेकाले यसले अन्तर्राष्ट्रिय भाषाको मापदण्डलाई अपनाउन सकेको छैन ।

ग) उत्पत्तिमूलक भाषा

अन्य भाषाको स्रोत भनेको संस्कृत भाषा नै हो । उदाहरणको रूपमा भन्नुपर्दा नेपाली भाषा, हिन्दी भाषा, अंग्रेजी भाषा, जर्मनेली भाषा लगायतका अन्य धेरै भाषाहरू संस्कृतभाषाका उपजहरू हुन् । जसरी विभिन्न साना साना खोलाहरू मिलेर समुद्र बन्द त्यसैगरी विभिन्न भाषाको मिलनविन्दु संस्कृत भाषा हो । जसलाई यो चित्रद्वारा पनि स्पष्ट पा न' सकिन्छ । यस चित्रअनुसार संस्कृत भाषा मूल भाषा हो । अन्य भाषाहरू यसका सन्तान हुन् । त्यसैले संस्कृत भाषालाई जरा मानिन्छ भने अन्य भाषाहरू यसका पातहरू तथा हाँगाविगाहरू हुन् ।



घ) विकेन्द्रीकरणको सशक्त हतियार

संस्कृत भाषाले अन्य भाषाहरूलाई विकेन्द्रीत गरेको छ । विश्वव्यापीकरण र उदारीकरणको महत्वपूर्ण हतियार संस्कृत भाषा हो भने अन्य भाषाहरू यसको इशारामा चल्ने रैथाने भाषाहरू हुन् । संस्कृत भाषाले अन्य भाषालाई डोऱ्याएको छ । संस्कृत भाषाविनाको अन्य भाषा शरीरमा खुट्टा नभएको मान्छेजस्तै हुन्छ । त्यसैले सबै भाषालाई मार्गनिर्देशन गर्ने महत्वपूर्ण औजारको रूपमा संस्कृत भाषालाई लिन सकिन्छ । हरेक क्षेत्र, हरेक ठाउँमा संस्कृत भाषाले युगान्तकारी र समयसापेक्ष रूपमा अतुलनीय योगदान पुऱ्याएको छ । विश्वमा जति पनि नयाँ नयाँ विज्ञान र प्रविधिको विकास भएको छ ती सबै चार वेदमा आधारित भएर गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ङ)विश्वविद्यालय र विद्यालयमा संस्कृत भाषा

हरेक देशमा संस्कृत भाषामा विश्वविद्यालय र विद्यालयहरू स्थापित छन्। उदाहरणको रूपमा भन्नुपर्दा नेपाल संस्कृत विश्वविद्यालय, भारतमा हिन्दू संस्कृत विश्वविद्यालय, त्यसैगरी जर्मन, चीन, फ्रान्स आदि देशमा पनि संस्कृतभाषामा पढाइं हुने विश्वविद्यालय र विद्यालयहरू खुलेका छन्। यति मात्र नभएर भगवान गौतमबुद्धलाई र वुद्धधर्मलाई चिनाउने र उनको नाममा वौद्धविश्वविद्यालयको स्थापना गर्ने आधार नै संस्कृत भाषाको अग्रगामी कदम हो, यसले गर्दा संस्कृत भाषाको महत्व विद्यालय र विश्वविद्यालयमा समेत स्थापित भएको छ।

च)मानिसको ढुकढुकीमा संस्कृत भाषा

मान्छेको आत्मा, परमात्मा, आनन्द, परमानन्दलाई संस्कृतको भाषा मान्नुपर्दछ भने त्यसका सूक्ष्म र नदेखिने अवयवलाई अन्य भाषा मान्नुपर्दछ। संस्कृत भाषा सृष्टिकर्ता भाषा हो, अग्रगामी रूपान्तरणको महत्वपूर्ण कदम हो भने अन्य भाषाहरू संस्कृत भाषालाई थर्काएर राज गर्नखोज्ने धृष्टता गर्ने भाषाहरू हुन्। प्रत्येक मानिसको हृदय र ढुकढुकीमा संस्कृत भाषारूपी प्राण नाचेको हुनाले संस्कृत भाषा विनाको जीवन अपूर्ण हुन्छ। त्यसैले संस्कृत भाषाले अन्य भाषाहरूलाई जीवन्तता प्रदान गरेको छ। तर राक्षस चरित्र भएको मान्छेले संस्कृतलाई तिरस्कार गर्ने गर्छन्। आशा र प्रत्याशाको मिलन विन्दुको रूपमा संस्कृत भाषालाई लिइन्छ। संस्कृत भाषा योजना र परियोजना हो भने अन्य भाषाहरू योजना र परियोजनाअनुसार चल्ने कार्यक्रमहरू हुन्। त्यसैले संस्कृत भाषाले तयार पारेको योजना र परियोजना अनुसार कार्यक्रम लगेर विकास गर्ने काम अन्यभाषाहरूले गर्दछन्। योजना र परियोजना सशक्त छन् भने त्यो अनुसारको कार्यक्रमहरू पनि मजवुत हुन्छ भन्ने कुरामा कुनै विकल्प नै छैन। यसरी योजना र परियोजनाको ढुकढुकीमा नाच्ने कार्यक्रम अन्यभाषालाई मानिन्छ। त्यसको उत्पत्ति श्रोत र योजना-परियोजना बनाउने विद्वान् र बुद्धिजीवी संस्कृत भाषा मानिन्छ। त्यसैले संस्कृत भाषा र प्रत्येक मानिसको हृदय हृदयमा नाचेको छ। प्रत्येक मानिसको सास र वायुमण्डलको उपजको रूपमा संस्कृत भाषालाई लिइएको हो। यसो हुनाले संस्कृत भाषालाई प्रत्येक मानिसको ढुकढुकीमा नाच्ने भाषा मानिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिचरा कुर्ची

-मुकुन्द शर्मा पौडेल
वाल्मीकि विद्यापीठ

बिचरा कुर्ची कहिले जेठो बस्छ, कहिले कान्छो बस्छ
कुर्ची तान्न तँछाड मछाड कहिले जेठो खस्छ, कहिले कान्छो खस्छ ।
एउटा खस्दा अर्को हाँस्छ, अर्को खस्दा अर्को नाच्छ,
बिचरा माइलो अरुको मात्रै देख्दा भावविह्वल बन्छ
त्यसैले माइलो रीसै रीसले कुर्ची मुनी खाडल खन्छ
माइलो कहिले गुहार माग्न जान्छ कहिले मूर्च्छा खान्छ,
कुर्सी तेरो हालत देख्दा आजकल गन्हाउने भए जस्तो लाग्छ
एउटा फोहोर गरेर छोड्छ अर्को गएर फोहोर गरेरै बस्छ
बिचरा कुर्ची बोल्ने त कुरै भएन त्यहीँ गए उनलाई १ को १० छ
बिचरा कुर्ची तँलाई तान्न तँछाड मछाड
कहिले जेठो बस्छ कहिले कान्छो बस्छ
बिचरा कुर्ची तँलाई तान्न तँछाड मछाड
कहिले जेठो खस्छ कहिले कान्छो खस्छ ।

प्रकृति

हरियाली डाँडाकाँडा, खोलानाला,भीरपाखा
सुन्दर सेता हिमाल देख्दा मग्न हुन्छन् आँखा

सातै समुद्र, समतल तराई, यो सारा संसार
भन्छन् सबै-यही त हो प्रकृतिको उपहार ॥

को होलिन् त ती प्रकृति खोज्दै हिंडे जब
चकित भएँ म एउटा वनमा पुगेँ तब

चिरबिर चिरविर चराको आवाज आउन थाल्यो
कुहूकुहू कोइली चरी गीत गाउन थाल्यो ॥

सबै ती चरीहरूको घर रै'छ पात अनि रुख
न्याउली चरी गाउन थाल्यो, बिसाएर दु:ख ॥

-युवराज न्यौपाने
कक्षा ८, सं.मा.वि.

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

डा. काशीनाथ न्यौपाने
विभागाध्यक्ष
बौद्धदर्शन, वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सार्वजनिक र निजी विद्यालयका शिक्षक को बढी भाग्यमानी ?

-रामहरि पण्डित

मानव सभ्यताको विकासक्रम सँगैसँगै शिक्षाको पनि विकास भएको पाइन्छ। मानिसले विभिन्न युग र कालहरू व्यतीत गर्दै आजको आधुनिक युगमा प्रवेश गरेको छ। शिक्षाले पनि त्यसैगरी विभिन्न कालखण्ड, परिस्थिति र अवस्थाहरू पार गर्दै आधुनिक विश्वमा फड्को मारेको कुरालाई नकार्न मिल्दैन। सोही अनुरूप शिक्षकले पनि विभिन्न सीपहरूको प्रयोग गर्दै आफ्नो धारणाहरू प्रस्तुत गरी पढाइ, लेखाइ, वोलाइ र सुनाइको सार्थक योगदान दिँदै आएका छन्।

शिक्षा भनेको सचेतना प्राप्त गर्नु हो। अर्थात् मानव मस्तिष्कको सुषुप्त अवस्थालाई सक्रिय वनाउन अथाह जानकारीमूलक विषयवस्तुको माध्यमबाट आर्जित हुने परिणाम नै वास्तविक शिक्षा हो। शिक्षा मानव जीवनको यस्तो अभिन्न अङ्ग हो जसलाई प्रत्येक क्षणहरूमा पृथक् पृथक् शैलीबाट व्याख्या, विश्लेषण, प्रयोग र आर्जन गर्न सकिन्छ। प्राचीनकाल वा वैदिककालमा संस्कृत शिक्षा प्रणाली फस्टाउँदो अवस्थामा रहेको थियो। जस अन्तर्गत गुरुकुल, ऋषिकुल, देवकुल र पितृकुल प्रणाली वैदिक शिक्षा प्रणाली अनुसार नै सञ्चालनमा रहेका पनि थिए। यसैको प्रभाव वा छाप पछिसम्म रहिरह्यो।

विश्वको शैक्षिक परिस्थिति या शिक्षा प्रणाली प्राचीनकालमा एउटै अवस्थामा थियो भन्न सकिने केही आधारहरू पनि छन् , जुनवेला गुरुहरूको सेवा गर्नु, भिक्षा मागी गुरुहरूलाई ख्वाउनु, गुरुहरूको सेवा गर्नु, गुरुहरूलाई देवता सरह मान्नु जस्ता कार्यहरू समान रूपका थिए। समाज र सामाजिक चाहनाहरूमा वाइबल, कुरान, त्रिपीटक, गीता, चण्डी, रामायण जस्ता ग्रन्थहरूको प्रभावमा परेर सोही धार्मिक आस्था अनुरूपको शिक्षाको खाँचो महसुस हुँदै गयो। यही वातावरणको सेरोफेरोमा नै केन्द्रीत भएर शिक्षा दिनुपर्ने अवधारणाहरूको विकास पनि हुँदै गयो। यसरी समग्र शिक्षा क्षेत्रलाई विभिन्न क्षेत्रबाट प्रत्यक्ष प्रभाव पारिरह्यो। तर आज शिक्षा लिनेदिने गरेका प्रणालीहरूमा विविधता आइरहेको छ। खुला विद्यालय अन्तर्गत औपचारिक र अनौपचारिक शिक्षाको धारणाबाट शैक्षिक विकासमा जोड दिइएको पाइन्छ।

सबैको पहुँच हुने, समान सहभागितामूलक ठाउँ, स्थल, समारोह, विद्यालय आदिलाई सार्वजनिक ठाउँ, स्थल, समारोह, विद्यालय आदि भनिन्छ भने व्यक्तिगत चाहना, रहर, कामनाका आधारमा निजि स्वामित्वको हैसियतले संचालित संघ संस्था, समारोह,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय र निकायलाई निजी ठाउँ, स्थल, समारोह र विद्यालय भनि परिभाषित गर्न सकिन्छ। शिक्षणका सम्वन्धमा 'सुने विर्सन्छ, देखे सम्झन्छ र गरे सिक्दछ।' भन्ने भनाईलाई आधार मानेर भन्ने हो भने शिक्षकले विद्यार्थीको सक्रिय सहभागिता गरेर सिकाईएको सीप बढी प्रभावकारी र अर्थपूर्ण हुन्छ। फलस्वरूप सिकारुको सिकाइ पनि स्थायी हुन्छ भन्न सकिने प्रमाणहरू प्रशस्त छन्।

वास्तवमा सिक्ने वातावरण सिर्जना गर्ने, सिकाइको लागि प्रेरणा जगाउने, नयाँ-नयाँ ज्ञान सीप र धारणा प्रदान गर्ने, आत्मविश्वासी, स्वस्थ र आकर्षक, विनोदप्रिय र स्पष्टवक्ता, सामुदायिक ज्ञान भएको, जिज्ञासु र शिक्षण सामग्री निर्माण एवं प्रयोग गर्ने सीप जानेको व्यक्तित्वको चिनारी भएको व्यक्तिलाई नै शिक्षक भनिन्छ। विद्यालय एउटा समाज पनि भएकोले यसका सामाजिक जटिलता र आवश्यकता सबैको जिम्मेवारी पूरा गर्न परम्परावादी प्रचलनहरूलाई चिर्दै शिक्षकहरू विद्यमान समयमा संक्षम भएका छन्। नयाँ-नयाँ सोच विचार, चिन्तन तथा सीपहरूको आवश्यकता अनुरूप शिक्षण गर्ने शिक्षकहरू राष्ट्रका सार्वजनिक तथा निजि विद्यालयका सारथी नै हुन्। अहिले देशमा सरकारको पूर्ण स्वामित्वमा सञ्चालित र निजि स्वामित्वमा सञ्चालित भएका विद्यालयहरू छन्। एकातर्फ सरकारको पूर्ण स्वामित्वमा रहेका विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाका तमाम सेवा सुविधा सरकारी राज्यकोषवाट नै प्राप्त गर्छन् भने निजी स्वमित्वमा सञ्चालित विद्यालयका शिक्षक शिक्षिकाहरूका लागि विद्यालय संस्थापकहरूको निगाह र चाहनामा मात्र सेवा सुविधा प्राप्त हुन्छ। किनकि यस्ता खाले विद्यालयहरू नाफामुखी उद्देश्य र देखावटी समाजसेवाका लागि सञ्चालित भएका छन्। निजी विद्यालयका संस्थापकहरू वा उनका म्यादी प्रमुखको एकाधिकारमा सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षकहरू कुण्ठित भएर वस्नुपर्ने, सेवा सुविधाका लागि संघर्ष गनुपर्ने समयमा पारिश्रमिक पनि नपाउने, विद्यार्थी या अभिभावकहरू मध्ये कसैको आरोप आएमा निकालिनु पर्ने, अझ शिक्षिकाको हकमा सुत्केरी हुने रहेछिन् भने सो पछि अब विद्यालय नआउनुहोस् भन्ने जस्ता तुच्छ र छुद्र मानसिकतालाई सहजै व्यहोर्नु परिरहेको विडम्वनापूर्ण अवस्था अर्कोतिर रहेको छ। त्यसैले यस्ता समस्यामा अल्झेका शिक्षकशिक्षिकाहरू किंकर्तव्यविमूढ बनिरहेका छन्।

राष्ट्रिय शिक्षा योजना देश, काल, परिस्थिति सुहाउँदो र सामाजिक माग पूरा गर्ने अवस्थामा सार्वजनिक वा निजी विद्यालयमा कार्यरत शिक्षकहरू को बढी भाग्यमानी ? कसको सुविधा धेरै ? कसको काम धेरै ? को बढी चिन्तित वा असन्तुष्ट भन्ने जस्ता प्रशस्त प्रश्नहरूले टड्कारो रूपमा पटाक्षेप गरेको बुझ्न सकिन्छ। केही काम नपाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा गर्न नसकेर फलानो त मास्टर भएछ भन्ने शब्दभेदी वचन एकातिर अनि काम पाइहाले पनि निजी विद्यालयका संस्थापकहरूबाट दलाइएका अत्यधिक कार्यबोझले गर्दा उनीहरू सरकारी विद्यालयका शिक्षकहरूलाई बढी भाग्यमानी सम्झिन पुग्नु पनि नाजायज होइन । त्यसैगरी सरकारी विद्यालयका सेवासुविधाका विविधताले गर्दा पनि उनीहरूलाई बढी इज्जतदार र ठूला हैसियतका शिक्षकको आँखाबाट नियाल्न अवश्य सकिन्छ । एक समयमा सार्वजनिक विद्यालयमा अध्ययन गरेका व्यक्तिहरूले नै राष्ट्रका हरेक तह र तप्कामा पुगेर उच्च तथा सम्मानित जीवन जिउन सफल भएका उदाहरण पनि प्रशस्तै छन् । अनि प्रथम श्रेणी र विशिष्ट श्रेणीका सफलताका सूत्राधार समेत बनेका कुरा पनि नभएका होइनन् । तर वर्तमान अवस्थामा सरकारी पूर्ण स्वमित्वमा सञ्चालित विद्यालयका नतिजाको आँकडालाई मध्यनजर राख्ने हो भने निजी विद्यालयको तुलनामा बढी नै दयनीय र नाजुक अवस्थाको परिदृश्य देख्न सकिन्छ। यस्तो अवस्थामा चाँहि बढी भाग्यमानी र इज्जतदार शिक्षकको रूपमा निजि विद्यालयकै शिक्षकहरू गनिन पुग्छन् । किनकि निजि विद्यालय सहरमुखी र केन्द्रमुखी मात्र देखिएका छन् । अनि उनीहरूका द्रुततर कार्यगत शैली र मिचाहा प्रविधिलाई परिचालन गर्न सक्षम हुनुले पनि उत्कृष्ट नतिजा हासिल गर्न सफल भएका हुन् । फेरि विद्यालयमा भएको शैक्षिक गुणस्तरको विषयगत कमि कमजोरी देखा परे लगत्तै सम्बन्धित सरोकारवाला शिक्षकहरू निकालिन्छन् । यस्तै विभिन्न आरोप र लाञ्छनाहरू लगाईएका कारणबाट शिक्षकहरू असुरक्षित बन्न पनि पुगेका छन् । यस अवस्थामा भने उनीहरू बढी नै चिन्तित र असन्तुष्ट बन्न पुग्छन् । 'क', 'ख' र 'ग' श्रेणीमा गनिएका विद्यालयहरूले चर्को शुल्क असुलेर कक्षा ९ सम्म हजुरका नानी साह्रै राम्रो पढ्छन् भन्ने हौस्याएर नम्बर पनि धेरै नै दिन्छन् अनि कक्षा १० पुगेपछि हजुरको नानीले पढ्नै सकेन भनेर आफ्ना विद्यालयबाट सेन्टअप नगराई जिल्ला शिक्षा कार्यालयबाट या अन्य सरकारी विद्यालयको नामबाट परीक्षा दिन लगाउँछन्। एस्.एल्.सी परीक्षामा समेत यस्तै प्रणाली अनुसरण गराई शतप्रतिशत परिणाम हात पारेको देखाउन कत्ति पनि सर्माउदैनन् । यस्तो अवस्थामा भने शिक्षकहरू दोषी देखिन आउँछन् तर पनि समग्र शिक्षा क्षेत्रमा निजि विद्यालयको योगदानलाई भने कम आकलन गर्न मिल्दैन । यस्ताखाले विद्यालयले कठिन विषय मानिएका विषय शिक्षकहरू र विद्यार्थी दुवैलाई अत्यधिक काममा जोताएर राम्रो नतिजा हासिल गरेका छन् भन्नुमा कुनै अतिसयाक्ति हुदैन । अब रह्यो सरकारी विद्यालयमा कार्यरत शिक्षकहरूको कुरा, केही यस्ता शिक्षकहरू पनि छन् जसले खेताला लगाएर आफ्नो तलबको केही हिस्सा प्रदान गरी आफू मोजमस्तीमा या आफ्ना काममा जाने गरेका ताजा र यथार्थ विषयले पनि, केही शिक्षकहरूको लापरवाही कार्यका कारण कतिपय योग्य र जुझारु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षकसमेतलाई यदाकदा गलत लाञ्छना लाग्ने नगरेको पनि होइन । फेरि तालिम प्राप्तिका लागि गएका शिक्षकहरूले तालिम अवधिभर सिकेका ज्ञान, सीप र अनुभवलाई आ-आफ्ना विद्यालयमा फर्केर सही रूपमा प्रयोग तथा कार्यान्वयन नगरी भत्ता प्रयोजनका लागि मात्र सक्रिय रहनुको कुनै औचित्य र प्रभावकारी देखिदैन । तालिम, या अन्य सिकाइ सिद्धान्तको पूर्णरूपेण प्रयोग भयो भएन भन्ने कुनै ठोसमूलक मूल्याङ्कन र अनुगमन नभएर पनि सरकारी विद्यालयका शिक्षकहरू बढी अध्ययनशील बन्न नसकेका हुन् भन्न सकिने आधारहरू प्रशस्त छन् । केही सरकारी विद्यालयमा गई अनुसन्धान गर्ने हो भने आफ्ना काममा कर्तव्यपरायण ढङ्गले लागेका शिक्षक कमै भेटिन्छन् । अनि कहाँबाट सरकारी विद्यालयका परिणाम राम्रो देखिन्छ त ? तर एकाध सरकारी विद्यालय चाहिँ नमुना विद्यालयका रूपमा पनि नचिनिने होइनन् । समयसापेक्ष शिक्षा सेवा आयोगले पनि स्वस्थ प्रतिस्पर्धा नगराई कार्य क्षमता भएका र जुझारु शिक्षकलाई मर्कामा पारिरहेका छन् भन्ने कुरा पनि तेत्तिकै प्रासङ्गिक छ । शिक्षक सेवा आयोगले राजनीतिक आग्रह र पूर्वाग्रहका भूमरीमा नपरी योग्य, चुस्त, स्फुर्त र दक्ष शिक्षकहरूका लागि स्वस्थ प्रतिस्पर्धा गराई शिक्षक नियुक्ति गरे अवश्यमेव सरकारी विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन सकिन्छ र ती विद्यालयका शिक्षकहरू नै बढी सुरक्षित, सन्तुष्ट, योग्य र ठूला हैसियतका बन्न सक्दछन् भन्ने कुरा पनि घाम जस्तै स्पष्ट छ ।

निष्कर्षमा सार्वजनिक वा निजी विद्यालय जहाँ कार्यरत भए पनि सबै शिक्षकहरूले आफूलाई नै बढी भाग्यमानी मानी सन्तुष्ट ढङ्गमा आफूलाई मिहिनेती र अध्ययनशील बनाउँदै जानुपर्छ र इज्जतदार र ठूला हैसियतका रूपमा स्थापित गराउँदै लैजानुपर्छ । अनि शिक्षण प्रविधिले शिक्षण सिकाइ प्रक्रियामा विभिन्न पद्धति, विधि तथा साधनहरूको विकास र प्रयोग गरी शिक्षा योजना, शैक्षिक नीति, शिक्षाका राष्ट्रिय तहगत र कक्षागत उद्देश्य, पाठ्यक्रमको स्तरीयता अनि समन्वयपन, पाठ्यसामग्रीको निर्माण, शिक्षक तालिम र योग्य शिक्षकहरूको छनोट व्यवस्था राष्ट्रिय स्तरबाटै गरिनुपर्दछ । सबै शिक्षकहरूले राष्ट्रिय शिक्षा नीतिलाई भरपूर योगदान दिन सके मात्र समग्र राष्ट्रिय शिक्षा क्षेत्रलाई अझ सकारात्मक र आमूल परिवर्तन गर्न सकिन्छ । तब मात्र सार्वजनिक वा निजी विद्यालयमा कार्यरत शिक्षकमध्ये को बढी भाग्यमानी वा योग्य भन्ने प्रश्न समाप्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत छात्रावास र संस्कृत शिक्षा

-धर्मराज पाण्डे
वाल्मीकि विद्यापीठ

देशका प्रत्येक भाग वा क्षेत्रमा संस्कृतको विस्तार गरेर संस्कृतको विकास गर्नु छ । २१ औं शताव्दी आएको छ, समस्याहरू फेरिएका छन् र आवश्यकताले नयाँ रूप धारण गरेको छ तर हामी संस्कृतलाई कसो गर्दा राम्ररी आत्मसात गर्न सकिएला भन्ने विषयमा अझै गहिरो अन्योलवाट मुक्त भइसकेका छैनौं । यद्यपि यस विषयमा अनेकौं गोष्ठीहरू हुने गरेका छन् तर कुनै क्रान्ति पनि गर्न सकिरहेको छैन, कुनै आँट उठाउन सकिरहेको छैन ।

संस्कृतको समुन्नतिका लागि गर्नुपर्ने र गर्न सकिने कामहरू धेरै छन्- संस्कृत शिक्षाको विस्तार संस्कृत ग्रन्थहरूको प्रचार-प्रसार, संस्कृतसेवीहरूलाई प्रोत्साहन र संस्कृत वाङ्मयको अनुसन्धान इत्यादि गर्नुपर्दछ तर यी सबै कार्यमा कुनै उत्साह ल्याउन सकिएको छैन । संस्कृत छात्रावास दक्षिण एसियाकै सुविधासम्पन्न छात्रवास हो तर यहाँ बस्ने विद्यार्थीले यसलाई उपयोग गर्न सकिरहेका छैनन् किनकी ब्राह्मण भएर संस्कृत पढेर यजमानी गर्नेमात्र संस्कृत शिक्षाको उद्देश्य होइन । सबैभन्दा महत्वपूर्ण पक्ष के हो भने यस्तो सुविधा सम्पन्न छात्रवासमा बसेपछि विद्यार्थीले पढाइलाई भने निरन्तरता नै दिनुपर्छ । संस्कृत ओझेलमा पर्नुका दुई कारणहरू छन् - राष्ट्रिय शिक्षाको मूल प्रवाह र अर्को छ संस्कृत शिक्षाको क्षीण । सारा संसार मूलप्रवाह तिरै एकोहोरिइरहेछ । देश धर्मनिरपेक्ष राज्य घोषणा भएको छ । संस्कृतका विद्यार्थी र शिक्षकहरू क्षीणकुलेसाका वुदुना माछाझैँ लरबरिइरहेछन् । यिनीहरूलाई राष्ट्रिय शिक्षाको मूल प्रवाहवाट छुट्टै राखिएको छ । के पुरातनको कुनै सीमा छ ? अवश्य पनि छैन । अनि आधुनिकताको पनि कुनै सीमा छ ? त्यो पनि छैन होला तर के हो भने संस्कृतका राम्रा पक्षहरूलाई हृदयमा साँचेर मानिसले वर्तमानसँग सम्झौता गर्नुपर्छ र अगाडि वढ्नुपर्छ । जस्तै यहाँ बस्ने विद्यार्थीले वर्तमानसँग सम्झौता गर्न खोज्दैनन्, पाउँदैनन् वा सक्दैनन् तबसम्म उन्नति रोकिन्छ । हाम्रा पाठशाला गुरुकुल वा विश्वविद्यालयले वर्तमान समय र आवश्यकतासँग सहमति तयार नगरी हुँदैन । वर्तमानसँगको सहमति भनेको राष्ट्रिय शिक्षाको मूल प्रवाहमा संस्कृत शिक्षालाई मिलाइदिनु हो ।

वास्तवमा सम्पूर्ण नागरिकलाई सुसंस्कृत वनाउने लक्ष्य नेपाल संस्कृत विश्वविद्यालयको हुनुपर्छ अनि राष्ट्रभाषा नेपालीलाई पनि यसबाट ठूलो लाभ हुन्छ। संस्कृत भाषा पुरानो भाषा हो तर संस्कृत शिक्षालाई वर्तमान समयसापेक्षरूपमा विकास गर्न सकिरहेको छैन । त्यसका लागि संस्कृत शिक्षाको वारेमा प्रचार प्रसार, गोष्ठीहरूको आयोजना गरि संस्कृत शिक्षालाई वैज्ञानिकरूपमा लैजानुपर्ने आजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकता हो । नेपाल संस्कृत विश्वविद्यालयको काम कर्मचारी र शिक्षकरुलाई पाल्ने मात्र नभई संस्कृतप्रेमी वनाउने, संस्कृत शिक्षामा विद्यार्थीहरू वढाउने, संस्कृतिको विकास र विस्तार गर्ने कार्यलाई अगाडि वढाउनुपर्छ र संस्कृत पढ्ने विद्यार्थीले संस्कृत शिक्षाको आवश्यकता महत्वसँगै सुविधालाई पनि उपयोग गर्दै आफ्नो भविष्य निर्माण गर्नुपर्छ । किनकी संस्कृत शिक्षा पढ्ने र संस्कृत छात्रवासमा वस्ने विद्यार्थीहरूले पाएको सुविधालाई उपयोग गर्दैजाने र संस्कृत शिक्षा पढाउने र संस्कृतको संरक्षण गर्ने हामी सवैले वर्तमान समयसापेक्ष परिमार्जन गर्दै संस्कृत र संस्कृत छात्रावासको विकास र विस्तार गर्नुपर्छ ।

✡💧💧💧✡

मेरो विद्यार्थी जीवन

यो मेरो विद्यार्थी जीवन
कस्तो रमाइलो जीवन
कसैलाई ठग्न नजान्ने
कसैको हृदय दुखाउन नमान्ने
गरीबको शोषण गर्न नखोज्ने
कस्तो यो निश्छल यो स्वच्छ जीवन ॥
स्कूल कलेजमा शिक्षा आर्जन गरेर
अन्धकाररूपी कुहीरोलाई हटाउन
अशिक्षितलाई शिक्षित वनाउन
अन्धविश्वासलाई लत्याउन उन्मुक्त
शिक्षाका लागि सँधै अगाडि वढिरहने
मेरो विद्यार्थी जीवन ॥
देशको अन्धकारलाई हटाउन
नेपाली कर्मठताको नाम चलाउन
सँधै लागिरहने मेरो जीवन
मन वचन र कर्मले परिश्रम गर्ने
मेरो विद्यार्थी जीवन ॥
जीवनमा सँधै संघर्ष गरिरहने,
गरिरहन चाहने
संघर्षशील मेरो जीवन
मेरो विद्यार्थी जीवन ॥

-राजु ढकाल
वाल्मीकि विद्यापीठ

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव पौडेल
अध्यक्ष

सन्जय पौड्याल
सचिव

नेपाल विद्यार्थी संघ, वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुलाई श्रद्धाञ्जली

✍ विष्णुप्रसाद शर्मा
वाल्मीकि विद्यापीठ

जन्मेका तनहूँ पहाड विचको, रम्घा चुँदी गाउँमा
लेख्यौ रे कविता सुनाउन भनी स्वच्छ त्यै ठाउँमा
देख्छौं कागजमा गमक्क हँसिला छोडी तिमी गै गयौ
रम्घाको रसिलो चुँदीतिर अहा हे भानु कस्ता थियौ ॥

झर्थ्यौं रे कहिले सुनाउन भनी वँसी उर्दो भावना
वग्थिन् रे अतिमुग्ध भै स्वर सुनी ती गण्डकी साथमा
नेपाली दिलमा पुगेर रसिला भाका दियौ गुञ्जन
खेल्थ्यौ रे पहरा सुरम्य लहरा लर्कीरहन्थे जहाँ ॥

रच्थ्यौ रे कविता वसेर वनमा चम्पा र वेली सँगै
तिम्रो देह गयो भयौ अमर नै सम्झीरहन्छौ सँधै
तिम्रा यी रचना बुटी सरिभए झुण्डिरहे कण्ठमा
तिम्रै शव्द सवै पुगे जगतमा श्लोकादि रामायण ॥

खै के हाल भनौं यहाँ विरहका गुञ्जीरहेछन् धुन
मान्छे नै किन शत्रु छन् जगतमा हे भानु भन्देउन
तिम्रै श्लोकमहाँ वधू सरहको शिक्षा यहाँ चाहियो
वग्छौ केवल शान्तिको जलमहाँ वाटो खुला चाहियो ॥

खोजीरन्छौं दिनदिन यहाँ शान्तिका दैव भानु
भेट्नै गाह्रो कुन दिन भयो लाग्छ आफ्नो विरानो
पाखावारी रन वन सबै शान्तिको आश गर्छन्
पर्खीराछौं कुन दिन यहाँ बुद्धले राज गर्छन् ॥

नेपाली नभमा बडा चहकिला तारा तिमी चम्कियौ
लेख्यौ राष्ट्र चिनाउने पन दियौ धर्ती विदा भैगयो
अर्प्यौ काव्यकथा बनेर सबका हे फूलका मञ्जरी
सक्ने नै दिन के छ यो जगतमा अर्पन्छु श्रद्धाञ्जली ॥

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दहेज

-मणिराज दाहाल 'ओजस्वी'
वाल्मीकि विद्यापीठ

रात्री समय तर जूनले अध्यारोलाई चिरेर आफ्नो प्रकाश चारैतिर छरेको हुनाले रात पनि दिनजस्तै उज्यालो लाग्छ। केही हरन, वाजा इत्यादि आवाजले वातावरण रमाइलो वनाएको छ। एउटा घर, जसको आँगनमा मण्डप वनाइएको छ। घरलाई रङ्गीचङ्गी कागजले महलजस्तो तुल्याइएको हुनाले अनुमान गर्न सकिन्छ - त्यो घरमा विहे होला।

श्यामवावु हामीलाई रामेको विहे हुने घरलाई देखाउँदा त्यही रमझम घरलाई देखाउँछन्। 'क्या गजबको घर रहेछ भाउजुको' भन्दै किशोरलाई सुनाउँछ रञ्जित। मण्डपमा जानका लागि तीसलाल(श्यामवावुको दोस्त) हामी सम्पूर्ण वरियातलाई जान आग्रह गर्छन्। मण्डपमा राम 'भाउजु'को आगमनलाई कुरिरहेको छ भन्ने कुरा उसको हेराईवाट स्पष्ट छ। किन नकुरोस् 'भाउजु'लाई विचराले। 'भाउजु'को फोटोमात्र हेरेर चित्त वुझाएको छ। विवाह पक्का गर्नका लागि श्यामवावु, तीसलाई र अमितवा(गणित मास्टर) आएका हुन्छन् र तीनलाख भारु पैसा, एउटा पल्सर मोटरसाइकल र तीनतोला सुनमा विवाह पक्का गरेका हुन्छन्। राम वि.ए.पास गरेर पनि यो संस्कारवाट टाढा वस्न सकेको छैन।

मण्डपमा हामी पनि भाउजुलाई भन्दा भाउजुका साथीलाई हेर्न आतुर भएका हुन्छौं। भाउजु आउनुहुन्छ मण्डपमा तर अनुहार हेर्न पाइँदैन किनकि अनुहारलाई घुम्टोले ढाकेको हुन्छ। हरि मलाई 'सेतो सुरवालवाली हेर्न कति च्वाँक रहिछ, वोडी स्ट्रक्चर पनि क्या गजबको छ यार' भन्दै मेरो नजरलाई पनि सेतो सुरवालतिर लान्छ। हेरीरहूँ जस्तै लाग्ने क्या मजाको अनुहार। भगवान्ले वनाउने वेला पनि फुर्सद निकालेर बनाएजस्तो। लामो कपाल, मिलेका दाँतका पङ्क्ति, मिलाएका परेला, स्याउजस्ता राता राता गाला, मानौं कुनै स्वर्गकी अप्सरा पृथ्वीलाई स्वर्ग ठानी बसिरहेकी छिन्।

विवाहको कार्यक्रम सुरुमात्र गर्न के पण्डित चाहन्छन्, त्यत्तिकैमा श्यामवावु पण्डितलाई केही समय पर्खनुस् भन्दै सम्धी रामप्रसादलाई एकान्तमा आउन अनुरोध गर्छन्। रामप्रसाद "के भो ? किन सम्धीज्यू हजुरले मलाई वोलाउनु भा ?" श्यामवावु- तीनलाख भारु पैसा, पल्सर मोटरसाइकल र तीनतोला सुन खोइ ? भन्दै रामप्रसादलाई दहेज ल्याउन भन्छन्। रामप्रसादले त्यत्रो पैसा जम्मा गर्न नसकेको कुरा बताउँछ। दुई लाख भारु, पल्सर मोटरसाइकल, तीन तोला सुन ल्याएर "सम्धी ! माफ गर्नुहोला, तीनलाख भारु अहिले दिन सकिन। एक हप्तापछि तपाइँको घरमा बाँकी एक लाख पुऱ्याइदिन्छु।" श्यामवावुको रीसको सीमा रहेन। ऊ चिच्याउँदै फलाक्न थाल्यो - "छोरी ठूलो घरमा दिन खोज्ने, दहेज दिन नसक्नेले किन ठूलो घर र पढेलेखेको केटो खोज्नु ? मेरो छ लाख रूपैंया छोराले पढाइमा खर्च गरेको छ, यो पैसा छोराको विवाहबाट नल्याए कहाँबाट ल्याउनु ? राम ! ए राम ! तैंले सुनिनस्, हिंड शादिवादी हुँदैन यो घरमा। ए केटाहरू हो ! के ट्वाल्ल परेर हेरेको ? फर्क सबै अब घर जाऊँ।" दुलही नलिई रामको वरियात घरतिर फर्कन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुरु : एक चिनारी

-पुरुषोत्तम घिमिरे
वाल्मीकि विद्यापीठ

नेपाल हरियालीमय, सुन्दर, शान्त, प्राकृतिक सौन्दर्यले परिपूर्ण देश हो। विश्वमानचित्रमा नेपालको नक्सा सानो भए पनि विश्वलाई चिनाउने सगरमाथा, सवैभन्दा गहिरो कालीगण्डकीको गल्छी, विश्वको सर्वोच्च स्थानमा माछा पाइने रारा ताल, विश्वको अग्लो स्थानमा रहेको वस्ती डोल्पाको छार्का भोट र तरापवस्ती, विश्वकै अग्लो स्थानमा फुल्ने फूल स्टेलरिया डेकूम्वेन, शान्तिका दूत गौतम वुद्ध जस्ता व्यक्तिले नेपाल विश्वमानचित्रमा सानो भएतापनि आँखाको नानी बन्न सफल भएको छ। नेपाल मन्दिरै मन्दिरले भरिपूर्ण देश हो। नेपालमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त पशुपतिनाथ, मुक्तिनाथ, मनोकामना, गढीमाई, देउतीवज्यै लगायत अनगिन्ति प्रसिद्ध मन्दिर रहेका छन्। त्यसैले यो एक धार्मिक क्षेत्र पनि हो। यसै देशको एक धार्मिक क्षेत्र रुरु हो।

राजनैतिक विभाजनका आधारमा पश्चिमाञ्चल विकास क्षेत्रमा रुरु क्षेत्र पर्दछ। पाल्पा सदरमुकाम तानसेन देखि ३५ किलोमिटर उत्तरमा रिडी पर्दछ। गण्डकी अञ्चलको स्याङ्गजा र लुम्विनी अञ्चलको पाल्पा, गुल्मी गरी दुई अञ्चलका तीन जिल्लाको सङ्गमस्थल रिडी हो। यसै क्षेत्रवाट विश्वमै अप्राप्य शालिग्राम आफ्नो गर्भमा राख्ने धार्मिक दृष्टिले पनि अतिपवित्र कालीगण्डकी नदी वगेकी छिन्। कालीगण्डकीको पूर्वमा गण्डकी अञ्चल पश्चिममा लुम्विनी अञ्चल पर्दछ।

वराहपुराण अनुसार आजको गुल्मी जिल्लाको रुरु गाविस, रिडीको गल्फुले गुफामा त्रेतायुगमा भृगुवंशी देवदत्त ऋषिले तपस्या गर्दा स्वर्गवाट कामदेवादिको साथमा प्रम्लोचा अप्सरा आई तपोभङ्ग गरी उनवाट कन्या जन्मिन् तिनलाई रुरु(मृग)ले पालेकोले उनको नाम रुरुकन्या राखियो। उनको कठोर तपस्यावाट प्रसन्न भई भगवान् विष्णु चतुर्वाहुरूपमा प्रकट भई "तिम्रो नामवाट यो क्षेत्र प्रसिद्ध हुनेछ" भन्ने वरदान दिएपछि रुरु कन्याको नामवाट रुरु क्षेत्र प्रसिद्ध भएको मानिन्छ। यस क्षेत्रको प्रमुख धार्मिक मन्दिर हृषीकेश हो।

उभयोः सङ्गमे वेण्यां हृषीकेशः इति प्रभुः
कलौ मुक्तिप्रदानाय राजते ध्यायतां सताम् ॥

यस्तो पवित्र सङ्गम क्षेत्रमा त्रेतायुगदेखि भगवान् विष्णु हृषीकेश नामले कलियुगका पापीजनलाई दुःखमहासागरवाट उद्धार गरी मोक्ष दिन विराजमान हुनुहुन्छ।

कालीगण्डकीमा स्नान गरी ऋषिकेश मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थीहरूको हरेक दिन घुइँचो लाग्दछ। माघे संक्रान्ति मेला हेर्नका निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका हरेक कुनाकाप्चाबाट मानिस आउनुका साथै विदेशी पनि प्रशस्त मात्रामा आउने गर्छनन् । यसवाहेक यसमा प्रत्येक एकादशी, वैशाख महिना, माघ महिनालाई पनि सहायक मेलाका रूपमा लिन सकिन्छ। ठूली एकादशीको अर्को दिन यहाँ हृषीकेशवको रथलाई त्यस क्षेत्रमा भव्यताका साथ परिक्रमा गराइन्छ। यो पनि यहाँको एक मेलाका रूपमा लिइन्छ। युगौंयुगको कालखण्डमा अनेकौं प्राकृतिक उथलपुथलद्वारा गण्डकीकै गर्भमा अवस्थित दिव्य चतुर्वाहु मूर्तिलाई स्वप्न दर्शन पाई गण्डकीबाट वाहिर ल्याई आजको वर्तमान स्थानमा विक्रमको सोह्रौं शताव्दीको पूर्वतिर स्थापना गरी नित्य पूजा सञ्चालन गर्नका लागि गुठीको समेत व्यवस्था मिलाउने प्रसिद्ध पाल्पाली राजा मणिमुकुन्द सेन हुन्। वर्तमान अवस्थामा रहेको फूलको आकारको मन्दिर भने वि.सं. १८१९ मा रणदलपाण्डेयले निर्माण गरेको प्रमाण भेटिन्छ।

यस्तो अङ्ग, प्रत्यङ्ग र पार्षदहरूले युक्त स्वयं प्रकट मूर्ति विश्वकै अद्वितीय मानिन्छ। श्रीकृष्णागण्डकी र भगवान् हृषीकेशको महिमा विभिन्न पुराणहरूमा विस्तृतरूपमा वर्णित छ। यस मूर्तिको दर्शन ढोका बाहिरबाटै गर्नुपर्दछ। यसमन्दिरको वरिपरि गायत्री, शिव लगायत विशाल अग्निकुण्ड रहेको छ जहाँ नित्य हवन गरिन्छ र दर्शनाभिलाषीका लागि धर्मशालाको व्यवस्था पनि छ। यहाँ एक गायत्री विद्यापीठ छ, जहाँ कर्मकाण्ड अध्ययन, अध्यापनका साथै भोजन र आवासको पनि व्यवस्था छ।

सतीदेवीको उपल्लो दाँत पतन भई ज्योतिर्लिङ्ग शिवशक्ति स्वरूपले रहेको भृगुतुङ्गेश्वर महादेवको मन्दिर स्याङ्जा जिल्लामा अवस्थित छ, जहाँ भृगुवंशी देवदत्तले तपस्याद्वारा भगवान् शङ्करको साक्षात् दर्शन पाउनुभएको थियो। हाल भृगु ऋषिले तपस्या गरेको ठाउँ पहिरोले पुरेपछि केही माथि एक मन्दिर बनाई शिवलिङ्ग स्थापना गरिएको छ। प्रत्येक वर्ष महाशिवरात्रीमा त्यहाँ भव्य मेला लाग्ने हुँदा भक्तजनहरूको ठूलो घुइँचो लाग्ने गर्दछ । यो ठाउँमा पुग्नका लागि रिडीबजार देखि डेढ किलोमिटर उत्तरतिर पुलक्याम भन्ने ठाउँ माथि रहेको झोलुङ्गे पुलबाट पारी अलिकति उकालो चढेपछि पुगिन्छ। यस क्षेत्रमा गल्फुले गुफा, आनन्द कुटी, अचम्मेश्वर महादेव, रुरुकन्याको मन्दिर, महाकाली मन्दिर लगायत अन्य थुप्रै मन्दिर गुल्मी जिल्लातर्फ पर्दछन् भने पाल्पातर्फ और्व ऋषिले तपस्या गरेको अतुङ्ग स्थान, गाइघाट, सत्येश्वर महादेव मन्दिर, ऐतिहासिक अर्गली दरबार आदि पर्दछन्।

यस क्षेत्रको अर्गली फाँटलाई प्राचीन कालदेखि नै खेतीयोग्य जमिनको रूपमा लिइएको थियो। अहिले पनि यस क्षेत्रको तरकारी पाल्पा,गुल्मी, बुटवलसम्म निर्यात हुन्छ। यस क्षेत्रको राम्रो प्रचार प्रसारको साथै विकास गर्न सकेमा प्रशस्त मात्रामा स्वदेशी तथा विदेशी पर्यटक आउने हुनाले प्रशस्त मात्रामा आर्थिक उन्नति हुने सम्भावना रहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरी प्यारी हजुरआमा

जन्मिन् लच्छिनकी वाला गृहलक्ष्मी उनी वनिन्
वाह्रैमास गरिन् पुण्य, पूजा र यज्ञमा जुटिन् ॥
तीर्थधाम घुमिन् सारा गरिन् श्रद्धा त्रिशक्तिमा
मंगलात्मा थिइन् लक्ष्मी, डुबिन् मङ्गलधाममा ॥
श्रद्धा स्नेहमयी लक्ष्मी, ममता-मूर्ति नै थिइन्
टुक्रा ती मुटुका हेरी भित्रैबाट रमाउँथिन् ॥
पियाई प्रेम पीयूष कृतकृत्य यहाँ भइन्
थिइन् माइतकी प्यारी पूज्या मावलकी भइन्
दिदीकी वहिनी प्यारी, आदर्श जननी भइन्
सम्धिनी अनि सम्धीकी सम्मान्या सम्धिनी थिइन् ॥
शोकबाट फुट्यो रोग, सहिन धीरा थिइन् उनी
वज्रपात पऱ्यो घोर सम्झनामा रहिन् उनी
उनकै कोखमा जन्मूँ जन्म हुन्छ भने अब
गायत्रीरूपमा लक्ष्मी वसुलोक पुगिन् अब ॥

-रचना चन्द
वाल्मीकि विद्यापीठ

विद्यार्थी

विद्यार्थी हूँ म पढ्ने मेरो काम
पढेर फैलाउँछु देशको नाम
पढाउँछन् आमा वाले दुःख गरी गरी
पढ्नुपर्छ हामीले मिहिनेत गरी गरी
स्कूल मेरो मन्दिर विद्या मेरो धन
गुरुको अनुहार हेर्दाखेरी प्रोत्साहन मिल्छ झन् ॥
स्कूल मेरो नमुना पढ्छन् यहीँ सारा ब
पढी गुनी ठूलो हुन्छौँ बन्छौँ सारा देशको तारा ॥

-प्रेमराज घिमिरे
कक्षा ८ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

✡💧💧💧✡

वेदमन्दिर

संक्षिप्त परिचय

शिवहरि सापकोटा

विद् धातुबाट निष्पन्न वेद शब्दको अर्थ ज्ञान हो । वेद समस्त ज्ञानराशिको अक्षय भण्डार हो । वेद अनादि हो र अनन्त छ । ऋषिमहर्षिहरूले तपोबलद्वारा प्रत्यक्ष गरेका वा पवित्रतम अन्तःकरणमा दर्शन भएका कारण यसमा कतै पनि कर्तापन र असत्यको स्थान छैन । यी मन्त्रहरूलाई सर्व प्रथम दर्शन गर्ने ऋषिमहर्षिहरू नै हुन् । त्यसैले ऋषिमहर्षिहरूलाई मन्त्र कर्ता नभनेर मन्त्र द्रष्टा भनिएको हो ।

"ऋषयोः मन्त्रद्रष्टारः "।

सृष्टिको प्रारम्भमा वेद एउटा मात्र थियो । कालान्तरमा मनुष्यहरूको वुद्धि मन्द हुन्छ भन्ने जानेर वेदको संरक्षण र गुरूपरम्परालाई कालान्तरसम्म जोगाइ राख्नको लागि कृष्णद्वैपायनमहर्षिले वेदलाई चार भागमा पृथक्करण गरी आफ्ना शिष्यहरूलाई ऋग्, यजुः, साम र अथर्व क्रमशः पैल, वैशम्पायन, जैमिनि, सुमन्तुलाई उपदेश दिनु भयो । शुक्लयजुर्वेदका भाष्यकार महीधरले आफ्नो भाष्यको प्रारम्भमा भनेका छन् :- "तत्रादौ ब्रह्मपरम्परया प्राप्तं वेदं वेदव्यासो मन्दमतीन् मनुष्यान् विचिन्त्य तत्कृपया चतुर्धा व्यस्य ऋग्, यजुः, सामाथर्वाख्यांश्चतुरो वेदान् पैलवैशम्पायनजैमिनिसुमन्तुभ्यः कमादुपदिदेश" । यसरी व्यासले वेदलाई चार भागमा विभाजन गरेका कारण व्यासलाई वेदव्यास भनिएको हो । "विव्यास वेदान् यस्मात् स वेदव्यासः इति स्मृतः" ।

"अपौरुषेयः शब्दराशिर्वेदः" भनेको हुनाले वेदको स्वरूप शब्दात्मक हो । ग्रन्थको दृष्टिबाट संहिता र ब्राह्मणको संयुक्त स्वरूप नै वेद हो । "मन्त्रब्राह्मणयोर्वेदनामधेयम्" को आधारमा मन्त्रमा बताइएका देवताहरूको स्तुति आदिको यज्ञ प्रकियामा उपयोग बताउने ब्राह्मण ग्रन्थको उद्देश्य हो । त्यसकारण संहिता र ब्राह्मण मिलेर नै यज्ञरूपी उद्देश्य पुरा गर्छन् । यज्ञको दृष्टिबाट वेदको विभाजन गरिएको हो अर्थात् यज्ञको लागि जुन चार जना ऋत्विक (होता, अध्वर्यु, उद्गाता र ब्रह्मा) हरू आवश्यकता हुन्छ । उनीहरूको कियाकलाप अनुसार वेदको विभाजन गरिएको हो । जस्तै जुन वेदमा होताद्वारा यज्ञमा देवतास्तुतिको लागि प्रशंसात्मक मन्त्रहरूको सङ्कलन निहित छ । त्यसलाई ऋग्वेद भनिन्छ । आध्वर्यवकर्मसँग सम्बन्धित मन्त्रहरूको सङ्कलन जहाँ उपलव्ध छन् त्यसलाई यजुर्वेद भनिन्छ । उद्गातासँग सम्बन्धित मन्त्रहरूको समूह जहाँ उपलव्ध हुन्छ त्यसलाई सामवेद नामवाट चिनिन्छ । यो भागमा निहित मन्त्रहरू उपासनाद्वारा आत्मिक शक्ति प्रदान गर्नेवाला छन् । ब्रह्मा नामक ऋत्विक्को कार्य यज्ञको पूर्णरूपमा निरीक्षण गर्ने र कुनै पनि कार्यमा त्रुटि हुन नदिनु हो । यससँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्वन्धित वेद अथर्ववेद हो । यसप्रकार चार ऋत्विज्‌हरूको क्रिया र निहित विषयवस्तु अनुसार वेदव्यासले सम्पूर्ण वेदराशिलाई चार भागमा विभाजन गरेका हुन् ।

महर्षि वेदव्यासले पैल, वैशम्पायन, जैमिनि, सुमन्तु ऋषिहरूलाई वेदराशिको उपदेश प्रदान गरिसकेपछि यिनै ऋषिहरूले आ-आफ्नो शिष्यप्रशिष्यहरूलाई वेदको अनेक प्रकारान्तरवाट बोध गराए, जसको फलस्वरूप वेदको अनेक शाखाहरूको विस्तार भयो । जसको उल्लेख पतञ्जलिले महाभाष्यमा गरेका छन् । "एकशतमध्वर्युशाखा: एकविंशतिधावाह्वृच्यम्, सहस्रवर्त्मासामवेद:, नवधाथर्वणो वेद:" अर्थात् ऋग्वेदको २१ शाखा, यजुर्वेदको १०१ शाखा, सामवेदको १००० शाखा र अथर्ववेदको ९ शाखाहरू वताइएका छन् । मुख्यत: वेदको चार भेद नै स्वीकार गरिएको छ जुन ऋक्-यजु-साम-अथर्ववेद नामवाट प्रसिद्ध छन् ।

१. ऋग्वेद

महर्षि पतञ्जलिले महाभाष्यमा ऋग्वेदको २१ शाखाहरूको उल्लेख गरे पनि अहिले केवल एक शाखा मात्र उपलब्ध छ जसलाई शाकलशाखाको नामवाट जानिन्छ । सम्प्रति ऋग्वेदको यही शाखा प्रचलित छ र उपलब्ध पनि छ । यसै ऋग्वेदको दुई वटा ब्राह्मण उपलब्ध छन् । १. ऐतरेयब्राह्मण २. शांखायनब्राह्मण । यस ब्राह्मणमा ४० अध्याय छन् । प्रत्येक पाँच अध्यायको एक पञ्चिका छ । यस प्रकार पुरै ग्रन्थलाई पाँच पञ्चिकामा विभाजन गरिएको छ । अध्यायलाई खण्डमा विभाजित गरिएको छ । यस ब्राह्मणमा ४० अध्याय, ८ पञ्चिका, २८५ खण्ड छन् । यो ऋग्वेदको दोश्रो ब्राह्मण हो । यसलाई 'कौषितकि ब्राह्मण' पनि भनिन्छ । यसको प्रवचनकर्ता शांखायन ऋषि मानिएको छ । यस ब्राह्मणमा ३० अध्याय छन् । प्रत्येक अध्याय खण्डमा विभाजित छन् । यी खण्डहरूको संख्या ४ देखि १७ सम्म छन् । सम्पूर्ण खण्डको संख्या २३६ छन् । ग्रन्थमा कैयौं स्थानमा कौषितकिको उल्लेख र उनको मत दिइएको छ । ऋग्वेदको दुई वटा श्रौतसूत्र उपलब्ध छन् । आश्वालायन र शांखायन ।

आश्वालायन - यस श्रौतसूत्रमा होताद्वारा यज्ञमा गरिने यज्ञीय विषयको वर्णन गरिएको छ । यसको रचयिता आश्वलायन ऋषि हुन् । आश्वालायनलाई शौनकऋषिको शिष्य मानिएको छ । आश्वलायन गृह्यसूत्रको रचयिता पनि आश्वलायन नै मानिएको छ । यो श्रौतसूत्रको संवन्ध ऋग्वेदको शाकल र वाष्कल दुवै शाखासँग छ । यसमा वाह्र अध्याय छन् ।

शांखायन - यो शांखायन (कौषीतकी) ब्राह्मणसँग सम्बन्धित छ । यसको रचयिता सुयज्ञ शांखायन मानिएको छ । यसमा अठार अध्याय छन् । जसमा १२ मन्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता छन् कि जो शाकल शाखामा मिल्दैन । अत: यसको संवन्ध अन्य शाखाहरूसँग मानिएको छ ।

२. यजुर्वेद

यजुर्वेद मुख्य दुई रूपवाट विभक्त छ । एक शुक्लयजुर्वेद दोस्रो कृष्णयजुर्वेद । वेदका दुई संप्रदाय प्रचलित छन् । आदित्य संप्रदाय, व्रह्म संप्रदाय । शतपथ ब्राह्मणमा स्पष्ट उल्लेख भए अनुसार शुक्लयजुर्वेद आदित्य संम्प्रदायसँग सम्वद्ध हो र यो याज्ञवल्क्यद्वारा उपदेश गरिएको छ । "आदित्यानीमानि शुक्लानि यजूंषि वाजासनेयेन आख्यायन्ते" । महर्षि पतञ्जलिले यजुर्वेदको १०१ शाखाको उल्लेख गरेका छन् ।

शुक्लयजुर्वेद - शुक्लयजुर्वेदको १५ शाखा उल्लेख भए पनि अहिले केवल दुई शाखा मात्र उपलव्ध छन् । ती हुन् :- माध्यन्दिनशाखा र काण्डशाखा । माध्यन्दिनशाखाको संहितमा ४० अध्याय र १९७५ मन्त्रहरू छन् । काण्वसंहितामा पनि ४० अध्याय छन् र मन्त्र संख्या २०८६ छन् अर्थात् वाजसनेयिशाखामा भन्दा १११ मन्त्र अधिक छन् । यसको विभाजन अध्याय, अनुवाक् र मन्त्रको रूपमा गरिएको छ । अध्याय ४० अनुवाक् ३२८ र मन्त्र २०८६ छन् । यसमा माध्यन्दिनशाखामा भन्दा मन्त्रहरूको कममा अन्तर देखिन्छ । दुईवटै शाखाको भिन्न भिन्न शतपथब्राह्मण नाम गरेका ग्रन्थ उपलब्ध छन् । विषयवस्तुको दृष्टिले समान भए पनि प्रतिपादनकममा भिन्नता देखिन्छ ।

शतपथ ब्राह्मण ब्राह्मणग्रन्थहरूमा मूर्धन्य ग्रन्थ हो । विषय विवेचनाको दृष्टिवाट र स्थूलताको दृष्टिबाट यी ग्रन्थ महत्त्वपूर्ण छन् । यागानुष्ठानको विस्तृत विवेचनाको कारण यिनीहरू सबै भन्दा बढी ख्याति प्राप्त भएका छन् । यसको वर्णन कर्ता वाजसनिको पुत्र यज्ञवल्क्य मानिएको छ । वाजसनिको पुत्र भएका कारण उनलाई वाजसनेय भनिएको हो । कि सूर्यको कृपावाट प्राप्त शुक्लयजुर्वेदको व्याख्या वाजसनेय यज्ञवल्क्यले गरेका हुन् भन्ने कुरा शतपथ ब्राह्मणको अन्तिममा उल्लेख गरिएको छ ।

श्रौतसूत्र -

कात्यायन श्रौतसूत्रको संवन्ध शुक्लयजुर्वेदको माध्यन्दिन र काण्ड्व दुवै शाखासँग छ । कात्यायन श्रौतसूत्रको मुख्य आधार शीला शतपथ ब्राह्मण हो । यसमा २६ अध्याय छन् र प्रत्येक अध्यायको विभाजन कण्डिकामा गरिएको छ ।

कृष्णयजुर्वेद

शुक्लयजुर्वेद र कृष्णयजुर्वेदमा मुख्य अन्तर के छ भने शुक्लयजुर्वेदमा मन्त्र भाग र ब्राह्मणभाग पृथक् पृथक् छन् । कृष्णयजुर्वेदमा मन्त्रहरूको साथै मन्त्रको व्याख्या र विनियोगसँग सम्वन्धित ब्राह्मणहरू पनि छन् । कृष्णयजुर्वेदको ८६ शाखा उल्लेख भए पनि संप्रति केवल चार शाखा उपलब्ध छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैत्तिरीय

यो तैत्तिरीय शाखा कृष्णयजुर्वेदको सवै भन्दा प्रमुख शाखा हो। यसमा सात काण्ड ४४ प्रपाठक र ६३१ अनुवाक् छन्। अन्य शाखाहरूमा मैत्रायणी शाखा, कठशाखा, कपिष्ठलशाखा उपलव्ध छन्। विशेष गरेर तैत्तिरीय शाखा नै अध्ययन अध्यापनमा वढी प्रचलित छ।

तैत्तिरीय व्राह्मण - कृष्णयजुर्वेदीय शाखाको तैत्तिरीय व्राह्मण संप्रति उपलव्ध छ। शतपथ व्राह्मणको तुल्य यसमा पनि स्वर चिन्हहरू छन्। अतः यो ग्रन्थ प्राचीन हो भनेर विवेचकहरूले भनेका छन्। शतपथ जस्तै यो पनि विशालकाय छ र यसग्रन्थलाई व्रह्म संप्रदाय अन्तर्गत मानिएको छ। यस व्राह्मणलाई तीन काण्डमा विभाजन गरिएको छ। प्रथम र द्वितीय काण्डमा ८-८ अध्याय र तृतीय काण्डमा १२ अध्याय छन्। यसको उपखण्डलाई अनुवाक् भनिन्छ।

श्रौतसूत्र

कृष्णयजुर्वेद सम्वद्ध श्रौतसूत्र ८ ओटा छन्। १ वौधायन २ आपस्तम्व ३ सत्याषाढ (हिरण्यकेशी) ४ वैखानस ५ भारद्वाज ६ वाधूल ७ वाराह ८ मानव श्रौतसूत्र।

प्राचीन श्रौतसूत्रहरूमा बौधायन श्रौतसूत्रको स्थान सर्वोपरि छ। यसको रचना व्राह्मण ग्रन्थ जस्तै प्रवचन शैलीमा भएको छ। यसको रचयिता वौधायन ऋषि मानिएको छ।

आपस्तम्व श्रौतसूत्र श्रौतसूत्र कात्यायन श्रौतसूत्र र भारद्वाज कल्पसँग सम्वन्धित छ। आपस्तम्वलाई वोधायनको शिष्य मानिएको छ। त्यस्तै सत्याषाढ, वैखानस, वाधूल, वाराह, मानव र भारद्वाज श्रौतसूत्रहरूको आआफ्नै विशेषता रहेको पाइन्छ।

३. सामवेद

महाभाष्यमा पतञ्जलिले सामवेदको एक हजार शाखा उल्लेख गरेका छन्। अहिले तीन वटा शाखाहरू उपलव्ध छन् ती हुन् कौथुमीय शाखा, राणायनीय शाखा र जैमिनीय शाखा। आजकाल कौथुमशाखा सर्वत्र प्रचलित छ। संहिताको दृष्टिवाट कौथुमीय र राणायनीय संहितामा केही मौलिक भेद छैन। यी दुई वटैमा मन्त्र छन् र यिनको कम पनि एउटै छ। सामवेदको जैमिनीय शाखा पनि अत्यन्त महत्वपूर्ण छ। कौथुमशाखामा १८७५ मन्त्रहरू छन् र जैमिनीय शाखामा १६८७ छन्। सामवेदका व्राह्मणहरू पनि उपलव्ध छन्। जसलाई यसरी देखाउन सकिन्छ :-

ताण्ड्य व्राह्मण	सामविधान व्राह्मण
जैमिनीय व्राह्मण	षड्विंश व्राह्मण

श्रौतसूत्र

सामवेदीय श्रौतसूत्र ३ वटा उपलव्ध छन्। १. लाट्यायन श्रौतसूत्र, २. द्राह्यायण श्रौतसूत्र ३. जैमिनीय श्रौतसूत्र।

४. अथर्ववेद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि पतञ्जलिले महाभाष्यमा 'नवधाऽऽथर्वणोवेदः' भनेर अथर्ववेदको नौ शाखा उल्लेख गरेका छन् । ९ शाखाको उल्लेख भए पनि केवल २ शाखा उपलब्ध छन् ती हुन् :- शौनकशाखा र पैप्पलादशाखा । आजकाल प्रचलित अथर्ववेद संहिता शौनकशाखा अन्तर्गत हो । यसमा २० काण्ड, ७३० सूक्त एवं ५९८७ मन्त्रहरू छन् ।

पैप्पलाद शाखाको संहिता पैप्पलाद संहिता हो । पतञ्जलिले महाभाष्यमा अथर्ववेदको प्रथममन्त्र "शन्नोदेवीरभिष्टय......" वताएका छन् । शौनकीयमा यो मन्त्र १ काण्ड ६ सूत्रको प्रथम मन्त्र हो । पैप्पलाद संहितामा यो अथर्ववेदको प्रथम मन्त्र छ । यसवाट के बुझिन्छ भने पतञ्जलिको समयमा पैप्पलाद संहिता प्रचलनमा थियो ।

अथर्ववेदीय ब्राह्मण

अथर्ववेदको एक मात्र ब्राह्मण ग्रन्थ उपलब्ध छ जसको नाम गोपथ ब्राह्मण हो । यो पैप्पलाद शाखासम्वद्ध ब्राह्मण हो ।

श्रौतसूत्र

अथर्ववेदको एउटा मात्र श्रौतसूत्र उपलब्ध छ। जुन वैतान श्रौतसूत्र हो । यो श्रौतसूत्र गोपथब्राह्मणसँग सम्वन्धित छ ।

यसरी वेद भगवान्‌को विशाल मन्दिर मानव मात्रको कल्याणार्थ खडा छ । एक अक्षर मात्रको पनि अध्ययनले जीवनलाई अमूल्य श्रेय प्रदान गर्दछ । आज हाम्रो समाज कन्दन र विभीषिकाबाट सन्त्रस्त छ । यसलाई निर्मूल पार्न वैदिक वाङ्मयका कालजयी उपदेश, ज्ञान र विधानलाई आत्मसात गर्नुपर्ने आवश्यकता छ । श्रद्धा भक्ति र विश्वास नभई गरिएको वेदाध्ययनले आफूलाई कुनै पनि फल दिदैन, यो शास्वत सत्य हो । वेदको आङ्नै सीमा र अधिकार क्षेत्र छ । जसरी जुठो भाँडामा राखिएको पवित्र वस्तु पनि अपवित्र बन्दछ, त्यस्तै अनधिकार पात्रमा दिईएको वेदज्ञान पनि उल्टो फल दिने हुन्छ । वेदवृक्षमा फलेका ज्ञानरूपी मिठो रसले भरिएका महाभारत, पुराण, न्याय, मीमांसा, धर्मशास्त्र आदिको वास्तविक अर्थ बुझेर अध्ययन गर्नाले वेदार्थ नै ज्ञान हुन्छ । नेपालमा वेदाध्ययनको नैष्ठिक एवं कर्तव्यमूलक विकसित परम्परा छैन र आङ्नो शाखासूत्रको पनि ज्ञान धेरैलाई छैन । त्यसैकारण यसको फाइदा उठाउँदै कतिपय वेदका विद्वान् भन्न रुचाउनेहरू एषणाको वशमा परी वेदाध्ययनको अधिकार सवैलाई बाँड्दै हिंडिरहेका छन् । के यो वास्तविक शास्त्रीय कुरा हो ?

अतः शास्त्रको मर्यादालाई संरक्षण गर्दै भगवान् वेदको अध्ययन-अध्यापन, स्वशाखासूत्रहरूको चिन्तन मनन गर्नु द्विजाति मात्रको कर्तव्य हो ।

वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निरुक्तं श्रोत्रमुच्यते एक दृष्टि

-दिपकप्रसाद सापकोटा

विश्वको साहित्यमा वेद नै सवै भन्दा प्राचीन साहित्य हो। पौरस्त्य दर्शनको दृष्टिमा यसको ठूलो गरिमा छ। महाभाष्यकार महर्षि पतञ्जलिले लेखेका छन् - "ब्राह्मणेन निष्कारणः षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च।" अर्थात् ब्राह्मणले निष्कारण छ अङ्ग सहित वेदाध्ययन गर्नु र अर्थज्ञान गर्नु पर्दछ। धर्मको मूल रूप नै वेद हो भन्ने बारेमा याज्ञवल्क्य स्मृतिमा भनिएको छ।

"पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चर्तुदश॥"

अर्थात् पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, ऋक्, यजुः, साम र अथर्व यी चार वेद सहित यी चौध ज्ञान गंगा विद्याको र धर्मको स्थानहरू हुन्। यसमा प्रमुख चार वेद नै हो। पुराण, न्याय आदि वेदार्थको ज्ञान गर्नको लागि सहायक ग्रन्थ हुन्।

वैदिक साहित्यको अवलोकन गर्दा मन्त्रभागमा भन्दा ब्राह्मणभागमा धार्मिक नीतिनियमहरूको र यज्ञयागादिको निकै विस्तृत व्याख्या भएको पाइन्छ। सूत्रात्मक दृष्टिले वेदको मान्यताहरूको संरक्षण आवश्यक ठानी शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष आदि वेदाङ्गको निर्माण भएको हो। यास्काचार्यले निरुक्तमा "साक्षात्कृतधर्माणः ऋषयो बभूवुः। ते अवरेभ्यः असाक्षात्कृतधर्मभ्यः उपदेशेन मन्त्रान् संप्रादुः। उपदेशाय ग्लायन्तः अवरे बिल्मग्रहणाय इमं ग्रन्थं समाम्नासिषुः। वेदं च वेदाङ्गानि च।" यस्तो कारण बताएका छन्। वेदाङ्गलाई आचार्य पाणिनिले पनि आफ्नो पाणिनीय शिक्षामा "छन्दः पादौ तु वेदस्य, हस्तौ कल्पोऽथ पठचते

ज्योतिषामयनं चक्षुर्निरुक्तं श्रोतमुच्यते।
शिक्षा घ्राणं तु वेदस्य मुखं व्याकरणं स्मृतम्,
तस्मात् साङ्गधीत्यैव ब्रह्मलोके महीयते॥"

अर्थात् छन्द वेदको पाउ, कल्प हात, ज्योतिष आँखा, निरुक्त कान, शिक्षा नाक र व्याकरणलाई मुख मानी यस प्रकार वेदपुरुषको स्वरूप वर्णन गरेको पाइन्छ।

शिक्षा

शिक्षा वेदपुरुषको महत्वपूर्ण अङ्ग नाक हो। शिक्षाको अर्थ शिक्षण अर्थात् उच्चारणको शिक्षा दिनु हो। ऋग्वेदभाष्य भूमिकामा सायणले भनेका छन्:- "स्वरवर्णाद्युच्चारणप्रकारो यत्र शिक्ष्यते उपदिश्यते सा शिक्षा" अर्थात् जुन शास्त्रले स्वरवर्ण आदिको उच्चारणको ज्ञान दिन्छ त्यसलाई शिक्षा भनिन्छ। यसले वर्णोच्चारणको ज्ञान दिन्छ। वर्ण कुन स्थानवाट उच्चारण हुन्छ, वर्णको कुन प्रयत्न हो, वर्णको विभाजन कुन रूपमा हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कति स्वर र कुन स्वरको उच्चारण कुन प्रकारले गर्ने भन्ने आदि कुराको ज्ञान गराउनु नै यस ग्रन्थको मुख्य उद्देश्य हो ।

व्याकरण

"व्याक्रियन्ते विविच्यन्ते (व्युत्पाद्यन्ते) शव्दा अनेनेति व्याकरणम्" अर्थात् जुन शास्त्रद्वारा शव्दको प्रकृति प्रत्ययको विवेचना गरिन्छ त्यसलाई व्याकरण भनिन्छ । व्याकरणशास्त्रले कुन धातु, कुन प्रत्यय र के अर्थमा निष्पन्न भएको छ तदनुसार शव्दको अर्थ निश्चित गर्दछ । पाणिनीय शिक्षामा व्याकरणलाई वेद पुरुषको मुख मानिएको छ । जुन प्रकारले शरीरमा मुख सौन्दर्य, भावाभिव्यक्ति र गौरवको प्रतीक हो त्यसरी नै व्याकरणशास्त्र पनि शव्दशाधुत्व, प्रकृतिप्रत्यय विवेचना र शव्दार्थ ज्ञानका दृष्टिले अतुलनीय वेदाङ्ग हो । यसमा पदपदार्थ, वाक्यवाक्यार्थ आदिको विस्तृत विवेचना गरिन्छ । व्याकरणले नै शुद्ध-अशद्ध, संस्कृत-असंस्कृत, प्राकृत-अपभ्रंश, नाम-आख्यात आदिको विश्लेषण गर्दछ ।

व्याकरण शास्त्रको विवेचना दुई भागमा गरिएको छ । १. लौकिक व्याकरण वा संस्कृत·व्याकरण २. वैदिक व्याकरण । संस्कृत व्याकरणमा पाणिनिको अष्टाध्यायी र पतञ्जलिको महाभाष्य नै प्रसिद्ध छ भने वैदिक व्याकरणमा ऋक्प्रातिशाख्य, वाजसनेयिप्रातिशाख्य, तैत्तिरीयप्रातिशाख्य, सामवेदीय प्रातिशाख्य र अथर्ववेदीय प्रातिशाख्य आदि नै प्रसिद्ध छन् ।

छन्द

छन्दशास्त्र एक महत्वपूर्ण वेदाङ्ग हो । यास्काचार्यले छन्दका बारेमा निरुक्तमा "छन्दांसि छादनात्" भनेका छन् भने कात्यायनले सर्वानुक्रमणीमा "यदक्षरपरिमाणं तच्छन्दः" भनेका छन् । अतः यसको अभिप्राय के हो भने वैदिक छन्दको आधार अक्षर वा वर्णको संख्या हो । त्यसैले अक्षरको संख्यालाई आधार मानेर नै छन्दको नाम राखिएको हो भन्न सकिन्छ । छन्दको विभाजन दुई प्रकारले गरिएको छ । वैदिक छन्द र लौकिक छन्द । वैदिक छन्द वृत्तात्मक छ । वेदमा मात्रिक छन्दको अभाव छ । वैदिक छन्दको प्रत्येक पादमा वर्णको संख्या निर्धारित छ । पिङ्गलच्छन्दसूत्रको पूर्वभागमा वैदिक छन्दको विवेचना गरिएको छ भने उत्तरभागमा लौकिक छन्दको विश्लेषण गरिएको छ । कात्याययनकृत छन्दोऽनुक्रमणीमा ऋग्वेदमा प्रयुक्त छन्दको नामावली छ । उनकै अर्को कृति सर्वानुक्रमणीमा वैदिक छन्दको विवेचना गरिएको छ । छन्द कोमल हार्दिक भावनाको अभिव्यक्ति गर्ने उत्तम साधन हो । छन्दले शव्दावलीमा माधुर्य ल्याउँछ । छन्द संगीतात्मक भएको कारणले हृदयाह्लादक हुन्छ । छन्द सरल भएको हुनाले स्मरणीय हुन्छ । अतः देवाराधनाको लागि छन्दोमयी वाणीमा वेदका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
कतिपय मन्त्रहरू बाँधिएका छन् । त्यसैले वैदिक वाणी छन्दोमय छ भनिन्छ । मुख्य छन्दहरू गायत्री, उष्णिक्, अनुष्टुप्, वृहती, पंक्ति, त्रिष्टुप्, जगती आदि छन् ।

ज्योतिष

ज्योतिषको अर्थ ज्योतिर्विज्ञान हो । सूर्य, चन्द्र, ग्रह, नक्षत्र आदि आकाशीय पदार्थको गणना ज्योतिषविज्ञानमा हुन्छ । लगधले नक्षत्र आदिको गतिको विवेचना गर्ने शास्त्रलाई नै ज्योतिष भनेका छन् । लगधले ज्योतिष शास्त्रलाई दोस्रो शव्दमा कालज्ञानशास्त्र वा कालविज्ञान शास्त्र भनी नाम दिएका छन् । यसमा कालचक्र र कालसंवन्धी तथ्यको विवेचना दिएका छन् । अत: ज्योतिषशास्त्रमा कालविज्ञान र ज्योतिर्विज्ञान दुवैको समन्वय छ । वेदमा यज्ञको सर्वाधिक महत्व छ । यज्ञको लागि समय निर्धारित छ । तैत्तिरीय व्राह्मणमा व्राह्मणले वसन्तमा अग्निको आधान गर्नु, क्षत्रियले ग्रीष्ममा र वैश्यले शरद् ऋतुमा गर्नु भन्ने कथन छ । अत: अन्य यज्ञको लागि पनि समय निर्धारित छ । समयको ज्ञानको लागि ज्योतिषको अत्यन्त आवश्यकता छ । अत एव वेदाङ्ग ज्योतिषमा यज्ञको लागि ज्योतिषको ज्ञान आवश्यक छ भनिएको छ । जसरी मयूरको शिखा र सर्पको मणि शिरको सर्वोपरि स्थानमा छ त्यसरी नै ज्योतिष पनि वेदाङ्गमा मूर्धन्य छ । पाणिनिले ज्योतिषशास्त्रलाई वेद पुरुषको नेत्रको स्थान दिएका छन् ।

कल्प

आचार्य सायणले जुन ग्रन्थमा यज्ञसंवन्धी विधिको समर्थन वा प्रतिपादन गरेका छन् त्यही शास्त्र नै कल्प शास्त्र हो भनी विवेचना गरेका छन् । अर्का विद्वान् विष्णुमित्रले जुन ग्रन्थले वैदिक कर्म(यज्ञ)को साङ्गोपाङ्ग विवेचना गर्दछ, त्यो शास्त्र नै कल्प हो भनी ऋग्वेद प्रातिशाख्यको टीकामा भनेका छन् । अत: यो अभिप्रायवाट के ज्ञान हुन्छ भने वेदमा वर्णित सानो वा ठूलो यज्ञको सर्वाङ्गपूर्ण विधिविधानलाई जुन ग्रन्थमा वर्णन गरिएको छ त्यही ग्रन्थलाई कल्प भनिन्छ । कल्पसूत्रलाई वेदको प्रायोगिक साधनको रूपमा लिन सकिन्छ । "कल्प्यते यागप्रयोगो यत्र इति कल्पः" ।

अरु अङ्गको जस्तै वेदार्थका दृष्टिले निरुक्तको स्थान पनि महत्त्वपूर्ण छ । अरु वेदाङ्ग झैं वेदार्थ ज्ञानको लागि अत्यावश्यक ग्रन्थहरू मध्ये निरुक्त पनि एक हो । निरुक्त निघण्टुको टीका हो । निघण्टुमा वेदमा भएका कठिन शव्दहरूलाई कमवद्ध रूपमा संकलन गरिएको छ । ऐतिहासिक दृष्टिले निघण्टुको समय पछि निरुक्तको समय मानेको पाइन्छ । यही समयमा नै निरुक्तको वेदाङ्गत्व सिद्ध भएको हो । दुर्गाचार्यकृत दुर्गवृत्तिको अनुसार निरुक्तको संख्या चौध थियो । यास्कीय निरुक्तमा वाह्र निरुक्तकारको उल्लेख भएको छ । वर्तमान समयमा यास्कले रचना गरेको यही निरुक्त वेदाङ्गको प्रतिनिधि स्वरूप ग्रन्थ हो । निरुक्तमा वाह्र अध्याय छन् र अन्तिम परिशिष्टभागका रूपमा दुई अध्याय छ । यही प्रकारले समग्र ग्रन्थ चौध अध्यायमा विभक्त छ । महर्षि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यास्काचार्यले निघण्टुको भाष्य नै निरुक्त रचेका हुन् । तर पनि केही विद्वान्हरूको मत यास्काचार्यले नै निघण्टु र निरुक्त दुवै रचना गरेका हुन् भन्ने पनि पाइन्छ । महाभारतमा चाहिँ निघण्टुको रचना कश्यपप्रजापतिले गरेका हुन् भन्ने पाइन्छ । प्राचीन समयमा शव्द संग्रह भएको ग्रन्थलाई नै निघण्टु भन्ने गरिन्थ्यो । त्यसैले निघण्टु ग्रन्थ पनि एक सानो वैदिक शव्दकोश हो । निघण्टु ग्रन्थलाई शव्दकोशको दृष्टिले यो पुरानो शव्दकोश भन्न सकिन्छ । किनभने निघण्टु ग्रन्थ भन्दा पहिले कुनै भाषामा कुनै शव्दकोश थिएन भन्ने केही विद्वान्हरूको मत छ । संस्कृत भाषालाई नाम, आख्यात, उपसर्ग र निपात यी तीन भागमा विभाजन गरिएको छ । यसको लक्षण र उदाहरण पनि यास्काचार्यले आफ्नो निरुक्तमा दिएका छन् । वेद पनि संस्कृत भाषामा नै छ । अतः वेदमा यी चारै प्रकारका शव्दहरू छन् । यी चार वर्गको वैदिक शव्दको संग्रह निघण्टुमा नै गरिएको छ । निरुक्तमा वैदिक शव्दको निरुक्ति छ । निरुक्ति शव्दको अर्थ व्युत्पत्ति हो । निरुक्तको यो सिद्धान्त सर्वमान्य छ किनभने प्रत्येक शव्द कुनै न कुनै धातुका साथ अवश्य सम्वद्ध हुन्छ । अतः निरुक्तकार शव्दको व्युत्पत्ति प्रदर्शित गरी धातुका साथ विभिन्न प्रत्ययको निर्देश गर्दछन् । निरुक्तको अनुसार सवै शव्द व्युत्पन्न हुन् । अर्थात् ती सवै शव्द कुनै न कुनै धातुवाट नै निर्मित भएका हुन्छन् । वैयाकरण शाकटायनको सिद्धान्त पनि यही हो । निघण्टुमा पाँच अध्याय छन् । निरुक्तको प्रथम अध्याय विविध दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । यसको अध्ययनवाट नाम, आख्यात, उपसर्ग र निपात लगायत वेदका विभिन्न गूढ रहस्यको उद्घाटन हुन्छ । प्रथम तीन अध्यायलाई नैघण्टुककाण्ड भनिन्छ र यहाँ भएका शव्दको व्याख्या यास्काचार्यले निरुक्तको दुई र तीन अध्यायमा गरेका छन् । निघण्टुको यी तीन अध्यायमा जम्मा १३४० शव्दहरू छन् । यसमा भएका धेरै शव्दहरू एकार्थक अनेक शव्दहरू भएकाले यास्काचार्यले २३० शव्दको मात्र व्याख्या गरेका छन् । अतः यास्काचार्यले निरुक्तमा निघण्टुको सबै शव्दको व्याख्या गरेका छैनन् । निघण्टुको चार अध्यायमा तीन खण्ड क्रमशः ६२, ८४ र १३३ जम्मा २७९ पद छन् । यो अध्यायमा कुनै पनि शव्दको पर्याय छैन । यहाँको सबै शव्द स्वतन्त्र छन् । यो खण्डको व्याख्या यास्काचार्यले निरुक्तमा चार, पाँच र छ अध्यायमा गरेका छन् । यही अध्यायलाई नैगम वा ऐकपदिककाण्ड पनि भनिन्छ । यो काण्डको शव्दहरू प्रायः सन्दिग्ध र कठिन छ । यो काण्डको व्याख्या आरम्भ गर्दा यास्काचार्यले "अथ यानि अनेकार्थानि एकशव्दानि तानि अतोऽनुक्रमिष्यामः अवगतसंस्कारांश्च निगमान् तत् ऐकपदिकम् इत्याचक्षते ।" लेखेका छन् । त्यसैले यी नाम स्वतन्त्र र अनेक अर्थ धारण गर्छन् र स्वयं कुनै शव्दको पनि पर्याय छैन भन्ने निष्कर्ष निक्लिन्छ । तर यसमा भएका शव्दहरू कुन धातु कुन प्रत्यय र के अर्थमा बनेका छन् भन्न कठिन पर्दछ । अतः यसलाई ऐकपदिक पनि भनिन्छ । यो काण्डमा शव्दहरू विभिन्न रूप र विभक्तिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । निघण्टुको पाँच वा अन्तिम अध्याय दैवतकाण्डको नामवाट प्रख्यात छ । यसमा छ खण्डमा क्रमशः ३, १३, ३६, ३२, ३६ र ३१ पद छ । जसमा विभिन्न देवताका नाम छन् । अतः यो अध्यायमा देवताहरूको नाम संग्रह भएकाले गर्दा यस अध्यायलाई दैवतकाण्ड भनिएको हो । यसमा भएका शव्दहरूको पनि पर्याय छैन र स्वतन्त्र छ । यसमा भएका शव्दहरूको व्याख्या यास्काचार्यले निरुक्तको सातदेखि वाह्र अध्यायसम्म गरेका छन् । यस सातौं अध्यायमा वेदज्ञानका लागि अत्यावश्यक तत्वहरूको विवेचना पाइन्छ । जस्तै देवताज्ञान, मन्त्रहरूको भेद, देवताहरूको स्वरूप विचार, मन्त्रमा देवताज्ञान गर्ने तरिका, पृथिवीस्थानीय, अन्तरिक्षस्थानीय र द्युस्थानीय देवताहरूको वर्गीकरण एकदेवतावाद र वहुदेवतावाद जस्ता अति नै महत्वपूर्ण विषयहरू गुम्फित छन् । एक-एक खण्डको व्याख्या एक-एक अध्यायमा गरेका छन् । निघण्टुको व्याख्या यद्यपि वाह्र अध्यायमा समाप्त हुन्छ तर पनि केही विद्वान्हरूले दुई अध्याय परिशिष्टभागलाई थपेर परिशिष्ट भागमा देवता र यज्ञको विषयमा लेखेका छन् र प्रसंगतः कतिपय दार्शनिक विषयको पनि विवेचना गरेका छन् । यो दैवतकाण्डमा नै वैदिक धर्म र संस्कृतिको इतिहास अवलम्वित छ ।

निरुक्त अर्थगत प्रधान क्रियालाई ध्यान दिएर नै तद्वाचक धातुको कल्पना गरी शव्दको निर्वचन गर्दछ । यही कुरालाई आधार मानेर "सर्वाणि नामानि आख्यातजानि भवन्ति" अर्थात् सवै नाम धातुज हुन्छन् । निरुक्तको मतमा 'व्' को स्थान(ठाउँ)मा 'उ' कसरी भयो, 'ग्' को स्थानमा 'घ्' कसरी भयो भन्ने कुराको कुनै परवाह छैन भने पाणिनिका सूत्र यस प्रक्रियामा घट्दैनन् । उदाहरणको लागि होतृ शव्द लिऊ - होता यज्ञको एक ऋत्विज् हो । उसको काम मन्त्रद्वारा देवताको स्तुति वा आह्वान गर्नु हो । पाणिनिले होतृ शव्दको निर्वचन 'हु' धातुबाट तृन् वा तृच् प्रत्ययद्वारा निष्पन्न गर्दछन् तर निरुक्तले होतृ शव्दको निर्वचन 'हु' धातुवाट गर्दैन किनभने 'हु' धातुको अर्थ दान र अदान हो, यो अर्थ ऋत्विक्मा घट्दैन । अतः "अर्थनित्यः परीक्षते, न संस्कारमाद्रियेत" अर्थात् अर्थलाई दृष्टिमा राखेर नै शव्दमा प्रकृति प्रत्ययादिको कल्पना गर व्याकरणप्रोक्त संस्कारको परवाह नगर भन्ने निरुक्तको सिद्धान्त हो । नैरुक्त होतृ शव्दको निर्वचन 'ह्वेञ्' धातुवाट 'व्' को संप्रसारण 'उ' र 'उ' को गुण 'ओ' गरेर (ह्वयते=स्तौति आकारयति वा होता) होता शव्द निष्पन्न गर्दछ । निरुक्तको यस्तो सिद्धान्त छ जस्तैः-

वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ ।
धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम् ॥

अर्थात् अर्थानुसार प्रकृति (धातु) प्रत्ययको कल्पना गरेर वर्णको आगम, वर्णविपर्यय, वर्णविकारादिद्वारा शव्दको निर्वचन नै निरुक्तशास्त्रको मुख्य ध्येय हो । यसलाई आधार मानेर "पृषोदरादीनि यथोपदिष्टम्" यो सूत्रको व्याख्या गर्ने क्रममा वैयाकरणले यस्तो भनेका छन् :- भवेत् वर्णागमाद् 'हंसः' सिंहो वर्णविपर्ययात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'गुढोत्मा' वर्णविकृतेर्वर्णनाशात् 'पृषोदरम्' ॥

अर्थात् हन्धातुवाट वर्णको आगम गरेर हंस रूप , हिसिधातुवाट वर्णविपर्यय गरेर सिंहरूप, वर्णको विकार गरेर गुढोत्मा, शव्द निष्पन्न हुन्छ र पृषदुदरम् शव्दमा वर्णको लोप (त्) गरेर पृषोदरम् शव्द निष्पन्न हुन्छ। यो प्रक्रियालाई निरुक्तको प्रभाव मान्न सकिन्छ। जसरी मानिसले श्रवण शक्तिको माध्यमले सम्पूर्ण व्यवहारिक ज्ञान प्राप्त गर्न सक्दछ। त्यसै गरी श्रोत्ररूपी निरुक्तशास्त्रको अध्ययनले वेदार्थ ज्ञान प्राप्त गर्न सकिन्छ। प्राचीन कालमा निरुक्तग्रन्थहरू धेरै भएको कुरा स्वयं यास्कले पनि स्वीकारेका छन्। जसरी पाणिनीय व्याकरणको प्रचार पछि अन्य प्राचीन व्याकरणहरू लोप भए त्यसै गरी अन्य निरुक्तग्रन्थहरूको पनि लोप भयो। वर्तमानसमयमा उपलव्ध यास्काचार्यको निरुक्तग्रन्थ नै वेदाङ्गको रूपमा प्रसिद्ध छ। यो वेदको कुनै पनि शाखासँग सम्वद्ध छैन। यो त यौटा स्वतन्त्र सर्ववेद साधारण ग्रन्थरत्न हो।

असल गर काम

हातमा कलम कापी समाऊ
बन्दुक सव त्याग
देशको विकास गर्नेभए
राम्रा काममा लाग ॥

नलेऊ नै कुलतको संगत असल मित्र छान
अन्यायलाई त्यागी तिमी राम्रो बाटो लाग ॥

असत्यको अन्त्य गरी सत्य अघि सार
समाजको भलो गरी छिमेक खुशी पार ॥

खराब बानी त्यागी तिमी असल काम खोज
भगवान्लाई खुशी पार्न सदाचारलाई रोज ॥
हामी सबै मिलिजुली अघि बढ्नुपर्छ
समाजलाई विकास गर्न सबै जुट्नुपर्छ
शान्ति अव आउँछ भन्छन् नेताहरू लड्छन्
जनताहरू मरिसके नेताहरू भाग्छन् ॥

-रणदीप साउन
कक्षा ८ सं.मा.वि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वेद' शब्दको व्युत्पत्ति र अर्थ

-खगेन्द्र सुवेदी
वाल्मीकि विद्यापीठ

"वेद्यते=ज्ञायते धर्मादिपुरुषार्था अनेन इति वेदः" जसवाट धर्मादिपुरुषार्थलाई राम्रोसँगजान्न, वुझ्न र केलाउन सकिन्छ त्यसलाई नै यथार्थमा वेद भनिन्छ। वेदलाई तीन अक्षरमा व,ई,द राखेर पनि अर्थ्याउन सकिन्छ। जसानुसार वस्य=वलिनः, ई=या लक्ष्म्याः, द=ददाति इति वेदः वलशाली वा शक्तिशाली वल र कान्ति जसले दिन्छ त्यो नै वेद हो किनकि ज्ञान र सौर्यकान्ति विना विजय वा लक्ष्यमा पुग्न सकिँदैन । निद्रा, आलस्य, अनेक तृष्णा र प्यासलाई त्यागेर निरन्तररूपमा अघि बढ्न संघर्ष गराउन सिकाउँछ, सो नै वेद हो ।

वेद शव्द चार धातुवाट व्युत्पादन गर्न सकिन्छ।१.विद ज्ञाने, २.विद सत्तायाम्, ३.विद्लृ लाभे र ४. विद विचारणे । यस अनुसार 'विद ज्ञाने' बाट बनेको वेद शब्दले ज्ञान गर्नु भन्ने अर्थ दिन्छ किनकि ज्ञानविनाको मानिस पशुतुल्य हुन्छ र केवल पृथ्वीको भारमात्र भएर यो संसारमा मृगविचरण गरेझैं विचरण गर्दछ। दोस्रो 'विद सत्तायाम्' धातुवाट बनेको वेद शव्दको अर्थ रहनु अथवा आफ्नो स्वरूप नत्याग्नु अर्थात् स्वरूपमा कहिल्यै परिवर्तन नआउनु हो। तेस्रो 'विद्लृ लाभे' बाट बनेको वेदशव्दको अर्थ हो लाभ गर्नु अर्थात् विजय गर्नु। धर्म, अर्थ, काम, मोक्षलाई जितेर ज्ञानेन्द्रिय र कर्मेन्द्रियलाई आफ्नो वशमा लिँदै ईश्वरप्राप्तिका लागि अनवरत् रूपमा तल्लीन रहनु यसको अर्थ हो। चौथो 'विद विचारणे' बाट बनेको वेद शब्दको अर्थ सत् र असत् विचार गर्नु अथवा सत् र असत्को विचार जसमा यथार्थरूपमा वर्णन गरिएको छ सो नै वेद हो।

समग्रमा जुन शास्त्रमा वा जसमा सवै व्यक्तिहरूले सत्य र सत्विद्या प्राप्त गर्दछन्, जसमा रमाएर ईश्वर प्राप्तिका लागि अनवरत रूपमा संघर्ष गर्दछन्, विचार गर्दछन् र विद्वान् वन्दछन्, सत्विद्या प्राप्तिका निम्ति प्रवृत्त हुन्छन् ती नै वेद हुन्। यसै गरी धर्म, साहित्य, शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र निरुक्त आदि सम्पूर्ण ज्ञानको स्रोत नै वेद हुनाले 'सर्वज्ञानमयो वेदः' पनि भनिएको छ। साथै अनुमान प्रमाणले जसको ज्ञान गर्न सकिँदैन र जसले त्यस उपायलाई बुझाइदिन्छ त्यो नै वेद हो। वेद भनेको ईश्वरीय ज्ञान हो, र यो अपौरुषेय पनि हो। वेदलाई श्रुति भनिन्छ जसको अर्थ हुन्छ श्रुतिपरम्परावाट प्राप्त भएको अर्थात् पहिले पहिलेका ऋषिहरूले जे कुराको र जुन मन्त्रको दर्शन गरे अथवा तपःसिद्ध ऋषिमुनिहरूद्वारा दृष्ट वा साक्षात्कार गरिएको अपार ज्ञानराशि नै वेद हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् वेदव्यासले मन्द वुद्धि भएका पाठकलाई सरलताका लागि चार भागमा वेदको विभाजन गरे- ऋक्, यजु, साम, अथर्व । यही अनुसार 'ऋच्' भनेको प्रार्थनापरक मन्त्रको समूह हो । 'ऋच्यते स्तुयते अनया इति ऋच' अर्थात् वैदिक देवताहरूका स्तुतिवद्ध गरिएका पद्यात्मक ऋचाहरूको समूह नै ऋक् हो ।

यजुष् भनेको देवताहरूको पूजाअर्चना र यज्ञयागादि गर्नै मन्त्रहरू समावेश गरिएको वेद हो । 'यजति यजते वा अनेन इति यजुष् ।' यी वर्गमा गद्यात्मक देवतास्तुतिपरक मन्त्रहरू समावेश छन् । यसैगरी ऋक् र यजुष्मा समावेश हुन नसकेका गीतिपरक मन्त्रहरू 'सामन्' वर्गमा समावेश छन् । 'समयति सन्तोषयति देवान् अनेन इति सामन्' । यस अनुसार यज्ञका अवसरमा विभिन्न देवी देवताको प्रसन्नताका निम्ति गाइने गीतिपरक वा पद्यात्मक मन्त्रसमूह नै यस 'सामन्' भित्र पर्दछन् । यस व्युत्पत्तिअनुसार 'सामन्' को निर्वचन हो- 'स्यति नाशयति विघ्नं इति सामन्' । यसैगरी यी तीन वर्गभित्र नपरेका मारण, मोहन, उच्चाटनजस्ता अभिचारसँग सम्वन्धित मन्त्रहरू अथर्ववेदमा समावेश छन् ।

यसरी वेदव्यासले कालान्तरसम्म धर्म, यज्ञ यागादि तथा गाईका साथ सनातन धर्मको रक्षार्थ समष्टिरूपमा रहेको वेद नामक समुद्रलाई चार भागमा विभाजन गरे ।

✡◆◆◆✡

वसन्त ऋतु

कति राम्रो वसन्त ऋतुमा पल्लवीहरू नाँच्दा
डाँफे मुनाल कोइलीले कम्मरहरू भाँच्दा ॥

लेकै राम्रो बसेर डाँफे, बेसीतिर कोकिल
हर्ष-विह्वल मन बिताउँछु छैन कोही विह्वल ॥

वसन्तको कोपिलाले मानिसलाई मानिसलाई लोभ्याउँछ
मानिसको दुःखकष्ट सवै त्यहीं भुलिन्छ ॥

आँशु झरी प्रीतमा मलिन हुँदा तिमी आउँछौ हँसाउन
जान्या'छौ जगतमा सवैलाई फँसाउन ॥

-प्रयागराज उपाध्याय
कक्षा ८ सं.मा.वि.

✡◆◆◆✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषामा शब्दवर्ग

-केशव बराल
वाल्मीकि विद्यापीठ

यस संसारमा जति पनि स्तरीय भाषाहरू छन् ती सबैका आ-आफ्ना व्याकरण छन् । जब भाषालाई व्यवस्थित तुल्याउने प्रयास गरिन्छ तब व्याकरणको जन्म हुन्छ । लेखाइमा एकरूपता ल्याउनका लागि व्याकरणको आवश्यकता पर्छ । भाषिक प्रयोक्तालाई व्याकरणले सचेत पार्ने काम गर्छ । किनभने भाषको व्यवस्थित व्यवस्था नै व्याकरण हो । जे मन लाग्यो त्यही प्रयोग गर्दा भाषामा हुन शिष्टतामा ह्रास आउन सक्छ । जस्तै :

मासुले वाघ खान्छ ।

पदम विद्यालय गई ।

दाजु आयो ।

मेरो वाउ त क्या ठीस छ ।

उपर्युक्त उपवाक्यहरू आफैमा सार्थक त छन् तर कतै लिङ्गगत सङ्गति मिलेको छैन । कतै उचित शब्दले उचित ठाउँ नपाउँदा अर्थमा विचलन देखापरेको छ भने कतै आदरमा ह्रास आएको छ । हुनुपर्ने चाहिँ:

वाघले मासु खान्छ ।

पदम विद्यालय गयो ।

दाजु आउनुभयो ।

मेरा बुवा त क्या ठीस हुनुहुन्छ ।

भाषामा हुने यस प्रकारको व्यवस्था हरेक कोटीमा लागु हुन्छ, जसलाई व्याकरण भनेर सम्वोधित गरिन्छ ।

प्रत्येक भाषामा ध्वनिदेखि वाक्य सम्मको आ-आफ्नै संरचना हुन्छ । वर्ण कुन भाषामा हुँदैन ? अक्षर र शव्दविहीन भाषा कस्तो होला ? कुनै पनि स्तरीय भाषामा वर्ण, अक्षर, शव्द, पदावली, उपवाक्य र वाक्यसम्मको संरचना हुने गर्दछ । यिनलाई व्यवस्थित गर्ने परिपाटी भने भाषापिच्छे फरक हुनसक्छ । हामी नेपाली हौँ । अनि हाम्रो राष्ट्रभाषा नेपाली हो । हाम्रो दैनिक जीवनमा नेपाली भाषाले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । हाम्रो जीवन भाषाकै माध्यमवाट अघि बढ्छ । यो भाषा हाम्रो उन्नति प्रगति तथा सभ्यतासँग जोडिने भएकाले यस भाषाको व्याकरण व्यवस्थित हुन आवश्यक देखिन्छ ।

यहाँ, नेपाली भाषामा जति पनि शव्द छन् तिनको प्रयोगको समष्टिगत स्वरूप नै नेपाली भाषा हो । व्यवस्थित व्याकरणका लागि भाषामा शव्दको महत्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका हुन्छ किनभने जहाँ मन लाग्यो त्यहीँ शव्दको प्रयोग गर्दा मासुले वाघ खान्छ पनि भन्न सक्छौँ । यसरी सार्थक शव्द हुँदैमा वाक्य पनि अर्थपूर्ण हुन्छ भन्ने छैन । वाक्यमा प्रयोग हुने शव्दले कुनै न कुनै काम गरिरहेका हुन्छन् । भाषामा कार्यसम्पादनविहीन शव्द नै हुँदैनन् । नेपाली भाषामा स्वतन्त्र रूपमा प्रयोग हुने, सार्थक र अर्थयुक्त भाषिक एकाइ नै शव्द हो । नेपाली भाषामा 'शव्द' अक्षरभन्दा ठूलो अनि पदावलीभन्दा सानो एकाइ हो । स्वर वर्ण र व्यञ्जन वर्णको संयोगमा शव्दको निर्माण हुन्छ । वर्ण र अक्षर अर्थविहीन हुन्छन्, वर्ण अर्थभेदक हुन्छ तर अक्षर आफैमा अर्थभेदक होइन । नेपाली भाषामा घर, आगो, रास, हिमाल, पीरो, घरेलु, हामी, तल, माथि, जुरुक्क, झै-झगडा, सुतेँ आदि शव्द हुन् तर भाषामा देखापर्ने उपसर्ग(प्र, उत्, सु, सम्,), प्रत्यय(ईन, ईय, आलु), विभक्ति(ले, लाई, मा) आदि भने शव्द होइनन् किनभने यिनमा न सार्थक अर्थ छ , न यिनको स्वतन्त्र प्रयोग नै हुन्छ । यस्तै गर्, पढ्, लेख्....... आदि धातुहरू पनि शव्द होइनन् किनभने धातुबाट सामान्यतया अर्थ प्रकट भएता पनि यिनको स्वतन्त्र प्रयोग भने गरिदैंन । त्यसैले धातु पनि शव्द होइनन् । वाक्यमा प्रयोग भएका वा हुन योग्य शव्द नै 'शव्द' या 'पद' हुन् । शव्दहरूलाई वाक्यमा प्रयोग गरिएको खण्डमा शव्द 'पद' हुन्छन् । जस्तै :

शव्द : राम, सीता, फूल, दियो

पद : रामले सीतालाई फूल दियो ।

शव्दवर्ग अन्तर्गत शव्दको अध्ययन गर्दा शव्दको स्रोत, बनोट र कार्यका आधारमा शव्दहरू वर्गीकरण हुन्छन् । शव्दले वाक्यमा गर्ने कार्य भनेको व्याकरणात्मक कार्य हो । यसका आधारमा नेपाली भाषामा प्रयोग हुने शव्दलाई नौ प्रकारमा बाँड्न सकिन्छ ; नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियाविशेषण/क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक । नेपाली शव्दवर्ग निर्धारण गर्नका लागि यसै वर्गीकरणलाई आधार मानिन्छ । उपर्युक्त किसिमका शव्दहरूलाई यी तीन वर्गभित्रै समेटेर राख्ने चलन पनि पाइन्छ ।

१. नामिक पद २. क्रियापद ३. अव्ययपद

हामीसँग थुप्रै शव्द छन् । ती प्रत्येक शव्द वाक्यमा प्रयोग भएर आउँदा केहीले नामिक पदको काम गरेका हुन्छन् भने केहीले क्रियापद तथा अव्ययवर्गको प्रतिनिधित्व गरेका हुन्छन् । अथवा वाक्यभित्र प्रयोगमा आएका शव्दहरूले कुनै न कुनै कार्यसम्पादन गरेका हुन्छन् । कुनै शव्दले वाक्यमा कर्ता, कर्म, पूरक आदिको काम गरेका हुन्छन् भने कुनैले नामको वर्णन गर्ने काम गरेका हुन्छन् । त्यस्तै कुनैले नामको सट्टामा आएर काम गरेका हुन्छन् । कुनै शव्दहरू नाम वा सर्वनामसँग सम्बन्धित कार्य, घटना आदि जनाउने गरी आएका हुन्छन् । त्यस्तै गरी कुनै शव्दहरू वाक्यमा व्यक्त सूचनाहरूको रीति, संयोजन आदि कुराहरू जनाउने गरी आएका हुन्छन् । यसबाट के बुझिन्छ भने शव्दको स्वरूप एउटै भए ता पनि कार्यका आधारमा शव्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपस्थिति एउटै नहुने रहेछ भन्ने बुझिन्छ । त्यसैले परिवेशानुसार शव्दले पनि फरक फरक काम गर्न सक्छ । जुन जुन शव्दल एउटै वर्गको काम गर्छन् ; तिनलाई एउटै शव्दवर्गमा राखिन्छ । यस आधारमा माथिका नौ वटा शव्दवर्गलाई यहाँ क्रमशः चिनारी गराइन्छ ।

-वाक्यमा 'नाम' र 'विशेषण' कसरी छुट्याउने?

हाम्रो आँखाले जे देख्छ त्यो नाम हो, अथवा हाम्रो आँखाले सृष्टिका यावत् व्यक्ति, वस्तु, स्थान, जाति, समूह, भाव, द्रव्य आदिलाई देख्छ । यी सबै नाम हुन्छन् किनभने हाम्रो नजरमा घर, पृथ्वी, मानिस, जङ्गल, बथान, रास, गाडी, मन्दिर, फूल आदि शव्द नाम हुन् । भाववाचक वा अमूर्त नामले कुनै अमूर्त धारणा, भाव, अवस्था, गुण आदिलाई सङ्केत गर्छ, जसलाई भाववाचक नाम वा भावनासँग सम्वन्धित नाम भनिन्छ । यसका आधारमा दया, माया, कृपा, इमान्दारी, ज्ञान, वुद्धि, सतीत्व, सौन्दर्य, प्रेम, घृणा, पढाइ, लेखाइ जस्ता शव्द भाववाचक नाम अन्तर्गत पर्छन् किनभने यी सम्पूर्ण शव्दले सङ्केत गर्ने परिवेशलाइ न समात्न सकिन्छ न स्पर्श नै गर्न सकिन्छ । केवल सकिन्छ भने अनुभव गर्न मात्र सकिन्छ । अध्येतालाई सहज होस् भन्नका लागि सम्पूर्ण नामलाई उपशीर्षकमा विभाजन गरिएको मात्र हो । समग्रमा नामशव्द उस्तै हुन्छन् । सर्वनाम, विशेषण, क्रिया आदिमा यो प्रक्रिया लागू भएको पाइन्छ ।

नामको गुण, दोष, संख्या आदि विशेषता बुझाउने शव्द नै विशेषण हो । वास्तवमा नामशव्दको गुण वा दोष नै विशेषण हो किनभने हाम्रो आँखाले 'फूल' देख्यो । देखेको फूल नामपद भयो तर कसैले रातो पहेँलो खैरो भन्यो भने रातो, खैरो, पहेँलो आदि नामिक पद फूलको विशेषता वा गुण जनाएकाले रातो, पहेँलो.........आदि विशेषण भए । हाम्रो आँखाले हिमाल देख्यो । 'हिमाल' शव्द नामवर्ग अन्तर्गत पर्‍यो । कसैले हिमाल मात्र नभनी सेतो हिमाल, अग्लो हिमाल, होचो हिमाल, तन्किएको हिमाल भन्छ भने ठीक छ, भन्न पाइन्छ तर एउटै हिमाल शव्दको परिचयार्थ प्रयोग हुन आएका अग्लो, होचो, सेतो, तन्किएको आदि शव्द विशेषणमा गनिए किनभने हिमालको विशेषता वा गुण बताउने काम अग्लो, होचो, तन्किएको आदि शव्दले गरेका छन् । त्यसैले यी सबै विशेषण भए । नाम र विशेषणसम्वन्धि अर्को उदाहरण हेरौँ :-

डल्ली विद्यालय गई । वसन्ती डल्ली छे ।
सुन्दर अमेरिका जानेछ । शम्भु सुन्दर छ ।
नेपाली पढौँ । नेपाली किताब पढौँ ।

माथिका वाक्यमा प्रयोग भएका डल्ली, सुन्दर, नेपाली शव्द कार्यसम्पादनका आधारमा कतै नामको भूमिकामा छन् भने कतै विशेषणको भूमिकामा छन् । माथिका उदाहरणवाट के बुझिन्छ भने नाम शव्द नाममा मात्र सीमित हुँदो रहेनछ, त्यो त आवश्यक परेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषण पनि हुँदो रहेछ तसर्थ यो शब्द के हो भन्दा पनि प्रत्येक शब्दले वाक्यको स्तरमा गरेको कामचाहिँ महत्वपूर्ण हुन्छ । 'हामी मूर्ख आयो' भन्छौं तर मूर्ख, विद्वान्, घमण्डी जस्ता शब्द विशेषण हुन् तै पनि वाक्य स्तरमा कर्ताको भूमिकामा आई नाम भैदिन्छन् । यसरी नेपाली भाषाको व्याकरणमा विशेषणलाई चिनाउनको लागि वा सहज अध्ययनका लागि विशेषणलाई गुणबोधक, संख्याबोधक, परिमाणबोधक, सार्वनामिक विशेषण र भेदक विशेषणगरी एउटै विशेषणका पाँचवटा उपशीर्षक पाइन्छन् ।

- वाक्यमा सर्वनाम कसरी छुट्याउने ?

नामपदको सट्टामा प्रयोग भई नामकै प्रतिनिधी बनेर काम गर्ने पदलाई सर्वनाम भनिन्छ । सबै किसिमका नामपदको ठाउँमा प्रयोग हुन सक्नु सर्वनामको मूल विशेषता हो । नेपाली भाषामा सर्वनाम अन्तर्गत म, तँ/तिमी, तपाइँ, त्यो, ऊ, यो, उहाँ, यहाँ, आफू लगायत निश्चयवाचक, अनिश्चयवाचक, प्रश्चवाचक र सम्वन्धवाचकभित्र पर्ने जो, जे, जुन, जेसुकै, जोसुकै, को,के, कुन, कोही, केही जस्ता शब्द नामिक पदको ठाउँ ओगटी प्रयोग भएमा ती सबै सर्वनाम हुन्छन् । 'सर्वनाम' नामको सट्टा, पदावलीको सट्टा वा वाक्यकै सट्टामा पनि प्रयोग हुने गर्दछ । जस्तै :

नामको सट्टामा प्रयोग हुँदा -

महेशले राम्ररी पढ्यो । ऊ राम्रो श्रेणीमा उत्तीर्ण भयो ।

पदावलीको सट्टामा प्रयोग हुँदा -

उसले राम्रा पुस्तकहरू किन्यो र ती निकै उपयोगी छन् ।

वाक्यको सट्टामा प्रयोग हुँदा -

तीनधारा संस्कृत छात्रावासमा केटीहरूले पनि प्रवेश पाएछन् । यो राम्रो कुरो हो । यसरी सर्वनामलाई पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक सर्वनाम गरी पाँच भागमा विभाजन गरिएको पाइन्छ ।

- वाक्यमा क्रियापद कसरी छुट्याउने?

वाक्यमा कर्ताले गरेको काम, घटेको घटना अवस्था वा स्थिति, प्रक्रिया आदिको बोध गराउने पदलाई क्रिया भनिन्छ । यसले वाक्यमा विधेय वा वाक्य टुङ्ग्याउने काम गर्छ । व्याकरणिक पदक्रम अन्तर्गत वाक्यको अन्तिममा आउने पद नै क्रिया हो भन्दा पनि हुन्छ । जस्तै :

ज्ञानेन्द्रका दाजु मरे ।(घटना)

गाडी पल्ट्यो । (घटना)

भात पाक्छ । (प्रक्रिया)

फूल फुल्छ । (प्रक्रिया)

गोपाल दौडिन्छ ।(कार्य)

समिता बिरामी छे । (अवस्था)

श्यामशङ्कर मोटाएछन् । (अवस्था)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त प्रयोगमा देखिएका मरे, पल्ट्यो, फुल्छ....... आदि शब्द शब्दवर्गमा सवैभन्दा वढी रूप वनाउन सक्ने पद नै क्रिया हो । धातुमा विभिन्न किसिमका रूपायन प्रत्ययको योग भएपछि क्रियापद वन्दछ । क्रियाले सम्पूर्ण व्याकरणात्मक कोटिहरूको वर्णन गर्ने र वाक्यको अर्थलाई अभिव्यक्त गर्ने भएकोले क्रियापद वाक्यको केन्द्रिय तत्व मानिन्छ । यसरी नेपाली भाषामा एउटै स्वरूपका क्रियापदलाई चार आधारमा वर्गीकरण गरिएको पाइन्छ ; समापन, संरचना, अर्थ र कर्म,कर्ताका आधारमा वर्गीकरण गरी अध्ययन गर्ने गरेको पाइन्छ ।

अव्यय परिचय

नमासिने वा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव आदिका आधारमा रूप परिवर्तन नहुने शब्दलाई अव्यय भनिन्छ । माथि उल्लेखित नामिक पद र क्रियापदको स्वरूपमा लिङ्ग, वचन, पुरुष, काल....... का आधारमा शब्दको रूपायन भएको पाइन्छ वा हुन्छ तर अव्यय शब्द अन्तर्गत पर्ने क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिवोधक र निपात शब्दहरूमा नामिक पद र क्रियापदमा जस्तो रूपायन प्रक्रिया अव्यय वर्गमा लागू भएको पाइदैन । रूप चल्दा नामकस्थानिक हुन्छन् तर लिङ्ग, वचन, पुरुष........ आदिका आधारमा रूपायन हुँदैनन् - अव्यय शब्द ।
नेपाली भाषामा क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी अव्यय शब्दका पाँच प्रकार छन् । जसलाई यसरी चिनारी गराइन्छ :-
क्रियाविशेषण : क्रियापद, विशेषण तथा क्रि.वि.को विशेषता वुझाउन प्रयोग गरिने अव्यय शव्दलाई क्रि.वि. भनिन्छ। यसलाई क्रियायोगी भनिएको पनि पाइन्छ। क्रियायोगीहरूले वाक्यमा थप सूचना जनाउने हुनाले यिनलाई वाक्यका अनिवार्य घटक(अङ्ग) मानिदैंन । तसर्थ यिनीहरू वाक्यमा ऐच्छिक वन्ने हुन्छन् । जस्तै :

म काम गर्छु = म काम राम्ररी गर्छु ।

हरि दौड्यो = हरि वेसरी दोड्यो ।

तपाई धेरै काम गर्नुहुन्छ= तपाई निकै धेरै काम गर्नुहुन्छ ।

ऊ माथि पुग्यो = ऊ अति माथि पुग्यो ।

यसरी वाक्यमा ऐच्छिक वन्ने अनि क्रियापद तथा क्रि.वि.को विशेषता बुझाउने अव्ययपदनै क्रि.वि. हुन् । सम्पूर्ण अनुकरणात्मक शब्द पनि क्रि.वि. भित्रै पर्छन् । क्रि.वि.भित्र समयवाचक वा समयसँग सम्वन्धित स्थानवाचक, रीतिवाचक, परिमाणवाचक र कारणवाचक गरी जम्मा पाँच प्रकारका क्रि.वि.को चर्चा पाइन्छ । (नोट : ई, एर, न, उन्जेल, अरी, ती प्रत्यय लागेर वनेका सम्पूर्ण शब्द क्रि.वि.भित्र पर्दछन्)

नामयोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामिक पदका पछाडि प्रायः जोडिएर प्रयोग गरिने शव्दहरूका बीचमा सम्बन्ध गाँस्ने अव्यय शव्दलाई नामयोगी भनिन्छ । जस्तै : म तिमीसँग घुम्न जान्छु । दिनभरी कोठामा सुत ।

सूत्रअनुसार हिसाव गर । तिमीविना म बाँच्न सक्दिन ।
यसरी नामिक पदसँग जोडिनु र विभिन्न सम्बन्ध गाँस्ने काम गर्नु नामयोगीको मूल विशेषता हो । झैं, जस्तै, नेर, पछि, सँग, सम्म, पर्यन्त, भित्र, वाहिर, अघि, पछि जस्ता अव्यय शव्द मा नामयोगी हुन्छन् ।

संयोजक

दुई वा दुई भन्दा वढी शव्द, पदावली तथा उपवाक्य जोड्ने अव्यय शव्दलाई संयोजक भनिन्छ । जस्तै : र, तर, पनि, वा, अथवा, तापनि, त्यसैले, यसर्थ, तसर्थ, न, किन्तु, परन्तु, अनि आदि अव्यय शव्द संयोजक हुन् । जस्तै : शेखर र म मिल्ने साथी हौं । हामी छात्रावासमा पढ्छौं पनि खेल्छौं पनि ।
तिम्रो रूप अनि उसको यौवन मिलेनन् । तिमी छिटो जाऊ नत्र वस छुट्ला । न आफू पढ्छ न मलाई पढ्न दिन्छ । यसरी दुईतिरको सन्दर्भ जोड्न भाषामा देखिने अव्यय संयोजक हो या जसले जोड्नमा सहयोगी भूमिका खेल्छ ती पद अव्यय हुन् ।

विस्मयादिबोधक

विभिन्न अवस्थामा मानिसका मनमा उब्जने संवेग(आश्चर्य, खुसी, घृणा, प्रशंसा आदि) लाई जनाउन प्रयोग गरिने अव्ययशव्दलाई विस्मयादिवोधक भनिन्छ । यसको चिह्न (!) हुन्छ । जुन वाक्यका सुरुमा प्रयोग गरिन्छ । आम्मै, अरे, ऐया, ओ, हे भगवान् , ज्या, स्यावास, अँ, हिहिहि, वा आदि अव्यय पद हुन् । प्रयोग : आम्मै ! कति लामो धरहरा । ए ! वर्बाद पो भएछ । छि ! कस्तो फोहोर । कठै ! वाजे मरेछन् । बिचरा ! कसरी गयो होला ?

निपात

रूप नचल्ने, स्वतन्त्र अर्थ नभएको, वाक्यमा प्रयोग हुँदा अर्थ दिन वल पुऱ्याउने अथवा वाक्यको स्तरमा बोधक नभई द्योतक बन्न सक्ने अव्यय पद निपात हो । नेपाली भाषामा ल, लौ, नि, पो, हगि, व्यारे, क्यारे, रे, र, नै, त, आदि निपात हुन् जस्तै: तिमी घर पो जान्छौ? ऊ त्यता नै गएको छ ।
खै मलाई त उनीहरूको कुरा पटक्कै थाहा छैन ।

यसरी भाषामा प्रयोग हुने शव्दलाई कार्यका आधारमा वर्गीकरण गर्न सकिन्छ र प्रत्येक शव्दले वाक्यमा कुनै न कुनै कार्य गरिरहेका हुन्छन् भने र निष्कर्ष निकाल्न सकिन्छ । शव्दवर्ग सम्बन्धि कवितांश :

विकारी हुन् क्रिया, नाम, सर्वनाम, विशेषण ।
अविकारी अरु हुन्छन् सबै अव्ययका गण ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलवायु परिवर्तन र यसका चुनौतिहरू

-जनार्दन नेपाल
वाल्मीकि विद्यापीठ

पृथ्वीको जलवायु परिवर्तनशील छ । परिवर्तनकै सिलसिलामा पृथ्वीले अत्यन्तै गर्मी र अन्यन्तै चिसा युगहरू पार गरिसकेको छ । जलवायु परिवर्तन जीवहरूको सृष्टिअगावैबाट हुँदै आइरहेको छ । यो परिवर्तन सबै जीव, वनस्पतिले भोग्दै आइरहेका छन् तर कहिलेकाहीँ भने यसमा एकरूपता पाइँदैन । परिवर्तनको क्रम धेरै र अवधि कम तथा परिवर्तनको क्रम थोरै र अवधि धेरै रहेको पनि पाइन्छ जसका कारण प्राणीहरूको जीवन प्रक्रिया र वातावरण बीचको सामञ्जस्यता हुँदैन र प्राणीलाई वातावरणसँग तालमेल मिलाउन गाह्रो पर्दछ । प्राणीले मृत्युवरण गर्छ तर परिवर्तन रोकिँदैन ।

पछिको परिवर्तनलाई पहिला नै पहिचान गरी परिवर्तनसँग तालमेल मिलाउन सक्ने भएकाले नै मानवजाती सृष्टिको सबैभन्दा योग्य प्राणी सावित भएको हो । अतः अहिले पृथ्वीले जुन किसिमको जलवायु परिवर्तनको समस्या भोगिरहेको छ, त्यसको व्यवस्थापनको अभिभारा पनि मानवजातिमै आएको छ । जब पृथ्वीको तापक्रम बढ्दै जान्छ तव थुप्रिएर बसेका हिउँहरू पग्लँदै जान्छन् र समुद्रमा पानीको मात्रा बढ्दै जान्छ, जसका कारण धेरै टापुहरू डुबानमा पर्ने खतरा हुन्छ । जलवायु परिवर्तनले खासगरी विकासशील देशहरूलाई बढी असर पारेको हुन्छ किनकी परिवर्तनसँग तालमेल मिलाउन लाग्ने यथेष्ट खर्च उसँग हुँदैन । यस्तो प्रक्रियाबाट केही क्षेत्रलाई क्षणिक फाइदा पुग्ने अवस्था पनि हुन्छ । जस्तो कि रुसजस्ता ठूला क्षेत्रहरूमा प्रशस्त जमिन छ र साइवेरिया क्षेत्रबाट हिउँ पग्लियो भने त्यहाँको तेल भण्डारको अझ बढी प्रयोग हुनसक्छ ।

प्रसिद्ध प्रकृतिविद् एवं वैज्ञानिक चार्ल्स डार्बिनले प्राणीहरूमा रहेको प्रतिकूल परिस्थितिमा बाँच्न सक्ने क्षमता र तिनमा आएको परिवर्तनको सूक्ष्म अध्ययन गरेर "एभाइभल अफ द फिटेस्ट"अर्थात् सबैभन्दा योग्य प्राणीमात्र बाँच्छ भनेका थिए । वातावरण अनुसार आफूमा परिवर्तन गर्न सकेका प्राणीहरूमात्र आजसम्म अस्तित्वमा रहेका छन् । डाइनोसर जस्ता प्राणीहरू पहिला थिए, वातावरण अनुसार परिवर्तन हुन सकेनन् र लोप भए तर मानवजातिले जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया हो भन्दैमा यसलाई चुपचाप सहनुपर्छ र यसले जताजता डोऱ्याउँछ त्यतै जानुपर्छ भन्ने होइन किनकि मानिस मात्र एक यस्तो विवेकशील प्राणी हो जसले जलवायु परिवर्तनको जोखिमलाई कम गर्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय देशहरू भौतिकरूपले एकदमै सम्पन्न छन् । त्यहाँका जनताले जलवायु परिवर्तनको प्रभाव नै थाहा पाउँदैनन् । आधुनिक उपकरणको माध्यमबाट एयर कण्डिसनमा बसेर काम गर्छन् । महङ्गो जीवनशैलीका कारण सम्पन्नहरूलाई खासै महशुस नभए पनि परिवर्तनको मार गरीव देशका जनताहरूलाई परि नै रहन्छ । जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा वर्षा कम हुने कुरा देखिइसकेको छ । वर्षा कम भएपछि र हिमनदीमा पानी घटेपछि खाद्यान्नको उत्पादन अवश्य पनि घट्ने गर्दछ जसका कारण खाद्यान्न अभाव हुने गर्दछ । हामी जलवायु परिवर्तनबाट टाढा रहन सक्दैनौं, त्यसैले बाँच्न सिक्नुपर्छ, त्यसैसित तालमेल मिलाउन जान्नुपर्छ । तालमेल मिलाउनका लागि जलवायु परिवर्तनको प्रकृति र प्रवृतिलाई बुझ्नुपर्छ र असल अभ्यासलाई बढाउनुपर्छ । बोटबिरुवाको संख्या बढाउनु, सकेसम्म कम उर्जा खर्च गर्नु, वर्षाको पानीलाई सकेसम्म धेरै जोगाएर प्रयोग गर्नु, सुख्खा सहन सक्ने बाली र प्रजातिको अनुसन्धान गरी खेती गर्नु यस्ता केही प्रभावकारी उपायहरू हुनसक्छन् ,

वातावरण विनाश दुईधारे तरवार हो । यसले व्यक्तिको जीवन कष्टकर र महङ्गो बनाउँछ । अन्त्यमा पृथ्वीलाई नै बस्न नसकिने ठाउँ बनाइदिन्छ तर वातावरण संरक्षण दुवै हातमा लड्डु मिल्ने काम हो । यसबाट आफ्नो जीवन सुखी हुन्छ र सम्पूर्ण संसारको लागि काम गरेको आत्मसन्तुष्टि पनि प्राप्त हुन्छ ।

कविता

डकैती र भ्रष्टाचार मेरो देशको धन भयो
नेताहरूको हाम्रो देशमा कुर्सी मात्र तन भयो ॥

टेबुलको मुनिबाट घुस लिन थालेपछि
कानूनको बिक्रीसमेत हाम्रो देशमा हुन गयो ॥

जनतालाई मख्ख पार्ने मन्त्र मात्र बकेका छन्
त्यै मन्त्रको कारणले जनभाव रुन गयो ॥

हाम्रो देशको कानून आज खुकुलिँदै गएको छ
त्यसैले नै होला आज कुकार्यको शान भयो ॥

-निरोज पराजुली
कक्षा ९ सं.मा.वि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के कमी थियो र उनमा......................

-भीमा पौडेल
वाल्मीकि विद्यापीठ

यो फोनको घन्टी पनि कति वज्दो रै'छ (एक्कासी फोन वज्छ) हत्तेरी यो फोन पनि ! सबै विद्यार्थी विचलित हुन्छन्, विद्यार्थीलाई ध्यानकेन्द्रित बनाउँदै पढाउन थाल्छिन् । क्लास सकिएपछि उनी मनमनै सोच्न थाल्छिन् । बाहिर निस्केर झट्ट मोवाइल झिकेर हेर्छिन् । ओहो ! नयाँ नम्वर, मनमनै सोच्न थाल्छिन् । कसले मलाई फोन गरेको होला नयाँ नम्वरवाट ? सोच्दा सोच्दै फोन फेरी बज्छ । फोन रिसिभ गर्छिन् । हेलो !..........हो, तपाईं को बोल्नु भा'को ? मैले त तपाइँलाई चिनिन नि..........ओहो ! हो र ? अनि तपाइँले मलाई पहिले नै किन फोन नगर्नु भएको ?.......हुन्छ, कहाँनिर रे? ल हुन्छ । म शनिबार तपाइँलाई भेट्छु ।

उनी सोच्छिन् सोचिरहन्छिन्...........के यो सत्य वास्तविकता हो त ? कसरी पत्ता लगाउने ? अनि त्यसका कुरा नि....... फेरी मैले उसलाई चिनेकी पनि हैन, कतै कसैले मलाई.............। अर्को क्लास सुरु हुन्छ, क्लास भित्र गएपनि बेचैनीले गर्दा उनलाई पढाउन मन लाग्दैन ।

उनीभित्र बेचैनी बढ्दै जान्छ, जति जति अँध्यारो हुँदै जान्छ, उति उति सोच्न थाल्छिन् - के गरुँ ? दोधारमा पर्छिन्, जाउँकि नजाउँ ? फेरी त्या कालीमाटी टोल (ढाँड) भनेको डरलाग्दो एरिया हो भन्छन् । त्यसमाथि उनले कसैलाई पनि नलिइकन आउनु भनेका छन्, के गर्ने होला ? होइन, भाइलाइ त लिएर जान्छु उसले थाहा नपाउने गरी । मिस ! ए मिस ! के गर्दै हुनुहुन्छ ? नेपथ्यबाट आएको आवाजले उनी झस्किन्छिन् । ए ल आउनुहोस् न , डिस्टर्ब त भएन नि ? के को हुनु नि उनी डराउँदै जवाफ दिन्छिन् । किन सिरियस नि मिस ? सोध्छ । हैन केही भएको छैन, जवाफ दिन्छिन् ।

खास कुरा के हो भनि नि, थर्ड इयरको फम खुलेको छ, इन्फम गरुँ कि भनेर आएको , भर्ने है न त? हो भर्नु त पर्छ । अँ साच्ची डेट कहिलेसम्म छ नि ? यो महिनाको लास्ट सम्म छ । ल ठीक छ, फम त तपाइँले नै भरिदिनुपर्छ खै डकुमेन्ट दिनुस् न त - मैले भनें, म उसको डकुमेन्ट बोकेर सरासर फर्कें । आज निकै दिन पछि भेट हुँदा पनि खै किन हो ? प्रणिता मिस खुसी हुनुभएन । सदा त त्यस्तो गर्ने मान्छे होइन, खै के भएछ ? अर्काको मनको कुरा कसरी जान्नु ?

एक हप्ता पछि फेरी प्रणिता मिससँग मेरो भेट हुन्छ पसलमा । सदा हँसिली र रसिली मिस आज पनि निरास । म टोलाउँछु । पसलेले सोध्छ- हैन के हो हराइयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नि ? ए साहुजी ! मैले सामानको लिस्ट तयार पारेको छु त्यो सामान घरमा पठाई दिनु होला । पसलबाट फर्किंदा मिसले आफ्नो घरमा चिया पिउने निम्तो दिनुभयो तर मलाई हतार हुनाले अर्को दिन आउने प्रतिबद्धता जाहेर गर्दै म छिटोछिटो अफिसतिर लाग्छु ।

बजार, चोक, बाटोघाटो सबैतिर एकै किसिमका गफहरू सुनिन्थ्यो । सबजना देशमा भइरहेका राजनीतिक अवस्थालाई आ-आफ्नै ढङ्गबाट विश्लेषण गरिरहेका थिए । सबैले भन्दै थिए, अब देशको भविष्य के हुने हो ? यस्तै चाल हो भने देश छिट्टै सोमालियामा परिणत हुने छ । उद्योग, कलकारखाना, शिक्षणसंस्था सबतिर आन्दोलन, सँधै बन्द, कसरी हुन्छ यो देशको उन्नति ? यसै गरी बन्द हुने हो भने सर्वसाधारण जनताको मुख बन्द हुने छ । सार्वजनिक स्थानमा भएका यी र यस्तै परिचर्चा सुन्दै म अफिस पुग्छु । अफिसको गेटमा सबैजना कर्मचारी उभिएका छन् , म अचम्मित भएँ । किन बन्द ?..........नजिकैको साथीसँग सोधेँ । उसले टाउको हल्लाउँदै थाहा नभएको जानकारी दियो । एक छिनमा ढोकामा टाँसिएको विज्ञप्ति देखेर म चकित परेँ । हो, अब हाम्रो देशमा पनि मुख बन्द हुने भो मनमनै भनेँ । के कुनै दल र राजनीतिको पछि लागी अफिस बन्द गर्नु जायज हो ? मैले केही सोचेजस्तो गरेँ अनि फर्कें ।

भोलिपल्ट बिहानै प्रणिता मिस हाम्रो घरमा आउनु भएछ, जतिखेर म निद्रामै थिएँ । सायद हामीजस्ता युवाले आठ बजे ओछ्यान छोड्नु अनुपयुक्त हुन्छ । आमाले प्रणिता मिस आएको खबर दिएपछि म हतार हतार उठ्छु । मलाई देखेर मिसले भन्नुभयो - हो युवा शक्ति यसरी नै सुत्नुपर्छ जसले गर्दा व्यक्ति,घर, समाज, जिल्ला.....र राष्ट्रको उन्नति भइरहन्छ । ए मैले तपाइँको बिल दिनुपर्ने थियो । ठीकै भयो तपाइँ नै आउनु भयो । अनि के छ उन्नति प्रगति ?

सब यस्तै छ, जस्तो देशको अवस्था त्यस्तै जनताको अनि जस्तो जनताको त्यस्तै देशको । अनि भन्नुस् के छ सरको हालखबर ? खै ठीकै होला नि कसरी थाहा पाउनु अरुको खबर ?

मिस के फेरी उही कि कसो ? कुरै बुझिन मैले । बाक्लो दाल खाएपछि पनि झगडा कम भएको छैन ? के कम हुनु नि ?, झनै बढेको छ । खै म त डिभोर्स गरुँ कि जस्तो लाग्न थालेको छ । उनको जवाफले म झस्कन्छु । होइन कस्तो कुरा गर्नुभएको ? के भयो र ? के भनूँ लोग्नेमान्छेको विश्वास हुँदैन रहेछ । त्यसैले म त एक्लै बस्छु भन्ने सोंचमा पो छु त । किन र ? आँखामा आँसु भएपनि त्यसलाई लुकाएर उनले भनिन् । के गर्नु उहाँले एक जना केटीलाई कोठामा राख्नुभएको रहेछ । उसैले अस्ति मलाई फोन गरेकी थिई । उसको पनि अर्को केटा रहेछ जसले गर्दा उ सरबाट उन्मुक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्दी रहिछ तर उहाँको कुरा अर्कै छ "तेरो दाजुले मलाई जिम्मा लगाएर गएको छ, त्यसैले तैँले मलाई छोड्न पाउँदिनस्" सरले यस्तो भन्नुहुन्छ भने केटी तेरो सामान उठाएर जा, अब तेरो केही आवश्यकता छैन भन्दी रहिछ । अब म उनीहरूको बीचमा रहनुको कुनै आवश्यकता छैन भन्ने निर्णयका साथ मैले एक्लै बस्ने निर्णय गरेकी छु ।

के छ र जीवन निर्वाह गर्नुको अर्थ विवेकहीन पुरुषको पछि लागेर ? त्यो भन्दा त आफ्नै खुट्टामा उभिएर बस्नु नै आनन्द र काफी छ त्यसैले म यही भएकी सानी छोरीलाई पढाउँछु, बढाउँछु र उसैकी आमा र बाबु दुवै बनेर स्वावलम्बी बनाउँछु । उसैका साथमा रमाउँछु । उनलाई जे मन लाग्छ गरुन् मेरो केही रोकावट छैन । जे गरे पनि सुख छैन नहुने, अंश लिएर बसे पनि सासु र जेठानी अनि उसको छोराको टेन्सन साथमा हुन्थ्यो । अब त झन् उसको यो हाल देख्दा त............ । बरु उहाँलाई नै उन्मुक्ति दिनु नै उपयुक्त छ जस्तो लाग्छ । के हामी नारीहरूले सँधै दास भएर बस्नुपर्छ र ? के पुरुष विना पनि हामी बाँच्न सक्दैनौं र ? त्यसैले अब साहस गर्दै बाँच्ने र यो समाजसँग लड्ने प्रण गरेकी छु । मेरो कुरा ठीक छैन त ? मिसका कुराले म छक्क परेँ । उनलाई एक कप चिया र बिलले बिदा गर्दै म सोचिरहेँ - के कमी थियो र उनमा ?

✡💧💧💧✡

आमा

संसारलाई चिनाउने युवा हुँ म
मलाई पढ्न सिकाइदेउ

देशको लाडि लड्छु सँधै म
बाँच्नलाई सहारा देऊ ॥

सानैदेखि ज्ञानी भई पढ्छु आमा
मलाई स्कूल भर्ना गरिदेऊ
ठूलो होइन, असल बन्छु स्कूल जानदेऊ ॥

कात लडे जनता आमा देशमा शान्ति ल्याउन
नेताहरू तल्लिन छन् सारा देश भ्याउन ॥

-विशाल रोक्का
कक्षा ८ सं.मा.वि.

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छात्रावास अनि म

-सुनील सुवेदी
वाल्मीकि विद्यापीठ

ज्ञानरूपी सोपानमा चढी बुद्धिरूपी शिखर उच्च राख्न र विद्वता हासील गर्न २०६५ मा वाल्मीकि विद्यापीठमा मैले प्रवेश गरेँ । मा.वि.स्तरको पढाई पूर्ण गरी उच्च शिक्षा आर्जन गर्ने मनसायले विद्यापीठमा प्रवेश गरेको हुँ । संस्कृत शिक्षा आर्जन गरी राष्ट्रमा कुनै अमूल्य योगदान पुऱ्याउने अभिलाषाका साथ विद्यापीठमा पाइलो टेकेँ । विविध विषयका मूर्धन्य व्यक्तित्वहरूको साथ अध्ययन गर्न पाउनु मेरो लागि महत्वपूर्ण कुरा हो । विद्यापीठमा अध्ययन गर्ने क्रममा यसैको अभिन्न अङ्गको रूपमा तथा संस्कृत विद्याको धरोहरको रूपमा रहेको तीनधारा संस्कृत छात्रावासमा प्रक्रियागत रूपमा प्रवेश गर्ने सुअवसर प्राप्त भयो । म धादिङ्मा जन्मेको साधारण व्यक्तिलाई काठमाडौंमा बसेर यहाँको महङ्गीलाई सामना गर्ने साहस निकाल्न कठिन नै हुने थियो । अथक परिश्रम र शिक्षकहरू तथा साथीभाइको स्नेहले गर्द छात्रावासमा बसोवास गर्ने व्यवस्था मिल्यो । यहाँको वातावरण अति नै राम्रो अनि यहाँको विद्यार्थी दाजुभाइको उत्साह र स्फूर्ति देख्दा कता कता मलाई लाग्यो साँच्चै राम्रो ठाउँमा प्रवेश पाएको रहेछु । छात्रावासमा बसेर प्रचुर मात्रामा अध्ययन गरी समुज्ज्वल भविष्य निर्माण गर्ने कार्यमा तदारुकताका साथ लागिपरेको छु । यहाँ बसेर विद्यापीठमा गई अद्वितीय व्यक्तित्वहरूसँगको पठनपाठनमा अति नै रमणीय वातावरण सिर्जना हुँदो रहेछ । यहाँको परिवेश हेर्दा यो त साँच्चै भविष्य निर्माण गर्ने स्थलको रूपमा रहेछ । साहित्य, व्याकरण, ज्योतिष लगायतका विषयमा धुरन्धर गुरुहरूसित अध्ययन गर्न पाउनु भाग्य हो । यस्ता मूर्धन्य र भूर्धन्य व्यक्तिहरूको हातमा समाएर ताते ताते गर्दै गर्दा विभिन्न आकाङ्क्षाहरू प्रस्फुटन नभएको होइन तर यसलाई गन्तव्यसम्म पुऱ्याएर उद्देश्यमूलक बनाउन सकिँदैन कि भन्ने कताकता चिन्ता लागेर आउँछ । देशकै मुटुको काठमाडौं र काठमाडौंको पनि मुटुमा रहेको यस छात्रावासले संस्कृतलाई जीवन्त राख्न हरतरहले लागि परेको छ । हिजोको कुरीतिलाई जरैदेखि निर्मूल पार्नको लागि 'जयतु संस्कृतम्' को आन्दोलन पनि यहीँ ठाउँबाट भएको हो । यस ठाउँमा बसेर व्यक्तिगत मात्र नभई सिङ्गै देशको अभिभारालाई बहन गर्न सक्ने व्यक्तित्वको रूपमा यहाँको विद्यार्थीहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्राचीन समयको कथावस्तुलाई परित्याग गरी समय सापेक्ष संस्कृत शिक्षाको विषयमा पनि महत्वपूर्ण भूमिका प्रस्टिन्छ । यहाँबाट उत्पादित व्यक्तिले देशको कुनै पनि ठाउँमा गएर प्रगति देखाउन सक्दछ । विगत देखि आजसम्मको इतिहास हेर्दा कता कता हृदयको कुना कुनामा हर्षोल्लासले व्याप्त पार्दछ । सायद यो छात्रावास नहुँदो हो त मैले यहाँको परिवेश, उर्वर ज्ञान प्राप्त गर्न असम्भव थियो । कताको एक ठाउँबाट प्रवेश गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारण व्यक्ति अनि ज्ञानको सागर माथमा धारण गरेर मुस्कुराई रहेको छात्रावासले संस्कृत पठनपाठनमा मात्र सीमित नरहेर यस प्रति रहेको अनास्था र कुसंस्कारलाई परिवर्तन गर्न पनि विशेष कदम चालेको छ। अज्ञानरूपी अन्धकारलाई ज्ञानरूपी ज्योतिले झलमल्ल पार्न साँच्चै छात्रावासले विशेष भूमिका खेलेको छ। जसले गर्दा आज म जस्ता तमाम विद्यार्थीहरूलाई सन्मार्गमा हिँड्न सिकाएको छ। यद्यपि यस्तो वातावरण हुँदा हुँदै पनि वीचमा अवरोध गर्ने साना मसिना समस्याहरू नभएको होइन। यसलाई ठीक वा वेठीक सच्चाई समाधानको मार्ग पनि अपनाउन आवश्यक छ। खाने, बस्ने, पढ्ने खेल्ने आदि विविधक्षेत्रमा आ-आफ्नै समस्या हुन सक्दछन्। यसमा सम्वन्धित निकायले मध्यनजर गरेर विद्यार्थीको समुज्ज्ल भविष्य प्रति गम्भीर वनेर सही निर्णय गरी विद्यार्थीहरूप्रति अलिक सचेत भईदिने हो कि? पढ्ने वातावरणमा खलल् मच्याउने कार्यप्रति सचेत भई सञ्चालक समिति तथा विद्यापीठले विद्यार्थीको सुन्दर भविष्यप्रति खेलवाड नगरियोस्। भविष्य बनाउने जगनिर्माण गर्ने अवस्थाको वोध गरी यहाँको वातावरण तथा पठनपाठनलाई अझ चुस्त बनाउन सके भोलिका दिनमा छात्रावासले गौरवको अनुभूति गर्ने थियो। आज आएर छात्रावासप्रति हेर्ने दृष्टिलाई हामी जस्ता जल्दा बल्दा युवक केटाहरूले नजर परिवर्तन गराउन सक्नुपर्छ। विगतमा छात्रावासवाट अध्ययन गरेर गएका तमाम व्यक्तिहरू सफल छन् भने हामी किन नहुने? तसर्थ हाम्रा अग्रजको अथक परिश्रम, कटिबद्धता, लगनशीलता, प्रजातान्त्रिक आस्थालाई सबैले आदर्श मान्दै कर्तव्य पथमा विचलित नभई लागौं, तब मात्र आफ्नो अनि सँगसँगै छात्रावासको भविष्य समुज्वल हुनेछ।

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

डा. लीलानाथ पौडेल
कार्यकारी निर्देशक
नेपाल संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थहीन मायाको पत्र

सम्झनाकी अमरज्योति शिलु !

अधुरो सिन्दूर-पोतेको कोशेली

कुन शव्दले सम्वोधन गरुँ तिमीलाई, मैले शव्दकोशका पाना पाना पल्टाएर खोजें तर त्यो शव्द भेट्टाउन सकिन, जुन शव्दले तिमीलाई सम्वोधन गर्नसकुँ ।

शिलु ! साँच्चिकै विगतले वर्तमानलाई पिरोलिरहँदो रहेछ । आज यो दिलको कलम र आँशुको मसीले तिमीप्रति जिन्दगीको अन्तिम पत्र कोर्दैछु । जीवनमा हजारौँ आरोह अवरोहहरूको सामना गर्दै अनि कहिले मीठा त कहिले तीता अनुभव सँगाल्दै बाध्यता र विवशतामा रुमलिँदै यो मेरो अर्थहीन जिन्दगीलाई भुलाउने क्रममा यो प्यारो कागजको सहायता लिँदै, प्रतिकूल समयको सामना गर्दै हाँसो-आँशु, मिलन-विछोड र दुःख सुखको भूमरिमा रुमलिँदै अतीतमा घटेको सारा हृदयका कुण्ठित व्यथाहरूलाई बोकेर आज अचानक तिम्रो मनको ढोका घच्घच्याउन आइपुगेको छु ।

यसमा हुनसक्ने गल्तिको याचना आँफैमा फैलाउँदै, सजायको भागी अवश्य बन्नेछु । मेरो जीवनका वेदना-विरहमा आफैलाई हराउँदै दिन व्यतित गर्नुपरेको हुँदा तत्कालै तिमीलाई भेट्न आउन सकिन, के गर्नु गरीबको जिन्दगी यही असह्य पीडामा बिताउनुपरेको छ । यही मजवूरीले गर्दा आज मैले तिमीलाई गुमाउन पुगेँ । शिलु ! म काठमाडौँ आउँदा तिम्रो लागि केही अमूल्य चीज ल्याउन नसके पनि एक थान सिन्दूरपोते लिएर आएको थिएँ तर थोरै समयको ढिलाईले गर्दा तिमीलाई त्यो कोसेलीले सजाउन सकिन, सायद मेरो भाग्य नै नभएर होला । जति मैले जिउने आशा र भरोसा राखेको थिएँ त्यो नै मेरो जीवनमा विलुप्त भएर अल्पियो । ती मेरा सारा मीठा-मीठा सपनाहरू केवल कल्पना मात्रै भए । यति लामो समयसम्म मिलनको बन्धनमा बाँधिएर पछि विछोडिनु पर्दा कसको मन नरोला र ? साँच्चिनै मान्छेलाई दुःख परेपछि रुनु शिवाय केही गर्न सक्दो रहेनछ । हरपल तिम्रै यादमा तड्पिएर रुन्चे हाँसो हाँस्न पनि सकिन , साँच्चै नै प्रेमको वास्तविक अर्थ मिलनमा नभएर विछोडको वेदनामा डुबेको बेला मात्र थाहा हुँदो रहेछ । त्यसैले यो मेरो मनको दर्पणमा तिम्रो छायालाई कहिल्यै हटाउन चाहिन, किनकि मधुर मिलनका यिनै स्वर्णिम क्षणहरू त सम्झना र स्नेहलाई ताजा राख्ने साधन भएको छ ।

जीवनको अन्तिम गोरेटोसम्म आइपुग्दा पनि हाम्रो मायालाई जित्न सकिन, पूर्णिमाको जून जस्तो यो दुई आत्माको मिलन अब औँशीको रात सरह भयो । चाहेको नपाउनु र सोचेको नपुग्नु नै मेरो जिन्दगीको परिभाषा रहेछ । के गर्ने जिन्दगीको गोरेटोमा मन बिसाउने चौतारी नभएपछि अब म सदा सदाका लागि त्यागिँदैछु, तिमी देखि धेरै टाढा जाँदैछु । अब त ममा मुस्कानको लहर छैन । आशा र उमङ्गको गोरेटो छैन तर तिमी खुशीसाथ हाँसिराख, बाँचिराख, यही नै तिमीलाई मेरो अन्तिम शुभकामना छ भन्दै यो व्याकुल आत्मालाई विश्राम दिन चाहन्छु । विगतका निर्मम यादहरू सँगालेर बाँच्ने -

-ध्रुवबाबु घिमिरे "रोचक"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१औं शताब्दी र संस्कृत शिक्षा

-चोलेन्द्र रिजाल "विवश"
सुनौलाबजार-१, धादिङ्ग

अहिलेको युग २१ औं शताव्दीको युग हो। यो युगमा कम्प्युटर, इन्टरनेट लगायत अनेकौं संचारका साधनहरूले ठूलो प्रभाव जमाएको कुरा सर्वविदितै छ। शिक्षाको विकास नभइकन कुनै पनि व्यक्ति, समाज र राष्ट्र खासै प्रगतिपथमा देखा पर्न सक्दैन। शिक्षाकै आडमा व्यक्ति, समाज र राष्ट्रले आवश्यकता अनुरूप परिवर्तनको नवीन दुनियाँमा आफूलाई उभ्याउन सफल हुन्छन्। यसै क्रममा नेपालले पनि परिवर्तन र विकासतर्फ पाइला चाल्दै छ। शिक्षा र सञ्चारजस्ता केही सुविधाबाट कोही व्यक्ति पनि वञ्चित रहन नपरोस् भन्ने सरकारको पनि ठूलो अपेक्षा अनुरूप हरेक क्षेत्रमा लगानी पनि गरि नै रहेको छ। अहिलेको समयमा हरेक व्यक्ति, समाज र राष्ट्रमा संस्कृत शिक्षाको आवश्यक छ तर 'संस्कृत शिक्षाबाट कम्प्युटर, इन्टरनेटजस्ता कुराहरूको ज्ञान प्राप्त गर्न सकिदैंन, त्यसो भएकाले संस्कृत पढेर के काम ?'भन्ने पनि कोही व्यक्ति होलान् तर गहन कुरा के छ भने संस्कृत एउटा भाषा हो जुन नेपाली भाषा जस्तै भारोपेली भाषा समुदायका कैयौं भाषाहरूको जननी हो जुन भाषालाई छाड्ने हो भने नेपाली भाषाको शरीर नै वन्दैन तसर्थ नेपालीमा प्रयोग हुने ८०% भन्दा माथिका शव्दहरू संस्कृतबाट नै भित्रिएको पाइन्छ।

नेपालको परिप्रेक्ष्यमा लिच्छवी कालदेखि शाहकालसम्म सम्पूर्ण अभिलेखहरू संस्कृत भाषामा लेखिएका पाइन्छन्। ती अभिलेखको ज्ञानबेगर कुन राज्यले के काम कति समय गरे ?, कुन समयमा कस्तो विकास भयो ?, नेपालमा कस्ता सामानहरू उत्पादन हुन्थे र कुन-कुन मुलुकमा निर्यात हुन्थ्यो भन्ने जस्ता कुराहरू जान्न सकिंदैन। अर्को कुरा हाम्रो जन्मदेखि मृत्युसम्म गरिने १६ संस्कारहरू संस्कृत भाषामा नै लिपिवद्ध छन्। त्यसैगरी संस्कृत भाषाकै माध्यमबाट पूजाआजा, यज्ञ तथा होम चलिआएको छ र न्वारन, पास्नी,ब्रतबन्ध तथा विवाह पनि संस्कृतकै मन्त्र प्रयोग गरेर पूरा गरिने कुरा अवगत नै छ।

संस्कृत अव्यवहारिक शिक्षा होइन केवल प्रयोग गर्न नजानेको मात्र हो। जस्तै पश्चिमी साहित्यको ठाउँमा पूर्वीय साहित्यको रूपमा संस्कृत रहेको छ। त्यसैगरी उताको Law हाम्रो न्याय, उताको आधुनिक ज्योतिष हाम्रो फलित र सिद्धान्त ज्योतिष, उताको व्याकरण दर्शन हाम्रो वेदान्त, साङ्ख्य, उताको Agriculture हाम्रो कृषिशास्त्र, उताको पदार्थ विज्ञान हाम्रो वैशेषिक दर्शन जस्ता कुराहरू रहेको छ। कतिपय पुष्पक विमान, आग्नेयास्त्र, वायव्यास्त्र, वाहुलास्त्र जस्ता हतियारहरू पहिले थिए अहिले हाम्रो मन्त्रशक्तिको कमीले देखिएका छैनन् ती मन्त्रशक्ति जगाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्यास र अनुसन्धान गर्ने हो भने ती फेला पर्नसक्छन् । त्यसैकारणले अहिलेको युगमा संस्कृत शिक्षा काम नलाग्ने भयो भन्ने स्थिति छैन ।

आयुर्वेदको विकास गरेर पश्चिमको एलोपेथीभन्दा हामी माथि पुग्न सक्ने पक्का छ । यतिमात्र हो हाम्रो कर्मशीलताको खाँचो छ । पुराना गूढरहस्यहरू पत्ता लगाउन संस्कृत नपढी सुखै छैन । त्यसैगरी सर्वाधिक प्रयोग हुने कम्प्युटरको कुरा गर्ने हो भने त संस्कृत बराबर फिट हुने भाषा अरु कुनै देखिएको छैन । अर्को कुरा जर्मनीमा संस्कृतको व्यापक अनुसन्धान भइरहेको कुरा जानकारी नै छ । त्यसबाट जर्मनहरूले नयाँ कुरा पत्ता लगाइरहेका छन् ।

अन्त्यमा,

संस्कृत विश्वकै सम्पत्ति हो । हाम्रा संस्कार, रितिथिति सबै संस्कृतमा अडेका छन् । संस्कृत शिक्षा अन्त्यन्तै व्यवहारिक शिक्षा भएकाले संस्कृत शिक्षालाई विद्यालय, महाविद्यालय र विश्वविद्यालयको साथै सरकारी तथा गैरसरकारीं स्तरवाट जगेर्ना, संरक्षण र सम्बर्द्धन गर्नु अहिलेको अत्यन्त खाँचोको विषय हो । मानवीय मूल्यलाई उज्ज्वल राख्दै राष्ट्र विकासका निम्ति योगदान पुर्‍याउन सक्ने शिक्षा नै आजको नितान्त आवश्यकता हो । बूढा भए भनेर जन्म दिने माता पितालाई फाल्नु हुँदैन बरु रसादि औषधी खुवाएर उहाँहरूलाई स्वस्थ, हृष्टपुष्ट बनाउनु उचित हुनेछ त्यसैगरी हाम्रो सभ्यता, संस्कृति, राष्ट्रिय गौरव र इतिहास बचाउन संस्कृत शिक्षाको उत्थानमा दत्तचित्त भएर लाग्नु आजको युगमा आवश्यक छ ।

✡💧💧💧✡

गजल

चोखो माया दिएकी छु जुनीभरी छुट्नेछैन
तिमी जहाँ भए पनि मेरो धैर्य टुट्नेछैन ॥

कहिले टाढा, कहिले नजिक जिन्दगीको रीत रै'छ
एक्लो हुँदा सम्झाइदिने तिम्रो मीठो प्रीत रै'छ ॥

अटल हाम्रो मायाप्रीति कहीँ कतै झुक्नेछैन
तिमी जहाँ भएपनि मेरो धैर्य टुट्नैछैन ॥

एक्ला शून्य रातहरू व्यथा बोकी आएपनि
मनमनै अतीतका सम्झनाले खाएपनि ॥

सीसा होइन मेरो माया खस्नासाथ फुट्नेछैन
तिमी जहाँ भए पनि मेरो धैर्य टुट्नैछैन ॥

-सुनीता फडेरा
कक्षा १० सं.मा.वि.

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देश

✍ सिजनबाबु दाहाल

अब्राहम लिङ्कन रोइरहेछन्
नेल्सन मण्डेला रोइरहेछन्
अनि वी.पी. रोइरहेछन्
प्रजातन्त्रको खतरा देखेर ॥
त्यसैले अब हे प्रजातन्त्रवादी हो !
प्रजातन्त्रको नारा लिएर उठ्नैपर्छ
तिमी उठ्दा सारा नेपालीले भन्नैपर्छ
प्रजातन्त्र जिन्दावाद, प्रजातन्त्र जिन्दावाद ॥
स्वर्गले गिज्याइरहेछ
वनजङ्गलले गिज्याइरहेछ
अनि नदीनालाले गिज्याइरहेछन्
वर्तमान नेपाललाई देखेर,
त्यसैले अब हे समाजवादी हो !
समाजवादको नारा लिएर उठ्नैपर्छ
तिमी उठ्दा सारा नेपालीले भन्नैपर्छ
समाजवाद जिन्दावाद, समाजवाद जिन्दावाद ॥
वी.पी. कोइरालाका सपना टुङ्गिन्छन्
चार सहिदका सपना टुङ्गिन्छन्
अनि जनआन्दोलनका लक्ष्य टुङ्गिन्छन्
नेपाली कांग्रेस चुप लाग्यो भने,
त्यसैले अब हे नेपाली कांग्रेस हो,
सहिदका सपना साकार पार्न उठ्नैपर्छ
तिमी उठ्दा सारा नेपालीले भन्नैपर्छ
नेपाली कांग्रेस जिन्दावाद, नेपाली कांग्रेस जिन्दावाद ॥
कति विद्यार्थी सहिद भए,
कति विद्यालयहरू भत्किए
अनि कति संरचना ध्वस्त भए
परिवर्तनको नारा लिएर,
त्यसैले अब हे नेविसंघ हो !
नेविसंघको नारा लिएर उठ्नैपर्छ
तिमी उठ्दा सारा विद्यार्थीले भन्नैपर्छ
नेविसंघ जिन्दावाद, नेविसंघ जिन्दावाद ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती दिनहरू

✍ राजेन्द्र पण्डित

हिजोका ती दिनहरू मेरा
मानसपटलमा कहिल्यै नजाने गरी,
कुनै वस्त्रमा
लिसो टाँसिएको झै टाँसिएका छन्
हिजो बोलेका ती प्रत्येक शव्दहरू सारङ्गीको
धुनसँगै आज मलाई खोज्दै रोइरहेछन्
म सम्झन्छु के थिए ती दिनहरू
स्वर्गीय वा नारकीय ?
तर म भन्छु ती दिनहरू सुन्दर धर्तीमा
प्रवेश गर्न नहुने काला दिनहरू थिए ।
बिर्सेर आएछन्, अव भुलेर पनि नआउन
अनुरोध गर्दछु
किनकी ती दिनहरूले धेरैको इच्छामाथि
तुषारापात गरेको छ, घात गरेको छ
कहिल्यै नजाने गरी कालो दाग लगाएको छ
कतिको जीवन वर्बाद पारेको छ
उनीहरू चाहन्थे कि सबै म जस्तै होउन्
तर म फरक हुन चाहन्थेँ
यही फरक नै मेरो जीवनमा दुर्भागय बन्न पुग्यो
पूर्णिमा जस्ता ती मेरा सुन्दर जीवनमा
औँशी सरी ती दिनहरूले काला रङ्ग छरेछन्
अब मेरो जिन्दगी सखाप भएको छ
सम्पूर्ण अङ्ग भएर पनि अपाङ्ग
बन्न पुगेको छु
अव मलाई लाग्न थालेको छ
के म मानव भएर बाँच्न सक्छु ?
के मेरा इच्छाहरू पूरा गर्न सक्छु ?
के मेरा दिनहरू यस्तै रहलान् त?
यी सबै प्रश्नहरू उल्टो पार्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सही हुन आउँछन्
ती दिनहरू आई मलाई मित्र वनाई धूते र अन्तमा
पछाडिबाट छुरा रोपी हिँडे
ती चोटहरूले मलाई
जिन्दगीभर सताइरहेको छ
अव म शतवार्षिकी मनाउन पनि चाहँदिन
किनकि धेरै तिरस्कृत हुनुछैन
अव सुखका दिनहरू हेर्न चाहन्न
दुःख नै मेरो जीवनको साथी बन्न आएको छ
अव भाग्य आओस् भन्ने चाहना पनि छैन
भाग्य फुटेको मैले धेरै अगाडि देखिसकेको छु
अव म चाहन्छु त केवल एक चीज
त्यही सवैको डर अनि मेरो रहर
"मृत्यु"

मेरी प्रियसी

-किरण न्यौपाने
कक्षा ८ सं.मा.वि.

मलाई माफ गरिदेउ मेरो लोभी नजर कहीँ कसैमा डुवेछ भने
म खोजीरहन्छु हरेक चेहरामा मेरो सपनाकी एक प्रियसी मायालु ॥
ऊ आउँछे सँधै म निदाएको बेला अनि सुत्छे मेरो छातीमा
साट्छे अनि सधैं मेरा पीरतीहरूसित उनका मीठा मीठा भावना ॥
मलाई माफ गरिदेऊ मेरा प्रेमका कुरा कहीँ कसैलाई विझेछ भने
उसको आँखा, ओठ मेरो रोधीघर, छाती मेरो श्वास
उसको आशु वर्षा, उसको सुश्केरा शिशिर
उसको मुस्कान मेरो मधुमास ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनकी रानी सुनयना

-गिरिराज न्यौपाने
वाल्मीकि विद्यापीठ

म छटपटिएर कति दिन बिताएँ, कहिले म सडकमा गएर उनलाई खोजीरहन्छु। एकोहोरिन्छु, टोलाउँछु, त्यत्तिकैमा एउटा वटुवासँग ठोकिन पुग्छु। अनि म वास्तविक जीवनमा आउँछु। मेरो जीवनमा एउटी असाध्यै मलाई माया गर्ने मायालुको यादमा म डुबिराखेको छु। म आफ्नो गाउँमा कक्षा ५ सम्मको अध्ययन गरेपछि मलाई संस्कृत पढ्ने तीव्र इच्छा भयो। जसको फलस्वरूप आफ्नै करले, मेरो बुवाले नपढाए पनि, संस्कृत पढ्नको लागि बुटवल गएँ। सुरुका दिनमा मलाई मेरा आमावुवाको असाध्यै याद आइरहन्थ्यो। कहिले कहिले गाउँघर अनि त्यो पहाडी परिवेश सम्झेर गाउँ फर्कूं फर्कूं लाग्थ्यो। तर के गर्ने परिवारको इच्छा विपरीत म संस्कृत पढ्न होमिएकोले घर फर्कन सकिन। छात्रवासमा बस्ने, साँझ बिहान प्रार्थना गर्ने लगायतका कामहरू गर्दै दिनहरू व्यतीत हुन्थे।

मैले जब कक्षा ७ को परीक्षा पास गरेर ८मा भर्ना भएको दिन मन एकदमै चङ्गा भएको थियो। त्यसैवेला नै एउटी सुनयना नाम गरेकी केटीसँग मेरो आँखा जुध्यो। कता कता हेरुँ हेरुँ लाइरह्यो। विस्तारै विस्तारै नजरको कमालले हामी दुवैलाई तानिरह्यो। कुराकानी गर्न भने असाध्यै डर लाग्थ्यो। उनी नजिकै आउँदा म टाढा टाढा भाग्थेँ। तर पछि लाग्नेले नछोडेपछि भाग्नेको के नै लाग्दो रहेछ र ? उनले मलाई एकदिन भेटिन् तर खासै कुरा गर्न भने सकिनन्। स्कूलभरी गिरिराज र सुनयनाको जोडी मिल्यो भनेर व्यापक जिस्क्याउँथे साथीहरूले। उनका बुवाले एकदिन मलाई एक्लै पारेर सोध्नुभयो- तिमीले मेरी छोरीलाई माया गर्छौ ? म अवाक् भएँ। मैले भने उनले मन पराउँछिन् तर मैले.............।

कक्षा ९को परीक्षा चलिरहेको थियो। मैले बाहिर पढिरहेको थिएँ। यस्तैमा कसैले गिरिराज ! भन्दै बोलाएको सुनेँ। फर्केर हेरेँ, उनी रहिछन्। नजिकै गएँ, उनले लजाउँदै भनिन् - एउटा कुरा भन्नु थियो। नरिसाउने भए भनुँ त ? मैले भनेँ - भन न। उनले मलाई मुखमा हेर्न सकिनन् र भुइँतिर निहुरेर भनिन्- म तिमीलाई असाध्यै माया गर्छु . I Love You Giriraj........! अरु के के भनिन् मलाई त्यति याद भएन। तर मैले उनलाई त्यति नै बेला I Hate u पनि भन्न सकिनँ। यदि मैले त्यसो भनेको भए उनी मर्छिन् कि भन्ने डर लाग्यो। सबैलाई थाहा भएकै कुरा हो। मेरै कारणले उनको मृत्यु म हेर्न सक्दिनथेँ।

यस्तैमा उनको र मेरो भेट धेरै भयो। तर उनलाई देख्दा मलाई डर लागेर आउँथ्यो। शरीरभरी काँडा उठ्थे। मैले पनि यो आभाष पाउथेँ कि उनमा पनि मलाई जस्तै डर लाग्ने, ओठ लरबराउने तर मन पराउने र माया गर्ने। कुनै कुराको पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीमा हुँदो रहेछ । उनले मलाई धेरै माया गर्दिरहिछन् जस्तो लाग्छ किनकी उनी मैले पनि मनपराउँछु भन्ने कुरा नभनेकोले बिरामी परिछिन् । जव उनको समीपमा पुग्थेँ, उनको अनुहारमा अर्कै चमक आउँथ्यो । उनलाई लाग्थ्यो होला मेरो जीवन कटाउने साथी मेरो समीपमा छ । धेरै समय म उनको समीपमा वसेँ त्यसपछि मात्र उनलाई पूर्ण सञ्चो भयो । एकचोटी उनका वुवा आमाले मलाई उनको सहयात्री वन्न आग्रह गर्नुभयो तर मैले आफू सानै भएको र आउँदो दिनमा सोँच्ने कुरा गरेर विदा भएँ ।

कक्षा १० मा पढ्दै गर्दा सुरुसुरुमा अलिअलि वोलेपनि पछिल्लो समयमा म उनीवाट अलग्गिएँ । किनकि मेरो एस्.एल्.सी.को परीक्षा आउँदै थियो । मैले त्यो परीक्षा पनि दिएँ अनि उनलाई घरमा वोलाउन मेरो साथीलाई पठाएँ । उनी घरमै रहिछन् । उनी मेरै छेउमा आइन् । हल्का लजाएर भनिन् - किन वोलाएको नि ? मैले भनें-परीक्षा सकियो अब तिमी र म टाढा हुन्छौं होला । त्यसोभए तपाइँ कहाँ पढ्नुहुन्छ? फेरी उनले सोधिन् । मैले भने म काठमाडौं पढ्छु । अचानक उनले मलाई च्याप्प समाती चुम्बन गर्दै गलामा गला मिलाएर रोइन् । म पनि आत्तिएर रोएँ । यो नै हाम्रो अन्तिम भेट हो । यस भेटमा हामीले करीब ३ घण्टासम्म गफ गऱ्यौं । मैले उनलाई यही घटनाबाट कहिल्यै भुल्न नसक्ने भएँ । मैले विदाईको हात हल्लाएँ । उनले पनि हात हल्लाउँदै अश्रुधारा सहित विदा भइन् ।

अर्को दिन बिहानै म स्याङ्जातर्फ लागेँ । बाटाभरी उनकै याद आयो । उनीविना आफैलाई एक्लो ठानें । उनी मेरै यादमा कति बस्न सक्लिन् र ? म पनि के नै सकूँला र ? तर म अहिले काठमाडौँमा छु । उनी घरमै छिन् । मोबाइलमा म विना कसैकसैलाई मुस्किल छ पोखरामा.............. भन्ने गीत बज्छ । लाग्छ मलाई यो गीत मेरै लागि वनेको हो । सायद, मेरी प्रियसी सुनयनालाई पनि म विना समय काट्न पक्कै मुस्किल होला । मैले उनलाई असाध्यै मन पराउँछु । प्रियसी ! मैले तिमीलाई जस्तो व्यवहार गरेपनि मेरो अन्जानता स्वीकार्दै र गल्ती भएमा टाढैवाट विन्ती गर्छु, मलाई माफ गरिदेऊ, मैले तिमीलाई माया गर्थें, गर्छु र गरिरहनेछु ।

आकाशमा तारा कति छन् कति छन्
तर मलाई ध्रुवतारा नै मनपर्छ
यो जवानले कतिलाई देख्यो
तर मलाई सुनयना नै मनपर्छ । Sunayana ! Love you Forever and ever and ever............

✡♦♦♦♦✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दैनिकी

-*अनिल अधिकारी*

विहानीको चिसो सिरेटोमा साथीको मोवाइलमा वजेको घण्टिसँगै स्वप्नील संसारमा अल्मलिरहेको मन यथार्थमा जागृत भयो । मिर्मिरे उज्यालोमा मेरा आँखाले प्रथमतः भित्तामा टाँसेको सरस्वतीको भावपूर्ण दर्शन गरे । उठिवरि शौचादि कार्य सकी म पनि वनभोज जानको लागि कपडा लगाउन थालेँ । कपडा लगाई सकेर चौरमा जाँदा सवैजना जम्मा भइसकेका रहेछन् । छात्रावासकै दाईहरूले हामीलाई वसमा गएर बस्न निर्देशन दिएको हुनाले वसमा वस्यौँ । छात्रावासका सम्पूर्ण साथीहरू बसमा बसिसकेपछि एउटा गाडी प्रस्थान गऱ्यो । म लगायत केही साथीहरू पछिल्लो बसमा वस्यौँ । पछिल्लो वसले पनि आफ्नो गति लियो । वाटोमा रमाइलो गर्दै थानकोट पुग्यौँ । थानकोटमा ओर्लेर प्रकाश दाई, सिजन दाई, सन्तोष दाई, ध्रुव दाई, म लगायत थुप्रै साथीहरू बसको छतमा चढ्यौँ । धादिङका ती सुन्दर वस्ती, ती प्राकृतिक छटाहरूलाई मष्तिष्कमा कैद गर्दै दिव्यानन्दको चरमानुभूति लिँदै हामीहरू टिष्टुङ पालुङका ती रमाइला दृष्यहरू हेर्दै दामन आइपुगेको पत्तै भएन । गाडीले ब्रेक लगाईसकेपछि सबै जना साथीहरू गाडीवाट ओर्लियौँ ।दामनको त्यो रमणीय दृष्य हेर्दै चिसो सिरेटोमा खाजा खाइवरी निस्कने साहस गऱ्यौँ । हिउँ लिन जाँदा वाटामा देखिएका वोझोका बोटहरू उखेलेर गोजीमा हाल्दै तल हिउँ भएको पोखरीमा पुग्यौँ र पोखरीबाट हिउँ बोकेर माथि निस्कँदा त सवै साथीभाइहरू गीतमा झुम्मिसकेका रहेछन् । तर म आफ्नो उदार हृदय देखाउन समाजवादी जस्तो वनेर तरकारी काट्ने, जेरी पकाउने काममा लागेँ । प्रकाश दाइ, रचना दिदी लगायत अन्यसँग फोटो खिच्न भनेर फेरी तल पोखरीमा झऱ्यौँ । पोखरीबाट आइस निकाल्दै फोटो खिच्दै गर्दा कति छिटो १ बजिसकेछ । माथिवाट साथीहरूले फेरी खाजा खान बोलाएकोले हामी माथितिर उक्लियौँ । खाजा खाइवरी दामन टावर चढेर दुर्बिनवाट सुन्दर वस्ती, खोलानाला र सुन्दर हिमालहरूको मन्त्रमुग्ध भएर दृष्यपान गऱ्यौँ । दामनको चिसो हावा अनि त्यो स्वतन्त्रताको भरपूर उपयोग गर्दै मनोरञ्जन लिने जमर्को गऱ्यौँ । सीजन दाइ, ध्रुव दाइ, सन्तोष दाइ, वराल दाइ लगायतले मलाई वडो स्नेहपूर्वक मायालु शव्दले माथि एफ्.एम्. स्टेशनतिर घुम्न प्रस्ताव गर्नुभयो । दाजुहरूको त्यो सामीप्यता अनि त्यो सुषुप्तावस्थामा रहेको यो नश्वर कायलाई जागृत तुल्याउने स्वर्णीम दिव्यानन्दतर्फ उन्मुख गराउने त्यो अद्भूत दिव्यमधुलाई स्वागत गर्न म पनि दाजुहरूसँग कटिवद्ध भएँ । दिव्यताप्राप्तिसँगै सीजन दाइ, ध्रुव दाइ, खेम दाइ, निर्मल दाइ, मणि दाइ, प्रकाश, विनोद, सुनीता, ललिता, रचना दिदी लगायत सबैजनासँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रमाइलो गर्दै नाच्दै हाँस्दै हामी दामनबाट खाना खाइवरी वसतर्फ प्रस्थान गऱ्यौं । त्यो झिसमिसे साँझमा दामन मकवानपुरलाई हात हल्लाउँदै हामी काठमाडौंतर्फ प्रस्थान गऱ्यौं ।

सीजन दाई मेरो समादरणीय दाजुमात्र नभई मेरो असल अभिभावक पनि भएकोले दाजुको आग्रह मान्दै सीट नभएकोले हामी सीटको डण्डीमा वस्यौं । दिव्यताको अनुभूति प्राप्त भइसकेकाले हामीहरूलाई कसैसँग न डर न लाज न दुःख केही पनि थिएन । मैले डण्डिमा वस्दै गर्दा झलझली सन्तोष दाइ र ध्रुव दाइलाई सम्झिएँ तर दाइहरू मोटरसाइकलमा आउनुभएको रहेछ । मेरो टाउको दुखेको हुनाले म वसमा सुत्दै आएको थिएँ । वसमा मैले सीजन दाइलाई हेरिरहें किनकी सीजन दाइ मेरो जोश र होश दुवैको साथी एवं अभिभावक पनि हो । सीजन दाइको त्यो अपूर्व व्यवहार एवं निडरतालाई मैले आदर्श मान्दै हृदयतः त्यसैलाई जानी नजानी अवलम्वन गर्ने धृष्टता गरें । मदीय आकांक्षालाई लक्ष्य राख्दै गर्दा मेरा नजरहरू अनायासै एक मित्रको व्यवहारमा पुगेर टक्क अडिए । यस्तैमा पछितिरवाट प्रकाशदाइहरूले 'सोई सोई' भाकामा गीत गाउन थाल्नुभयो । माहोलै व्यापक परिवर्तन भयो । पछि फेरी सीजनदाइले गीत गाउनुभयो । हामी स्वर नभएकाहरू त केवल सुन्ने र मज्जा लिने काम मात्र गऱ्यौं । वेलावेलामा म हेर्छु त्यो प्रकृतिलाई कस्तो कञ्चन, कस्तो प्रफुल्ल । त्यसैबेला यी नयन त्यही अमुक शक्तिलाई हेर्न पुग्छन् । ऊ वेहाल छ । मनमनै दया जागेर आउँछ । आफू त्यसै त परोपकारी मान्छे उसको उद्धार गरुँ गरुँ लाग्छ तर त्यो प्रकृतिले मलाई आफ्नो सामीप्यतावाट फुत्किनै दिँदैन । म वडो दोसाँधमा हुन्छु । सीजन दाइका ती गीत अनि त्यो परिस्थिति विलकुल मिल्दै थियो । कति छिटो हामी दरवारमार्ग आइपुगेछौं । म बसबाट झर्नैपर्ने वाध्यता भयो । त्यो अलौकिक समय, त्यो अपूर्व परिस्थितिलाई चटक्क भुलेर म ओर्लिएँ । झरेर हेरें, मरुभूमिमा भर्खर पानी पिएर निस्केको ऊँटझै एउटा पक्ष अर्थात् प्रकृति प्रसन्न मुद्रामा थियो भने अर्को पक्ष आफ्नो सिकार कसैले चोरिदिएको सिकारीको झैं व्यग्र मुद्रामा थियो । मलाई लाग्यो म वरावरी छु । यस्तैमा सबै साथीभाइ छात्रावासका आफ्ना आफ्ना कोठामा लागे । म पनि आफ्नो कोठातर्फ लागैं । पानी पिएँ, दिउँसोको सवैकुरा स्मरण गरें, लाग्यो कता कता दैनिकी लेखूँ । दैनिकी लेखिसकेर त्यस अपूर्व दिनलाई विदा दिँदै आउँदो दिनको स्वागत गर्दै पुसको त्यो ठण्डीमा निद्रादेवीको काखमा लुटपुटिएँ ।

कक्षा १० सं.मा.वि. मिति २०६७।९।२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किन ?

झुटो मायाको वाचा गरी असलियत् तिमीले छुपायौ किन?
मनमा धेरै षड्यन्त्र रची सपना मलाई देखायौ किन?
नानाथरी कुरा गरी विश्वासघात गर्‍यौ किन?
छाडी गयौ आखिरमा ढुङ्गा मनमा राखिदियौ किन?
सँगै वस्ने वाचा थियो, वाचा तोड्न गयौ किन?
सोझोपनको फाइदा उठाई रुने आज पार्‍यौ किन?
आँखाको नानी वनी मेरो, मलाई छाडी गयौ किन?
कहाली लाग्दो संसारमा अन्धो वन्ने पार्‍यौ किन ?
जिन्दगीको गोरेटोमा एक्लै हिँड्ने पार्‍यौ किन ?
मनमा मेरो छुरा चलाई मर्नु बाँच्नु पार्‍यौ किन ?
माया म त तिम्रै थिएँ, बुझ्न मलाई सकिनौ किन?
विष खाने वनाएर मलाई मार्न चाह्यौ किन?

-नीरज नेपाल
कक्षा १० सं.मा.वि.

✡💧💧💧✡

हजुरलाई

-'निर्जला' कमला दाहाल
कक्षा ९, सं.मा.वि.

रहेसम्म सास नछुटियोस् साथ पुकार हजुरलाई
हृदयदेखि नै दुईशव्द उपहार हजुरलाई ।
हाँस्दा मुस्कान छरिदिन्छु रुँदा आँसु झारिदिन्छु
लोभै लाग्दो मायामोहको उपहार हजुरलाई ॥
लजाउँदिन जिस्क्याए नि रिसाउँदिन खाली खाली
पारी उमङ्ग दिलको भण्डार हजुरलाई
हृदयदेखि नै दुई शव्द उपहार हजुरलाई ॥
न कसैले जोड्न सक्छ न कसैले घटाउन
अपुग नहोस् रहर सदाबहार हजुरलाई ॥
सँगै फुल्छु सँगै झर्छु निदाउँछु अँगालोमा
जे जे छन् यी मेरा सवै संसार हजुरलाई ॥

✡💧💧💧✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो नेपाल

अघि अघि वढ्न सिके आँफै अघि वढ्छ
वालक युवा शिक्षित भए देश माथि उठ्छ ॥
हातमा हातमा मिलाएर अघि वढ्न सिकौं
शिक्षा लिई अन्धकारवाट वँच्न सिकौं ॥
आधुनिक जमानामा सवै देशमा विकास भयो
नेपाल मात्र किन हो सँधै पछि पऱ्यो ?
डाँडा छन् पाखा छन् हरियाली जङ्गल छन्
नदीनाला वग्ने हिमालचुली यतै छन् ॥
पहरा छन् छहरा छन् झरना पनि झर्दैछन्
पोखरी र तालतलैयाले भरिपूर्ण नेपाल झन् ॥
भाषा छन्, धर्म छन्, संस्कृति छन् विशाल
देशमा शान्ति आउने वेला झनै विग्रियो नेपाल ॥

-खेमराज शर्मा
कक्षा ८ सं.मा.वि.

✡♦♦♦✡

टुकी

वलिरहेको टुकी हूँ म
संसारलाई प्रकाश दिने
वलिरहेको मैन हूँ म
दुनियाँलाई उज्यालो दिने
दिनहुं मैले प्रकाश दिन्छु
आफ्नो इच्छा सवै मारी
मेरो प्रकाश सवलाई दिन्छु
आफू हुन्छु खाली
वसिरहेछु पीडा वोकी
आँफै जली जली
उज्यालो दिन्छु निरन्तर
नभनिकन भोलि
निर्जीव भईवस्नु पऱ्यो
सजीव भएपनि
मलाई सँधै भुमरीमा पाऱ्यौ
सवैले जानी जानी

-रामेश्वर पराजुली
कक्षा ८ संस्कृत मा.वि.

✡♦♦♦✡

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतीत सम्झँदा

-विष्णु प्र. अर्याल

वादलको संसार आकाश भए पनि
मायाको संसार मुटु रहेछ ।
परिस्थितिले टाढा भए पनि
सम्झना सधैं आँउदो रहेछ ॥

वादल बनायौ जिन्दगी
घायल भए पुकारहरु ।
हुरी आई उडाई लग्यो
आश्वसनका मुहानहरु ॥

पुर्णिमाको उज्यालो रात पनि
औंसीको जुन जस्तो भयो ।
सजाएको त्यो सपना पनि
विलाएर कहाँ गयो ??

रसाएको नयन भित्र
वल्भिरहेको तिम्रो याद ।
अमृत सरी थियो माया
वरदान थियो तिम्रो साथ ॥

खै, कसलाई सुनाउनु छ र ?
यो भित्री मनको मर्म ।
दोष दिन्नँ म कसैलाई
लाग्छ दोषी मेरै कर्म ॥

भुल्न किन सक्दिनँ म ?
अतितका ती क्षणहरुलाई ।
झिनो आशा देखाएर
केवल निराश दिने वैगुनीलाइ ॥

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले पुन:प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नरेश पौड्याल
महाप्रवन्धक
सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर)

सुपरिवेक्षक, तीनधारा संस्कृत छात्रावास

नाम : डिल्लीराम उपाध्याय

कार्यरत : सहायक प्राध्यापक वाल्मीकि विद्यापीठ

ठेगाना : धाइरिङ्ग, पर्वत

सम्पर्क : ९८४१५३८१८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीनधारा संस्कृत छात्रावासका विद्यार्थीहरु

नाम : प्रकाश ढकाल
तह : आचार्य द्वितीय
ठेगाना : जोहाङ्ग-३, गुल्मी
सम्पर्क : ९८४१६०६२९२

नाम : श्रवण खनाल
तह : आचार्य द्वितीय
ठेगाना : सन्धिखर्क,अर्घाखांची
सम्पर्क : ९८४१२७५०२५

नाम : मुकुन्द शर्मा
तह : आचार्य द्वितीय
ठेगाना : अर्थुङ्गे-३, म्याग्दी
सम्पर्क : ९८४९६६२५४२

नाम : टीका अधिकारी
तह : आचार्य द्वितीय
ठेगाना : हँडिया-७,उदयपुर
सम्पर्क : ९८४९२०२८४३

नाम : विनोद पोखरेल
तह : आचार्य द्वितीय
ठेगाना : याशोक-८पांचथर
सम्पर्क : ९८४९६६२२९६

नाम : विपिनराज न्यौपाने
तह : आचार्य द्वितीय
ठेगाना : झापा
सम्पर्क : ९८४९४१३६८२

नाम : शंकर पराजुली
तह : आचार्य द्वितीय
ठेगाना : मणिग्राम,रुपन्देही
सम्पर्क : ९८४९१५०२७८

नाम : सिद्धिराज उपाध्याय
तह : आचार्य द्वितीय
ठेगाना : लोली, अछाम
सम्पर्क :

नाम : धर्मराज पाण्डे
तह : शास्त्री तृतीय
ठेगाना : रुगिन वाजुरा
सम्पर्क : ९८४१६४५२०४

नाम : अच्युत लम्साल
तह : शास्त्री द्वितीय
ठेगाना : चितवन
सम्पर्क : ९८४११९२२५२

नाम : विष्णुप्रसाद शर्मा
तह : शास्त्री तृतीय
ठेगाना : पकला-२, प्युठान
सम्पर्क : ९८४९१२४४५२

नाम : रचना चन्द
तह : शास्त्री तृतीय
ठेगाना : महेन्द्रनगर,कञ्चनपुर
सम्पर्क : ९८४९१४५६४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : मणिराज दाहाल
तह : शास्त्री तृतीय
ठेगाना : सोनामाई-४, महोत्तरी
सम्पर्क : ९८४९४८८४८९

नाम : पुरुषोत्तम घिमिरे
तह : शास्त्री तृतीय
ठेगाना : अर्गली-४, पाल्पा
सम्पर्क : ९८४९५४२११५

नाम : दीपक सापकोटा
तह : शास्त्री तृतीय
ठेगाना : मकवानपुर
सम्पर्क : ९८४१९३५३०५

नाम : चेतन दाहाल
तह : शास्त्री तृतीय
ठेगाना : महमाई-६, इलाम
सम्पर्क : ९८४९१५१०२८

नाम : लक्ष्मी प्र. खनाल
तह : शास्त्री तृतीय
ठेगाना : संखुवासभा
सम्पर्क : ९८४११८५८२५

नाम : अमित कु.मण्डल
तह : शास्त्री तृतीय
ठेगाना : पतैली, पर्सा
सम्पर्क : ९८४९२४२५४७

नाम : डिल्ली प्र.अधिकारी
तह : शास्त्री तृतीय
ठेगाना : च्यानम, ओखलढुङ्गा
सम्पर्क : ९८४९६०७७६१

नाम : चिरञ्जीवी ढकाल
तह : शास्त्री द्वितीय
ठेगाना : सेतीदोभान ३, स्याङ्जा
सम्पर्क : ९८४६२०८११६

नाम : रुक्मण फुँयाल
तह : शास्त्री द्वितीय
ठेगाना : गौरीशंकर-७, सर्लाही
सम्पर्क : ९८४९१८०१७१

नाम : राजु ढकाल
तह : शास्त्री द्वितीय
ठेगाना : सिन्धुपाल्चोक
सम्पर्क : ९८४९१६९९०३

नाम : खगेन्द्र सुवेदी
तह : शास्त्री द्वितीय
ठेगाना : जयपुर-२, झापा
सम्पर्क : ९८४९१८२८१९

नाम : शिवहरि सापकोटा
तह : शास्त्री द्वितीय
ठेगाना : देवभूमि-८, काभ्रे
सम्पर्क : ९८४१०७५३९२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : ध्रुवबाबु घिमिरे
तह : शास्त्री द्वितीय
ठेगाना : छोप्राक-३, गोरखा
सम्पर्क : ९८४१९७९११३

नाम : इन्द्रप्रसाद आचार्य
तह : शास्त्री द्वितीय
ठेगाना : मकवानपुर
सम्पर्क : ९८४९६५८००७

नाम : बुद्धिप्रसाद दाहाल
तह : शास्त्री द्वितीय
ठेगाना : हरिऔन, सर्लाही
सम्पर्क :

नाम : भीमादेवी पौडेल
तह : शास्त्री द्वितीय
ठेगाना : झापा
सम्पर्क : ९८४१८२७०४४

नाम : मुक्तिनाथ अधिकारी
तह : शास्त्री द्वितीय
ठेगाना : नाङ्गीन-५,पाँचथर
सम्पर्क : ९८४९६६४०१६

नाम : सन्तोष पण्डित
तह : शास्त्री प्रथम
ठेगाना : कुम्पुर-६, धादिङ्ग
सम्पर्क : ९८४१८५७२११

नाम : राजन्द्र पण्डित
तह : शास्त्री प्रथम
ठेगाना : कुम्पुर-६, धादिङ्ग
सम्पर्क : ९८४१०११६६९

नाम : केशरी वरांल
तह : शास्त्री प्रथम
ठेगाना : मैला, हुम्ला
सम्पर्क : ९८०८७२७२८८

नाम : अमृत रिमाल
तह : शास्त्री प्रथम
ठेगाना : वैरेनी-९, धादिङ्ग
सम्पर्क : ९८४१९८८५८७

नाम : गौरव विडारी
तह : शास्त्री प्रथम
ठेगाना : पालुङ्ग-५, मकवानपुर
सम्पर्क : ९८४१८७८४०५

नाम : सुनिल सुवेदी
तह : शास्त्री प्रथम
ठेगाना : राम्चे-३, धादिङ्ग
सम्पर्क : ९८४१९०२२३१

नाम : विष्णुप्रसाद अर्याल
तह : शास्त्री प्रथम
ठेगाना : सिमिचौर-५, गुल्मी
सम्पर्क : ९८४९३९०८२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : गिरिराज न्यौपाने
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : श्रीकृष्णगण्डकी-४,स्याङ्जा
सम्पर्क : ९८४३०३५१७२

नाम : चोलेन्द्र रिजाल
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : सु.व.-१, धादिङ्ग
सम्पर्क : ९८४९६४३९२८

नाम : विनायक रेग्मी
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : माझफाँट-१, पर्वत
सम्पर्क : ९८४९५८४७९९

नाम : प्रमोद अधिकारी
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : पनौती, काभ्रे
सम्पर्क : ९८४१४८९८९२

ना । : शंकर भुषाल
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : ठाडा-१, अर्घाखाँची
सम्पर्क : ९८४९५१०५९५

नाम : निर्मल सापकोटा
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : वाहुनडाँगी-७,झापा
सम्पर्क : ९८४९४६११८६

नाम : ख्यामराज पौडेल
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : शान्तिनगर-२,झापा
सम्पर्क : ९८०८३५५०९७

नाम : सिजनवावु दाहाल
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : तान्द्राङ-३, गोरखा
सम्पर्क : ९८४९४१३९७६

नाम : शान्तराम पोखेल
तह : उत्तरमध्यमा द्वितीय
ठेगाना : ढोला, धादिङ्ग
सम्पर्क : ९८४१९१०१५७

नाम : अनिल अधिकारी
तह : कक्षा-१०, स.मा.वि
ठेगाना : दाडसिङ-६, नुवाकोट
सम्पर्क : ९८४१८२३३२४

नाम : पवन कु. रौनियार
तह : कक्षा-१०, स.मा.वि
ठेगाना : वीरगंज, पर्सा
सम्पर्क :

नाम : ललिता गमाल
तह : कक्षा-१०, स.मा.वि
ठेगाना : मकवानपुर
सम्पर्क :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : सुनिता फडेरा
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : सिमिकोट, हुम्ला
सम्पर्क :

नाम : विष्णु प्र.सिवाकोटी
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : रामचन्द्र आचार्य
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : सिन्धुकोट-१,सि.पा.
सम्पर्क : ९७४११९१६५४

नाम : विसर्ग सिग्देल
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : सिन्धुकोट-७,सि.पा.
सम्पर्क :

नाम : नीरज नेपाल
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : जिलिङ, नुवाकोट
सम्पर्क : ९८४९४१२२४२

नाम : विनोद चालिसे
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : पाँचखाल५, काभ्रे
सम्पर्क :

नाम : प्रकाश खनाल
तह : कक्षा-१०, सं.मा.वि.
ठेगाना : तान्द्राङ-२, गोरखा
सम्पर्क : ९८४९१९२८७८

नाम : कमला दाहाल
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : इन्दिरा खत्री
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : उद्धव धिताल
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : लाँगर्चे, सि.पा.
सम्पर्क : ९८४९६५६८४६

नाम : लेखनाथ सिवाकोटी
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : चिरञ्जीवी आचार्य
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : सिन्धुकोट-१,सि.पा.
सम्पर्क :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : निरोज पराजुली
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : काभ्रे
सम्पर्क :

नाम : सुदर्शन अर्याल
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : धादिङ्ग
सम्पर्क :

नाम : सुरेश पौडेल
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : साँगाचोक-७, सि.पा.
सम्पर्क : ९८१३०८८६३६

नाम : महादेव एडी
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : मुगु
सम्पर्क :

नाम : मोहन रम्तेल
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : मैला-६, हुम्ला
सम्पर्क :

नाम : सन्तोष चौधरी
तह : कक्षा-९, सं.मा.वि.
ठेगाना : दाङ्ग
सम्पर्क :

नाम : खेमराज शर्मा
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : जोनालीकोट-२, अछाम
सम्पर्क : ९७२१२००३४३

नाम : विशाल रोक्का
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : दुल्लु-३, दैलेख
सम्पर्क :

नाम : रणदीप साउन
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : वाँसी-८, दैलेख
सम्पर्क : ९८१३६१०८६१

नाम : रामेश्वर पराजुली
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : सिन्धुपाल्चोक
सम्पर्क :

नाम : प्रदीप तिमल्सीना
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : साँगाचोक-१,सि.पा
सम्पर्क :

नाम : किरण न्यौपाने
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : रतनपुरी-७ बारा
सम्पर्क : ९८०८५४२८३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : रवीन्द्र नेपाल
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : सिन्धुकोट-१,सि.पा
सम्पर्क :

नाम : कृष्ण प्र. ढकाल
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : नागढुङ्गा-५,धादिङ्ग
सम्पर्क : ९८१३४५१११२

नाम : आनन्द गौतम
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : पैयुपाटा, पर्वत.
सम्पर्क :

नाम : प्रताप अर्याल
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : सुन्दरीजल, का.
सम्पर्क :



नाम : प्रयागराज उपाध्याय
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : वाइ-५, वाजुरा
सम्पर्क :

नाम : प्रेमराज घिमिरे
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : वासुराम वखेल
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : दोलखा
सम्पर्क :

नाम : युवराज न्यौपाने
तह : कक्षा-८, सं.मा.वि.
ठेगाना : वाँडेगाउँ-३ सि.पा
सम्पर्क :

तीनधारा संस्कृत छात्रावासमा कार्यरत कर्मचारी



नाम : हंसराज कोइराला
ठेगाना : नैकाप, काठमाडौं
सम्पर्क : ९८४१५४५७२७

नाम : अकुर अधिकारी
ठेगाना : कौशलटार, भक्तपुर
सम्पर्क : ९८४१२६५५४४

नाम : दलवहादुर थापा
ठेगाना : परालमी-४,गुल्मी
सम्पर्क : ९८४१३७८५८४

नाम : वलराम अर्याल
ठेगाना : आग्रा-२, मकवानपुर
सम्पर्क :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : रेवती प्र.निरौला

ठेगाना : हर्साही, सिन्धुली

सम्पर्क : ९८४९२१९१८८

नाम : नवराज रेग्मी

ठेगाना : जीवनपुर-९,धादिङ्ग

सम्पर्क : ९८०३५३२८०९

नाम : नेत्र प्र. निरौला

ठेगाना : शान्तिनगर

सम्पर्क : ९८४१५४५४४२

नाम : सीताराम कोइराला

ठेगाना : ठोकर्पा-६,सि.पा.

सम्पर्क : ९८४९३२५८०५

नाम : पुरुषोत्तम अधिकारी

ठेगाना : मनहरि-२,मकवानपुर

सम्पर्क : ९८४९१४३०४३

नाम : इन्द्र थापा

ठेगाना : गाम्नाङटार-५, ओखलढुङ्गा

सम्पर्क : ९८४१४७९९०८

नाम : गोकर्ण प्याकुरेल

ठेगाना : वैरेनी-१, धादिङ्ग

सम्पर्क : ९८४१३८७३४६

नाम : मनहरि वस्नेत

ठेगाना : नैकाप-५,काठमाडौं

सम्पर्क : ९८०४३३८४५७

नाम : मोहन प्र.भट्टराई

ठेगाना : इनरुवा-९,सुनसरी

सम्पर्क :

नाम : वुद्धि व. मालाकार

ठेगाना : ठेचो, ललितपुर

सम्पर्क : ९८४९२०९३७८

नाम : कालिवहादुर थापा

ठेगाना : हँडिखोला, मक्वानपुर

सम्पर्क : ९८०३८३८८८२

नाम : रवि थापा

ठेगाना : कमलविनायक

सम्पर्क : ९७४१००९४०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम : काँशीराम मर्हजन
ठेगाना : ठेचो-२,ललितपुर
सम्पर्क : ९८१३३१९४१६

नाम : किरण मर्हजन
ठेगाना : ठेचो-२,ललितपुर
सम्पर्क : ९८४१६९९१०७

नाम : पूर्णमान डंगोल
ठेगाना : ठेचो-२,ललितपुर
सम्पर्क : ९८४१८९४४३२

नाम : राजु कार्की
ठेगाना : लाजिम्पाट
सम्पर्क : ९८०३६०५३५४

नाम : चन्द्रमाया कार्की
ठेगाना : काठमाडौं

नाम : श्याम कुस्ले
ठेगाना : नरदेवी,काठमाडौं
सम्पर्क :

नाम : विना वैजु
ठेगाना : धोवीचौर
सम्पर्क : ०१४२१६६०३

नाम : नुच्छेमाया मगैया
ठेगाना : धोवीचौर
सम्पर्क : ०१४२१६६०३

नाम : भाइचा पोडे
ठेगाना : कुमारी क्लव वल्खु
सम्पर्क : ९८४९१४३४३९

दुग्ध विकास संस्थानबाट उत्पादित DDC ब्राण्डका दुध, दही, घ्यू, पनिर, चीज, मख्खन, आईसक्रिम तथा मिठाईहरु सदैव प्रयोग गरौ, स्वस्थ्य जीवन बिताऔं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्ना खुल्यो !

पूर्वीय वाङ्मय एवम् पाश्चात्य शिक्षाको संगमस्थल संस्कृत माध्यमिक विद्यालय रानीपोखरीमा यसै शैक्षिक सत्रदेखि भर्ना खुल्यो । दक्ष गुरुहरूबाट अध्यापन गराइने यस ऐतिहासिक पाठशालामा अध्ययन गराउन इच्छुक अभिभावकहरुले विद्यालय समयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

अध्ययन हुने विषयहरू

अनिवार्य -	ऐ.(क)	ऐ.(ख)
नेपाली		
अंग्रेजी	व्याकरण	कर्मकाण्ड
सामाजिक	ज्योतिष	शिक्षा
गणित	साहित्य	गणित
विज्ञान	वेद	
संस्कृत भाषा	न्याय	

Acc. ९६६९/1671

संस्कृत मा.वि., रानीपोखरी

सम्पर्क : ०१-४२४९२७५

शुभकामना

नववर्ष २०६८ सालको पावन अवसरमा ऐतिहासिक धरोहर तीनधारा संस्कृत छात्रावासले प्रकाशन गर्न लागेको अरुणोदय साहित्यिक पत्रिकाको निरन्तरताको शुभेच्छाका साथ समस्त नेपाली दिदीवहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

डिल्लीराम उपाध्याय
सुपरिवेक्षक
तीनधारा संस्कृत छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यिक पत्रिका अरुणोदय सञ्चालक समिति

सन्तोष पण्डित

रचना चन्द

मणिराज दाहाल

दीपक सापकोटा

ध्रुवबाबु घिमिरे

केशरी बराल

सिजनबाबु दाहाल

ख्यामराज पौडेल

उद्धव धिताल

महादेव एडी

इन्दिरा खत्री

आनन्द गौतम

निर्वाचन आयोग, नेपाल
Election Commission, Nepal

निर्वाचन आयोगको सूचना !

सम्पूर्ण नेपाली नागरिकहरुको फोटोसहितको मतदाता नामावली संकलन गर्न निर्वाचन आयोगबाट संकलक र दर्ता कर्मचारीहरु गा.वि.स.हरुमा आइरहेका छन्। उनीहरुलाई आफ्नो फोटो, औंला छाप र विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरी मतदानको अधिकार सुरक्षित गरौं।

नगरपालिका र गा.वि.स.हरुका दर्तास्थलमा विवरण दर्ता गराउन छुट भएका नेपाली नागरिकहरुले आफ्नो जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा गई विवरण दर्ता गराउनुहुन निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

नववर्ष २०६८ सालको पावन
अवसरमा ऐतिहासिक धरोहर
तीनधारा संस्कृत छात्रावासले
प्रकाशन गर्न लागेको अरुणोदय
साहित्यिक पत्रिकाको निरन्तरताको
शुभेच्छाका साथ समस्त नेपाली
दिदीबहिनी दाजुभाइहरूमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछु।

विदुर पौडेल
उपकुलपति
तथा
नेपाल संस्कृत विश्वविद्यालय
परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu